# देवघाट धामको ऐतिहासिक तथा धार्मिक महत्त्व

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत**
**इतिहास विषयमा विद्यावारिधि (पीएच्.डी.) उपाधिका लागि**
**प्रस्तुत**

# शोधप्रबन्ध

**शोधार्थी**
**लक्ष्मी पोखरेल (तिम्सिना)**
त्रि.वि. दर्ता नं. ४४८८/४८
विद्यावारिधि दर्ता नं. १७/०६३

भाद्र, २०७१

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत इतिहास विषयमा शोधार्थी **लक्ष्मी पोखरेल (तिम्सिना)** ले **देवघाट धामको ऐतिहासिक तथा धार्मिक महत्त्व** शीर्षकमा प्रस्तुत शोधप्रबन्ध हाम्रो निर्देशनमा तयार पार्नुभएको हो । विभिन्न प्रकाशित, अप्रकाशित तथा मौलिक स्रोतहरूका आधारमा निकै परिश्रमपूर्वक तयार गरिएको यस शोधकार्यबाट हामी सन्तुष्ट छौं । विद्यावारिधि उपाधिका लागि सबै प्रक्रिया पुरा भइसकेको हुनाले अन्तिम परिक्षाको निमित्त अनुसन्धान समिति समक्ष सिफारिसको लागि पेश गर्दछौं ।

_____________________

प्रा. डा. देवीप्रसाद शर्मा

शोध विशेषज्ञ

_____________________

(प्रा.डा कृष्णबहादुर थापा)

शोधनिर्देशक

मिति :- २०७० चैत्र

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय डिनको कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत **देवघाटधामको ऐतिहासिक तथा धार्मिक महत्व** शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोध निर्देशकको निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेकी छु र उहाँहरूप्रति कृतज्ञ पनि छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेकी छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुने छु ।

**लक्ष्मी पोखरेल (तिम्सिना)**
शोधार्थी
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मिति : २०७० चैत्र

# कृतज्ञताज्ञापन

वि.सं. २०६३ सालदेखि त्रिभुवन विश्वविद्यालयबाट इतिहास विषयमा मैले विद्यावारिधि (पीएचडी) प्रारम्भ गरेकी हुँ । विद्यावारिधि उपाधिका लागि तयार पारिएको यस **देवघाटधामको धार्मिक तथा ऐतिहासिक महत्व** शीर्षकमा शोधप्रबन्ध प्रा.डा. कृष्णबहादुर थापा, प्रा.डा देवीप्रसाद शर्मा कँडेलको निर्देशनमा तयार पारिएको हो । उहाँहरूको सफल मार्गनिर्देशनका कारण यो कार्य सम्पन्न भएकोमा उहाँहरूप्रति हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु ।

अनुसन्धान कार्य आफैमा एक गहन एवम् जटिल कार्य हो । यसलाई सहज किसिमबाट पार लगाउन असम्भव जस्तो हुँदोरहेछ । म आफू एक अल्पदृष्टियुक्त (Low vision) भएको हुँदा यो अनुसन्धान कार्य मलाई निकै भारी पर्न गयो । यद्यपि मेरो हौसला र साहसलाई उत्प्रेरणा दिने काममा मेरा आदरणीय गुरुहरूको ठूलो भूमिका रह्यो । जसले गर्दा मैले यो कार्य गर्न सफल भएँ । मलाई यस कार्यमा सुरुवातदेखि नै सहयोग पुऱ्याउनु हुने प्रा.डा. कृष्णबहादुर थापा, प्रा.डा, देवि प्रसाद शर्मा, प्रा.डा. हरेन्द्र थपलिया, प्रा.डा. विजय मानन्धर, प्रा.डा. शंकर थापा, प्रा.डा. राजाराम सुवेदी, प्रा.डा भवेश्वर पंगेनी सह प्रध्यापक डा. विष्णु प्रसाद घिमिरे लगायत कम्प्युटर प्रिन्टमा प्राविधिक सरसल्लाह र सहयोग पुऱ्याईदिनुहुने मेरा आदरणीय गुरु डा. राजेन्द्र रेग्मीप्रति म अत्यन्त कृतज्ञ छु ।

यसका साथै यस कार्यमा सहयोग पुऱ्याउनु हुने साहित्यकार डी.आर. पोखरेल, विजयराज पण्डित, अनिता पण्डित प्रति पनि कृतज्ञ छु । यस विद्यावारिधि दर्ताको पूर्वार्द्धमा मलाई हौसला र प्रेरणा दिनु हुने मेरा स्वर्गीय बुबा नरबहादुर पोखरेल, मेरा अप्ठ्यारा परिस्थितिहरूलाई सहज पार्दै लेखन कार्यमा हौसला पुऱ्याउनु हुने मेरी आमा नुनीमाया पोखरेल, मेरा साना छोरीहरू नवश्री, शुभश्री प्रति म अत्यन्त आभारी छु । दिदी भिनाजु कुशला अधिकारी तथा गोपाल अधिकारी, सरिता दुवाडी तथा भिनाजु रामप्रसाद दुवाडी, नयन, मनिता, निशा, सूचना एवम् देवघाटधामका सन्त, महन्त, गुरु, छात्र, कल्पवासीहरूप्रति म अत्यन्त आभारी छु ।

साथै, मेरो यस अनुसन्धानको लागि आर्थिक सहयोग पुऱ्याउने त्रिभुवन विश्वविद्यालय अनुदान आयोग भक्तपुर, देवघाट क्षेत्र विकास समिति तनहुँ प्रति पनि म कृतज्ञ छु ।

यस अनुसन्धान कार्यमा सुरुदेखि अन्त्यसम्म पूर्णसहयोग, सल्लाह र साथ दिनुहुने मेरा श्रीमान्प्रति म अत्यन्त आभारी छु । यस शोधप्रबन्धलाई कम्प्युटर टंकण गरेर मिलाई दिने युनिभर्सल कम्प्युटर सेन्टरका भाइ बहिनी, भरतपुर, चितवनलाई म धन्यवाद नदिन रहन सक्दिन ।

अन्त्यमा यसरी यस शोध कार्यमा मलाई विभिन्न किसिमले सल्लाह सहयोग गर्नुहुने आदरणीय गुरुवर्ग, सहयोगी विद्वान् वर्ग, परिवारजन र संघसंस्था सम्पूर्ण प्रति हृदयदेखि नै हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

मिति : २०७० चैत्र

**लक्ष्मी पोखरेल (तिम्सिना)**
शोधार्थी

# शोधसार

नेपालको मध्यविन्दुमा रहेको गण्डकी (तनहुँ) नारायणी (चितवन) लुम्बिनी (नवलपरासी) यी तीनै जिल्लाको संगमस्थलमा पर्ने देवघाट अत्यन्त प्राचीन पावन भूमि हो । यस क्षेत्रमा पुराना भग्नावशेष, मूर्ति, ऐतिहासिक, धार्मिक र सांस्कृतिक संरचनाहरू यत्रतत्र छरिएर रहनुका साथसाथै क्रमिक रूपबाट यस क्षेत्रको महत्त्वलाई बुझी विभिन्न सन्तमहन्तहरू बस्न थालेको र उनीहरूले यस क्षेत्रमा  विकासमा योगदान पुऱ्याउन थालेपछि अन्य संघ-संस्था र सरकारीस्तर लगायत केही गैरसरकारी संस्थाहरूबाट पनि यस क्षेत्रको निम्ति योगदान पुगेको हुँदा यसै क्षेत्रको अध्ययन गर्नु आवश्यक महशुस गरी "देवघाटधामको ऐतिहासिक तथा धार्मिक महत्त्व" शीर्षकमा शोधप्रबन्ध तयार पारिएको छ ।

यस शोधप्रबन्ध निम्नलिखित उद्देश्यमा आधारित रहेको छ :

(१) देवघाटधामको धार्मिक महिमाका बारेमा प्रकाश पार्ने र यसको विकासक्रमको खोजी गर्ने ।

(२) देवघाटधामको ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक विकासक्रमको अध्ययन गर्ने ।

(३) देवघाटधामका ऐतिहासिक-पर्यटकीय स्थलहरूको परिचय दिने र त्यसको महत्त्वमाथि प्रकाश पार्ने ।

(४) देवघाटधामको आधुनिकीकरण विकासका विविध पक्षहरूको अध्ययन गर्ने ।

प्रस्तुत शोधप्रबन्धमा प्राथमिक र द्वितीय दुवै किसिमका स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ ।

प्राथमिक स्रोतअन्तर्गत स्थलगत भ्रमण-अवलोकन, सर्वेक्षण, अन्तर्वार्ता, प्रश्नावली आदिको प्रयोग गरिएको छ भने द्वितीय स्रोतअन्तर्गत विभिन्न लेख, पुस्तक, शोधपत्र, पत्रपत्रिकामा प्रकाशित सामग्री अभिलेख आदिको प्रयोग गरिएको छ । यो कार्य पुस्तकालयको प्रयोग र प्राथमिक स्रोतका लागि सम्भावित नमुना छनौटको प्रक्रिया अप्नाइएको छ । नमुना छनौट गर्दा उद्देश्यमूलक सुविधायुक्त प्रश्नको उत्तर पाउन सक्ने व्यक्तिलाई छनौट गरिएको छ । सम्बन्धित विषय विशेषज्ञ र सरोकारवालामध्येबाट नमुना छनौट गरी अन्तर्वार्ता लिइएको छ । यसका साथै पौराणिक र प्राचीनकालीन देवघाटका बारेमा अध्ययन गर्दा अन्य सामग्रीहरू नपाइने हुनाले पुराण तथा धर्मग्रन्थहरू र संस्कृतसाहित्य र जनश्रुतिका आधारमा समेत विषयलाई पुष्टि गर्ने प्रयत्न भएको छ ।

देवाट, देवघट्ट हुँदै आजको देवघाट बन्न पुगेको यो स्थल पौराणिककालदेखि धार्मिक महत्त्व पाएको एवं प्राचीन, मध्यकाल एवं आधुनिककालमा आइपुग्दा ऐतिहासिक रूपबाटै महत्त्वपूर्ण स्थान पाएको यस देवघाटक्षेत्रले २००७ सालको परिवर्तन पछि भने यस स्थानमा आधुनिकीकरणको जग पनि बस्न थालेको देखिन्छ । वि.सं. २००७ सालको परिवर्तन सँगसँगै चितवनमा औलो उन्मूलन कार्यक्रम, बसोवासको थालनी राप्तीदून परियोजना जस्ता कार्यले गर्दा चितवनको विकासमा राम्रो योगदान पुग्न गयो । जसको कारण बाटाघाटाहरू खोलिनु, विभिन्न कार्यालयहरू खोलिनु हवाइ मार्गको स्थापनाले गर्दा भरतपुर नारायणघाटमा स-साना घरहरू मान्छेहरूको चहलपहल बढ्न गयो, जसको प्रत्यक्ष प्रभाव यसको नजिकै पनि देवघाटधाममा पनि पर्न गयो र त्यहाँ पनि आधुनिकीकरणको जग बस्यो र यस क्षेत्रको पौराणिक, प्राचीन ऐतिहासिक, पुरातात्विकका साथै अन्य विषयहरूको पनि खोजीनीति हुनथाल्यो । संरक्षण संवर्द्धन र विकासका कार्यले गर्दा देवघाट एक महत्त्वपूर्ण तीर्थस्थलका रूपमा परिणत हुनपुग्यो ।

यसै क्रममा यहाँ भएका पुराना मठ-मन्दिर तथा भग्नावशेष तथा खोजीकार्य गर्नुका साथै विभिन्न सम्प्रदाय (शैव-वैष्णव) धार्मिकमतका आधारमा मन्दिरहरूको निर्माण हुनुका साथै विभिन्न आश्रमहरूको पनि निर्माण हुन गयो । यसै क्रममा संघ-संस्थाहरूद्वारा वृद्धाश्रमको स्थापना हुनुका साथै विभिन्न गैरसरकारी संस्था लगायत विभिन्न व्यक्तिहरूबाट पनि देवघाटको निमित्त योगदान पुग्ने कामहरू हुनथाले । सरकारीस्तरबाट देवघाटक्षेत्र विकास समितिको स्थापना हुनुका साथै वृद्धाश्रमको स्थापना हुन गयो । धार्मिक गतिविधि स्थापित भई विभिन्न पर्व, उत्सव, मेला र संस्कारले तीव्र गति लिन थाल्यो । यसै क्रममा विभिन्न आश्रमहरूमा संस्कृतशिक्षामा पूर्वमध्यमादेखि आचार्यतहसम्मको पठनपाठन सञ्चालन हुन गयो, यद्यपी यस्ता आश्रमहरुमा स्थापित संस्कृत विद्यालयहरुमा केबल ब्राह्मण जातिको मात्र एकाधिकार रहेको पाइन्छ । यस्ता गुरुकुलीय संस्कृतशिक्षाको माध्यमबाट नैतिकवान्, चरित्रवान् छात्रहरू उत्पादन गर्ने उद्देश्य रहेको पाइन्छ ।

प्रस्तुत शोधप्रबन्ध शोधपरिचय, देवघाटको परिचय, देवघाटक्षेत्रमा भएका संरचनाहरूको विवरण, देवघाटक्षेत्रको आधुनिकीकरण देवघाटधाममा लाग्ने पर्व-मेला आदि देवघाटको वर्तमान अवस्था, उपसंहार गरी ७ वटा अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ ।

# सङ्क्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| अनु. | - | अनुवादक |
| इ. | - | इस्वी सम्वत् |
| उपप्रा. | - | उपप्राध्यापक |
| इडि. | - | इडिटर्स |
| चौ.सं. | - | चौथो संस्करण |
| छै.सं. | - | छैटौँ संस्करण |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| त्रि.वि.वि. | - | त्रिभुवन विश्व विद्यालय |
| ते.सं. | - | तेस्रो संस्करण |
| द.सं. | - | दसौँ संस्करण |
| दो.सं. | - | दोस्रो संस्करण |
| ने.प्रा. संघ | - | नेपाल प्राध्यापक संघ |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| नं. | - | नम्बर |
| प्र.सं. | - | प्रथम संस्करण |
| प्रा. | - | प्राध्यापक |
| प्रा.लि. | - | प्राइभेट लिमिटेड |
| पाँ.सं. | - | पाँचौँ संस्करण |
| पृ. | - | पृष्ठ |
| भ.न.पा. | - | भरतपुर नगरपालिका |
| वि.सं. | - | विक्रम सम्वत |
| सम्पा. | - | सम्पादक |
| सहप्रा. | - | सहप्राध्यापक |
| सा.सं. | - | सातौँ संस्करण |
| सं. | - | सम्वत |
| सं. | - | सस्करण |
| सं. | - | संरक्षक |
| ed. | - | editor |
| eds. | - | editors |
| edn. | - | edition |
| trans. | - | translation |
| vol. | - | volume |

# विषयसूची


| | | |
|---|---|---|
| | | ***पृष्ठ*** |
| सिफारिसपत्र | | क |
| अनुमोदनपत्र | | ख |
| प्रतिबद्धता | | ग |
| कृतज्ञताज्ञापन | | घ |
| शोधसार | | ङ |
| सङ्क्षेपीकृतशब्द सूची | | छ |


**अध्याय एक**

## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | समस्याकथन | ६ |
| १.३ | अध्ययनको उद्देश्य | ६ |
| १.४ | अध्ययनको औचित्य | ७ |
| १.५ | अध्ययनको विधि | ७ |
| १.६ | अध्ययनको महत्त्व | ८ |
| १.७ | अध्ययनकार्यको सीमा | ८ |
| १.८ | पूर्वकार्यको समीक्षा | ८ |
| | १.८.१ अङ्ग्रेजी भाषामा लेखिएका पुस्तकहरूको समीक्षा | ९ |
| | १.८.२ नेपाली भाषामा लेखिएका पुस्तकहरूको समीक्षा | ११ |
| | १.८.३ सन्दर्भ लेखहरूको समीक्षा | १९ |
| १.९ | अध्याय व्यवस्थापन | २३ |


**अध्याय दुइ**

## देवघाटको परिचय


| | | |
|---|---|---|
| २.१ | परिचय | २४ |
| २.२ | देवघाटको धार्मिक अवस्थामा भौगोलिक प्रभाव | २६ |
| २.३ | देवघाटधामको ऐतिहासिक परिचय | ३० |
| २.४ | पुरातात्विक क्षेत्र | ४५ |
| २.५ | निष्कर्ष | ५२ |

## अध्याय तीन

## देवघाटक्षेत्रमा भएका संरचनाहरूको विवरण


३.१ परिचय ५४

३.२ देवघाटक्षेत्रको तनहुँतर्फ भएका संरचनाहरू ५५

३.३ देवघाटक्षेत्रको चितवनतर्फ भएका संरचनाहरू ८५

३.४ देवघाटक्षेत्रको नवलपरासीतर्फ भएका संरचनाहरू १२२

३.५ निष्कर्ष १४१


## अध्याय चार

## देवघाटक्षेत्रको आधुनिकीकरण


४.१ देवघाटधामको आधुनिकीकरणका निम्ति व्यक्तिहरूले पुऱ्याएको योगदान १४२

४.२ विभिन्न सामाजिक संघ-संस्थाहरूले देवघाटधामको आधुनिकीकरणमा पुऱ्याएको योगदान १६९

४.४ निष्कर्ष १९३


## अध्याय पाँच

## देवघाटधाममा लाग्ने पर्व, मेला आदि


५.१ परिचय १९४

५.२ नववर्ष वा वैशाखसंक्रान्ति १९४

५.३ अक्षयतृतीया १९६

५.४ चण्डीपूर्णिमा (बुद्धजयन्ती) १९७

५.५ गङ्गादशहरा १९८

५.६ व्यास गुरूपूर्णिमा १९९

५.७ आषाढशुक्ल हरिशयनी एकादशी २००

५.८ श्रावणसंक्रान्ति र साउने सोमबार मेला २००

५.९ रक्षाबन्धन (जनै) पूर्णिमा २०१

५.१० श्रीकृष्ण जन्माष्टमी २०२

५.११ हरितालिका व्रत (तीज) तथा ऋषिपञ्चमी २०३

५.१२ अनन्त चतुर्दशी २०३

५.१३ सोह्रश्राद्ध (पितृश्राद्ध) २०४

५.१४ ठूली एकादशी (हरिबोधिनी) २०५

५.१५ बालाचतुर्दशी (शतबीजारोपण) २०५

५.१६ मकरसंक्रान्ति-माघेसंक्रान्ति (कुम्भपर्व) २०६

५.१७ वसन्तपञ्चमी (श्रीपञ्चमी) २०९
५.१८ महाशिवरात्रि पर्व २०९
५.१९ फागुपूर्णिमा (होली) २१०
५.२० श्रीरामनवमी २१०
५.२१ सन्यासग्रहण संस्कार ग्रहण (दीक्षा) २११
५.२२ निष्कर्ष २१२

## अध्याय छ
## देवघाटको वर्तमान अवस्था

६.१ वर्तमान समय निर्धारण २१३
६.२ धार्मिक गतिविधि र महत्व २१३
६.३ सामाजिक गतिविधि २२३
६.४ देवघाटक्षेत्रमा रहने कल्पवासी र अन्य जातिहरू २२७
६.५ शैक्षिक गतिविधिहरू २३३
६.६ निष्कर्ष २४६

## अध्याय सात
## उपसंहार

**परिशिष्टहरू** **२५८–२७५**

**फोटो सूची** **२७६–२९२**

**सन्दर्भ सामग्री**

**२९३–२९९**

## अध्याय एक

# शोधपरिचय

## १.१ परिचय

नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने देवघाटधाम मुलुककै प्रसिद्ध धार्मिक, पुरातात्विक एवं ऐतिहासिक स्थल हो । यस स्थलको चर्चा पौराणिक कालदेखि नै भएको पाइन्छ ।[१] पश्चिमोत्तर तर्फबाट बग्दै आएकी कालीगण्डकी र पूर्वोत्तर दिशाबाट बग्दै आएकी त्रिशूली, मर्स्याङ्दी, दरौंदी, सेती, मादी र बूढीगण्डकीको सङ्गमस्थलमा पर्ने देवघाटधाम गण्डकी अञ्चल (तनहुँ जिल्ला), लुम्बिनी अञ्चल (नवलपरासी जिल्ला) र नारायणी अञ्चल (चितवन जिल्ला) को मिलनविन्दुमा पर्दछ ।[२] नेपालको मध्य भागमा पर्ने देवघाट भौगोलिक दृष्टिले पूर्व ८४$^{\circ}$ २२' ३०" र ८४$^{\circ}$ ३०' ००" अक्षांश उत्तर २७$^{\circ}$ ४२' ३०" र २७$^{\circ}$ ४७' ३०" देशान्तरको बीचमा पर्दछ ।[३] यसको उचाइ समुद्र सतहबाट २०० मि. देखि ५७५ मि. रहेको छ ।[४]

चितवन जिल्लातर्फ पर्ने देवघाट त्रिशूली नदीको वायाँ किनारमा फैलिएको छ र यो तनहुँतर्फ फर्किएको छ । यसैगरी तनहुँ जिल्लातर्फ पर्ने देवघाट भने त्रिशूलीको दायाँ किनारतर्फ केही समथर भाग र केही डाँडो परेर नदीहरूको सङ्गमसम्म होच्चिँदै फैलिएको छ । कालीगण्डकी नदीको हिसाबले तनहुँतर्फको देवघाट पनि बायाँ किनारमा पर्दछ । त्रिशूली र कालीगण्डकीको सङ्गमस्थल सप्तगण्डकी पारी नवलपरासी अन्तर्गत गैंडाकोट गा.वि.स.ले छोएको देवघाट पर्दछ ।

यसरी तीन अञ्चलको तीनजिल्लामा फैलिएको देवघाटधाम क्षेत्रको कुल क्षेत्रफल ५,४३४ हेक्टर रहेको छ ।[५] देवघाटक्षेत्र भन्नाले देहायका क्षेत्रहरू सम्झनु पर्दछ- तनहुँ जिल्लाको देवघाट गा.वि.स. का वडा नं. २ र ४ का सम्पूर्ण क्षेत्रहरू, चितवनतर्फ भरतपुर

---

१ योगी नरहरिनाथ (सम्पा.), *हिमवत्खण्ड,* (काशी : योगप्रचारिणी सभा गोरक्षटिल्ला, २०१३), पृ. १९९ ।

२ *देवघाटक्षेत्रको गुरुयोजना,* (तनहुँ: देवघाटक्षेत्र विकास समिति, २०६४/६५), पृ. ३ ।

३ *ऐजन* ।

४ *ऐजन,* पृ. ३ ।

५ *ऐजन,* पृ. ४६ ।

नगरपालिकाको वडा नं. १, २, ३ र ११ का सम्पूर्ण क्षेत्रहरू र नवलपरासी जिल्लाको गैडाकोट गा.वि.स. का १, २, ३ र ४ वडाका सम्पूर्ण क्षेत्रहरू पर्दछन् ।[६]

यसप्रकार देवघाटधाम पहाडी प्रदेशको दक्षिणी भाग र भित्री मधेशको उत्तरी भाग जोडिएको पहाडकै काखमा केही मैदानी भाग होचा डाँडा भएको अत्यन्त सुन्दर स्थल हो । विश्वकै गहिरो नदी बग्दै आउने कालीगण्डकी र त्रिशूलीको सङ्गमस्थल देवघाट हो । (फोटो नं १) देवघाट क्षेत्रले ओगटेको प्राकृतिक हराभराले घेरिएको यो क्षेत्र देशभरिका श्रद्धालु भक्तजनहरूको तीर्थस्थल बनेको, अत्यन्त सुन्दर, भौगोलिक हिसाबले सुगम, धार्मिक हिसाबले पवित्र, ऐतिहासिक, पुरातात्विक एवं सामाजिक हिसाबले समेत महत्त्वपूर्ण स्थल मानिएको छ ।

त्रिकोणात्मक विन्दुको रूपमा रहेको देवघाटधाम प्राचीन पावन देवभूमि मानिन्छ । यो तीर्थस्थल सत्य, त्रेता र द्वापर युगदेखि नै देवता एवं ऋषि-महर्षिहरूको साधनास्थल एवं क्रीडास्थलका रूपमा रहिआएको थिया ।[७] यसबाट के स्पष्ट हुन्छ भने देवघाटको प्रागैतिहासिक एवं पौराणिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक, प्राकृतिक, पर्यावरणीय, सामाजिक तथा पर्यटकीय हष्टिबाट विशेष महत्त्व रहेका छन् ।

ऐतिहासिक एवं पौराणिक महत्त्वलाई दृष्टिगत गर्दा पौराणिक कालमा देवघाटमा सारा देवताहरूको जमघट हुने गरेको र त्यसैबाट देवघट्ट हुँदै देवघाट नाम समेत रहेको उल्लेख पाइन्छ ।[८] किम्बदन्तीअनुसार भगवान् रामचन्द्रले देवघाटमा आई अश्वमेध यज्ञ गरेको र सीताको पाताल प्रवास पनि यहीँबाट भएको र वशिष्ट ऋषिले यहीँ नै तपस्या गरेको भन्ने मान्यता रहिआएको पाइन्छ । प्राचीनकालमा देवघाटधाम व्यापारिक मार्गका रूपमा रहेको थियो र पहाड, तराई तथा उपत्यका र भारतको बीचमा आवतजावत यही बाटो भएर हुन्थ्यो । "लमजुङ, तनहुँ र गोर्खाबाट भारत निस्कने बाटो देवघाट वागीश्वरी भएर जान्थ्यो" भनिएको पाइन्छ ।[९]

---

६ *देवघाटक्षेत्रको भौतिक विकास योजनाको प्रतिवेदन,* (तनहुँ : देवघाटक्षेत्र विकास समिति, २०५२/०५३), पृ. ४४ ।

७ "धार्मिक दृष्टिले देवघाटको महत्त्व," योगी नरहरिनाथको (अन्तर्वार्ता), *देवघाट-वागीश्वरी स्मारिका,* (चितवन : नेपाल पर्यावरण संरक्षण तथा सम्बर्द्धन संघ, २०५३), पृ. १९ ।

८ *ऐजन* ।

९ सूर्यमणि अधिकारी, "ऐतिहासिक तीर्थस्थल वागीश्वरी," *देवघाट-वागीश्वरी स्मारिका,* (चितवन : नेपाल पर्यावरण संरक्षण तथा सम्बर्द्धन संघ, २०५३), पृ. ६२ ।

देवघाटधाममा ऐतिहासिक तथा पुरातात्विक महत्त्व झल्काउने अनेक वस्तु र स्रोतहरु रहेका छन् । यसमध्ये चतुर्वाहु नारायणको मूर्ति एक हो । यस मूर्तिको शिरको मध्यमा ब्रह्मरन्ध रहेको र यो हुनु प्राचीनताको लक्षण हो । यसको शैलीले यसलाई इशाको तेस्रो वा चौथो शताब्दीसम्म अन्वेषकहरूलाई सजिलै पुऱ्याउन सकिन्छ भन्ने विशेषज्ञहरूको राय रहेको छ भने यहाँ ऐतिहासिक दृष्टिकोणबाट महत्त्वपूर्ण मानिएका गढीहरू पनि छन् ।[१०] यस्तै देवघाट पाल्पाली राजा मुकुन्द सेनको शीतकालीन दरबार भएको कुराको पनि उल्लेख पाइन्छ ।[११] पाल्पा राज्य विखण्डन भएपछि तनहुँ छुट्टै राज्य बन्यो । तनहुँका राजाहरूले पनि देवघाटलाई शीतकालीन दरबार बनाएका थिए । विशेषगरी हिउँदका तीन महिना तनहुँका राजाहरू देवघाटमा रहने गर्दथे ।[१२] आधुनिक कालसम्म आइपुग्दा पनि देवघाट एउटा प्रमुख आवागमन गर्ने मार्गका रूपमा रह्यो भने राणाकालमा आएर व्यापार गर्ने नयाँ मार्गहरू खोलिएका कारण देवघाटको धार्मिकपक्ष केही ओझेलमा पऱ्यो । राण कालमा यो स्थल केवल शिकार खेल्ने र राजद्रोहका आरोपितहरूलाई सजायँ दिने स्थलका रूपमा परिचित हुन पुग्यो । २००७ सालको परिवर्तन सँगसँगै २०१३ सालदेखि चितवनमा नयाँ वसोवासको थालनीपश्चात् देवघाटको धार्मिक महत्त्व र विकासले गति लिन थाल्यो । देवघाटमा रहेका मठमन्दिर, मूर्ति तथा भग्नावशेषहरूको संरक्षण-सम्बर्द्धन एवं विकासका निम्ती सरकारी पक्षबाट पनि ध्यान दिन थालिएको पाइन्छ ।

देवघाटक्षेत्रमा विभिन्न कलाकृतिका मठमन्दिरहरू रहेका छन्, जुन मठमन्दिरहरू सोह्रौं शताब्दीदेखि एक्काइसौं शताब्दीसम्म बनेका पाइन्छन् । यी मन्दिरहरू प्यागोडा, शिखर, गुम्बज र त्रिरथ मिश्रित शैलीमा बनेका छन् । यी मन्दिरहरू धार्मिक सम्प्रदायको आधारमा शैव, वैष्णव भनी आस्थागत आधारमा विभाजित गरिएका पाइन्छन् । यसैगरी यी संरचनाहरूमध्ये कतिपय पुरातात्विक महत्त्वका छन् भने कतिपय धार्मिक महत्त्वका छन् । खासगरी देवघाटक्षेत्रमा रहेका सर्वाधिक पुराना ऐतिहासक तथा पुरातात्विक दृष्टिले महत्त्वपूर्ण मानिएका क्षेत्रहरु वागीश्वरी मन्दिर, मुकुन्देश्वर मन्दिर प्राङ्गण, मौलाकालिका (डाँडा) मन्दिर आदि रहेका छन् ।

---

[१०] जनकलाल शर्मा र कृष्णबम मल्ल, *रापती उपत्यका,* (दो.सं.), (चितवन : चितवन अध्ययन केन्द्र, २०६०), पृ. १० ।

[११] सूर्यमणि अधिकारी, *तनहुँ राज्यको इतिहास,* (चितवन : चन्द्रप्रभा प्रकाशन, २०५५), पृ. ४९ ।

[१२] डी.आर. रेग्मी, *मोर्डन नेपाल,* (न्यु देल्ही : रुपु एण्ड कं., १९६१ ई), पृ. ६६ ।

पौराणिककालदेखि नै चर्चित हुँदै आएको देवघाटधाममा विभिन्न पर्व-मेला, उत्सव लाग्नुका साथै सन्यास संस्कार-दीक्षाका साथै ग्रहणको बेलामा स्नान, विभिन्न पर्वहरूमा पूजा-आजा, श्राद्ध-तर्पण आदि हुँदै आएको पाइन्छ । राजा मणि मुकुन्द सेन (वि.सं. १५७५-१६१०) देखिका अन्य सेन राजाहरू र पछि शाह राजाहरूको पनि यस क्षेत्रप्रति चासो बढाउन थालेपछि टाढा-टाढाबाट श्रद्धालु भक्तजनहरू आउने क्रम बढ्यो र मठ-मन्दिर, आश्रम र धर्मशालाहरू बन्दै गए । तीर्थालुदेखि कल्पवासीहरू समेत आउन थाले र जीवनको उत्तरार्धमा काशीवासमा जाने परम्परालाई छाडेर वानप्रस्थ र सन्यास आश्रमका विधि पूरा गर्न कल्पवासीका रूपमा भक्तालुहरू र अनेक तपस्वी, योगी र साधुसन्तहरूको पनि यहाँ आगमन हुन थाल्यो, जसबाट यसको महत्त्वमा वृद्धि हुँदै गयो । देवघाटधामको प्राकृतिक एवं पर्यावरणीय महत्त्व पनि रहेको छ । प्राकृतिक जडीबुटीका वृक्षहरूले घेरिएको सप्तगण्डकी मिश्रित यो स्थल प्राकृतिक पर्यावरणीय हिसाबले पनि महत्त्वपूर्ण छ । पहाडीया मानिसहरू २००७ सालभन्दा अघि दिनभर चितवन जाने र औलोको डरले राती वास बस्न देवघाट आइपुग्थे भन्ने जनश्रुति छ ।

यी विविध महत्त्वहरूसँगै अहिले देवघाटधामको सामाजिक तथा पर्यटकीय महत्त्व पनि बढिरहेको छ । आज देवघाटधाममा जुन कल्पवासी र तपस्वीहरूको घुइँचो बढेको छ त्यस्तै साधु, सन्त र महन्तहरू एवं अन्य समुदायको आकर्षण स्थल बनेको छ । यसले गर्दा पनि अनेक आश्रमहरू बनेका छन् जस्तो कि गलेश्वरबाबा आश्रम, महेशसन्यास आश्रम हरिहरसन्यास जस्ता आश्रमलगायत अन्य आश्रमहरू र वृद्धवृद्धाहरूका लागि वृद्धाश्रमहरू पनि निर्माण भएका छन् । यस्तै श्मशानघाट, नदी स्नान, भजन-कीर्तनस्थल आदिको निर्माण पनि भइरहेको छ ।

कालीगण्डकीमा शालीग्राम (विष्णुको प्रतीक मानिने पत्थर) पाइने हुनाले र यो नदी विश्वकै सर्वाधिक गहिरो गल्छी भएर बग्दै देवघाटमा सङ्गम हुन आइपुग्ने देवघाट विश्वसम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जको नजिक पर्दछ ।[१३] त्यसै गरी यस स्थलमा पाइने शालीग्रामलाई विष्णु को प्रतिक मानिन्छ । यसका साथै धार्मिक पर्यटन र देवघाट नजिकै ग्रामीण क्षेत्र पनि भएको कारण ग्रामीण पर्यटनका लागि पनि देवघाटधाम आकर्षक केन्द्र हुँदै गएको छ । यसरी देवघाटको पर्यटकीय महत्त्व दिन प्रतिदिन बढिरहेको देखिन्छ । देवघाटधामको यी सबै महत्त्वसँगै यहाँ ठूला-ठूला विद्वान्, सन्तमहन्त र

[१३] वसन्त महर्जन, “गहिरो गल्छी,” *अन्नपूर्ण पोष्ट,* २१ साउन २०६८, शनिवासरीय परिशिष्टाङ्क ।

योगीहरूको आगमनपश्चात् उनीहरूकै सक्रियतामा वैदिक शिक्षा प्रणालीलाई निरन्तरता दिने उद्देश्यले संस्कृत विद्यालय र महाविद्यालय स्थापना हुनुका साथै अन्य साधारण विद्यालयहरू पनि स्थापना भएका छन् ।

देवघाटधाममा स्थापना भएका यी भौतिक-आध्यात्मिक संरचनाहरू र आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक पक्षहरूको व्यवस्थापन र देवघाटधामको संरक्षण, सम्बर्द्धन र समग्र विकासका निम्ति एक व्यवस्थापन समितिको आवश्यकता महशुस गरेर २०५० साल चैत्र ५ गते तत्कालीन श्री ५ को सरकारले देवघाटक्षेत्र विकास समिति गठन गऱ्यो । यस समितिले सर्वप्रथम २०५२/०५३ सालमा “देवघाटक्षेत्रको भौतिक विकास योजनाको प्रतिवेदन” तयार पारी विकास योजनाहरूलाई व्यवस्थित बनाउन र देवघाटधामको चौतर्फी विकास गर्नका निम्ति पुन : २०६४/०६५ सालमा एउटा गुरुयोजना निर्माण र यसको नक्शाङ्कन समेत तयार पारेको थियो ।

यस क्षेत्रमा माझी, मगर, चुरेटालगायत अन्य जातिहरू पनि रहेका छन्, जसले देवघाटको आधुनिकीकरणमा योगदान पुऱ्याइरहेका छन् । देवघाटधाम र वागिश्वरीको वैदिक, धार्मिक र ऐतिहासिक महत्त्व के-के छन् भन्ने सन्दर्भमा नेपाल पर्यावरण संरक्षण तथा सम्बर्द्धन संघ (इपन) का अध्यक्ष सुदर्शन प्रधानले योगी नरहरिनाथसँग गरेको अन्तर्वार्तामा देवघाटको प्रसङ्गमा “यसको महत्त्व र परिचय वेददेखि लिएर आजसम्मका सम्पूर्ण ग्रन्थहरूमा पाइन्छ । कालीगण्डकी कालो पानी र अर्कोतिर सेती गण्डकी सेतो पानी लिएर बगेकी त्रिशूली नदीले ६ गण्डकीलाई साथमा लिएर पूर्वतर्फबाट आएको र पश्चिमतर्फबाट कृष्णगण्डकी अरू अनेक नदीहरूलाई लिएर एक्लै आएकी सातहजार नदीहरूको संगम देवघाटधाममा हुन्छ ”।[१४] यो वेदमा वर्णित छ भनी योगीले आफ्नै कृतिमा गरेका भए तापनि यसको आजसम्म आधिकारिक रुपमा कुनै ऐतिहासिक ग्रन्थहरूमा भने उल्लेख भएको पाइँदैन । यद्यपि सम्पूर्ण पर्वत, नदी र हिमाल भारतदेखि जहाँ बाटाघाटा मिलेका छन्, सम्पूर्ण जडिबुटी, वनस्पति र नाना प्रकारका जलचर र उभयचर तीनै प्रकारका प्राणीहरू आएर जहाँ मिलेका छन् जलवायु पनि जहाँ समशीतोष्णा छ यो देवघाटधामको नाम देवघट्टधाम हो । यहाँ सदावहार र पतझर जङ्गलहरू रहेका छन् । यहाँको घना वनजङ्गलमा अनेकौं जडिबुटीहरू रहेको पाइन्छ । यहाँ रहेका घना वनजङ्गलले यस स्थलको वातावरणमा ठूलो सहयोग पुऱ्याएको छ । विश्व सम्पदा सुचीमा कुचीकृत गरिएका कसरा, सौराहा, टाइगरटपको नजिकै रहेको देवघाट जुन स्थलमा विश्वकै गहिरो गल्छी भएर बग्दै

---

[१४] योगी नरहरिनाथ, पादटिप्पणी सङ्ख्या १, पृ. १९ ।

आउने कालीगण्डकी स्वयम विभिन्न हिमालबाट बग्दै आएका गण्डीहरुको संगम यही स्थलमा हुने गर्दछ । यस नदीहरुमा विश्वमा दुर्लभ मानिएका शालिग्राम प्राप्त हुने गर्दछन् । यसरी प्राकृतिक दृष्टिबाट अत्यन्तै महत्वपूर्ण ठानिएको यो स्वदेशी तथा विदेशी पर्यटकहरुको लागि पनि आकर्षक स्थल बनिरहेको छ ।

## १.२ समस्याकथन

देवघाटधामको ऐतिहासिक तथा धार्मिक महत्वको अध्ययन हुन सकेको छैन र यो कार्य सहज पनि छैन । यस सन्दर्भमा वैज्ञानिक खोज अनुसन्धान भएको पाइदैन । जस्तो कि देवघाटको ऐतिहासिक सामग्रीहरूको पर्याप्त खोजी हुन सकेको छैन । सेनकालीन दस्तावेज र अभिलेखहरू पनि न्यूनतम मात्रामा पाइएका छन् । जो पर्याप्त प्रकाश पार्न सक्ने किसिमका छैनन् । भएका सामग्रीहरू पनि क्रमिक र एकीकृत गरेर व्याख्या-विश्लेषण समेत भएको छैन । त्यसैगरी देवघाटको सांस्कृतिक महत्त्वका बारेमा विभिन्न श्रोतले कहिलेदेखि यो क्षेत्र धार्मिक स्थलका रूपमा स्थापना भएको हो ? के कस्ता पर्वहरू कहिलेदेखि मनाइएको हुन् ? व्यापारिक मार्ग कहिलेदेखि सुरु भयो ? वर्तमान देवघाटको विकासको प्रारम्भ कहिले देखि भयो र यसका लागि के कस्ता कदमहरु चालिएका छन् ? देवघाटका धार्मिक सांस्कृतिक सम्प्रदाहरुको अवस्था के छ ? जस्ता प्रश्नहरूको विभिन्न अध्ययन विधिबाट उत्तर खोजी गरेर नयाँ सिद्धान्त एवं निष्कर्षहरू निकाल्न सकिने हुँदा यसको अध्ययन विशेष महत्त्वको छ । त्यसैले अध्ययनका लागि यो विषयको छनौट गरिएको हो । साथै यस अध्ययनसंग सम्बन्धित यस किसिमका प्रश्नहरु यथार्थ निष्कर्ष निकाल्न सक्नु नै यसको समस्या हो ।

## १.३ अध्ययनको उद्देश्य

### विशिष्ट उद्देश्यहरु :-

(१) देवघाटधामको ऐतिहासिक कालदेखिको धार्मिक महिनाको प्रकाश गर्ने ।

(२) देवघाटधामको ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक विकासक्रमको अध्ययन गर्ने,

(३) देवघाटधामका ऐतिहासिक र सांस्कृतिक स्थलहरूको परिचय र महत्त्वमाथि प्रकाश पार्ने, र

(४) देवघाटधामको आधुनिकीकरणमा भएका प्रयासहरु अध्ययन गर्ने ।

## १.४ अध्ययनको औचित्य

यस अनुसन्धानको औचित्य कसरी सावित हुन्छ भने आजसम्म देवघाटधामबारे जे-जस्ता लेख-रचना र पुस्तकहरू बाहिर आएका छन्, जे-जति अध्ययनहरू भएका छन् ती सबै पौराणिक कथाहरू र स्थानीय जनश्रुतिहरूका आधारमा रहेर तयार पारिएका छन् । प्रामाणिक किसिमले मौलिक श्रोतहरूको खोजी गरी कुनै पनि पक्षमा समग्र र गहन अध्ययनहरू भएका छैनन् । अतः यही अभाव पूर्ति गर्ने यस अध्ययनको उद्देश्य रहेकोले यसको हौचित्य पुष्ठी गर्न सकिन्छ ।

## १.५ अध्ययनको विधि

यस अनुसन्धान कार्य सम्पन्न गर्नका निम्ति प्राथमिक र द्वितीय दुवै किसिमका स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गर्दा स्थलगत भ्रमण-अवलोकन, सर्वेक्षण, अन्तवार्ता, प्रश्नावली, अनुसूची, रुजुसूची र विभिन्न सङ्घ-संस्थाका प्रतिवेदन, निर्णय आदिका आधारमा सूचना सङ्कलन गरिएको छ । यसैगरी द्वितीय श्रोतबाट सामग्री सङ्कलन गर्दा विभिन्न अभिलेख, लेख, पुस्तक, शोधपत्र, पत्रपत्रिकामा प्रकाशित सामग्री, फोटो र सिडीका सामग्रीहरूको प्रयोग गरिएको छ । यो सूचना संकलन कार्य पुस्तकालयीय, क्षेत्र अध्ययन र नमुना छनौट पद्धति आदिद्वारा गरिएको छ । नमुना छनौट गर्दा संभावनारहित नमुना छनौटका उद्देश्यमूलक र सुविधायुक्त नमुना छनौटका तरिकाहरू अपनाइएको छ । शोधकार्यको उद्देश्यका आधारमा शोधकर्ताले नै प्रश्नको उत्तर पाउन सक्ने व्यक्तिहरूलाई छानिएको छ । सम्बन्धित विषय विशेषज्ञ र सरोकारवालामध्येबाट नमूना छनौट गरी अन्तर्वार्ता लिइएको छ । साथै प्रश्नावलीको पनि प्रयोग गरिएको छ । यसका साथै पौराणिक र प्राचीनकालीन देवघाटका बारेमा अध्ययन गर्दा अन्य सामग्रीहरू नपाइने हुनाले पुराण तथा धर्मग्रन्थहरू, संस्कृत साहित्य र स्थानीय जनश्रुतिका आधारमा समेत विषयलाई पुष्टि गर्ने प्रयत्न भएको छ ।

## १.६ अध्ययनको महत्त्व

विभिन्न दृष्टिबाट यस अध्ययनको महत्त्व रहेको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ-

(१) यस अध्ययनबाट देवघाटधामको ऐतिहासिक, धार्मिक र पुरातात्विक विषयमा समग्र, र यथार्थ विवरण तयार गर्न सकिएको छ ।

(२) देवघाटधामको धार्मिक महिमा र महत्त्वका बारे प्रकाश पार्न सकिएको छ ।

(३) यस अध्ययनले देवघाटको विकास र संरक्षण गर्दा अपनाउनु पर्ने रणनीतिको तय र योजना निर्माणमा सहयोग मिल्ने छ ।

(४) देवघाटलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न समेत यस अध्ययन कार्यले योगदान पुऱ्याउन सक्छ ।

## १.७ अध्ययनकार्यको सीमा

यस अध्ययनको सीमा देवघाट क्षेत्रको पौराणिक, ऐतिहासिक, धार्मिक, शैक्षिक, पुरातात्विक, सांस्कृतिक पक्षहरुको विकास एवं महत्त्व र त्यस क्षेत्रमा रहेका कल्पवासीहरूको जीवन पद्धति संगमात्र सम्बन्धित रहने छ । यस अध्ययनले पौराणिक कालदेखि वर्तमान समय सम्मका शीर्षक सँग सम्बन्धित हरेक पक्षहरु समेटिएका छन् ।

## १.८ पूर्वकार्यको समीक्षा

ऐतिहासिक तथा धार्मिक हिसाबले देवघाटधाम एउटा महत्त्वपूर्ण स्थल हो तर यसको बारेमा पूर्ण, वैज्ञानिक र समग्र अध्ययन भएको छैन । यसका बारेमा जे-जति चर्चा भएको छ त्यो सबै छरिएको अवस्थामा पाइन्छ । त्यस्ता छरिएका सामग्री अङ्ग्रेजी, नेपाली, संस्कृत आदि भाषामा लेखिएका छन् । त्यसै कारणले त्यस्ता अङ्ग्रेजी नेपाली र संस्कृत भाषामा लेखिएका सहायक सामग्रीलाई छुट्टाछुट्टै उपशीर्षक दिएर यहाँ समीक्षा गरिएको छ । यसो गर्दा प्रकाशन मितिलाई पनि आधार मानिएको छ ।

### १.८.१ अङ्ग्रेजी भाषामा लेखिएका पुस्तकहरूको समीक्षा

डी.आर. रेग्मी, *मोर्डन नेपाल- राइज याण्ड ग्रोथ इन दि ऐटिन्थ सेन्चुरी,* भोल्यूम I र I I, न्यु देल्ही : रूपा याण्ड कं., सन् १९६१ ।

डी.आर. रेग्मीको यस ग्रन्थमा सम्वत १८१३ मा नेपाल आएका इटालीका क्रिश्चियन धर्म प्रचारक पादरी फादर ट्रान्क्विलो (Padre Tranquillo) ले काठमाडौँबाट तनहुँ गई तनहुँ र देवघाटबारे आफूले देखेको कुरो इटालीका पोपलाई चिट्ठी लेखि जानकारी दिएको कुरो रेग्मीले आफ्ना किताबमा उल्लेख गरेका छन् । उल्लेख भएअनुसार तनहुँ इटालीको जस्तै हावापानी भएको, ल्हासाबाट चिसो हावा चल्ने गरेको, ठूलो घनघोर जङ्गल भएको र जङ्गलमा बाघ, गैंडा, भालू, बँदेललगायतका जीवजन्तु पाइने उल्लेख गरेका छन् । साथै गण्डक र त्रिशूली दुई ठूला नदीहरू देवघाटधाम मिलेका छन् भनेर पनि उल्लेख गरेका छन् । यस ग्रन्थमा यस बाहेकका देवघाट संग सम्बन्धित अरु विषयमा प्रकाश पारिएको छैन ।

कर्कप्याट्रिक, *यान एकाउन्ट अफ द किङ्गडम अफ नेपौल,* (दो.सं.), न्यु दिल्ली : एसियन एजुकेशनल सर्भिसेज, सन् १९८६ ई ।

कोलोनेल कर्कप्याट्रिकको सन् १९८६ मा दोस्रो संस्करणको रूपमा प्रकाशित भएको पुस्तक "एन एकाउन्ट अफ द किङ्गडम अफ नेपौल" मा लेखकले देवघाटधामको सन्दर्भ पनि उल्लेख गरेका छन् । उनले वर्णन गरेअनुसार "त्रिशूली गङ्गा गजुरीटार, शिशावेशी र जोगीमारा हुँदै मर्स्याङ्दीमा मिल्दछ, त्यसपछि पश्चिमी दिशातर्फ बग्दछ र अन्त्यमा देवघाटमा आएर गण्डकीसँग मिल्दछ" भनेका छन् । देवघाटधामलाई 'पवित्र स्थान' स्थल पनि भनेका छन्, तर यस बाहेक देवघाटधामको अन्य (धार्मिक, ऐतिहासिक, पुरातात्विक र सामाजिक) पक्षबारे भने केही उल्लेख गरेका छैनन् ।

एफ.वी. ह्यामिल्टन, *यान एकाउन्ट अफ द किङ्गडम अफ नेपाल* (रि-प्रिन्ट), न्यु दिल्ली : एशियन एडुकेशनल सर्भिसिङ्ग, सन् १९८६ ई ।

एफ.वी. ह्यामिल्टनले आफ्नो पुस्तक "यान एकाउन्ट अफ द किङ्गडम अफ नेपाल" मा नारायणीमा डुङ्गा चल्दथ्यो र साना ढुङ्गाहरू देवघाटमा आउन सक्छन् भनी लेखेका छन् । देवघाटको अर्को प्रसङ्ग उल्लेख गर्दै उनले "पाल्पाली राजा मणि मुकुन्द सेनले देवघाटमा प्रसिद्ध शिव मन्दिरको स्थापना गरको र पछि देवघाटमै उनले देहत्याग गरे" भनी उल्लेख

गरेका छन् । यसका साथै मुकुन्द सेनले स्थापना गरेको मन्दिर शिव मन्दिर भएकाले शिवरात्री र खिचडी सङ्क्रान्ति (माघे सङ्क्रान्ति) मा देवघाटमा ठूलो मेला लाग्ने कुराको पनि उल्लेख गरेका छन् । तर यसवाहेकका देवघाटसम्बन्धी अन्य कुराहरू उल्लेख गरेका छैनन् ।

धनवज्र वज्राचार्य, "मुकाम देवघाट," *कन्ट्रिव्युसन टु नेपाल स्टडिज,* भोल्युम १, नं. १०, काठमाण्डौं : सिनास १९८२-८३ ई ।

धनवज्र वज्राचार्यले आफ्नो यस कृतिमा त्रिविक्रम सेनले तनहुँ, लमजुङ, पाल्पा आदि ठाउँहरूमा बसोवास गर्ने देवानन्द उपाध्यायलाई मध्यकालमा नै पत्र लेखेका छन् र नेपालको उद्धार जसरी हुन्छ, गर भनेका छन् । यो पत्र देवघाट मुकाम गरी लेखिएको देखिन्छ । यसरी यस्तो ऐतिहासिक पत्र देवघाट मुकाम गरी सेन राजाले लेखेको कुरो धनवज्रले आफ्नो पुस्तकमा पत्रको मूलपाठ नै दिएर प्रकाशित गरेका छन् । यसबाट देवघाटमा त्यतिबेला पनि राजामहाराजाहरू हिउँदका महिनामा आएर बसी यसै स्थललाई मुकाम बनाई लालमोहर र स्याहामोहोरहरू आफ्ना भाइभारदारहरूलाई प्रदान गर्ने गर्थे । धनवज्र वज्राचार्यले देवघाट मुकाम गरेर महत्त्वपूर्ण ऐतिहासिक पत्र लेखेको कुरा प्रस्ट्याए तापनि देवघाटधामका बारेमा अरु कुरा उल्लेख गरेका छैनन् ।

महेशचन्द्र रेग्मी, *अ स्टडी इन नेपाली इकोनोमिक्स हिस्ट्री,* न्यु देल्ही : अडिनिट पब्लिशर्स, सन् १९९९ ।

महेशचन्द्र रेग्मीले आफ्नो पुस्तकमा नारायणी नदीको उल्लेख गर्दै चितवन नवलपरासी र तनहुँमा रहेका सालका काठहरू नारायणी नदीको जलमार्गबाट भारततर्फ बिक्री-वितरण गर्न लैजाने गरेको कुरो उल्लेख गरेका छन् । नारायणी नदी भनेको देवघाटमा त्रिशूली र कालीगण्डकीको सङ्गम भएपछि बग्ने नदी हो । यसरी रेग्मीले नारायणी नदीको उल्लेख गरेर त्यस समयदेखि नै नारायणी नदी भएर भारततर्फ काठहरू व्यापारको लागि लैजाने गरेको सन्दर्भ खुलाएका छन् । यसले देवघाट त्यतिखेरदेखि नै व्यापारको केन्द्र रहेकोतर्फ औंल्याइएको छ । यसरी देवघाटको प्राकृतिक सम्पदाबारे केही उल्लेख गरे पनि महेशचन्द्र रेग्मीले नारायणी नदीकै शिरमा वा सङ्गमस्थलमा अवस्थित देवघाटधामको ऐतिहासिक एवं धार्मिक सम्पदाबारे भने केही उल्लेख गरेका छैनन् ।

### १.८.२ नेपाली भाषामा लेखिएका पुस्तकहरूको समीक्षा

नरहरिनाथ योगी (सम्पा.), *हिमवत् खण्ड* (नेपाली अनुवाद), काशी : योगी प्रचारिणी सभा, गोरक्ष टिल्ला, वि.सं. २०१३ वि.सं ।

४५ जना संस्कृत भाषाका विद्वान् पण्डितहरूले संस्कृत भाषाबाट नेपालीमा अनुवाद गरी योगी नरहरिनाथले सम्पादन गर्नुभएको सप्तगण्डकीको उत्पत्ति, देवघट्टमाहात्म्य' शीर्षकअन्तर्गत देवघाटको पौराणिक महत्त्व र महिमालाई 'हिमवत्खण्ड माहात्म्य' नाम दिएर ९५ देखि १०० पृष्ठसम्म उल्लेख गरेका छन् । देवघाटको पौराणिक अध्ययनको निमित्त यो पुस्तक महत्त्वपूर्ण छ । गण्डऋषिसँग प्रसन्न भएकी जलदेवीले सप्तगण्डकी (सप्तधारा) को उत्पत्ति गराएको र गण्डऋषिले पहिलोपटक उक्त धारामा स्नान गरेको र उनै ऋषिको नामबाट सप्तगण्डकीको नाम रहन गएको कुरा चर्चा गरिएको छ । साथै देवघाटको धार्मिक महिमाको पनि परिचर्चा गरिएको छ ।

ऋषिकेश शास्त्री (सम्पा.), *वराहपुराणम,* वाराणसी : चौखम्बा अमर भारती, १९८२ ई ।

'वराहपुराण' मा पनि देवघाटको पौराणिक महत्त्वको चर्चा गरिएको छ । यो ग्रन्थ पौराणिक महत्त्व बुझ्नका लागि महत्त्वपूर्ण रहेको छ । शालग्रामक्षेत्रको उत्पत्ति र देवघाटको प्राचीन नाम "देवाट" तथा विविध नामहरूका साथै भगवान् हर र शङ्करको विषयमा चर्चा गरेको पाइन्छ । यस बाहेक देवघाटको अरु विषयमा चर्चा भएको छैन । साथै यसमा विषयवस्तुको व्याख्या गर्दा कुनै प्रमाण तथा स्रोत खुलाइएको छैन ।

जनकलाल शर्मा र कृष्णबम मल्ल, *रापती उपत्यका,* काठमाडौं : नेपाली भारत मैत्री संघ, वि.सं. २०१४ ।

"राप्ती उपत्यका" मा देवघाटधामका मठमन्दिर र मूर्तिहरू मणि मुकुन्द सेन चक्रेश्वर महादेवको मूर्ति, चतुर्वाहु नारायण मूर्ति आदिबारे उल्लेख गरिएको छ र पुरातात्विक महत्त्वको विषयमा पनि उल्लेख गरिएको छ । तर यसमा देवघाटसम्बन्धी अन्य विषयवस्तुहरू उल्लेख गरिएका छैनन् ।

धनवज्र वज्राचार्य (सम्पा.), *बाबुराम आचार्य र उहाँका कृति,* कीर्तिपुर :नेपाल र एशियाली अध्ययन संस्थान, २०२९ वि.स. ।

सम्पादक धनवज्र वज्राचार्यले बाबुराम आचार्यसँग मल्लपुरी कहाँ पर्छ भनी गरिएको प्रश्नको उत्तरमा “मानदेवले पश्चिमका सामन्तहरूसँग युद्ध गर्न जाँदा हात्ती-घोडाका साथमा नारायणगढ पारी त्रिवेणी पार गरी लगे” (पृ. १७) भन्ने कुरा उल्लेख गरिएको छ । यद्यपि यहाँ सप्तगण्डकी नदी पार गरी आउने इलाका नै मल्लपुरी हो भनी उल्लेख गरिएको छैन । यसैगरी अंशुवर्माले सोमेश्वरबाट भारततर्फको बाटो खोले भन्ने पनि यस ग्रन्थमा उल्लेख छ– “धेरै लामो समयसम्म रामकृष्ण कुँवर बसेको चितौनगढी छ र अंशुवर्माले त्यहाँको बाटो खोलिदिए” (पृ. २१) । यसवाहेक यस ग्रन्थमा देवघाटधामको प्रसङ्ग खुल्ने अरु कुनै कुरा उल्लेख छैन ।

*मेचीदेखि महाकालीसम्म,* भाग ३, काठमाडौँ : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, वि.सं. २०३१ वि.स.।

यस पुस्तकमा देवघाटसम्बन्धी केही महत्त्वपूर्ण कुराहरू उल्लेख गरिएको छ । पृष्ठ २५२ मा “देवघाट” शीर्षकअन्तर्गत देवघाट तनहुँ जिल्लाको दक्षिणपट्टि गण्डकी र काली नदीको संगमस्थलमा पर्दछ । धार्मिक दृष्टिबाट यो ज्यादै प्रसिद्ध स्थल हो । त्रिशूली गण्डकी र कालीगण्डकीको संगमस्थलभन्दा केही उत्तरमा वशिष्ठ ऋषिले तपस्या गरेको एउटा गुफा छ र देवघाटमा पाल्पाका मुकुन्द सेन आई तपस्या गरेको भन्ने उल्लेख छ । साथै यहाँ माघेसङ्क्रान्तिको दिन ठूलो मेला लाग्छ । नेपाल अधिराज्यका विभिन्न भाग र भारतबाट समेत भक्तजनहरू यहाँको मेला भर्न आउँछन् भन्ने कुरा उक्त पृष्ठमा उल्लेख गरिएको छ । यद्यपि देवघाटधाममा रहेका अन्य मठ, मन्दिर र कलाकौशलका बारेमा र त्यस भेगमा बस्ने विभिन्न जातिहरूका बारेका साथै त्यहाँ रहेका आश्रम, सन्त महन्त, कल्पवासी (तीर्थवासी) हरूका बारेमा पनि चर्चा गरिएको छैन ।

बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रूपरेखा,* वाराणसी : कृष्णकुमारी देवी, वि.सं. २०३३ वि.स. ।

बालचन्द्र शर्माले “नेपालको ऐतिहासिक रूपरेखा” नामक प्रस्तुत पुस्तकमा प्रतापसिंह शाहले चितवनमा आक्रमण गरेको उल्लेख गरेका छन्– “केवल अभिमानसिंह बस्नेतको नेतृत्वमा तनहुँ उपर आक्रमण गर्न एक फौज पठायो । यस फौजले १७७७ इ. को श्रावण महिनामा उपरदाङ गढी र चितौनको इलाका विजय गरेर तिनलाई नेपाल राज्यमा सम्मिलित गऱ्यो ।” उक्त फौजले तनहुँअन्तर्गत पर्ने चितवन र उपरदाङ गढीलाई विजय गरेको कुरालाई भने उल्लेख गरिएको छ । प्रस्तुत पुस्तक मेरो अध्ययनको निमित्त त्यति उपयुक्त नभए तापनि देवघाट नजिकै रहेको उपरदाङ गढी र चितवनको सन्दर्भमा उल्लेख

गरिएको हुँदा देवघाटको सामान्य भौगोलिक अवस्थाको विषयमा जानकारी दिइएको हुँदा यसलाई समावेश गरिएको हो ।

सोमनाथ घिमिरे 'व्यास', *शालग्राम मीमांसा,* काठमाडौं : रघुनाथ घिमिरे, वि.सं. २०३४ ।

आफ्नो पुस्तक "शालग्राम मीमांसा" मा सोमनाथ घिमिरेले देवघाटक्षेत्र र कालीगण्डकीमा पाइने शालग्रामबारे चर्चा गरेका छन् । उनले शालग्रामका चक्र र लक्षणका विषयमा विशद व्याख्या गरेका छन् र दुइ पवित्र नदीहरू (कालीगण्डकी र त्रिशूली) को सङ्गमलाई विष्णु र शिवको प्रतीकात्मक सङ्गम मान्दै यस्तो स्थानमा पाँच रात्री बस्नाले भक्त स्वयं देवताजस्तो बन्छ भनी देवघाटधामको महिमा गाएका छन् । तर यति भावुक महिमा गाए पनि देवघाटको ऐतिहासिक, पुरातात्विक र सामाजिक पक्षको वर्णनचाहिँ गरेको पाइँदैन ।

योगी नरहरिनाथ, *देवभूमि भारत एवं आध्यात्मिक नेपाल,* काष्टमण्डप : गोरक्षपीठ मृगस्थली, वि.सं. २०३६ ।

योगी नरहरिनाथले आफ्नो यस पुस्तकमा "देवघाटधाम" शीर्षक दिएर देवघाटको पौराणिक महत्त्व बताएका छन् । देवघाटधाम ३३ कोटि देवताहरू र ऋषिमुनिहरूको सभास्थल थियो भनेका छन् । यसैगरी 'मकुवानी सेनवंशका मुकुन्द सेनले' यस धाममा आएर १२ वर्षसम्म तपस्या गरे, 'मुकुन्देश्वर' नामको शिवालय स्थापना गरे र पछि चक्रशिलामै समाहित भए अर्थात् यही धाममा ब्रह्मलीन भएको देवघाटको आध्यात्मिक महत्वको उल्लेख गरिएको छ । यसवाहेक देवघाट सम्बन्धी अरू कुराहरूको चर्चा गरिएको छैन ।

विष्णुप्रसाद घिमिरे, *पाल्पा राज्यको इतिहास, भाग-१,* चितवन : श्रीमती पद्मा घिमिरे, घिमिरे प्रकाशन, वि.सं. २०४५ ।

विष्णुप्रसाद घिमिरेले आफ्नो यस पुस्तकमा पाल्पाका राजा मणि मुकुन्द सेन देवघाट आई तपस्या गरेको उल्लेख गरेका छन्– उनले देवघाटमा गरेका धार्मिक कार्यबाट प्रसन्न भएका शिवबाट वाणीका साथै तरवार समेत प्राप्त गरेको तथा तत्कालै प्रकट भएका शिवलिङ्गलाई 'मुकुन्देश्वर महादेव' का नामले स्थापना, पूजा, दान आदि गर्ने व्यवस्था गरे ।

यसरी मुकुन्द सेनको चर्चाको प्रसङ्गमा देवघाटको महिमाको केही चर्चावाहेक यस ग्रन्थमा देवघाटधामसम्बन्धी अन्य कुराहरूको चर्चा गरिएको पाइन्न ।

डिल्लीराम मिश्र, *नेपाल अधिराज्यमा तनहुँ,* काठमाडौँ : श्रीमती शर्मिलादेवी मिश्र, वि.सं. २०४५ ।

"नेपाल अधिराज्यमा तनहुँ" नामक आफ्नो पुस्तकमा डिल्लीराम मिश्रले देवघाटको प्रसङ्गलाई अघि सार्दै यहाँ देवताहरू सङ्घट्ट हुने भएकाले देवघट्ट (देवघाट) भनिएको, यहाँ पवित्र नदीहरूको सङ्गम भएको, यस क्षेत्रको धार्मिक, ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्त्व भएको र यस्तो महिमाशालीक्षेत्र भएकाले पाल्पाली राजा मणि मुकुन्द सेन तपस्या गर्न यहाँ आएका र वि.सं. १६१० मा यही ब्रह्मलीन भएका इत्यादि कुराहरूको उल्लेख गरेका छन् । साथै २०२२ सालमा राजा महेन्द्रले देवघाटक्षेत्रलाई एकसय रोपनी जग्गा छुट्याई दिएका, २०४२ सालमा राजा वीरेन्द्रले यस क्षेत्रलाई धार्मिक तथा पर्यटन स्थलको रूपमा विकास गर्न निर्देशन दिएका र गलेश्वरबाबा र डिल्लीराम बाबाहरूको पनि देवघाटको विकासमा योगदान दिएको उल्लेख समेत गरेका छन् । यसवाहेक देवघाटसम्बन्धी अरू ऐतिहासिक र धार्मिक चर्चा भएको छैन ।

सूव सेन, *पाल्पाली सेन (पाल्पादेखि पुरकोटसम्म),* काठमाडौँ : जमल हिसी प्रेश, वि.सं. २०५१ ।

आफ्नो यस पुस्तकमा सूव सेनले देवघाटको प्रसङ्गमा धेरै चर्चा गरेका छन् । उनले आफ्ना पूर्वज पाल्पाली राजा मणि मुकुन्द सेन ५७ वर्षको उमेरमा देवघाट आई तपस्या गरेको मुकुन्देश्वर महादेवको मन्दिर बनाएको कुरा उल्लेख गरेका छन् । गणेश, विष्णु, सूर्य र भगवतीका मन्दिरहरू समेत बनाई पाञ्चायन भगवान्का मूर्तिहरू स्थापना गरे र त्यहाँ गुठी समेत स्थापना गरे भन्ने उल्लेख गरेका छन् । यसैगरी एकजना माझीले कालीगण्डकीमा माछा पार्ने क्रममा जालमा ठूलो ढुङ्गो परेकाले त्यसलाई निकाली हेर्दा 'चक्रशिला' भएकाले यो पनि मन्दिरमा पूजार्थ राखिएको चर्चालगायत मुकुन्द सेन द्वितीयले पनि देवघाट कालीगण्डकीमा आएर पितृलाई तर्पण दिएको, त्यस्तैगरी पृथ्वीपाल सेनले त्यहाँ संस्कृत पाठशाला खोलिदिएको समेत सूव सेनले उल्लेख गरेका छन् । यतिका धेरै सूचनाहरू सहित देवघाटको चर्चा गरेको भए तापनि उनले देवघाटको मठ, मन्दिर, यसको ऐतिहासिक,

धार्मिक तथा पुरातात्विक महत्त्वका बारेमा भने कतै उल्लेख गरेको देखिँदैन । यस वाहेक विवरण दिँदा स्रोतहरू पनि खुलाइएको देखिँदैन ।

रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मी, *नेपालको पौराणिक इतिहास,* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५४ ।

लेखकद्वयले "नेपालको पौराणिक इतिहास" मा देवघाटको राम्रो उल्लेख गरेका छन्– कालीगण्डकी र त्रिशूलीको संगममा रहेको देवघाट अर्को प्राचीन तीर्थस्थल हो, जसको ठूलो महिमा रहेको कुरा बताइएको छ । मुकुन्द सेनको प्रसङ्गमा रहेकमो अध्यावधि देखिन सक्ने पाँचवटा भग्नावशेषहरू देवघाटमा पाँचवटा मन्दिरहरू बनेका छन् जसमध्ये एउटा मात्र सग्लो रूपमा बचेको छ । शिखरशैलीको यो मन्दिर मुकुन्देश्वर चक्रशिला मन्दिर वा मणि मुकुन्देश्वरको नामले प्रसिद्ध छ । यसवाहेक देवघाटमा पाल्पाली राजा मणि मुकुन्द सेन आई मुकुन्देश्वर मन्दिरका साथै कालिका, गणेश, सूर्य, शिव र विष्णुका मूर्तिहरू स्थापना गरी पाञ्चायन मन्दिर समेत निर्माण गरेको पनि उल्लेख गरेका छन् । तर देवघाटधामको सिलसिलेवर इतिहासको उल्लेख भने गरेका छैनन् ।

सूर्यमणि अधिकारी, *तनहुँ राज्यको इतिहास,* भरतपुर : चन्द्रप्रभा प्रकाशन, वि.सं. २०५५ ।

लेखकले यस पुस्तकलाई तीन अध्यायमा विभक्त गरेका छन् । जसमा पहिलो अध्यायमा पाल्पाका महान विजयी राजा मुकुन्द सेन प्रथम आफ्नो जीवनको अन्तिम समयमा आफ्नो राज्य छोरा-भतिजाहरूलाई अंशवण्डा गरी आफू पवित्र तीर्थस्थल देवघाटधाममा आएको र उनले देवघाटमा एउटा राम्रो मन्दिर बनाएको र त्यही स्थानमा उनको मृत्यु भएको कुरा यस अध्यायमा उल्लेख गरिएको छ ।

यसैगरी दोस्रो अध्यायमा लेखकले तत्कालीन तनहुँको सेन राज्यअन्तर्गत पर्ने देवघाटधामका बारेमा महत्त्वपूर्ण ऐतिहासिक तथा राजनैतिक विषयबारे उल्लेख गरेका छन् भने मुकुन्द सेन प्रथमका वंशजहरूले लामो समयसम्म तनहुँअन्तर्गत पर्ने देवघाटमा शीतकालीन दरबार बनाई राज्य गरेको कुरा उल्लेख गरिएको छ । साथै यसमा तनहुँ राज्यमा मुकुन्द सेनपश्चात् क-कसले कति समयसम्म राज्य गरे भन्ने सन्दर्भमा उल्लेख गरिएको छ । उक्त समयमा तनहुँको नजिक रहेको पवित्र तीर्थस्थल देवघाटधाम तथा त्यसको नजिकै रहेको रामनगरको महत्त्वलाई उल्लेख गरिएको भए तापनि उक्त समयमा देवघाटधामको आफ्नै के कति महिमा थियो, त्यहाँको जनजीवन के-कस्तो थियो, त्यहाँ के-कति मठ-मन्दिर

निर्माण भएका थिए, भू-बनोट कस्तो थियो र तीर्थस्थलको महिमा के-कस्तो थियो भन्नेबारेमा भने लेखकले आफ्नो पुस्तकमा उल्लेख गर्नुभएको छैन ।

टीकाराम अधिकारी (सम्पा.), *स्कन्दपुराण हिमवत्खण्ड गण्डकीमाहात्म्यम्,* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५५ ।

लेखकले उक्त पुस्तकलाई एघारौं अध्यायमा विभाजन गरेका छन् । जसमा पहिलो अध्यायमा सामान्य भूमिकाअन्तर्गत गण्डकीगर्भ त्रिशूली र कालीगण्डकीको दोभान देवघाट, भगवान् विष्णुको गालाबाट उत्पन्न भएका कालीगण्डकी र सेतीगण्डकी, गण्डकीका शिला (शालग्राम), गण्डकी तीरमा तपस्या गरेका सालङ्कायन नाम गरेका ऋषिको प्रसङ्ग, भृगु ऋषिको आश्रम गण्डकीको सङ्गम (देवघाट) सीताकासाथ रामले पनि यहीँ गण्डकीको सङ्गम (देवघाट) मा तपस्या गरेको प्रसङ्ग, हरिहरक्षेत्रजस्ता कुराहरूलाई उल्लेख गरिएको छ । यसैगरी चौथो अध्यायमा देवघाटको महत्त्वलाई दर्शाउँदा त्रिवेणीको मरण, देवघाटमा यज्ञादि, दान र मन्दिर निर्माण उचित मानिन्छ भन्ने प्रसङ्गलाई उल्लेख गरिएको छ ।

यसैगरी सातौं अध्यायमा लेखकले संस्कृतलाई नेपालीमा अनुवाद गरी वराह भगवान् र धरणी (पृथ्वी) को बीचमा आदिप्रयाग (देवघाट) को महत्त्वलाई लिएर भएको संवादलाई उल्लेख गरेका छन् । कुनै आधार नखुलाइएको यो पुस्तक काश्यपगोत्रीय काशीराम सूरीद्वारा रचना गरिएको गण्डकीमाहात्म्य हिमवत्खण्डको परिशिष्ट भागमा उल्लेख गरिएको छ । यो पुस्तक मेरो शोधकार्यको निमित्त त्यति उपयुक्त नभए तापनि महत्त्वपूर्ण सूचनाहरू भने प्रदान गरेको छ ।

विष्णुप्रसाद घिमिरे, *पाल्पा राज्यको इतिहास, भाग-२,* चितवन : चितवन अध्ययन केन्द्र, वि.सं. २०५६ ।

लेखकले आफ्नो यस पुस्तकमा देवघाटधामको छोटो चर्चा गरेका छन्– देवघाट पश्चिमोत्तरतर्फबाट बग्दै आएको कालीगण्डकी र पूर्वोत्तरक्षेत्रबाट बग्दै आएको त्रिशूली-गण्डकी (त्रिशूली, मर्स्याङ्दी, दरौंदी, सेती, मादी र बूढीगण्डकी मिलेर) को सङ्गमस्थलमा पर्दछ । यो स्थान नारायणी अञ्चलको चितवन, गण्डकी अञ्चलको तनहुँ र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको मिलनविन्दुका रूपमा पनि रहेको छ । यस क्षेत्रको कुल क्षेत्रफल ५,४३४ हेक्टर रहेको छ । साथै उचाई समुद्र सतहबाट ७३५ फिट रहेको मानिन्छ । यसका साथै लेखकले 'देवघट्ट' को प्रसङ्ग उठाउँदै पाल्पाली राजा मणि मुकुन्द सेन यहाँ आई '१२ वर्ष तपस्वी' को रूपमा रहेको पनि उल्लेख गरेका छन् । यसवाहेक अरू विस्तृत चर्चा भने गरेका छैनन् ।

डिल्लीराज शर्मा, *गण्डकी प्रस्रवण क्षेत्रका सांस्कृतिक सम्पदा कला र वास्तुकला,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०६० ।

डिल्लीराज शर्माले आफ्नो यस पुस्तकमा देवघाटसम्बन्धी केही नयाँ सूचनाहरू प्रस्तुत गरेका छन् र देवघाटधामका मठ-मन्दिर, मूर्ति र तिनको कला ढाँचाबारे निकै गहन कुराहरूको उल्लेख गरेका छन् । यी कुराहरूमा देवघाटधाम मणि मुकुन्देश्वर मन्दिरभित्र राखिएको सानो आकारको चतुर्बाहु विष्णुको भव्य मूर्तिको चर्चा गरेका छन् । मूर्तिमा कुँदिएका कलाकारिता, मूर्तिले हातहरूमा लिएको शङ्ख, चक्र, गदा, पद्म र यज्ञोपवीत धारण, कम्मरमा पटुका र घुँडासम्मको धोतीको वर्णन गरेका छन् । यसैगरी मुकुन्देश्वर मन्दिर र वागीश्वरी मन्दिरको पनि वर्णन गरेका छन् । यसबाहेका देवघाटका अरु मठ-मन्दिर र मूर्तिहरूको वर्णन गरिएको पाईदैन ।

मोहनप्रसाद खनाल, *सेनराज्यको राजनैतिक इतिहास,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०६१ ।

आफ्नो यस पुस्तकमा मोहनप्रसाद खनालले सेनहरूको वर्णन गर्ने क्रममा देवघाटको प्रसङ्गको पनि उल्लेख गरेका छन् । उनका अनुसार मुकुन्द सेनले राजकाजबाट सन्यास लिएपछि "आफू वृद्ध अवस्थामा पुगेपछि उपरदांग-गढीको तल वेसीमा रहेको देवघाट नामक तीर्थस्थलमा जीवनको अन्तिम समयसम्म जप, तप र ध्यान गरेर एकान्त वास बसेका हुँदा यिनी मुनि मुकुन्द सेनका नामबाट प्रख्यात हुन पुगे ।" यसरी "देवघाटमा बसेका मुकुन्द सेनले कालीगण्डकी र त्रिशूलीका दोभानमा इ.सं. १५५३ तिर आफ्नो इहलीला समाप्त गरे ।" यसरी लेखकले मुकुन्द सेनको वर्णनमा देवघाटको केही प्रसङ्ग ल्याएका भए पनि देवघाटका बारेमा भने अरू विस्तृत गरेको पाइँदैन ।

जगमान गुरुङ, *नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवण क्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०६१ ।

आफ्नो यस पुस्तकमा जगमान गुरुङले देवघाटमा सङ्गम हुन आइपुगेका त्रिशूली र कालीगण्डकीको उल्लेख गरेका छन् । यी नदीहरूका सहायक नदीहरू कहाँबाट कसरी मिसिदै आएका छन् भन्ने उल्लेख गरेका छन् । यस्तैगरी देवघाटधामको धार्मिक महत्त्वलाई औँल्याउने पाल्पाली राजा मुकुन्द सेनको देवघाटमा आई गरेको तपस्या, चक्रशिला शालग्रामको प्रसङ्ग र मुकुन्देश्वर महादेव मन्दिर निर्माणको प्रसङ्ग पनि यस पुस्तकमा प्रस्तुत गरेका छन् । यसरी मध्यकालमै गुल्जार भएको देवघाटधाम पछि प्राकृतिक प्रकोपबाट

उजाडिन पुग्यो र फेरि चितवनतर्फ वस्ती बस्न थालेदेखि यसको महत्त्व पुनः बढ्न थालेको उल्लेख गरेका छन् । देवघाटको धार्मिक पक्षमा केही उल्लेख गरिएको भए पनि अन्य पक्षहरुको चर्चा गरिएको छैन ।

नारायणप्रसाद तिम्सिना 'मधुप', *देवघाटक्षेत्रको सांस्कृतिक अध्ययन,* कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०६४ ।

आचार्य नारायणप्रसाद तिम्सिना 'मधुप' ले "देवघाटक्षेत्रको सांस्कृतिक अध्ययन" नामक देवघाटसम्बन्धी ग्रन्थ लेखेका छन् । यसमा देवघाटको परिचयदेखि भौगोलिक, ऐतिहासिक, धार्मिक, पौराणिक, पुरातात्विक, सांस्कृतिक, साहित्यिक र आधुनिक विकाससम्बन्धी केही कुरा प्रकाश पारेका छन् । लेखकले देवघाटसम्बन्धी वर्णन-विवरण र विश्लेषण गरेका छन् । देवघाटका मठ-मन्दिर, मूर्तिहरू र अन्य भौतिक संरचनाहरूको राम्रो वर्गीकरण पनि गरेका छन् तर यति राम्रो  विस्तृत वर्णन भएको छैन ।

देवीप्रसाद कँडेल, *चितवनको इतिहास,* चितवन : लक्ष्मी कँडेल, वि.सं. २०६५ ।

कँडेलद्वारा लेखिएको यस पुस्तक चितवनसँग सम्बन्धी छ तापनि देवघाट सम्बन्धी केही धार्मिक र ऐतिहासिक एवं व्यापारिक मार्ग, भन्सार महशूल उठाउने नाका आदिको रूपमा देवघाट सम्बन्धी सूचनाहरू प्रस्तुत गरेका छन् । यसमा देवघाटको छोटो धार्मिक महत्व र वि.सं. १९६२ को भन्सार दरबन्दीको सूची दिइएको छ । तर यसवाहेक देवघाटसम्बन्धी अन्य कुराहरू भने चर्चा हुन सकेको छैन ।

नलराज शास्त्री नेपाल, *देवघाटतीर्थ माहात्म्य,* तनहुँ : मणिमुकुन्देश्वर चक्रवर्ती आश्रम, वि.सं. २०६५ ।

नेपालले "देवघाटतीर्थ महात्म्य" नामक देवघाटकै बारेमा ७४ पृष्ठको पुस्तक लेखेका छन् । यसमा नेपालले देवघाटमा दुइ नदीको सङ्गम, यी दुइ नदीका सहायक नदी र तीनको धार्मिक महत्त्व, देवह्रद, तीर्थ सङ्ख्या, सप्तगण्डकी, शालग्रामक्षेत्र, मुकुन्द सेन, मुकुन्देश्वर महादेव, मुस्ताङ, बाग्लुङ, मौलाकालिका, पाल्पाको चर्चा गरेका छन् र चक्रवर्ती आश्रमका पदाधिकारीको नाम दिएका छन् । यसरी देवघाटको महिमागान त गरेका छन् तर यी कुराहरू ऐतिहासिक दृष्टिले नगरी पौराणिक र धार्मिक हिसाबले मात्र गरेका छन् । विषयवस्तुको स्रोथ दिइएको छैन ।

### १.८.३ सन्दर्भ लेखहरूको समीक्षा

जनकलाल शर्मा, "चितवनदेखि जनकपुरसम्मका केही पुरातात्विक स्थल," *प्राचीन नेपाल,* सङ्ख्या २, माघ २०२४ ।

जनकलाल शर्माले २०१६ सालमा चितवनदेखि जनकपुरसम्मका केही पुरातात्विक स्थलहरूको अन्वेषण गरेर पुरातत्व विभागमा प्रस्तुत गरेको प्रतिवेदन नै यो लेख हो । जनकलाल शर्मा त्यतिखेर पुरातत्व विभागका अनुसन्धान अधिकारी थिए । उनका अनुसार चितवनको देवघाटमा सेन वंशका भग्नावशेषहरू पाइन्छन् । पाल्पाली राजा मुकुन्द सेन र उनीसित जोडिएको चक्रशिलाको उल्लेख गर्दै त्यसलाई अनेक वर्ष जमिनमा दबिएर पाषाण भइसकेको कछुवाको घरजस्तो भनेका छन् । यसैगरी चतुर्बाहु विष्णुको मूर्ति र महिषमर्दिनी भगवतीको मूर्तिलाई उल्लेखनीय छन् भनेका छन् । उनको लेखमा यसवाहेकका अरू कुराहरूको उल्लेख गरिएको छैन ।

मदनमोहन जोशी, "मुकुन्द सेन र शालग्राम", *देवघाट-वागीश्वरी स्मारिका,* चितवन : नेपाल पर्यावरण संरक्षण तथा संवर्द्धन संघ, २०५३ ।

मदनमोहन जोशीले यस स्मारिकामा प्रकाशित आफ्नो लेखमा २०१२ साल अघि देवघाटमा १५ दिनदेखि १ महिनासम्म माघे मेला लाग्दथ्यो भन्ने कुरा उल्लेख गरेका छन् । मेलामा स्याउलाका छाप्राहरू बनाएर पसल थापिन्थ्यो, किनमेल गर्नेहरूको ठूलो भीड लाग्दथ्यो भनिएको छ । यसैगरी पाल्पाली राजा मुकुन्द सेनको देवघाट आगमनको प्रसङ्ग कोट्याउँदै मुकुन्द सेनलाई चक्रवर्ती राजा मानिएको कारणले होला, शाहवंशीय राजाहरूलाई देवघाट जान मनाही गरिएको थियो । वि.सं. २०२२ सालमा देवघाटको सङ्गम माझमा पानीमाथि नाउहरू जोडेर अधिराज्यका कविहरूको जमघट भएको कवि गोष्ठीमा राजा महेन्द्रको उपस्थिति भएर राजाले देवघाट जान हुँदैन भन्ने परम्परालाई तोडेको भए तापनि राजा महेन्द्र मुकुन्द सेनको मन्दिरमा गएनन् भनी उललेख भएको छ । यस बाहेक देवघाट विषयमा अरु बढी सूचनाहरु प्रकाशमा आएका छैनन् ।

विष्णुप्रसाद घिमिरे, "वागीश्वरीः एक चिनारी", *विवेक,* वर्ष ९, अङ्क ३, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, वि.सं. २०५३/५४ ।

घिमिरेले आफ्नो यस लेखमा देवघाटक्षेत्रमा पर्ने वागीश्वरीलाई "चितवनका विभिन्न धार्मिक, ऐतिहासिक एवं पुरातात्विक महत्त्वका क्षेत्रमध्ये वागीश्वरी पनि एक हो" भनी यो पुरातात्विक क्षेत्र भएको उल्लेख गरेका छन् । २०४८ सालमा चितवनका तत्कालीन प्र.जि.अ. को नेतृत्वमा उत्खनन् गरिएको र उत्खनन् गर्नुअघि र पछिको वागीश्वरीको रूप कस्तो थियो भन्दै उत्खनन्बाट प्राप्त वस्तुहरू– (क) भैरवका दुइ प्रस्तर मूर्ति, (ख) प्रस्तर ड्डुंड, (ग) मन्दिरको आकार कुँदिएको प्रस्तर, (घ) बसाहा, (ङ) द्वारपालका मूर्तिलगायत तामाको पैसा, तामाको दियो थान २, फलामका दुइ पाता, पाका ईंटा र कुँदेका अनेक प्रस्तर प्राप्त भएको उल्लेख गरेका छन् । वागीश्वरीको पुरातात्विक महत्त्वलाई झल्काउने यी वस्तुहरू बारे अत्यन्त राम्रो सूचना दिएका भए पनि वागीश्वरीको ऐतिहासिक विकासक्रमको भने यसमा उल्लेख गरेका छैनन् । यी प्राप्त वस्तुहरू कुन कालका हुन् भनी उल्लेख भने गर्न सकेका छैनन् । यी प्राप्त वस्तुहरू कुन कालका हुन् भनी उल्लेख भने गर्न सकेका छैनन् ।

सूर्यमणि अधिकारी, "चितवनको धार्मिक पर्यटन," *सिर्जना* (त्रैमासिक पत्रिका), अङ्क ६, चितवन : चितवन अध्ययन केन्द्र, पौष-फागुन २०५८ ।

यस लेखमा अधिकारीले चितवनको धार्मिक पर्यटनको उल्लेख गर्ने क्रममा देवघाटका बारेमा धेरै विवरणहरू प्रस्तुत गरेका छन् । देवघाटको भौगोलिक परिचय, नामकरण, इतिहास, धर्म-संस्कृति र पर्यटकीय महत्त्वलाई उल्लेख गरेका छन्– तनहुँका सेन राजाहरूले पनि देवघाट-वागीश्वरीक्षेत्रको धार्मिक महिमालाई ठूलो महत्त्व दिएका थिए । उनीहरू हिउँदमा यहाँ आई बस्दथे । वागीश्वरीदेखि उत्तरतर्फ जङ्गलमा उनीहरूको शीतकालीन आवास र किल्लाका भग्नावशेषहरू भेटिएका छन् भन्ने आधिकारिक भनाइ छ । यसरी अधिकारीले नवीन सूचनाहरू सहित देवघाटका विविध पक्षमा प्रकाश पारेका छन् । तर यी संक्षिप्त छन् र देवघाटका मठ, मन्दिर र मूर्तिहरू कुन कालखण्डका हुन् भन्नेबारे भने उल्लेख गरेका छैनन् ।

नारायणप्रसाद तिम्सिना 'मधुप' "देवघाट धाममा प्राप्त प्राचीन मुद्रा र मूर्तिहरू," *मधुपर्क,* वर्ष ३४, अङ्क ११, पूर्णाङ्क ३९४, काठमाडौं : गोरखापत्र संस्थान, वि.सं. २०५८ ।

यस लेखमा लेखकले देवघाटको मणिमुकुन्देश्वर मन्दिरभन्दा २४ मिटर पूर्व सडक खन्दै जाने क्रममा "२०५३/८/५ मा अद्भूत तामाकै भाँडोमा तामाकै मुद्राहरू भएको

करुवा आकारको भाँडो सोही ठाउँका निवासी दीपेन्द्र धितालले प्राप्त गरेको र निज धितालले गोविन्दराज नैनावस्तीलाई खबर गरी निज नैनावस्तीकै घरमा लगी भाग लगाएर राखेको र २०५३/८/२१ मा उक्त मुद्रा एउटै भाँडोमा राखी प्रहरी चौकीलाई दिइ सुरक्षापूर्वक त्यस मुद्रालाई संरक्षण गरिएको थियो ।" यसको तौल १ किलो ७७ ग्राम भएको र यो पुरातत्व विभागका अधिकृत श्री उद्धव आचार्यलाई सुम्पिएको पनि उल्लेख गरेका छन् । देवघाटमा प्राप्त मुद्राहरूको विषयमा यति राम्रो सूचना दिएका भए पनि लेखकले पुरातात्विक उत्खननको सिलसिलालाई भने उल्लेख गरेका छैनन् ।

मानबहादुर सापकोटा, "मौलाकालिका मन्दिरः जनसहभागिताको एक उत्कृष्ट उदाहरण," *रजत-स्मारिका* (मौलाकालिका रजत वर्ष), वर्ष १, अङ्क १, नवलपरासी : २०६२ ।

लेखक सापकोटाले आफ्नो यस लेखमा देवघाटक्षेत्रभित्र पर्ने नवलपरासीको मौलाकालिका मन्दिरसम्बन्धी विस्तृत जानकारी गराएका छन् । अहिलेको प्रख्यात मौलाकालिका मन्दिर आजभन्दा ४५० वर्ष पहिले पाल्पाली राजा मुकुन्द सेनको सैनिक टुकुडीले मौलो गाडी त्यसलाई भगवतीको शिलाको रूपमा मान्दै आएको कुरा, त्यहाँका पहिलेका पूजारी पिनाली मगर र सुनामी मगरका किम्बदन्तीहरू दिएर उल्लेख गरेका छन् । यस मौलाकालिकाका गाउँहरूमा बोटे, दराई, चेपाङ, मगर, कुमाल आदि आदिवासीहरूको बसोवास थियो, २०३२ सालमा त्यस क्षेत्रमा उत्खनन गर्दा मौलो र शिलाहरू प्राप्त भएका र त्यसपछि क्रमशः त्यहाँ भौतिक संरचनाहरू निर्माण हुन थालेको, फेदीदेखि मौलाकालिकासम्म सिढीलाई बाटो निर्माण गरिएको, त्यहाँ हाइड्रोलिक पम्पद्वारा खानेपानीको व्यवस्था गरिएको, हाल प्यागोडा शैलीमा मौलाकालिका मन्दिर निर्माण गरिएको आदि कुराहरूको सामान्य विवरण दिए तापनि हरेक पक्षहरू समेटिएको छैन र प्रमाणहरू पनि दिइएको छैन ।

लक्ष्मीकान्त शर्मा (लकाश) पौडेल, "देवघाटक्षेत्र विकासको अवधारणा र पृष्ठभूमि," *देवघाट दर्पण,* वर्ष १, अङ्क १, तनहुँ : देवघाटक्षेत्र विकास समिति, वि.सं. २०६३ ।

लेखक लकाश देवघाटक्षेत्र विकास समितिका पूर्व कार्यकारी निर्देशक हुन् । उनले आफ्नो यस लेखमा देवघाटक्षेत्र विकासका अवधारणाहरूलाई प्रस्तुत गरेका छन् । उनले देवघाट ऐतिहासिक सम्पदा भएको क्षेत्र भएर पनि लामो समयसम्म उपेक्षित रहेको यो क्षेत्र मध्यकालमै गुल्जार भएको थियो । देवघाट पहाड मधेस जोड्ने मध्यविन्दुको रूपमा थियो । माघमा स्नान गर्ने र मेला लाग्ने, तीर्थालुहरू आउने गर्थे तर पछि यसमा कमी आयो । एकैचोटि २०१४ सालपछि पुनर्वास गराउने क्रममा यो क्षेत्र कल्पवासीका लागि उपयुक्त मानियो र त्यसपछि विकास हुँदै आयो र शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयले

२०५१ मा देवघाटक्षेत्र विकास समिति (पहिलो कार्य समिति) बन्यो र यो बनेपछि यसले 'गुरुयोजना' अवधारणा ल्याएको समेत लेखकले उल्लेख गरेका छन् । तर यस लेखमा उनको ध्यान देवघाटको विकासका अवधारणातर्फ नै बढी गएकाले देवघाटका मठ-मन्दिर, मूर्ति र यसको इतिहास र धार्मिक महत्त्वबारे भने उल्लेख गरेका छैनन् ।

गोविन्द टण्डन, “देवघाटक्षेत्रको विकास कार्य : एक सर्वेक्षण,” *देववाणी,* अङ्क ७, ८, ९ र १०, भाग २, वर्ष १०, काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, वि.सं. २०६४ ।

गोविन्द टण्डनले आफ्नो लेखमा देवघाटको परिचय, गुरुयोजना, यसको धार्मिक महत्त्व, ऐतिहासिकता, देवघाटको संरक्षणका प्रयासहरू, देवघाटक्षेत्र विकास समितिको स्थापना, सीमाना, विकासका नीतिहरू, देवघाटमा भएका मठ-मन्दिर इत्यादिबारे छोटो चर्चा गरेका छन् । तर देवघाट क्षेत्रको ऐतिहासिक, धार्मिक र पुरातात्विक पक्षमा भने सामान्य उल्लेख मात्र गरेका छन् ।

गुरुप्रसाद सुवेदी, “देवघाटक्षेत्र र गुरुयोजना,” *देवघाट दर्पण,* वर्ष २, अङ्क २, तनहुँ : देवघाट विकास समिति, वि.सं. २०६४ ।

सुवेदीले यस लेखमा देवघाटक्षेत्रको परिचय गराउँदै यस क्षेत्रको विकासका निम्ति गुरुयोजना निर्माणको सिलसिलालाई अघि सारेका छन् । उनका अनुसार गुरुयोजना निर्माण कार्यको सिलसिला २०५२ मा निर्माण भएको भौतिक विकास योजनाको प्रतिवेदन र २०५६ मा सुरु गरिएको भित्री धार्मिक क्षेत्रको गुरुयोजनालाई समयानुकूल परिमार्जन गर्नका निम्ति २०६३ मा राष्ट्रिय योजना आयोगको सभाकक्षमा देवघाटक्षेत्र विकास समितिको बैठक बसेर परिमार्जित गुरुयोजना निर्माण गर्ने निर्णय गरेको उल्लेख गरेका छन् । सुवेदीले गुरुयोजनाको उद्देश्य, यसको प्रारूप, योजना अवधिको उल्लेख गर्दै गुरुयोजनाको नामाङ्कन इ. भरत शर्मा र इ. वसन्तकुमार दाहालले गरेको पनि उल्लेख गरेका छन् । यो लेख गुरुयोजनामा मात्र सीमित गरी लेखिएकाले देवघाटका विषयहरूको चर्चा गरिएको छैन ।

देवीप्रसाद कँडेल, “चितवन र यसको आसपासका सांस्कृतिक सम्पदाहरू”, *स्मारिका चितवन महोत्सव,* वर्ष ७, अङ्क ७, नारायणगढ : उद्योग वाणिज्य संघ, वि.सं. २०६५ ।

कँडेलले आफ्नो यस लेखमा देवघाटक्षेत्रबारे पनि प्रकाश पारेका छन् । देवघाटमा पाल्पा र तनहुँका सेनराजाहरूको शीतकालीन राजधानी भएको र वागीश्वरीमा सेनकालीन भवन र मन्दिरहरूको अवशेष रहेको र यी स्थलहरू पुरातात्विक महत्त्वको पनि भएको

उल्लेख गरेका छन् । यो लेखका चितवनका सबै सांस्कृतिक सम्पदाहरूका बारेमा लेखिएकाले देवघाटक्षेत्रबारे संक्षेपमा मात्र उल्लेख गरिएको छ ।

डी.आर. पोखरेल, "चितवनको ऐतिहासिक रूपरेखा", *दिव्यज्योति,* वर्ष ५, अङ्क ५, २०६५, कतार : चितवन युवा समूह, दोहा, २०६५ ।

यसमा डी.आर. पोखरेलले चितवनको प्रागऐतिहासिककाल, मध्यकाल र आधुनिक काललाई छुट्याएर ती तीन कालमा भएका महत्त्वपूर्ण घटनाहरूलाई तिथिमितिसहित प्रस्तुत गरेका छन् । चितवनको इतिहास उल्लेख गर्ने क्रममा देवघाटको ऐतिहासिक विकाससम्बन्धी पनि धेरै सूचनाहरू दिएका छन् । तर सन्दर्भ नखुलाएकाले यो लेख निबन्धजस्तो भएको छ ।

हालसम्म देवघाटका बारेमा लेखिएका विभिन्न पुस्तक एवं लेखहरूको माथि समीक्षा गरियो । समीक्षाबाट स्पष्ट भयो प्रकाशित कृतिहरूले समग्र रूपमा देवघाटलाई चिनाउन सकेका छैनन् । बहुसङ्ख्यक सूचनाहरू पौराणिक कथा र स्थानीय भनाइ एवं अमूर्त धारणाहरूमा आधारित छन् तापनि यो शोध कार्यका लागि प्रकाशित सामाग्रीहरु उपयोगमा ल्याइएको छ । यस किसिमका प्रकाशित सामाग्रीहरु आधार बनाएर यो नयाँ शोधकार्यले देवघाटका बारेमा एकीकृत प्रमाणिक, यथार्थ र विस्तृत विवरण प्रस्तुत गर्न प्रयास गरेको छ । यस अनुसन्धानात्मक कार्यले देवघाटको धार्मिक, पुरातात्विक, ऐतिहासिक, सामाजिक र पर्यटकीय महत्त्वलाई समग्र रूपमा प्रस्तुत गर्ने गरेको छ ।

## १.९ अध्याय व्यवस्थापन

अध्याय एक : शोध परिचय

अध्याय दुइ : देवघाटको परिचय

अध्याय तीन : देवघाटक्षेत्रमा भएका संरचनाहरूको विवरण

अध्याय चार : देवघाटक्षेत्रको आधुनिकीकरण

अध्याय पाँच : देवघाटधाममा लाग्ने पर्व, मेला आदि

अध्याय छ : देवघाटको वर्तमान अवस्था

अध्याय सात : उपसंहार ।

**अध्याय दुइ**

# देवघाटको परिचय

## २.१ परिचय

देवघाटधाम सम्बन्धमा कतिपय मुख्य कुराहरू अघिल्लो अध्यायमा पनि आइसकेका छन् । देवघाट शब्द 'देव' र 'घाट' शब्द जोडिएर बनेको देखिन्छ । "नेपाली बृहत् शब्दकोश" का अनुसार 'देव' भनेको 'स्वर्गमा बस्ने अमर प्राणी वा देवता र 'घाट' भनेको नदीको दायाँ-बायाँ किनारको तीर्थस्थल' भन्ने अर्थ लगाइएको पाइन्छ । साथै देवघाटको समुच्च अर्थचाहिँ 'तनहुँ जिल्लाका दक्षिणतिर रहेको त्रिशूली र कालीगण्डकी नदीको सङ्गमस्थलमा रहेको एक प्रसिद्ध तीर्थस्थल, देउघाट' भन्ने अर्थ लगाइएको पाइन्छ ।[१] हुनत 'घाट' शब्दको अरू अर्थ पनि दिइएको छ । 'घाट' भन्नाले जहाज, डुङ्गा आदिबाट ओर्लने वा तिनमा चढ्ने ठाउँ' भन्ने पनि उल्लेख गरिएको छ । वास्तवमा 'देव' शब्द संस्कृत शब्द हो र 'घाट' शब्दचाहिँ संस्कृत शब्द 'घट्ट' बाट नेपालीमा घाट हुन आइपुगेको शब्द हो । 'देव'+'घाट'- देवताहरूको तीर्थस्थल भन्ने अर्थ पनि यसले बोकेको छ ।

वराहपुराणको वर्णनअनुसार विष्णुको गण्डस्थल (गाला) बाट बग्ने कालीगण्डकी विष्णुमूलक हुन्, शिवको जटाजूटबाट बग्ने त्रिशूली (लगायत सेती, बूढी आदि छ गण्डक) शिवमूलक हुन्, तसर्थ हरि-विष्णु र हर-शिव यी दुबैको संगमस्थली हरिहर क्षेत्र हो, हरिहर क्षेत्रकै नामान्तर 'देवाट' हो त्यहाँ देव दम्पतीहरू शिव-पार्वती, विष्णु-लक्ष्मी, इन्द्र-इन्द्रायणी आदि आनन्दसाथ घुम्ने गर्दछन् । त्यस संगमलाई विशिष्ट तीर्थ र त्यसभन्दा माथितर्फ (हाल तनहुँ जिल्लामा पर्ने भू-भाग) लाई देवदम्पतीहरूको भ्रमणस्थल 'देवाट' भनिएको छ । देव-देवीहरू भ्रमण गर्दा कोही देवाट आई घुम्दै त्रिवेणीतर्फ निक्लन्थे ।[२]

देवघाटको प्रथम नामकरण देवघट्ट हुँदै देवतीर्थको रूपमा भएको हो । प्रागऐतिहासिक कालमा देवताका पनि देवता शिव सप्तगण्डकीको सङ्गमस्थलमा आएका

---

१ बालकृष्ण पोखरेल र अरू, *नेपाली बृहत् शब्दकोश,* दो.सं., (काठमाडौँ: नेपाल प्रज्ञा-प्रतिष्ठान, २०५२), पृ. ६६६ ।

२ टीकाराम पन्थी, *सांस्कृतिक चिन्तन,* (गुल्मी: किरण पुस्तकालय, २०६२), पृ. १ ।

हुनाले यस स्थलको नाम देवघट्ट हुँदै देवतीर्थ भएको उल्लेख हिमवत्खण्डमा पाइन्छ ।[३] यसैगरी हिमवत्खण्डमै 'देवघट्ट' शब्दको उल्लेख यसरी गरिएको छ :

> सर्वासां संगमे धीर ! देवघट्ट उदाहृते ।
> सर्वतीर्थमये पूते स्नानात्कोटिगुणंफलम्
> देव देवः स्वयं तत्र तिष्ठतिप्रमथैः सह
> देवतीर्थमिति प्रोक्तं तस्मात्सर्वफलप्रदम्[४]

हे धीर ! अगस्त्यजी ! सबै नदी मिलेको 'देवघट्ट' भन्ने तीर्थमध्येको पवित्र स्थानमा स्नान गर्नाले करोड गुना फल मिल्दछ । देवताका देवताका पनि स्वयं शिवजी प्रमथ आदि आफ्ना गणका साथै त्यहाँ रहनुहुन्छ । त्यसै कारणले सबै फल दिने त्यो देवघाटलाई देवतीर्थ भन्दछन् ।

पहिले 'देव' शब्दकै निर्वचन गर्ने हो भने 'दिव्' धातुमा 'अच्' प्रत्यय जोड्दा 'देवट्' हुन्छ भने छ प्रत्यय मा 'देव' शब्दको निर्माण हुन्छ । चेष्टा अर्थलाई बुझाउने 'घट' धातुबाट 'घट्ट' शब्दको निष्पत्ति हुन्छ । 'घट्ट' भन्नाले 'घाट' भन्ने अर्थ बुझाउँछ, किनारैकिनार नदी वा जलाशयको पानीसम्म पुग्न सकिने ठाउँलाई 'घाट' भनिन्छ । यसमा 'देव' शब्दमा घट्ट जोडिँदा देवताको तीर्थस्थल भन्ने अर्थ लाग्छ । 'धाम' शब्द पछि जोडिएको शब्द हो, जसको अर्थ परमस्थल हुन्छ । अर्थात् त्यस्तो परमपद जहाँ पुगेपछि मानिसले पुनः फर्कनु पर्दैन ।[५]

"तत्काल शाम्भवी देवनदी, त्रिशूली र वैष्णवी देवनदी वामन भगवान्को पाउको दर्शन गर्न आउँदा विशाल ह्रद (तलाउ) बन्यो । त्यसैलाई 'देवह्रद' भनिन्छ, जहाँ वामन भगवानको पदार्पण, देवह्रद सङ्गमको दर्शनार्थ सदा सपत्नीक सारा देवहरूको आगमन दुइ देवनदीको सङ्गम र पवित्र देवह्रद स्थल समेत भएकाले यस घाटको नाम 'देवघाट' हुन गयो भन्ने मत पनि पाइन्छ ।[६]

देवताहरू आएर भ्रमण गरे भन्ने अर्थ भएको 'देवाट' शब्द पनि देवघाटकै निम्ति प्रयोग भएको वराहपुराणमा उल्लेख गरिएको पाइन्छ– "देवानामटनाच्चैव देवाट इति संज्ञितम् ।"[७]

---

३ योगी नरहरिनाथ (सम्पा.), *हिमवत्खण्ड,* (काशी : योगप्रचारिणी सभा, गोरक्षटिल्ला, २०१३), पृ. ९८-९९ ।

४ *ऐजन,* पृ. ९९ ।

५ नारायणप्रसाद तिम्सिना, *देवघाटक्षेत्रको सांस्कृतिक अध्ययन,* (कीर्तिपुर : नेपाली र एशियाली अनुसन्धान केन्द्र, २०६४), पृ. ४ ।

६ नलराज शास्त्री, "देवह्रदका रूपमा देवघाट सङ्गम", *देवघाट दर्पण,* वर्ष १, अङ्क १, (तनहुँ : देवघाटक्षेत्र विकास समिति, २०६३), पृ. १३३ ।

७ हृषीकेश शास्त्री (सम्पा.), *वराहपुराणम्,* (वाराणसीः चौखम्बा अमर भारती, सन् १९८२), पृ. १५४-१५६ ।

देवताहरूको अटन (भ्रमण) गर्ने क्षेत्र भएको हुनाले यसको नाम 'देवाट' भन्ने रहेको हो ।[८] देवताहरूको जमघट हुने तीर्थस्थल कालीगण्डकी र त्रिशूली नदीका दुइ किनारलाई देवघाट भनिएको छ जहाँ आई ५ दिन अहोरात्र ध्यान गरी बसेमा भक्त स्वयम् देवता कहलिन्छ भन्ने उल्लेख रहेको पाइन्छ ।[९] यसबाट के बुझिन्छ भने संस्कारित बनेको भक्त श्रद्धालु, नै देवता हो । यसरी कतिपय स्रोतहरूले देव्+घाटबाट 'देवघाट' शब्दको निर्वचन भएको मानेका छन् भने कतिपयले देवताहरू सङ्घट्ट हुने स्थान भएकाले देवघट्ट, देवतीर्थ, देवह्रद र देवाट हुँदै 'देवघाट' नामकरण भएको उल्लेख गरेका छन् । यसरी सबै स्रोतहरूको समष्टिगत अध्ययन गर्दा देवघाटस्थित मण्डलेश्वर तथा विद्वत्जनहरूसित भेटवार्ताका आधारमा प्राप्त भएका सूचनाहरूको समेत अध्ययन गर्दा वास्तवमै देवाट शब्द प्रागऐतिहासिक कालदेखि नै प्रचलनमा रहेको र देवघट्ट नाम परिष्कृत हुँदै आजसम्म आइपुग्दा देवघाट नामले प्रसिद्धि पाएको पुष्टि हुन आउँछ ।

## २.२ देवघाटको धार्मिक अवस्थामा भौगोलिक प्रभाव

कुनै पनि क्षेत्रको ऐतिहास, संस्कृति, पेशा, व्यवसाय आदिमा भूगोलको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । देवघाट क्षेत्र वनजंगल र नदी नालाले घेरिएको हुँदा यो प्राचीन समयदेखिनै सुरक्षित शरणार्थी स्थल रहेका, शीतकालीन निवास स्थल बनेको पाइन्छ । यस क्षेत्रको भूधरातलीय अवस्थाले गर्दा ऋषि मुनी, तपस्वी, सन्त महन्त साधु आदि यस क्षेत्रमा आएर बसेको प्रमाण पाइन्छ । सुरक्षित भूभाग नदीको दोभान शान्त स्वच्छ वातावरण, पहाड तराईको संगमस्थल भएका कारण यो क्षेत्र ज्यादै आकर्षक तीर्थस्थल बन्न गएको छ । धार्मिक आस्थाका कारण कल्पवासीहरु यस क्षेत्र आएर बसेको देखिन्छ ।

देवघाटधाम नेपालको चितवन, तनहुँ र नवलपरासी जिल्लाको मिलनविन्दु भएको त्रिशूली र कालीगण्डकीको सङ्गमस्थलमा पर्दछ ।

### २.२.१ भूबनोट

धरातलीय स्वरूपका हिसाबले देवघाटधाम केही मैदानी र केही थुम्को परेको पहाडले बनेको छ । देवघाट राप्तीदूनको उत्तर-पश्चिमी भागमा रहेको र संसारकै सबैभन्दा

---

[८] जनार्दनाचार्य, "देवघट्टधाम-रूरूक्षेत्र-जलेश्वर-त्रिवेणीक्षेत्र माहात्म्य सहितम्," चितवन : श्री लक्ष्मीनारायण मन्दिर देवघाटधाम, २०४५), पृ. ६ ।

[९] सोमनाथ घिमिरे, *शालग्राम मीमांसा,* (काठमाडौँ: रघुनाथ घिमिरे, २०३४), पृ. १४५ ।

गहिरो गल्छी भएर बग्ने कालीगण्डकी र अनेक नदीहरू साथमा लिएर बग्ने त्रिशूलीको सङ्गमस्थलमा रहेको छ । यो महाभारत पर्वत शृङ्खलाको दक्षिणी पानीढलोको पुछारमा रहेको छ । मैदानी र पहाडी दुवै स्वरूप भएको यसको धरातलीय बनोट आकर्षक देखिन्छ । यो क्षेत्रको प्राकृतिक विषमता भनेको समुद्रसतहदेखि २०० मी. देखि ५७५ मी. उचाइको भित्री तराइ र पहाडी धरातलले ओगटेको पाइन्छ ।[१०]

### २.२.२ हावापानी

देवघाटक्षेत्रको हावापानी प्रायः भित्री मधेसको हावापानीसँग मिल्दोजुल्दो छ । तैपनि पहाडसित जोडिएको नदी किनार भएको भूभाग भएकाले गर्मीको समयमा पनि तुलनात्मक रुपमा कम गर्मी हुन्छ । यहाँको अधिकतम तापक्रम ३६.६ डिग्री सेन्टिग्रेड र पुष-माघमा न्युनतम तापक्रम ६.२ डिग्री सेन्टिग्रेड रहँदै आएको उल्लेख पाइन्छ ।[११] यस स्थलको हावापानी समसितोष्ण भएको हुँदा स्वास्थ्यको दृष्टिकोण बाट पनि उत्तम हुन जाने हुँदा यस स्थलमा बाह्रै महिना धार्मिक पर्यटक तथा तीर्थालुहरु तीर्थाटन गर्न आउने गर्दछन् । अतः यस प्रकारको मध्यम हावापानीले पनि देवघाटको धार्मिक अवस्थामा प्रभाव पारेको देख्न सकिन्छ ।

### २.२.३ नदीनाला

यहाँका नदीनालाहरूमा मुख्य गरी त्रिशूली र कालीगण्डकी दुइ ठूला नदीहरू हुन् । यी नदीहरू विभिन्न सहायक नदीहरूद्वारा बनेका छन् । दुई ठूला नदीहरुले केही सहायक नदीहरुलाई आफ्नो साथमा समाहित गरेर अगाडि बढेको त्रिशूली र कालीगण्डकीको मिलन देवघाटको संगमस्थल बेनीमा आएर भएको छ । यसरी विपरित दिशाबाट बग्दै आएका दुई ठूला नदिहरु र तिनहरुसंग समाहित हुँदै आएका केही साहायक नदीहरुको मिलनविन्दु देवघाट स्थित बेनीमा हुनुलाई हिन्दु धर्मलम्बीहरुले महत्वका साथ हेर्ने गर्दछन् । किनभने ठूला नदीहरुको संगमस्थल भएको ठाउमा स्नान गर्दा पुण्य प्राप्ति हुन्छ भन्ने मनसायले विभिन्न पर्वहरुमा तीर्थालुहरु स्नान गर्न यहाँ आउने गर्छन् ।

---

[१०] *देवघाटक्षेत्रको गुरुयोजना,* (काठमाडौं : नेपाल संरकार, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, २०६५) पृ. ३ ।

[११] *ऐजन,* पृ. ४ ।

### २.२.४ वनजङ्गल

'वन' शब्दले थुप्रै रूख तथा वोट-विरुवाहरू उम्रेर बाक्लो भएको क्षेत्रलाई बुझाउँछ । यसलाई झाडी वा जङ्गल पनि भनिन्छ । मानिसहरूको वस्ती वा आवादी नभएको र रूख-विरुवाको धनी भएको ठाउँ नै जङ्गल हो । वन वा जङ्गल भनेको एउटै भए तापनि वा पर्यायवाची शब्द भए पनि व्यवहारमा वन-जङ्गल भनेर भन्ने गरिन्छ र यही शब्दलाई यहाँ प्रयोग गरिएको छ । देवघाटक्षेत्रको कूल क्षेत्रफल ५,४३४ हेक्टरमध्ये वनक्षेत्र १,०४० हेक्टर रहेको पाइन्छ ।[१२] चितवनतर्फ पर्ने वागीश्वरीमा घनाजंगल रहेको छ । नवलपरासीतर्फ मौलाकालिकामा पनि घना जङ्गल रहेको छ । यसैगरी तनहुँतर्फ पनि जङ्गल रहेको छ । यी तीनै जिल्लाका जङ्गलहरू मिलाएर देवघाटक्षेत्र विकास समितिले १,०४० हेक्टर जङ्गल क्षेत्र छुट्याएको देखिन्छ । देवघाट क्षेत्रमा रहेका मुख्य वनहरु धार्मिक वन, संरक्षित वन र निजीवन हुन् । घना र प्रयाप्त वन जंगल भएको कारणले सन्त महन्त एवं तीर्थालुहरुका लागि यो क्षेत्र आकर्षक स्थल बन्न गएको देखिन्छ ।

### २.२.५ गुफा

देवघाटमा रहेका प्राकृतिक निर्मित गुफाहरुले पनि देवघाटको धार्मिक महत्वमा ठूलो प्रभाव पारेको देखिन्छ । गुफा शब्द 'गुहा' बाट बनेको हो । यसको अर्थ पहरो, ढुङ्ग्यान आदि जमीनमा बनेको सुरुङ वा ओडार हो । यसैगरी ऋषिमुनि वा जोगी सन्यासी बस्ने कुटी र बाघ-भालुको ओडारलाई पनि गुफा भनिएको पाइन्छ ।[१३] गुफा मोटामोटी रूपमा दुई प्रकारका देखिन्छन्– प्राकृतिक गुफा र मानव निर्मित गुफा । प्राकृतिक गुफा प्राकृतिक रूपले बनेको गुफा हो भने मानव निर्मित गुफा भन्नाले टनेलहरू बनाउँदा वा अन्य प्रयोजनको निम्ति पहरो छेड्दा वा सुरुङ बनाउँदा बन्न पुगेको गुफा हो ।

देवघाटक्षेत्रमा रहेका गुफाहरू प्राकृतिक गुफाहरू हुन् । यी गुफा नदीको पानीले बनाएका गुफा हुन् । यद्यपि यिनलाई पछि प्रचारमा ल्याई त्यसमा मूर्तिहरू, प्रतिमाहरू स्थापित गरी ढोकाहरू राखेर आधुनिकीकरण गरिएका देखिन्छन् । यी गुफाका हालका नामहरू २०१५/१६ सालअघि जानकारीमा थिएनन् । यी गुफालाई सफा गरेर पर्चा छापी प्रकाशमा ल्याउने काम नारायणघाट निवासी श्री महेश्वरलाल

---

[१२] *ऐजन,* पृ. २० ।

[१३] पोखरेल र अरू, पादटिप्पणी सङ्ख्या १, पृ. ३४६ ।

श्रेष्ठ, समाजसेवी सुश्री मैयादेवी श्रेष्ठ (देवघाटक्षेत्र विकास समितिकी पूर्व सदस्य) र गलेश्वरबाबाका शिष्य 'पुड्के बाहुन' बाट २०१७ सालमा भएको उल्लेख पाइन्छ । देवघाटक्षेत्रमा यस्ता गुफाहरू तीनवटा रहेका छन् :

### (क) वशिष्ठगुफा

वशिष्ठ गुफा देवघाटको कालीगण्डकीको बायाँतर्फको पहाडी थुम्कोको पहरोमा कालीगण्डकीतर्फ पानीढलोको रूपमा रहेको छ । यस गुफामा वशिष्ठ ऋषिले तपस्या गरेका थिए भन्ने अनुमानका आधारमा गुफाको नामकरण भएको बुझिन्छ । गुफाबारे २०१७ सालअघि कसैलाई जानकारी नभएको र यसपछि माथि उल्लेखित व्यक्तिहरूबाट यस गुफाको नामकरण भएको देखिन्छ । यो गुफा चुनढुङ्गाबाट निर्मित भएको पाइन्छ ।[१४] यस गुफाभित्र वशिष्ठ ऋषिको योगमुद्रामा रहेको पत्थरबाट बनेको आकर्षक मूर्ति राखिएको छ । बाहिरबाट भित्रतर्फ हेर्दा ठूलो ओडार देखिन्छ (फोटो नं २) । "देवघाटको पश्चिमपट्टिको वशिष्ठ गुफा आनन्ददायक छ । त्यस्तै यसको नजिकै रहेको सीता गुफा तलबाट माथितिर गएको छ । यहाँ कुनै समयमा पनि गर्मी हुँदैन र यो गुफा अनेक जडीबुटीले परिपूर्ण छ।"[१५]

### (ख) दुर्गागुफा

वशिष्ठ गुफाबाट १०/१२ हातको दुरीमा दुर्गागुफा रहेको छ । यहाँका पत्थरहरू आकर्षक आकारका छन् । यो गुफा वशिष्ठ गुफाजस्तो ठूलो नभए तापनि २०३६ सालमा पहरामा रहेको दुर्गाको भव्य मूर्ति स्थापना गरिएको र यो गुफा सामान्य अवस्थाको देखिन्छ ।[१६](फोटो नं ३)

### (ग) सीता गुफा

सीतागुफा दुर्गा गुफाभन्दा केही तलतिर (सिढी झरेर जानुपर्ने) को भागमा पर्दछ । माथिका दुइ गुफाभन्दा यो ठूलो छ । भित्र सुरुङ् हुँदै थुम्कोको टुप्पोतर्फ ठूलो सुरुङ् भएको प्रस्ट देख्न सकिन्छ । यस गुफाको भित्री पत्थरिलो सुरुङ्को पत्थरमा मानव पाइतालाको आकार कुँदिएको जस्तो देखिन्छ । (फोटो नं ४) यी तीनै गुफाका सन्दर्भमा देवघाटक्षेत्रको गुरु

---

१४ *ऐजन,* पृ. ९७-९८ ।

१५ शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत अवलोकनका आधारमा ।

१६ मदनमोहन जोशी, "देवघाटधाम एक ऐतिहासिक स्थल," *देववाणी,* वर्ष ३, अङ्क ३, (काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०५७), पृ. २०-२३ ।

योजनामा यसप्रकार वर्णन गरिएको छ : "ऐतिहासिक र पौराणिक महत्त्व भएको यस क्षेत्रमा तीनवटा गुफाहरू रहेका छन् । यस क्षेत्रको समुचित विकास भएमा धार्मिक पर्यटकहरूको आकर्षण बढ्ने देखिएकाले सो को प्रस्ताव गरिएको छ ।"[१७] यहाँ रहेका गुफाहरुले देवघाटको धार्मिक महत्व बढाएका छन् ।

### २.२.६ खनिज

विभन्न प्रकारमा खनिजहरुमध्ये सुन एक महत्वपूर्ण खनिज तत्व हो । देवघाटक्षेत्रमा मुख्य रुपमा कालीगण्डकीनदीको किनारमा बालुवामा सुन पाइन्छ भन्ने उल्लेख पाइन्छ, जस्तै- "केही वर्ष अगाडीसम्म मर्स्याङ्दी र कालीगण्डकीको बालुवा चालेर सुन झिक्ने काम स्थानीय सुनुवारहरुको गर्थे ।[१८] यस सन्दर्भमा यो भन्न सकिन्छ कि यस्तो सुन खोज्ने क्रममा शालिग्राम ढुङ्गो फुटाएर त्योभित्रको सुन पनि झिक्ने गरिन्थ्यो भन्ने स्थानीय मानिसहरुको भनाइ रहेको भए तापनि अनुसन्धानको क्रममा भने शालीग्रामबाट सुन निकालेको भने पाइएन । अत : विगतमा देवघाटक्षेत्रका शालिग्रामबाट सुन निकालिएको वा ननिकालिएको भन्ने प्रस्ट प्रमाण भेटिएको छैन । यद्यपी शालिग्राममा सुन हुने कुरामा दुईमत देखिदैन । कालीगण्डकीमा पाइने शालिग्राम चिल्लो कालो, फुस्रो कालो, सेतो र खैरो आदि प्रकारका पाइने गर्दछन् भने यी शालिग्रामहरु पृथ्वीको हलचल हुँदा कुनै चट्टानबाट छुट्टिएर आएको हुनुपर्छ भन्ने मान्यता रहिआएको छ । जेहोस् कालीगण्डकीमा मूल खनिजको रुपमा सुन पाइन्छ भन्ने कुरालाई यी कुराहरुले पुष्टि गरेका छन् ।

## २.३ देंवघाटधामको ऐतिहासिक परिचय

### २.३.१ पौराणिककाल

आर्यहरूको आगमनपछि नेपालका विभिन्न भागमा हिन्दु तीर्थस्थलहरूको विकास भएको पाइन्छ । पौराणिक साहित्यमा उल्लेख भएअनुसार

> कृते सत्यवती ज्ञेया त्रेतायां च तपोवती
> द्वापरे मुक्तिसोपाना कलौ नेपालिका पुरी [१९]

---

[१७] पादटिप्पणी सङ्ख्या १०, पृ. ३९ ।

[१८] डिल्लीराम मिश्र, *नेपाल अधिराज्यमा तनहुँ, (दो.सं.),* (काठमाण्डौं : शर्मीला मिश्र, २०५७०, पृ. १०२८ ।

[१९] योगी नरहरिनाथ, पादटिप्पणी सङ्ख्या ३, पृ. १६७ ।

अर्थात् सत्ययुगमा नेपाल सत्यवती, त्रेता युगमा तपोवन, द्वापर युगमा मुक्तिसोपान र कलि युगमा नेपाल रहन गएको हो ।

विभिन्न धार्मिक स्थलहरूको विकासजस्तै देवघाट पनि नेपालको एउटा पवित्र र महत्त्वपूर्ण तीर्थस्थलका रूपमा विकास हुन गयो । यसै क्षेत्र भएर बहने गण्डकी र कालीगण्डकी नदीको किनारमा बसेर ऋषि महर्षिहरूले हिन्दुधर्मसँग सम्बन्धित साहित्यिक कृतिहरूको रचना गरेका थिए भन्ने भनाइ पुराणमा उल्लेख भएको पाइन्छ । स्कन्द पुराणअनुसार गण्डकीगर्भ त्रिशूली र कालीगण्डकीको दोभान देवघाट, भगवान् विष्णुको गालाबाट उत्पन्न भएको कालीगण्डकी र सेतीगण्डकी, गण्डकीका शिला शालग्राम, गण्डकी तीरमा तपस्या गरेका सालङ्कायन नाम गरेका ऋषिको प्रसंग, भृगुऋषिको आँगन गण्डकीको संगम (देवघाट), सीताका साथ रामले पनि यही गण्डकीको संगम (देवघाट) मा रहेर अश्वमेध यज्ञ गरेको प्रसङ्ग र हरिहर क्षेत्रजस्ता विषयहरूलाई समावेश गरिएको छ । देवघाटसम्बन्धी पौराणिक ग्रन्थमा भएका केही कथनहरूलाई यहाँ उल्लेख गर्नु आवश्यक देखिन्छ :

त्रिशूली र गण्डकी मिलनस्थल ३३ कोटि देवी-देवताहरूको संगमस्थल र ऋषिमुनि एवं महात्माहरूको सभास्थल थियो ।[२०] पौराणिककालमा रामले देवघाटमा अश्वमेध यज्ञ गरेका थिए भन्ने मान्यता रहिआएको छ । त्यस बखत देवघाट देवीदेवताहरूको सभास्थल थियो । प्रत्येक दिन कोटि-कोटि देवता देवघाटमा उपस्थित भई लोकको संरक्षण सम्बन्धमा छलफल गर्थे ।[२१]

त्यसकारण त्यस स्थललाई उक्त समयमा देवघट्ट भन्न थालिएको हो र देवघट्ट भन्दाभन्दै त्यस ठाउँलाई देवघाट भन्न थालिएको हो भन्ने भनाइ छ । देवघट्ट भएको हुनाले देवघाट महत्त्वपूर्ण देव स्थलको रूपमा विकसित हुन आएको हो । हिमवत्खण्डको गण्डकीमहात्म्यमा देवघाटलाई देवतीर्थ भनिएको छ ।

देवदेवः स्वयंतत्र तिष्ठति प्रमथैः सह ।
देवतीर्थमितिप्रोक्तं तस्मात्सर्वफलप्रदम ।[२२]

अर्थात् देवताका पनि देवता शिवजी आफ्ना गणका साथ यहाँ रहनु हुन्छ । त्यसै कारणले सबै फल दिने त्यो देवघाटलाई देवतीर्थ भन्दछन् ।

पृथिव्यां यानि तीर्थानि सन्ति फलप्रदानि च ।

---

२० योगी नरहरिनाथ, *आध्यात्मिक नेपाल एवं देवदेशो- हिमालय,* (गुजरात : गोरक्ष मुद्रणालय, २०३८), पृ. ४२ ।

२१ *ऐजन* ।

२२ योगी नरहरिनाथ, पादटिप्पणी सङ्ख्या ३, पृ. ९९ ।

कोटिकोटि गुणं तेभ्यः स्नात्वा तत्र प्रलभ्यते ॥[२३]

अर्थात् पृथ्वीमा फल दिने जति तीर्थहरू छन्, ती भन्दा कोटि-कोटि गुण बढ्ता फल देवघट्ट नदीको दोभानमा स्नान गर्नाले पाइन्छ ।

दिवोऽवतीर्य तिष्ठन्ति तत्र ब्रह्मादयो धरे ।
सगणास्ते विमानस्थाः साङ्गोपाङ्गाः सदारकाः ॥[२४]

गण्डकी महात्म्यमा आदिप्रयाग (देवघाट) र यस तीर्थको महत्त्वको विषयमा यस प्रकार उल्लेख गरिएको छ, अर्थात् जसअनुसार हे पृथ्वी त्यस देवघाटमा आफ्ना गण, अङ्ग, उपाङ्ग र पत्नीहरूका साथ विमानमा रहेका ब्रह्माआदि देवताहरू दिउँसो नै ओर्लेर बस्छन् ।

त्रैलोक्ये यानि तीर्थानि यानि तीर्थानि भारते ।
आत्मनः शुद्धिमिच्छन्ति सदा गच्छन्ति पर्वसु ॥[२५]

यसैगरी तीनै लोकमा जति तीर्थ छन्, भारतमा जतितीर्थ छन् (ती सबै) आफ्नो शुद्धिका निम्ति र पर्वहरूमा सधैँ त्यहाँ जान्छन् ।

अर्थात् यसैगरी वराह भगवानले पृथ्वीलाई भनेअनुसार- जसरी (यहाँ) देवताहरूको भेला हुन्छ, त्यसरी नै यो क्षेत्र 'देवघाट' नामले प्रसिद्ध छ ।

सङ्गमोऽत्र ममक्षेत्रे एतासां सरितां धरे ।
वशिष्ठोऽपि महाबुद्धिश्चकार परमंतपः ॥
शताश्वमेधयागञ्च महादानान्यनेकशः ।
महाविभवविस्तारैः श्रद्धाञ्च पर्व-पर्वसु ॥[२६]

यसरी विभिन्न पुराणहरूले देवघाटलाई देवघट्ट, देवतीर्थ, देवस्थल आदिको रूपमा व्याख्या गरेका छन् । विभिन्न ऋषिमहर्षिहरूले यसै स्थलमा तपस्या गर्नुका साथै पुराण तथा धार्मिक ग्रन्थहरूको रचना गरेका थिए । लङ्काबाट फर्केपछि रामचन्द्रले पनि यसै देवघाटमा अश्वमेध यज्ञ गरेका थिए । ब्रह्माका छोरा सनतकुमारहरू र मनु देवदानवहरूले पनि देवघाटमा ठूलो धनराशी खर्च गरेर महायज्ञ गरेका थिए । देवघाटमा वशिष्ठ ऋषिले तपस्या गरेको भनिएको गुफा अझै छ । वशिष्ठ श्री रामचन्द्रका कुलगुरु थिए । उनकै आचार्यत्वमा श्री रामचन्द्रले ठूलो यज्ञ गरेको कुरा पनि गण्डकी महात्म्यमा उल्लेख छ । त्यसैले

---

२३ *ऐजन*

२४ *योगी नरहरिनाथ, पूर्ववत, पा.टि.३, पृ.९९*

२५ *ऐजन* पृ. १४५ ।

२६ *ऐजन* पृ. १४८ ।

देवघाटलाई तीर्थराज पनि भनिन्छ । देवघाटको दोभानमा स्नान पूजा गर्दा ब्रह्महत्यादि पापबाट पनि मुक्त हुन सकिन्छ। देवघाटमा नुहाएर पितृश्राद्ध गर्ने व्यक्तिले नरकबाट आफ्ना पितृलाई वैकुण्ठ पुऱ्याउन सक्छ। देवघाट आफ्नो आत्म तथा शरीर विसर्जन गर्ने स्वयं विष्णु हुन् भन्ने विषयहरू गण्डकीमहात्म्यमा चर्चा गरिएका । त्यसैले स्वर्गवास हुने वखत मृत्यु निकट पुगेका व्यक्तिलाई त्रिशूली र कालीगण्डकीको दोभानमा लगेर राखिन्छ । मणि मुकुन्द सेन, प्रतापसिंह शाह, कवि शिरोमणि लेखनाथ पौड्याल स्वामी परमानन्द सरस्वती राजा महेन्द्र (दियालोवंगला), गलेश्वरबाबा, अघोरी पगलाबाबा, डिल्लीराम बाबा, स्वामी जनार्दनाचार्य आदि देवघाटधाममा ब्रह्मलीन भएका थिए । अहिले पनि कतिपय मानिस आफ्नो जीवनको अन्त्य देवघाटमा होस् भन्ने चाहन्छन् ।

### २.३.२ प्राचीनकाल

नेपालको इतिहासमा गोपाल र आभीर वंशपछि किरातहरूले लामो समयसम्म शासन गरेको कुरा वंशावलीहरूमा पाइन्छ। यिनीहरूको शासनकालको प्रमाणिक स्रोत प्राप्त हुन सकेको छैन र वंशावलीमा पनि यिनीहरूको राज्य सिमाना कहाँसम्म फैलिएको थियो भन्ने कुरा कतै पनि उल्लेख गरेको पाइँदैन तथापि त्यसबेला नेपालको बाध्य सम्बन्ध पाटलीपुत्र सम्म पुगेको देखिन्छ। त्यसैले यिनीहरूको समयमा देवघाटक्षेत्र यिनीहरू अन्तर्गत थियो थिएन केही भन्न सकिने आधारहरू देखिँदैन ।

नेपालको इतिहास लिच्छवि राजाहरुको नाम प्रामाणिक रूपमा थाहा पाउन सकिएको छ । त्यति स्पष्ट आधार नभएता पनि जयदेव द्वितियको पशुपति अभिलेख केही लिच्छवि राजाहरुको नाम दिइएको छ। उक्त अभिलेख अनुसार लिच्छवि वंशका तेह्रौं राजा सुपुक्ष्प देव थिए जसले पशुपतिको मन्दिर बनाइएका थिए भनी लेखिएको छ । सुपुष्प देव पछि २३ राजाहरुको नाम छैन र लेखिएको छ। सुपुष्प देव पछि २३ राजाहरुको नाम छैन र लेखिएको छ । सुपुष्प देव पछि २३ राजाहरुको नाम छैन र लेखिएको छ । सुपुष्प देव पछि २३ राजाहरुको नाम छैन र त्यसपछि जयदेव प्रथमको नाम लेखिएको छ। जयदेवलाई त्यसपछि जयदेव प्रथमको नाम लेखिएको छ। जयदेवलाई १२ वटा राजाको नाम नभएतापनि जयदेव भन्दा १६ पुरत्ता पछिका राजा मानदेव हुन भनिएको छ । वि.सं. ५२१ को मानदेवको

चाँगुनारायणको अभिलेखबाट पनि लिच्छविकालीन शासकहरूको केही नाम र शासनकाल थाहा हुन आउँछ ।[२७]

लिच्छविकालमा देवघाट वागीश्वरीको बाटोले व्यापारिक मार्गको रूप लिएको वर्णन पाइन्छ । लमजुङ, तनहुँ र गोरखाबाट भारत निस्कने बाटो देवघाट बागीश्वरी भएर जान्थ्यो । यो बाटो आवतजावतका लागि चलनचल्तीको मार्गको रूपमा रहेको थियो ।[२८] त्यसैगरी त्यसबेला काठमाडौँबाट चित्लाङ, टिस्टुङ्-पालुङ् हुँदै कान्द्राङ् र उपरदाङ् गढीबाट चितवन छिर्ने अर्को चल्तीको बाटो थियो । त्यही बाटो गरी यात्रीहरू वैशाली पुग्थे । वैशालीका व्यापारी-यात्री काठमाडौँ उपत्यका प्रवेश गर्थे । देवघाट नजिकै नारायणी नदी पार गरी रामग्राम, लुम्बिनी र कपिलवस्तु हुँदै श्रावस्ती पुग्ने अर्को चल्तीको बाटो थियो भन्ने उल्लेख पनि पाइन्छ ।[२९] लिच्छविकालीन राजा अंशुवर्माले भारतसँग व्यापार गर्नका लागि चितवन हुँदै बाटो बनाएका थिए भन्ने उल्लेख छ ।[३०]

लिच्छवि शासनकालमा प्रतापी राजा मानदेवले गण्डकी नदी पार गरी मल्लपुरीमा हमला गरेका थिए ।[३१] मल्लपुरी गण्डकी पारी थियो र गण्डकी तर्न ज्यादै कठिन थियो तैपनि मानदेवले ठूलो फौज लिएर मामाको सहयोगमा मल्लपुरीमा आक्रमण गर्न गएको सन्दर्भ उल्लेख भएबाट देवघाट त्यसबखत लिच्छवि राज्यअन्तर्गत रहेको मान्न सकिन्छ । मल्लपुरी त्यसबेला एउटा सामन्त राज्य थियो, जुन गण्डकी पारी नवलपरासी क्षेत्रमा रहेको उल्लेख पाइन्छ ।[३२] त्यस्तै देवघाटमा रहेको चतुर्वाहु नारायणको मूर्ति लिच्छविकालीन वा इशाको

---

[२७] धनवज्र वज्राचार्य, लिच्छवि कालका अभिलेख (काठमाण्डौं नेपाल र एशियाली अध्यक्ष संस्थान, २०३० वि.स.) पृ. ५४८-५५७

[२८] सूर्यमणि अधिकारी, "ऐतिहासिक तीर्थस्थल वागीश्वरी," *देवघाट-वागीश्वरी स्मारिका,* (चितवन : नेपाल पर्यावरण संरक्षण तथा सम्बर्द्धन केन्द्रीय संघ समिति, २०५३), पृ. ६३ ।

[२९] शिव ढकाल, "चितवन पर्यटनको एउटा ऐतिहासिक केन्द्र" *चितवन महोत्सव-२०५३,* (काठमाडौँ : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, २०५३), पृ. २५ ।

[३०] धनवज्र वज्राचार्य (सं.), *लिच्छविकालका अभिलेख,* (काठमाडौ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०३०), पृ. २१ ।

[३१] धनवज्र वज्राचार्य (सम्पा), *बाबुराम आचार्य र उहाँका कृति,* (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०२९), पृ. १७ ।

[३२] विष्णुप्रसाद घिमिरे, *पाल्पा राज्यको इतिहास,* भाग १, (चितवन : घिमिरे प्रकाशन), पृ. ३४ ।

तेस्रो-चौथो शताब्दीको भएको अनुमान गरिएको छ ।[३३] यसबाट स्पष्ट के हुन्छ भने लिच्छविकालमा नै देवघाट एउटा धार्मिक स्थलका रूपमा स्थापित भैसकेको थियो ।

### २.३.३ मध्यकाल

नेपालको इतिहासमा वि.सं. ९३७ देखि वि.सं. १८२६ सम्मको पृथ्वीनारायण शाहले कान्तिपुर विजय गर्नु अघिसम्मको अवधिलाई मध्यकाल भनिन्छ । मध्यकालका पनि दुई युग छन्- पूर्व मध्यकाल र उत्तर-मध्यकाल, पूर्वमध्यकाल वा इशाको तेह्रौं शताब्दीमा कर्णाली प्रदेशमा खस राज्यको स्थापना भएको थियो । कर्णाली क्षेत्रका खस राजाहरूले गण्डकी क्षेत्रसम्म पनि आफ्नो प्रभाव पारेका थिए । यी खस राजाहरूले नुवाकोट कब्जा गरी ६ पटकसम्म काठमाडौँ उपत्यकामा समेत आक्रमण गरेका थिए ।[३४] कर्णाली प्रदेशको खस राज्यको भूभाग टाढा-टाढासम्म फैलिएको हुँदा केन्द्रबाट मात्र शासन गर्न कठिन थियो । गण्डकी प्रदेशमा स्थानीय मगर, गुरुङ आदि जातका सामन्तहरूले शासन चलाउने गर्थे । तनहुँ, पाल्पा आदिमा मगर सामन्तहरूको स्थानीय शासन चलेको हुँदा त्यसबेला देवघाट कर्णाली प्रदेशको खस अधिराज्यअन्तर्गत रहेको मान्न सकिन्छ । खस साम्राज्यको पतन भएपछि इशाको चौधौँ शताब्दीमा काठमाडौँ उपत्यकाको मल्ल शासनको प्रभाव चरम उत्कर्षमा पुग्यो । विशेषगरी यक्ष मल्लको समयमा उपत्यकाको मल्ल राज्यको सीमाना पश्चिममा भेरी नदी र दक्षिणमा गंगा नदीसम्म पुगेको थियो ।[३५] त्यसबेला देवघाट काठमाडौँ उपत्यका राज्यअन्तर्गत रहेको मान्न सकिन्छ । यक्ष मल्लको समयपछि मल्ल राज्यको पनि विखण्डन भयो । उता पाल्पा राजा रुद्र सेनका छोरा मुकुन्द सेनले (वि.सं. १५७५ देखि १६१०) सम्म लगभग ३५ वर्ष शासन गरे । उनको शासन कालमा पाल्पा राज्यको सीमा पूर्वमा वराहक्षेत्र, पश्चिममा रूरू-रिडी, उत्तरमा मुक्तिक्षेत्र र दक्षिणमा हरिहर क्षेत्र (मुजफ्फरपुर) सम्म फैलिएको थियो ।[३६] त्यसै बेलादेखि देवघाट सेन शासनअन्तर्गत रहन गयो ।

---

[३३] जनकलाल शर्मा र कृष्णबम मल्ल, *राप्ती उपत्यका,* (काठमाडौँ : नेपाल भारत मैत्री संघ, २०१४), पृ. १९ ।

[३४] सूर्यमणि अधिकारी, *दि खश किङडम अफ वेस्टर्न नेपाल,* (न्यू देल्ली : निराला पब्लिकेशन, सन् १९८८), पृ. ४६-५० ।

[३५] ढुण्डीराज भण्डारी (सं.), *नेपालको इतिहासका पाँच स्वर्णिम पृष्ठ,* (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३९), पृ. ६ ।

[३६] योगी नरहरिनाथ, पादटिप्पणी सङ्ख्या ३, पृ. १०७ ।

### (क) पाल्पा राज्यअन्तर्गत देवघाट

मध्यकालमा देवघाट पाल्पा राज्यअन्तर्गत रहँदा देवघाटको विशेष प्रगति भएको पाइन्छ । भूभाग र शक्ति दुवैका दृष्टिले पाल्पा शक्तिशाली र प्रभावशाली चौवीसी राज्यमध्ये एक थियो । पाल्पाका प्रभावशाली राजा मुकुन्द सेन प्रथमको समयमा पाल्पाको पूर्वी सीमाना कोशी क्षेत्रसम्म पुगेको देखिन्छ । उनले काठमाडौँ उपत्यकामा पनि पटक-पटक हमला गरेका थिए । उनको शासनकाल वि.सं. १५७५ देखि १६१० सम्म रहेको थियो । उनले देवघाटमा बसेर पनि विभिन्न कामहरू गरेका थिए । त्यहाँ रहँदा पनि राजकाजसम्बन्धी दस्तावेजहरू तयार गरी सम्बन्धित विभाग व निकायलाई निर्देशन दिने गर्थे ।

देवघाटमा मुकुन्द सेन प्रथमले गरेका धार्मिक कार्यहरू विशेष महत्त्वका देखिन्छन् । उनका कार्यलाई दृष्टिगत गरी उनलाई “चक्रवर्ती सम्राट” पनि भनिएको पाइन्छ । उनले देवघाटमा १२ वर्षसम्म तपस्या गरेका थिए । त्यसपछि उनलाई मणि मुकुन्द सेनले सम्बोधन गर्न थालिएको थियो । उनले देवघाटमा एउटा मन्दिर निर्माण गरी शिवको मूर्ति स्थापना गरेका थिए, जुन मन्दिरलाई मुकुन्देश्वर भनिन्छ । उक्त मन्दिरभित्र अन्य हरिहर, सूर्य, कालिका र गणेश मूर्तिका अतिरिक्त सुन्दर चक्रशीला राखेका थिए । उनले देवघाटको उत्तर-पश्चिममा नयाँ वस्ती पनि बसालेका थिए, जुन वस्तीको नाम अहिलेसम्म पनि मुकुन्दपुर रहेको छ । यो स्थान लुम्बिनी अञ्चलको नवलपरासी जिल्लामा पर्छ । उनले देवघाटमा निर्माण गराएका भनिएको पञ्च देवल र दरवारका खण्डहर भग्नावशेषका रूपमा अहिलेसम्म पनि रहेका छन् । देवघाट नजिकै चितवनतर्फ पर्ने वागीश्वरीमा पनि मध्यकालीन भवनका पर्याप्त भग्नावशेषहरू छन् । मुकुन्द सेन प्रथमले अन्तिमपटक काठमाडौँ उपत्यकामा आक्रमण गर्दा त्यहाँ प्राप्त भएको भैरवको मूर्तिलाई पाल्पा लगेपछि पशुपति नाथ रिसानी भई उनका सेनामा महामारी रोगका कारण सखाप भएपछि राजा मुकुन्द सेनले सन्यास धारण गरी तीर्थयात्रा गर्दै उडीसामा पुगी जगन्नाथको दर्शन गरेर फर्की देवघाटमा आएर बसेपछि त्यहाँ नै उनको निधन भएको थियो भन्ने उल्लेख पाइन्छ ।[३७]

### (ख) तनहुँअन्तर्गत देवघाट

पाल्पाका राजा मुकुन्दसेन प्रथमले धार्मिक कार्यलाई प्राथमिकता दिन थालेपछि आफ्नो विशाल राज्यमा प्रशासनिक सुव्यवस्था कायम गर्न आफ्ना जेठा छोरा माणिक्य

---

[३७] महेशराज पन्त र दिनेशराज पन्त (सम्पा.) “नेपाल खाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला,” *पूर्णिमा,* त्रैमासिक पत्रिका, पूर्णाङ्क ४३, वर्ष ११, अङ्क ३, (काठमाडौँ : संशोधन मण्डल, २०३६) पृ. ११६-१२० ।

सेनलाई पाल्पामा, अर्का छोरा विनायक सेनलाई बुटवलमा, अर्का छोरा भृंगी सेनलाई तनहुँमा र कान्छा छोरा लोहाँङ्ग सेनलाई मकवानपुरमा प्रशासक बनाएर राखेका थिए ।[३८] तपस्वीको रूपमा मुकुन्दसेन प्रथमको देवघाटमा निधन भएपछि उनका छोराहरूले आ-आफ्नो प्रशासनिक क्षेत्रलाई आ-आफ्नो स्वतन्त्र राज्य बनाएको घोषणा गरे । त्रिविक्रम सेन द्वितीय, कामरिदत्त सेन, हरकुमार सेनले आदिले तनहुँमा शासन गरेका थिए ।[३९] तनहुँका राजाहरूको देवघाटमा रहनेतर्फ विशेष झुकाव रहेको थियो । त्यसकारण तनहुँका राजाहरूको शीतकालीन दरवार देवघाटमा नै थियो । यसै सन्दर्भमा डी.आर. रेग्मी लेख्छन्-

> "The Ghat probably referred to Deoghat near the confluence of the Gandak and its main tributaries, where the Raja of Tanhoun had his temporary headquarter for the three months of the cold season."[४०]

तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले वि.सं. १८०० देखि वि.सं.१८२६सम्मको शासनकालमा कहिलेकाँही देवघाट र हाल देवघाटक्षेत्रभित्र रहेको कविलासपुर गढीबाट समेत पत्राचार गर्ने गरेका थिए ।[४१] त्रिविक्रम सेनले आफ्नो शीतकालीन क्याम्प देवघाटबाट समेत वि.स. १७०० (फेब्रुअरी १४, १७५६) मा इटालियन पादरीलाई पत्र लेखेका थिए ।[४२] अतः तनहुँका शासकहरूले देवघाटधामलाई आफ्नो मुकाम क्षेत्र बनाएर प्रशासकीय कार्यहरू गरेका प्रमाण फेला परेका छन् । विशेषतः प्रत्येक वर्ष मंसीर, पुस र माघ तीन महिना तनहुँका राजाहरूले देवघाटमा बिताउनुका साथै यो एउटा सानो शहर र आवागमन गर्ने मार्ग वा महत्त्वपूर्ण घाटका रूपमा विकास भएको देखिन आउँछ । तनहुँका राजा त्रिविक्रम सेन र गोरखाका राजा पृथ्वीनारायण शाहबीच लामिडाँडाको विषयलाई लिएर विवाद भइरहेको बखत पृथ्वीनारायण शाहकी भित्र्यानी शोभावतीलाई क्षयरोग लागेको कारण उनलाई बोकाएर बनारस लाँदै गर्दा तनहुँकोटका राजाले देवघाटमा रोक्दा शोभावतीको त्यहाँ नै

---

३८ एफ. स्टीलर, *दि राइज अफ दि हाउस अफ गोरखा,* (पटना : जेस्वीट सोसाइटी, सन् १९७५), पृ. १०-११ । `

३९ सूर्यमणि अधिकारी, *तनहुँ राज्यको इतिहास,* (चितवन : चन्द्रप्रभा प्रकाशन, २०५५), पृ. १४-१७ ।

४० डिल्लीरमण रेग्मी, *मोडर्न नेपाल, राइज एण्ड ग्रोथ इन द एटिन्थ सेन्चुरी,* (न्यू देहली : रुपा प्रकाशन, सन् १९६१), पृ. ६६ ।

४१ तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले कविलासपुर गढीबाटसमेत पत्राचार गर्ने गरेका थिए ।
विस्तृत विवरण परिशिष्ट १ मा दिइएको छ ।

४२ त्रिविक्रम सेनले आफ्नो शीतकालीन क्याम्प देवघाटबाट समेत फेब्रुअरी १४, १७५६ मा इटालियन पादरीलाइ लेखेको पत्र ।
विस्तृत विवरण पत्रको विवरण परिशिष्ट २ र ३ मा दिइएको छ ।

प्राण गएको कुरा समेत उल्लेख भएको पाइन्छ ।[४३] देवघाट मध्यकाल महत्व पूर्ण तीर्थस्थल रहेको थिये भन्ने कुरा विभिन्न क्षेत्रका राजाहरुले त्यस क्षेत्रको तीर्थयात्रा गरेबाट स्पष्ट हुन आउँछ । यसै सन्दर्भमा काठमाण्डौंका राजा भूपालेन्द्र मल्लले देवघाटको तनहुँ गरी वि.सं १७५५ (ने.स. ८१८) श्रावण पूर्णिमाका २ वटा र (वि.सं १७५६) चैत्र पुर्णिमाको एउटा गरी तीन वटा तामपत्र तयार गरी देवघाटधाममा संकल्प गरी ब्राह्मणहरुलाई भूमिदान गरेका थिए ।[४४]

### २.३.४ आधुनिककाल

#### (क) शाहकाल

वि.सं. १८२६ मा राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गरेपछिको समयलाई नेपालको इतिहासमा आधुनिक काल मानिन्छ । यस कालमा देवघाटको विकास र महत्त्व के कस्तो अवस्थामा रहेको थियो यसबारे यहाँ छोटो चर्चा गरिएको छ ।

पृथ्वीनारायण शाहको भित्र्यानी शोभाभगवतीलाई क्षयरोग लाग्दा काठमाडौंबाट बोकाई काशी लैजाने क्रममा देवघाटमा नै उनको देहावसान भएको चर्चा माथि गरिएबाट देवघाटहुँदै भारतको भूभागमा जाने बाटो चल्तिमा रहेको पाइन्छ । यसैगरी पृथ्वीनारायण शाहले आफ्ना भाइभारदारहरूलाई दिएको दिव्योपदेशमा पनि देवघाटको बाटो उल्लेख गरिएको छ । यसबाट पनि गोरखाबाट मकवानपुर जाने बाटो देवघाट भएको र पाल्पाबाट काठमाडौं जाने बाटो पनि देवघाट नै भएको कुरा स्पष्ट हुन आउँदछ [४५] पृथ्वीनारायण शाहका समकालीन साहित्यकार सुवानन्द दासद्वारा रचित 'वीरगाथा' कवितामा पनि देवघाटको महत्व चर्चा गरिएको छ ।[४६] वि.सं. १८३५ पूर्ण बहादुर शाहको समयमा राजेन्द्र लक्ष्मीले तनहुँमा आक्रमण गर्न मा पृथ्वीनारायण शाहका सेनाले दलजित शाह र सरदार बली बानिया नेतृत्वमा आफ्नो सेना पठाइन र उक्त सैन्य दलले तनहुँको राजधानी सुरमा

---

[४३] योगी नरहरिनाथ, *इतिहास प्रकाश,* अङ्क १, (काठमाडौं : इतिहास प्रकाश मण्डल, २०१२), पृ. ४६ ।

[४४] महेशराज पन्त, दिनेशराज पन्त (सं.) पूर्णिमा वर्ष ३२ अङ्क ३, पृ. १९७

[४५] गोरखाबाट मकवानपुर जाने बाटो देवघाट रहेको तथ्य
विस्तृत जानकारीको लागि परिशिष्ट ४ मा हेर्नुहोस् ।

[४६] देवघाट एउटा राजमार्गको रुपमा चर्चा पाएको तथ्य संबन्धी पत्र ।
विस्तृत अध्ययनका लागि परिशिष्ट ५ हेर्नुहोस्

आक्रमण गर्दा त्यहाँका राजा हरकुमारदत्त सेन भागेर पाल्पामा शरण लिन पुगे । त्यहाँ रहँदा चौवीसी राज्यका सेनाको सहयोग लिएर आफ्नो भूभाग फिर्ता गर्ने प्रयत्न गरे तापनि हरकुमार दत्त सेनले सफलता हासिल गर्न सकेनन्, जसले गर्दा तनहुँको सबै भूभाग गोर्खाको नियन्त्रणमा आयो । यसपछि शाह शासकहरुले देवघाट चितवन क्षेत्रलाई रणनीतिक र आर्थिक एवं धार्मिक उन्नतिका लागि विशेष महत्त्वका रूपमा लिए । वि.सं. १८५१ को मर्ज्यादपुर चितवनको कर सङ्कलन गर्ने एउटा नाकाको रुपमा देवघाट रहेको थियो ।[४७] यस भनाइको पुष्टिका लागि उक्त लिखतमा भएका केही बुँदाहरू यहाँ प्रस्तुत गर्नु उपयुक्त हुने मानिन्छ ।

(क) सम्पूर्ण मर्ज्यादपुर क्षेत्रको सरकारलाई बुझाउनु पर्ने वार्षिक इजारा रकम रु. ६,५०१/- रहेको ।

(ख) कर सङ्कलन गर्ने रकमहरू गाईघाट जगात, देउघाट जगात, नौ कलम छत्तीस लगान, सायर, घाट, खयर, मुसहर, जलकर, बनकर, दण्डकुण्ड, अपुताली, हताबहता, विवाहदानी, हाटबजार आदि ।

(ग) रकम सङ्कलन क्षेत्र सुनाचुरी, कविलास, जोगीमारा, देउघाट, गाईघाट, सोमेश्वर आदि ।[४८]

वि.सं. १८५० मा नेपाल आएका अङ्ग्रेज विद्वान् कोलोनेल कर्कप्याट्रिक र १८५८ मा नेपाल आएका अर्का अङ्ग्रेज एफ.बी. ह्यामिल्टनले पनि देवघाटका बारेमा विभिन्न स्रोतहरू दिँदै उल्लेख गरेका छन् । देवघाटका सन्दर्भमा कर्कप्याट्रिकले लेखेका छन्- "देवघाट जीर्ण अवस्थामा छ, जंगल छ र डुङ्गाको उचित व्यवस्था छैन र यहाँबाट जोगीमारासम्म जाने १२० माइल लामो बाटो छ ।[४९] यसै विषयमा अर्का अङ्ग्रेज ह्यामिल्टनको भनाइ छ :

> Dewghat seems to have been resumed by Tanahung; but Shadu Ram alleges that so long as the principility of Rising continued independent, Dewghat was its part, and enjoyed some trade, which has been stop by its present ruler. The image of Shiva contained in the temple, is called Munkundeswar, from the founder.

---

४७ देवीप्रसाद कँडेल, "चितवनमा कर व्यवस्था," *अभिनव प्रस्तुती,* (चितवन : शारदानगर कलेज, २०५३), पृ. २९ ।

४८ देवघाटबाट रकम सङ्कलन गरिने गरिएको तथ्य संबन्धि जानकारी ।
विस्तृत अध्ययनका लागि परिशिष्ट नं ६ मा हेर्नुहोस्

४९ एफ वी. हेमिल्टन, *एन एकाउण्ट अफ द किङ्डम अफ नेपाल* (न्यू डिल्ली मन्जुश्री पब्लिसिङ्ग हाउस, सन् १९७१), पृ. १८३-८५ ।

ह्यामिल्टनले उल्लेख गरेअनुसार देवघाटबाट उपरदाङ्, गडी जोगीमारा हुँदै चितलाङ् पुग्ने र देवघाटबाट नारायणीको किनारैकिनार वेलोन्जिघाट हुँदै भारतको शिवपुरीघाट पुग्ने कच्ची बाटाहरू थिए । उनले शिवपुरीघाटदेखि वेलोन्जिघाटसम्मको बाटो ज्यादै अप्ठेरो भएको समेत चर्चा गरेका छन् । त्यसबेला नवलपरासी र चितवनका काठ यसै नारायणी जलमार्गबाट भारत पुऱ्याउने गरिएको पाइन्छ ।[५०]

शाहकालमा देवघाट एउटा व्यापारिक मार्ग र जगात उठाउने अड्डाको रूपमा समेत रहेको पाइन्छ । देवघाट हुँदै सोमेश्वर भएर इष्ट इण्डिया कम्पनीसँग व्यापार चल्ने गरेको थियो । त्यसबेला तनहुँ, लमजुङ, गोरखा, धादिङ आदिको भारतसँगको व्यापार देवघाट-सोमेश्वर मार्ग भएर हुने गरेको पाइन्छ । तत्कालीन शासकहरूले देवघाटलाई भन्सार जगात महशूल उठाउने एउटा घाट वा अड्डाका रूपमा विकास गरेका थिए । सरकारले यस बजार वा घाटका लागि वि.सं. १८६२ मा भन्सार सङ्कलन गर्ने एउटा दरबन्दी पठाएको थियो । उक्त सरकारी दरबन्दी निम्नानुसार थियो :[५१]

| सामान - | भन्सार दर | सामान | भन्सार दर |
|---|---|---|---|
| रुवा भारी १ को | ६ रुपैयाँ | हात्ती १ को | रु. ५ |
| तामा भारी १ को | $^{१}/_{२}$ रुपैयाँ | कस्तुरी सेर १ को | रु. १ |
| नुन भारी १ को | २ आना | घोडा १ को | रु. १.५ |
| हात्ती १ को | ५ रुपैयाँ | कासका भाडा भारी १ को | ८ पैसा |
| तोरी भारी १ को | ४ पैसा | वाज १ को | रु. १.५ |
| फलाम भारी १ को | ८ पैसा | | |
| कस्तुरी सेर १ को | १ रुपैयाँ | | |

तनहुँका राजाहरूले देवघाटलाई व्यापारिक मार्गका रूपमा विकास गरेको भए तापनि तनहुँमा गोरखाको आधिपत्य कायम भएपछि नेपाल सरकारले दक्षिणतर्फबाट बाह्य शक्ति प्रवेश गर्ने द्वार भएका कारण मातृभूमिको सुरक्षार्थ देवघाटसहितको चितवनको बाटो कर्कप्याट्रिक र ह्यामिल्टनले नेपालको भ्रमण गर्दाका बखत करिब-करिब बन्द गरिसकेको थियो । त्यसबेला देवघाटको महत्त्व धार्मिक दृष्टिले बढी थियो । विशेष गरी शिवरात्री र खिचडी पर्व (माघे

---

५० महेशचन्द्र रेग्मी, *अ स्टडी इन नेपाली इकोनोमिक्स हिस्ट्री,* (न्यू देल्ही : मन्जुश्री पब्लिसिङ्ग हाउस, सन् १९७८) ।

५१ देवीप्रसाद कँडेल, *चितवनको इतिहास,* (प्रथम भाग), (चितवन : लक्ष्मी कँडेल, २०६५), पृ. २३ ।

सङ्क्रान्ति) मा देवघाटमा भक्तजनहरूको ठूलो उपस्थिति रहन्थ्यो ।[५२] शाहकालमा देवघाट पवित्र तीर्थस्थल भएकै कारण राजा प्रताप सिंह शाहलाई जीवनको अन्तिम समयमा देवघाटमा ल्याएर राखिएको र त्यहाँ नै काली र गण्डकीको दोभानमा उनको देहावसान भएको थियो ।[५३]

### (ख) राणाकाल (वि.सं १९०३–२००७)

१९०३ आीश्वन २ गते राति भएको कोतको हत्याकाण्ड पछि नेपालमा जंगबहादुर कुँवर उदय क्रम प्रारम्भ भयो । उनले निरङ्कुश पारिवारिक राणा शासनको जग बसाले जुन १०४ वर्षसम्म चल्यो । त्यस अवधिमा राजा नाम मात्रका राजा भए । राणा प्रधानमन्त्री सर्वेसर्वा भए । राजाका परम्परागत कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी सबै अधिकार राणाहरूले नै प्रयोग गरे । राणा शासनकालमा चितवन शिकारको शौखिन स्थल बन्यो । तर देवघाटमा त्यस्तो ठूलो परिवर्तन भएन । देवघाट एउटा मेलाधाम, तीर्थस्थल र मानिस आवागमन गर्ने एउटा घाटको रूपमा रहेको देखिन्छ । त्यसबेला देवघाट व्यापारिक केन्द्रको रूपमा रहेन, केवल धार्मिक मेला लाग्दा मात्र व्यापारिक कारोवार हुने गरेको प्रमाण पाइन्छ । प्रथम राणा प्रधानमन्त्री जंगबहादुरले देवघाटमा वस्ती बसाउन सन्त-महन्त, जोगी र वैरागीलाई बसोवास गराउन प्रारम्भ गरेका थिए । उनले वि.सं. १९०४ मा लक्ष्मीनाथ र केशरनाथ जोगीलाई देवघाटमा बस्न र पूजाआजा गर्न निश्चित सहुलियतहरू दिएको रुक्कामा उल्लेख छ ।[५४] वि.सं. १९४० मा प्रधानमन्त्री रणोद्दीप सिंहको समयमा देवघाटबाट एक वर्षको रु. ७०८।- मेलाधामबापत राजस्व उठेको थियो ।[५५] राणाकालमा पनि देवघाटको व्यापार पूर्ण रूपमा बन्द भएको भने देखिँदैन, किनभने यो एउटा महत्त्वपूर्ण घाट भएको कारण केही सामान यसै बाटो भएर ल्याउने लाने गरिन्थ्यो । घाटमा सामान तार्दा भन्सार र अन्य करहरू पनि लिने गरिएको पाइन्छ ।

---

[५२] एफ.वी. ह्यामिल्टन, *एन एकाउन्ट अफ दि किङ्डम अफ नेपाल,* (न्यू देल्हीः एशियन एडुकेशन सर्भिसेज, सन् १९८६), पृ. १८५ ।

[५३] बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रूप-रेखा,* (वाराणसी : कृष्णकुमारी देवी, २०२३), पृ. २३४ ।

[५४] वि.सं. १९०४ मा लक्ष्मीनाथ र केशरनाथ जोगीलाई देवघाटमा बस्न र पूजाआजा गर्न निश्चित सहुलियतहरू दिएको रुक्का ।
विस्तृत जानकारीको परिशिष्ट ७ हेर्नुहोस् ।

[५५] देवी प्रसाद कँडेल, *चितवनको इतिहास.(* चितवन :श्रीमती लक्ष्मी कँडेल, वि.सं.२०६५), पृ. ३३ ।

## (ग) २००७ सालको परिवर्तनपछि

वि.सं. २००७ सालमा भएको राजनीतिक परिवर्तन पछि २०११ वि.सं देखि चितवनमा नयाँ बसोवास र विकास कार्यक्रम प्रारम्भ भयो । यसले देवघाटको विकासमा पनि सकारात्मक प्रभाव पर्न थाल्यो । हवाइ मार्ग र स्थलमार्गको विकासले देवघाट सहज पहुँच हुने स्थलको रूपमा रह्यो । वि.सं २०११ सालपछि कला संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रचार-प्रसार गर्ने कार्यलाई नेपाल सरकारले उच्च प्राथमिकता दिँदै गएको कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ । यसै गरी वि.सं २०१३ सालबाट भने चितवनमा नया बसोबास र विकास कार्यक्रम व्यवस्थित किसिमले सुरुवात हुन थाल्यो । देवघाटको विकासमा राजा महेन्द्रको ठूलो योगदान रहेको पाइन्छ । वि.सं. २०३७ अघि देवघाट सिन्च्याङ्ग काफलडाँडा गाउँ पञ्चायतअन्तर्गत थियो भने पछि देवघाट गाउँ पञ्चायत नामकरण भयो ।[५६] २०४६ सालको राजनैतिक परिवर्तनपछि बनेको २०४७ सालको संविधानले पञ्चायत शब्दलाई हटाई गाउँ विकास समिति नामकरण गऱ्यो । जसअनुसार देवघाट गा.वि.स. नाम रहन गयो ।

चितवनमा औलो र प्रचण्ड गर्मीको कारण गर्मी र औलो पचाएका आदिवासी बाहेक अरू मानिसहरू बस्न सक्दैनथे । अत: यस क्षेत्रलाई बस्न योग्य बनाउनको निमित्त औंलो उन्मुलन कार्यक्रम सञ्चालन गर्नुका साथै अमेरिकाकै आर्थिक सहयोगमा वि.सं. २०१३ मा " राप्तीदून विकास परियोजना" लागू भयो ।[५७] राजा महेन्द्रले भरतपुरदेखि २ माइल पश्चिम कचपचेमा आफैले ट्रयाक्टर चलाई राप्तीदून विकास परियोजनाको समुद्घाटन गरे ।[५८] चितवनको बेलोद प्रगन्ना भरतपुरमा राप्तीदून विकास विभाग कार्यालयको स्थापना भयो । यस कार्यालयको स्थापना सँगसँगै भरतपुर-नारायणगढ आसपासका इलाकाहरूमा वस्ती विकास तथा मानिसहरूको चहलपहलमा वृद्धि हुन थाल्यो । यस क्रममा नारायणगढ-भरतपुर नजिकै रहेको देवघाटधाम खासगरी चितवन तर्फका श्रद्धालु भक्तजनहरूले स्नान गर्न जाने क्रम बढी मात्रामा सुरु भयो । अझ माघे सङ्क्रान्तिको समयमा स्नान गर्न जाने क्रमले गति पायो । नदीको बगरमा मेला लाग्नुका साथै अस्थायी रूपमा माघे सङ्क्रान्तिकै लागि

---

५६ शोधकर्ताले २०६८ कार्तिकमा तत्कालीन प्रधानपञ्च रामनाथ मिश्रबाट प्राप्त जानकारी ।

५७ भुवननाथ तुलाधर, *नोट्स अन रापती भ्याली डिभलपमेन्ट प्रोजेक्ट,* (काठमाडौं : फुड एण्ड एग्रिकल्चर डिभिजन यु.एस.एड., सन् १९७२), पृ. ५ ।

५८ *ऐजन,* पृ. ५ ।

भनेर माघे सङ्क्रान्ति अघि तीन दिन र सङ्क्रान्ति पछि पाँच दिन गरी झण्डै एक हप्ताजति त्यही बगरमा बजार बस्न थाल्यो र यसै सालदेखि नै पञ्चवर्षीय योजनाको सुरुवात भएपश्चात पूर्व-पश्चिम राजमार्गको शिलान्यास भयो । यसै कार्यको निमित्त नवलपरासी जिल्लाको लक्ष्मीनृसिंह दिव्यधामदेखि केही उत्तर नारायणी नदी किनारमा बृटिश क्याम्पको स्थापना भयो । सडक निर्माणको कार्यमा सहयोग पुग्ने उद्देश्यले मालसामान, गाडी एवं मानिसहरू समेत आवतजावत गर्नको निमित्त नवलपरासीको नारायणी किनार र चितवनको वागीश्वरीदेखि पश्चिमतर्फ पर्ने नारायणी नदी किनारको बीचमा तारापुलको निर्माण गरिएको थियो । जसलाई फेरि पनि भन्ने गरिन्थ्यो । उक्त समयमा पूर्व-पश्चिम राजमार्ग जोड्ने काम यही तारापुलले गरेको थियो । । नारायणी नदीमाथि पुल बन्नुपूर्व मानिसहरू डुङ्गाबाट आवतजावत गर्ने गर्दथे भने मालवाहक गाडीहरूलाई तारापुलबाट तार्ने गरिन्थ्यो, जसले गर्दा त्यतिखेर देवघाट-वागेश्वरी मार्ग निकै चर्चित मार्गको रूपमा रहेको थियो ।[५९] यसपछि क्रमशः देवघाटधामको विकास विस्तार हुनुका साथै सहरीकरण पनि हुनथाल्यो ।

विविध कारणले वि.सं. २०१८ सालबाट आएर भने देवघाटमा सन्तमहन्तहरूको पनि केही सङ्ख्यामा उपस्थिति बढ्न थाल्यो । सर्वप्रथम देवघाट आउने सन्तहरूमा ईश्वरानन्द ब्रह्मचारी (गलेश्वर बाबा), डिल्लीराम बाबा, पद्मलाल सुवेदी र अघोरी बाबा आएको थाहा हुन आउँछ । यसपछि क्रमशः अन्य सन्तमहन्तहरू पनि देवघाटमा आउन थालेको देखिन्छ । यसैगरी यसै वर्ष आठ ग्रहहरू जुधेको र यसो हुनु अनिष्ट हो भनी देवघाटस्थित चितवनतर्फ बसेका पद्मलाल उपाध्याय सुवेदीद्वारा विश्व शान्ति महायज्ञ गरेपश्चात् भने देवघाटको धार्मिक चहलपहलमा वृद्धि भएको कुरा जानकारी प्राप्त भएको छ ।[६०]

वि.सं. २०२२ साल फाल्गुण २८ मा कालीगण्डकीको सङ्गमको मध्य धारमा देशव्यापी राष्ट्रिय कवि सम्मेलन भएको थियो । जसको प्रमुख अतिथिको रूपमा तत्कालीन राजा महेन्द्र र कवि सम्मेलनको अध्यक्ष केदारमान व्यथित थिए ।[६१] यसरी सप्तगण्डकीको जलाधारमा डुङ्गाको मञ्च बनाइ सम्पन्न भएको कवि गोष्ठीपश्चात देवघाटको महत्त्व र महिमाको विकास हुन

---

[५९] शोधकर्ताले २०६८ कार्तिकमा नारायणगढ निवासी वयोबृद्ध मुक्तिलाल चुकेसँग लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६०] शोधकर्ताले २०६८ कार्तिक ५ गते लक्ष्मण सुवेदीसँग लिएको अन्तर्वार्ताबाट ।

[६१] माधवलाल कर्माचार्य, "२०२२ सालमा देवघाट सङ्गममा आयोजित कविगोष्ठीको विवरण," *देववाणी* (देवघाटधाम विशेषाङ्क), (संयुक्ताङ्क), (काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०६४), पृ. १४९-१५३ ।

थाल्यो । यसै पावन भूमिमा वि.सं. २०२३ सालमा ईश्वरानन्द ब्रह्मचारीले वेदवेदाङ्ग विद्यालय स्थापना गरेपछि झनै यस स्थानको महत्त्व वृद्धि हुन पुगेको देखिन्छ ।

देवघाटस्थित तनहुँ कालिगण्डकी सङ्गममा पुग्नको निमित्त एकमात्र साधन डुङ्गा भएको हुँदा चितवन र तनहुँ जोडनको निमित्त त्रिशूली नदीमाथि झोलुङ्गे पुलको अवधारणा ल्याइएको थियो । जसको शिलान्यास तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाद्वारा २०३६ सालमा राजा महेन्द्रकी बहिनी माघमा भएको थियो । उक्त पुल २०३८ वैशाख २२ गते निर्माण कार्य सम्पन्न भई त्यसै समयदेखि सञ्चालनमा आएको कुरा अवगत हुन आउँदछ । झोलुङ्गे पुल निर्माणको निमित्त कुल लागत रकम रु. ३,७७,५०८/१२ (तीनलाख सतहत्तर हजार पाँचसय आठ रुपैयाँ र पैसा बाह्र) लागेको कुरा थाहा हुन आउँदछ ।[६२] कुनै शिलापत्र नभएको यस पुलको निर्माणपश्चात देवघाटको महिमा र महत्त्व तीव्र गतिमा बढ्न थाल्यो । देवघाटको विकासमा शाह परिवारबाट पनि महत्त्वपूर्ण भूमिका खेलेको देख्न सकिन्छ । जस्तै- राजा महेन्द्रबाट २०२२ सालमा देवघाटको निमित्त जग्गा छुट्याउनु, २०३६ सालमा प्रिन्सेप शाहबाट देवघाटको निमित्त एक कार्यालय स्थापना गरी बैठक बसाल्नु, २०४२ सालमा राजा वीरेन्द्रबाट भएको अनौपचारिक भ्रमणको सिलसिलामा देवघाटलाई धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्ने निर्देशन दिनु (यसको विस्तृत व्याख्या अध्याय चारमा गरिएको छ) जस्ता कार्यले गर्दा आम सर्वसाधारण जनतामा पनि देवघाटप्रति चासो बढ्न गएको प्रस्ट हुन आउँदछ भने सरकारी स्तरबाट पनि देवघाटको विकासमा चासो पुऱ्याउन थालियो जसको परिणामस्वरूप २०५० सालमा देवघाटक्षेत्र विकास समिति गठन भई २०५२ सालमा उक्त समितिले देवघाटको योजनाबद्ध विकास गर्ने गुरु योजना निर्माण गऱ्यो । यसरी देवघाटक्षेत्रको विकासका निमित्त पहिलोपटक वि.सं. २०५२/०५३ सालमा श्री रामचन्द्र शर्मा पौडेल रंघाली अध्यक्ष भएको बखत र  लक्ष्मीकान्त शर्मा पौडेल (लकाश) कार्यकारी निर्देशक भएको बेलामा को कार्यकालमा "देवघाटक्षेत्रको भौतिक विकास योजनाको प्रतिवेदन" तयार भयो । जसमा देवघाटको परिचय साथै भावी योजनाहरू समेटिएको थियो ।[६३]

भावी योजनाहरूमा पर्यटकीय क्षेत्र, आवासीय क्षेत्र, भित्री धार्मिक क्षेत्र, सडक विस्तार, सिंढीमार्ग, रज्जुमार्ग, नदीक्षेत्र, पार्कक्षेत्र, श्मशानघाट क्षेत्र आदि छुट्याउने भनी योजना बनाइएको भए तापनि यो योजनाले पूर्णता नपाउँदै पुनः २०५२/०५३ मा बनेको

---

[६२] नारायणप्रसद तिम्सिना, "धार्मिक महत्वको स्थल : देवघाटको अध्ययन," त्रि.वि., केन्द्रीय कार्यालय, राष्ट्रिय विकास सेवा कार्यक्रमअन्तर्गत प्रस्तुत भिलेज प्रोफाइल, २०४९ ।

[६३] *देवघाटक्षेत्रको भौतिक विकास योजनाको प्रतिवेदन २०५२/०५३,* (तनहुँ : देवघाटक्षेत्र विकास समिति, ), पृ. ५-१२

गुरुयोजना अनुरूप नै २०६४/०६५ सालमा डा. गुरुप्रसाद सुवेदी अध्यक्ष र कार्यकारी निर्देशक शिवदत्त ढकालको समयमा वातावरणीय योजनाकार इञ्जिनियर भरत शर्मा र सिभिल इन्जिनियर वसन्तकुमार राईको सक्रिय पहलमा देवघाटक्षेत्रको गुरुयोजना तयार पारिएको थियो, दोस्रोपटक तयार पारिएको यो गुरु योजनामा पहिलोपटकको "भौतिक विकास योजनाको प्रतिवेदन" का पूरा हुन नसकेका महत्त्वपूर्ण योजनाहरूलाई समेत समेटी तयार पारिएको दोस्रो पटकको गुरुयोजनामा देवघाटक्षेत्रको व्यापक विकास र भौतिक निर्माणसम्बन्धी योजना तयार पारिएको छ ।[६४]

यसरी सरकारी स्तरबाट देवघाटको विकासमा चासो दिन थालेपछि देवघाटको धार्मिक विकासले गति लिन थाल्यो । विभिन्न सन्तमहन्तहरू आउने क्रम बढ्न थाल्यो, कल्पवासीहरूको सङ्ख्यामा पनि वृद्धि हुन गयो । ठूला आश्रमहरू, विद्यालय, बाटो, पुलपुलेसाहरूको निर्माण हुदैगयो ।

## २.४ पुरातात्विक क्षेत्र

पुरातत्व शब्द पूरा र तत्व मिलेर बनेको छ । पूराको अर्थ 'प्राचीन' र तत्वको अर्थ 'ज्ञान' हुन्छ भन्ने उल्लेख पाइन्छ ।[६५] पूरातात्विक महत्त्वसम्बन्धी सम्भाव्यताहरूको अध्ययन र कुनै स्थानमा महत्त्वपूर्ण वस्तुहरू पुरिएर रहेका हुन सक्ने सम्भावना भएमा पनि त्यहाँ खोजी गर्ने, उत्खनन् गर्ने काम पनि पूरातत्वले नै गर्ने गर्दछ । नवलपरासी, चितवन र तनहूँको त्रिकोणात्मक विन्दुमा रहेको यस देवघाटक्षेत्र वरिपरि अनेकौं पूरातात्विक वस्तुहरू फेला परिरहेका छन् र देवघाटभित्रका केही त्यस्ता महत्त्वपूर्ण क्षेत्रहरूलाई पूरातत्व विभागले पूरातात्विक क्षेत्र भनी घोषणा समेत गरेको छ, यस अन्तर्गत चक्रवर्ती क्षेत्र वरिपरि मुकुन्देश्वर पार्क र वागीश्वरी क्षेत्र पर्छन् ।[६६]

पुराण वर्णित सप्तगण्डकी किनार देवघाटक्षेत्रमा मध्यकालीन सेन वंशीय राजाहरूले बनाएका भवन तथा मन्दिरका भग्नावशेषहरू पाइन्छन् । मुकुन्देश्वर मन्दिरभित्र कछुवाको आकारमा रहेको यो शिला कयौं वर्ष जमीनमा दबिएर पाषाण भइसकेको कछुवाको

---

६४ *देवघाटक्षेत्रको गुरुयोजना २०६४/०६५,* (तनहुँ : देवघाटक्षेत्र विकास समिति २०६४), पृ. १२ ।

६५ पेशल दाहाल र सोम प्रसाद खतिवडा, *पुरातत्वको परिचय,* (काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स, २०६०), पृ. १४ ।

६६ पुरातत्व विभाग, *देवघाटस्थित मणिमुकुन्देश्वर महादेव मन्दिर परिसरको अध्ययन प्रतिवेदन,* २०६७।

हाडजस्तो देखिन्छ । यो अन्वेषणको विषय बनेको छ । यसबाहेक यसै क्षेत्र वरिपरि रहेका भग्नावशेषहरू चतुर्वाहु विष्णुको मूर्ति र वि.सं २०५३ साल मंसीर ५ गते प्राप्त पुराना मुद्राहरू पनि पूरातात्विक दृष्टिकोणले महत्त्वपूर्ण देखिन्छन् ।[६७]

### २.४.१ देवघाटक्षेत्रमा प्राप्त मुद्रा एवम् भग्नावशेषहरू

पवित्र तीर्थस्थल देवघाटधामको तनहूँ जिल्लाअन्तर्गत देवघाट गा.वि.स. को वडा नं. २ मा प्राप्त मुद्रा प्रसिद्ध चक्रवर्ती शिला मुकुन्देश्वर मन्दिरभन्दा २४ मिटर पूर्व लगभग जमीनकै सतहमा सडक खन्दै जाने क्रममा २०५३ मंसीर ५ गते अद्भूत तामाकै भाँडोमा तामाकै मुद्राहरू भएको करुवा आकारको भाँडो सोही २ नं. वडाका निवासी दीपेन्द्र धितालले प्राप्त गरेको र निज धितालले गोविन्दराज नैनावस्तीलाई खबर गरी निज नैनावस्तीकै घरमा लगी भाग लगाएर राखेको र सोही साल मंसीर २१ गते प्राप्त मुद्रा एउटै भाँडोमा राखी प्रहरी चौकीलाई दिई सुरक्षापूर्वक त्यस मुद्रालाई संरक्षण गरेको थियो । मुद्रा प्राप्त भएको भाँडो मुगलशैलीको तामाबाट बनेको करुवाको जस्तो आकारको खासगरी यस मुद्रालाई तीन प्रकारमा विभाजन गर्न सकिन्छ । ती मुद्राहरूमध्ये ठूलो प्रकारको मुद्राको सङ्ख्या ५६९, मध्यम खालको मुद्रा सङ्ख्या २९ र सानो खालको मुद्रा सङ्ख्या ५१४ ( १८ वटा ठूलो मुद्रामा) वटा छन् । ठूलो र मध्यम खालको मुद्राको तौल ११ किलो २०० ग्राम र सानो मुद्राको तौल १ किलो ७०० ग्राम गरी उक्त मुद्राको कुल तौल १२ किलो ९०० ग्राम रहेको छ ।[६८] यी मुद्रामा अङ्कित चिन्हहरू हेर्दा भारतको मुगल शासन कालको भएको जस्तो देखिन्छ । (फोटो नं ५) मुद्रामा अङ्कित प्रयुक्त लिपिहरू मुद्रा विशेषज्ञद्वारा नै अध्ययन नगरेसम्म केही भन्न सकिँदैन । हाल यी मुद्राहरू पुरातत्व विभागले राष्ट्रिय मुद्रा सङ्ग्रहालयमा अध्ययन एवम् संरक्षणका लागि पठाएको छ ।

यसैगरी वागीश्वरी क्षेत्रमा प्राप्त भएका भग्नावशेषसहितका प्रस्तरका सिंहका मूर्ति, मन्दिरको आकृतिसहितको गजुर, मन्दिर पुनःनिर्माण गर्ने सन्दर्भमा प्राप्त प्राचीन प्रस्तर, शिवालयको अवशेष वृषमूर्ति, भैरवका आकृति, प्रस्तरको डुँड एवं बुट्टे प्रस्तरहरू, पैसा, तामाको दियो आदि फेला परेका छन् ।[६९] जसलाई जनकलाल शर्माले २०१६ मा पुरातत्व

---

६७ *ऐजन* ।

६८ नारायणप्रसाद तिम्सिना "देवघाटधाममा प्राप्त प्राचीन मुद्रा र मूर्तिहरू," *मधुपर्क,* वर्ष ३४, अङ्क ११, पूर्णाङ्क ३९४, ( चैत्र २०५८), पृ. ४-५ ।

६९ विष्णुप्रसाद घिमिरे, "चितवनका केही प्रमुख र धार्मिक ऐतिहासिक स्थल," *स्मारिका चितवन महोत्सव-२०५३,* ( चितवन : उद्योग वाणिज्य संघ, नारायणगढ, २०५३), पृ. १२-१४ ।

विभागअन्तर्गत तयार गरिएको "चितवनदेखि जनकपुरसम्मका केही पुरातात्विक स्थल" नामक प्रतिवेदनमा "नारायणगढ बजारबाट आधाकोश उत्तर-पश्चिम नारायणीको पूर्वी किनारामा एउटा भग्नावशेष छ, जसलाई त्यहाँका जनता सिंहदेवीको थान (स्थान) भनेका हुन् । यिनी सिंहका छेउमा त्यसै समयको वास्तुशैलीको नमुना आमलकसहितको ढुङ्गाको गजुर पनि लडिराखेको छ" उल्लेख गरिएको छ ।[७०] यसै वागीश्वरीक्षेत्रदेखि दक्षिणपूर्व 'वसेनी' स्थानमा रहेको गणेशस्थानमा गणेशको शिला, (मूर्ति) र यसको नजिक रहेको ठूलो इनार रहेको छ ।[७१]

यस वाहेक यस शीर्षकअन्तर्गत देवघाटक्षेत्र वरिपरि रहेका केही महत्त्वपूर्ण गढी एवं पूरातात्विक भग्नावशेषहरूको सन्दर्भमा केही उल्लेख गर्नु आवश्यक देखिन्छ । अतः यहाँ त्यस्ता केही महत्त्वपूर्ण वस्तुहरूको चर्चा गरिएको छ ।

### २.४.२ देवघाटक्षेत्रमा भएका भग्नावशेषहरू

देवघाट गा.वि.स. वडा नं. २ मुकुन्देश्वर मन्दिर वरिपरि केही भग्नावशेषहरू छन्, जसको अध्ययनबाट "देवघाटस्थित मुकुन्देश्वर महादेव मन्दिर परिसरको अध्ययन प्रतिवेदन २०६७" अनुसार यो स्थल पूरातात्विक क्षेत्र भएको ज्ञात हुन आउँछ । मुकुन्देश्वर मन्दिरको चारैतिर भग्नावशेषका ढिस्काहरू देख्न सकिन्छ । (फोटो नं ६) भग्नावशेषका वरिपरि झाडी र ठूला रूखहरू भएका यो ढिस्काको तल्लो भागमा केही ठूला ढुङ्गाका गाह्रा र भग्न भागमा वास्तुका विभिन्न अंशहरू देख्न सकिन्छ भने यत्रतत्र छरिएका ढुङ्गाहरू रहनाले यहाँ पञ्चदेवल थिए भनी अनुमान गर्न सकिन्छ ।[७२] यद्यपि उत्खननको अभावमा यी पञ्चदेवल मानिएका भग्नावशेषहरूलाई पुष्टि गर्न भने सकिएको छैन ।

देवघाटक्षेत्र, अन्तर्गत पर्ने भ.न.पा. १ चितवनको वागीश्वरीस्थलमा अनेकौं वास्तुकला तथा मूर्तिहरूका भग्नावशेषहरू देख्न सकिन्छ ।[७३] वागीश्वरी मन्दिर निर्माणको सिलसिलामा पाइएका विभिन्न भग्नावशेष एवं उत्खनन पूर्व, त्यस स्थलमा वायुपंखी वसाहा,

---

[७०] जनकलाल शर्मा, "चितवनदेखि जनकपुरसम्मका पुरातात्विक स्थल," *प्राचीन नेपाल,* सङ्ख्या २१, २०२४ माघबाट पुनर्मुद्रित, पृ. १-२ ।

[७१] *ऐजन,* पृ. २ ।

[७२] अनुसन्धानकर्ताले २०६७ साल भदौमा गरेको सम्बन्धित क्षेत्रको स्थलगत अध्ययनका आधारमा ।

[७३] अनुसन्धानकर्ताले ३०६७ साल भाद्र १० गते गरेको स्थलगत अध्ययनबाट

भैरवचक्र, सूर्यचक्र, पादुका, सिंह, देवीलगायत अनेकौं वास्तुका अंशहरूबाट यो क्षेत्रलाई पूरातात्विक क्षेत्रका रूपमा लिइएको छ । यसको विस्तृत व्याख्या यसै अध्ययनको अध्याय तीनमा गरिएको छ ।

### (क) हर्कनारायण डाँडा र पञ्चभैयास्थल

देवघाटक्षेत्रअन्तर्गत तनहुँ, वडा नं. ४ मा यो हर्कनारायण डाँडा पर्दछ । देवघाटदेखि उत्तरतर्फ हर्कनारायण डाँडा र पञ्चभैयामा प्रशस्त पुराना मानववस्तीका भग्नावशेष र चिहान फेलापरेको हुँदा यसलाई महत्त्वपूर्ण पूरातात्विक क्षेत्रका रूपमा लिन सकिन्छ ।[७४] यहाँ देखापरेका विद्यमान ढुङ्गा तथा ढिस्काहरूका आधारमा मानववस्ती र दरवार भएको अनुमान गर्न सकिन्छ ।

### (ख) सतञ्चुली डाँडा

देवघाट अन्तर्गत तनहूँ  चितवन भ.न.पा. १, वागीश्वरी जङ्गलदेखि भित्र उत्तरतर्फ यो स्थल पर्दछ । यो स्थलमा अनेक ढिस्काहरूको दृश्य हेर्दा चाक्लो (स्लेट) परेका ढुङ्गा, जसमा सिमेण्टले बनाएका जस्ता वा ढुङ्गाकै (बालुवा मिसिएको) चारैतिर घेरिएको छ ।[७५] नारायणी नदीको पुलको सतहभन्दा १० मिटर उचाइमा भरतपुरभन्दा ८३ मिटर उचाइमा रहेको यो स्थान पृथ्वी राजमार्ग र मुग्लिङ्ग नारायणगढ राजमार्ग निर्माण हुनुअगाडि गोरखा-लमजुङ् र तनहूँका वासिन्दाहरूले ठोरी नारायणगढबाट नून मट्टितेल बोकेर लैजाने क्रममा सतञ्चुली हुँदै गाइघाट जाने बाटो थियो ।[७६] सातवटा अग्ला-अग्ला चुलीहरू नजीक भएकाले ‘सतञ्चुली’ भन्ने गर्दछन् ।[७७]

त्यस ठाउँसित परिचित पुराना बूढापाकाहरूको भनाइमा राजमार्ग निर्माण भएपछि यो ठाउँ ओझेलमा परेको र यस स्थानलाई कसरा, सौराहाजस्ता पर्यटकीय स्थलका रूपमा

---

[७४] विष्णुप्रसाद घिमिरे, *पाल्पा राज्यको इतिहास,* भाग २, (द्वितीय संस्करण), (भरतपुर : चितवन अध्ययन केन्द्र, २०५६), पृ. १३५ ।

[७५] शोधकर्ताले २०६६ वैशाखमा गरेको देवघाट क्षेत्रको स्थलगत अवलोकनका आधारमा ।

[७६] भोजराज कौडेल, “सतञ्चुली एक परिचय,” *स्मारिका चितवन महोत्सव,* (चितवन : नारायणगढ उद्योग वाणिज्य संघ, २०५५), पृ. १६१ ।

[७७] शोधकर्ताले २०६६ जेठमा गरेको देवघाट क्षेत्रको स्थलगत अवलोकनका आधारमा ।

विकास गर्न सकिन्थ्यो भन्ने कुराको जानकारी पनि दिन्छन् । भरतपुर नगरपालिकाले नगरको सबैभन्दा अग्लो सतञ्चुलीलाई विकसित गर्ने वार्षिक कार्यक्रम पनि समावेश गरेको छ ।[७८]

यसैगरी नारायणी नदीको प्रस्रवणक्षेत्रमा पुरातन प्रस्तर युगीन हतियारका अवशेषहरू पाइएका छन् ।[७९]

### (ग) माक्रुमडाँडा

देवघाटक्षेत्र नवलपरासी, गैंडाकोट गा.वि.स. वडा नं. ३ अन्तर्गत हर्दी (हरिपुर) गाउँको पश्चिम भागमा माक्रुमडाँडा पर्दछ । यहाँ उच्च समथर भागमा त्यसबेलाका प्राकृतिक प्रस्तर ढुङ्गाहरू तथा चारैतिर पर्खालले घेरिएको स्थान रहेको छ । यस भग्नभागको लम्बाई ७० हात (१०५ फुट) तथा ३ मिटर चौडाइ गोलाकार पर्खालका रूपमा रहेको छ ।[८०] यहाँ रहेका भग्नावशेष, कुँदेका ठूला प्रस्तर बालुवा मिश्रित जस्ता ठूला ढुङ्गा, रातो ईंटाजस्ता ढुङ्गा आदिको दृश्यावलोकनबाट त्यस क्षेत्रमा मन्दिर, वस्ती वा दरवार रहेको अनुमान गर्न सकिन्छ ।

यसैगरी देवघाट क्षेत्र नवलपरासी गैडाकोट गा.वि.स. वडा नं. ४ अन्तर्गत झपर्दी खयरटाँडी गाउँमा प्राप्त शिवलिङ्गलाई हाल कोटेश्वर शिवालयको नाम दिई झवर्दीमा मन्दिर स्थापना गरिएबाट पनि उक्त स्थल पूरातात्विक स्थल भएको अनुमान गर्न सकिन्छ ।

### (घ) प्याउली गढी

तनुहूँ देवघाट गा.वि.स., वडा नं. ३ स्थित डुँडे गाउँमा रहेको प्याउली गढी एक महत्त्वपूर्ण पूरातात्विक स्थल हो । महाभारत पर्वत पूर्व-पश्चिम तथा नारायणी नदीको किनार हुँदै उत्तर-दक्षिण गर्ने बाटाहरू चालु थिए । भारतीय क्षेत्रबाट नारायणी नदी समाती देवघाट निस्केर बन्दीपुर लमजुङ आदि क्षेत्रतर्फ लाग्ने बाटोलाई मध्यनजर राखी देवघाटदेखि उत्तरतर्फको महाभारत पर्वतमा मध्यकालमा एक गढी बनेको थियो । त्यो गढी प्याउली गढीको नामले चिनिन्छ । हाल त्यो गढीको केही भाग मात्र बाँकी छ । चारै दिशामा ढोका, बीच-बीचमा अनेक कोण निकाली बन्दुक तेर्स्याउने र बाहिर

[७८] कौडेल, पादटिप्पणी सङ्ख्या ८०, पृ. १६१ ।

[७९] एन.आर. बेनर्जी, "डिस्कभरी अफ दि रिमेन्स अफ प्रि-हिस्टोरिक म्याल इन नेपाल," *एन्सीन्ट नेपाल,* नं. ६, पृ. ६-९ ।

[८०] शोधकर्ताले २०६६ वैशाखमा गरेको स्थलगत अवलोकनका आधारमा ।

हेर्ने प्वाल समेत राखी निकै वैज्ञानिक रूपबाट यो गढीको निर्माण भएको बुझिन्छ । पुछारको तलामा खजाना, हतियार, सेना आदि राख्ने खण्डको समेत व्यवस्था गरिएको बुझिन्छ । यो गढीको निर्माण शैली केही मात्रामा चितवनको कविलासपुर गढीसँग पनि मिल्दछ ।[८१] प्याउली गढीदेखि पूर्वतर्फ एक अर्को गढी पनि रहेको छ, जसलाई सिञ्च्याङ गढी भनिन्छ । देवघाट गाईघाट हुँदै उत्तरतर्फ लाग्ने बाटो यही गढी भएर जाने हुँदा यी गढीहरूको महत्त्व त्यसबेला निकै थियो ।[८२]

देवघाटदेखि दक्षिण नेपाल-भारतको सीमानानजिक चुरे पहाडमा एक मध्यकालीन किल्लाको अवशेष छ । जुन किल्लालाई सोमेश्वर किल्ला भनिन्छ । चितवनबाट भारत जाने र भारतबाट नेपाल आउने मालसामान एवं व्यक्तिको रेखदेखका निमित्त यो किल्ला निर्माण गरिएको देखिन्छ ।[८३] यहाँबाट नेपाल-भारत बीचको व्यापार पनि चल्थ्यो ।

प्राचीन मानववस्तीका झल्को दिने अन्य थुप्रै भग्नावशेषहरू पनि यहाँ फेला नपरेका होइनन् । तनहुँ देवघाटदेखि करिब ५ कि.मी. उत्तर-पूर्वतर्फ रहेका पहाड पर्वतहरूका खोँचमा पनि पुराना वस्ती, दरवार, किल्ला आदिका प्रशस्त अवशेषहरू प्राप्त छन् । यसका अलावा ठूला-ठूला भवनहरूका जग, साधारण भवनका जग पनि प्रशस्त प्राप्त छन् । उक्त क्षेत्रमा पुराना ईंटाका अवशेषहरू पनि प्राप्त छन्, जुन ईंटाहरू (१०×७.५ र ८×२) इन्च आकारमा रहेका छन् । उक्त स्थानमा दक्षिणी भेगहरूमा ठूला-ठूला ढुङ्गाका पर्खालहरू पनि देखिन्छन् । खासगरी यस क्षेत्रमा मध्यकालीन सेनवंशी राजाहरू हिउँदमा शीतकालीन दरवार बनाई बस्ने गरेको कुरा इतिहासमा उल्लेख भएअनुसार सम्भवतः उक्त समयकै दरवार, किल्ला मानववस्ती, सैनिक आवास, गढी र इनार आजसम्म पनि भग्नावशेषकै रूपमा रहेको अनुमान गर्न सकिन्छ ।

देवघाट र यसको आसपासमा रहेका केही पुरातात्विक वस्तुहरूको खोज गर्ने क्रममा अनुसन्धानविद् जनकलाल शर्माले वि.सं. २०१६ सालमा प्रकाशित गरेको "चितवनदेखि जनकपुरसम्मका पुरातात्विक स्थल" नामका एक सानो पुस्तकमा देवघाटमा रहेका कतिपय

---

८१ *ऐजन* ।

८२ पशुपति नेपाल, "देवघाटक्षेत्रका महत्त्वपूर्ण पुरातात्विक वस्तु तथा स्थलहरू," *विवेक,* (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, २०६६ चैत्र), पृ. २१७ ।

८३ कँडेल, पादटिप्पणी सङ्ख्या ५५, पृ. १४ ।

मूर्तिहरूको साभार गरेका छन् । त्यस वाहेक अरू कुनै खोजी गर्ने कार्य भएको छैन । पुरातत्वविद्हरूले खोजी गर्ने किसिमका यहाँ प्रशस्त स्रोतहरू असुरक्षित रूपमा रहेका छन् ।

### (ङ) कविलासपुर गढी

चितवनको उत्तरी क्षेत्रमा पूर्व-पश्चिम तेर्सिएको महाभारत पर्वतमा देवघाटक्षेत्र पूर्व त्रिशूली नदीको किनारको माथि डाँडोमा कविलासपुर गढी पर्दछ । यो गढी समुन्द्र सतहदेखि करीब ११८४ मिटरको उचाइमा रहेको छ । यस गढीको दक्षिणतर्फ मुग्लिङ-नारायणगढ राजमार्गअन्तर्गतको दासढुङ्गा स्याउलीवास, तान्द्राङ् गाउँ आदि पर्दछन् । पश्चिम-उत्तरमा गाईघाट पर्दछ । हेर्दै कहाली लाग्दो ठूलो भीरको शिरमा पहराका पत्रे ढुङ्गाद्वारा चिरेर यो गढी बनाइएको छ । यो गढीको जग चारपाटे भइकन चारै पाटाबाट केही टुँडो निकाली त्यसमा ढोका बनाइएको देखिन्छ । बीच-बीचमा बाहिर हेर्ने प्वालसमेत बनाइएको देखिन्छ । यद्यपि हाल यो गढीको माथिल्लो भाग भत्किई भित्रपट्टि पुरिएर करीब १$^{१}/_{२}$ मिटरजति मात्र बाँकी छ । बाहिरपट्टि भिरालो भएकोले निकै उच्च छ । बाँकी रहेको खण्डको अध्ययनबाट पनि यो गढीको निर्माण निकै वैज्ञानिक तरिकाबाट भएको बुझिन्छ । यस गढीको निर्माण शैली यहाँदेखि पश्चिम (तनहूँ अन्तर्गत) महाभारत पर्वतमा नै बनेको प्याउली गढीसँग धेरै मिल्दछ ।[८४] यो गढीको निर्माण सेन शासनकालमा भएको थियो ।

पश्चिमतर्फबाट प्याउली गढी हुँदै पूर्व लागी सिञ्च्याङ गढी निस्कने अनि तल झरेर गाईघाट तरी उकालो लागेर कविलासपुर निस्कने, अनि त्यतैबाट उपर्दाङ जोगीमारा हुँदै काठमाडौं उपत्यका पुग्ने पैदल बाटो चालु थियो । यो क्षेत्र दक्षिणबाट आउने वैरी रोक्न ज्यादै उपयुक्त थियो । त्यसैले यहाँ किल्ला निर्माण गरिएको थियो । यसै सन्दर्भमा पृथ्वीनारायण शाहले आफ्नो भारदार रणरुद्र शाहलाई लेखेको १८१४ को एउटा पत्रको सानो अंश यहाँ प्रस्तुत छ- "षाइकन गौडा कुरुन्यै हो, सभै कुहुनान् बलिया गराउँ त्यो फौदको पछेडालाई राष गाइघाट पो तऱ्यो त नेपाल पस्यो भनी जान्नु छ" ।[८५]

यसबाहेक देवघाटक्षेत्र सीमा नजिकै केही भग्नावशेष तथा गढीहरू पनि रहेका छन्, जसमा सिङ्चाङ्गढी, उपर्दाङ्गढी, मुकुन्दपुर गढी आदि रहेका छन् । यसरी देवघाटक्षेत्र र

---

[८४] घिमिरे, पादटिप्पणी सङ्ख्या ७८, पृ. ९४ ।

[८५] देवीप्रसाद भण्डारी, "श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू," *पूर्णिमा,* पूर्णाङ्क १०, वर्ष ३, अङ्क २, (२०२३), पृ. ३०-३६ ।

देवघाट वरपर रहेका यस्ता अनेक अवशेषहरू देखिएकाले देवघाट त्यस आसपासको क्षेत्र निकै अगाडिदेखि गुल्जार रहनुका साथै हिन्दुधर्म र संस्कृतिको पनि जगेर्ना भएको बुझिन्छ ।

## २.५ निष्कर्ष

'देव' र 'घाट' मिलेर बनेको यो देवघाट त्रिशूली र कालीगण्डकीको दोभानमा रहेको एक प्रसिद्ध तीर्थस्थल हो । देवी-देवताहरू शिवपार्वती, विष्णुलक्ष्मी, इन्द्र-इन्द्रायणी भ्रमण गर्ने यो स्थलको प्रसङ्ग वराहपुराण, हिमवत्खण्ड आदिमा उल्लेख गरिएको छ । देवाट देवघट्टबाट देवघाट बनेको यस स्थलमा आई स्नान गर्नाले पुण्य प्राप्त हुन्छ भन्ने कुरालाई पनि चर्चा गरिएको छ । ऐतिहासिक रुपबाट पुष्टि नभएका यस धार्मिक कुराहरुलाई पूर्ण रुपमा विश्वास गर्न नसकिएता पनि यस स्थलमा धेरै पहिलो देखि नै सन्त महन्त राजा महाराजा श्रद्धालु भक्तजनहरुले स्नान गरेको हुँदा यस स्थललाई महत्व पूर्ण स्थलको रुपमा लिएको कुरालाई भने स्वीकार्न सकिन्छ । भित्री मधेश, तराई प्रदेश र पहाडी प्रदेश मिलेर बनेको यो देवघाट समुद्र सतहदेखि २०० मि. देखि ५७५ मि. उचाइमा रहेको छ । रसुवा जिल्लाको लाङ्टाङ् हिमालदेखि बग्दै आएकी त्रिशूली नदी मुस्ताङ् जिल्लाको नीलगिरि, दामोदर, धवलागिरि हिमालदेखि बग्दै आएकी कालीगण्डकीले आफ्नो साथमा विभिन्न सहायक नदीहरूलाई समाहित गर्दै देवघाटको बेनीमा गएर सप्तगण्डकीको नामले प्रसिद्ध हुन्छ ।

घना वनजङ्गल भएको यस देवघाट क्षेत्रमा ५,४३४ हेक्टरमध्ये १,०४० वनक्षेत्रले ओगटेको छ । गुफा समेत रहेको यो क्षेत्रको राम्रोसँग संरक्षण-सम्बर्द्धन र उत्खनन भने हुन सकेको छैन । पौराणिककालमा अत्यन्तै धार्मिक चर्चा पाएको यस क्षेत्रले प्राचीनकालमा आइपुग्दा बाहिरी आवागमनको मार्गका रूपमा प्रसिद्धि पाएको अवगत हुन्छ तापनि यसको प्रामाणिक अभिलेख फेला परेको छैन । मानदेवले युद्धको निम्ति पार गरेको गण्डकी नदी यही गण्डकी नदी हो भन्ने कुराको प्रामाणिक फेला नपरे तापनि लिच्छविकालमा देवघाटले धार्मिक स्थलका रूपमा प्रसिद्धि पाएको अवगत हुन्छ ।

पूर्वमध्यकालमा कर्णाली प्रदेशको खस राज्यअन्तर्गत रहेको यो गण्डकीक्षेत्रस्थित देवघाट पनि खसराज्यकै अधीनमा रहेको र खसराज्यको छिन्नभिन्नपश्चात् पाल्पा राज्यअन्तर्गत यो गण्डकीक्षेत्र पर्न गएको र पाल्पाका मुकुन्दसेन प्रथमले लामो समयसम्म देवघाटमा आइ तपस्या गरेको अवगत हुन्छ भने मुकुन्द सेनपश्चात् यो देवघाट तनहुँको राजाहरूको अधीनमा आएको र उक्त समयमा तनहुँका राजाहरूले देवघाटलाई महत्त्वपूर्ण

स्थलका रूपमा चयन गरी प्रशासनिक कारोवारहरू गरेको कुरा विभिन्न पत्रहरूबाट थाहा हुन आउँदछ । आधुनिककालमा आइपुग्दा धार्मिक र आर्थिक रूपबाट विकसित भएको पाइन्छ । तत्कालीन शासकहरूले देवघाटलाई भन्सार जगात महसूल उठाउने एउटा घाट वा अड्डाको रूपमा विकास गरेका थिए । राणाकालमा देवघाटधामले खासै चर्चा नपाएको भए तापनि उक्त सयमा यो क्षेत्र शिकारस्थल र मेला वापत कर उठाउने घाटका रूपमा रहेको थियो । वि.सं. २००७ सालको परिवर्तनपछि २०१३ सालको रापतीदून परियोजनाले चितवनको विकासमा अहंभूमिका खेल्यो । तनहुँ र नवलपरासीको विकासको प्रभावले भन्दा चितवनको विकासले देवघाटको विकासमा प्रत्यक्ष प्रभाव पाऱ्यो । यसै कारण देवघाटमा विभिन्न सन्तमहन्तहरूको आवागमन सँगसँगै जनस्तरबाट पनि देवघाटको विकासमा चासो लिन थालियो । यसै क्रममा शाह परिवारबाट पनि देवघाटको विकासको निमित्त रकम दिनका साथै जग्गा छुट्याउने काम पनि भयो । सरकारी स्तरबाट देवघाटको विकास र त्यहाँ रहेका मठ-मन्दिर, मूर्तिहरूको संरक्षण र संबर्द्धनको निमित्त देवघाटक्षेत्र विकास समितिको समेत गठन भयो ।

यसपश्चात् त्यहाँ रहेका विभिन्न भग्नावशेषहरूको अध्ययन गर्ने काम पनि पुरातत्व विभागले सुरु गरेको देखिन्छ । अझ पनि देवघाट एउटा महत्त्वपूर्ण पुरातात्विक क्षेत्र भएको हुँदा त्यस क्षेत्र वरिपरि रहेका गढीहरूको उत्खनन अध्ययन-अनुसन्धान हुन सकेको छैन । यस क्षेत्रमा मुकुन्देश्वर पञ्चदेवल स्थल भग्नावशेष, वागीश्वरी स्थल, गणेशस्थान, मौलाकालिका मन्दिर परिसर, खयरटाँडीक्षेत्र, माक्रुमडाँडाक्षेत्र, हर्कनारायणडाँडा, पञ्चभैया स्थल, प्याउली गढी, कविलासपुर गढी, सिङ्चाङ् गढी, सतञ्चुलीडाँडा जस्ता क्षेत्रहरू पुरातात्विक क्षेत्र अन्तर्गत पर्दछन् । तर यसको उत्खनन, अध्ययन-अनुसन्धान हुन सकेको छैन, हुनु नितान्त आवश्यक छ ।

**अध्याय तीन**

# देवघाटक्षेत्रमा भएका संरचनाहरूको विवरण

## ३.१ परिचय

देवघाटक्षेत्रमा विभिन्न संरचनाहरुको निर्माण भएको छ ती मध्ये यहाँ देवघाटक्षेत्रको भौतिक संरचनामा मठ, मन्दिर र मूर्तिहरुको मात्र चर्चा गरिन्छ । देवघाटमा विविध शैलीका मन्दिरहरू छन् । यस्ता मन्दिरहरू कतिपय तले शैलीका, कतिपय शिखरशैलीका, केही गुम्बज शैलीका र केही मिश्रित शैलीका पाइएका छन् । मुख्यतः यहाँ तले शैली (प्यागोडा शैली) का मन्दिरहरू रहेका छन् भने केही मन्दिरहरू शिखरशैली र मिश्रित शैलीका पनि रहेका छन् । प्यागोडा शैलीलाई 'नेपाली शैली' पनि भनिन्छ ।[१] जुन मन्दिरहरू तला परेका र छाना भएका छन् र तिनमा टुँडाल र तोरणको समेत व्यवस्था गरिएको हुन्छ, त्यस प्रकारको मन्दिर 'नेपाली शैली' को मन्दिर हो ।[२] देवघाटका मन्दिरहरू प्रायः टुँडाल र तोरण भएका छन् । यसैगरी पर्वतजस्तो भएर उठेको मन्दिर शिखरशैलीको मन्दिर हो । गुम्बजजस्तो देखिने मन्दिर गुम्बज शैलीको हो भने यी विभिन्न शैली मिसिएर बनेकोचाहिँ मिश्रित शैली हो । यस बाहेक देवघाटक्षेत्रमा अनेक भौतिक संरचनाहरू छन्, ती केही १६ औं शताब्दीदेखिका छन् भने केही २०/२१ औं शताब्दीमा बनेका र बनिरहेका संरचनाहरु छन् । देवघाटक्षेत्रका तीनवटै जिल्लाहरूमा पर्ने यस्ता संरचनाहरू को संख्या करिब ९० रहेको छ ।[३] यसबाहेक विद्यालय भवन, आश्रम, भोजनालय, हवनकुण्ड, बाटाघाटा, स्नानघाटलगायतका अनेक संरचनाहरू पनि रहेका छन् । हालसम्म देवघाटको यस्ता संरचनाको विस्तृत र गहन अध्ययन गरिएको छैन । यस शोध ग्रन्थमा पनि केवल मठ-मन्दिरहरू मात्र प्राथमिकता दिइएको छ । यी मठ-मन्दिरलाई चितवन, तनहूँ र नवलपरासीका क्षेत्रमा फैलिएका छन् । अतः सोहीअनुसार देवघाटक्षेत्रका मठ-मन्दिरहरूलाई तीन भागमा वर्गीकरण गरिएको छ । यसैगरी मन्दिरमा

---

१ नेपाली प्यागोडा शैलीको विस्तृत जानकारीको लागि हेर्नुहोस् : रोनाल्ड एम्. बेरियर, द नेपलिज प्यागोडा ओरिजन्स एन् स्टायल, (न्यू दिल्ली, रामनगर, यस चन्द एण्ड कम्पनी लि. सन् १९७९) ।

२ गणेश क्षेत्री र रामचन्द्र रायमाझी, *नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण,* काठमाडौं : एशिया पब्लिकेसन, २०५६, पृ. १९४ ।

३ *ऐजन* ।

धार्मिक हिसाबले एउटै हिन्दुधर्मसँग सम्बन्धित रहेको भए तापनि सम्प्रदायगत आधारमा शैव, वैष्णव सम्प्रदायमा विभाजित छन् । सोहीअनुसार मन्दिरहरूलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसैगरी यी संरचनाहरूमध्ये कतिपय पूरातात्विक महत्त्वका भएकाले पूरातात्विक महत्त्वका मन्दिर र धार्मिक प्रकारका मन्दिर गरी दुई वर्गमा समेत वर्गीकृत गरिएको छ । यसैगरी वास्तुकलाको दृष्टिकोणले नेपालमा पाइने मठ-मन्दिरहरूलाई तले शैलीका मन्दिरहरू, शिखरशैलीका मन्दिरहरू, त्रिरथ शैलीका मन्दिरहरु गुम्बज (मुगल (राजपूताना) शैलीका मन्दिरहरू र मिश्रित शैलीका मन्दिरहरू गरी जम्मा पाँच शैलीहरूमा बाँडेर अध्ययन गर्ने गरिएको पाइन्छ । देवघाट क्षेत्रभित्र रहेका विभिन्न मठ मन्दिरहरुका संबन्धमा तल संक्षेपमा जानकारी गराउन सान्दर्भिक देखिन्छ ।

## ३.२ देवघाटक्षेत्रको तनहूँतर्फ भएका संरचनाहरू

देवघाटक्षेत्रमा रहेका मठ-मन्दिरहरू सम्बन्धी यो अध्ययनलाई स्थापना मितिका क्रममा राखी क्रमैले प्रस्तुत गरिएको छ । यसमा पनि ठूला र पुराना मठ-मन्दिरहरू तनहुँतर्फ रहेका र मुकुन्द सेनले स्थापना गरेको भनिएको मन्दिर पनि तनहूँतर्फ नै भएकाले तनहूँतर्फ रहेका मठ-मन्दिरहरूको अध्ययनलाई पहिले प्रस्तुत गरिएको छ । त्यसमा पनि शैव मन्दिरहरूको बारेमा पहिले चर्चा गरिएको छ ।

### ३.२.१ शैव मन्दिरहरू

चितवन र नवलपरासीको तुलनामा तनहुँतर्फ बढी मात्रामा शैव सम्प्रदायका मन्दिरहरू रहेका छन् । जसलाई मितिक्रमका आधारमा यस प्रकार चर्चा गरिएको छ ।

#### (क) मुकुन्द सेन चक्रेश्वर महादेव (चक्रवर्तीशिला) मन्दिर

यो मन्दिर वि.सं १५७५-१६१० मा बनेको उल्लेख पाइन्छ । अनुमान के गर्न सकिन्छ भने मुकुन्द सेन प्रथमको राज्यकाल वि.सं. १५७५-१६१० सम्म भएको हुँदा उनकै नाममा मुकुन्देश्वर मन्दिर निर्माण गराइएको हुनु पर्दछ ।[४] उनी आफ्नो जीवनको अन्तिम समयतिर देवघाट आएको उल्लेख पाइएको छ । त्यसै बेला नै यो मन्दिर बनेको हुनुपर्दछ । यो मन्दिरको

[४] महेशराज पन्त र दिनेशराज पन्त, "नेपाल खाल्डोमा राजा मुकुन्द सेनको हमला," *पूर्णिमा,* वर्ष ११, अङ्क ३, पूर्णाङ्क ४३, २०३६, पृ. १३२ ।

ढोकामा १५८९ सम्वत् लेखिएको आधारबाट पनि यो मन्दिर त्यसैबेला निर्माण भएको विश्वास गर्न सकिन्छ ।[५] यो मन्दिर गुम्बज र शिखरशैलीको आधारमा निर्माण भएको देखिन्छ । (फोटो नं ७) यस मन्दिरको उचाइ १२ फीट रहेको र त्यसमाथि ४ फीटको गजुर रहेको छ । गजुर उठेको पृष्ठभाग गुम्बजजस्तो रहेको देखिन्छ ।[६] पूर्वाभिमुख यो मन्दिरको ढोका काठबाट निर्मित छ । यो मन्दिर स्वयं मुकुन्द सेनले निर्माण गरेको हो भनी ह्यामिल्टनले आफ्नो पुस्तकमा "The image of Shiva, contained in the temple is called Mukundeswor from the founder."[७] भनी उल्लेख गरेका छन् । मुकुन्द सेनले नै मुकुन्देश्वर महादेवको स्थापना गरेका थिए भन्ने कुरालाई गण्डकी माहात्म्यले पनि पुष्टि गरेको छ जसमा भनिएको छ-

"मकुवानीति वंशोऽयं तेन लोके प्रकाशितः ।
तस्य नाम्ना महादेवो मुकुन्देश्वरसंज्ञितः ।[८]

मकवानी भनिएका मुकुन्द सेनको नामबाट मुकुन्देश्वर महादेव प्रकट भए । यसैलाई नै मुकुन्देश्वर मन्दिरको नामले अद्यावधिसम्म पनि पूजा गरिँदै आएको पाइन्छ । यसरी ह्यामिल्टन र गण्डकीमाहात्म्य स्रोतहरूबाट यो मन्दिर मुकुन्द सेन कै समयमा स्वयं उनले नै स्थापना गरेको भन्ने पुष्टि हुन आउँदछ । यस मन्दिरभित्र रहेको चक्रशिलाको सन्दर्भमा पनि विविध भनाइ पाइन्छन् ।

मुकुन्देश्वर महादेव मन्दिरको ठीक अगाडि मन्दिरभित्र चक्रवर्ती-शिला विशेष प्रकारको चक्र शिला छ । (फोटो नं ८) यस शिलाको लम्बाई, चौडाई, गोलाई क्रमशः ४३", ३०" र ९१" रहेको छ ।[९] यो शिला पहिलोपटक माझीहरूले कालीगण्डकीमा माछा मार्न जाल हाल्ने क्रममा जालमा परेको शिला हो भन्ने त्यहाँको जनश्रुति पाइन्छ र उनीहरूको भनाइमा मुकुन्द सेनको देह हो भनी विश्वास गरिएको पाइन्छ ।[१०] यो शिला चक्रैचक्रले राम्ररी कुँदिएको जस्तो र कछुवाको आकारमा भएको देख्न सकिन्छ ।[११] यस शिलालाई डिल्लीराम मिश्रले ३५/३६ सय वर्ष पुरानो ठानेका छन् । यो शिला राखिएको मन्दिरलाई पनि देवघाटका मन्दिरहरूमध्ये पुरानो

---

५ शोधकर्ताले २०६८ आषाढमा गरेको देवघाटको स्थलगत अवलोकनका आधारमा ।

६ *ऐजन* ।

७ एफ.वी. ह्यामिल्टन, *यान एकाउन्ट अफ द किङ्डम अफ नेपाल,* (न्यु देल्ली : मञ्जुश्री पब्लिसिङ्ग हाउस, सन्. १९८६), पृ. १८५ ।

८ टीकाराम अधिकारी, *गण्डकीमाहात्म्यम,* (दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, २०५५), पृ. २०७ ।

९ शोधकर्ताले २०६८ साल आषाढमा गरेको स्थलगत अवलोकनका आधारमा ।

१० शोधकर्ताले देवघाट बटौलेमा बस्ने वयोवृद्ध नन्दु बोटेसँग २०६८ आषाढमा गरेको भेटवार्ताबाट प्राप्त जानकारी ।

११ शोधकर्ताको २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

ठानिएको छ । संस्कृतिविद् जनकलाल शर्माले यो शिला तेथिस सागरको गर्भभित्र च्यापिएर कैयौं वर्षसम्म कछुवाको हाड दबिएर पाषाणको रूपमा परिवर्तन भएको फोसिल हो भन्ने उल्लेख गरेका छन् ।[१२]

यसरी अद्यावधि धार्मिक महत्त्वले पूजा भइरहेको चक्र-शिलाको ऐतिहासिक र पुरातात्विक महत्त्व झल्किन आउँछ । कछुवाको हाड पाषाणीकरण भएर चक्र-शिलाको रूपमा विकास भएको वैज्ञानिक अनुसन्धानबाट पुष्टि हुने हो भने त्यसबाट धेरै कुराहरू खुल्न जाने देखिन्छ ।

चक्रवर्तीशिला राखिएको मन्दिरभित्र शिलाको चारै कुनामा गणेश, सूर्य, देवी र विष्णुका मूर्तिहरू रहेका छन् । यसरी बीचमा शिव स्वरुप मानिएको चक्रशिला र त्यसको वरिपरि गणेश, सूर्य, देवी र विष्णुका मूर्तिहरू भएको अवस्थालाई शिव पाञ्चायन मन्दिर भनिन्छ ।[१३] यसैअनुसार यस मन्दिरमा पनि चक्रवर्ती-शिलालाई बीचमा पारेर शिव पाञ्चायन मन्दिर स्थापना गरेको हुन सक्छ । यसको पुष्टि अद्यावधि त्यहाँ रहेका पाँच मन्दिरमध्ये ४ वटा मन्दिरहरूको भग्नावशेषबाट स्पष्ट हुन्छ ।[१४]

मुकुन्देश्वर मन्दिर वर्गाकार आकारमा बनेको छ र एउटा आधारपेटीमाथि उठाइएको छ । आधारपेटी जमीनभन्दा अलि अग्लो देखिन्छ । त्यसैले सिंढीहरू चढेर मात्र मन्दिरद्वारमा पुग्न सकिन्छ । मन्दिर पनि वर्गाकार स्वरूपमा बनेको छ । मन्दिरको गर्भगृहमा चक्र आकृतिको शिला भएको हुँदा[१५] यसै शिलाको आधारमा यो मन्दिरलाई चक्रेश्वर महादेव मन्दिर भन्ने गरिएको पाइन्छ । यस शिलामा विभिन्न चिन्हहरूका साथै ओमकारको चिन्ह जस्तो देखिन्छ । यस चक्रशिलाको सन्दर्भमा अन्य भनाइहरू यसप्रकार रहिआएको पाइन्छ :

पाल्पाका राजा मुकुन्द सेन शत्रुको आक्रमण हुँदा पश्चिमतर्फबाट भाग्दै आई हाल मन्दिर भएकै ठाउँमा घोप्टो परी शिलामा परिणत भए । (फोटो नं ९) हाल देखिने शिला उनै मुकुन्द सेन घोप्टो परी बसेको शरीर हो ।[१६] योगी नरहरीनाथको भनाइ अनुसार "मकवानी सेन

---

[१२] नारायणप्रसाद तिम्सिना, *देवघाटक्षेको सांस्कृतिक अध्ययन,* (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०६४), पृ. ११४ ।

[१३] जगमान गुरुङ, *नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रस्रवण क्षेत्रका तीर्थ स्थलहरूको विश्लेषणात्मक अध्ययन,* (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०६१), पृ. १७६।

[१४] शोधकर्ताले २०६८ भाद्रमा गरेको देवघाटको स्थलगत अध्ययनबाट ।

[१५] *ऐजन* ।

[१६] विष्णुप्रसाद घिमिरे, *पाल्पाराज्यको इतिहास,* (भाग २), (चितवन : चितवन अध्ययन केन्द्र, वि.सं. २०५६), पृ. ५ ।

वंशका पाल्पाका राजा (मुनि) मुकुन्द सेन प्रथमले १२ वर्षसम्म राज्यवृद्धिका लागि कठोर तपस्या गरी शिवको दर्शन पाएको र तपस्या पछि उनले खड्ग प्राप्त गरेर पूर्वमा वराहक्षेत्र, दक्षिणमा हरिहरक्षेत्र, पश्चिममा रुरुक्षेत्र र उत्तरमा मुक्तिक्षेत्रसम्म विजय गरी चक्रवर्ती बनेर लामो समयसम्म राज्य गरी अन्तमा पुत्रलाई राज्य दिएर देवघाटमा आफूले स्थापना गरेको चक्रवर्ती मन्दिरमा गई शिलामा लीन भए "।[१७]

जीवनको अन्तिम समयतिर देवघाटमा आई तपस्या गरेका मुकुन्द सेन प्रथमको देवघाटमा नै परमधाम भयो । यसको केही समय पछि एक माझीले सपनामा उनको दर्शन र उपदेश पाए । त्यसको भोलिपल्ट कालीगण्डकीमा जाल हान्दा जाल पटक पटक परी चक्रशिला आए छ । माझिले त्यसलाई श्रद्धा र भक्ति पूर्वक ल्याई राख्दा उनलाई सपनाबाट मुकुन्द सेनको आश्रममा राख्नु भन्ने भएपछि हालको मन्दिरमा राखिएको हो भन्ने किंबदन्ति छ यसरी "मुनि मुकुन्द सेन शिलामा परिणत भएका हुन्" भनी मुकुन्द सेनलाई 'मुनिभया' भनी उल्लेख गरिएको छ ।[१८] त्यसपछि उक्त शिलालाई पूजा र आराधना गर्न थालेको पाइन्छ।[१९]

त्यसैगरी डिल्लीराज शर्माले चक्रशिलालाई मुकुन्द सेनको शिर भएको किंवदन्तीको चर्चा गरेका छन् । पुरातत्वविद् जनकलाल शर्माका अनुसार यो चक्रवर्ती शिला तेथिस नामक समुन्द्रको गर्भभित्र च्यापिएर कयौं वर्षसम्म रहेको कछुवाको हाडको अवशेष दबिएर पाषाण रूपमा परिवर्तन भई बनेको शिला भएको कुरा चर्चा गरेको कुरालाई समेत उद्धृत गर्दै विष्णुप्रसाद घिमिरेले आफ्नो पुस्तकमा राजकाज त्यागी देवघाटमा तपस्वी जीवन बिताएका मुकुन्द सेनले सोही समयमा आफ्नै नामबाट "मुकुन्देश्वर महादेव" स्थापना गरी एक ढुङ्गे मन्दिर बनाएका थिए" भनी उल्लेख गरेका छन् ।

यसअनुसार जनकलाल शर्माले लामो समयसम्म समुन्द्रमा च्यापिएको कछुवाको हाडको अवशेष दबिएर अन्तमा शिलामा परिणत भएको पनि हुन सक्दछ भने अर्कोतिर वि.सं. १५७५-१६१० भित्र देवघाट पनि पाल्पाली राज्यअन्तर्गत पर्ने र उक्त समयमा मुकुन्द सेन प्रथम यहाँ आइ धार्मिक कार्यहरू गरेको कुरा धेरै पुस्तकहरूमा उल्लेख गरिएबाट सम्भवतः यो मन्दिर र मन्दिरभित्र रहेको शिला (प्राकृतिक रूपमा, निर्मित)

---

[१७] योगी नरहरिनाथ, *देवभूमि भारत एवं आध्यात्मिक नेपाल,* (पहिला भाग), (जूनागढ : शिवगोरक्षनाथ मन्दिर गिरनार तलेटी, गुजरात, २०३८), पृ. ४२ ।

[१८] सुर्यबहादुर सेन, *पाल्पाली सेन,* (काठमाडौं: खडग सेन, २०५९), पृ. ११ ।

[१९] शोधकर्ताले २०६७ असोजमा गरेको स्थलगत अध्ययनका आधारमा ।

नदीमा पाइएको थियो । यसलाई मुकुन्द सेनले निर्माण गरेको मन्दिर बनाई स्थापना गरेको हुन सक्छ । भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।[२०]

स्थापना कालदेखि पूजा गरिँदै आएको यस मन्दिरमा हालसम्म पनि नित्य रूपमा रुद्रीपाठ, पूजा र भजनकीर्तन गरिँदै आएको छ । पूजाको व्यवस्थापन मणि मुकुन्देश्वर व्यवस्थापन समितिबाट हुने गर्दछ । नित्य पूजाको साथसाथै पर्वपूजा र भाकल पूजा पनि यस मनिदरमा गर्ने चलन छ ।  हाल यस मन्दिर वरिपरि १०८ शिवलिङ्ग र मन्दिरको द्वार सामुन्ने वसाहा (नन्दी) को मूर्ति स्थापना गरिएको छ, जुन मूर्तिमा २०६९/८/६ रोज लेखिएबाट सोही मिति स्थापित गरिएको बुझिन्छ । सोही समयमानै देवघाट क्षेत्र विकास समितिले मुकुन्देश्वर मन्दिरको प्राङ्गणमा ढुङ्गा विच्छ्याउनुका साथै यसै क्षेत्र वरिपरि मणिमुकुन्देश्वर पार्क उद्यानको निर्माण गराएको छ । ऐतिहासिक तथा धार्मिक महत्वरहेको यस मन्दिरको अवस्था भने सामान्य किसिमको देखिन्छ ।

### (ख) ज्योतिर्लिङ्गेश्वर शिवालय (हरिहर)

देवघाटधाम, वडा नं. २ तनहुँ गलेश्वरबाबा आश्रमको प्राङ्गणमा यो मन्दिर रहेको छ । यस शिवालय मन्दिरभित्र अत्यन्त प्राचीन मानिएको चतुर्वाहु नारायणको मूर्ति रहेको छ । सम्भवतः यो मन्दिर गलेश्वरबाबाको समय (वि.सं १९९२-२०३२) सालमा जीर्ण अवस्थामा रहेको अनुमान गर्न सकिन्छ । मन्दिर स्थापनाको तिथिमितिसहितको शिलालेख भने कतै उल्लेख गरिएको छैन । यद्यपि यस मन्दिरको ऐतिहासिक पृष्ठभूमिको खोजी गर्ने क्रममा यसै क्षेत्रमा स्थापित वेदवेदाङ्ग विद्यालयमा प्राचार्य भई प्राध्यापन गराएका “केशवराज शर्मा आचार्यका अनुसार यो ज्योतिर्लिङ्ग महादेव (शिवालय) को आकार हाल रहेको मन्दिरको स्वरूपभन्दा बेग्लै प्रकारको रहेको थियो । जसमा हाल रहेको मन्दिरको पेटीमा ‘गारो’ रहेको थियो । गारोमुनि ज्योतिर्लिङ्गेश्वर शिवालयको लिङ्ग रहेको थियो । लिङ्ग राखिएको ठाउँ भने पछि जीर्णोद्धार हुँदा पुरानो मन्दिरको आकारको शैलीको सट्टामा हालको मन्दिर स्थापना गरियो । (फोटो नं १०) उक्त जीर्ण अवस्थामा रहेको मन्दिरलाई समाजसेवी मैयादेवी श्रेष्ठ, दण्डीस्वामी, आशुतोषानन्द सरस्वती र स्वामी परमानन्द सरस्वतीद्वारा समय-समयमा निर्माण गराउँदै ल्याइएको यस मन्दिरलाई गलेश्वरबाबा आश्रमका वर्तमान पीठाधीश आत्मानन्द गिरिले हालको अवस्थामा ल्याएको कुरा अध्ययनका क्रममा ज्ञात हुन आउँदछ । छड र सिमेन्टको प्रयोग गरी निर्माण गरिएको यो मन्दिर आधार पेटीमाथि रहेको छ । मन्दिरको द्वारसम्म पुग्नको निमित्त सिँढीको

[२०] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

प्रयोग गरिएको छ । शिवलिङ्गमाथि उठाएर अरू दायाँवायाँ मूर्तिहरू स्थापना गरिएका छन् ।[२१] गुम्बज र शिखर मिश्रित शैलीमा निर्माण गरिएको यो मन्दिरको वर्तमान सञ्चालक गलेश्वरबाबा आश्रम ट्रष्ट रहेको छ । ज्योतिर्लिङ्गेश्वर शिवालयभित्र अत्यन्त प्राचीन मानिने एउटा चतुर्वाहु नारायणको मूर्ति रहेको छ । ज्योतिर्लिङ्गेश्वर मन्दिरभित्र रहेको शिवालयमा यो वैष्णव मूर्ति पक्कै पनि वैष्णव सम्प्रदायले राखेको हुनुपर्छ । आस्थागत आधारमा यसो भएको हुनसक्छ । विशेषगरि शैव र वैष्णव दुवै सम्प्रदायको निमित्त उत्तिकै आस्थाको रुपमा रहेको यो मन्दिरमा दिनहुँ विहान बेलुका बटुकहरु द्वारा पूजाभैरहन्छ । नित्य पूजा, भाकल पूजाभैरहने यस मन्दिरमा विशेष तिथिहरुमा विशेष पूजासमेत गरिने हुँदा यो मन्दिर धार्मिक दृष्टिकोणबाट निकै महत्वपूर्ण रहेको कुरा स्थलगत अवलोकन एवं अध्ययनबाट अवगत हुन आउँदछ । यो मन्दिरको धार्मिक, आर्थिक तथा भौतिक पक्ष ज्यादै राम्रो देखिन्छ ।

### (ग) श्री पशुपतिनाथ मन्दिर

यो पशुपतिनाथ मन्दिर कालीगण्डकी किनारतर्फ जाने बाटामा पर्दछ । यो मन्दिरको स्थापनाकालको मिति कतै उल्लेख नगरिएको भए तापनि मन्दिर निर्माण वि.सं. २०३६ सालतिर भएको कुरा ज्ञात हुन आउँछ ।[२२] नारायणगढ निवासी मैयादेवी श्रेष्ठद्वारा निर्मित यो मन्दिरको लम्बाई-चौडाइ २५×२५' को आर.सी.सी. पिल्लर स्ट्रक्चरमा गुम्बज तथा शिखरशैलीमा निर्माण गराइएको छ । मन्दिरको गर्भगृहमा पञ्चमुखी शिवलिङ्गको स्थापना गरिएको छ । यो मन्दिरमा सिँढी पार गरी मन्दिरको द्वारसम्म पुगी पूजा गर्ने व्यवस्था मिलाइएको छ । द्वारको ठीक अगाडि पनि शिवलिङ्ग र साँढेको स्थापना गरिएको छ ।[२३] यस मन्दिरमा नित्य पूजाआजाका साथै समयानुकुल भाकल पाठ, पूजादेखि लिएर हवन कार्य समेत गर्दै आइरहेको देखिन्छ । वेनी (त्रिशुली र काली नदिको दोमान तर्फ ) ओर्लने स्थानमा स्थापित यो मन्दिरमा साउने सोमबार बेनीबाट जल ल्याई चढाउने भक्तजनहरुको ठूलो भिडलाग्ने गर्दछ भने शिवरात्रीमा दिप प्रज्वलन गरी रातभर बस्ने भक्तजनहरुको ठूलो भिडलाग्ने गर्दछ । दिनहुँ धार्मिक गतिविधि भइरहने यस मन्दिरको आर्थिक अवस्था राम्रो देखिन्छ ।

---

[२१] शोधकर्ताले केशवराज शर्मा आचार्यसित २०६८ साल माघमा गरिएको भेटवार्ताका आधारमा ।

[२२] शोधकर्ताले २०६८ आषाढमा मैयादेवीसँग गरिएको कुराकानीका आधारमा ।

[२३] शोधकर्ताले २०६८ आषाढमा गरिएको स्थलगत अध्ययनका आधारमा ।

### (घ) श्री हरिहर मन्दिर

यो मन्दिर देवघाट तनहुँस्थित वडा नं. २ मा रहेको छ । यस मन्दिरको निर्माण बाग्लुङ निवासी परमानन्द सरस्वतीबाट भएको हो । यस स्थानमा मन्दिर बन्नुपूर्व परमानन्द सरस्वतीले स्वयम् कुटी बनाइ बसेकोमा पछि उक्त स्थानमा नै मन्दिर बनाएको कुरा अवगत हुन आउँदछ । यसरी २०४२ सालदेखि उक्त स्थानमा कुटी बनाइ बसेका परमानन्दले वि.सं. २०४५ सालमा शिलान्यास गरिएको यो मन्दिरको वि.सं. २०४८ देखि मन्दिर निर्माण कार्य सुरु भई २०५१ मा आएर सत्यप्रकाशानन्द सरस्वतीबाट उद्घाटन भएको कुरा मन्दिरमा रहेको शिलापत्रबाट थाहा हुन आउँदछ ।[२४]

त्रिरथ शैलीमा निर्मित उक्त मन्दिर दुई तले छ । मन्दिरको निर्माण ईंटा, सिमेण्ट र छडको प्रयोग गरी भएको छ । मन्दिरको तल्लो तलामा सङ्गमरमरका शिव, पार्वती, कुमार, गणेश र देवी कालीकाका मूर्तिहरू स्थापना भने माथिल्लो तल्लामा विष्णु, लक्ष्मी, राम, सीता, लक्ष्मण, गायत्री र हनुमानका सिङ्गमरमरका मूर्तिहरू राखिएका छन् । मन्दिरभित्रै ठूलो खुल्ला प्राङ्गण भएकोले श्रद्धालुहरू भक्तजनहरुलाई आवतजावत गर्न र भजनकीर्तनको लागि सजिलो रहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।[२५]

दुईतल्लामा विभक्त यस मन्दिरभित्र तल्लो तल्लाको मूल गर्भगृहमा शिवपार्वतीका मूर्तिहरू राखिएका छन् । सिङ्गमरमरको यस मूर्तिमा शिवको दायाँतिर पार्वतीको मूर्ति रहेको छ । मूर्तिको बायाँतिर स्थान मुद्रामा रहेको गौरीको मूर्तिका साथै आसन मुद्रामा रहेको कुमारको मूर्ति रहेको छ । दायाँतिर गणेशको मूर्ति राखिएको छ । साथै काली र देवीका मूर्तिहरू पनि राखिएका छन् । माथिल्लो तल्लामा विष्णु, लक्ष्मी, राम, सीता, लक्ष्मण, गायत्री र हनुमानका मूर्तिहरू रहेका छन् । मूल गर्भगृहमा विष्णुको मूर्ति रहेको छ । यी सबै मूर्तिहरू सिङ्गमरमरबाट बनेका छन् र सबै मूर्तिहरू नयाँ एवं सुन्दर देखिन्छन् ।

यो मन्दिरभित्र शिव, विष्णु, गणेश र देवीका मूर्ति राखिएबाट यहाँ शैव वैष्णव, शाक्त, गणपत्य सबैका विधिवत् पूजा हुने कुरा मन्दिरका पुजारी बताउनछन् । त्रिरथ शैलिमा निर्मित यस मन्दिरको माथिल्लो भागमा तीनवटा गुम्बज शैलीमा ३ वटा गजुर

---

२४ मन्दिरको शिलान्यास तथा उद्घाटन संबन्धी मन्दिरमा रहेको शिलापत्र ।

२५ शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

सहित ध्वजा राखी मार्वल प्रयोग गरि निर्माण गराइएको छ । यस मन्दिरको गम्बजको उचाई ५ फीट, लम्बाई ८० फीट र चौडाई ४४ फीट रहेको छ । तल-माथि गरी छवटा कक्ष रहेको छ । यो मन्दिर एक करोड सात लाखको लगानीमा निर्माण गरिएको हो ।[२६] (फोटो नं ११) मन्दिरको निर्माणमा परमानन्द सरस्वतीका गुरु हरिद्वार निवासी सत्यप्रकाशानन्द सरस्वतीको पूर्ण सहयोग रहेको कुरा मन्दिर व्यवस्थापनबाट थाहा हुन आउँदछ । यसरी वि.सं २०५१/६/२५ का दिन प्राणप्रतिष्ठासहित स्थापना गरिएको यो मन्दिरको सत्यप्रकाशानन्द सरस्वतीबाट उद्घाटन भएको कुरा थाहा हुन आउँदछ ।[२७]

मन्दिरको कुनै विशेष आयस्रोत छैन । भिक्षा र दान सङ्कलनबाट मन्दिरका सम्पूर्ण क्रियाकलाप सञ्चालन गरिन्छ र मन्दिरको नित्य पूजा विद्यार्थीद्वारा पालैपालो गर्ने चलन रहेको छ । उक्त मन्दिर सञ्चालनको लागि सञ्चालक समितिको पनि व्यवस्था गरिएको छ । हाल ज्ञानानन्द सरस्वती उक्त आश्रमका पीठाधीशका रूपमा रहेका छन् । आकर्षक शैलीमा निर्माण गरिएको यो मन्दिर शैव र वैष्णव दुवै सम्प्रदायको निमित्त निकै महत्वपूर्ण भएको र विहान बेलुका नित्य पूजाको साथै साना ठूला धार्मिक कार्यक्रमहरु समेत भैरहने कुरा स्थलगत अध्ययनबाट अवगत हुन आउँदछ । विभिन्न शिलापत्रहरु राखिएको यस मन्दिरको विशेष ऐतिहासिक तथा धार्मिक महत्व रहेको पाइन्छ । १ विगाहा क्षेत्रफलभित्र रहेको मन्दिरको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको देखिन्छ ।[२८]

### (ङ) श्री चक्रेश्वर शिव मन्दिर

गलेश्वरबाबा आश्रमदेखि उत्तर सीतागुफाको ठीक पूर्वमा प्राकृतिक रूपमा निर्मित शिवलिङ्ग आकृतिको शिला रहेको छ । जसलाई २०५४ वैशाखमा नारायण गिरिले कालीगण्डकी तटबाट ल्याई यस स्थानमा स्थापना गराएको कुरा थाहा हुन आउँदछ । गुम्बज शैलीमा निर्मित यो मन्दिरभित्र उक्त चक्र अङ्कित शिवलिङ्गलाई स्थापित गराइएको छ ।[२९] यस मन्दिरको भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको देखिन्छ । व्यक्तिगतरुपबाट स्थापना

---

[२६] *श्री हरिहर मन्दिर संक्षिप्त परिचय,* (तनहुँ : हरिहर सन्यास आश्रम देवघाटधाम, २०५७), पृ. ५ ।

[२७] शोधकर्ताले २०६८ आषढमा हरिहर सन्यास आश्रमका पीठाधीश स्वामी ज्ञानानन्द सरस्वतीबाट लिएको अन्तर्वार्ताका आधारमा ।

[२८] शोधकर्ताले २०६८ आषाढमा गरेको देवघाटको स्थलगत अध्ययनबाट ।

[२९] शोधकर्ताले देवघाटको स्थलगत अवलोकनका आधारमा ।

गरिएको यो मन्दिरमा दिनहुँ पूजाआजा भैरहने भएतापनि यस मन्दिरको ऐतिहासिक महत्व भने खासै रहेको देखिदैन ।

**(च) श्रीकेदारनाथ (शिवपाञ्चायतन) मन्दिर**

यो मन्दिर तनहूँतर्फको देवघाटस्थित २ नं. वडामा पर्दछ । यो मन्दिरको निर्माण गुल्मी जिल्ला, खड्गकोट निवासी लीलाधर उपाध्याय ढकालद्वारा वि.सं. २०५६ सालमा भएको थियो भने यस मन्दिरको विधिवत् मूर्ति प्राणप्रतिष्ठा वि.सं. २०५७ फागुन महिना शिवरात्रीका दिन भएको हो ।[३०] यहाँ विद्यमान मूर्तिहरू काठमाडौँ राजविराज (सप्तरी), प्रगतिनगर (नवलपरासी) बाट ल्याई स्थापना गरिएका हुन ।[३१] पूजा गर्ने काम स्वयं लीलाधर उपाध्यायले नै गर्दथे । उनको निधनपश्चात् भने उनकै आफन्त व्यक्तिद्वारा पूजा गराउँदै आइरहेको कुरा अध्ययनको क्रममा अवगत हुन आएको छ । यस मन्दिरमा कार्तिक महिना र प्रत्येक एकादशीको दिन विशेष पूजा हुने गर्दछ । भारतको उत्तराञ्चल क्षेत्रमा रहेको केदारनाथ मन्दिरकै अनुसरण गरी यो मन्दिर निर्माण भएको कुरा अवगत हुन आउँदछ । छड, सिमेन्ट र ईंटाको प्रयोग गरी बनाइएको यो मन्दिर वर्गाकारको रूपमा रहेको छ ।

दुईतल्लामा विभक्त यस मन्दिरमा तल्लो तलामा पाञ्चायन देवीदेवता गणेश, सूर्य, शिव, देवी र विष्णुका मूर्तिहरू राखिएका छन् मन्दिरको माथिल्लो तल्लामा गंगा माताको मूर्ति स्थापना गरिएको छ । मन्दिरको माथिल्लो तल्लाबाट गंगाको जलधारा तल्लो तल्लामा बहने व्यवस्था गरिएको छ । मन्दिर एक रोपनी जग्गाभित्र फैलिएको छ । यस मन्दिरको पूजाको लागि दाताहरूद्वारा चन्दा सङ्कलन हुने गर्दछ । उक्त मन्दिरको गूठी जग्गा नभए तापनि मन्दिर भने राम्रोसँग सञ्चालन भएको देख्न सकिन्छ ।[३२] व्यक्तिगत इच्छाद्वारा स्थापित यस मन्दिरको पनि विशेष धार्मिक महत्व रहेको पाइन्छ ।

**(छ) श्री विद्येश्वर (नर्मदेश्वर) शिव मन्दिर**

महेश सन्यास आश्रमको परिसरभित्र रहेको यो मन्दिरको शिलान्यास वि.सं. २०४६ मार्गशीर्ष धान्यपूर्णिमाका दिनमा मन्दिरको उद्घाटन २०६२/१०/२१ मा श्रीपञ्चमीका दिन

---

३० *ऐजन* ।

३१ शोधकर्ताले २०६७ आषाढमा मन्दिरका संरक्षिकासँग गरेको भेटवार्ताका आधारमा ।

३२ शोधकर्ताले २०६७ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

निरञ्जन पीठाधीश पुण्यानन्द गिरिबाट भएको हो ।[३३] छत्रशैलीमा निर्माण गरिएको यो मन्दिर काठमाडौँस्थित पशुपतिनाथ मन्दिर जस्तै चार दिशामा चारवटा ढोकाहरू रहेका छन् । ढोकाहरूमा कलात्मक बुट्टा कुँदिएको छ । मन्दिरको चार सुरमा सिमेन्ट र ईंटाका खम्बाहरू बनाई मन्दिर बनाइएको छ । मन्दिरको भित्री गारो सिमेन्ट साधारण ईंटाहरूद्वारा निर्माण गरिएको भए तापनि बाहिरी गारो तैलीय ईंटाबाट निर्मित छ । मन्दिरको छत ढलान गरिएको छ तर छानो भने तामाको पाताले छाइएको छ ।[३४] यस मन्दिरको निर्माण भारतको मध्यप्रदेशको नर्मदा नदीबाट ल्याइएको प्रस्तर काठमाडौँ र पाटनबाट ल्याइएका तेलिया ईंटाहरूबाट निर्मित छ ।[३५] विद्याकी अधिष्ठात्री देवी सरस्वतीको कालो प्रस्तर मूर्ति पनि शिव मन्दिरको पूर्वतर्फ स्थापित गरिएको छ ।

जमीनदेखि ५२ फीट उचाइमा मन्दिरको चार फीट चार इञ्चमा शिवलिङ्ग स्थापना गरिएको छ । शिवलिङ्ग स्थापना गरिएको वरिपरि पञ्चदेवलका रूपमा नारायण, दुर्गा, गणेश र सूर्यका प्रतिमा स्थापित गरिएका छन् । साथै बाहिरतिर हनुमानजीको कालोप्रस्तर मूर्ति र पूर्व फर्किएको पितलको बसाहाको पनि स्थापना गरिएको छ ।[३६] यस मन्दिरका संस्थापक संरक्षक रामानन्द गिरि हुन् । दिनहुँ धार्मिक गतिविधि भइरहने यस मन्दिरको भौतिक र आर्थिक धार्मिक पक्ष सवल देखिन्छ (फोटो नं १२) ।

### (ज) श्री शिव मन्दिर

देवघाट वडा नं. ४ कालिमाटि मा आमा समूहद्वारा निर्मित यो मन्दिर २०५६ सालमा प्रारम्भ भई २०५७ सालमा सम्पन्न भएको कुरा थाहा हुन आउँदछ ।[३७] सामान्य किसिमको यस मन्दिरको अध्यक्षमा हाल देवघाट निवासी शर्मिला आले भएको अवगत हुन आउँदछ । यस मन्दिरको भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको छ ।

[३३] मन्दिरमा रहेको शिलालेखबाट ।

[३४] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[३५] महेश संस्कृत गुरुकुल विद्यापीठका प्राचार्य डा. गुरुप्रसाद सुवेदीबाट प्राप्त जानकारीका आधारमा ।

[३६] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा

[३७] शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत अध्ययनका आधारमा ।

### (झ) श्री नीलेश्वर शिव मन्दिर

देखघाट वेणी सङ्गम जाने बाटोदेखि पूर्व-उत्तर छेउमा यस मन्दिरमा नीलो स्वरूपमा समाधिस्थ भएर बसेको शिवजीको तीन फुटमा बनेको मूर्ति स्थापना भएको छ । यसलाई संस्थापना गर्ने व्यक्ति अघोरीबाबा हुन् । मन्दिर सामान्य अवस्थामा छ ।[३८]

## ३.२.२ वैष्णव मन्दिरहरू

तनहुँको तुलनामा चितवन र नवलपरासीमा बढी मात्रामा वैष्णव सम्प्रदायका मन्दिरहरू रहेका छन्, जसको निम्नानुसार चर्चा गरिएको छ :

### (क) श्री सत्यनारायण मन्दिर

यो मन्दिर देवघाटधाम, वडा नं. २, तनहुँ चक्रवर्तीशिला मुकुन्द सेन महादेव मुकुन्देश्वर मन्दिरकै दक्षिणतर्फ अवस्थित छ । यस मन्दिरको स्थापना वि.सं. २०४५ मा भएको हो । यस मन्दिरको स्थापना सरस्वतीदेवी भक्तिनी माईबाट भएको हो । उनले यस मन्दिरको निर्माणमा आफ्नो पुर्ख्यौली सम्पत्तिबाट गराएको कुरा अवगत हुन आउँदछ ।[३९] यस मन्दिरमा सत्यनारायण भगवान्का फोटा र मूर्तिहरू तथा शालग्राम शिलाहरूका साथै पादुका (चरण) राखिएका छन् । यहाँ दिनहुँ पूजा हुने गर्दछ । यहाँ पुजारी नभएकाले आफै भक्तिनी माई सरस्वती देवीबाट पूजा हुँदै आइरहेको छ ।[४०] यस मन्दिरको आर्थिक अवस्था भने त्यति राम्रो देखिँदैन । छड, सिमेन्ट र ईंटा प्रयोग गरी निर्माण गरिएको यो मन्दिर गोलाकार शिखर शैलीमा निर्मित छ ।[४१] द्वारसम्म पुग्नको निमित्त सिँढीको प्रयोग गरिएको छ । व्यक्तिगत चाहना अनुरुप निर्माण गरिएको यस मन्दिरको धार्मिक तथा आर्थिक अवस्था भने सामान्य देखिन्छ ।

---

[३८] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[३९] शोधकर्ताले २०६८ आषाढमा सत्यनारायण मन्दिरकी संरक्षिका सरस्वतीदेवी भक्तिनी माईबाट प्राप्त जानकारीका आधारमा ।

[४०] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[४१] ऐजन ।

### (ख) श्री लक्ष्मीनारायण मन्दिर

देवघाट गा.वि.स., वडा नं. २ डुँडे गाउँमा २०४५ सालमा रामानुज सम्प्रदायका वैष्णव बलरामदास वस्नेतले यो मन्दिरको निर्माण गराएका हुन् । झिँगटी र जस्ता छाना प्रयोग गरिएको यस मन्दिरमा लगभग ४ फीट अग्ला हनुमान र गरुडको मूर्ति बाहिरपट्टि काठको फल्याकमा स्थापना गरी विभिन्न रंगले रङ्ग्याइएको र ३ फीट अग्लो नारायण र लक्ष्मीको प्रस्तर मूर्ति स्थापना गरिएको छ ।[४२] व्यक्तिगत तवरबाट निर्माण गरिएको यस मन्दिरमा नित्य पूजा हुनुको साथसाथै विशेष अवसरमा लक्ष्मी नारायणको विशेष पूजा, भाकल पूजा र पर्व पूजाहुने गर्दछ । यस मन्दिरको खासै ऐतिहासिक महत्व भने नभएतापनि धार्मिक महत्व भएको र मन्दिर सामान्य अवस्थामा रहेको कुरा स्थलगत अध्ययनबाट अवगत हुन आउँदछ ।

### (ग) श्री सीताराम मन्दिर

यो मन्दिरको शिलान्यास रामानन्दी वैष्णव सम्प्रदायका स्वामीबाट वि.सं. २०४८ वैशाखमा भएको कुरा हालकी संरक्षिका भगवद्दासी वैष्णवी माताबाट थाहा हुन आउँदछ । मन्दिरको माथिल्लो भागमा सानो गुम्बज शिखराकृति रहेको यो मन्दिर एक तल्ले छ । मन्दिरको निर्माण ईंटा, सिमेन्ट र छडको प्रयोगबाट भएको छ । २०४९ सालमा आएर विधिवत् रूपमा सम्पन्न भई पूजा प्रारम्भ भएको यो मन्दिरको गर्भगृहमा सीता र रामको सिङ्गमरमरको साना-साना मूर्तिहरू रहेका छन् ।[४३] काशीबाट राम, सीता, लक्ष्मण र हनुमानका चार मूर्ति ल्याई स्थापना गरिएको हो ।[४४] यस मन्दिरका संस्थापक सेतेबाबा बलराम दास हुन् । यसमा भगवद्दासी वैष्णवी माताबाट नित्य पूजा हुने गर्दछ । १ विगाहा ३ रोपनी जग्गामा फैलिएको यो मन्दिरमा विशेष पर्वमा पूजाआजा पनि हुन्छ । पर्व पूजाको व्यवस्थाका लागि व्यवस्थापन समिति पनि रहेको छ । यस मन्दिरका पुजारीहरू फेरिरहने व्यवस्था छ । यस मन्दिरको आर्थिक, भौतिक तथा धार्मिक अवस्था राम्रो देखिन्छ ।

---

[४२] *ऐजन* ।

[४३] शोधकर्ताले २०६८ आषाढमा मन्दिरकी संरक्षिका भगवद्दासी माताजीबाट प्राप्त जानकारीका अधारमा ।

[४४] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

### (घ) श्री सङ्कटमोचन हनुमान मन्दिर

सीताराम मन्दिर प्रवेशद्वारको दायाँतर्फ सङ्कटमोचन हनुमानको मूर्तिसहितको मन्दिर रहेको छ । २०६० सालमा भगवद्दासीद्वारा स्थापना गराइएको यो मन्दिर छत्रशैलीमा रहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।[४५] नित्य पूजाअर्चना गरिने यस सङकटमोचन हनुमानको मन्दिरमा रामनवमिका दिन विशेष पूजाहुने गर्दछ । यस मन्दिरको भौतिक तथा आर्थिक तथा धार्मिक अवस्था राम्रो देखिन्छ ।

### (ङ) श्री सत्यनारायण मन्दिर

देवघाट वडा नं. २ मा यो सत्यनारायण मन्दिर रहेको छ । वि.सं. २०४२ सालमा जग्गा धनी उदयकान्त पराजुलीले फलाहारी नारायणाचारीलाई यो जग्गा उपलब्ध गराएको र यसै जग्गामा नै स्वयं जग्गाधनी उदयकान्त पराजुलीले वासस्थानको निमित्त कुटी निर्माण गरी विभिन्न व्यक्तिहरूको आर्थिक सहयोगमा सोही स्थानमा नै मिश्रित शैलीको यो मन्दिर निर्माण गराइएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । उक्त सत्यनारायण मन्दिरको निर्माणार्थ भ.न.पा. ९ शरदपुर निवासी डिल्लीराज वाँस्तोला र देवघाटधाम निवासी टंकप्रसाद भुषालको आर्थिक लगानीमा मूर्ति कुद्न लगाई वि.सं. २०६० वैशाख अक्षय तृतीयाका दिन सत्यनारायण मन्दिरभित्र मूर्तिको प्राणप्रतिष्ठाको कार्य सम्पन्न भएको थियो ।[४६] यस मन्दिरभित्र हरिको प्रतीक स्वरूप श्रीसत्यनारायणको मूर्ति, धातुमूर्ति, गोदाम्बा भगवती, श्रीरामानुजाचार्यको मूर्तिका साथै १५ फीटको गरुडस्तम्भ पनि स्थापना भएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । यस मन्दिरका संस्थापक, संरक्षक फलाहारी नारायणाचारी हुन् । आकर्षक शैलीमा निर्माण गराईएको यस मन्दिरमा नित्य पूजा प्रवचन हुनुका साथसाथै विशेष पर्वहरुमा बैष्णव प्रद्वतिद्वारा सत्यनारायणको प्रतिमामा पूजा गर्ने गरिन्छ । धार्मिक परियोजनाको निमित्त निर्माण गराइएको यस मन्दिरको खासै ऐतिहासिक महत्व नरहेतामा पनि धार्मिक महत्व भने निकै बढी भएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । मन्दिरको आर्थिक तथा धार्मिक, भौतिक पक्ष राम्रो रहेको देखिन्छ ।

---

[४५] देवघाटधत्राम निवासी टंकप्रसाद भूषालबाट प्राप्त जानकारीका आधारमा ।

[४६] देवघाटधाम निवासी टंकप्रसाद भुषालबाट प्राप्त जानकारीका आधारमा ।

### (च) श्री बद्रिनारायण मन्दिर

बद्रिनारायण मन्दिर देवघाटधाम तनहूँ स्थित वडा नं. २ झोलुङ्गे पुलको ठीक पूर्व रहेको छ । श्री रामानुज वैष्णव सम्प्रदायअन्तर्गत पर्ने यो मन्दिर अर्जुन सिटौलाद्वारा किनिएको जग्गामा वि.सं. २०५५ सालबाट निर्माण कार्य प्रारम्भ गरी २०६२ वैशाख अक्षय तृतीयाका दिन मन्दिरभित्र राखिएका मूर्तिहरूको प्राणप्रतिष्ठा गरिएको कुरा भित्तामा रहेको शिलापत्रबाट थाहा हुन आउँदछ ।[४७]

मिश्रितशैलीमा निर्मित यो मन्दिर ईंटा, सिमेन्ट र छडको प्रयोग गरी निर्माण भएको छ । मन्दिरको गर्भगृहमा बद्रिनारायण, लक्ष्मी, नारद, कुवेर र गंगा यमुनाका मूर्तिहरू रहेका छन् । यी मूर्तिहरू ढुङ्गाबाट निर्मित छन् भने भूदेवी र रामानुजाचार्यका धातुका मूर्तिहरू राखिएका छन् । मूलद्वारमा दुवैतिर शङ्ख, चक्र, गदा र पद्म लिएका विष्णुको मूर्ति राखिएको छ भने पाञ्चायन देवता ब्रह्मा, गणेश, शिव र देवीका मूर्तिहरू राखिएका छन् । पाञ्चायन देवताहरू राख्ने दिशाहरू मिलेको पाइँदैन । मन्दिरमा सूर्यको सट्टा ब्रह्मालाई राखिएको छ । उक्त मन्दिरका निर्माण धनगढी निवासी अर्जुन सिटौलाले गरेका हुन् । हाल उनको वैकुण्ठवास (निधन) भइसकेको छ । हाल मन्दिरका पुजारी अर्जुन काफ्ले रहेका छन् ।

यहाँ स्थापना भएका शिला वा मूर्ति भारत उत्तराखण्ड वदरीनाथबाट ल्याइएका ब्रह्म कपालीको प्रस्तर मूर्ति तथा काठमाडौंबाट ल्याइएका बदरीनारायण वदरी पाञ्चायनका मूर्तिहरू, ब्रह्माजी, देवी, शिवजी, त्रिशूली र कृष्णागण्डकीका मूर्तिहरू देवर्षि नारद (अर्चक), कुवेर (सञ्चालक) को मूर्ति स्थापित गरिएका छन् । वद्री पञ्चायतनमा (१) नारायण, (२) उद्धव, (३) कुवेर, (४) लक्ष्मी र (५) गणेशका मूर्तिहरू रहेका छन् ।[४८] यस वदरीनारायण मन्दिरभित्र विभिन्न मूर्तिहरू रहेका छन् । मूल गर्भगृहमा शङ्ख, चक्र, गदा र पद्म लिएका विष्णु छन् भने विष्णु पछाडि सातवटा फणा भएको शेषनागको छत्र छ । साथै कृष्ण, ऋषिमुनिहरू गङ्गाजमुनाका मूर्तिहरूका साथै रामानुजाचार्यको पनि मूर्ति राखिएका छन् । सबै मूर्ति नयाँ हुन् । कालो देखिए तापनि मूर्तिहरू सबै ढुङ्गाबाट बनेका हुन् ।

यस मन्दिरको पूजाआजा पाञ्चरात्र आगमअनुसार वा बद्रीनारायण उत्तराखण्डस्थित मन्दिरमा जुन पद्धति अपनाइएको छ त्यही पद्धतिअनुसार पूजा हुने गरेको कुरा मन्दिरका पुजारी बताउनु हुन्छ । १३ रोपनी क्षेत्रफलमा रहेको यो मन्दिरको संरक्षिकाको रूपमा संस्थापक अर्जुन

[४७] श्रीबदरीनारायण मन्दिरको भित्तामा राखिएका शिलापत्र ।

[४८] शोधकर्ताले २०६९ असारमा गरेको स्थलगत अध्ययन र बद्रीनारायण मन्दिरमा पुजारी अर्जुन काफ्लेसँग लिएको अन्तवार्ताका आधारमा ।

सिटौलाकी धर्मपत्नी सुशीला सिटौला रहेको कुरा थाहा हुन आउँदछ ।[४९] यस मन्दिरको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको छ ।

### (छ) श्री राधाकृष्ण मन्दिर

यो मन्दिर देवघाट, वडा नं. २, तनहुँमा रहेको छ । यो मन्दिरको स्थापना वि.सं. २०५६ सालमा भई २०६० साल वैशाख अक्षय तृतीयाका दिनमा पूरा भएको कुरा अवगत हुन आउँदछ ।[५०] यस मन्दिरको शिलान्यास तथा उद्घाटन गलेश्वरबाबा आश्रमका पीठाधीश आत्मानन्द गिरिद्वारा भएको थियो ।[५१] यसै मन्दिरकी संरक्षिका पद्मादेवी भूर्तेलको लगानीमा निर्माण गरिएको यो मन्दिर वर्गाकार स्वरूपमा बनाइएको छ र यसको माथिल्लो भागमा गुम्बज शैली देखाउन खोजिएको छ । गर्भगृहमा मार्वलद्वारा निर्मित राधाकृष्णको मूर्ति छ ।[५२] नित्य पूजाप्रवचन गरिने यो मन्दिरको ऐतिहासिक महत्व खासैनभएता पनि मन्दिरको भौतिक र आर्थिक तथा धार्मिक अवस्था राम्रो देखिन्छ ।[५३] (फोटो नं १३)

### (ज) राम मन्दिर

गलेश्वरबाबा आश्रमको परिधिभित्र भक्तिटोलमा रहेको यो मन्दिरको कुनै शैली देखिँदैन । यो मन्दिरको स्थापना लमजुङ निवासी वैष्णव सम्प्रदायकी शारदा दासीले वि.सं. २०५३ मा गरेको थाहा हुन्छ ।[५४] यस मन्दिरको गर्भगृहमा राम र सीताको मूर्ति राखिएको छ । यस मन्दिरको कुनै पनि गूठी जग्गा रहेको छैन । सानो आकारमा रहेको यस मन्दिरको संरक्षक गलेश्वरबाबा आश्रम ट्रष्टबाट भइरहेको छ ।[५५]

---

४९ सुशीला सिटौलासँग २०६८ आषाढमा शोधकर्ताले लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा ।

५० मन्दिरको भित्तामा राखिएको शिलापत्रबाट प्राप्त जानकारीका आधारमा ।

५१ शोधकर्ताले २०६८ आषाढमा मन्दिर निर्माता एवमं संरक्षिका पद्मादेवी भुर्तेलद्वारा प्राप्त जानकारीका आधारमा ।

५२ शोधकर्ताले २०६८ असारमा गरेको स्थलगत अवलोकनका आधारमा ।

५३ *ऐजन* ।

५४ राधाकृष्ण मन्दिरको भित्तामा राखिएको शिलापत्र अनुसार ।

५५ शोधकर्ताले २०६८ आषाढमा मन्दिरकी संस्थापिका शारदादासीसँग लिएको जानकारीका आधारमा ।

### ३.२.३ शाक्त मन्दिरहरू

तनहुँ र नवलपरासीको तुलनामा चितवनमा बढी शाक्त मन्दिरहरू रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

**(क) श्री कालिका मन्दिर**

देवघाटक्षेत्रअन्तर्गत वडा नं. ४ मा यो मन्दिर पर्दछ । काठको चारसुरमा थाम राखी ईंटा, माटोको गारो र काठको चारपाखे छाना राखी निर्माण गराइएको यस मन्दिरको सन्दर्भमा वि.सं २०११ बाट भएको वस्ती विस्तारपश्चात् पानी नपरेको हुँदा स्थानीय गुरुङ् मगरहरूले उक्त स्थानमा रहेको विशाल प्रस्तरलाई कालीको रूप मानी पञ्चबली दिएर पूजा गर्ने गरेको कुरा स्थानीय बूढापाकाहरू बताउँदछन् ।[५६] २०२५ सालमा निर्माण गराइएको यो मन्दिर मार्गशुक्ल पूर्णिमाका दिन पञ्चबली दिने र मन्दिरको फूल खाटमा राखेर खटयात्रा गरी भव्य रूपमा कालिकाको प्रस्तरशिलामा पूजा गरी जात्रा मनाउने परम्परा रहेको कुरा स्थलगत अध्ययन भ्रमण र अवलोकनबाट थाहा हुन आउँदछ । कालिमाटीका मगर र पिपलटारका गुरुङ् यहाँका पुजारीका रूपमा रहेका छन् ऐतिहासिक महत्व समेत झल्कने यस मन्दिरमा नित्य पूजाभैरहने भएता पनि यस मन्दिरको धार्मिक महत्व भने त्यत्ति प्रभावकारी हुन नसकेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । यस मन्दिरको धार्मिक, भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको छ ।[५७]

**(ख) कमला (सिद्धकाली) मन्दिर**

देवघाटक्षेत्रअन्तर्गत वडा नं. ४ गौरीटार तथा झारखाने (गुइटार) गाउँमा ढुङ्गा-माटोद्वारा निर्मित यो मन्दिर चारपाखे छानाको छ । जसभित्र प्राकृतिकशिला स्वरूपका मूर्तिहरू रहेका छन् । निर्माण मिति फेला नपरेको यस मन्दिरको अवस्था सामान्य रहेको देखिन्छ ।[५८]

---

[५६] शोधकर्ताले २०६८ श्रावणमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[५७] *ऐजन* ।

[५८] *ऐजन* ।

### (ग) दुर्गा पाञ्चायन मन्दिर

यो मन्दिर देवघाटक्षेत्रअन्तर्गत वडा नं. २ मा पर्दछ । बीचमा दुर्गा स्थापित गरी वरिपरि शिव, गणेश, सूर्य, विष्णुका मूर्ति राखी २०४९ सालमा प्राणप्रतिष्ठासहित उद्घाटन गरिएको यो मन्दिर बालकृष्ण रेग्मीद्वारा प्रदान गरिएको एक रोपनी जग्गामा निर्माण गराइएको हो ।[५९] गायत्री र राधाकृष्णको मूर्तिसमेत रहेको यो मन्दिर श्रद्धालु भक्तजनहरूको आर्थिक सहयोगबाट निर्माण गरिएको हो । संस्थापक विष्णुबल्लभ भूसालद्वारा स्थापित यस मन्दिरको भौतिक, आर्थिक तथा धार्मिक अवस्था सामान्य रहेको देखिन्छ ।[६०]

### (घ) नारायणी मन्दिर

सत्यनारायण मन्दिरको दक्षिण भागमा श्री नारायणी मन्दिर रहेको छ । वि.सं. २०५७ सालबाट निर्माण कार्य प्रारम्भ भई २०५८ सालमा प्राणप्रतिष्ठा सम्पन्न गरिएको यो नारायणी मन्दिर सत्यनारायण मन्दिरको स्वामित्वमा रहेको छ ।[६१] यसको संरक्षकका रूपमा सत्यनारायण मन्दिरका संस्थापक नारायणाचारी हुन् । यस मन्दिरभित्र आकर्षक देवीको शिला राखिएको छ । धादिङ् निवासी तारानाथ ढुङ्गानाको लगानीमा सानो शिखरशैलीमा निर्मित यो मन्दिरको अवस्था सामान्य देखिन्छ ।[६२]

### (ङ) गंगामाता (नारायणी) मन्दिर

गलेश्वरबाबा आश्रमबाट वेणीतर्फ झर्ने ओरालोमा पशुपतिनाथ मन्दिरको ठीक अगाडि यो गंगामाता (नारायणी) को मन्दिर रहेको छ । यस मन्दिरको शिलान्यास २०५५ साल माघ महिनामा भई २०५७/१/८ मा निर्माण सम्पन्न भएको थियो । यस मन्दिरको प्राणपतिष्ठासहित उद्घाटन आत्मानन्द गिरिद्वारा भएको थियो ।[६३] मिश्रित शैलीमा निर्माण गरिएको यो मन्दिरको निर्माण काठमाडौँ निवासी विजयश्री गौतम माताद्वारा भएको हो । मन्दिरको गर्भगृहमा गंगामाताको मूर्तिसहित दाताको सालिक तथा कार्तिकेय (कुमार) को मूर्ति पनि स्थापना

---

[५९] मन्दिरका संस्थापक रामराम विष्णुबल्लभ भुसालबाट प्राप्त जानकारीका आधारमा ।

[६०] *ऐजन* ।

[६१] शोधकर्ताले मन्दिर निर्माता देवघाट निवासी तारानाथ ढुङ्गानासँग २०६८ मंसीरमा लिएको अन्तर्वार्ताका आधारमा गरेको अन्तर्वार्ताका आधारमा

[६२] शोधकर्ताले २०६८ मंसीरमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[६३] देव विनायक गणेश मन्दिरको भित्तामा राखिएको शिलापत्रका आधारमा ।

गरिएको छ । मन्दिरको दायाँतर्फ मन्दिर निर्माताको पति अग्निहोत्री यज्ञपाणि गौतमको सालिक रहेको छ । गलेश्वरबाबा आश्रमको संरक्षणमा रहेको यस मन्दिरको नित्य पूजा गलेश्वरबाबा आश्रमकै पुजारीद्वारा हुने गरेको छ । यस मन्दिरकी संस्थापिका विजयश्री गौतम हुन् । नित्य पुजाआजा भैरहने मन्दिरको भौतिक तथा धार्मिक, आर्थिक अवस्था राम्रो रहेको देखिन्छ ।[६४]

## ३.२.४ गणपत्य (गणेश) मन्दिर

तनहूँ र नवलपरासीको तुलनामा चितवनमा उल्लेखनीय मात्रामा गणपत्य (गणेश) का मन्दिरहरू रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ ।

### (क) श्री देवविनायक गणेश मन्दिर

देवघाट तनहुँस्थित झोलुङ्गे पुलदेखि केही पर सानो बजारको सामुन्ने देवविनायक गणेश मन्दिर रहेको छ । २०६६ साल वैशाख १ गते यस मन्दिरको निर्माण गरिएको हो ।[६५] आमासमूह, टोलसुधार समिति एवं भक्तजनहरूको आर्थिक सहयोगबाट निर्मित यो मन्दिरमा गणेशको मूर्ति राखिएको छ । छत्रशैलीमाथि गजुर राखिएको यो मन्दिरभित्रको मूर्ति काठमाडौँबाट झिकाइएको हो ।[६६] दिनहुँ पूजा भइरहने यस मन्दिरको पूजा एवं पुजारीलाई मासिक पारिश्रमिक दिने व्यवस्था आमासमूहबाट मिलाइएको थाहा भएको छ ।[६७] यस मन्दिरको आर्थिक तथा भौतिक अवस्था सामान्य रहेको छ ।

माथि उल्लेख गरिएका मन्दिरहरू बाहेक तनहुँतर्फ अन्य मन्दिरहरू पनि रहेका छन् । ती मन्दिरहरूले खासै महत्त्वपूर्ण स्थान नओगटेको र चर्चामा पनि खासै नआएको हुँदा त्यस्ता मन्दिरहरूको लामो व्याख्या नगरी नाम मात्र उल्लेख गरिएको छ । जसमा वडा नं. २ गलेश्वरबाबा आश्रमको परिसरमा रहेको शिव मन्दिर (गङ्गेश्वर महादेव), देवपुर गाउँ, वडा नं. २ मा रहेको श्री वराहलक्ष्मी (भूवराह) मन्दिर, गौरीटार, वडा नं. ४ मा रहेको श्री कुलेश्वर महादेव मन्दिर, गौरीटार, वडा नं. ४ मा रहेको सिद्धिविनायक गणेश मन्दिर, देवपुर, वडा नं. २ मा रहेको गौरीगणेश मन्दिर, गौरीटार, वडा नं. ४ मा रहेको कालिका

---

[६४] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[६५] गंगामाता मन्दिरका भित्तामा रहेको शिलापत्रका आधारमा ।

[६६] देवघाट तनहुँ निवासी आमासमूहकी अध्यक्ष विजयकला घिमिरेबाट प्राप्त जानकारीका आधारमा ।

[६७] देवविनायक गणेश मन्दिरका पुजारी खेमराज मिश्रबाट प्राप्त जानकारीका आधारमा ।

मन्दिर, पिपलटार, वडा नं. ४, पिपलटार, क्यूँदीमा रहेको तीनकन्या (त्रिकन्यादेवी) मन्दिर र तनहुँ, वडा नं. २ मा रहेको वस्ताकोटि कुलदेवता मन्दिर आदि रहेका छन् । माथि उल्लेखित गरिएका सम्पूर्ण मन्दिरहरु मध्ये मुकुन्देश्वर मन्दिर ज्योतिर्लिडगेश्वर मन्दिर ऐतिहासिक दृष्टिकोणबाट पनि महत्वपूर्ण देखिन आउँदछ भने त्यस पछि बनेका सबै मन्दिरहरु व्यक्ति, समुदाय मिलेर धार्मिक परियोजनाको निमित्त मात्र बनाइएको हुँदा खासै ऐतिहासिक महत्व नपाइएतापनि धार्मिक महत्व भने रहेको कुरा स्थलगत अध्ययन भ्रमण अवलोकनबाट ज्ञान हुन आउँदछ ।

### ३.२.५ महत्त्वपूर्ण कला र मूर्तिहरू

देवघाटक्षेत्रमा विभिन्न मन्दिर, मन्दिर प्राङ्गण र आश्रमहरूमा विभिन्न मूर्तिहरू रहेका छन् । ती मूर्तिहरूले देवघाटक्षेत्रको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वलाई श्रीवृद्धि गरेको छ । यहाँ रहेका मूर्तिहरू १९-२० औं शताब्दीदेखिका छन् । अझ वागीश्वरी क्षेत्रका मूर्तिहरूलाई सेनकालीन मान्ने हो भने उक्त क्षेत्रमा भएका मूर्तिहरूको समयलाई मध्यकालमा लान सकिन्छ । यहाँ गलेश्वरबाबा आश्रममा रहेको मूर्तिका साथै अघोरी आश्रममा भएका मूर्तिहरूको चर्चा गरिएको छ ।

**गलेश्वर आश्राम भित्र रहेका मूर्तिहरु**

**(क) श्री चतुर्वाहुनारायणको मूर्ति**

कालीगण्डकी र त्रिशूलीको संगमदेखि उत्तरपट्टि त्रिकोणात्मक पहाडको छेउमा हर र चतुर्वाहु नारायणका मूर्ति स्थापना गरी बनाइएका पुरानो मन्दिरमध्ये 'हरि' नामले पूजिने चतुर्वाहु नारायणको प्रस्तर मूर्ति अलपत्र पर्दा त्यसलाई पनि हर अथवा शिवकै मन्दिरभित्र राखिएको थियो । हाल यो मूर्तिलाई गलेश्वरबाबा आश्रम परिसर ज्योतिर्लिङ्गेश्वर महादेव शिवालय मन्दिरभित्र राखिएको छ । देवघाटधाममा रहेका मूर्तिहरूमध्ये यो मूर्तिलाई सर्वाधिक पुरानो मूर्ति मानिएको छ (फोटो नं १४) । यस मूर्तिलाई जनकलाल शर्माले तेश्रो-चौथो शताब्दीतिरको मानेका छन् ।[६८]

---

[६८] जनकलाल शर्मा, "चितवनदेखि जनकपुरसम्मका केही पुरातात्विक स्थल," *प्राचीन नेपाल,* संख्या २, (कान्तिपुरः शिक्षा मन्त्रालय, पुरातात्व विभाग, २०२४) पृ.१-१०

गलेश्वर आश्रम भित्र गलेश्वर बाबाको समाधि स्थललाई सानो गुम्बज शैलीको मन्दिर भित्र राखिएको छ । यस मन्दिर भित्र गलेश्वर बाबाको पद्‌माशनमा बसिएको मूर्ति राखिएको छ ।

## (ख) अघोरीबाबा आश्रममा भएका मूर्तिहरू

अघोरीबाबा आश्रममा भएका मूर्तिहरूमध्ये सिङ्गमरमरबाट बनेको गणेशको मूर्ति पनि एक हो । कमलासन तथा ललितासनमा भएको उक्त मूर्तिका चारवटा हातहरू छन् । शिरमा अलङ्कृत मुकुट छ । शिरको पछाडि प्रभामण्डल रहेको छ । यो नयाँ मूर्ति हो । यज्ञमण्डपमा भएको अर्को महत्त्वपूर्ण मूर्ति दुर्गाको हो । सिँहासनमा बसेको उक्त मूर्तिका ६ वटा हातहरू रहेका छन् । चारवटा हातहरू पूर्ण रूपमा फुटिसकेका छन् । शिर पछाडिको प्रभामण्डल पनि फुटिसकेको छ । अति आकर्षक यस मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । यो मूर्ति पनि नयाँ हो । त्यसैगरी अर्को आकर्षक मूर्ति सरस्वतीको रहेको छ । चार हात भएको उक्त मूर्तिका पनि दुईवटा हातहरू फुटिसकेका छन् । हातमा वीणा लिएकी सरस्वतीको मूर्ति हाँसमाथि विराजमान छिन् । यो मूर्ति पनि नयाँ हो । यसै मण्डपको अर्को महत्त्वपूर्ण मूर्ति गायत्रीको हो । ललितासनमा भएको उक्त मूर्तिका १० वटा हातहरू छन् । हातहरूले विभिन्न आयुधहरू समातेका छन् । चारवटा शिर भएको यस मूर्तिमा अलङ्कृत मुकुटहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मण्डपमा भएको अर्को महत्त्वपूर्ण मूर्ति कालीको हो । स्थानक मुद्रामा भएको उक्त मूर्तिका चारवटा हातहरू रहेका छन् । चार हातहरूमा क्रमशः तरबार, मुण्डमाला, रक्तपात्र छन् भने एउटा हात अभय मुद्रामा रहेको छ । शरीरमा मुण्डमाला लगाइएको हुँदा मूर्ति आकर्षक छ र मूर्ति नयाँ छ ।[६९]

अघोरी आश्रममा अघोरी बाबाको मूर्ति पनि रहेको छ । उक्त मूर्ति सानो मन्दिरमा राखिएको छ । यो पनि नयाँ मूर्ति हो । अघोरी आश्रमबाट माथितिर गलेश्वरबाबा आश्रम जाने बाटोमा पुराना सालिकहरू छन् । सालिक नजिकै हवनकुण्ड रहेको छ, जसको दक्षिणतर्फ अघोरीबाबाको समाधिस्थल बनाइएको छ । जुन समाधिस्थल माथि अघोरी बाबाको मूर्ति राखी कालो वस्त्रले ढाकिएको छ । तीमध्ये एउटा श्री ५ त्रिभुवनको सालिक छ भने साथमा भएका राणा प्रधानमन्त्री मोहन शमशेर हुन् । यसैगरी त्रिशूली गण्डकीको दक्षिणतर्फ बेनी वा दोमानमा जाने बाटोतिर अघोरीबाबा आश्रम परिसरमा नै १०८ शिवलिङ्गसहित उभिएको शिवजीको मूर्ति रहेको छ । काठमाडौँ रवि भवन निवासी गोपालबाबाद्वारा उक्त शिवलिङ्ग

---

[६९] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

तथा शिव मूर्ति स्थापना गर्न लगाइएको थियो ।[७०] उक्त एक सय आठ शिवलिङ्गको बीचमा उभिएको ठूलो शिवको मूर्तिको दुई हातमा डमरु र त्रिशूल लिएको देखाइएको छ ।[७१] यो अत्यन्तै आकर्षक मूर्ति रहेको छ ।

### (ग) हनुमान मूर्ति

गलेश्वर आश्रमबाट तल सङ्गमतिर जाने बाटोको सिंढीको दायाँतिर भएको हनुमानको मूर्ति अति आकर्षक छ । एउटा घुँडा टेकी बसेको यो मूर्तिमा छाती चिरेको अवस्थामा मूर्तिलाई प्रस्तुत गरिएको छ । यसमा साधारण गरगहना प्रयोग गरिएका छन् । मूर्तिको पछाडि प्रभामण्डल बनाइएको छ र यो मूर्ति नयाँ हो ।[७२]

### (घ) हनुमानको मूर्ति

पुलको समीप भएको हनुमान मन्दिरको गर्भगृहमा रहेको हनुमानको मूर्ति स्थानक मुद्रामा रहेको छ । सिङ्गमरमरद्वारा बनेको उक्त मूर्तिमा दुईवटा हातहरूमा क्रमशः गदा र पर्वत रहेका छन् । कपडाद्वारा छोपिएको उक्त मूर्ति नयाँ हो ।

### (ङ) श्रीसरस्वतीको मूर्ति

महेशसन्यास आश्रमको प्राङ्गणमा रहेको सरस्वतीको मूर्ति कमल आसनमा रहेको छ । मूर्तिका चार हातहरूमध्ये दुईवटा हातले वीणा समातेको छ भने अर्को २ हातमा अक्षयमाला र पुस्तक लिएको छ । मूर्तिमा प्रशस्त गरगहनाहरू प्रयोग भएका छन् । शिरमा आकर्षक मुकुट र शिरपछाडि प्रभामण्डल रहेको छ । मूर्ति हालसालै बनेको हो ।[७३]

### (च) वद्रीनाथ मन्दिरमा भएका मूर्तिहरू

देवघाटक्षेत्र वडा नं. २, तनहुँको बद्रीनाथ मन्दिरमा विभिन्न किसिमका मूर्तिहरू रहेका छन् । मूल गर्भगृहमा शङ्ख, चक्र, गदा र पद्म लिएका विष्णु छन् भने विष्णु पछाडि सातवटा फणा भएको शेषनागको छत्र छ । कृष्ण, ऋषिमुनिहरू गङ्गाजमुनाका मूर्तिहरूका

---

[७०] शिवमूर्ति निर्माता गोपालबाबाबाट प्राप्त जानकारीका आधारमा ।

[७१] शोधकर्ताले २०६८ आषढमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[७२] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनको आधारमा ।

[७३] *ऐजन* ।

रामानुजाचार्यको पनि मूर्ति राखिएका छन् । सबै मूर्ति नयाँ हुन् । कालो देखिए तापनि मूर्तिहरू सेतै ढुङ्गाबाट बनेका छन् ।[७४]

### (छ) हरिहर मन्दिरमा भएका मूर्तिहरू

देवघाटक्षेत्र वडा नं. २ तनहूँस्थित हरिहर मन्दिरको गर्भगृहमा पनि विभिन्न मूर्तिहरू रहेका छन् । हरिहर मन्दिरको तल्लो तलाको मूल गर्भगृहमा शिवपार्वतीका मूर्तिहरू छन् । सिङ्गमरमरको यस मूर्तिमा शिवको बायाँतिर पार्वतीको मूर्ति रहेको छ । मूर्ति आकर्षक र नयाँ देखिन्छ । मूर्तिको बायाँतिर स्थानक मुद्रामा रहेको गौरीको मूर्ति आसन्न मुद्रामा रहेको कुमारको मूर्ति रहेको छ । दायाँतिर श्री गणेशको मूर्ति राखिएको छ । साथै काली र देवीका मूर्तिहरू पनि राखिएका छन् । सबै मूर्तिहरू नयाँ हुन् । माथिल्लो तल्लामा विष्णु, लक्ष्मी, राम, सीता, लक्ष्मण, गायत्री र हनुमानका मूर्तिहरू रहेका छन् । मूल गर्भगृहमा विष्णुको मूर्ति रहेको छ । सबै मूर्तिहरू सिङ्गमरमरबाट बनेका नयाँ हुन् । [७५]

माथि उल्लेखित मूर्तिहरू बाहेक देवघाटक्षेत्रका विभिन्न मन्दिरहरूमा शिव, पार्वती, राधाकृष्ण, हनुमान मूर्ति, बुद्धमूर्ति, सिद्ध नागाबाबा मूर्ति, शेषनाग मूर्ति, वासुकीनाग मूर्ति आदि रहेका छन् । यी मूर्तिहरूको विशेष धार्मिक महत्त्व रहेको पाइन्छ

## ३.२.६ आश्रमहरू

देवघाटधाममा विभिन्न सन्तमहन्तहरू आएर बस्न थालेपछि उनीहरूले आफ्नो वासस्थानको निमित्त साना कुटीहरू बनाएर बस्न थालेको र बिस्तारै यी कुटीहरूले आश्रमको रूप लिन गएको कुरा स्थलगत अध्ययनबाट अवगत हुन आउँदछ । आश्रम भन्नाले साधु वा ऋषिमुनि बस्ने कुटी गुफा/मठ, बगैंचा तथा सनातन धर्म अनुसार मानिसले जीवन बिताउने चारतह ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम, सन्यासाश्रम भन्ने अर्थमा अवगत हुन

---

[७४] वदरीनारायण मन्दिरकी संस्थापिका श्रीमती सुशीला सिटौलासँग २०६८ असारमा लिइएको अन्तर्वार्ताका आधारमा ।

[७५] हरिहर सन्यास आश्रमका पीठाधीश स्वामी ज्ञानानन्द सरस्वतीसँग शोधकर्ताले २०६८ असारको लिएको अन्तर्वार्ताका आधारमा ।

आउँदछ ।[७६] यहाँ निर्माण भएका आश्रमहरुलाई वा सन्यासाश्रमको रुपमा लिन सकिन्छ । देवघाटधाममा रहेका आश्रमहरूलाई यसप्रकार छोटकरीमा उललेख गरिएको छ :

### (क) गलेश्वरबाबा आश्रम

वि.सं. १९९२/९३ सालतिर देवघाटधाममा आएका गलेश्वरबाबाले यस स्थलमा आफ्नो वासस्थानको निमित्त साधारण काठले निर्माण गरिएको खरको छानो भएको झूपडी (कुटी) बनाएका थिए । हाल उक्त स्थानमा गलेश्वरबाबा कै नामबाट गलेश्वर बाबा आश्रमको निर्माण गरिएको छ । जुन आश्रमलाई रड र सिमेन्ट प्रयोग गरेर आधुनिक रूपले बनाइएको छ । गलेश्वरबाबा रहेको यस आश्रममा २०३२ सालमा बाबाको ब्रह्मलीन (निधन) पश्चात् सोही आश्रमभित्र बाबाको समाधिस्थगल बनाइएको र उक्त समाधिस्थलमा शिखरशैलीको सानो मन्दिर बनाई बाबाको मूर्ति राखिएको छ ।[७७] गलेश्वर बाबा पश्चात परमानन्द सरस्वती लगायत अन्य भक्तजनहरुद्वारा सुधार गरिदै आएको यस आश्रमको संरक्षण, संवर्द्धन र रेखदेखको रूपमा गलेश्वर बाबा आश्रमका चौथा पीठाधीशको रूपमा स्वामी आत्मानन्द गिरि रहेका छन् । यस आश्रम परिसर वेदवेदाङ्ग विद्यालय, अन्नभण्डार, सन्तनिवास, गौशाला मन्दिर रहेको छन् ।  आश्रमको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको पाइन्छ ।

### (ख) अघोरी पगलाबाबा आश्रम

यो आश्रम वेणीसंगम काली गण्डकीको तटको माथिल्लो भिरालो भागमा पर्दछ । बगैँचाले घेरिएको यस आश्रम वरपर गुफा, मूर्तिहरू र केही सालिकहरू रहेका छन् । अघोर भन्नाले शिवका पाँचमुखमध्ये दक्षिणतिरको मुख, अर्थात् स्मशानघाटमा बस्ने भन्ने बुझिन्छ[७८] बर्दिया जिल्लाबाट आएका अघोरीबाबा नाम गरेका व्यक्तिले यहाँ आफ्नो वासस्थान बनाएको हुँदा यस स्थललाई अघोरीबाबा आश्रम भनिएको हो । अघोरीबाबाले आफ्नो वासस्थानको निमित्त बनाएको यो कुटी निकै आकर्षक देखिन्छ । साना-साना पिल्लर उठाइ गोलाकार रूपमा

---

[७६] फणीन्द्रप्रसाद पाण्डेय (सम्पा.), *संस्कृत वृहद् शब्दकोश,* (दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी, २०५७), पृ. १२ ।

[७७] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययन भ्रमणका आधारमा ।

[७८] पं. फणीन्द्रप्रसाद पाण्डेय (सम्पा.), *नेपाली वृहद् शब्दकोश,* (दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी, २०५७), पृ. १२ ।

बनाइएको यो कुटी प्रवेशद्वारसम्म पुग्न सिँढीको व्यवस्था गरिएको छ । बाबाको समयताका (२०१७) सालदेखि निकै चहलपहल भएको यो आश्रम वि.सं. २०४७ पौष ७ गते भएको उनको निधन पश्चात् भने केही कम भएको । हाल यस आश्रमको संरक्षणको जिम्मा देवघाटधाम तनहुँ निवासी हीरा बोटेले लिएको कुरा स्थलगत अवलोकनबाट ज्ञात हुन आउँदछ ।

हाल यस आश्रमलाई व्यवस्थित गर्ने हिसाब देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्को पहलमा केही निर्माण कार्य गर्ने भनेर २०६४ सालमा बोर्ड राखी केही निर्माणका कार्यहरू सञ्चालन भएका छन् । बोटेलाई बस्ने आवासको व्यवस्थाका साथै काठले बनाइएका चारवटा कुटीमा माथि टिनले छाएको एकजना बसेर साधना गर्ने कुटीका रुपमा स्थापना भएको छ । यसमा आत्रेय काश्यप, अत्रि, भारद्वाज ऋषिका नाममा गरिएको छ । [७९]

**(ग) श्री हरिहर सन्यास आश्रम**

वि.सं. २०४८ साल पौष महिनामा देवघाटधाममा आएका स्वामी परमानन्द सरस्वतीले तनहुँ देवघाटधाम वडा नं. २ मा सानो मन्दिरसहित कुटीको स्थापना गरेका थिए ।[८०] वि.सं. २०५३ सालमा परमानन्दको ब्रह्मलीन (निधन) पश्चात् यस आश्रमको रेखदेख र संरक्षणको निमित्त ज्ञानानन्द सरस्वती दोस्रो पीठाधीशको रूपमा नियुक्त भएका छन् । तत्पश्चात् हरिहर सन्यास आश्रममाभित्र परमानन्द सरस्वतीको समाधिस्थल, परमानन्द संस्कृत गुरुकुल, हरिहर मन्दिर, प्रवचन स्थल, भोजनालय, सन्तनिवास, गौशाला र बगैचा रहेका छन् । यसरी छड, सिमेन्ट प्रयोग गरी भव्य संरचनाको रूपमा तयार पारिएको आश्रमको वर्तमान अवस्था राम्रो देखिन्छ ।[८१]

**(घ) श्री महेशसन्यास आश्रम**

वि.सं. २०५० सालमा रामानन्द गिरिद्वारा देवघाट वडा नं. २ मा आफ्ना गुरु महेशानन्द गिरिको नाममा महेशसन्यास आश्रम स्थापना गरेको कुरा अध्ययनका क्रममा

---

[७९] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अवलोकनका आधारमा

[८०] जगन्नाथ शर्मा कँडेल, "१००८ स्वामी परमानन्द गुरु महाराजको जीवन चरित्र," *स्वामी परमानन्द गुरु स्मृति ग्रन्थ,* (तनहुँ : हरिहर सन्यास आश्रम देवघाटधाम, २०५६), पृ. ८४ ।

[८१] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा ।

थाहा हुन आउँदछ ।[८२] क्रमशः बनिरहेको यो आश्रम छड, सिमेन्टद्वारा निर्माण गरिएको भव्य संरचनाको रूपमा देख्न सकिन्छ । संस्कृतगुरुकुल र संस्कृतविद्यापीठ रहेको यस आश्रमभित्र दैनिक धार्मिक, आध्यात्मिक प्रवचन, स्वाध्याय आदि कार्यक्रम हुने गर्दछ । त्यसैगरी वैदिक सनातन हिन्दु धार्मिक, दार्शनिक ग्रन्थहरूको प्रकाशन एवं वितरण गर्ने कार्य पनि आश्रमले गर्दै आएको छ ।[८३] यस आश्रममा सन्त-महात्मा, अतिथिहरूको सत्कार एवं यथाशक्य आवास, भोजन आदिको व्यवस्था पनि गरिएको छ ।[८४] विभिन्न दाता महानुभवहरूबाट प्राप्त सहयोगबाट नै आश्रम र विद्यालयको निर्माण गरिएको हो । दाताहरूबाट प्राप्त सम्पत्तिको अक्षयकोष स्थापना गरिएको छ ।[८५] यसैको आधारमा आश्रमको सम्पूर्ण छात्रहरूका लागि आवास र भोजनको व्यवस्था गरिएको छ । पुस्तकालय समेत रहेको यस आश्रमभित्र विद्येश्वर शिव मन्दिर, धर्मशाला, सन्तनिवास, गौशाला आदि रहेको र अन्य विभिन्न संरचनाहरूको निर्माण भइरहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । यस आश्रमको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको देखिन्छ ।

### (ङ) आचार्यपीठ (अद्वैताश्रम)

यो आचार्य पीठ परिषद् देवघाटक्षेत्र वडा नं. २ तनहुँमा चक्रवर्तीशिला मन्दिर जाने मार्गमा पर्दछ । छड, सिमेण्ट प्रयोग गरी बनाइएको यो आश्रम दुईतलामा रहेको र यसभित्र छ वटा कुटीहरू भएको कुरा स्थलगत अवलोकनबाट थाहा हुन आउँदछ । वि.सं. २०३५ साल माघ शुक्ल श्रीपञ्चमीका दिन डा. क्षितीशचन्द्र चक्रवर्तीद्वारा स्थापित यो आश्रम अद्वैत संस्थाको पाँचौं योजनाको रूपमा रहेको कुरा थाहा हुन आउँदछ । हाल यस आश्रमको संरक्षकका रूपमा डा. क्षितीशचन्द्र चक्रवर्तीका छोरा प्रताप चक्रवर्ती रहेका छन् । समय-समयमा प्रवचन सम्मेलन हुने यस स्थलमा अद्वैत संस्थाका व्यक्तिहरू आएर बस्ने गर्दछन् । आश्रमको भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको देखिन्छ ।

---

[८२] शोधकर्ताले २०६८ भाद्रमा रामानन्द गिरिद्वाबाट प्राप्त जानकारीको आधारबाट प्राप्त जानकारीका आधारमा ।

[८३] शोधकर्ताले २०६८ भाद्रमा विद्यालयका प्राचार्य गुरुप्रसाद सुवेदीबाट प्राप्त जानकारीका आधारमा ।

[८४] *ऐजन* ।

[८५] शोधकर्ताले २०६८ भाद्रमा महेश सन्यास आश्रमका व्यवस्थापक श्री माधव पौडेलसँग लिइएको अन्तर्वार्ताका आधारमा ।

### (च) मणिमुकुन्देश्वर चक्रवर्ती आश्रम

गलेश्वरबाबा आश्रमदेखि केही पर उत्तर तर्फ माथिल्लो थुम्कोमा यो आश्रम रहेको छ । मणि मुकुन्देश्वर प्राङ्गणमा वि.सं. २०५४ वैसाख १ गतेका दिन कोशी अञ्चल संखुवासभा निवासी अनन्तराम दाहालले आफ्ना मातापिताको पुण्यस्मृतिमा यो आश्रम बनाएको कुरा भित्तामा रहेको शिलालेखबाट थाहा हुन आउँदछ । जसलाई मणिमुकुन्देश्वर चक्रवर्ती आश्रम पनि भन्ने गरिन्छ । यसै आश्रमको दायाँबायाँ २०६६ सालमा निर्माण भएको दुईतले सङ्कीर्तन भवन निर्माण गराइएको छ भने नाथ सम्प्रदायका योगी विजयनाथको सुन्दर गोलाकार एक सानो कुटी बनाइएको छ । समय-समयमा नागाबाबाहरू बस्ने यस आश्रममा अन्य विभिन्न तीर्थयात्रीहरू पनि आइ बस्ने गर्दछन् । यस आश्रमको संरक्षण र संवर्द्धन एवम् विकासको निमित्त छुट्टै समिति समेत खडा गरिएको छ । यस मणिमुकुन्देश्वर आश्रमको सञ्चालक समितिमा ११ जना सदस्य रहेको र आश्रमको विकासमा ७ जनाको समिति निर्माण गरिएको छ, जसको अध्यक्षमा भवानी तिमिल्सेना रहेका छन् ।[८६] आश्रमको भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको छ ।

### (छ) गर्गऋषि आश्रम

देवघाट तनहुँ वडा नं. २, बटौले गाउँदेखि उत्तरतर्फ रहेको यो आश्रम आचार्य बन्धुहरूले आफ्नो गर्गगोत्रको कुलायन पूजाको निमित्त आश्रम खडा गरेको अवगत हुन्छ । आठ रोपनी जग्गामा फैलिएको गर्गऋषि आश्रममा एक प्रवचन हल, कार्यालय कोठा, भण्डार (स्टोर) कोठा र भान्साघर निर्माण गरिएको छ ।[८७] २०६२ भदौ १२ गतेका दिन गर्गऋषि आश्रमको छुट्टै विधान समेत प्रकाशमा ल्याइएको छ । जसअनुसार गर्गऋषिको मन्दिर निर्माण निमित्त नक्शा तयार पारिएको छ । ५ फीट जमीनमाथि १० फीट गर्गऋषिको सालिक र गार्गी विदुषीको सालिक र बाटिका बनाउने कुरा उल्लेख गरिएको छ ।[८८] आश्रमको भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको देख्न सकिन्छ ।

---

[८६] शोधकर्ताले देवघाट तनहुँ निवासी भवानी तिम्सिनाद्वारा २०६८ भाद्र मा लिएको अन्तर्वार्ताका आधारमा ।

[८७] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[८८] शोधकर्ताल गर्गऋषि आश्रमका अध्यक्ष श्री दशरथ आचार्यसँगे २०६८ असोजमा गरेको लिएको अन्तर्वार्ता को आधारमा ।

### (ज) ॐ शान्ति मैयाँदेवी ट्रष्ट आश्रम

देवघाटक्षेत्र वडा नं. २ तनहुँमा गलेश्वरबाबा आश्रम र अघोरी आश्रमको बीचमा ॐशान्ति मैयादेवी ट्रष्ट आश्रम रहेको छ । २०१७ सालदेखि देवघाटधाममा बस्दै आएकी मैयादेवी श्रेष्ठले आफ्नो वासस्थानको निमित्त काठद्वारा निर्मित कुटी बनाएकोमा २०५४ सालमा छड, सिमेण्ट प्रयोग गरी तीन तले भवनको निर्माण भएको छ ।[८९] जसमा विभिन्न तीर्थालु भक्तजनहरू आई बस्ने गरेको कुरा अवगत हुन आउँदछ । २०५४ साल फागुनमा यस आश्रमलाई "ॐशान्ति मैयादेवी ट्रष्ट" को रूपमा तनहुँ जि.प्र.का. मा दर्ता भएको ज्ञात हुन आउँदछ ।[९०] यस संस्थाका मुख्य उद्देश्य निम्नानुसार रहेका छन्-

(१) वसिष्ठगुफा एवं सीतागुफाको संरक्षण गर्ने,

(२) पशुपतिनाथको मन्दिर जीर्णोद्धार गर्ने, भगवतीदेवीको मूर्ति मन्दिरलाई संरक्षण गरी पूजाआजा सञ्चालन गर्ने,

(३) यस क्षेत्रमा रहेका धार्मिक, पुरातात्विक एवं सांस्कृतिक महत्त्व राख्ने, मठ-मन्दिर एवं, धर्मशालाको संरक्षण गर्ने,

(४) देवघाटधामलाई परिचित गराउन सक्दो सहयोग गर्ने,

(५) यस धार्मिकक्षेत्रमा धुम्रपान, मद्यपान, मादकपदार्थ सेवन नगर्न जनचेतना जगाउने आदि ।

आर्थिक र भौतिक पक्ष राम्रो भएको यस आश्रममा मैयादेवी श्रेष्ठलगायत अन्य भक्तजनहरू बसेको देख्न सकिन्छ ।

### (झ) प्राणनाथ अनाथ सेवाश्रम

देवघाटक्षेत्र वडा नं. २ तनहुँको बटौले गाउँ नजिक यो प्राणनाथ अनाथ सेवा आश्रम रहेको छ । भागवतवक्ता तारादेवी घिमिरेद्वारा स्थापित यो आश्रम १८ रोपनी जग्गामा फैलिएको छ । २०६३ सालमा नारायणघाटस्थित क्याम्पाचौरमा लगाइएको भागवतपुराणबाट उठेको रकमबाट उक्त स्थानमा जमीन किनी प्राणनाथ अनाथ सेवा आश्रम शुभारम्भ भएको

---

[८९] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययन र अवलोकनका आधारमा ।

[९०] शोधकर्ताले २०६८ असोजमा मैयादेवी ट्रष्टका सञ्चालक टंकनाथ पौडेलसँग लिएको अन्तर्वार्ताका आधारमा ।

अवगत हुन आउँदछ ।[९१] सेवा भावबाट स्थापित यो आश्रमका मुख्य उद्देश्यमा अनाथ बालबालिकाहरूलाई संरक्षण दिई पूर्वमध्यमा (एस.एल.सी.) सम्मको अध्ययन गराउने, कन्या गुरुकुलम् बनाउने र श्रीकृष्ण प्रणामीका जन्मदाता श्रीप्राणनाथको मन्दिर बनाउने उद्देश्य रहेको अवगत हुन आउँदछ ।[९२]

वि.सं. २०६९ सालमा आएर १० कोठाको निर्माण भएको यस आश्रममा हाल १० जना बालक र ५ जना बालिकाहरू रहेको कुरा स्थलगत अवलोकनबाट ज्ञात हुन आउँदछ । हाल यस आश्रमको संरक्षिकाको रूपमा संस्थापिका तारा घिमिरे हुन् भने अध्यक्ष राजेन्द्र रिजाल र व्यवस्थापिकाको रूपमा सरिता चौधरी रहेकी छन् ।[९३]

यसबाहेक देवघाटमा विभिन्न सन्तमहन्त तथा स्वामीहरू आई आफ्नो वासस्थानको निमित्त कुटी बनाएको र यिनै कुटीहरूलाई नै आश्रमको रूप दिएको भए तापनि यिनीहरूले खासै चर्चामा नआएको र अर्कोतिर विभिन्न जाति एवम् समुदायले आफ्नो कुलायन पूजाको निमित्त इष्ट देवताका रूपमा मन्दिर खडा गरी त्यसैलाई आश्रमको नाममा परिणत गराइएका छन् । महत्त्वपूर्ण चर्चा पाएका बाहेक अन्य आश्रमहरूको नाम मात्र उल्लेख गरिएको छ, जसमा- विशुद्धानन्द चित्रकूट आश्रम, इन्दिरा सन्यास आश्रम, मुक्तिनाथ सेवा ट्रष्ट आश्रम, अभयवेदान्त साधना आश्रम, कौडिन्य आश्रम, अनसूया ऋषिकूल चापागाई प्रतिष्ठान (अत्रि आश्रम) र कश्यप ऋषि आश्रम (घिमिरे वन्धु समाज) आदि पर्दछन् ।

### ३.२.७ यज्ञशाला (यज्ञमण्डप) हरू

देवघाटधाममा विभिन्न सन्तमहन्तहरू आई बस्ने र तपस्या एवम् साधना गर्ने क्रम बढ्दै जाँदा उनीहरूबाट यस स्थलमा शान्तिको कामना, स्वस्ति शान्तिको अभिलाषा, पुण्य प्राप्तिको इच्छा आदि कामना पूर्ण गर्न यज्ञयज्ञादिहरू गर्ने गरेको थाहा हुन्छ । त्यस्ता कार्यको लागि निर्माण भएका मण्डप यस क्षेत्रमा रहेका छन् । यहाँ त्यस्ता यज्ञमण्डपहरूको केही चर्चा गर्ने प्रयास गरिएको छ ।

---

[९१] शोधकर्ताले २०६९ साल चैतमा आश्रम व्यवस्थापिका सरिता चौधरीसँग गरेको भेटवार्ताका आधारमा ।

[९२] *ऐजन* ।

[९३] शोधकर्ताले २०६९ साल चैत्रमा आश्रमका अध्यक्ष राजेन्द्र रिजालसँग लिएको अन्तर्वार्ताका आधारमा ।

**(क) यज्ञशाला (कोटिहोम हवनकुण्ड)**

गलेश्वरबाबा आश्रमअन्तर्गत वेदवेदाङ्ग विद्यालयको दक्षिण दिशामा वि.सं. २०२८ सालमा निर्मित एउटा पुरानो काठको संरचना देख्न सकिन्छ, जुन चारैतिर काठले बारिएको र टिनको छानो लगाइएको छ र यसको बीचमा हवनमण्डप रहेको छ । गलेश्वरबाबाकै आदेशअनुसार निर्माण गर्न लगाइएको भनिएको यस यज्ञशालामा हालसम्म पनि होम कार्य भने नित्य भइरहेको छ । यसको नजिकै दक्षिणतर्फ अर्को यज्ञमण्डप पनि रहेको छ । यस यज्ञमण्डपमा २०३८ सालको माघ महिनाभरि योगी नरहरिनाथले कोटिहोम लगाएका थिए । यस स्थानमा कोटिहोमको निमित्त यज्ञमण्डप बनाउने क्रममा कुँदिएको एउटा अभिलेख फेला परेको थियो । साथै तामाको पैसा पनि प्राप्त भएको थियो भन्ने कुरा यहाँका बूढापाकाहरूले बताउने गर्दछन् । उक्त तामाको मुद्रामा वि.सं. १८३६ लेखिएको थियो भन्ने पनि उनीहरूबाट अवगत हुन्छ ।[९४]

**(ख) यज्ञशाला (यज्ञमण्डप)**

मणि मुकुन्देश्वर चक्रवर्ती शिला मन्दिर र सत्यनारायण मन्दिरको बीचमा रहेको यो यज्ञमण्डप वि.सं. २०४३ साल माघ महिनाभर योगी नरहरिनाथले कोटिहोमको निमित्त यो यज्ञमण्डपको निर्माण गराएको कुरा सत्यनारायण मन्दिरकी संरक्षिका सरस्वती भक्तिनी माता बताउँछिन् । चारपाटे कोणमा काठ र जस्तापाताद्वारा छाइ निर्माण गरिएको यस यज्ञमण्डप २०६९/८/६ मा छड, सिमेन्टको प्रयोग गरी पुनर्निर्माण गरिएको कुरा बसाहा (नन्दी) को मूर्ति मुनि राखिएको स्रोतबाट अवगत हुन आउँदछ ।[९५] यस यज्ञमण्डपको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको देखिन्छ ।

**(ग) यज्ञशाला (यज्ञमण्डप)**

अघोरीबाबा आश्रम परिसरभित्र अघोरीबाबाद्वारा नै निर्माण गराइएको भनिने यो यज्ञमण्डप चतुष्कोण शैलीमा रहेको छ । २०१८ सालमा आठग्रह जुधेको बखत अनिष्ट हुन्छ भनी अघोरी बाबाले यस यज्ञमण्डपमा विश्वशान्ति महायज्ञ गराएको कुरा ज्ञात हुन आउँदछ ।[९६] साढे

---

[९४] शोधकर्ताले वेदवेदाङ्ग संस्कृत विद्यालयका भू.पू. विद्यार्थी कृष्णप्रसाद पोखरेलसँग २०६६ साल फाल्गुणमा लिएको अन्तर्वार्ताका आधारमा ।

[९५] शोधकर्ताले सत्यनारायण मन्दिरकी सरस्वती भक्तिमातासँग गरेको कुराकानीका आधारमा ।

[९६] शोधकर्ताले अघोरीबाबाका परिचित मित्र नारायणघाट निवासी बाबुराम जोशी र सुश्री मैयादेवी श्रेष्ठबाट २०६९ साल माघमा लिएको अन्तर्वार्ताका आधारमा ।

१७ हात २६ फुट चार कोणमा रहेको छ भने उचाइ भने १८ फुट रहेको छ । यस यज्ञशालाको बाहिरपट्टि दुईवटा सिंहका मूर्ति दक्षिणतिर मुख फर्केको देखिन्छ । माथि जस्ताले छाएको र हवनकुण्डवरिपरि कालो पोतिएको काठ तथा सिंगमरमर विच्छ्याएको छ ।[९७] नित्य हवन नभइकन समय-समयमा मात्र हवन हुने यस यज्ञकुण्डको वर्तमान अवस्था सामान्य देखिन्छ ।

**(घ) यज्ञशाला (यज्ञमण्डप)**

देवघाटक्षेत्र अन्तर्गत हरिहर सन्यास आश्रममा रहेको यज्ञशाला २०५१ साल असोजमा शिलान्यास भएको यस यज्ञमण्डपलाई छड, सिमेन्ट प्रयोग गरी प्यागोडा शैलीमा निर्माण गर्ने काम भरतपुर निवासी डिलाराम घिमिरेबाट भएको अवगत हुन्छ । हरिहर सन्यास आश्रमको भित्र रहेको यज्ञमण्डपको संरक्षकत्वका रूपमा यसै आश्रमका पीठाधीश ज्ञानानन्द सरस्वती रहनु भएको छ । दिनहुँ हवन भइरहने यस यज्ञशालाको १६ फुट उचाइ लम्बाई र चौडाई १६×१६ भएको प्यागोडा शैलीमा निर्मित दुइ छानो भएको यस यज्ञमण्डपको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको छ ।

**(ङ) यज्ञमण्डप**

महेश सन्यास आश्रमअन्तर्गत रहेको यज्ञशालाको निर्माण एवं स्थापना वि.सं. २०६५ माघ श्रीपञ्चमीका दिन उद्घाटन भएको थियो । वि.सं. २०६५ फागुन १८ देखि २६ गतेसम्म देवघाटधाममा विराट श्रीमद्भागवत ज्ञान महायज्ञ भएको थियो । त्यतिबेलादेखि नै निरन्तर यज्ञकार्य भइरहेको छ । निर्माणकर्ता भरतपुर १० निवासी मधुमाया दवाडीको परिवारको आर्थिक सहयोगमा निर्माण सम्पन्न गरिएको यस यज्ञमण्डपका संस्थापक रामानन्द गिरि संरक्षक हुन् । यज्ञमण्डपको १८×१८ फीट लम्बाइ-चौडाइ र उचाई २५ फीट प्यागोडा (छत्रशैली) मा रहेको छ ।[९८] यसको आर्थिक तथा भौतिक अवस्था राम्रो रहेको छ ।

**(च) यज्ञमण्डप (दुर्गा पाञ्चायन मन्दिर)**

तनहुँ जिल्ला वडा नं. २ मुकुन्दपुर बजारदेखि पूर्व दुर्गा पाञ्चायन मन्दिरको प्राङ्गणमा यो यज्ञमण्डप रहेको छ । पाल्पाबाट देवघाट आई बसेका राम-राम विष्णुबल्लभ

---

[९७] शोधकर्ताले २०६९ भाद्रमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[९८] शोधकर्ताले २०६९ साल असारमा प्राचार्य डा. गुरुप्रसाद सुवेदीबाट प्राप्त जानकारीका आधारमा ।

भुषालले वि.सं. २०४९ पौष १ गतेका दिन यस यज्ञकुण्डको निर्माण गराएका थिए ।[९९] अन्य भक्तजनहरूको आर्थिक सहयोगबाट निर्माण गराइएको यज्ञमण्डपको लम्बाइ-चौडाइ १५×१५ फुटको भुइँतला र उचाइ पनि १५ फुट रहेको छ ।[१००] पक्की सिमेन्टेड गरी बनाइएको यो यज्ञमण्डप सामान्य देखिन्छ । यसैगरी यस मन्दिरदेखि दक्षिण झोलुङ्गेपुलदेखि केही पर पूर्व रहेको केदारनाथ मन्दिर र बद्रीनारायण मन्दिर परिसरभित्र पनि यज्ञमण्डप रहेको छ ।

## ३.३ देवघाटक्षेत्रको चितवनतर्फ भएका संरचनाहरू

देवघाटक्षेत्र विकास समितिले देवघाटक्षेत्र भनी मापन गरेको चितवनतर्फको क्षेत्रमा शैव, वैष्णव, शाक्त, गणपत्य र विविध साधना, श्रद्धास्थल एवम् मन्दिरहरू झन्डै ५४ जति मठ-मन्दिर र मूर्ति भएको कुरा स्थलगत अध्ययन अवलोकनबाट थाहा हुन आएको छ ।[१०१] यसैको आधारमा उक्त संरचनाहरूको चर्चा निम्नानुसार गरिएको छ :

### ३.३.१ शैव सम्प्रदायका मन्दिरहरू

चितवनतर्फ वैष्णव मन्दिरहरूको तुलनामा शिव मन्दिरको सङ्ख्या कम रहेका छन्, जसको व्याख्या निम्नानुसार गरिएको छ :

#### (क) श्री शिव मन्दिर

चितवनस्थित देवघाटमा वि.सं. २०२० सालमा शिलान्यास गरी सानो स्वरूपमा निर्माण गरेको शिव मन्दिरलाई[१०२] पुनः वि.सं. २०५९ सालमा आएर नारायणगढ निवासी शम्भुलाल प्रधानको लगानीमा पहिलो भाग, चारपाटे दोस्रो भाग छत्र शैली र माथिल्लो भाग शिखरशैलीमा निर्माण गरिएको[१०३] यस मन्दिरभित्र मध्य गर्भगृहमा हवनकुण्ड रहेको छ । चारै कुनामा शिवलिङ्ग र शालिग्राम स्थापित छन् । केही सिढीपार गरी मन्दिरको प्रवेशद्वारसम्म पुग्न सकिन्छ । ईंटा, सिमेन्ट र छडद्वारा निर्मित यस मन्दिरको लम्बाइ, चौडाइ र उचाइ क्रमशः

---

[९९] यज्ञमण्डपका संस्थापक राम-राम विष्णुबल्लभ भूषालबाट प्राप्त जानकारी का आधारमा ।

[१००] शोधकर्ताले २०६८ असारमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[१०१] शोधकर्ताले २०६५ माघमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[१०२] शोधकर्ताले नारायणघाट निवासी के.एल. भूषणसँग २०६५ माघमा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा ।

[१०३] *ऐजन* ।

६×६×१० को रहेको छ ।[१०४] दैनिक पूजाआजा र बिहान-बेलुका नै हवन गरिने धार्मिक महत्व रहेको यस मन्दिरको भौतिक र आर्थिक अवस्था राम्रो देख्न सकिन्छ ।

### (ख) श्री शिव मन्दिर

देवघाटक्षेत्र अन्तर्गत भ.न.पा. १ नारायणीको किनारमा यो शिव मन्दिर रहेको छ । वि.सं. २०२७ साल माघशुक्ल पूर्णिमाका दिन निर्माण गरिएको यस मन्दिरको निर्माता एवं संस्थापक सोमनाथ सिग्देल हुन् ।[१०५] यो मन्दिर छत्रशैली एवं गुम्बज शैलीमा मिश्रित गरी निर्माण गरिएको छ । [१०६] हाल यस मन्दिरको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मा ब्रह्मकुमारी राजयोगका ब्रह्मकुमार अर्जुनभागीले लिएका छन् । दिनहुँ पूजा भइरहने यस मन्दिरको अवस्था सामान्य रहेको कुरा स्थलगत अवलोकनबाट थाहा हुन्छ ।

### (ग) श्री हरिहर मन्दिर

देवघाट क्षेत्रअन्तर्गत भ.न.पा. ३ नारायणी किनारमा श्री हरिहर मन्दिर रहेको छ । छड, सिमेन्टको प्रंयोग गरी ६०′ लम्बाई, ३०′ को चौडाइमा निर्मित यस मन्दिरभित्र शैव, वैष्णव, शाक्त, गणपत्यका मूर्तिहरू राखिएका छन् ।[१०७] मन्दिरको बीच भागमा लक्ष्मीनारायणका मूर्तिहरू राखिएका छन् ।[१०८] मन्दिरको बीच भागमा लक्ष्मीनारायणको मूर्ति राखिएको यस मन्दिरमा प्रवेशद्वारदेखि भित्र बायाँदेखि दायाँतर्फ घुम्ने क्रममा क्रमैले मूर्तिहरू राखिएका छन्, जसमा गणेशमूर्ति स्थापित छ । जुन मूर्ति वि.सं २०३८ साल वैशाखमा स्थापना भएको थियो । गणेश मूर्तिकै समीपमा क्रमशः गणेश, सन्तोषी, दुर्गाभवानी देवी मूर्ति (मूर्तिको तल राजेन्द्र श्रेष्ठ, श्रीमती लक्ष्मी श्रेष्ठबाट स्थापित वि.सं २०५८ जेष्ठशुक्ल गंगादशहरा) भनी उल्लेख गरिएको छ । यसैगरी शङ्कराचार्य मूर्ति, श्रीराधाकृष्ण मूर्ति, रामसीता मूर्ति, शिवपार्वती, गणेश, शिवलिङ्ग, वसाहा, सन्तोषी मूर्ति, वजरङ्गबली मूर्ति, दुर्गा भवानी मूर्ति टाँसिएर बनाइएको पञ्चमुखी हनुमान मूर्ति, दत्तात्रेय मूर्ति, दुर्गा भवानी मूर्ति रहेका छन् । यसैगरी सरस्वती मूर्ति

---

[१०४] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[१०५] शोधकर्ताले हाल शिवमन्दिरका संरक्षकका रूपमा रहेका ब्रह्मकुमार अर्जुन भागीसँग २०६८ असारमा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा ।

[१०६] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[१०७] शोधकर्ताले २०६८ श्रावणमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[१०८] *ऐजन* ।

पनि राखिएको छ ।[१०९] सबै मूर्तिहरूको स्थापनाकाल उल्लेख गरिएको छैन तापनि अलग-अलग मितिमा यी मूर्तिहरू स्थापना भएको हुन सक्छ । मन्दिर परिसरभित्र जलशयन नारायण विष्णुको मूर्ति, शिवको मूर्ति (घेराभित्र रहेको), शीतलामाई मूर्ति, बद्रीनारायण मूर्ति (जसको मूर्तिको तल राधाप्यारी देवभण्डारीले पति वद्रीप्रसाद देवभण्डारीको स्मृतिमा स्थापना २०६० मंसीर २७ गते) भनी उल्लेख गरिएको छ ।[११०] संस्थापक हीरालाल प्रधानको आर्थिक सहयोगमा निर्माण गरिएको यस मन्दिरमा नारायणघाट निवासी व्यापारी महाजनहरूबाट पनि आर्थिक सहयोग भएको अवगत हुन आउँदछ । संस्थापक हीरालाल प्रधानका छोरा महेन्द्रलाल प्रधान हाल यस मन्दिरका सञ्चालक अध्यक्षमा रहेका छन् ।[१११] दिनहुँ पूजाआजा, समय-समयमा विवाह, व्रतबन्ध भइरहने यस मन्दिरको आर्थिक, धार्मिक तथा भौतिक पक्ष राम्रो देखिन्छ ।

### (घ) श्री जगद्गुरु शङ्कराचार्य मन्दिर

चितवन देवघाट धाम क्षेत्र अन्तर्गत भ.न.पा. १ देवघाटमा लक्ष्मी नारायण मन्दिर हुँदै त्रिशुली नदी तर्फ झर्ने बाटोको दायाँ भित्रि भागमा अर्थात्, विश्वशान्ति महायज्ञशाला हवनकुण्डको उत्तरतर्फ एउटै प्राङ्गणमा दुइवटा शङ्कराचार्यका मन्दिरहरू रहेका छन्, जुन जगद्गुरु शङ्कराचार्य र आद्य शङ्कराचार्य मन्दिर हुन् । जगद्गुरु शङ्कराचार्यको मन्दिरको स्थापना वि.सं. २०३२ सालमा रामानन्द सरस्वतीद्वारा निर्माण गरिएको हो ।[११२] छड, सिमेन्ट र ईंटा प्रयोग गरी शिखरशैलीमा निर्माण गरिएको यस मन्दिरको गर्भगृहभित्र सिङ्गमरमरको शङ्कराचार्यको मूर्ति छ । मन्दिरका चारै कुनामा शिवलिङ्ग रहेका छन् । यस मन्दिरभित्र राखिएको शङ्कराचार्यको मूर्ति भारतबाट ल्याइएको कुरा ज्ञात हुन आउँदछ ।[११३] जगद्गुरु शङ्कराचार्य मन्दिरको समीपमा अर्को मन्दिर रहेको छ, जुन आद्य शङ्कराचार्यको मन्दिर हो । यो मन्दिर रामानन्द सरस्वती भगवान् आद्य जगद्गुरु शङ्कराचार्यको सनातन वैदिक हिन्दुधर्म र वर्णाश्रम परम्परालाई जीवितै राख्ने उद्देश्यले वि.सं. २०४२ सालमा स्थापना गरिएको हो ।[११४] यस मन्दिरमा स्थापित आद्य जगद्गुरु शङ्कराचार्यका पाषाण मूर्तिहरू भारतबाट ल्याइएको हो । यस मन्दिरको शिलान्यास एवम् निर्माण स्वयम् रामानन्द सरस्वती वि.सं. २०४३ मा

---

१०९ *ऐजन* ।

११० *ऐजन* ।

१११ हरिहर मन्दिरका पुजारी पण्डित काशीराज रिजालबाट प्राप्त जानकारीका आधारमा ।

११२ शोधकर्ताले २०६८ भाद्रमा शंकराचार्य मन्दिरका संरक्षक ध्रुवानन्द सरस्वतीसंग लिइएको जानकारीका आधारमा ।

११३ शोधकर्ताले २०६८ भाद्रमा मन्दिरका पुजारी उपेन्द्र कोइरालासँग लिइएको जानकारीका आधारमा ।

११४ *ऐजन* ।

प्रारम्भ भई वि.सं. २०४४ मा पूरा भएको हो भन्ने कुराको जानकारी हुन्छ । यस मन्दिरको परिसरमा सन्तनिवासका साथै शिवालयको स्थापना गरिएको छ, जहाँ शिवपार्वती र गणेश पाञ्चायनका मूर्तिहरू स्थापित छन् । अतिथि निवासका साथै छात्रहरू पढ्ने र बस्ने आश्रमको समेत व्यवस्था गरिएको यस मन्दिरमा परम्पराअनुसारका चाडपर्व र उत्सवहरूमा विभिन्न धार्मिक कार्यक्रमहरूको आयोजना गर्ने कुरा मन्दिरका पीठाधीश बताउँदछन् । यस मन्दिरको धार्मिक तथा भौतिक पक्ष राम्रो देखिन्छ भने आर्थिक अवस्था सामान्य रहेको पाइन्छ ।

### (ङ) श्री अष्टादश पुराण मन्दिर

विश्वशान्ति महायज्ञशाला तथा शिव मन्दिरको नजिकै अष्टादश पुराण मन्दिर रहेको छ । वि.सं. २०३८ मा माता हरिशरण गिरिबाट मन्दिर निर्माण भएको कुरा अवगत हुन आउँदछ ।[११५] हरिशरण माताद्वारा निर्माण गरिएको उक्त आश्रमलाई हरिशरण गिरि आश्रम नामले सम्बोधन गरेको पाइन्छ र यसलाई हरि आमा मन्दिर पनि भन्ने गरिन्छ भने यसै मन्दिरलाई नै अखण्डदीपज्योति शिव मन्दिर पनि भनिन्छ । माता हरिशरण गिरि यस स्थलमा आई बसिसकेपछि उनले आफ्नो पुर्ख्यौली सम्पत्तिमा मन्दिर निर्माण गरेको कुरा थाहा हुन आउँदछ ।[११६] वि.सं. २०४१ बाट कृष्णजन्माष्टमीको अवसर पारी अखण्ड दीप प्रज्वलन गरिएको थियो । उक्त अखण्डदीप अद्यावधि बलिरहेको देख्न सकिन्छ । अष्टादश पुराणको ठीक सामुन्ने शिवलिङ्गसहित मन्दिरको निर्माण गरिएको कुरा ज्ञात हुन आउँदछ ।[११७] यस अष्टादश पुराण मन्दिरमा समय-समयमा भागवत्पुराण प्रवचन लगाइने गरिएको कुरा थाहा हुन आउँदछ । यस मन्दिरकी संस्थापिका हरिशरण गिरि माताजी हुन् भने हाल यस मन्दिरकी संरक्षिका तथा सञ्चालिका श्रीकृष्णा गिरि माता हुन् । यसैगरी मन्दिरको समीपमा दुइवटा राधाकृष्णका मूर्ति स्थापना गरिएको देख्न सकिन्छ भने संस्थापिका हरिशरणकी छोरी बालकुमारीद्वारा आफ्नी आमाको नाममा निर्माण गरेको सालिक राधाकृष्ण मूर्तिको पूर्वपट्टि देख्न सकिन्छ ।[११८] दिनहुँ पूजा भइरहने यस मन्दिरको भौतिक तथा धार्मिक पक्ष राम्रो देखिए तापनि आर्थिक पक्ष भने सामान्य देखिन्छ ।[११९]

---

११५ *ऐजन* ।

११६ शोधकर्ताले २०६८ भाद्रमा मन्दिरको संरक्षिका तथा सञ्चालिका गिरिमाताबाट प्राप्त जानकारीका आधारमा ।

११७ शोधकर्ताले २०६८ भाद्रमा मन्दिरको संरक्षिका तथा सञ्चालिका कृष्णा गिरि माताबाट प्राप्त जानकारीका आधारमा ।

११८ *ऐजन* ।

११९ शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा ।

### (च) श्री शिव मन्दिर

देवघाटक्षेत्रअन्तर्गत वडा नं. ३ नारायणी किनारमा रहेको यस मन्दिरको स्थापना वि.सं. २०४९ कार्तिक २४ गते रहेको कुरा मन्दिरभित्र राखिएको शिवलिङ्गको तल लेखिएबाट स्पष्ट हुन आउँदछ । चतुर्मुखी शिवलिङ्ग भएको यस मन्दिरको निर्माता एवं संस्थापक केदारकुमार प्रधान भएको ज्ञात हुन आउँदछ ।[१२०] छड, सिमेण्ट प्रयोग गरी बनाइएको यो मन्दिर छत्रशैलीमा निर्मित वरिपरि आँखीझ्याल हुनुका साथै मन्दिरको ठीक अगाडि वृषमूर्ति राखिएको छ ।[१२१] दिनहूँ पूजा हुने यस मन्दिरको भौतिक तथा आर्थिक अवस्था सामान्य देखिन्छ ।

### (छ) श्री गौरेश्वर पशुपति मन्दिर

देवघाटक्षेत्रअन्तर्गत भ.न.पा. १ नारायणी नदीको तटमा श्रीगौरेश्वर पशुपति मन्दिर रहेको छ । पोखरा बसपार्कदेखि नजिक रहेको यो मन्दिर छड, सिमेन्टको प्रयोग गरी २ तले छाना राखी २०'×२०' को चतुष्कोणाकारको रूपमा छत्रशैलीमा मन्दिर निर्माण गरिएको छ ।[१२२] नारायणघाट निवासी सूर्यकुमार पियाको पूर्ण लगानीमा निर्माण गरिएको यो मन्दिर भरतपुर नगरपालिकाले उपलब्ध गराएको जग्गामा बनाइएको छ ।[१२३] काठमाडौँ पाटनबाट ल्याइएको गौरेश्वर पशुपति लिङ्गको प्राणप्रतिष्ठा एवं उद्घाटन वि.सं. २०५० फागुन महाशिवरात्रिको पावन दिनमा रामानन्द गिरिबाट भएको कुरा मन्दिरको शिलापत्रबाट अवगत हुन आउँदछ । मन्दिर प्रवेशद्वारको ठीक सामुन्ने कालो प्रस्तरको आकर्षक वृषमूर्ति, घुँडा खुम्च्याई नमस्कार मुद्रामा रहेको आकर्षक हनुमान मूर्ति रहेको छ । मन्दिर परिसरभित्र गणेश, जलशयननारायण जालपादेवी र वासुकीनाग मूर्तिहरू रहेका छन् ।[१२४] नारायणघाट निवासी भरतलाल प्रधानकै प्रयासबाट निर्माण गरिएको यस मन्दिरको वर्तमान अध्यक्षमा भरतलाल प्रधान नै रहेका छन् । तीन कट्ठामा फैलिएको यो मन्दिर निकै आकर्षक देखिन्छ । सिँढी झरेर नदीसम्म जाने व्यवस्था मिलाइएको यस मन्दिरको समीपमा स्नान गर्ने घाटको पनि व्यवस्था गरिएको छ । समय-समयमा दिनहुँ पूजा तथा विवाह व्रतबन्ध भइरहने यस मन्दिरको आर्थिक भौतिक तथा धार्मिक पक्ष सबै पक्ष राम्रो देखिन्छ ।

---

[१२०] शिवमन्दिरका पुजारी गोकर्ण सुवेदीबाट प्राप्त जानकारीका आधारमा ।

[१२१] *ऐजन* ।

[१२२] शोधकर्ताले २०६८ असारमो गरेको स्थलगत अवलोकनका आधारमा ।

[१२३] नारायणगढ निवासी गौरेश्वर मन्दिरका लगानीकर्ता भरतलाल प्रधानबाट प्राप्त जानकारीका आधारमा ।

[१२४] शोधकर्ताले २०६८ श्रावणमा गरेको स्थलगत अवलोकनका आधारमा ।

### (ज) श्री विश्वकर्मा सर्वोदय उपासना मन्दिर

देवघाटक्षेत्रअन्तर्गत भ.न.पा. १ नारायणी नदीको किनारमा यो मन्दिर रहेको छ । छड, सिमेन्टको प्रयोग गरी छत्रशैलीमा निर्माण गरिएको यस मन्दिरमा विश्वकर्माको मूर्तिका साथै गणेश, शिव, पार्वती, विष्णु लक्ष्मी, दुर्गा सरस्वती, सूर्य, सन्तोषी मूर्तिहरू रहेका छन् । मन्दिरको प्रवेशद्वार अगाडि शिवलिङ्ग र बसाहा समेत रहेको छ ।[१२५] मन्दिरको शिलापत्रअनुसार यसको स्थापना वि.सं २०५१ सालमा भएको थियो । विश्वकर्मा सेवा समितिद्वारा वि.सं २०५१ मा विश्वकर्मा सर्वोदय मन्दिरको विश्वहिन्दु महा संघ नेपाल तथा राष्ट्रिय दलित उत्थान समन्वय समितिको केन्द्रीय अध्यक्ष तथा प्रमुख अतिथि खरीलाल विश्वकर्माबाट मिति २०६३/४/२९ गतेको शुभसाइतमा शिलान्यास र इति संवत् २०६४/६/१ मा समुद्घाटन सुसम्पन्न भयो । यस मन्दिरको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको छ ।

### (झ) श्री सङ्गमेश्वर पशुपति मन्दिर

सङ्गमेश्वर पशुपति मन्दिर चितवन जिल्ला भ.न.पा. १ अन्तर्गत देवघाटको नारायणी तटनेर निर्मित छ । यो मन्दिर काठमाडौँ निवासी रञ्जनराज आचार्यद्वारा वि.सं २०५२ देखि प्रारम्भ गरी वि.सं. २०५४ मा विधिवत् प्राणप्रतिष्ठासहित शिवलिङ्ग स्थापना गरेको कुरा मन्दिरमा रहेको शिलापत्रबाट थाहा हुन आउँदछ ।[१२६] गुम्बजशैलीमा तयार पारिएको यो मन्दिर छड, सिमेण्ट र ईटा प्रयोग गरी बनाइएको छ । मन्दिर परिसरभित्र गणेशमूर्ति, नवदुर्गा भगवतीमूर्ति, अष्टमातृकाको ढुङ्गाका साना-साना मूर्तिहरू, विष्णुमूर्ति, १०८ शिवलिङ्ग तथा सन्तोषीमाता मूर्ति र सूर्य राधाकृष्ण मूर्ति रहेका छन् । साथै कीर्तन भवन, प्रवचन हल, यज्ञकुण्ड समेत रहेको यो मन्दिर दुइ कठ्ठा जग्गामा फैलिएको कुरा अवगत हुन आउँदछ । मूल मन्दिरको गर्भगृहमा पञ्चमुखी शिवलिङ्गको स्थापना गरिएको छ ।[१२७] मन्दिरमा नित्य पूजा तथा पर्व पूजा सञ्चालन गरिन्छ र सो कार्यको लागि पुजारीको व्यवस्था पनि भएको छ । मन्दिरका विभिन्न क्रियाकलापहरू चन्दाबाट सञ्चालन गरिन्छ साथै अक्षयकोषमा दाताहरूले दान दिनु भएको कुरा शिलापत्रमा लेखिएको छ । यसमा विभिन्न

---

[१२५] *ऐजन* ।

[१२६] सङ्गमेश्वर पशुपति मन्दिरमा राखिएको शिलापत्रका आधारमा ।

[१२७] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनबाट प्राप्त जानकारीका आधारमा ।

महानुभावहरूबाट आर्थिक सहयोग लिई नामावली शिलापत्रमा राखिएको छ । दिनहुँ धार्मिक गतिविधि भइरहने यस मन्दिरको आर्थिक तथा भौतिक अवस्था राम्रो देखिन्छ ।

यस क्षेत्र वरिपरि छरिएर रहेका संरचनाहरूको उल्लेख गर्ने क्रममा यहाँ बनेका मठ-मन्दिरहरूको उल्लेखपश्चात् यहाँ रहेका मूर्तिहरूको पनि उल्लेख गर्नु सान्दर्भिक नै देखिन्छ । यहाँ रहेका महत्त्वपूर्ण एवम् पुराना मूर्तिहरूमा सङ्गमेश्वर मन्दिरको दक्षिणतिर सानो ढुङ्गाको स्तम्भमाथि सानो हनुमानको मूर्ति नमस्कार मुद्रामा रहेको छ । घुँडा टेकी बसेको उक्त मूर्ति ढुङ्गाद्वारा बनेको छ । मूर्तिको माथि धातुको छत्र बनाइएको छ । मूर्तिलाई सुरक्षित राख्न वरिपरि फलामको बार लगाइएको छ । यो मूर्ति पनि नयाँ हो । यसै मूर्तिको पूर्वतिर केही माथि हनुमानको अर्को ठूलो मूर्ति स्थानक मुद्रामा रहेको छ । फलामे डण्डी र माटोद्वारा निर्मित उक्त मूर्तिका दुइ हातमध्ये एउटा अभयमुद्रामा रहेको छ भने अर्कोहातले गदा समातेको छ । यो आकर्षक मूर्ति हालसालै बनाइएको हो ।

### (ञ) श्री शिवालय (शिव मन्दिर)

देवघाटक्षेत्रअन्तर्गत भ.न.पा. ११ बसेनी नवदुर्गा भवानी मन्दिर परिसरमा शिवालय (शिव मन्दिर) स्थापना गरिएको छ । छड, सिमेन्टको प्रयोग गरी निर्माण गराइएको यो शिवालय छत्र तथा गुम्बज शैलीमा निर्माण गरिएको शिवालयभित्र शिवलिङ्ग स्थापना गरिएको छ । मन्दिर बाहिर बसाहाको मूर्ति राखिएको छ ।[१२८] पिता बालदत्त भट्टराई र माता भद्रिका देवी भट्टराईको स्मृतिमा समर्पित शिवालय- पुत्रबधु :- उदयनन्द भट्टराई र भीमादेवी भट्टराई सपरिवारद्वारा निर्माण गरी वि.सं २०५८ फाल्गुण २८ गते शिवरात्रिका दिन देवघाट हरिहर आश्रमका पीठाधीश ज्ञानानन्द सरस्वतीबाट समुद्घाटित दिनहुँ नित्य पूजाआजा भैरहने यस मन्दिरमा भाकल पूजा तथा पर्व पूजाका साथै विभिन्न धार्मिक गतिविधिहरु पनि भैरहने यस मन्दिरको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको देखिन्छ ।

## ३.३.२ वैष्णव मन्दिरहरू

चितवनमा शैव मन्दिरहरूको तुलनामा वैष्णव सम्प्रदायका मन्दिरहरू बढी मात्रामा रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

---

[१२८] शोधकर्ताले २०६८ भाद्रमा शिवालय मन्दिर अवलोकनका आधारमा स्थलगत अवलोकनका आधारमा ।

**(क) श्री लक्ष्मीनारायण मन्दिर**

देवघाटक्षेत्रको चितवनतर्फ लक्ष्मीनारायणको मन्दिर रहेको छ (फोटो नं १५) । वि.सं. २०२२ सालमा शिलान्यास गरिएको यो मन्दिरको प्राणप्रतिष्ठा र उद्घाटन भने वि.सं. २०२४ वैशाख हस्तानक्षत्र शुक्लद्वादशीका दिनमा भएको कुरा मन्दिरमा रहेको शिलापत्रबाट थाहा हुन आउँदछ ।[१२९] रथ आकृतिमा बनेको यस मन्दिरको शैलीलाई त्रिरथ शैलीमा निर्माण गरिएको छ । किनभने यस मन्दिरलाई रथलाई जस्तै गरी तीनवटा पिल्लर (खम्बा) ले अडाइराखेको देखिन्छ । यस मन्दिरभित्र चलअचल गरी दुइथरी सुन्दर, भव्य एवम् आकर्षक मूर्तिहरू विराजमान छन् । यस्ता चल मूर्तिहरू भन्नाले पर्व-पर्वमा रथमा राखी स्नान गराई यात्रा गराउने र अचल भन्नाले मन्दिरबाट बाहिर ननिकालिने मूर्तिहरू भन्ने बुझिन्छ । यस्ता चल मूर्तिहरूमा श्रीदेवी, भूदेवी वेंकटेश भगवान् (लक्ष्मीनारायण), सुदर्शन चक्र र रामानुज स्वामीका मूर्तिहरू छन् भने अचल मूर्तिहरूमा पद्मावती लक्ष्मी, गोदादेवी, वेंकटेश भगवान्, सुदर्शनचक्र, गरुडस्तम्भ र रामानुज स्वामीका मूर्तिहरू रहेका छन् । मन्दिर परिसरमा आकर्षक गरुडस्तम्भ र रामक्रतुस्तम्भ रहेका छन् ।[१३०]

दैनिक विधिपूर्वक पूजा अर्चना हुने यस मन्दिरमा पूजा र आरतीको लागि भक्तजनहरूको भीड लागिरहन्छ । नित्य भजन, किर्तन पाठ गरिने यो मन्दिरमा बिहान विष्णुसह्रसनाम, भागवत, रामायण र गीताको पाठ गरेर बिहान-बेलुका नित्य भजन गर्ने चलन रहेको छ । यस मन्दिरमा हरेक वर्ष पौष र वैशाख महिनामा विशेष धार्मिक कार्यक्रमको आयोजना गरिन्छ । वैशाखमा पाँच दिवसीय विशेष वार्षिक महोत्सवको आयोजना गर्ने कुरा मन्दिरका पीठाधीशबाट ज्ञात हुन आउँदछ ।[१३१]यस मन्दिरको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको छ । विशेष गरी यो मन्दिर वैष्णव सम्प्रदायको भएको हुँदा र पुराणमा उल्लेख भएअनुसार लक्ष्मीले विष्णुलाई पाउन नित्य पूजा गरेको भन्ने आधारमा यस मन्दिरमा पनि पौष महिनाभरी नित्य विशेष रूपले विष्णुको पूजापाठ गरी पुष २७ गते विष्णु लक्ष्मीको विवाह गरी मसान्तमा यो पूजा विधिवत् रूपमा अन्त्य गरिन्छ । त्यस समयमा एक पाथीको दाल चामलको खाना बनाएर भगवान्लाई भोग लगाउने गरिन्छ र त्यही भोग प्रसादको रूपमा भक्तजनलाई

---

[१२९] शोधकर्ताले २०६७ मा लक्ष्मी नाराण्या मन्दिर अवलोकनबाट प्राप्त जानकारीका आधारमा ।

[१३०] *ऐजन* ।

[१३१] शोधकर्ताले लक्ष्मीनारायण मन्दिरका वर्तमान पीठाधीश श्रीधराचार्यसँग २०६७ भाद्रमा लिएको अन्तर्वाता आधारमा ।

बाँड्ने गरिन्छ ।[१३२] यसरी रथको आकृतिमा बनेको यस मन्दिरको निर्माण ईंटा र सिमेन्टको प्रयोग गरी भएको छ । यस मन्दिरका संस्थापक स्वामी जनार्दनाचार्य हुन् । वि.सं २०५७ मंसीर १० गते उनको वैकुण्ठवास (निधन) पश्चात् सञ्चालकमा उनकै सुपुत्र श्रीधराचार्य घिमिरे हुन् । यस मन्दिरको जग्गा करीब तीन विगाहाजति भए तापनि उक्त ठाउँमा हाल कल्पवासी र गृहस्थीहरूले घर बनाएर बसेका छन् । उक्त जग्गाबाट कुनै पनि आयस्ता आउँदैन ।

रामानुज सम्प्रदायका स्वामी श्रीजनार्दनाचार्यको परिश्रम, दान र चन्दा सङ्कलनबाट निर्मित यो मन्दिर देवघाटधामको निमित्त आकर्षक एवं पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण धार्मिक संरचना मानिन्छ । दिनहुँ धार्मिक गतिविधि सञ्चालन भइरहने यस मन्दिरको आर्थिक, धार्मिक तथा भौतिक अवस्था राम्रो देखिन्छ ।

### (ख) श्री रामक्रतुस्तम्भ

लक्ष्मीनारायण मन्दिरको प्राङ्गणमा रहेको रामक्रतुस्तम्भको शिलान्यास वि.सं. २०२३ साल चैत्र महिनाको सुरुमा भएको थियो भने यसको प्राणप्रतिष्ठा वि.सं. २०२४ वैशाख ४ मा श्रीमन्नारायण रामानुज जियरबाट भएको हो । यस श्रीरामक्रतुस्तम्भको प्रतिष्ठाको अवसरमा सवा करोड रामनाम ताम्रपत्रमा लेखी स्तम्भभित्र राखी प्रतिष्ठित गरिएको थियो । स्तम्भको वरिपरि सिङ्गमरमरको शिलामा सम्पूर्ण रामायणको सार लेखिएको छ ।[१३३] रामनवमीको दिनमा यस स्तम्भमा विशेष उत्सव लाग्ने गर्दछ, अर्थात् उक्त दिन भक्तजनहरूले ताम्रपत्र वा कागजमा भए पनि रामनाम लेखी स्तम्भभित्र खसाल्ने गर्दछन् र सोही दिन यस स्तम्भको परिक्रमा दर्शन गर्नाले ठूलो पुण्य मिल्दछ भन्ने भनाइ छ ।[१३४] रामक्रतुस्तम्भको सम्बन्धमा कुरा गर्नुपर्दा यस्ता स्तम्भहरू नेपाल र भारत गरी जम्मा १०८ वटा भएकोमा नेपालमा ३ वटा मात्र छन् । जसमा जनकपुरधामस्थित तोतादीमठ (रानीपाटी) मन्दिर परिसरमा, मुक्तिनाथ मन्दिर परिसरमा र यस देवघाटस्थित लक्ष्मीनारायण मन्दिर परिसरमा रहेको कुरा मन्दिरका पीठाधीश बताउँदछन् ।[१३५] श्रीमन्नारायण रामानुज जीयरले जुन-जुन स्थानमा यज्ञ गरे त्यस्ता स्थानहरूमा

---

[१३२] *ऐजन* ।

[१३३] यस मन्दिरमा सङ्गमरमरको शिलामा सम्पूर्ण रामायणको सार लेखिएको छ ।
विस्तृत जानकारीका लागि शिलापत्रको फोटो परिशिष्ट ८ मा दिइएको छ ।

[१३४] लक्ष्मी नारायण मन्दिर चितवनका मन्दिरका पीठाधीश श्रीधराचार्यसँग शोधकर्ताले २०६८ आषाढमा गरेको भेटवार्ताबाट प्राप्त जानकारीका आधारमा ।

[१३५] *ऐजन* ।

यस्ता क्रतुस्तम्भहरू निर्माण गर्ने क्रममा यस स्थानमा ८७ औं यज्ञपश्चात् यो स्तम्भ स्थापना गरेको हुँदा यस स्तम्भलाई ८७ औं रामक्रतुस्तम्भ भनिएको हो ।

### (ग) श्री राम मन्दिर

देवघाटक्षेत्र चितवनतर्फ भरतपुर नगरपालिका, वडा नं. १ मा पर्ने यो श्रीराम मन्दिर देवघाटधामको एक अर्को महत्त्वपूर्ण मन्दिर हो (फोटो नं १६) । यस मन्दिरको स्थापना गोरखामा जन्मिएका बालब्रह्मचारी डिल्लीरामबाबाबाट भएको हो । यो मन्दिरको शिलान्यास वि.सं २०२३ सालमा गरिएको थियो भने यस मन्दिरको उद्‌घाटन तथा मूर्ति प्राणप्रतिष्ठा भने वि.सं. २०२५ सालको श्री पञ्चमीका दिन गरिएको थियो ।[१३६]

रथको आकारमा निर्माण गरिएको त्रिरथ शिखरशैलीमा बनेको यो मन्दिरको निर्माण ईंटा र सिमेन्ट प्रयोग गरी भएको छ ।[१३७] मन्दिरका संस्थापक डिल्लीरामबाबाद्वारा यस मन्दिरको गर्भगृहमा राम, लक्ष्मण, सीता, भरत र शत्रुघ्नको साथै हनुमानको मूर्तिहरू पनि स्थापना गरिएका छन् ।[१३८] ८० हात लम्बाई भएको यस मन्दिरमा राम परिवार मन्दिरको अगलबगलमा विभिन्न मठ-मन्दिरहरू रहेका छन् । गुम्बजशैलीको गायत्री मन्दिरको वि.सं. २०२७ मा स्थापना भएको थियो । यसलाई डिल्लीरामबाबाले आफ्नै परिश्रमद्वारा निर्माण गरेका थिए । यसमा गायत्रीमूर्ति भएकोले त्यसै ठाउँमा वि.सं. २०६० मा हरिप्रसाद निरौलाद्वारा लक्ष्मीनारायणमूर्तिसंगै श्रीराम मन्दिरको नजिक लक्ष्मीनारायण मूर्ति र गायत्रीमूर्ति स्थापना गरिएको छ त्यसैमा रहोस् भनी विधिवत् पूजा गरी स्थापना गरिएको हो । यस परिसरभित्र रहेका मन्दिरहरूको नाममा वेग्लावेग्लै गुठी जग्गाहरू छुट्याइएको छ ।[१३९]

श्रीराम मन्दिर परिसरभित्र विशेष गरी भक्तजनहरूले रामको नाम जपिरहेका हुन्छन् ।[१४०] यस मन्दिरको नाममा तनहूँ देवघाट गा.वि.स. वडा नं २ मा ६ विगाहा जग्गा रहेको छ, तर यो

---

[१३६] राम मन्दिरमा रहेको शिलापत्रबाट प्राप्त जानकारीका आधारमा ।

[१३७] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[१३८] शोधकर्ताले देवघाटको सीताराम मन्दिरका पीठाधीश श्री डिल्लीरामबाबासित २०५९ हिउँदमा लिइएको अन्तर्वार्ताअनुसार ।

[१३९] विस्तृत जानकारीका लागि मन्दिरमा रहेको शिलापत्र हेर्नुहुन ।

[१४०] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

अध्ययनको क्रममा स्थलगत भ्रमण भएको बेला माओवादीद्वारा अधीनमा लिइएकोले उक्त जग्गाबाट मन्दिरको निम्ति कुनै आयस्ता प्राप्त नहुने कुरा अध्ययनका क्रममा ज्ञात हुन आउँदछ ।[१४१] संस्थापक डिल्लीराम बाबाको वैकुण्ठ (निधन) पश्चात भने कमै मात्रामा धार्मिक गतिविधि हुने यस मन्दिरको आर्थिक भौतिक तथा धार्मिक पक्ष भने त्यति राम्रो देखिँदैन ।

### (घ) श्री राधाकृष्ण मन्दिर

देवघाटको चितवनतर्फ रहेको यो मन्दिरको स्थापना वि.सं. २०३५ सालमा लक्ष्मीशरण देवबाट भएको हो । उक्त मन्दिरको माथितिर गुम्बज आकारको शिखराकृति रहेको छ । छड र सिमेन्ट र ईटा प्रयोग गरी बनाइएको । मन्दिरको गर्भगृहमा राधाकृष्णको मूर्ति राखिएको छ । उक्त मन्दिरमा राखिएका मूर्तिहरू विराटनगरबाट ल्याई वि.सं. २०५३ मंसीर १५ गते शुक्रबारका दिन प्राणप्रतिष्ठा सम्पन्न गरिएको थियो । उक्त मन्दिरको पूजा संस्कृत विद्यालयमा एवं अध्ययन गरिरहेका विद्यार्थीद्वारा हुने गर्दछ । उक्त मन्दिरको नित्यपूजाको लागि रू. दुइ लाखजति अक्षयकोष रहेको अवगत हुन आउँदछ । मन्दिर वरिपरि साना-साना घरहरू रहेका छन् । ती साना-साना घरहरूमा विद्यार्थी र भक्तिनीहरू बस्दछन् । मन्दिरमा नित्य भजनकीर्तन हुने गर्दछ ।[१४२] मन्दिरको आर्थिक भौतिक तथा धार्मिक अवस्था सामान्य रहेको देखिन्छ ।

### (ङ) श्री राधामाधव मन्दिर

देवघाटधाम चितवनतर्फ राधामाधव वैदिक संस्कृत गुरुकुलम्को परिसरभित्र रहेको यो सानो मन्दिरको शिलान्यास वि.सं. २०५३ महाशिवरात्रिका दिन खेमराज केशव शरणबाट भएको कुरा ज्ञात हुन आउँदछ ।[१४३] यसको निर्माण कार्य वि.सं. २०५४ देखि सुरु भई वि.सं. २०५८ वैशाखशुक्ल अक्षयतृतीयाका दिनमा भगवान् श्री राधामाधवको प्राणप्रतिष्ठासहित स्थापना भएको थियो ।[१४४] यसमा बायाँपट्टि श्रीदेवर्षि नारदमूर्ति, भाष्यकार जगद्गुरु श्री निम्बार्काचार्यकोमूर्ति विराजमान छ । यसैगरी प्रवेशद्वारमा गरुड र हनुमानमूर्ति पनि रहेको छ । शिखरशैलीमा निर्मित यो मन्दिरमा मार्वलको प्रयोग भएको छ । यस मन्दिरको नाममा

---

[१४१] शोधकर्ताले डिल्लीरामबाबाका भतिजा गोपालसंग गरेको कुराकानीका आधारमा ।

[१४२] मन्दिरका पुजारी आचार्य कृष्ण शरणबाट प्राप्त जानकारीका आधारमा ।

[१४३] शोधकर्ताले श्री राधामाधव मन्दिरका पीठाधीश खेमराज केशवसँग २०६७ भदौमा शोधकर्ताले गरेको भेटवार्ताका आधारमा ।

[१४४] शोधकर्ताले २०६७ कार्तिकमा गरेको स्थलगत अध्ययनका आधारमा ।

कुनै गूठी जग्गा नभए तापनि मन्दिर भने राम्रोसँग सञ्चालन भएको देखिन्छ ।[१४५] यस मन्दिरको भौतिक आर्थिक तथा धार्मिक अवस्था राम्रो रहेको देखिन्छ ।

### (च) श्री संकल्पेश्वर हनूमान मन्दिर

देवघाटधामको मुख्य प्रवेशद्वार मानिने झोलुङ्गे पुल नजिकै चितवन जिल्लातर्फ संकल्पेश्वर हनुमानको मन्दिर रहेको छ । माथि उल्लेखित नागाबाबा बमबमको आर्थिक सहयोगमा वि.सं. २०५६ वैशाख २४ गतेका दिन गलेश्वरबाबा आश्रमका पीठाधीश आत्मानन्द गिरिबाट शिलान्यास गरिएको यस मन्दिरमा हनूमानको प्राणप्रतिष्ठा पनि उनैबाट वि.सं. २०५४ चैत्र २६ गते श्री हनुमानजयन्तीकै पावन अवसरमा भएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।[१४६] गलेश्वरबाबा आश्रम ट्रष्टको संरक्षकत्वमा निर्मित यस मन्दिरमा ५ फुट उचाईको आकर्षक हनुमानको मूर्ति रहेको छ । अगल बगलमा शिशा राखिएको हुँदा एउटै मूर्तिको धेरै प्रतिविम्ब देखिन्छ ।[१४७]

यो हनूमान मन्दिर देवघाटकै शोभायमानको रूपमा रहेको प्रतीत हुन्छ । नित्य पूजाआजा गरिने यस मन्दिर निर्माणमा विभिन्न श्रद्धालु भक्तजनहरूको पनि आर्थिक सहयोग रहेको छ । एकतले अवस्थामा रहेको यो मन्दिरको कुनै विशिष्ट शैली छैन । सिमेन्ट, ईंटा र फलामे छडद्वारा मन्दिरको निर्माण भएको छ । उक्त मन्दिरको नित्य पूजा ज्योतिर्लिङ्गेश्वर शिवालयका वटुकहरूद्वारा गरिन्छ र पर्वपूजा पनि वटुकहरूद्वारा नै सञ्चालन गरिने कुरा ज्ञात हुन आउँदछ । गलेश्वरबाबा आश्रमअन्तर्गत रहेको यो मन्दिरका संरक्षक गलेश्वर आश्रम ट्रष्ट भएको कुरा थाहा हुन आउँदछ ।[१४८] यस मन्दिरको भौतिक, आर्थिक तथा धार्मिक पक्ष सामान्य रहेको छ ।

### (छ) श्री राधाकृष्ण मन्दिर

श्री राधासर्वेश्वर भजनाश्रम मन्दिरको पूर्वतर्फ रहेको यो मन्दिर वि.सं २०३५ साल वैशाखमा शिलान्यास गरिएको ज्ञात हुन्छ । विराटनगरबाट ल्याइएको पाषण राधाकृष्ण मूर्तिको प्राणप्रतिष्ठा वि.सं २०५३ मंसीर १५ गते शुक्रबारका दिन गरिएको थियो । छड, सिमेन्टको

---

[१४५] *ऐजन* ।

[१४६] शोधकर्ताले २०६७ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[१४७] *ऐजन* ।

[१४८] शोधकर्ताले गलेश्वर आश्रमका पीठाधीश स्वामी आत्मानन्द गिरिसँग २०६७ भाद्रमा लिएको अन्तर्वार्ताका आधारमा ।

प्रयोग गरी निर्माण गरिएको यो मन्दिर शिखर तथा गुम्बज शैलीमा निर्मित भएको छ । हाल यसको संरक्षकका रूपमा संस्थापक लक्ष्मीशरणदेवका छोरा कृष्णशरण रहेको कुरा अवगत हुन आउँदछ । हवनकुण्ड र गुरु भगवत्शरण देवाचार्यको मन्दिर समेत रहेको यस मन्दिरको आर्थिक, भौतिक तथा धार्मिक पक्ष सामान्य रहेको देखिन्छ ।

**(ज) श्री राधासर्वेश्वर भजनाश्रम मन्दिर**

देवघाटक्षेत्र भ.न.पा. १ चितवन श्री लक्ष्मीनारायण मन्दिर जाने मार्गमा यो श्री राधासर्वेश्वर भजनाश्रम मन्दिर रहेको छ । वि.सं २०४५ साल वैशाख अक्षयतृतीयाका दिनमा शिलान्यास गरिएको यो मन्दिर वि.सं २०५३ आषाढशुक्ल द्वितीयाका दिनमा श्री राधाकृष्णको मूर्तिलाई प्राणप्रतिष्ठा गरिएको थियो ।[१४९] जि.प्र.का. चितवन मा वि.सं २०५८ सालमा दर्ता गराइएको यो मन्दिरका संस्थापक एवं सञ्चालक रुक्मिणीशरण देव हुन् । यसमा छड सिमेन्टको प्रयोग गरी बनाइएको यो मन्दिर गुम्बज र छत्रशैली मिश्रित शैलीमा निर्माण गरिएको कुरा स्थलगत अध्ययनबाट अवगत हुन आउँदछ । मन्दिरको भौतिक, आर्थिक तथा धार्मिक अवस्था सामान्य रहेको देखिन्छ ।

**(झ) श्री रामदरबार (श्रीराम मन्दिर)**

देवघाटक्षेत्र भ.न.पा. ११ वसेनी नवदुर्गा भवानी मन्दिर परिसरमा श्रीरामदरबार (श्रीराम मन्दिर) राम श्रेष्ठले दिवङ्गत पिता कृष्णकुमार र माता श्रीचन कुमारी श्रेष्ठको सम्झनामा निर्माण गरिएको श्रीरामदरबार मन्दिर वि.सं. २०५९ चैत्र २८ गते शुक्रबारका दिन हरिहर सन्यास आश्रमका पीठाधीश ज्ञानानन्द सरस्वतीबाट प्राणप्रतिष्ठासहित उद्घाटन भएको कुरा भित्तामा रहेको शिलापत्रबाट थाहा हुन आउँदछ । छड, सिमेन्ट प्रयोग गरी छत्र शैलीमा बनाइएको यो मन्दिर आकर्षक शैलीमा रहेको छ ।[१५०] यसको भौतिक, आर्थिक तथा धार्मिक अवस्था राम्रो देखिन्छ ।

---

[१४९] शोधकर्ताले २०६८ साल भाद्रमा मन्दिरका संस्थापक श्री रुक्मिणी शरणदेवसँग गरेको भेटवार्ताका आधारमा ।

[१५०] *ऐजन* ।

**(ञ) श्रीराधाकृष्ण मन्दिर**

देवघाटक्षेत्र, भ.न.पा., वडा न्न् ११ बसेनी तिनखोलेस्थित सडक छेउ यो मन्दिर रहेको छ । पद्मध्वज गुरुङ्ले आफ्नी माता सेती गुरुङ्को नाममा स्थापित यो मन्दिरलाई समाजसेवी रेशमलाल श्रेष्ठ (नारायणघाट निवासी) को लगानीमा निर्माण गरिएको यो मन्दिर वि.सं २०६१/८/७ मा सम्बन्धित व्यक्ति जग्गावाला पद्मध्वज गुरुङ्लाई हस्तान्तरण गरिएको कुरा अवगत हुन आउँदछ । दिनहुँ पूजा भइरहने यो मन्दिर छड सिमेन्टको प्रयोग गरी छत्रशैलीमा निर्माण गरिएको कुरा स्थलगत अध्ययनबाट ज्ञात हुन आउँदछ । यस मन्दिरको भौतिक, आर्थिक तथा धार्मिक अवस्था सामान्य देखिन्छ ।[१५१]

### ३.३.३ शाक्त मन्दिरहरू

तनहुँको तुलनामा चितवनमा शाक्त मन्दिरहरू बढी मात्रामा रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

**(क) श्री ईश्वरीमाई मन्दिर**

देवघाटक्षेत्रअन्तर्गत भ.न.पा. ३, नारायणी नदी किनारमा ईश्वरीमाई मन्दिर रहेको छ । वि.सं. २००५ सालपूर्व नै उक्त स्थानमा रहेको सिमलको रूखमुनि अवस्थित शिलालाई ईश्वरीमाईको प्रतीक सम्झी नारायणघाट वासिन्दा प्रत्येक वर्ष चण्डीपूर्णिमाका दिनमा पूजा गर्ने गर्दथे भन्ने ज्ञात हुन्छ ।[१५२] नारायणगढ निवासी डिठ्ठा कमलप्रसाद श्रेष्ठद्वारा स्थापित शिलास्वरूप ईश्वरीमाईको मूर्तिलाई मन्दिर निर्माण गराउने काम उनकै छोरा प्रेमकुमार श्रेष्ठलगायत वामदेव खनाल, सूर्यनारायण पिया, फौजबहादुर बानिया, महेन्द्रलाल प्रधानलगायतका व्यक्तिहरूले २०४८ सालमा मन्दिरको शुभारम्भ गरी २०५० सालमा हालको मन्दिर सम्पन्न भएको कुरा मन्दिर स्रोतबाट अवगत हुन आउँदछ ।[१५३] आधुनिक शैलीमा सिमेन्ट, रड, कङ्क्रीट आदिको प्रयोग गरी २ तले छानामा निर्माण गरिएको यो मन्दिर छत्र शैलीमा रहेको छ । मन्दिरको गर्भगृहमा अग्लो शिलास्वरूपको मूर्ति ईश्वरीमाई र सरस्वतीको

---

[१५१] शोधकर्ताले २०६९ माघमा मन्दिर निर्माता रेशमलाल श्रेष्ठबाट प्राप्त जानकारी ।

[१५२] २०६९ साल माघमा शोधकर्ताले मन्दिरका अधयक्ष श्री प्रेमकुमार श्रेष्ठसँग गरेको भेटवार्ताका आधारमा ।

[१५३] *ऐजन* ।

मूर्ति, गणेशको सिङगमरमरको मूर्ति रहेको छ ।[१५४] हाल यस मन्दिरका अध्यक्षमा प्रेमकुमार श्रेष्ठ रहेका छन् । मन्दिरको भौतिक, आर्थिक तथा धार्मिक पक्ष सामान्य देखिन्छ ।

**(ख) श्री दुर्गाभगवती मन्दिर**

देवघाटक्षेत्र भ.न.पा. ३ नारायणी नदीको किनारमा खुर्गा भगवती मन्दिर रहेको छ । यो मन्दिरमा १४'×१४' को चतुष्कोणाकार योजनामा ईंटाको गाह्रो काठका आँखीझ्याल तथा टुँडालहरू सहितको गर्भगृहमा पुनः अर्को सानो स्थान बनाएर स्वर्णमोलम्बा सहितको १'-६' अग्लो दुर्गाको मूर्ति स्थापना गरिएको छ ।[१५५] दुर्गामूर्तिको दायाँतिर कालिका र बायाँतिर नरमुण्डधारी शिवमूर्ति स्थापना गरिएको छ । साथै गणेशको मूर्ति पनि स्थापना गरिएको छ । यस मन्दिरको स्थापना वि.सं २०३० साल असोजमा भएको कुरा मन्दिरभित्र राखिएको मूर्तिमा उल्लेख गरिएबाट अवगत हुन आउँदछ । यसका संस्थापक नारायणघाट निवासी हीरालाल प्रधान हुन् ।[१५६] हाल यस मन्दिरका अध्यक्ष विष्णुकुमार प्रधान भएको ज्ञात हुन्छ ।[१५७] दुर्गा भगवती मन्दिर व्यवस्थापन समितिको समेत व्यवस्था गरिएको यस मन्दिरको वर्तमान अवस्था राम्रो देखिन्छ ।

**(ग) श्री नवदुर्गा भवानी मन्दिर**

देवघाटक्षेत्रअन्तर्गत चितवन जिल्लाको भ.न.पा. ११ सडक छेउ प्रहरी तालिमकेन्द्र नजिकै नवदुर्गा भवानी मन्दिर रहेको छ । वर्तमान तालिमकेन्द्रभित्र रहेको यो पुरानो नवदुर्गाको मन्दिर वि.सं. २०४६ सालमा तालिमकेन्द्रको स्थापनापश्चात् यो मन्दिरलाई तालिमकेन्द्रबाट बाहिर सारिएको हो । वि.सं. २०२७ सालमा शिलान्याससहित निर्माण गरिएको[१५८] यस मन्दिरलाई पछि पुनः तालिमकेन्द्र स्थापना सँगसँगै २०४६ सालमा हालको स्थानमा निर्माण गरी २०४७ सालमा पूर्ण रूपमा वर्तमान स्वरूप तयार भएको अवगत हुन्छ ।[१५९] मन्दिरभित्र

---

१५४ शोधकर्ताले २०६८ मंसिरमा गरेको देवघाटको स्थलगत अवलोकनका आधारमा ।

१५५ शोधकर्ताले २०६९ साल माघमागरेको स्थलगत अवलोकनका आधारमा ।

१५६ शोधकर्ताले २०६९ साल माघमा मन्दिरका पुजारी पं. विष्णुप्रसाद वाग्लेसँग लिएको जानकारीका आधारमा ।

१५७ *ऐजन* ।

१५८ नवदुर्गा भवानी मन्दिरको भित्तामा राखिएका अभिलेख अनुसार ।

१५९ *ऐजन* ।

दुर्गाभवानीको उभिएको श्रृङ्गारिक मूर्ति राखिएको छ । यस मन्दिरलाई नवदुर्गाको मन्दिर नभएता पनि भित्र नव दुर्गाको मूर्ति नभइकन गणेश, लक्ष्मीनारायण, सरस्वती, श्रीकृष्णका मूर्तिहरू स्थापित छन् । छड, सिमेन्टको प्रयोग गरी निर्माण गरिएको यो मन्दिर प्यागोडा शैलीमा रहेको छ । यस मन्दिरका प्रमुख संरक्षक ज्ञानानन्द सरस्वती हुन् भने हरिहर सन्यास आश्रमको एउटा शाखाका रूपमा यो मन्दिर रहेको छ ।[१६०] स्थापनाकालमा चार विगाहामा फैलिएको यो मन्दिर तालिमकेन्द्रको निर्माणपश्चात् भने चार कठ्ठा १५ धुरमा मात्र सीमित रहेको कुरा अवगत हुन्छ ।[१६१] मन्दिरको वर्तमान अवस्था राम्रो देखिन्छ ।

### (घ) श्री सन्तोषीमाता मन्दिर

देवघाटक्षेत्र भ.न.पा. १ रामनगर बजारको पूर्वभागमा सन्तोषीमाता मन्दिर रहेको छ । नारायणघाट निवासी मित्रलाल श्रेष्ठले आफ्नी छोरी चन्द्रकुमारी श्रेष्ठको पुण्यस्मृतिमा २०५४ साल माघ २४ गते निर्मित यो मन्दिर दुईतले प्यागोडा शैलीमा रहेको छ । रेशमलाल श्रेष्ठको संरक्षकत्वमा रहेको यो मन्दिरमा प्रत्येक शुक्रबार विधिवत् रूपमा पूजा हुने गर्दछ ।[१६२] छड र सिमेन्टद्वारा निर्माण गरिएको यो मन्दिरको अवस्था सामान्य देखिन्छ ।

### (ङ) श्री सप्तकन्या जलदेवी मन्दिर

देवघाटक्षेत्र, भ.न.पा. ११ बसेनी तिनखोलेमा यो मन्दिर रहेको छ । सडकछेउबाट तल सिँढी ओर्ली मन्दिरको द्वारसम्म पुग्ने व्यवस्था मिलाइएको यस मन्दिरको सतहमा जलमाथि मन्दिर निर्माण गरिएको देख्न सकिन्छ । (फोटो नं १७) पद्मध्वज गुरुङ्की आमा सेती गुरुङ्ले हाल मन्दिर भएको चाँपको रूखमा पूजा गर्दै आइरहेको र सो रूख ढलेपछि सोही स्थानमा २०१४ सालमा झुप्रोजस्तो मन्दिर बनाएको अवगत हुन आउँदछ । मन्दिरको भित्तामा रहेको स्रोतअनुसार २०१४ सालमा यस मन्दिरको शिलान्यास भएको र पछि उनै गुरुङ् परिवारबाट २०६३ जेठ २५ गते[१६३] दोस्रो पटक छड र सिमेन्टको प्रयोग गरी दुइ छाना भएको छत्रशैलीमा मन्दिर निर्माण गरिएको छ ।[१६४] चारैतिर पेटीमा तार बुनेर राखिएको र जमीनमुनिदेखि पिलर

---

१६० शोधकर्ताले २०६९ साल चैत्रमा गरेको स्थलगत अवलोकनका आधारमा ।

१६१ सञ्चालक समितिका अध्यक्ष श्री मधुसूदन वर्तौलासँग २०६९ साल चैत्रमा गरेको भेटवार्ताअनुसार ।

१६२ *ऐजन* ।

१६३ सप्तकन्या जलदेवी मन्दिरको भित्तामा रहेको स्रोतका आधारमा ।

१६४ शोधकर्ताले २०६९ साल चैत्रमा गरिएको स्थलगत अवलोकनका आधारमा ।

उठाएर बनाइएको यो मन्दिरको चारैतिर पानी देख्न सकिन्छ । मन्दिरभित्र जलदेवीको मूर्ति राखिएको छ भने मन्दिर बाहिर सानो यज्ञमण्डप पनि रहेको छ ।

यस मन्दिरको संस्थापिकाको रूपमा सेतीमाया गुरुङ् हुन् । यो मन्दिर परिसर १६ कट्ठा १५ धुरमा फैलिएको छ ।[१६५] आकर्षक तथा दर्शनीय रूपमा रहेको यो मन्दिर सामान्य अवस्थामा देख्न सकिन्छ ।

### (च) श्री वागीश्वरी मन्दिर

देवघाटक्षेत्र अन्तर्गत भ.न.पा. १ देवघाट जाने वाटो नारायणी किनार सडक छेउमा रहेको छ । ऐतिहासिक दृष्टिकोणबाट समेत महत्वपूर्ण रहेको वागेश्वरी मन्दिर तथा यस स्थलको सन्दर्भमा वागेश्वरी क्षेत्र अन्तर्गत चर्चा गरिनेछ । यहाँ केवल पछिल्लो समयमा निर्माण गरिएको वागेश्वरी मन्दिरको सन्दर्भ मात्र उल्लेख गरिएको छ । वि.सं. २०५० सालपछि आएर मात्र वागीश्वरी क्षेत्र वरिपरिमा रहेका भग्नावशेषहरूलाई संरक्षण गर्ने काम सुरु भएको पाइन्छ । यसै क्रममा यस क्षेत्रमा पाइएका अनेकौं पूरातात्विक तथा ऐतिहासिक प्रस्तरका मूर्तिहरूको संरक्षणका निमित्त योगी नरहरिनाथको पहलमा २०५२ साल कार्तिक ५ गते तत्कालीन स्थानीय विकास मन्त्री कमल थापाद्वारा वागीश्वरी मन्दिरको शिलान्यास भएको थियो । वागीश्वरी मन्दिरको निर्माणको लागि पूरातत्त्व विभागबाट स्थलगत निरीक्षण भई सो को लागत इष्टिमेट तयार पारिएको थियो । उक्त मन्दिर निर्माण कार्यको निमित्त रु. १,८०,०००/- पूरातत्व विभागबाट, रु. ५०,०००/- देवघाटक्षेत्र विकास समिति र बाँकी रकम नारायणगढ निवासी भरतलाल प्रधानबाट प्राप्त भएको थियो ।[१६६] चुना, सुर्की र बालुवा प्रयोग गरेर वागीश्वरी मन्दिर बनाइएको छ (फोटो नं १८) । शिखरशैलीमा निर्मित उक्त मन्दिरको ढोकामा उत्खननद्वारा प्राप्त प्रस्तरको पुरानो चौकोस राखिएको छ भने मन्दिरभित्र देवीको मूर्ति रहेको छ । उक्त मन्दिरको प्रवेशद्वारमा उत्खनन द्वारा नै प्राप्त बसाहको मूर्ति राखिएको छ । जसको स्वरूप पछाडिका घुँडा खुम्चिएको र अगाडिको खुट्टा सोझो टेकिएको मन्दिरको प्रवेशद्वारको ठीक अगाडि वायुपंखी वसाहा पनि उत्खनन द्वारा प्राप्त भएको मूर्ति राखिएको छ । यद्यपि मन्दिरभित्र भने वागीश्वरी देवीको मूर्ति स्थापना भएको छैन, केवल देवीको प्रतीकको रूपमा प्राप्त शिला

---

[१६५] समाजसेवी रेशमलाल श्रेष्ठबाट २०६९ साल चैत्रमा शोधकर्ताले गरेको भेटवार्ताको आधारमा ।

[१६६] रामबहादुर कुँवर र अरु, *देवघाटस्थित मणिमुकुन्देश्वर महादेव मन्दिर परिसरको अध्ययन-प्रतिवेदन,* (काठमाडौं: पुरातत्व विभाग, २०६७) पृ. ५ ।

स्थापना गरी पूजा गर्ने गरिएको छ । पुरातात्विक एवं प्राकृतिक सबै दृष्टिकोणबाट महत्त्वपूर्ण छ । नारायणी नदीको किनार र जङ्गलको बीच भागमा अवस्थित यो मन्दिरको वरिपरिमा विभिन्न किसिमका वोटविरुवाहरू र गौशाला रहेको छ । मन्दिरको आर्थिक, धार्मिक तथा भौतिक अवस्था सामान्य रहेको छ ।

### (छ) श्री गायत्री मन्दिर

देवघाटक्षेत्र भ.न.पा. १ वागीश्वरी मन्दिरदेखि पश्चिम नारायणी नदीको किनारमा २०५५ सालमा शिलान्याससहित निर्माण गरिएको यो गायत्री मन्दिर वसिष्ठगोत्री दवाडी-वन्धुहरूद्वारा निर्माण गरिएको हो । छड र सिमेन्ट प्रयोग गरी बनाइएको यो मन्दिर छत्रशैलीमा रहेको छ । मन्दिरभित्र राखिएको गायत्रीको मूर्ति २ फुट उचाई २×२ लम्बाई-गोलाइ रहेको छ । यसका संस्थापक अध्यक्ष लीलाधर दवाडी हुन् । यस मन्दिरको अवस्था सामान्य देखिन्छ ।

### (ज) सरस्वती मन्दिर

देवघाट क्षेत्रअन्तर्गत भ.न.पा ११ स्थित गणेशस्थानकै प्राङ्गणमा गणेश मन्दिरदेखि केही पूर्व श्री सरस्वती मन्दिर रहेको छ । यस मन्दिरको निर्माण वि.सं. २०२९ मा भएको अवगत हुन्छ । यस मन्दिरभित्र सरस्वती र बुद्धका मूर्ति राखिएका छन् भने मन्दिर स्तूपशैलीमा निर्माण गराइएको छ ।[१६७] मन्दिरभित्र पञ्चबुद्ध र अन्य देवी-देवताहरूका मूर्ति राखिनुका साथै मन्दिर निर्माण गरिनुबाट यसलाई धार्मिक समन्वयवादीताको प्रतीकका रूपमा लिन सकिन्छ । यस मन्दिरको आर्थिक तथा भौतिक अवस्था सामान्य रहेको देखिन्छ ।

### ३.३.४ गणपत्यका मन्दिरहरू

तनहुँ र नवलपरासीको तुलनामा चितवनमा गणेश (गणपत्य) मन्दिरहरू उल्लेखनीय रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

---

[१६७] शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अवलोकनका आधारमा ।

**(क) गणेशस्थान (श्रीगणेश मन्दिर)**

देवघाटक्षेत्र अन्तर्गत भरतपुर नगरपालिका वार्ड नं. ११ वसेनीस्थित गणेश मन्दिर प्राचीन मन्दिरमध्येको रूपमा लिन सकिन्छ (फोटो नं १९) । वि.सं. २०१६ भाद्र पूर्णिमाका दिनमा नारायणघाट निवासी डिट्ठा कमलप्रसाद श्रेष्ठ, भक्तकुमार पिया भएर यस स्थानमा ढुङ्गा खोज्ने क्रममा अद्‌भूत गणेशको मूर्ति फेला पारी सोही स्थानमा उक्त मूर्तिलाई, महेश्वरलाल श्रेष्ठ भक्तकुमार पिया, डि. कमलप्रसाद श्रेष्ठ, देवकुमार विहारी, कृष्णबहादुर खत्री र प्रेमकुमार श्रेष्ठहरूद्वारा प्राप्त मूर्तिलाई सोही स्थानमा स्थापना गरिएको हो ।[१६८] यो मन्दिरमा स्थापित गणेश मूर्ति लगभग १५/१६ औँ शताब्दीमा बनेको अनुमान पाइन्छ ।

गणेशस्थान मन्दिर परिसरमा अन्य केही नयाँ मन्दिरहरू पनि निर्माण गरिएका छन्, जसमा कमलेश्वर महादेव मन्दिर, पशुपतिनाथ मन्दिर, सन्तोषीमाता मन्दिर, मनकामना माईको मन्दिर, चण्डेश्वरी मन्दिर रहेका छन् । दिनहुँ पूजाभैरहने यस मन्दिरमा मंगलबार र मंगलचौथीका दिन विशेष भीड लाग्ने गर्दछ । । यी मन्दिरहरूको आर्थिक, भौतिक तथा धार्मिक अवस्था राम्रो रहेको छ ।

**(ख) जलविनायक गणेशस्थान (हात्तीगौँडा)**

देवघाटक्षेत्र भ.न.पा. १ अन्तर्गत रामनगरदेखि ठीक दक्षिण स्थानमा जलविनायक गणेशस्थान मन्दिर रहेको छ । वि.सं. २०३४ सालमा नारायणघाट निवासी रामप्रसाद श्रेष्ठ र ध्रुवलाल श्रेष्ठद्वारा काठमाडौँबाट साढे २ फुट उचाइ, ३ फुट चौडाइ भएको कालो गणेशको प्रस्तरको मूर्ति ल्याई जलको स्रोत भएको यस स्थलमा जलविनायक गणेशको मूर्ति स्थापना गराइएको कुरा अवगत हुन आउँदछ ।[१६९] हाल संरक्षकको एवं संस्थापक रूपमा रामप्रसाद श्रेष्ठ र ध्रुवलाल श्रेष्ठ छन् । यस मन्दिरको आर्थिक, भौतिक तथा धार्मिक अवस्था सामान्य रहेको छ ।

यी माथि उल्लेखित मन्दिरहरू वाहेक देवघाटक्षेत्रले छोएको चितवनतर्फ अन्य केही मन्दिरहरू रहेका छन् । जुन त्यति चर्चामा नआएको हुँदा तिनीहरूको विस्तृत चर्चा नगरी नाम मात्र उल्लेख गरिएको छ । जसमा भ.न.पा. १, देवघाट चितवन डिल्लीरामबाबाको

---

[१६८] नारायणघाट निवासी श्री महेश्वरलाल श्रेष्ठबाट प्राप्त जानकारीका आधारमा ।

[१६९] जल विनायक गणेश स्थानका संरक्षक रामप्रसाद श्रेष्ठबाट प्राप्त जानकारीका आधारमा ।

आश्रम परिसरदेखि दक्षिणमा रहेको गुणराजेश्वर राम मन्दिर, राधेश्याम मन्दिर, लक्ष्मीनारायण मन्दिर, सीताराम मा.वि. को प्राङ्गणमा स्थापित सरस्वती मन्दिर, त्रिशूली गण्डकी जाने बाटोमा रहेको श्री शिव मन्दिर, भ.न.पा. १, नारायणघाट स्थित नारायणीको किनारमा स्थापित नेवारहरूको कूलदेवीका रूपमा रहेकी गुजेश्वरी मन्दिर, रामनगर,स्थापित शिव मन्दिर, जलदेवी मन्दिर, कविलास गा.वि.स. १, जुगेडीमा निर्मित जुगेडी माई (देवी) मन्दिर, रामनगर, गणेश मन्दिर, ठिमुरा १, गणेश मन्दिर, पञ्चकन्या देवीस्थान (मन्दिर) र जलेश्वर महादेव प्राकृतिक स्थान आदि रहेका छन् । यि माथि उल्लेखित मन्दिरहरु मध्ये वागेश्वरी स्थलमा रहेको वागेश्वरी मन्दिर तथा वागेश्वरी स्थलमा प्राप्त भग्नावशेषहरुलाई ऐतिहासिक दृष्टिकोणबाट महत्वपूर्ण मान्न सकिन्छ भने धार्मिक दृष्टिकोणबाट पनि महत्वपूर्ण रहेको देखिन्छ । भने मठमन्दिरहरु महत्वपूर्ण रहेको देखिन्छ भने मठमन्दिरहरु ऐतिहासिक तवरले भन्दा धार्मिक रुपलेनै बढी प्रख्याती भएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

### ३.३.५ बौद्धगुम्बाहरू

नवलपरासी र तनहुँ जिल्लामा बौद्ध गुम्बा तथा सालिकहरू नगण्य मात्रामा रहेका छन् भने यसको तुलनामा चितवनमा बढी मात्रामा बौद्धगुम्बाहरू रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

#### (क) महाबौद्ध गुम्बा

देवघाटक्षेत्रअन्तर्गत भ.न.पा. ११ मा वि.सं. २०२१ सालमा चितवनमा रहेका गुरुङ् समुदायले आफ्नो जाति भाषा धर्मको संरक्षणको निमित्त यो महाबौद्ध गुम्बा स्थापना गरेको अवगत हुन आउँदछ । यसै स्थानमा वि.सं. २०३३ मा बौद्ध धर्मावलम्बीहरूको सहयोगमा बौद्ध धर्मको संरक्षण गर्न डम्बरध्वज गुरुङ्को संयोजकत्वमा बौद्ध धर्म सेवा समिति गठन भयो । १२ कट्ठा १०$^{१}/_{२}$ धुर जग्गामा फैलिएको यस महाबौद्ध गुम्बामा ६५ वटा पुराना सालका रूखहरू र शिशौलगायत विभिन्न जातका लगभग ५००० (पाँचहजार) बोटविरुवाहरू हुर्किरहेका छन् ।[१७०]

[१७०] श्री देवेन्द्र गुरुङ्, *शान्तिदीप आर्थिक प्रतिवेदन विशेषाङ्क,* (चितवन: बैद्ध गुम्बा क्षेत्रपुर, वि.सं. २०५७ ) पृ. ४२ ।

यस स्थानमा वि.सं. २०५१ सालमा भरतपुर तमुँ आमा समाजबाट बौद्ध शाक्यमुनि बुद्धको प्रतिमा (गुम्बा) विधिवत् प्रतिष्ठापित गरिएको ज्ञात हुन आउँछ । यो भित्री तहमा रहेको छ । यसको वरिपरि लोकेश्वर, बुद्धमूर्ति र गुरु पद्मसम्भवको मूर्ति स्थापना गरिएका छन् । यो गुम्बालाई पौराणिक तथा आधुनिक कलाकौशलद्वारा महायान र हीनयानको सम्मिश्रणबाट बौद्ध एकताको प्रतिविम्बको रूपमा प्यागोडा शैली वा चैत्य रूपमा बनेको छ। पहिला बौद्ध धर्म सेवा समितिको नामबाट चलिरहेको यो गुम्बाको नाम हाल बौद्ध धर्म सेवा समाज राखिएको छ ।[१७१] हाल यसका संरक्षक संस्थापक सुवेदार टेकबहादुर गुरुङ् हुन् । यसको आर्थिक, भौतिक तथा धार्मिक पक्ष दुवै सबल देखिन्छ ।

**(ख) श्रीचित्रवन विहार बुद्ध गुम्बा**

देवघाटक्षेत्रअन्तर्गत वडा नं. ३ नारायणी नदीकै किनारमा चित्रवन विहार रहेको छ । १० कठ्ठा जमीनको क्षेत्रफलमा फैलिएको यस विहारको स्थापना वि.सं. २०२४ सालमा आशारत्न वज्राचार्यले चन्दा सङ्कलन गरी निर्माण गराएका हुन् । स्थविरवादी ( थेरवादी) सम्प्रदायको यो विहारमा बुद्ध, तारा आदिका विभिन्न रंगले रङ्गाइएका मूर्तिहरू राखिएका छन् । पूजाआजा तथा प्रवचनका लागि एकजना भिक्षु रहने व्यवस्था मिलाइएको छ ।[१७२] यसको अवस्था सामान्य रहेको छ ।

**(ग) विश्वशान्ति महाअष्ट चैत्य वज्रकुटी बौद्ध गुम्बा**

भरतपुर नगरपालिका वडा नं. १ चितवन जिल्ला देवघाट झोलुङ्गेपुलनेरि दक्षिणतर्फ रहेको पहाडको थुम्कोमा रहेको देक्षेन थार्पालिङ्ग गोम्बो समिति महासङ्घ नायक अहिंसावादी महायान सम्प्रदायका नायक भिक्षु कर्मज्ञान सागर लामाद्वारा वि.सं २०३७ सालमा निर्माण गरिएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । २०'  २०' को तल्ले शैली जस्तो देखिने गरी जस्तापातको छाना राखी सिमेण्ट, ईंटा आदिबाट गुम्बा निर्माण गरी लगभग १-६ फिट अग्लो बुद्धमूर्ति राखिएको छ । वि.सं २०३७ सालमा स्थापना गरिएको पुरानो बौद्ध गुम्बा अत्यन्तै जीर्ण भएको हुँदा उक्त स्थानदेखि पूर्वतर्फ केही पर व्यवस्थित किसिमले वि.सं २०४५

---

[१७१] शोधकर्ताले २०६८ चैत्रमा देवेन्द्र गुरुङ्ग संग लिएको अन्तर्वार्ताको आधारमा ।

[१७२] शोधकर्ताको २०६८ असारमा भएको स्थलगत अध्ययनबाट ।

सालमा चैत्य एवं विहारको शिलान्यास गरिएको थियो ।[१७३] त्यसपछि वि.सं २०५० साल मङ्सीर महिनामा विधिवत् रूपमा तयार भएका आठओटा चैत्य र विहारभित्र राखिएका मूर्तिहरूको विधिवत् प्रतिष्ठा गरी स्थापना गरेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । महाअष्ट चैत्य बज्रकुटी गुम्बा भन्नाले त्यहाँ अवस्थित आठओटा गुम्बाहरू र गुरु बस्ने कुटी भन्ने अवगत हुन आउँदछ ।[१७४] यसको आर्थिक, भौतिक तथा धार्मिक अवस्था राम्रो देखिन्छ । (फोटो नं २०)

### ३.३.६ कुलदेवताका स्थानहरू

विभिन्न जातीय तथा समुदायका मानिसहरूले आफ्नो इष्टदेवता र कुलगोत्रको आधारमा देवघाटधाममा कुलायनी देवताको स्थापना गरेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

### (क) श्री कुलदेवता बराह मन्दिर

देवघाटक्षेत्रमा विभिन्न जातिहरूले आ-आफ्नो कुलदेवतालाई स्थापना गरेको पाइन्छ । यसै क्रममा चितवन जिल्लाअन्तर्गत भ.न.पा. १ झोलुङ्गे पुलदेखि पूर्व त्रिशूली गण्डकीको माथिल्लो पहाडी भागमा आत्रेयवंशी पौडेलहरूले कुलदेवताको बराह मन्दिर स्थापना गरेका छन् । नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलबाट वि.सं २०५२ ज्येष्ठ महिनामा मन्दिरको शिलान्यास गरिएको हो । यस मन्दिरको गर्भगृहको शिला भने वि.सं २०५६ मंसीर धान्यपूर्णिमाका दिनमा पौडेलहरूको राष्ट्रिय सम्मेलनको अवसरमा स्थापना गरिएको हो । यसै सालमा नै मन्दिर पनि सम्पन्न भएको बुझिन्छ ।[१७५]

मुख्य गर्भगृहमा रहेको शिला (गलेश्वरक्षेत्र म्याग्दीबाट ल्याएको शालिग्राम शिला) पुजारीले बाहेक अरूले छुन नपाउने यो शिला वर्षको एकपटक कुलपूजाको दिनमा गर्भगृहबाट झिकी सालको रुखैमुनि मण्डप बनाएर विधिवत् पूजा गरिन्छ । त्यसैगरी बाहिरको आदिबराहको अष्टभुज (आठहात) मूर्ति भने सर्वसाधारणको दर्शन र पूजाका लागि गर्भगृहमाथि स्थापना गरिएको कालो प्रस्तर (मूर्ति) मा पूजा गरिन्छ । यसलाई तान्त्रिक विधिबाट निर्माण गरिएको हो । यो मूर्ति तन्त्रशास्त्रका ज्ञाता विदुर पौडेलको निर्देशनमा विधिपूर्वक तन्त्रशास्त्रअनुसार

---

[१७३] शोधकर्ताले २०६८ साल भदौमा प्रेमध्वज लामाबाट गरेको भेटवार्ता अनुसार ।

[१७४] *ऐजन* ।

[१७५] शोधकर्ताले २०६८ साल मंसीरमा देवघाट विकास समितिका संस्थापक कार्यकारी निर्देशक लक्ष्मीकान्त पौडेल (लकाश) सँग गरेको भेटवार्ताका आधारमा ।

कुँद्न लगाई वि.सं. २०६० को धान्य पूर्णिमाका दिनमा प्राणप्रतिष्ठा गरिएको थाहा हुन आउँदछ । यो अष्टभुजमूर्ति २ फुट उचाइ १६ इन्च चौडाइ रहेको कालो प्रस्तरमा रहेको यो मूर्ति पैतालासम्म घूँडादेखि कटिसम्म मोतीको वर्ण, कटिदेखि छातीसम्म भर्खर उदय भएको अरुण सूर्यवर्ण, घाँटीदेखि माथि नीलोवर्ण, दाह्रादेखि माथि पृथ्वी धारण गर्नु भएका आठहातमा क्रमशः शंख, चक्र, गदा, खड्ग, शक्ति, ढाल, अभय र दानमुद्रा सहितका महाअष्टभुज आदिवराह आत्रेय वंशीयहरूका कुलदेवता हुन् भनी लेखिएको छ ।[१७६] देवघाटक्षेत्र विकास समितिबाट उपलब्ध गराइएको जग्गामा छड, सिमेन्ट, ढुङ्गा र ईंटाको प्रयोग गरी दुइतले छानामा निर्मित यो मन्दिर प्यागोडा (छत्र शैली) मा निर्मित, यस मन्दिरको गोलाई २४×२४ फुटमा रहेको छ ।[१७७] यस मन्दिरको आर्थिक, भौतिक तथा धार्मिक पक्ष राम्रो रहेको छ ।

### (ख) गुरौ स्थान

देवघाटक्षेत्र भ.न.पा. १ चितवन जिल्लाको ठिमुरा नमुना गाउँ जाने बाटोको पूर्व भागमा यो स्थान पर्दछ । गुरौ भन्नाले बोटेहरूले आफ्नो कुलदेवता वा इष्टदेवताको रूपमा लिएको पाइन्छ । धेरै पहिलादेखि नै त्रिशूली गण्डकी र त्यसको वरिपरि बस्दै आएका बोटेहरूले आफ्नो परम्परालाई कायम राख्नको निमित्त ठिमुरा जङ्गलभित्र रहेको सालको रूखमुनि साना घण्टाहरू राखी कुलदेवताको रूपमा पूजा गर्दै आएको पाइन्छ ।[१७८] वर्षको एकपटक असार महिनामा बोटेहरू सङ्गठित भई उक्त स्थानमा गुरौलाई पूजा गर्ने गर्दछन् । आमा कल्याण समूह तथा गुरौ गुरौनीद्वारा वि.सं २०६०/११/९ मा सिमेण्टेड गरी पिलर गाडी गुरौ स्थानलाई घेरिएको छ ।[१७९] यो मन्दिरको रूपमा नभइकन खुल्ला रूपमा रहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

---

[१७६] लक्ष्मी कान्त शर्मा, *पौडेल बंशावली,* (भरतपुर : आत्रेय वंश अनुसन्धान प्रतिष्ठान, पौडेल वंश राष्ट्रिय समिति, देवघाट, चितवन १, २०६०), पृ. २१ ।

[१७७] शोधकर्ताले २०६८ मंसीरमा गरेको स्थलगत अध्ययन र अवलोकनका आधारमा ।

[१७८] शोधकर्ताले २०६८ साल भदौमा देवघाट धाम तनहुँ निवासी, वडा नं. ४ का वयोवृद्ध बुधे बोटेबाट प्राप्त जानकारीका आधारमा ।

[१७९] *ऐजन* ।

### (ग) भैंयरथान (मन्दिर)

देवघाटक्षेत्र भ.न.पा. २, चितवन जिल्ला अन्तर्गत क्षेत्रपुरमा भैंयरथान मन्दिर रहेको छ ।[१८०] मगर समाजद्वारा वि.सं २०४५/११/२१ मा स्थापित यो मन्दिर मगरहरूको कुलदेवताको रूपमा भैंयर देवताको पूजाको निमित्त एक हात लामो शिला राखिएको कुरा स्थलगत अवलोकनबाट ज्ञात हुन आउँदछ । यसका संस्थापकहरूमा चन्द्रबहादुर मगर र लालबहादुर मगर रहेका छन् ।[१८१] वर्तमान समयमा पक्की सिमेण्टेड भवनहरू निर्माण गरिएका छन्, जसमा विवाह, भोज आदिको आयोजना गरिएको पाइन्छ । मन्दिरको भौतिक र आर्थिक अवस्था राम्रो देखिन्छ ।

### (घ) पञ्चकन्या देवी स्थान

देवघाटक्षेत्र भ.न.पा. १ ठिमुरा नमुना गाउँमा यो पञ्चकन्या देवीस्थान रहेको छ । बोटे समुदायले आफ्नो कुलायनी देवीका रूपमा ठूलो करडको रूखमुनि पाँचवटा देवी (शिला) को स्थापना गरी पञ्चदेवीका रूपमा पूजा गर्दै आएको कुरा स्थलगत अध्ययनबाट ज्ञात हुन आउँदछ । स्थापनाकालको कुनै तिथिमिति उल्लेख नगरिएको यस स्थानमा वोटे समुदायले चैतेदशैंको अष्टमीका दिन र असार महिनाको शनिबारका दिन स्थानीय वासिन्दाहरुले मनोकामना पूरा हुने उद्देश्यले बलिदिनुका साथै पूजा गर्ने गर्दछन् ।[१८२]

यसै स्थलको नजीकै जलदेवी र संसारदेवीस्थल रहेको छ । वर्षमा एकपटक असारको शनिबार पारेर र मंसीर महिनाको पूर्णिमा पारेर उँधौलीउँभौली पर्व मनाउनुका साथै बलि दिने गर्दछन् । यी तीनै स्थलहरू खासगरी स्थानीय वोटे र अन्य स्थानीय वासीहरूले मनाउने गरेको कुरा ज्ञात हुन आउँदछ ।[१८३]

---

[१८०] मन्दिरको द्वारमाथि अकिंत शिलापत्र अनुसार ।

[१८१] शोधकर्ताले २०६८ भाद्रमा संस्थापक चन्द्रबहादुर थापासँग गरेको भेटवार्ताका आधारमा ।

[१८२] शोधकर्ताले २०६७ असारमा गरेको स्थलगत अध्ययनको क्रममा प्राप्त जानकारीका आधारमा ।

[१८३] *ऐजन* ।

### ३.३.७ महत्त्वपूर्ण कला र मूर्तिहरू

चितवनतर्फ रहेका विभिन्न मठ-मन्दिरहरूको प्राङ्गणमा महत्वपूर्ण मूर्ति, भग्नावशेषहरू फेला परेका छन् । यस्ता मूर्ति तथा भग्नावशेषहरूको अध्ययनले देवघाटक्षेत्रको ऐतिहासिकतालाई अझ रहस्यमय बनाउँदै लगेको पाइन्छ । त्यस्ता मूर्ति तथा भग्नावशेषहरूको चर्चा निम्नानुसार गरिएको छ :

#### (क) वागीश्वरी स्थलमा भएका मूर्तिहरू

प्रसिद्ध तीर्थस्थल देवघाटदेखि ३.५ कि.मी. दक्षिण-पूर्व दियालो बङ्गला नजिकै चितवन भरतपुर नगरपालिका वडा नं. १ अन्तर्गत ढ्याग्री खोला, पश्चिम-दक्षिण, नारायणी नदीको पूर्व-उत्तर जंगलबीच वागीश्वरी क्षेत्र पर्दछ । खासगरी यो क्षेत्रमा पुरातात्विक एवम् ऐतिहासिक दृष्टिकोणबाट महत्त्वपूर्ण भग्नावशेषहरू प्रशस्त पाइएको हुँदा यो स्थल पुरातात्विक एवम् ऐतिहासिक दृष्टिकोणबाट महत्त्वपूर्ण मानिएको छ । यस स्थानमा अवस्थित सिमलको रूखमुनि वि.सं. २०३५ साल (उत्खनन अघि) पूर्वदेखि नै एक जोडी भाले-पोथी सिंहका प्रस्तर मूर्तिहरू देखिन्थे ।[१८४] वागीश्वरीस्थलमा रहेको देवीको मूर्ति सेतो ढुङ्गामा बनाएको छ र उक्त मूर्ति हाँसमाथि बसेकी छन् । चार हात भएकी देवीले हातमा क्रमशः वीणा, पुस्तक, अक्षयमाला र फूल समातेकी छन् । घाँटीमा हार, हातमा बाला, कानमा कुण्डल र शिरमा अलङ्कृत मुकुट लगाएकी देवीको केश विन्यास पनि अलङ्कृत रहेको छ । शिर पछाडि श्रीयन्त्र आकारको प्रभामण्डल छ । हाँसका पखेँटाहरू पनि अलङ्कृत छन् ।[१८५] कलाकारिताको हिसाबले अति महत्त्वपूर्ण उक्त मूर्तिको तिथि अनुमान गर्न गाह्रो देखिन्छ । यद्यपि कलाशैलीको आधारमा उक्त मूर्ति अठारौँ-उन्नाइसौं शताब्दीतिर बनेको अनुमान गर्न सकिन्छ ।[१८६] संभवतः यो मूर्ति वागीश्वरी मन्दिरको गर्भगृहमा भएको मूर्ति हो । पछि योगी नरहरिनाथको आश्रम स्थापना भइसकेपछि उक्त मूर्तिलाई यस ठाउँमा ल्याएर राखिएको हुन सक्छ ।

यसको नामकरणको सन्दर्भमा विभिन्न किंवदन्तीहरू पनि पाइएका छन् । कसैले यिनलाई वन्यजन्तुका देवताको, कसैले बाघमा चढ्ने हुँदा बागिश्वरीको नाममा र कसैले

---

[१८४] घिमिरे, पादटिप्पणी संख्या १५, पृ. १३७ ।

[१८५] शोधकर्ताले २०६८ मंसिरमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[१८६] रामबहादुर कुवंर, पादटिप्पणी सङ्ख्या १६५, पृ. ४।

वन्यजन्तु संरक्षण गर्ने प्राचीन देवताको नाममा मान्ने गरेको पाइन्छ । यसैको एक छेउमा बली चढाई सिंहवाहिनी दुर्गाको पूजा गर्ने चलन थियो ।[१८७] यसबाट पनि सिंहको मूर्ति र बली पूजाको प्रचलनलाई हेर्दा शक्तिपीठको आधारमा वागीश्वरी नाम रहन गएको हुन सक्ने अनुमान गर्न सकिन्छ । "प्राप्त उक्त सिंहका मूर्तिलाई प्राचीन तथा मनोहर छ भन्ने जनकलाल शर्माको कथन छ ।"[१८८]

हाल स्थानीय मानिसहरूले यस स्थलमा "वागीश्वरी" नामबाट संबोधन एवम् पूजा आराधना गर्दै आएका छन् । यहाँ कलात्मक ढुङ्गाहरू र सिंह आकृतिहरू पनि पाइएका छन् । वि.सं २०२८ सालको चैते दशैंको पर्व पारी वागीश्वरीस्थलमा वागीश्वरी मन्दिर निर्माण गर्ने उद्देश्यले चितवन जिल्लाका प्र.जि.अ. ले स्थानीय जनताको सहयोगमा उत्खनन गर्दा निम्नलिखित पुरातात्विक एवं धार्मिक महत्त्वका वस्तुहरू प्राप्त भएका हुन् । उत्खननबाट प्राप्त अन्य वस्तुहरू यसप्रकार रहेका छन् :

- **शिवालयका अवशेष**

वागीश्वरी स्थलमा प्राचीन शिखरशैलीको सानो मन्दिर भएको अवगत हुन्छ । उक्त मन्दिरभित्रबाट सिमलको रूख पलाई ठूलो भएर सो मन्दिरलाई सिमलको रुखले ढाक्यो । उत्अननको अवस्थामा सिमलको रूख समेत ढल्यो । सो ठाउँमा शिवालयसँग सम्बन्धित विभिन्न वस्तु पनि प्राप्त भए ।[१८९] यस्तै गरी अन्य भग्नावशेषहरू पनि फेला परेका थिए, जसमा भैरवका दुई प्रस्तरमूर्ति, बसाहामूर्ति र मन्दिरको आकार कुँदिएका प्रस्तर भेटिए ।[१९०]

- **वृषमूर्ति (बसाहा साँढे)**

उत्खननबाट प्राप्त अर्को मूर्ति प्राचीन वृष (बसाहा) को मूर्ति हो । यो मूर्ति निकै आकर्षक छ । यसको घाँटीमा घण्टी सिक्री र ढाडमा शिवको आसन स्वरूप चित्र बनाइएको

---

[१८७] सूर्यमणि अधिकारी, "ऐतिहासिक तीर्थस्थल वागीश्वरी," *देवघाट वागीश्वरी स्मारिका,* (चितवन : नेपाल पर्यावरण संरक्षण तथा सम्बर्द्धन संघ केन्द्रीय समिति, २०५३), पृ. ६२-६३ ।

[१८८] जनकलाल शर्मा र कृष्णबम मल्ल, *रापती उपत्यका,* (कान्तिपुर : नेपाल मैत्री संघ, २०१४), पृ. १६ ।

[१८९] घिमिरे, पादटिप्पणी सङ्ख्या १५, पृ. १३८ ।

[१९०] विष्णुप्रसाद घिमिरे, "वागीश्वरी एक चिनारी," *विवेक,* वर्ष ९, अङ्क ३, (चितवनः ने.प्र. संघ, वीरेन्द्र बहुमुखी क्याम्पस एकाई, वि.सं. २०५३/५४), पृ. ३० ।

छ । वृषलाई झलक्क हेर्दा पखेटावाला वृषजस्तो देखिन्छ ।[१९१] जुन अद्यावधि देख्न सकिन्छ । (फोटो नं २१)

## – मन्दिरको आकार कुँदिएका प्रस्तर

उत्खननबाट प्राप्त वस्तुमध्ये स्तूपशैलीको मन्दिरको आकृति कुँदिएका दुई ठूला प्रस्तर समेत फेला परेका छन् । जुन अद्यावधि देख्न सकिन्छ ।[१९२]

## (अ) देवी मूर्ति

## (आ) दुर्गामूर्ति (शाक्त)

योगी नरहरिनाथको आश्रमको खम्बामा अड्याइएको अर्को दुर्गाको मूर्ति पनि अति महत्त्वपूर्ण रहेको छ । सिंहमाथि बसेकी दुर्गाको आठवटा हातहरू छन् । आठवटा हातहरूमा विविध हतियारहरू समातेकी देवीको शरीरमा प्रशस्तमात्रामा गरगहनाहरूको प्रयोग भएको छ । सूक्ष्म रूपमा हेर्दा उक्त मूर्ति सन्तोषीमाताको जस्तो देखिन्छ । देवीको शिरको मुकुट अलङ्कृत छ भने केशविन्यास पनि व्यवस्थित रहेको छ ।[१९३] कलाको दृष्टिकोणबाट यो मूर्ति पनि महत्त्वपूर्ण मान्न सकिन्छ ।

योगी नरहरिनाथ आश्रमको पूर्वतर्फ वागीश्वरीस्थलको प्रवेशद्वारमा एउटा ठूलो पिपलको चौतारा देख्न सकिन्छ । उक्त पिपलको रूखमुनि दुर्गाको मूर्ति रहेको । सिंहमाथि बसेकी दुर्गाका आठ हातहरू छन् । आठ हातहरूमा क्रमशः फूल, तरबार, गदा, अक्षमाला, धनुष, तीर, शङ्ख र त्रिशूल छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरको मुकुट र केशविन्यास अलङ्कृत रहेका छन् ।[१९४] मूर्तिको तिथिमिति यकीन गर्न नसकिए तापनि पुरानो हो भनी अनुमान भने गर्न सकिन्छ ।

---

[१९१] शोधकर्ताले २०६८ असारमा गरेको स्थलगत अवलोकनबाट प्राप्त जानकारीका आधारमा ।

[१९२] *ऐजन* ।

[१९३] शोधकर्ताले २०६८असारमा गरेको देवघाटको स्थलगत अवलोकर्नका आधारमा ।

[१९४] *ऐजन* ।

### (इ) विष्णुमूर्ति (वैष्णव)

वागीश्वरीस्थित योगी नरहरिनाथले सम्पन्न गरेको यज्ञमण्डपको खम्बामा आड लगाएर राखिएको अवस्थामा रहेको यो मूर्ति स्थानक मुद्रामा हातमा शङ्ख, चक्र गदा, पद्म लिएको देखिन्छ । विष्णुका शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा अलङ्कृत मुकुट छ भने शिरमाथि ५ वटा नागका फँणाहरू रहेका छन् । बायाँतिरको सर्पको फँणा फुटिसकेको छ । अन्य मूर्तिको तुलनामा उक्त मूर्ति अलि जीर्ण रहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

### (ई) शिवमूर्ति (शैव)

यो पनि यसै क्षेत्रमा रहेको अर्को महत्त्वपूर्ण मूर्ति हो । कमलासनमा भएको शिवको यस मूर्तिमा दुइवटा हातहरू छन् । दायाँ हात अभयमुद्रामा रहेको छ भने बायाँ हात घुँडामाथि राखिएको छ । बाघमाथि बसेको शिवले रुद्राक्षको मालाको साथसाथै सर्प लगाएका शिवको जटा काँधसम्म फैलिएका छन् । जटामुकुटमा रुद्राक्षको माला रहेको छ । दायाँतिर कमण्डलु र त्रिशूल राखिएको छ । उक्त मूर्तिको पछाडिपट्टि ॐनमः शिवाय लेखिएको छ । उक्त ॐनमः शिवाय पछिल्लो समयमा लेखिएको हो भन्ने अनुमान गर्न सकिन्छ ।[१९५] कलाकारिताको हिसाबले उक्त मूर्ति पनि महत्त्वपूर्ण मान्न सकिन्छ ।

### (उ) गणेशमूर्ति

योगी नरहरिनाथको आश्रमको ठीक पछाडिपट्टि मूल सडकको पूर्वको खुला जमीनमा रहेको उक्त गणेशको विशाल मूर्तिका चारवटा हातहरू छन् । हातमा क्रमशः अक्षयमाला र लड्डु समातिएका छन् भने एउटा हात अभयमुद्रामा छ । अलङ्कृत यस मूर्तिको खुट्टानिर मुसाको सानो मूर्ति कुँदिएको छ । गणेशको सूँडमा कलश राखिएको छ । हाल यस मूर्तिलाई गुम्बज शैलीको मन्दिर निर्माण गरी राखिएको छ ।[१९६]

---

[१९५] *ऐजन* ।

[१९६] *ऐजन* ।

## (ऊ) योगीमूर्ति (नाथ सम्प्रदाय)

गणेशको मूर्तिको साथसाथै अर्को एउटा मूर्ति पनि देख्न सकिन्छ । उक्त मूर्तिको तल्लो भागमा योगी नरहरिनाथ पनि लेखिएको छ, जसले गर्दा यो मूर्ति योगी नरहरिनाथको हो भनी प्रष्ट भन्न सकिन्छ । कमलासनमा बसेका योगीले चुच्चे टोपी लगाएका, कानमा ठूला-ठूला कुण्डलहरू लगाएका छन् । ध्यानमा मग्न अवस्थामा रहेको यो मूर्ति आश्रममा भएका मूर्तिहरूमध्ये नयाँ देख्न सकिन्छ । अन्य मूर्तिहरूको तुलनामा यस मूर्तिमा भएको कुँदाई त्यति राम्रो छैन ।

## (ए) वागीश्वरी मन्दिरको गेटमा भएका सिंहसिंहिनी

वागीश्वरी मन्दिरको मूल प्रवेशद्वारको बाहिरी ढोकामा राखिएका सिंह र सिंहिनीका मूर्तिहरू आकर्षक छन् । (फोटो नं २२) संभवतः यस मन्दिर क्षेत्रमा भएका सबभन्दा पुराना मूर्तिहरूमध्ये यी मूर्तिहरू पर्छन् । यी सिंहसिंहिनीमा देखिएको कलाकारिताका आधारमा मन्दिरको सुन्दरताको अनुमान गर्न सकिन्छ । शैलीको हिसाबले यी मूर्तिहरू १८/१९ औं शताब्दीको भन्ने अनुमान गर्न सकिन्छ ।[१९७] यस मूर्तिको विस्तृत उल्लेख अगाडि गरिएको छ ।

अन्ततः शिवालय भएको स्थानमा प्राप्त अवशेषहरूको आधारमा सो मन्दिर वज्रलेपन गरी कुँदेका प्रस्तरद्वारा स्तूप वा शिखरशैलीमा निर्माण भएको बुझिन्छ । यसमा प्रयोग भएका ईंटा र देवघाटका अन्य क्षेत्रमा पाइने पुराना ईंटा एकै प्रकारका देखिन्छन् । यो एकैपटक निर्माण नभै पटक-पटक थप हुँदै गएको प्रमाणित हुन्छ ।

यहाँ प्राप्त विभिन्न भग्नावशेषहरू १५/१६ औं शताब्दीको हो भन्ने कुरा पुरातत्त्व विभागका पुरातत्त्व अधिकृत उद्धव आचार्यको भनाइ छ । इतिहासविद् योगी नरहरिनाथका भनाइमा १३/१४ औं शताब्दीमा दिल्लीका बादशाह गयासुद्दिन तगलकले यस स्थलमा आएर व्यापक तोडफोड गरेका प्राचीन मूर्तिहरू यसरी भग्नावशेषका रूपमा रहेका हुन् तर यस देवघाटक्षेत्रमा त्यस किसिमको मुसलमानी आक्रमण भए वा भएनन् भन्ने अरु कुनै प्रमाण भेटिएका छैनन् ।

यी पाँच मन्दिरमध्ये वागीश्वरी मन्दिर श्री गणेश मन्दिरको स्थापना भइसकेको छ । अन्य मन्दिरहरू निर्माणको अवस्थामा छन् र यी मन्दिरहरू बनाउँदा आधुनिक किसिमका

---

[१९७] *ऐजन* ।

सामान, जस्तै- सिमेन्ट, फलाम आदि प्रयोग नगरी प्राकृतिक वस्तुहरू प्रयोग गरी बनाउने कुरा स्वयम् अध्यक्ष नारायणघाट निवासी शान्त प्रसाद पोखरेल बताएका छन् ।[१९८]

**– अन्य वस्तुहरू**

उत्खनन गर्दा यसरी शिवालयका अनेक अवशेष एवम् मूर्तिहरू प्राप्त भए पनि खास मन्दिरभित्र हुनुपर्ने शिवलिङ्ग वा शिवको मूर्ति नभेटिएको कुरा सो स्थानमा उत्खनन गर्ने मानिसहरू बताउँछन् । सिमलको रूखमुनि पूर्वतर्फबाट सुरुङ खनी पुरिएजस्तो स्थान र एक कोदालो समेत प्राप्त भएको (सो कोदालो त्यति पुरानो नदेखिने) कथन वि.सं २०४८ सालमा उत्खनन गर्ने व्यक्तिहरूबाट सुनिन्छ ।[१९९]

**(ख) स्थानक हनुमान मूर्ति**

भ.न.पा. १ चितवन जिल्लातर्फ देवघाटधामको सप्तगण्डकी किनारतर्फ ओर्लने सिंढीको संगमस्थलको एक कुनामा विशाल हनुमानको मूर्ति राखिएको छ, जसलाई हनुमानगढी नामले सम्बोधन गरिएको छ । उक्त हनुमानको मूर्ति काठमाडौँ निवासी रामगोपाल अग्रवालद्वारा स्थापित गरिएको कुरा ज्ञात हुन आउँदछ ।[२००] यो हनुमान मूर्तिको छातीको भागमा रामसीताको मूर्ति पनि राखिएको छ ।[२०१] यो हनुमान मूर्तिले समस्त देवघाटधामको रक्षा गरेको छ भन्ने कुरामा देवघाट वासीहरू विश्वास गर्दछन् ।

११ फुट उचाइको यो हनुमानको मूर्ति लक्ष्मीनारायण मन्दिर तथा रामक्रतुस्तम्भका संस्थापक जनार्दनाचार्यको हातबाट वि.सं. २०५२ सालमा प्राणप्रतिष्ठा गरिएको थियो भने पछि आएर यसै स्थानमा उक्त मूर्तिको सुरक्षाको निमित्त एक कठ्ठा जमीनमा दुइतले भवन समेत निर्माण गरिएको कुरा ज्ञात हुन आउँछ ।[२०२] हाल उक्त हनुमान गढी मन्दिर एवम् यसकै मातहतमा रहेको दुई तले भवनको संरक्षणको जिम्मा रोटरीकरुणालय वृद्धाश्रमलाई दिएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

---

१९८ शोधकर्ताले २०६८ आषाढमा गरेको स्थलगत अध्ययनका आधारमा ।

१९९ शोधकर्ताले २०६८ आषाढमा स्थानीय वासिन्दाहरूसँग गरेको अन्तर्वार्ताका आधारमा ।

२०० शोधकर्ताले २०६८ श्रावणमा गरेको स्थलगत अध्ययर्नका आधारमा ।

२०१ *ऐजन* ।

२०२ शोधकर्ताले हनुमानगढीका संरक्षक रोटरी करुणालय वृद्धाश्रमका अध्यक्ष उपेन्द्र रिजालसँग २०६७ भाद्रमा गरिएको अन्तर्वार्ताका आधारमा ।

**(ग) मदन आश्रित स्मृति सालिक तथा विश्राम पार्क**

देवघाट क्षेत्रअन्तर्गत वडा नं. २ पृथ्वी राजमार्गको छेउमा दासढुङ्गा त्रिशूलीको माथिल्लो भागमा यो सालिक रहेको छ । वि.सं २०५० साल जेठ ३ गते यसै स्थलमा जननेता क. मदन भण्डारी र जीवराज आश्रितको निधन भएको थियो । यिनै नेताको पुण्यस्मृतिमा अनेरास्ववियुद्वारा निर्मित यो सालिक सङ्गमरमरस्तम्भमाथि मदन भण्डारी र जीवराज आश्रितको अर्धकदको मूर्ति बनाएर राखिएको छ ।[२०३] वि.सं २०५८ साल जेठ ३ गते क. वामदेव गौतमबाट अनावरण तथा उद्घाटन गरिएको यस प्राङ्गणभित्र ठूला-ठूला वृक्षहरू हुनुका साथै समीपमा आमा समूहद्वारा निर्मित शिव मन्दिर रहेको छ ।[२०४] यो स्थल पार्कको रूपमा विकसित भइरहेको छ ।

**घ) दुग्ध उद्योग प्रा.लि**

देवघाट क्षेत्रअन्तर्गत स्थापित विभिन्न संरचनाहरूमध्ये यसै ठिमुरा नमुना गाउँ भ.न.पा. १ मा रहेको चितवन दुग्ध उद्योग प्रा.लि. लाई पनि महत्वपूर्ण संरचनाको रूपमा लिन सकिन्छ । जसलाई एशियाको तेश्रो र नेपालको प्रथम आधुनिक दुग्ध प्रा.लि. का रूपमा रहेको कुरा संस्थापक निर्माता लक्ष्मणबाबु श्रेष्ठ बताउँछन् ।[२०५]

**३.३.८ आश्रमहरू**

तनहुँ र नवलपरासीको तुलनामा चितवनतर्फ न्युन मात्रामा आश्रमहरू रहेका छन्, जसको उल्लेख तलका अनुच्छेदहरूमा गरिएको छ ।

**(क) वागीश्वरी आध्यात्मिक परिषद् योगी नरहरिनाथ आश्रम**

देवघाटक्षेत्र भ.न.पा १ चितवन अन्तर्गत वागीश्वरी स्थल पर्दछ । यस वागीश्वरी स्थललाई नै योगी नरहरिनाथ आश्रम वा पिपलकुटी भन्ने गरेको पाइन्छ । स्थानीय वासिन्दाको आग्रहमा योगी नरहरिनाथले वागीश्वरीको संरक्षण गर्न सो स्थानमा बस्नुका साथै वि.सं २०५२/५/२३ मा आश्रम समेत दर्ता गरेका थिए (परिशिष्ट १६) । उक्त समयमा योगीले

[२०३] दासढुङ्गाको मदन आश्रित सालिकमा रहेको शिलापत्रको आधारमा ।

[२०४] शोधकर्ताले २०६८ श्रावणमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[२०५] शोधकर्ताले स्थलगत अध्ययनको क्रममा लक्ष्मणबाबु श्रेष्ठसँग २०६९ चैत्रमा गरिएको अन्तर्वार्ताका आधारमा ।

गुरुकुलीय शिक्षालाई समेत अघि बढाउनको निमित्त केही छात्रहरूलाई समेत राखी अध्ययन गराएको कुरा थाहा हुन आउँदछ । प्रकृतिप्रेमी योगी नरहरिनाथले ऐतिहासिक पुरातात्विक तथा धार्मिक दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको वागीश्वरी क्षेत्रको संरक्षण गर्न लागिपरेको अवस्थामा वि.सं. २०५१ सालमा तत्कालीन प्रधान मन्त्री गिरिजाप्रसाद कोइरालाको समयमा वागीश्वरी क्षेत्रले ओगटेको ६१ विगाहा जग्गामध्ये ४२ विगाहा जग्गा प्रवासी भारतीयहरूलाई मेडिकल कलेज खोल्न दिइएकोमा यसको विरोध गर्दै योगिले सर्वोच्चमा मुद्दा दायर गरेका थिए । पछि सर्वोच्च अदालतबाट योगीको पक्षमा फैसला भयो । उक्त फैसला वि.सं २०५३/१/१७ मा भएको थियो । यस फैसलापश्चात् मेडिकल कलेज त्यहाँबाट हट्न वाध्य भयो । जसको कारणबाट वागीश्वरीको ऐतिहासिक, पुरातात्विक एवम् पर्यावरणको संरक्षणमा ठूलो सफलता मिल्यो । यस आश्रमको दर्तापश्चात् यसै आश्रमको संरक्षणका निमित्त वि.सं. २०५३ सालमा उपेन्द्र विक्रम शाहको अध्यक्षतामा समिति गठन भयो । यस समितिले वागीश्वरीको संरक्षण र संवर्द्धन गर्ने काम अघि बढायो । यसै क्रममा २०५१ सालमा गठन भएको देवघाटक्षेत्र विकास समितिले वि.सं. २०६७/१०/२३ मा चारकिल्ला सीमाङ्कन गरी वागीश्वरी क्षेत्रलाई दिएको छ (परिशिष्ट १७) । यसको झन्डै दुई वर्षको कार्यकालपश्चात् पुनः वि.सं २०५५ सालमा दोस्रो समिति गठन भयो । जसको वर्तमान अध्यक्षको रुपमा नारायणघाट निवासी शान्तप्रसाद पोखरेल रहेका छन् । करीब ६१ विगाहा वागीश्वरीको जग्गालाई नेपाल सरकारले गुरु योजनासहित वि.सं. २०६८ सालमा वागीश्वरीलाई हस्तान्तरण गरेको छ । यो गुरुयोजना बनाउने इन्जिनियर बसन्त राई हुन् । हिन्दुधर्म संरक्षण तथा इतिहासविद् योगी नरहरिनाथले १२९ कोटिहोम गरेकोमा ४ वटा कोटिहोम वागीश्वरी क्षेत्रमा गरेको पाइन्छ । पहिलोपटक वि.सं. २०४९, र त्यसपछि क्रमशः २०५३, २०५४ र २०५७ मा गरेका थिए ।[२०६] यसरी वागीश्वरी क्षेत्रमा कोटिहोम लगाउनुपूर्व नै गलेश्वर बाबा आश्रममा पनि कोटिहोम गरेका थिए । यसै क्रममा योगीले वि.सं. २०५० सालमा प्रथम विश्व आयुर्वेदिक सम्मेलन वागीश्वरी क्षेत्रमा गरेका थिए, जुन सम्मेलन वि.सं. २०५० फागुन २६ देखि वि.सं. २०५० चैत्र १ सम्म चलेको थियो । सो सम्मेलनमा भाग लिन विभिन्न देशबाट धार्मिक गुरुहरू पनि आएका थिए ।[२०७]

---

[२०६] शोधकर्ताले २०६७ साउनमा देवघाट बागीश्वरी आध्यात्मिक परिषद्का अध्यक्ष शान्ता पोखरेल संग गरिएको अन्तरवार्ताको आधारमा ।

[२०७] *ऐजन*

योगी नरहरिनाथको पिपलकुटी (आश्रम) अघिल्तिर कोटिहोम हुनुका साथै यहाँ एक गौशाला पनि रहेको छ । जुन गौशालाको स्थापना योगीले कोटिहोमबाट प्राप्त ५ गाईबाट सुरु गरेको र हाल उक्त स्थानमा १५२ जति गाइ रहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । यी सबै गाईहरू नेपालकै हावापानीमा हुर्केका स्थानीय अर्थात् पहाडिया गाइहरू हुन् । संभवतः यो गौशाला नेपालकै पहिलो ठूलो गौशाला पनि हुन सक्छ । यस गौशालाको संरक्षक तथा अध्यक्षका रूपमा क्षेत्रपुर चितवन निवासी कृष्णहरि देवकोटा रहेका छन् । यस्तै गरी गाईपालनमा प्रमुख आर्थिक सहयोग पुऱ्याउनेहरूमा केशवप्रसाद सुवेदी पनि हुनुहुन्छ । उहाँले वार्षिक ३० देखि ५० हजारसम्म गाईलाई चाहिने घाँस-पराल खरिद गर्न आर्थिक सहयोग गरेका छन् ।[२०८] हाल उक्त गौशालाको संरक्षकको रूपमा योगी श्री श्रीषनाथ र योगी गंगानाथ रहेका छन् ।

### (ख) लक्ष्मीनारायण आश्रम

लक्ष्मीनारायण मन्दिरका संस्थापक जनार्दनाचार्यले आफ्नै मन्दिर प्राङ्गणभित्र लक्ष्मीनारायण आश्रम स्थापना गरेको अवगत हुन्छ ।[२०९] वि.सं २०३० सालमा नै स्थापना गरेको यो आश्रममा सन्तमहन्त, आगन्तुक अतिथिहरूलाई बस्ने व्यवस्था मिलाइएको छ । यस आश्रममा तीन कोठा र एक भान्साघर रहेको छ । यसमा भक्तहरूलाई बस्ने व्यवस्था मिलाइएको छ । हाल आश्रमका संस्थापक जनार्दनाचार्यको वैकुण्ठवास भैसकेको हुँदा उहाँकै पुत्र श्रीधराचार्य यस आश्रमका संस्थापकका रूपमा रहेका छन् । यसै आश्रम परिसरभित्र अर्को श्रीधर्म आश्रम रहेको छ । जहाँ तीर्थयात्री र भक्तजनहरूलाई बस्ने व्यवस्था मिलाइएको कुरा स्थलगत अवलोकनबाट ज्ञात हुन आउँदछ ।

### (ग) डिल्लीरामबाबा आश्रम

राम मन्दिरका संस्थापक डिल्लीराम बाबाले आफ्नै मन्दिर परिसरभित्र विभिन्न ठाउँबाट तीर्थयात्री र भक्तजनहरूलाई बस्नको निमित्त वि.सं २०२५ सालमा नै यो आश्रम

---

[२०८] शोधकर्ताले २०६७ साउनमा गौशालाको संरक्षणका अध्यक्ष कृष्णहरि देवकोटासंग लिएको अन्तरवार्ताको आधारमा

[२०९] शोधकर्ताले २०६८ मा श्रीधराचार्यबाट प्राप्त जानकारीको आधारमा ।

स्थापना गरेको अवगत हुन आउँदछ ।[२१०] संस्थापक डिल्लीराम बाबाको वैकुण्ठवासपश्चात् भने यो आश्रम त्यति चर्चामा आएको छैन ।[२११]

### (घ) शरणागति आश्रम

राधामाधव मन्दिरको प्राङ्गणभित्र खेमराज केशवशरणबाट वि.सं. २०५३ सालमा शिलान्यास भई वि.सं. २०५८ वैशाख शुक्ल अक्षयतृतीयाका दिनमा राधामाधव मन्दिरसहित आश्रमको स्थापना भयो ।[२१२] आगन्तुक तीर्थयात्रीहरूको लागि बस्ने सुविधा मिलाइएको यो आश्रम दुईतले पक्की भवन हुनका साथै २० कोठाहरू रहेका छन् । गौशाला समेत भएको यस आश्रममा विद्यार्थीहरूको निमित्त पठनपाठनको व्यवस्था समेत मिलाइएको छ ।[२१३]

### (ङ) कृष्ण चैतन्य सत्सङ्ग भजनाश्रम

राधासर्वेश्वर भजनाश्रम मन्दिरको समीपमा वृन्दावन दासले वि.सं. २०५४ सालमा यस आश्रमको विधिवत् शिलान्यास गरिएको थियो । यो आश्रम चितवन जिल्ला प्रशासन कार्यालयमा दर्ता समेत गरिएको छ ।[२१४] दुई तलामा विभक्त पक्की यस आश्रममा माथिल्लो तलामा भजनकीर्तन गर्ने व्यवस्था मिलाइएको छ भने तल रहेका कोठाहरूमा आगन्तुक यात्रीहरू र भक्तजनहरूलाई बस्ने व्यवस्था मिलाइएको छ । हाल यस आश्रमका संरक्षकका रूपमा वृन्दावन दासका छोरा गोविन्द थापा रहेका छन् ।

यसै गरी यहाँ रहेका आश्रमहरूमा वसिष्ठ आश्रम (दवाडी वन्धु समाज), गर्गाश्रम लामिछाने वन्धु समाज), काश्यप आश्रम (अधिकारी वन्धु समाज) र महर्षि मुद्गल (मौद्गल्य आश्रम) (तिमिल्सिना वन्धु समाज) न्यौपाने कुलदेवता आश्रमहरू पनि रहेका छन् ।

---

[२१०] सीताराम मनिदर देवघाट चितवनका वर्तमान संरक्षक विष्णु सापकोटाबाट प्राप्त जानकारीका आधारमा ।

[२११] शोधकर्ताले २०६८ असारमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[२१२] शोधकर्ताले राधामाधव मन्दिर देवघाट चितवनमा संस्थापक खेमराज केशवशरणसंग २०६८ माघमा लिएको अन्तर्वार्ताको आधारमा ।

[२१३] *ऐजन* ।

[२१४] श्री कृष्ण चैतन्य सत्संग का संरक्षक देवघाट चितवनका २०६८ मा गोविन्द थापाबाट प्राप्त जानकारीका आधारमा ।

### ३.३.९ यज्ञशाला (यज्ञमण्डप) हरू

यस क्षेत्रमा विभिन्न सन्तमहन्त तथा गृहस्थीहरू आई बस्ने क्रम सुरु भएपछि स्वस्तिशान्तिको कामना गर्दै विभिन्न यज्ञशाला (यज्ञमण्डप) हरूको निर्माण गरिएको छ, जसको चर्चा निम्नानुसार गरिएको छ ।

**(क) विश्वशान्ति महायज्ञशाला**

देवघाट क्षेत्र अन्तर्गत भ.न.पा. १, चितवनस्थित देवघाटमा सबैभन्दा पुरानो विश्वशान्ति महायज्ञशाला रहेको छ । वि.सं २०१८ साल माघ महिनामा आठग्रह एक-आपसमा मिलन भएको र यसो हुनु अनिष्टको प्रतीक हो भनी स्वस्तिशान्तिद्वारा निवारण गर्नका निमित्त गोरखा निवासी नायवसुब्बा गजेन्द्रराज देवकोटा र नारायणघाट निवासी सुब्बा विष्णुलाल प्रधान (श्रेष्ठ) भई विश्वशान्ति महायज्ञको आयोजना गरेको र उक्त महायज्ञमा पद्मलाल उपाध्यायको यज्ञाचार्यत्वमा हवन गरिएको कुरा अवगत हुन आउँदछ । यस विश्वशान्ति महा यज्ञशालामा तत्कालीन राजा श्री ५ महेन्द्रको पनि उपस्थिति भएको थियो ।[२१५] यो यज्ञशाला सञ्चलानार्थ श्री ५ महेन्द्र सरकारबाट गुठीको रूपमा ५ विगाहा जग्गा छुट्याइएको थियो ।[२१६] वि.सं २०१८ सालमा काठ, टिन, माटो र ईंटाद्वारा निर्मित पुरानो यस संरचनालाई वि.सं २०५९ सालमा आएर पद्मलाल उपाध्यायका नाती लक्ष्मण सुवेदीको सक्रियतामा नयाँ पक्की यज्ञशाला निर्माण गरिएको छ ।[२१७] उक्त यज्ञशालाभित्र हवनकुण्डका अतिरिक्त चारै कुनामा शिवलिङ्ग र यज्ञशाला वरिपरि १०८ शिवलिङ्ग राखिनुका साथै परिसरको ठीक अगाडि वृषमूर्ति राखिएको छ । छत्र र शिखरशैलीमा निर्मित यस यज्ञशालाको प्रवेशद्वारसम्म पुग्न सिँढीको व्यवस्था गरिएको छ । (फोटो नं २३) यज्ञशालाको भौतिक तथा आर्थिक अवस्था राम्रो देखिन्छ ।[२१८]

**(ख) यज्ञमण्डप (यज्ञशाला)**

---

[२१५] विश्व शान्ति महायज्ञको सम्बन्धमा निर्माण भएको थियो ।
विस्तृत जानकारीको लागि परिशिष्ट ९ हेर्नुहोस्

[२१६] गुरुप्रसाद सुवेदी, "पवित्र तीर्थ देवघाटधामको चिनारी," *देवघाट दर्पण* (मुखपत्र), वर्ष १, अङ्क १, (भतपुर : देवघाटक्षेत्र विकास समिति, २०६३), पृ. ९ ।

[२१७] शोधकर्ताले २०६७ कार्तिकमा देवघाट चितवन अध्ययनका स्थलगत अध्ययनको क्रममा यज्ञशालाका सञ्चालक लक्ष्मण सुवेदीबाट प्राप्त जानकारी ।

[२१८] शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत आधारमा ।

अर्को महत्त्वपूर्ण यज्ञमण्डपको रूपमा वि.सं. २०३५ मा सुरु भई वि.सं. २०३६ वैशाखमा सम्पन्न भएको यज्ञमण्डपलाई लिन सकिन्छ। यसको निर्माण जनार्दनाचार्यले गर्नु भएको थियो। २६ वर्ष पछि यो यज्ञमण्डपको इशानकोण वास्तुपद्धतिअनुसार ठीक भएन भनी आग्नेयकोणमा वि.सं. २०६१ वैशाखमा निर्माण गरी स्थापना गरिएको छ।[२१९] हाल यसका संस्थापक एवं सञ्चालकका रूपमा लक्ष्मीनारायण मन्दिरका पीठाधीश श्रीधराचार्य घिमिरे रहेका छन्। यहाँ पर्वहरूमा हवन हुने गर्दछ। यज्ञमण्डपको गोलाकार लम्बाई १४×१४ फुटमा चतुष्कोणको रूपमा रहेको छ, उचाई पनि त्यत्तिकै छ।

त्यसैगरी अर्को लक्ष्मीनारायण पूजनमण्डप (सवारी मण्डप) पनि नयाँ निर्माण भएको छ। यिनै मण्डपको बीचबाट लक्ष्मीनारायण प्रवेशद्वार वि.सं. २०६१ मा नयाँ निर्माण भएको छ। सवारी मण्डप पनि १४×१४ फुटमा रहेको छ, उचाइ पनि १४×१४ फुटमा रहेको छ।[२२०]

त्यस्तै श्रीमद्भागवत मण्डप पनि लक्ष्मीनारायण मन्दिर परिसरभित्रै रहेको छ। यो यज्ञमण्डप मन्दिरदेखि दक्षिण स्थानमा रहेको छ। निर्माणका साथ यसको स्थापना वि.सं. २०३४ मा भयो। यसमा दिनहुँ श्रीमद्भागवतका साथै गीता रामायणादि प्रवचन हुने गर्छ। यसका संस्थापक जनादर्नाचार्य हुन्। मन्दिर निर्माणपूर्व उनी त्यसै मण्डपमा बसी प्रवचन गरेको कुरा थाहा हुन आउँदछ।

**(ग) यज्ञशाला (हवनकुण्ड)**

भ.न.पा. १ चितवन जिल्लाको देवघाटक्षेत्रमा यो यज्ञशाला राधाकृष्ण मन्दिर परिसरमै स्थापित छ। यो यज्ञशाला वि.सं. २०३५ मा बनेको थाहा हुन्छ। यस यज्ञशालाका संस्थापक लक्ष्मीशरणदेव हुन। ८×८ लम्बाइ, चौडाइ भएको यज्ञकुण्ड रहेको छ। यस यज्ञशालामा पर्व-पर्वमा हवन हुने गर्दछ। यस यज्ञशालाको भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको छ।

**(घ) यज्ञमण्डप**

भ.न.पा. १ चितवन जिल्लाको देवघाटक्षेत्रमा सर्वेश्वर राधाकृष्ण मन्दिरसित जोडिएको यो यज्ञशाला वि.सं. २०४५ वैशाख अक्षय तृतीयाका दिनमा सर्वेश्वर राधाकृष्ण मन्दिरको

---

[२१९] लक्ष्मीनारायण मन्दिर देवघाट चितवनका सञ्चालक पुजारी श्रीधराचार्यबाट प्राप्त जानकारी।

शिलान्यासका साथै हवनकुण्डको स्थापना पनि भएको थियो ।[२२१] यस यज्ञशालामा नित्य हवन नभएर पर्व-उत्सवका बेलामा मात्र हवन हुने गर्छ । यो मन्दिरसित जोडिएको यज्ञशालालाई नाप्दा साढे ८ हात गोलाइ चारकोणमा रहेको छ । उचाइ आठ फुट रहेको छ । यसका संस्थापक रुक्मिणिशरण देव हुन् । शिखरशैलीमा निर्मित यो यज्ञशालाको आर्थिक तथा भौतिक अवस्था सामान्य रहेको छ ।

### (ङ) वैदिक यज्ञमण्डप

यो यज्ञमण्डप शरणागति आश्रममा स्थापित छ । यस यज्ञमण्डपको गोलाइ लम्बाइ ६ हात अर्थात् ९ फुट रहेको छ भने उचाइ १० हात अर्थात् १५ फुट रहेको छ । यसका संरक्षक खेमराज केशवशरण हुन् ।[२२२]

### (च) यज्ञशाला (कोटिहोम हवनकुण्ड)

वागीश्वरी स्थलभित्र रहेको यो अर्को महत्त्वपूर्ण कोटिहोम हवनकुण्ड हो । योगी नरहरिनाथले वि.सं २०४९ साल चैत्र १७ गतेदेखि २०५० वैशाख २४ गतेसम्म यस स्थलमा कोटिहोमको आयोजना गरेका थिए । काठ, किल्ला र टिनको प्रयोग गरी बनाइएको यज्ञशालाभित्र रहेको यस हवनकुण्डको चारैतर्फको आयातनमा पूर्व-पश्चिम साढे २८ हात ( साढे ४३ फुट) रहेको छ भने उत्तर-दक्षिणको लम्बाई २६ हात (३९ फुट) रहेको छ । उचाइ पनि त्यत्तिकै देखिन्छ । यो पुरानो भएको हुँदा रुग्ण र धमिराले खाएको अवस्थामा छ । हाल यसको संरक्षकको रूमा वागीश्वरी आध्यात्मिक परिषद् रहेको छ ।[२२३]

### (छ) वैदिक यज्ञमण्डप

देवघाटक्षेत्रमा नारायणी संगमतिर जाने संगमेश्वर पशुपति मन्दिरभित्र वि.सं. २०५७ माघ १ गतेका दिन रञ्जनराज आचार्यबाट निर्मित यस यज्ञकुण्डको गोलाई ६×६ फुट र उचाई ७ फुट रहेको छ । यसमा बेला-बेलामा पर्व-उत्सव व्रतवन्ध हुँदा हवन हुने गर्दछ । यसका

---

[२२१] शोधकर्ताले २०६८ कार्तिक महिनामा देवघाटधाम निवासी स्वामी रुक्मिणीशरण देवबाट प्राप्त जानकारी ।

[२२२] *ऐजन* ।

[२२३] *ऐजन* ।

संस्थापक रञ्जनराज आचार्य हुन् । यो पूर्ण सिमेण्टेड गरी निर्माण गरिएको छ । यो सानो भएकाले झट्ट देखिँदैन ।

**(ज) यज्ञशाला (यज्ञमण्डप)**

देवघाटक्षेत्र तनहुँ, वडा नं. २ वेदवेदाङ्ग विद्यालयको समीप सङ्गमतर्फ जाने बाटोमा वि.सं २०५० साल मार्ग ५ गतेदेखि १२ गतेसम्म अठार पुराण चार वेद शान्ति महायज्ञको निमित्त उक्त स्थानमा एक अर्को यज्ञमण्डपको निर्माण गराइएको थियो ।[२२४]

कच्ची यज्ञशालाद्वारा हवनकार्य सम्पन्न गरिएको उक्त स्थानमा तत्कालीन गलेश्वरबाबा आश्रमका पीठाधीश स्वामी परमानन्द सरस्वतीको अनुरोधमा अष्टादश पुराण महायज्ञका कर्ता पद्मशंकर घिमिरे र आचार्य जगन्नाथ शर्मा त्रिपाठीको सक्रियतामा २०५०।११।१६ का दिन यज्ञमण्डपको चारै कुनामा तात्कालिक राजपरिषद् स्थायी समितिका सभापति भद्रकाली मिश्रद्वारा नवनिर्माण यज्ञशाला शिलान्यास भएको कुरा अवगत हुन आउँदछ ।[२२५]

वि.सं २०५२ साल पौष महिनामा सम्पन्न भएको यस यज्ञशालाका योजनाकार परमानन्द थापा भएको र यस कार्यको निमित्त विभिन्न महानुभावहरूले आर्थिक सहयोग जुटाएको कुरा अवगत हुन आउँदछ । यस यज्ञशालाको लम्बाइ-चौडाइ १५×१५ हात भएको वर्गाकार अवस्थामा रहेको र उचाइको गोलाकार १७ हात रहेको यो यज्ञशाला छड सिमेण्टको प्रयोग गरी पक्की अवस्थामा रहेको छ ।[२२६] यो यज्ञशाला वि.सं २०५२ फागुन १६ मा सम्पन्न भएको कुरा यसै यज्ञमण्डपको शिलापत्रबाट ज्ञात हुन आउँदछ (परिशिष्ट १९) ।

## ३.४ देवघाटक्षेत्रको नवलपरासीतर्फ पर्ने संरचनाहरू

देवघाटक्षेत्रले छोएको तनहुँ र चितवनका संरचनाहरूको तुलनामा नवलपरासीको संरचनाहरू केही कम रहेको पाइन्छ छन् । यस जिल्लातर्फ मुख्य गरी ८ वटा संरचनाहरू

---

[२२४] दोलखा निवासी, कान्तिपुर एफ.एम.का प्रवक्ता जनार्दन घिमिरेबाट २०६८ चैतमा प्राप्त जानकारी ।

[२२५] तत्कालीन गलेश्वरबाबा आश्रमका पीठाधीश स्वामी परमानन्दका शिष्य स्वामी ज्ञानानन्द सरस्वतीबाट २०६८ चैतमा प्राप्त जानकारीका आधारमा ।

[२२६] शोधकर्ताले २०६८ साल चैतमा गरेको स्थलगत अध्ययनको क्रममा प्राप्त जानकारीका आधारमा ।

भएको कुरा थाहा हुन आउँदछ ।[२२७] यिनीहरूमध्ये सर्वाधिक चर्चित मन्दिरमा डाँडामा अवस्थित मौलाकालिका मन्दिर हो । यसपछि क्रमशः ८ वटै संरचनाहरूको निम्नानुसार अध्ययन गरिएको छ :

### ३.४.१ शैव मन्दिरहरू

चितवन र तनहुँको तुलनामा नवलपरासी जिल्लामा शैव मन्दिरको सङ्ख्या नगण्य मात्रामा रहेका छन्, जसको चर्चा तल गरिन्छ ।

### (क) गोपेश्वर महादेव मन्दिर

गोपेश्वर महादेव मन्दिर देवघाटक्षेत्रको नवलपरासी जिल्लाअन्तर्गत गैंडाकोट आदर्श गा.वि.स., वडा नं. २ मा अवस्थित छ । वि.सं. २०२९ सालमा शिवालय सेवा समितिको नामबाट यो मन्दिर दर्ता गरिएको छ ।[२२८] छत्रशैलीमाथि गजुर रहेको यस मन्दिरको प्रवेशद्वार नजिकै गणेशको मन्दिर र हनुमानको मूर्ति रहेको छ । गणेशको मन्दिर पेटीमाथि सानो आकारमा शिखरशैलीको बनाइएको छ भने यसको ठीक अगाडि हनुमानको मूर्ति रहेको छ । उक्त हनुमानको मूर्तिको एउटा खुट्टा खुम्च्याइएको र अर्को खुट्टा टेकेको अवस्थामा छ । हनुमानको छातीमा रामसीताको तस्वीर रहेको छ भने उनको दुवै हात छातीमा रहेको छ । हनुमानको शिरमाथि बनाइएको पित्तलको छ । यस मन्दिरभित्र दुईवटा कोठा छुट्याइएको छ । एकातिर शिव भगवान्को कोठा (मन्दिर) रहेको छ भने त्यसको ठीक अगाडिपट्टि प्रवचनकक्ष रहेको छ । मन्दिरलाई १०८ शिवलिङ्गले चारैतिर घेरिएको छ । यस मन्दिरभित्र पञ्चमुख शिवलिङ्ग रहेको छ । मन्दिरको दायाँतिर दुईवटा साढे रहेको छ । प्रवचनकक्षको दायाँतिर एकादशरुद्र रहेको छ । त्यसको तलतिर सिङ्गमरमरको देवी शिव र कालो गणेशको मूर्ति रहेका छन् । शिवमूर्तिको अगाडि साँढेको मूर्ति पनि छ । यसमा शालिग्राम पनि रहेको छ । प्रवचन कक्षको पछाडि रामको मन्दिर रहेको छ । उक्त मन्दिरभित्र रामसीताको मूर्ति रहेको छ ।[२२९] दुई कट्ठा जमिनमा फैलिएको यो मन्दिरभित्र रहेका मन्दिरहरू विभिन्न व्यक्तिद्वारा बनाइएको पाइन्छ । पञ्चमुखी शिवको मन्दिर रामसीताको मन्दिर र  दायाँपट्टि यज्ञमण्डप रहेको छ । यस मन्दिरको नाममा १

---

२२७ *ऐजन* ।

२२८ गोपिश्वर महादेव मन्दिर गैंडाकोट देवघाटका वर्तमान अध्यक्ष धनबहादुर थापाबाट प्राप्त  जानकारीका आधारमा ।

२२९ शोधकर्ताले २०६८ आषाढमा गरेको गैंडाकोट गोपेश्वर मन्दिर देवघाट परिसरको स्थलगत अध्ययनका आधारमा ।

विगाहाको गुठी जग्गा रहेको छ, जुन नवलपरासी जयश्री खोलाको आडमा रहेको छ ।[२३०] विशेष गरी साउनको बोलबम र शिवरात्रीमा भीड हुने यस मन्दिरमा भक्तजनहरूकै आयस्ताबाट मन्दिर चलेको छ । मन्दिरको भौतिक, आर्थिक तथा धार्मिक अवस्था राम्रो देखिन्छ ।[२३१]

### (ख) कोटेश्वर शिवालय (शिव मन्दिर)

देवघाटक्षेत्र अन्तर्गत गैंडाकोट गाउँमा यो शिवालय रहेको छ । झपर्दी गाउँअन्तर्गत खयरटाँडी टोलमा जमीनमुनि शिवलिङ्ग भेट्टाइएको कुरा स्थानीय वासिन्दाहरू बताउँदछन् । प्राप्त शिवलिङ्गलाई व्यवस्थित तरीकाले राख्नको निमित्त वि.सं. २०३१ सालमा हरिप्रसाद घिमिरे र भागवतानन्द सरस्वतीले मन्दिर निर्माण गराएको कुरा अवगत हुन आउँदछ । यस मन्दिरको शिवालय सेवा समिति नाम गरेको संस्था पनि रहेको छ । दैनिक रूपमा पूजाआजा भइरहने यस मन्दिरको आर्थिक तथा भौतिक अवस्था सामान्य देखिन्छ ।[२३२]

### (ग) अनुपमुक्तेश्वर महादेव मन्दिर

नवलपरासी जिल्लाअन्तर्गत आदर्श गा.वि.स. गैंडाकोटको वडा नं. २ मा यो मन्दिर स्थापित छ । यो मन्दिर वि.सं २०५३ सालमा नरेन्द्र रेग्मीका परिवारले नारायणी नदीमा विलीन भएका आफ्ना ११ वर्षीय छोरा अनुपको स्मरणमा यो महादेव मन्दिर निर्माण गराएको कुरा अवगत हुन आउँछ । यस मन्दिरभित्र पवनकुमार, गणेश, मध्य भागमा एक फुटको शिवलिङ्ग त्रिपुरासुन्दरी (प्रस्तर), वटुकभैरव, बसाहा (नन्दी) मूर्तिहरू स्थापित गरिएका छन् । १० कट्ठा जग्गामा फैलिएको यस मन्दिरको संरक्षक नरेन्द्र रेग्मी हुन् ।[२३३] मन्दिरको अवस्था सामान्य देखिन्छ ।

---

[२३०] शोधकर्ता गोपेशवर महादेव मन्दिर गैंडाकोटका वर्तमान अध्यक्ष धनबहादुर थापाबाट २०६८ माघमा लिएको अन्तर्वार्ता प्राप्त जानकारीका आधारमा ।

[२३१] विगत २०६३ सालदेखि गोपेश्वर मन्दिरमा पुजारीको रूपमा बस्दै आउनु भएका मित्रप्रसाद उपाध्यायबाट प्राप्त जानकारी का आधारमा ।

[२३२] शोधकर्ताले कोटेश्वर शिवालय मन्दिरका संस्थापक हरिप्रसाद घिमिरेसँग २०६८ माघमा लिएको अन्तर्वार्ताका आधारमा ।

[२३३] शोधकर्ताले २०६८ असारमा गैंडाकोटको अनुपेश्वर महादेव मन्दिर स्थलगत अध्ययनका आधारमा प्राप्त जानकारी ।

### ३.४.२ वैष्णव मन्दिरहरू

चितवन र तनहुँको तुलनामा नवलपरासीमा वैष्णव सम्प्रदायका मन्दिरहरू थोरै भए पनि आकर्षक शैलीमा निर्माण गरिएका छन्, जसको चर्चा तलका अनुच्छेदहरूमा गरिन्छ ।

### (क) तिरुपति बालाजी वेङ्कटेश मन्दिर

देवघाट क्षेत्रअन्तर्गत नवलपरासी जिल्लाको गैंडाकोट नारायणी नदीको किनारमा रहेको यस तिरुपति बालाजी वेङ्कटेश मन्दिर देवघाटक्षेत्रको एक महत्त्वपूर्ण मन्दिर हो । (फोटो नं २४) यसको लगत्तै पछि वि.सं २०३८ सालमा नारायणचारीबाट यो मन्दिर (तिरुपति बालाजी वेङ्कटेश मन्दिर) को शिलान्यास भयो ।[२३४] यस मन्दिरको उद्देश्यअनुसार जग्गा खरिद एवम् मन्दिरको शिलान्यास भएपछि वि.सं २०३९ बाट विद्यार्थीहरू राखी अध्ययन-अध्यापन गर्ने काम सुरु भयो । प्रारम्भिक समयमा ४०-४४ छात्रहरूबाट अध्ययन कार्य सुरु भएकोमा हाल आएर भने २१ जना मात्र छात्रहरू भएको कुरा थाहा हुन आउँदछ ।[२३५]

मण्डपशैलीको वर्गाकार आकारमा बनेको यो मन्दिर झट्ट हेर्दा त्रिरथशैलीको जस्तो देखिन्छ । मन्दिरभित्र राखिएको तिरुपति बालाजी वेङ्कटेशको मूर्ति र मूर्तिसहितको मण्डप आकारको मन्दिर तल्लो भियुरङ्गी (स्थान) निवासी बुद्धिजङ्ग रायमाझीको परिवारको सहयोगबाट वि.सं २०४८ सालमा स्थापना भएको कुरा मन्दिरमा रहेको शिलापत्रबाट थाहा हुन्छ ।[२३६]

वेङ्कटेश भन्नाले पवर्तको नाम र उक्त पर्वतमाथि विष्णु भगवान् बस्ने भएको हुँदा उनै विष्णु भगवानलाई नै वेङ्कटेश्वर भनिएको हुनुपर्दछ र यिनै भगवानको सम्झनामा दक्षिण भारतमा रहेको तिरुपति बालाजी वेङ्कटेश मन्दिरको नक्कलमा यो मन्दिर निर्माण भएको ज्ञात हुन आउँदछ ।[२३७] मूल मन्दिरको गर्भगृहमा राखिएको विष्णु भगवानको मूर्ति र मूर्तिको सिंहासन

---

[२३४] वैङ्कटेश मन्दिरका संस्थापक स्वामी नारायणाचारीका पुत्र वर्तमान पुजारी श्री श्यामकृष्णाचार्यबाट जानकारीका आधारमा ।

[२३५] *ऐजन* ।

[२३६] गैंडाकोटको वैङ्टेश देवघाट मन्दिरमा रहेको शिलापत्रका आधारमा ।

[२३७] गैंडाकोटको वैङ्टेश मन्दिर देवघाटका (२०६८ चैत्र) संस्थापक स्वामी नारायणाचारीका पुत्र वर्तमान पुजारी श्री श्यामकृष्णाचार्यबाट जानकारी ।

भने सचेतकुमार पहाडीले निर्माण गरेको कुरा मन्दिरका पुजारी बताउँदछन् । मन्दिरको ठीक अगाडि गणेशको मूर्ति सहितको सानो मन्दिर रहेको छ ।

यस मन्दिरमा विभिन्न पर्व-महोत्सवमा मेला लाग्ने गर्दछ । खास गरी फागुन महिनाको रोहिणी नक्षत्रको अवसरमा विशेष पर्व हुने गर्दछ । मन्दिरको ठीक अगाडि बाहिरी प्राङ्गणमा हनुमानको मूर्तिसहितको मन्दिर र त्यसैको पूर्वतर्फ हवनकुण्ड रहेको छ । मन्दिर सञ्चालनको मुख्य आयस्रोतको रूपमा नवलपरासीअन्तर्गत अमिले पानीमा २१ कट्ठा जमीन रहेको छ । बाहिर (विदेश) रहेका अन्य भक्तजनहरूबाट पनि विभिन्न शीर्षकहरूको निमित्त रकम पठाउने गरेको कुरा भित्तामा राखेको वोर्डबाट थाहा हुन्छ । छात्रहरू समेत राखेर अध्ययन गराइने यस मन्दिरमा नित्य विहान-बेलुका ३०-४० जना र बाहिरबाट आएका भक्तजनहरूलाई समेत भोजन गराइने भएको हुँदा खर्चको निमित्त मासिक रूपमा भक्तजनहरूले दिने रकम र उक्त गूठी जग्गाको आयस्ताबाट सञ्चालन भइरहेको थाहा हुन्छ । साथै मन्दिरको नाममा विभिन्न बैंकहरूमा अक्षयकोष समेत राखिएको कुरा मन्दिरका पुजारी एवम् व्यवस्थापक बताउँदछन् ।[२३८] विभिन्न समाजसेवी, व्यवसायी एवं भक्तजनहरूबाट मन्दिर सञ्चालनार्थ रकम जम्मा गरिएको कुरा ज्ञात हुन आउँदछ ।[२३९] नित्य पूजाआजा उत्सव भइरहने यस मन्दिरको धार्मिक, भौतिक तथा आर्थिक पक्ष राम्रो देखिन्छ ।

**(ख) लक्ष्मीनृसिंह दिव्यधाम**

लक्ष्मीनृसिंह दिव्यधाम मन्दिर नवलपरासी जिल्ला गैंडाकोट आदर्शनगर गा.वि.स. वडा नं. १ देवघाटक्षेत्रभित्र पर्दछ । (फोटो नं २५) यो मन्दिरको स्थापना वैष्णव सम्प्रदायका नारायणाचारीको सत्प्रयासबाट वि.सं. २०३९ सालमा भएको थियो भने यस मन्दिरमा रहेका मूर्तिहरूको प्राणप्रतिष्ठा वि.सं. २०५६ साल ६ गते आइतबार (तद्नुसार २० जुन १९९९) का दिन मद्रासस्थित काञ्ची पीठाधीश्वर वैष्णव सम्प्रदायका श्रीनिवासाचार्यबाट भएको थियो ।[२४०] विष्णुका अनेकौं अवतारहरूमध्ये नृसिंह अवतार पनि एक हो । विष्णुले नृसिंह अवतार धारण गरी भक्त प्रल्हादलाई बचाएको कुरा विष्णुपुराणमा उल्लेख गरेको पाइन्छ । भगवान् विष्णुले नृसिंह अवतार लिएको भनिने आधारमा यो मन्दिर निर्माण भएको थाहा हुन्छ ।

[२३८] *ऐजन* ।

[२३९] शोधकर्ताले २०६८ चैत्र बैङ्कटेश्वर गैंडाकोट देवघाट भाद्रमा मन्दिरका पुजारी श्यामकृष्ण पौडेलबाट प्राप्त जानकारी ।

[२४०] मन्दिरको भित्तामा राखेको शिलापत्रको आधारमा ।

भक्त प्रह्लादको इच्छा पूर्ण भएजस्तै आफ्नो इच्छा पूरा हुने विश्वासका साथ भक्तजनहरू यहाँ आउने गर्दछन् ।

यस मन्दिरको प्रवेशद्वार नजिकै तीनतले छत्रशैलीको विश्रामस्थल रहेको छ भने त्यस विश्रामस्थलको ठीक अगाडिपट्टि ठूलो प्रवचन हल रहेको छ । यसको पूर्वतर्फ मूल मन्दिर रहेको छ र मन्दिरको ठीक अगाडि गरुडको सानो मन्दिर र गरुड मन्दिर पछाडि गरुडस्तम्भ र पछाडि हनुमानको सानो मन्दिर रहेको छ । मूल मन्दिरको पूर्वतर्फको आडमा हवनकुण्ड रहेको छ । हवनकुण्डको ठीक अगाडि छडद्वारा घेरिएको एक पोखरी रहेको छ र यस पोखरीको बीचमा भगवती लक्ष्मीको कमल आसन मूर्ति राखिएको छ । हवनकुण्डको आडमा ठूल-ठूला दुइवटा दुइतले भवनहरू रहेका छन्, जुन मन्दिरमा आउने पाहुना तथा भक्तजनहरूको निमित्त विश्रामस्थल हुन् ।[२४१]

भारतीयमूलका मारवाडीद्वारा निकै आकर्षक एवम् त्रिरथशैलीमा भारतीय कालीगढहरूद्वारा नै निर्माण गरिएको यो मन्दिर निकै आकर्षक देखिन्छ । मन्दिरको मूल गर्भगृहमा महालक्ष्मीसहित नृसिंह भगवान्को ५ फीटको मूर्ति तथा श्रीदेवी, भूदेवीसहित नटवर नारायण, सुदर्शनचक्र (भगवान्), नीलादेवी, श्रीदेवीसहित वैकुण्ठनाथ भगवान् र गोदाम्बा भगवती एवम् भाष्यकारलगायत हिन्दुधर्मका प्रमुख देवीदेवताका मूर्तिहरू स्थापना गरिएका छन् ।[२४२] साथै रामानुज स्वामी, बरबर मुनि, पराङ्कुश स्वामीहरूका मूर्तिहरू पनि रहेका छन् । स्थापित महालक्ष्मीको एकल मूर्ति पाटन, ललितपुरबाट ल्याइएको हो भने अन्य मूर्तिहरू चाहिँ तिरुमला तिरुपति देवस्थानबाट झिकाइएको कुरा थाहा हुन आउँदछ ।[२४३]

दक्षिण भारतीय वास्तुकला र शिल्पकला शैलीमा निर्मित यस मन्दिरका पुजारीहरू नेपाली नै भए तापनि ती पुजारीहरूलाई तिरुपति देवस्थलमा नै लगेर तालिम दिएको थाहा हुन्छ ।[२४४] मन्दिर परिसरभित्र मूल मन्दिर, यज्ञमण्डप, कल्याणमण्डप, पुजारी आवास, विशिष्ट धार्मिक अतिथि आवास र मन्दिर सञ्चालकहरूका लागि अतिथि आवासको व्यवस्था भएको

---

२४१ शोधकर्ताले २०६८ भाद्रमा गरेको गैंडाकोटको लक्ष्मीनृसिंह दिव्यधाम देवघाट स्थलगत अवलोकनका आधारमा ।

२४२ ऐजन

२४३ शोधकर्ताले २०६८ भाद्रमा लक्ष्मीनृसिंह मन्दिरकी संरक्षिका श्रीमती पद्मावती घिमिरेबाट प्राप्त जानकारीको आधारमा ।

२४४ *ऐजन* ।

छ ।[२४५] स्थापनाकालमा १ विगाहा जग्गा रहेको यस मन्दिर परिसर पछि आएर सरकारी निकाय र भक्तजनहरूको सहयोगबाट अरू १ विगाहा जग्गा प्राप्त भएबाट हाल यस मन्दिरको स्वामित्वमा झण्डै २ विगाहा जग्गा रहन गएको छ । यस मन्दिरको सञ्चालक समितिको प्रथम अध्यक्ष जयादेवी खनालबाट २५ लाख खर्च मूल मन्दिरको निमित्त गरिएको थियो भने दोस्रो कार्यकालका अध्यक्ष वृजगोपाल इनाणीको (वि.सं. २०५५-२०५९) समयमा यस मन्दिरको भव्य संरचनाको निमित्त उनैबाट चार करोड खर्च भएको देखिन्छ ।[२४६] यद्यपि प्राणप्रतिष्ठाको समयमा वृजगोपाल इनाणीको बुवाको अनुपस्थितिको कारणले गर्दा प्राणप्रतिष्ठाको पूरा जिम्मेवारीहरू नूतनदेव खनाल र जया खनालबाट लिइएको थियो ।[२४७] हाल यसका संस्थापक सन्त नारायण चारीको वैकुण्ठवास (निधन) भएको हुँदा यसको रेखदेख नूतनदेव खनाल र संस्थापिका नारायणाचारीकी धर्मपत्नी पद्मावती घिमिरेबाट हुँदै आएको कुरा थाहा हुन आउँदछ । यो मन्दिरमा अनवरत रूपमा पूजा हुन्छ । वृजगोपाल इनाणीको अध्यक्षतामा यो मन्दिर भए तापनि हाल तीन वर्षदेखि पद्मावती घिमिरेलाई अध्यक्षता प्रदान गरी मन्दिरको पूजा-अर्चना विधिवत् रूपमा सञ्चालन हुँदै आइरहेको छ । हाल मन्दिरको सेवा, अर्चना, भोग र कर्मचारीहरूको पारिश्रमिक गरी लगभग रु. ३५,०००/ जति मासिक खर्च हुँदै आइरहेको बताइन्छ । पुजारीको निमित्त पारिश्रमिकको व्यवस्था भरतपुरस्थित मेडिकल कलेज र स्थानीय भक्तजनहरूबाट प्रदान गरेको कुरा थाहा हुन आउँदछ ।[२४८] कुनै निश्चित स्रोत नभएको यस मन्दिरमा हाल आएर वृजगोपाल इनाणीको अनुपस्थिति संस्थापक नारायणाचारीको वैकुण्ठवास (निधन) एवम् भारतीय भक्तजनहरूको पनि कमीका कारणले गर्दा मन्दिरको वर्तमान अवस्था त्यति राम्रो देखिँदैन । यहाँका ठूला-ठूला संरचनाहरूको संरक्षण तथा संवर्द्धनमा पनि कमी आएको देखिन्छ । यद्यपि मन्दिर भित्रको सजावट र पूजाआजा भने राम्रोसँग सञ्चालन भइरहेको देख्न सकिन्छ ।[२४९] मन्दिरको भौतिक पक्ष राम्रो देखिए तापनि संरक्षण र संवर्धनमा कमि देखिन्छ । यसको धार्मिक तथा आर्थिक पक्ष भने सामान्य देखिन्छ ।

---

[२४५] शोधकर्ताले २०६८ भाद्रमा मा गरेको गैंडाकोट लक्ष्मीनृहिं दिव्यधाम देवघाट स्थलगत अवलोकनका आधारमा ।

[२४६] गैंडाकोट लक्ष्मीनृहिं मन्दिरका वर्तमान अध्यक्ष श्री विष्णु रिमालबाट २०६८ चैत्र प्राप्त जानकारी ।

[२४७] शोधकर्ताले श्रीमती पद्मावती घिमिरे (वेङ्कटेश्वरको संरक्षिकासित २०६६ पौषमा महिनामा गरेको भेटवार्ताबाट ।

[२४८] *ऐजन* ।

[२४९] शोधकर्ताले २०६८ भाद्रमा गरेको सोधकर्ताले गरेको गैंडकोट लक्ष्मीनृसिंह दिव्यधाम देवघाट स्थलगत अध्ययनका आधारमा ।

## (ग) लक्ष्मीहरि मन्दिर

लक्ष्मीहरि मन्दिर देवघाटक्षेत्रभित्रको नवपरासी जिल्ला आदर्शनगर गैंडाकोट गा.वि.स., वडा नं. १ मा पर्दछ । नेपालको पश्चिम भाग धनगढीमा जन्मिएका पराङ्कुशाचार्यबाट वि.सं. २०५४ सालमा यस मन्दिरको निर्माण गरिएको थियो । नेपालका विभिन्न भागहरूमा आश्रमस्थलहरू बनाउँदै अध्ययन गराउँदै आएका पराङ्कुशाचार्य रिडीमा लामो समय बिताएको हुँदा उनलाई रिडीबाबा भनेर चिनिने गरेको कुरा स्थानीय वासिन्दा बताउँदछ् । यद्यपि नारायणीको किनारमा विष्णु भगवान्को यस्तो स्वरूप (कमल माथि गरुड, गरुडमाथि लक्ष्मी, लक्ष्मीमाथि विष्णु भगवान विराजमान) भएको कतै नभएको यहाँ बनाउ भन्ने सपनामा विष्णु भगवानले आदेश दिएको हुँदा यस स्थानमा पराङ्कुशाचार्यले कमलमाथि गरुड, गरुडमाथि लक्ष्मी, लक्ष्मीमाथि विष्णु भगवानको मूर्तिसहितको मन्दिर निर्माण गरेको कुरा मन्दिरका पुजारी बताउँदछन् ।[२५०] स्थानीय वासिन्दाहरू पनि यस कुरालाई स्वीकार्दछन् । (फोटो नं २६)

त्रिदण्डी सन्यासग्रहण गरेका वैष्णव सम्प्रदायका पराङ्कुशाचार्यलाई (श्री १००८ श्री षठकोप पराङ्कुश रामानुज जीयर स्वामी नेपाल) प्रवेशद्वारको शीर्ष भागमा भगवान् विष्णुको विभिन्न अवतारहरू राखिएको छ भने बीच भागमा मन्दिरभित्रको मूल मूर्तिलाई देखाइएको छ । त्रिरथ शैलीमा निर्माण गरिएको यो मन्दिर निकै आकर्षक देखिन्छ । मन्दिर अड्याएका प्रत्येक खम्बाहरूमा आकर्षक बुट्टाहरू कुँदिएका छन् भने मन्दिरको मूल गर्भखण्डमा गरुडसहितको लक्ष्मी विष्णुको मूर्ति रहेको छ । अत्यन्तै आकर्षक र भव्य देखिने कालो पाषण मूर्ति भारतको हैदरावादबाट ल्याइएको हो । ५ फीट उचाइमा देखिने उक्त मूर्ति कमलको आसनमाथि गरुड, गरुडमाथि लक्ष्मी भगवान र लक्ष्मी भगवान्माथि विष्णु भगवान् रहेको देखाइएको छ ।[२५१]

३ कट्ठा जग्गाको परिसरमा फैलिएको यस मन्दिरमा नित्य पूजाआजा र खासगरी पुस महिनाको धनुर्मास, (एकादशीका भोलीपल्ट पर्ने द्वादशी) वामनद्वादशी र रामनवमीमा भने विशेष उत्सवका साथ पूजा-अर्चना गर्ने चलन रहेको कुरा मन्दिरका पुजारी बताउँदछन् ।

---

[२५०] गूंडाकोटको लक्ष्मीहरि मन्दिरका पुजारी एवं संरक्षकबाट प्राप्त जानकारी ।

[२५१] ऐजन

त्रिदण्डी पराङ्कुशाचार्यको नेपाललगायत भारतका चेलाहरूको सहयोगबाट यो मन्दिरको निर्माण भएको र निर्माणपश्चात् चेलाहरूकै जिम्मामा छोडिएकोले यस मन्दिरको सञ्चालन उनैका चेलाहरूबाट नै भइरहेको कुरा उनका चेलाहरूबाट थाहा हुन आउँदछ । मन्दिरको नाममा कुनै जग्गा या स्रोत नभए तापनि मन्दिरको वर्तमान अवस्था भने राम्रो देखिन्छ । मन्दिरको आडैमा पूर्वपट्टि शुकदेव हरिभागवत आश्रम रहेको छ, जुन आश्रम स्वामीले आफ्नो गुरु शुकदेवको नामबाट स्थापना गरेको थाहा हुन आउँदछ । यस आश्रममा भक्तजन तथा अन्य आगन्तुक पाहुनाहरू बस्ने कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । नित्य पूजाआजा भइरहने यस मन्दिरको धार्मिक, भौतिक तथा आर्थिक पक्ष राम्रो देखिन्छ ।

**(घ) निम्बार्क दर्शन केन्द्र प्रतीक वृन्दावन (श्री राधाकृष्ण मन्दिर)**

देवघाटक्षेत्रको नवलपरासी जिल्लाअन्तर्गत आदर्श नगर गा.वि.स., गैंडाकोट १ मा निम्बार्कदर्शन केन्द्र स्थापित छ । नवलपरासीअन्तर्गत नारायणी नदीको किनारमा पर्ने यो स्थल देवघाटक्षेत्रअन्तर्गतको एक महत्त्वपूर्ण धार्मिकस्थल हो । एक विगाहा जग्गाभित्र फैलिएको यस स्थलमा सुन्दर राधाकृष्णको मन्दिर निर्माण गरिएको छ ।[२५२] मन्दिर भएको स्थान वि.सं. २०३८ सालमा चयन गरी यस जग्गालाई तुलसीशरणको नाममा खरिद गरी तुलसीशरण, कुलप्रसाद कोइराला र हरिशरणको संयुक्त प्रयास र अरू भक्तहरू समेतको सहयोगले मन्दिर बनाई वि.सं. २०४० साल फाल्गुण १२ गते राधाकृष्ण मूर्तिको प्राणप्रतिष्ठा भएको हो ।[२५३]

यस मन्दिरभित्र राधाकृष्ण, गौरीशङ्कर, कंस, सनकादि नारद, निम्बार्क भगवानका विग्रहहरू समेत रहेका छन् । वि.सं. २०५० सालमा आएर यस मन्दिरलाई निम्बार्क-दर्शनकेन्द्र नामक संस्था दर्ता गरी सोही दर्शन-केन्द्रको नाममा मन्दिरसहितको जग्गा हस्तान्तरण भएको थाहा हुन आउँदछ । पहिलोपटक वि.सं. २०४० सालमा निर्माण गरिएको उक्त मन्दिरलाई दोस्रो पटक मन्दिर विस्तार एवं जीर्णोद्धार गर्ने कार्यको आरम्भ वि.सं. २०५७ सालमा कार्यारम्भ गरी वि.सं. २०५८ सालमा पुनः प्रतिष्ठा भएको कुरा मन्दिरमा भएको शिलापत्रबाट थाहा हुन आउँदछ । राधाकृष्ण मन्दिरको सञ्चालन निम्बार्क दर्शन केन्द्रले गरेको छ । यस दर्शन केन्द्रले

[२५२] २०६८ भाद्रमा गरेको गैंडाकोट राधाकृष्ण मन्दिर स्थलगत अध्ययनका आधारमा ।

[२५३] शोधकर्ताले राधाकृष्ण मन्दिरका वर्तमान पीठाधीश आचार्य हरिशरण देवसँग २०६८ भाद्रमा गरेको भेटवार्ताका आधारमा ।

निम्बार्कदर्शनको प्रचार, पौरोहित्य-प्रशिक्षण योजना,संस्कृत भाषा-प्रशिक्षण कार्यक्रम र अध्यात्म विद्याको शिक्षा र त्यसको विस्तार आदि विषयहरू सञ्चालन गर्ने नीति लिएको पाइन्छ ।[२५४] नित्य पूजा गरिने यस मन्दिरको भौतिक तथा आर्थिक एवम् पक्ष राम्रो रहेको छ ।

**(ङ) श्री कृष्ण मन्दिर**

प्रस्तुत मन्दिर बाघखोर वडा नं. १ मौलाकालीका मन्दिर जाने बाटामा पर्दछ । नारायणगढ निवासी सिद्धकुमार श्रेष्ठको निजी खर्चमा निर्माण गरिएको यो मन्दिर संरक्षणको निमित्त धार्मिक सेवा समितिलाई दिइएको कुरा अवगत हुन आउँदछ ।[२५५]आकर्षक शैलीमा निर्मित यस मन्दिरको आर्थिक भोतिक र धार्मिक पक्ष भने सामान्य देखिन्छ ।

### ३.४.३ शाक्त मन्दिरहरू

तनहूँ र चितवनको तुलनामा यस क्षेत्रमा शाक्त मन्दिर कम भए तापनि वर्तमान कालमा आएर महत्त्वपूर्ण चर्चा पाएका केही शाक्त मन्दिर रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

**(क) मौलाकालिका मन्दिर**

यो मन्दिर देवघाटक्षेत्रअन्तर्गत नवलपरासी जिल्ला आदर्श गैंडाकोट गा.वि.स., वडा नं. १ मा पर्ने डाँडामा रहेको छ । यो देवघाट बाट तीन कि.मि. दक्षिण-पश्चिममा पर्दछ । समुद्री सतहबाट ५६१ मीटर उचाइ तथा मौलाकालिका बाघखोरस्थित प्रवेशद्वारदेखि २०२४ मीटरमाथि प्राकृतिक सौन्दर्ययुक्त पहाडी वनको थुम्कोमा अवस्थित नेपाली शैलीको मन्दिरलाई मौलाकालिका मन्दिर भन्ने गरिन्छ ।[२५६] डाँडामा रहेकोले यस मन्दिरलाई डाँडाकालिका पनि भनिन्छ । संभवतः मौलाकालिका नामकरण भने डाँडामा मौलो भएकाले रहन गएको हुन सक्छ । मौलाकालिका मन्दिरको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा यो मौलो पाल्पाली राजा मुकुन्द सेनको पाला (१५७५-१६१०) को हो भनी मानिएको पाइन्छ । "प्राकृतिक सौन्दर्य र

---

[२५४] व्रजमोहन सोती, "गैडाकोट गा.वि.स. क्षेत्रअन्तर्गतका केही मन्दिरहरूको सङ्क्षिप्त जानकारी," *मौलाकालिका महोत्सव-२०६२ रजत स्मारिका,* वर्ष १, अङ्क १ (२०६२ कार्तिक), पृ. ८५ ।

[२५५] गैंडाकोटको श्री कृष्ण नारायणगढ निवासी मन्दिर निर्माता सिद्धकुमार श्रेष्ठबाट २०६८ भाद्र प्राप्त जानकारीका आधारमा ।

[२५६] राम बहादुर कुँवर र अरु. *देवघाटस्थित मणिमुकुन्देश्वर महादेव मन्दिर परिसरको अध्ययन-प्रतिवेदन,* काठमाडौं : पुरातत्व विभाग, २०६७ ।

वातावरणले युक्त पहाडी वनको धुरी मौला डाँडामा लगभग ४५० वर्ष पहिले पन्ध्रौं-सोहौं शताब्दीमा पाल्पाका राजा मुकुन्द सेनको राज्यकालमा तत्कालीन राज्यरक्षक सैनिक टुकडी आफ्नो व्यारेकमा काठको मौलो गाडी भगवतीको प्रतीकस्वरूप शिला स्थापना गरी पूजा गरी आएको भन्ने भनाइ स्थानीय जनताको रहेको पाइन्छ ।[२५७] सोह्रौं शताब्दी (१५७५-१६१०) देखि यस ठाउँको रेखदेख गर्ने पिनालीमगर र सुनालीमगरका सन्तानलाई पुजारी खटाई पूजा चलाउने गर्न थालियो । पछि यी मगरका सन्तानहरू प्याउलीगढीतर्फ लागेपछि भने मन्दिर जीर्ण भएको हुनसक्छ । वि.सं. १९९० सालमा आएको महाभूकम्पले उक्त भगवतीको मन्दिरमा रहेको शिला एवं हतियारहरू सालको जराभित्र दविन पुगेकोमा वि.सं २०१२ सालमा उक्त रूखमा चट्याङ्ग परी रूख ढल्न गई सो शिला फेला परेको कुरा स्थानीय बूढापाकाहरू बताउँदछन् । त्यसै बेलादेखि नै सोही स्थानमा सामान्य कच्ची मन्दिर बनाई भगवतीको प्रतीक शिला स्थापना गरी पर्व-पर्वमा पूजाआजाको व्यवस्था भयो भन्ने भनाइ पाइन्छ ।

वि.सं. २०३२ सालतिर गैंडाकोट-१ निवासी काशीनाथ पौडेलले एकरात सपनामा हालको मन्दिर भएको स्थानमा भगवतीको दर्शन हुँदा उक्त स्थानको खोजी गर्दै जाँदा स्थान पत्ता लगाएको र सोही स्थानलाई खनिखोस्री हेर्दा खुँडा आकारका फलामका पाता, दुईवटा शिला र ओखल आकारका ढुङ्गाका सामग्रीहरू फेला परेबाट यहाँ कुनै समय भगवतीको मन्दिर थियो, भनी उनै काशीनाथ पौडेल र उनका सहयोगी कुमानसिंह गुरुङ्ले एक सानो मन्दिर बनाएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । गैंडाकोट निवासी उनी एक देवी भक्त भएको र देउता बस्ने हुनाले सपनामा देवीको दर्शन भएको कुरा स्थानीय बूढापाकाहरू बताउने गर्दछन् । साथै कुमानसिंह त्यतिबेलाका सुब्बा पदमा रिटाएर भएको हुँदा चल्तापुर्जा भएकाले काशीनाथको कुरालाई स्वीकार्दै विकट स्थानमा गई खनिखोस्री हेरेको र प्राप्त देवीका शिलाहरूलाई संरक्षण गर्दै आफ्नै लगानीमा सानो मन्दिरको आकार दिएको कुरा स्वयम् स्थानीय वासिन्दा र उनका छोरा बताउँदछन् ।[२५८] यद्यपि देवीको शिला प्राप्त हुनुपूर्वदेखि यस डाँडाको फेदीमा यहाँका स्थानीय वासिन्दा थारु, बोटे, मगर आदि जातिले वर्षको एकचोटि चैतेदशैंको दिन देवीको पूजा गरी भोग लगाउने गरेको र पछि काशीनाथ पौडेलद्वारा उक्त

---

[२५७] मानबहादुर सापकोटा, “मौलाकालिका मन्दिर : जनसहभागिताको एक उत्कृष्ट उदाहरण”, *मौलाकालिका स्मारिका,* वर्ष १, अङ्क १, (नवलपरासी : धार्मिक सेवा समिति, २०६२), पृ. ३४ ।

[२५८] गैंडाकोट निवासी एकनाथ चालिसे, धनपति पौडेल, रेवतीरमण पौडेल आदि बताउँदछन् ।

स्थान पत्ता लागेपछि वर्षको एकपटक पैसा उठाई पूजा गर्ने र भोग लगाउने कुरा स्थानीय वासिन्दा बताउँदछन् । पहिलोपटक निर्माण गरिएको उक्त मन्दिर ६×६×७ फीट उचाइको ढुङ्गा-माटोले जोडाइ गरी सिमेन्टले प्लास्टर र छानो ढलाइ गरी उक्त मन्दिरमा परम्परागत रूपबाट चल्दै आएको पूजापाठ र पञ्चबली चढाउने व्यवस्था पुनः सुचारु भएको थियो ।[२५९] भूकम्प र चट्टानले त्यस स्थानमा प्रभाव पार्‍यो भन्न सक्ने दरिलो आधार नभए तापनि त्यहाँ प्राप्त भग्नावशेष र मुकुन्द सेनको प्रसङ्गलाई केलाउँदा भने यो स्थान मुकुन्द सेनको सैनिक टुकडीसँग सम्बन्धित भएको कुरालाई भने विश्वास गर्न सकिन्छ । यस मन्दिरको भावी संरक्षण-संवर्द्धन र विकासको निमित्त वि.सं. २०३७ सालमा यो मन्दिर र यस स्थानको महत्त्वलाई बुझेर धार्मिक सेवा समिति गठन भयो ।[२६०] तल फेदीदेखि माथि मन्दिरसम्म पुग्ने कुनै बाटो नभएकोले उक्त स्थानमा गोरेटो बाटो बनाउनको निमित्त वि.सं २०३८ सालमा तत्कालीन मन्दिरका पुजारी काशीनाथ पौडेल, अध्यक्ष डिलाराम कँडेल, सदस्यसचिव मानबहादुर सापकोटा, कोषाध्यक्ष धनबहादुर थापा, सक्रिय साधारण सदस्य देवीप्रसाद सापकोटाले तत्काल समितिको बैठक बोलाई बाघखोर (फेदी) देखि मौलाकालिकासम्म पुग्ने गोरेटो बाटो बनाउन सुरु गर्ने र सोही वर्षको बडादशैंदेखि प्रत्येक वर्ष बडादशैं र चैतेदशैंमा भव्य रूपले घटस्थापना गर्ने, फूलपाती भित्र्याउने, भजन-कीर्तन गर्ने, पञ्चैबाजासहित पञ्चबली पूजा गर्ने, दशमी (टीका) का दिन दशैंको टीका र जमरा सर्वसाधारण सबैलाई वितरण गर्नेजस्ता कार्यक्रम राखियो ।[२६१] वि.सं. २०३२ सालमा निर्माण भएको दोश्रो कच्ची मन्दिर वि.सं २०४१ साल भाद्र महिनामा आएको अविरल वर्षाको कारण भत्केर क्षतिग्रस्त भयो । तत्काल धार्मिक सेवा समितिको सक्रियतामा गैंडाकोट र नारायणगढ समेतबाट जनसहभागिता जुटाइ पहिलो मन्दिर भएकै स्थलमा १०×१०×१५ फीट उचाइको ढुङ्गा माटोले गाह्रो लगाई भित्र-बाहिर प्लास्टर गरी एक ढोका र झ्याल राखी टिनले छाएको मन्दिर रु. ३१,८५८/- को लागतमा वि.सं २०४२ साल, चैत्रदशैंमा निर्माण सम्पन्न गरी वि.सं २०४३ साल वैशाख ४ गते चैतेदशैंको पावन अवसरमा तत्कालीन रा.पं.स. यादवप्रसाद पन्तबाट समुद्घाटन गरिएको थियो ।[२६२]

---

[२५९] सापकोटा, पादटिप्पणी संख्या २६२, पृ. ३५ ।

[२६०] ज्ञानेन्द्रविक्रम महत, "धर्मप्रतिको आस्था र मौलाकालिका," *रजत स्मारिका,* (चितवन : मौलाकालिका महोत्सव), पृ. २९ ।

[२६१] सापकोटा, पादटिप्पणी संख्या २६२, पृ. ३५ ।

[२६२] *ऐजन* ।

यसरी तेस्रोपटकको मन्दिर निर्माणपश्चात् मन्दिरमा चहलपहल बढ्न जानुका साथै भक्तजनहरूको पनि भीड लाग्न थाल्यो । खासगरी चैतेदशैं र बडादशैंको अवसरमा उक्त स्थानमा मानिसहरूको ठूलो भीड लाग्ने क्रम सुरु हुनुका साथै अन्य दिनहरूमा पनि पूजाआजा गर्नको निमित्त मानिसहरूको आवतजावत गर्ने बढ्न थाल्यो । यस्तो परिस्थितिमा मन्दिरको अझ बढी विकास गर्नुपर्ने आवश्यकता देखियो, जसको परिणामस्वरूप वि.सं २०५१ सालबाट आएर भने मौलाकालिका मन्दिरको विकास निर्माणको कार्यले तिव्रता पाएको मन्दिर परिसरमा रहेका विभिन्न शिलालेखहरूको अध्ययनबाट स्पष्ट हुन आउँदछ ।[२६३]

दिनहुँ बढ्दै गएको भक्तजनको अत्यधिक चापलाई मध्यनजर राख्दै पुनः मन्दिर निर्माण गर्नको निमित्त वि.सं. २०५१ साल कार्तिकमा मध्य प्रहरी तालिम केन्द्र, भरतपुरका उपरीक्षक ज्ञानेन्द्र विक्रम महतको सल्लाहमा नक्सा, डिजाइन र आर्थिक सङ्कलनको कार्य तय भयो । सो अनुरूप सोचेभन्दा बढी चन्दा सङ्कलन भयो । नेपाली सैनिक पशुपतिप्रसाद गण, भरतपुर व्यारेकका तत्कालीन कर्णेल श्री नरबहादुर कँडेलबाट समेत ढुवानी कार्यमा श्रमदान सहयोग दिइने निश्चित भयो । मन्दिर निर्माणका लागि भक्तजनहरूबाट रु. १४,०९,९४५/- प्राप्त भएको थाहा हुन्छ ।[२६४] यसरी मन्दिर निर्माणको पूर्वतयारी पूरा भैसकेपछि मन्दिर निर्माण कार्यको थालनीमा ज्ञानेन्द्र महतसहित ६५१ प्रहरी जवानले बाघखोरदेखि मन्दिरसम्म ईंटा पुऱ्याई मन्दिरको कार्य सुरुवात गरे ।[२६५]

वि.सं. २०५२ साल जेष्ठ २७ गते दिनको १ बजेको शुभसाइतमा गैंडाकोट वडा नं. १ निवासी ८७ वर्षीय वयोबृद्ध प्रतिमान पौडेलबाट पुरानो मन्दिर भएकै ठाउँमा वर्तमान प्यागोडा शैलीमा निर्माण हुने मन्दिरको शिलान्यास भयो[२६६] र वि.सं. २०५३ साल चैत्र २६ गते मङ्गलबार बिहान १० बजे चैतेदशैंको पावन अवसरमा तत्कालीन प्रहरी उपरीक्षक ज्ञानेन्द्रविक्रम महतबाट नवनिर्मित कालिका भगवती मन्दिर र त्यसै परिसरमा निर्मित, महासरस्वती, महालक्ष्मी, भगवान् शिवजी र भगवान् गणेशजीका मूर्तिहरूको धार्मिक विधिबमोजिम प्राणप्रतिष्ठा र भव्य समारोहबीच समुद्घाटन सु-सम्पन्न भएको थियो ।[२६७]

---

[२६३] शोधकर्ताले २०६७ भदौमा मौलाकालिका मन्दिर गैंडाकोट देवघाट गरेको स्थलगत अध्ययनका आधारमा ।

[२६४] *ऐजन* ।

[२६५] *ऐजन*, पृ. ४५ ।

[२६६] *ऐजन* ।

[२६७] मौलाकालिका गैंडाकोट देवघाट मन्दिरको भित्तामा रहेको शिलापत्रका आधारमा ।

यसरी मन्दिर निर्माण भइसकेपश्चात् पनि मन्दिर पुग्नको लागि पहिलेकै एक मात्र उकालो गोरेटो मार्ग भएको हुँदा पर्यटक र भक्तजनहरूलाई मन्दिर पुग्न निकै गाह्रो हुने हुँदा उक्त गोरेटो बाटोको सट्टामा सिँढीमार्ग निर्माण गर्नको निमित्त देवघाटक्षेत्र विकास समितिले पनि पहल गऱ्यो, जसको परिणामस्वरूप बाघखोरदेखि मन्दिरसम्म पुग्ने सिँढी मार्गको निमित्त नेपाल सरकार पर्यटन मन्त्रालयबाट समेत ८ लाख अनुदान सहयोग प्राप्त भएको थियो ।[२६८]

बाघखोरस्थित सिँढीमार्ग मौलाकालिकाको प्रवेशद्वारमा वि.सं २०५४ सालमा २१×२१×२३ फीट साइजको पक्की पिलरसहित छाना ढलाई गरेको दुईतले मन्दिरमा देवीदेवताका मूर्तिहरू कुँदिएका काठको कलात्मक एक ढोका, साना तीन झ्यालहरू सोह्रवटा पाखुरीहरू जडान भएको प्यागोडा शैलीमा सिद्धिविनायक गणेश मन्दिर निर्माण भएको छ ।[२६९] मौलाकालिका दर्शन गर्न जाने तथा घुम्न जाने पर्यटकहरूको निमित्त सिँढीको बीच-बीच भागमा विभिन्न चौताराहरू निर्माण हुनुको साथै मन्दिर परिसरमा ज्ञानेन्द्र विक्रम महतले आफ्नो मातापिताको नाममा वि.सं. २०५५ सालमा बनाएका हरि-तुलसी, पार्वती विश्राम गृह, महत चौतारी (रत्न चौतारी), मन्दिर परिसरका सिंहका मूर्तिहरू तथा अतिथिहरूका निमित्त अतिथि कक्षहरू बनाएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । यस्तै गरी मन्दिर प्राङ्गणमा विभिन्न ठूला-ठूला कलात्मक घण्टहरू पनि मन्दिरको नाममा चढाइएको देखिन्छ । आधुनिक निर्माणका सामग्रीहरू प्रयोग गरी बनाइएको यो मन्दिर भव्य र आकर्षक देखिन्छ । (फोटो नं २७) दिनहुँ धार्मिक कार्यक्रम भइरहने यस मन्दिरको भौतिक तथा आर्थिक पक्ष निकै राम्रो देखिन्छ ।

**(ख) दुर्गा मन्दिर**

नवलपरासी जिल्ला झपर्दी गाउँअन्तर्गत वडा नं ४ दुर्गा मन्दिर पर्दछ । कोटेश्वर शिवालयदेखि दक्षिणतर्फ यो मन्दिर पर्दछ । वि.सं. २०५९ मा शिलान्याससहित निर्माण कार्य पूरा भई स्थापना भएको यो मन्दिरभित्र अढाइ फुट लम्बाइ भएको दुर्गा भवानीको मूर्ति स्थापना गरिएको छ । यस मन्दिरबाहिर दुईवटा बाघका मूर्तिहरु स्थापित छन् । दैनिक पूजाआजा भइरहेने यस मन्दिरको वर्तमान अवस्था सामान्य देखिन्छ ।[२७०]

---

[२६८] देवघाटक्षेत्र विकास समितिका कार्यकारी निर्देशक लोकप्रसाद भुर्तेलबाट प्राप्त जानकारीका आधारमा ।

[२६९] मौलाकालिका मन्दिर परिसरको २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[२७०] *ऐजन* ।

### ३.४.४ गणपत्य मन्दिर

चितवन र तनहूँको तुलनामा यस क्षेत्रमा गणपत्य (गणेश) मन्दिर न्युन रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

**(क) सिद्धिविनायक गणेश मन्दिर**

आदर्शनगर गैंडाकोट गा.वि.स., वडा नं. १ मौलाकालिका प्रवेशद्वार बाघखोरस्थित यो मन्दिर रहेको छ । वि.सं. २०५३ सालमा गैंडाकोट निवासी नरबहादुर कार्कीद्वारा शिलान्यास गरिएको यो मूर्ति भ.न.पा. ११ वसेनीस्थित एक कालीगडद्वारा कुँद्न लगाइ तयार पारिएको थियो ।[२७१] वि.सं. २०५४ चैत्र १८ गतेका दिन प्राणप्रतिष्ठासहित उद्घाटन गरिएको थियो ।[२७२] साढे तीन फुट उचाइ र डेढ फुट चौडाइ भएको यो मूर्ति उभिएको अवस्थामा रहेको छ । वि.सं २०५४ सालमा गैंडाकोट १ र ५ का कार्की परिवारको आर्थिक सहयोगबाट २१×२१×२३ फीट साइजको पक्की पिलरसहित छाना ढलाइ गरेको दुइतले प्यागोडा शैलीमा यो मन्दिर निर्माण गराइएको छ ।[२७३] गणेशमूर्ति लगायत अन्य देवीदेवताका मूर्ति राखिएको यो मन्दिरको ढोका कुँदिएको काठको कलात्मक, झ्याल, मन्दिर वरिपरि पाखुरीहरू जडान गरिएको छ ।[२७४] यस मन्दिरको भावी संरक्षणको निमित्त वि.सं २०५५ साल श्रावण १६ गतेका दिन धार्मिक सेवा समितिलाई हस्तान्तरण गरिएको थियो ।[२७५] प्रवेशद्वार अगाडि तामाबाट निर्मित मूसाको मूर्ति राखिएको छ । यो मन्दिर भित्र रहेका मूर्ति निकै आकर्षक देखिन्छ । दिनहुँ पूजा भइरहने यस मन्दिरका संस्थापकका रूपमा नरबहादुर कार्की हुन् । मन्दिरको आर्थिक तथा भौतिक पक्ष दुवै राम्रो देखिन्छ ।[२७६]

अतः यी माथिका सबै मन्दिरहरु मध्ये मौलाकालिकाको मन्दिरलाई ऐतिहासिक तथा धार्मिक दुवै दृष्टिकोणबाट महत्वपूर्ण मानिन्छ भने अन्य अरु सबै मन्दिरहरु धार्मिक

---

२७१ सिद्धि विनायक गणेश मन्दिर गैंडाकोट देवघाट निवासी तथा मूर्ति निर्माता नरबहादुर कार्कीबाट प्राप्त जानकारी । (२०६८ भाद्र)

२७२ धार्मिक सेवा समितिका तत्कालीन सचिव मानबहादुर सापकोटाबाट प्राप्त जानकारीका आधारमा ।

२७३ स्थलगत अध्ययन गर्दा मानबहादुर सापकोटाबाट प्राप्त जानकारीका आधारमा ।

२७४ शोधकर्ताले गैंडाकोट सिद्धि विनायक मन्दिर परिसरको (२०६८ भाद्रमा) स्थलगत अवलोकनका आधारमा ।

२७५ शोधकर्ताले तत्कालीन सचिव मानबहादुर सापकोटासँग २०६५ साल भाद्र महिनामा गरेको भेटवार्ताका आधारमा ।

२७६ *ऐजन* ।

परियोजनाको निमित्त निर्माण गरिएको हुँदा धार्मिक दृष्टिकोणले मात्र बढी महत्वपूर्ण भएको पाइन्छ । माथिका यी मन्दिर, आश्रम र यज्ञशाला वाहेक अन्य केही संरचनाहरू पनि रहेका छन् । तिनीहरूको विस्तृत चर्चा नगरी नाममात्र उल्लेख गरिएको छ, जसमा गैंडाकोट १, श्रीनगरमा स्थापित लक्ष्मीनारायण मन्दिर, गैंडाकोट २, गोपेश्वर महादेव मन्दिरभित्र स्थापित राम मन्दिर र गैडाकोट १ मा स्थापित गीताभवन हरिप्रपन्न आश्रम आदि रहेका छन् ।

### ३.४.५ आश्रमहरू

गैंडाकोट क्षेत्रमा विभिन्न सन्तमहन्त तथा गृहस्थीहरू आई बस्ने क्रम सुरु भइसकेपछि आ-आफ्नो वासस्थानको निमित्त बनाइएका कुटीहरूले बिस्तारै आश्रमको रूप लिएको र अर्कोतर्फ विभिन्न मन्दिरहरूको निर्माण पश्चात् आफ्ना गुरुहरूको नाममा स्थापित आश्रमहरू पनि यहाँ रहेका छन् । यद्यपि चितवन र तनहुँको तुलनामा भने यहाँ आश्रमहरू न्यून रहेका छन्, जसको चर्चा निम्नानुसार गरिएको छ :

**(क) श्रीमद्रामानुज वेदविद्याश्रम**

देवघाटक्षेत्रअन्तर्गत गैंडाकोट गा.वि.स., वडा नं. १ मा तिरुपति बालाजी वेङ्कटेश मन्दिरको प्राङ्गणमा यो आश्रम रहेको छ । मन्दिरका संस्थापक नारायणचारीद्वारा वि.सं. २०३७ साल फागुनमा रामानुज वेदविद्याश्रमको रजिष्टर्ड दर्ता नवलपरासी जि.प्र.का. मा दर्ता गरी वि.सं २०३८ सालबाट यो आश्रम सञ्चालनमा आएको अवगत हुन्छ ।[२७७] दुई विगाहा जग्गामा फैलिएको यो आश्रमको नाममा एक विगाहा जग्गा रहेको छ, जसको आयस्ता र दानदातव्यबाट आएको रकमबाट यो आश्रम सञ्चालन भएको छ । यो आश्रममा वटुक तथा तीर्थयात्रीहरू (आगन्तुक) पाहुनाहरूलाई खाने-बस्ने व्यवस्था मिलाइएको छ ।[२७८] विभिन्न चन्दादाताहरूको आर्थिक सहयोगबाट सञ्चालित यस आश्रमको आर्थिक तथा भौतिक अवस्था राम्रो रहेको देखिन्छ ।

---

२७७ शोधकर्ताले (२०६८ भाद्रमा)श्रीमद रामजुन वेदविद्याश्रमका संस्थापक स्वामी नारायणाचारीका सुपुत्र श्यामकृष्ण पौडेलबाट प्राप्त जानकारीका आधारमा ।

२७८ *ऐजन* ।

### (ख) भारद्वाज आश्रम तथा सीताराम सप्तर्षि मन्दिर

देवघाटक्षेत्र अन्तर्गत आदर्श गा.वि.स. गैंडाकोट १ मा कँडेल वन्धुहरूले आफ्नो कुलगोत्र जस्तै भारद्वाज (भरद्वाज) कुलायन देवताका रूपमा यस आश्रमको स्थापना गरेका छन् । उक्त स्थानमा २०५६ पौष १० गतेका दिन कँडेल बन्धुहरूको बृहद् भेलाअनुसार यस स्थानमा महर्षि भारद्वाजको आश्रम तथा मन्दिर बनाउने निर्णय भयो ।[२७९] २०५७ जेठ ५ गते मन्त्री देवेन्द्र कँडेलबाट यस आश्रमको शिलान्यास भई त्यहाँ सप्तर्षिका मूर्ति राख्ने कार्यको शुभारम्भ भयो ।[२८०]

यहाँ कँडेल बन्धुहरूले आफ्नो कुलायन भारद्वाज ऋषिको मात्र मूर्ति स्थापना नगरी अन्य ऋषिहरू, जस्तै विश्वामित्र, ज्यदग्नि, गौतम, वसिष्ठ, अत्रि, कास्यपसहित अरून्धतीका मूर्तिहरू स्थापित गरेका छन् भने सीताराम लक्ष्मण र हनुमानका मूर्तिहरू पनि स्थापित गरिएका छन् ।[२८१]

आश्रम, मन्दिर र मूर्तिहरूलाई व्यवस्थित रूपबाट स्थापित गर्नको निमित्त आश्रम सञ्चालक समितिद्वारा वि.सं २०६१ माघ १२ देखि १९ गतेसम्म श्रीमद्भागवत ज्ञानमहायज्ञ लगाइएको र १९ गते समापनका अवसरमा त्यहाँ राखिएका मूर्तिहरूको प्राणप्रतिष्ठा गरेको कुरा अवगत हुन आउँदछ ।[२८२] एक विगाहा क्षेत्रफलमा फैलिएको आश्रम परिसरभित्र रहेको भक्तजनहरूको सक्रियतामा निर्मित एक आवासभवन, ज्ञानमञ्चभवन, यज्ञमण्डप, पानीटैंकी आदि निर्माण भएका छन् । यसका संस्थापक संरक्षकका रूपमा टंकनाथ कँडेल रहेका छन् ।[२८३] यसको आर्थिक तथा भौतिक अवस्था राम्रो रहेको देखिन्छ ।

### (ग) शुकदेव भागवताश्रम

देवघाटक्षेत्र अन्तर्गत गैंडाकोट १ मा रहेको लक्ष्मीहरि मन्दिर परिसरभित्र यो आश्रम रहेको छ । लक्ष्मीहरि मन्दिरका संस्थापक निर्माता पराङ्कुशाचार्य षठकोपले आफ्ना गुरु

---

[२७९] भारद्वाज आश्रमका संस्थापक टंकनाथ कँडेलबाट प्राप्त जानकारीका आधारमा ।

[२८०] स्वामी जगन्नाथ कँडेलबाट २०६८ साल भाद्रमा गरेको भेटवार्ताका आधारमा ।

[२८१] शोधकर्ताले २०६८ भाद्रमा गरेको गैंडाकोट स्थित भारद्वाज आश्रममा गरिएको स्थलगत अवलोकनका आधारमा ।

[२८२] देवघभाटधाम तनहुँ हरिहर सन्यास आश्रमका पीठाधीश ज्ञानानन्द सरस्वतीबाट प्राप्त जानकारीका आधारमा ।

[२८३] स्थलगत अध्ययन गर्दा श्री टंकनाथ कँडेलबाट प्राप्त जानकारी ।

शुकदेवको नाममा स्थापित आश्रम पक्की सिमेन्टेड गरी बनाइएको छ ।[२८४] आश्रमभित्र प्रवचन हल हुनुका साथै आगन्तुक भक्तजनहरूलाई बस्ने व्यवस्था मिलाइएको छ । आश्रमको भौतिक तथा आर्थिक अवस्था राम्रो देखिन्छ ।

यस वाहेक वडानं. १, गैंडाकोटस्थत नारायणी किनारमा हरिकृष्ण शास्त्रीद्वारा स्थापित गीताभवन हरिप्रपन्न आश्रम रहेको छ ।

### ३.४.६ यज्ञशाला (यज्ञमण्डप) हरू

यस क्षेत्रमा विभिन्न सन्तमहन्त तथा गृहस्थीहरू आइ बस्ने क्रम सुरु भएपछि मन्दिर, आश्रमको निर्माण गर्दै आउँदा विभिन्न देवीदेवताहरूको आवाहन, कुलदेवता, पितृहरूको निम्ति स्वस्तिशान्तिको कामना गर्दै विभिन्न यज्ञशाला (यज्ञमण्डप) हरूको निर्माण गरिएको छ, जसको चर्चा निम्नानुसार गरिएको छ :

#### (क) यज्ञमण्डप

नवलपरासी जिल्ला, गैंडाकोट १ देवघाटक्षेत्रभित्र पर्ने नारायणी किनारको पश्चिमतर्फ रहेको राधाकृष्ण मन्दिरको ठीक उत्तरतिर माथि जस्तापाता तथा काठ र माटोद्वारा निर्माण गरिएको यज्ञशाला रहेको छ । यस मण्डपमा वि.सं. २०४० फागुन १२ गतेका दिनदेखि हालसम्म विधिवत् १०८ आहुति (होम) हुँदै आइरहेको छ । यसको लम्बाइ २५×२५ फुट छ भने उचाइमा १५ फुट रहेको छ । यहाँ नित्य निरन्तर हवन हुन्छ । यहाँ पर्व-पर्वमा होम कार्य पनि हुन्छ । हाल यसका संस्थापक तुलसीशरणको वैकुण्ठवास (निधन) भइसकेको हुँदा हाल उनकै भाई हरिशरणदेव यसका संरक्षकका रूपमा रहेका छन् ।[२८५] यस यज्ञमण्डपको भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको देखिन्छ ।

#### (ख) यज्ञमण्डप

त्यस्तै यसै क्षेत्रको नारायणी किनारदेखि पश्चिम तिरुपति वालाजी रामानुज वैङ्कटेश मन्दिरदेखि पूर्व यज्ञमण्डप रहेको छ । यसको शिलान्यास वि.सं. २०४८

---

२८४ गैंडकोटको श्रीशुकदेव भागवताश्रमको भित्तामा रहेको स्रोतका आधारमा ।

२८५ शोधकर्ताले राधाकृष्ण मन्दिरका संरक्षक हरिशरण आचार्यसंग २०६८ भाद्रमा गरको अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा ।

फागुनमा भएको थियो ।[२८६] पहिले यसलाई जस्तापाताले छाइएको थियो भने पछि काठ एवं माटाले निर्माण गरियो । वि.सं. २०४८ मा दशकरोडको अक्षय महामन्त्रको पुरश्चरण महायज्ञ पनि भएको थियो । गोपीकृष्ण सुवेदीको स्मृतिमा यो यज्ञमण्डप वि.सं. २०५९ मा निर्माण कार्य सुरु गरी पिता श्यामकुमार र माता रुक्मिणीदेवी सुवेदीबाट बनाइएको कुरा अवगत हुन आउँछ यो यज्ञमण्डप चतुष्कोणमा १८×१८ फुट रहेको छ भने उचाई १५ फुट रहेको छ । हवनकुण्डको माथि चक्र रहेको छ ।[२८७] यस यज्ञमण्डपको भौतिक तथा आर्थिक अवस्था राम्रो रहेको देख्न सकिन्छ ।

### (ग) यज्ञमण्डप

लक्ष्मीनृसिंह दिव्यधामभित्र रहेको यो यज्ञमण्डप त्यहाँको अर्को महत्त्वपूर्ण यज्ञमण्डप हो । वि.सं. २०५६ असार महिनाका दिनमा दिव्यविग्रह भएका भगवानको प्राणप्रतिष्ठा गर्ने अवसरमा यो यज्ञकुण्ड निर्माण भएको हो । यहाँ श्रीमन्नारायण महाराज तथा यज्ञाचार्यहरूबाट होम कार्य सुरु गरी भगवान्को प्राणप्रतिष्ठा विधिवत् सम्पन्न भएको थियो । यस यज्ञमण्डपमा पर्व-पर्वमा हवन हुन्छ । यसमा पाँचवटा कुण्डहरू रहेका छन् । विशेष गरी दक्षिण भारतका यज्ञाचार्य वा उत्तर भारत तथा नेपालका यज्ञाचार्यद्वारा यस कुण्डमा हवन हुने गरेको छ ।[२८८] यहाँ भगवान् नृसिंह उत्सव र दुर्गा पूजाको उत्सवमा वैदिक विधिअनुसार होम कार्य हुने गरेको छ । यस यज्ञमण्डपको सञ्चालक तथा संरक्षिकाका रूपमा पद्मावती घिमिरे हुन् । यस यज्ञमण्डपको भौतिक तथा आर्थिक अवस्था सामान्य रहेको छ ।

### (घ) यज्ञमण्डप

आदर्शनगर गैंडाकोट गा.वि.स. गंगानगर वडा नं. १ मा भारद्वाज सप्तर्षि आश्रमको पूर्वपट्टि एउटा यज्ञमण्डप स्थापना भएको छ । यसको शिलान्याससहित निर्माण वि.सं २०५८ साल माघमा भएको हो । नित्य-निरन्तर हवनकार्य हुँदै आइरहेको छ । यस यज्ञमण्डप छड सिमेन्टद्वारा निर्मित छ । यसका संस्थापक टंकनाथ कँडेल हुन् । दैनिक हवन भइरहने यस यज्ञमण्डपको आर्थिक तथा भौतिक अवस्था राम्रो देखिन्छ ।

---

[२८६] यज्ञमण्डपमा रहेको शिलापत्रबाट प्राप्त जानकारीका आधारमा ।

[२८७] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[२८८] शोधकर्ताले मन्दिरका संरक्षिका पद्मावती घिमिरेबाट २०६८ भाद्रमा गरेको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

## ३.५ निष्कर्ष

देवघाटक्षेत्र महत्त्वपूर्ण तीर्थस्थल भएका कारण यहाँ पर्याप्त सङ्ख्यामा मठ, मन्दिर, आश्रम, मूर्ति आदि रहेका छन् । देवघाट क्षेत्रमा मठ, मन्दिर, मूर्ति र पुरातात्विक स्रोतहरू छरिएका अवस्थामा रहेका छन् । योजनाबद्ध र परम्परागत शैलीको संरक्षण हुने किसिमले बहुसङ्ख्यक मन्दिरहरू निर्माण भएका छैनन् । जसले जहाँ पायो त्यहीँ आफ्नै शैली, विभिन्न शैलीको मिश्रण गरेर मूर्ति तथा मन्दिरहरू निर्माण भएका छन् । आफ्नो वास्तविक नेपाली शैली, संस्कृतिलाई भूलेर भारतीय शैलीबाट प्रभावित भइ मन्दिर निर्माण गरिनुका साथै कतिपय पुजारीहरूलाई भारतमा लगी तालिम दिई पूजा गर्ने व्यवस्था समेत मिलाइएको हुँदा नेपालीधर्म र संस्कृतिको परम्परालाई निरुत्साहित गरिएको छ । आश्रमहरू पनि विभिन्न थर र समुदायका मानिसहरूले आफूखुसी निर्माण गरेका छन् । सरकारी निकायले पनि नवनिर्माण र पुराना सांस्कृतिक सम्पदाहरूको पुनःनिर्माणका लागि स्पष्ट मार्गनिर्देशन गर्न सकेको अवस्था छैन । विभिन्न सम्प्रदायहरूद्वारा निर्मित मन्दिरहरूमा आ-आफ्नो सम्प्रदाय अनुसारको एकरूपता पनि आउन सकेको देखिँदैन । यस क्षेत्रमा शैव मन्दिर २५, वैष्णव मन्दिर ३३, शाक्त मन्दिर १७, गाणपत्य मन्दिर ७, कुलदेवताका मन्दिर ४, बौद्धगुम्बा ३, आश्रम २४ र यज्ञमण्डपहरू २१ रहेका छन् । यी सबै मठमन्दिर, आश्रमहरु पछिल्ला समयमा स्थापित गरिएका हुन् । यिनीहरु आ-आफ्ना धार्मिक संस्था तथा इच्छाद्वारा निर्माण गराइएका हुन यद्यपी देवघाट तनहुँ स्थित मुकुन्देश्वर मन्दिर तथा प्राङ्गण चितवन स्थित बागेश्वरी मन्दिर तथा त्यस स्थलको प्राङ्गण नवलपरासी स्थित मौलाकालिकाको मन्दिरमा प्राप्त भएका भग्नावशेष एवम् मुर्ति ती मन्दिरहरु ऐतिहासिक दृष्टिकोणबाट पनि महत्वपूर्ण रहेको देख्न सकिन्छ ।

यस सबै मन्दिरहरुमा नित्य बिहान बेलुका पूजा अर्चनाहुनुको साथै विशेष अवसरहरुमा विशेष मेला समेत लाग्ने गर्दछ । साथै यी सबै मन्दिरको आ-आफ्नै धार्मिक तथा ऐतिहासिक महत्व रहेको बुझ्न सकिन्छ ।

**अध्याय - चार**

# देवघाटक्षेत्रको आधुनिकीकरण

देवघाटधाम धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक स्थल पनि हो भन्ने कुरा अघिल्ला अध्यायहरूमा चर्चा गरिसकिएको छ । इतिहासका विभिन्न कालखण्डमा देवघाटधाम कस्तो थियो भन्ने विषयमा पनि छलफल भइसकेको छ। देवघाटधाममा वर्तमान स्वरूप जुन देखिन्छ त्यसको प्रारम्भ र विकास भने निकै पछि भएको हो । देवघाटधाममा आएको यही स्वरूप परिवर्तनलाई नै आधुनिकीकरण भनिएको हो। यस अध्यायमा यसबारेमा चर्चा गरिनेछ। [१]

देवघाटधाम धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक स्थल पनि हो भन्ने कुरा अघिल्ला अध्यायहरुमा चर्चा गरिसकिएको छ । यस खालको आधुनिकिकरणले ठूलो महत्व राख्दछ, यो नाम शब्द हो । आधुनिक नामक विशेषण शब्दबाट कनै आधुनिकिकरण बन्न पुगेको हो । आधुनिक भनेको भर्खर-भर्खरै निस्केको, चलेको वा अस्तित्वमा आएको भन्ने हो । यस्तै गरी आधुनिकिकरण शब्दले पनि पुरानो परम्परा, रितिरिवाज एवं सभ्यतालाई नयाँ वा आधुनिक बनाउने काम वा प्रक्रिया भन्ने अर्थ बोकेको पाइन्छ।

यस सन्दर्भमा केही समाज शास्त्रीय मध्ये आधुनिकिकरणलाई एउटा प्रक्रियामा मान्दछन् भने कोहिले यसलाई प्रतिफलको रुपमा स्वीकार गरेका छन् । एस एन इन्सेप्सटाइले आफ्नो पुस्तक "मोडनाइजेशन प्रोटेष्ट एण्ड चेन्ज - १९३९" मा आफ्नै शब्दमा ऐतिहासिक दृष्टिबाट आधुनिकिकरण एक प्रकारको सामाजिक, आर्थिक एवम् राजनैतिक व्यवस्था परिवर्तनको प्रक्रियाको जो १४ औं २१९ शताब्दीसम्म पश्चिमी युरोप तथा उत्तरी अमेरिकामा र २० औं शताब्दीसम्म दक्षिणी अमेरिका, एशियाली तथा अफ्रिकी देशहरुको आधुनिक प्रविधिद्वारा समाजको आर्थिक उन्नति गर्ने सन्दर्भमा लिएका छन् । [२]

यसरी आधुनिकिकरण एउटा प्रक्रिया पनि र एउटा प्रतिफल पनि प्रसङ्गवस हुन आएको छ। यो प्रक्रिया २० औं शताब्दीबाट प्रारम्भ भएको २ प्रजातान्त्रिक मूल्यहरुको विकास आर्थिक उन्नति, भौतिक संरचनाहरुको स्थापना र समाजशास्त्रको क्षेत्रमा समतामूलक समाजको

---

१ बालकृष्ण पोखरेल (निर्दे.) नेपाली बृहत शब्दकोश (छैठौं सं ) काठमाण्डौ नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६३, पृ, १०२ ।

२ रेशमराज अधिकारी र हरिहर घिमिरे, नेपाली समाज र संस्कृति, (छैठौं सं) काठमाण्डौ विद्यार्थी पुस्तक भण्डार २०६३, पृ. २८५ ।

स्थापना र जीवनस्तरलाई माथि उठाउने अर्थमा आधुनिकिकरणलाई अङ्गीकार गरेको पाइन्छ । देवघाटधाममा देखा परेको आधुनिकिकरणको सिलसिलालाई पनि यसै प्रसङ्ग अनुसार हेर्न सकिन्छ ।

देवघाटक्षेत्र चितवन, तनहुँ र नवलपरासी जिल्लामा फैलिएको छ भन्ने कुरा माथि नै स्पष्ट भइसकेको छ । जब चितवन जिल्लामा रापतीदून विकास परियोजना सुरु भयो र वस्ती बसालियो त्यसबेलाबाटै देवघाटको आधुनिकीकरण सुरु भयो । त्यसमा पनि नारायणगढ-भरतपुर वजारीकरण र शहरीकरणले देवघाटधामको आधुनिकीकरणमा प्रशस्त योगदान पुऱ्याएको छ । किनभने यसै स्थानमा बसोवास गर्ने मानिसहरूले देवघाटलाई महत्त्वपूर्ण तीर्थस्थल मान्न थाले । यसैको फलस्वरूप देवघाटधाममा तीर्थालुको आगमन मात्र बढेन, यहाँ वस्तीकै लागि कल्पवासीहरू, योगी, सन्त आदि पनि आउन थाले । यसबाहेक अरू अनेक प्रयोजनको लागि पनि मानिसहरूको आवतजावत र वस्तीको विकास हुन थाल्यो । पुण्यस्थल मानिएको यस क्षेत्रमा मठ-मन्दिरहरूको निर्माण र शैक्षिक संस्थाहरूको स्थापना हुँदै गयो । यस्ता कार्यमा व्यक्ति, सङ्घ-संस्था र सरकारको समेत संलग्नता हुँदै गयो । यसैको फलस्वरूप देवघाट वर्तमान स्वरूप र अवस्थामा आइपुग्यो । देवघाटको आधुनिकीकरणमा सहयोग पुऱ्याउने व्यक्तिहरु संघ संस्था र सरकारी निकायको भूमिका के कस्तो रह्यो भन्नेबारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

## ४.१ देवघाटधामको आधुनिकीकरणका निम्ति व्यक्तिहरूले पुऱ्याएको योगदान

माथि भनिएझैं देवघाटधामको आधुनिकीकरणमा विभिन्न व्यक्तिहरूको योगदान रहेका छन् । त्यस्तो योगदान पुऱ्याउने व्यक्तिहरू निम्नानुसार छन् :

### ४.१.१ ईश्वरानन्द ब्रह्मचारी (गलेश्वरबाबा)

ईश्वरानन्द ब्रह्मचारी अर्थात् गलेश्वरबाबाको वास्तविक नाम ईश्वरानन्द थियो । (फोटो नं. २८) उनको जन्म वि.सं. १९३० फाल्गुन शुक्ल द्वादशीको दिन पिता हरिलाल निरौला र माता मनमाया निरौलाको सन्तानको रूपमा ताप्लेजुङ् जिल्लाको फुङ्लिङ्नाङ भन्ने ठाउँमा भएको थियो । सानैदेखि तीक्ष्ण बुद्धि र आकर्षक स्वभाव भएका ईश्वरानन्द वैवाहिक जीवनलाई त्याग गरी ब्रह्मज्ञान प्राप्तिका निमित्त भारतलगायत नेपालका विभिन्न धार्मिक स्थलहरूमा साधना गरी अन्त्यमा म्याग्दी जिल्लामा पर्ने गलेश्वरबाबा क्षेत्रमा

२४ वर्षसम्म तपस्या गरेकाले त्यहीं क्षेत्रको नामबाट गलेश्वरबाबा हुन पुगेका थिए भन्ने उल्लेख पाइन्छ ।[३] गलेश्वरबाबाको प्रख्याति सुनेपश्चात् वन्दीपुरबाट नारायणगढ आएका व्यापारी वीरबहादुर श्रेष्ठ (मैयादेवी श्रेष्ठका पिता) को अनुरोधमा साधना गरिरहेका गलेश्वरबाबालाई देवघाटमा ल्याइयो ।[४] उनको देवघाट आगमनपश्चात् मानिसहरूको त्यहाँ आउनेजाने क्रममा बृद्धि हुनुका साथै उक्त स्थलमा मानिसहरूले स्थायी बसोवास पनि गर्न थाले र समयसँगै यो प्रक्रियामा बृद्धि हुँदै गयो ।[५]

गलेश्वरबाबाले यस धार्मिकक्षेत्रलाई आफ्नो साधना स्थलको रूपमा चयन गरेपश्चात् उनी केवल साधनामा मात्र तल्लीन नभई देवघाटको धार्मिक तथा आध्यात्मिक विकासका निम्ति पनि उन्मुख भएको थाहा हुन्छ । देवघाटधाममा सर्वप्रथम वैदिक शिक्षाको आरम्भ र अन्य भौतिक संरचनाको निर्माणको प्रेरकको रूपमा गलेश्वरबाबालाई लिइन्छ । बाबाको आगमनको समयमा देवघाटधाममा कुनै पनि संरचनाहरू थिएनन् । अतः उनले यस धार्मिकक्षेत्रमा वैदिक शिक्षा सञ्चालन गर्नको निमित्त प्रारम्भमा वर्माबाट आएका नारायणघाट निवासी धनपति ज्ञवालीलाई शिक्षकको रूपमा नियुक्त गरेका थिए ।[६] सोही समयमा देवघाट नजीकै रहेको दियालो बङ्गलामा बसेका तत्कालीन राजा महेन्द्रसमक्ष गलेश्वरबाबाले वेद पढाउने पण्डित माग गरेको र महेन्द्रले पनि उक्त मागलाई स्वीकृति दिँदै गूठी संस्थान केन्द्रीय कार्यालय काठमाडौँलाई सम्बन्धित विषयको पण्डित दिनु भनी आदेश दिएका थिए ।[७]

त्यसप्रकार गलेश्वरबाबाको सक्रिय प्रयासबाट वेद पढाउने शिक्षकको प्राप्तिपश्चात् उक्त स्थानमा पढाउनका निमित्त कुनै संरचना नभएकोले धर्मशाला बनोस् भन्ने अभिप्रायले उहाँकै सक्रियतामा तनहुँ साँगेफाँटका गंगादत्त आचार्यले रू. ६,०००/-, तनहुँ जिल्ला पञ्चायतले रू. ६,०००/- र नारायणघाट बजारका साहुमहाजनले

---

३ नारायणप्रसाद तिम्सिना, *अनन्तश्री ब्रह्मनिष्ठ तपोमूर्ति १००८ गलेश्वरबाबा इश्वरानन्द ब्रह्मचारी योगीन्द्र देवघट्ट निवासीको जीवन इतिवृत्त,* (काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०५५), पृ. .. ।

४ पूर्वसांसद तथा समाजसेवी सुश्री मैयादेवी श्रेष्ठसँग शोधकर्ताले २०६६/१०/५ गते लिएको अन्तर्वार्ताबाट ।

५ स्थानीय वासिन्दा रामनाथ मिश्र (७२ वर्ष) सित शोधकर्ता २०६६ फागुनमा लिएको अन्तर्वार्ताबाट ।

६ केशवराज शर्मा आचार्य, “गलेश्वरबाबाको प्रथमदर्शन,” *देववाणी* (देवघाटधाम विशेषाङ्क) संयुक्ताङ्क ५, ६, वर्ष ६, (काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०६०), पृ. १६ ।

७ *ऐजन,* पृ. १६४ ।

रू. ६,०००/- प्रदान गरे ।[८] यसबाट नपुग रकम आफ्नै तर्फबाट लगानी गरी लगभग २५-२६ हजारमा धर्मशाला निर्माणको कार्य सम्पन्न भएको थियो । सोही धर्मशालामा अध्यापक र विद्यार्थीलाई पढ्ने र बस्ने व्यवस्था मिलाइयो । यही सानो धर्मशालाबाट सुरु भएको वैदिक शिक्षाले हालको वेदवेदाङ्ग विद्यालय नै (हाल मा.वि.) को रूपमा सञ्चालन भइरहेको छ । यसरी देवघाटधाम स्थापना भएको यो वेदवेदाङ्ग विद्यालय नै गलेश्वरबाबाले गरेको महत्त्वपूर्ण र पहिलो योगदान हो भने त्यहाँको आधुनिकिकरणको थालनी पनि हो । यसका अलावा, यज्ञशाला, धर्मशाला (पाटी), मन्दिर (ज्योतिर्लिङ्गेश्वर शिवालय) आश्रम निर्माण भए, जसलाई गीता आश्रमको नामले चिनिनुका साथै पहिलेको संरचनामा परिवर्तन ल्याएको पाइन्छ । यही वेदवेदाङ्ग विद्यालयबाट प्रेरित भई पछिल्लो समयमा देवघाटधाममा अन्य गुरुकुल शिक्षण संस्थाहरू पनि स्थापना भएको देखिन्छ । यसप्रकार गलेश्वरबाबाको प्रयासबाट देवघाटधामको भौतिक संरचनाहरूका पूर्वाधारहरूको थालनी भएको हुँदा देवघाटधामको आधुनिकीकरणको प्रारम्भमा उनले अतुलनीय योगदान पुऱ्याएको स्पष्ट हुन्छ ।

### ४.१.२ अघोरीबाबा (पगलाबाबा)

अघोरीबाबाको वि.सं. १९५३ मा बाँके-बर्दिया जिल्लाअन्तर्गत फत्तेपुर शिवगाउँमा जन्म भएको थियो ।[९] उनी जमीनदार ब्रह्मानन्दका छोरा थिए (फोटो नं. २९) । वि.सं. १९५३ मा उनको घरमा डाँका लाग्यो, नमाल लुटियो । साथै परिवारका सबै सदस्यको हत्या भयो ।[१०] यसबाट दुःखित भई उनी घर छोडेर घुम्दै वर्मा (म्यानमार) पुगे । त्यहाँ उनले एक अघोरी साधुसँग सङ्गत गरे र त्यस सम्प्रदायको शिक्षा ग्रहण गरे ।[११] अघोरी सम्प्रदाय भन्नाले हिन्दु धर्मअन्तर्गत पर्ने शैव धर्मको अनेकौं सम्प्रदायहरूमध्येको एक सम्प्रदाय हो । धेरै कम मानिसहरूले मात्र यस सम्प्रदायको अनुशासन पालन गर्न सक्छन्, किनकि यो अत्यन्त कठोर साधना भएको सम्प्रदाय हो । यस सम्प्रदायको दर्शनअनुसार सबै घटना र वस्तुहरू ईश्वरको सृष्टि हो र ईश्वरको सृष्टिलाई नाश गर्नु हुँदैन । कुनै जीवको हत्या गर्नु हुँदैन तर मरिसकेको जीवको शरीर छ भने त्यसको उपभोग सहजै गर्न सकिन्छ । त्यसलाई खाद्य

---

८ *ऐजन* ।

९ मदनमोहन जोशी, "कठोरतम अघोर सम्प्रदाय र अघोरीबाबा," *देववाणी* (देवघाटधाम विशेषाङ्क), अङ्क ५,६, वर्ष ६, ( काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०६०), पृ. १६० ।

१० *ऐजन* ।

११ *ऐजन* ।

पदार्थको रूपमा समेत लिन सकिन्छ । किनभने मासु सबै जीवको समान हो । मानिसको मासु र अरू जीवको मासुमा केही फरक छैन । त्यसैले मरेको मानिसको मासु खानमा केही आपत्ति छैन भन्ने मान्यता यस अघोर सम्प्रदायको रहेको देखिन्छ । यसर्थ अघोरीहरू मरेको मानिसको मासु खाने गर्छन् । उनीहरूमा कुनै वस्तुप्रति पनि घृणाको भाव हुँदैन । स्वमलमूत्र पनि सेवन गर्दछन् भन्ने समेत उल्लेख भएको पाइन्छ ।[१२] यस्तो अनौठो र कठोर खालको विचार र व्यवहारलाई नै उनीहरूले धर्म सम्झेका छन् र यसलाई अवलम्बन गर्नुमा नै आफ्नो अभीष्ट प्राप्ति सम्झेका छन् । अघोरीबाबा पनि यही धर्म साधनाको क्रममा वि.सं २०१८ सालमा देवघाटधामलाई तपोभूमि ठानी यहाँ आइपुगेका हुन् । वि.सं २०१८ सालदेखि देवघाटधाममा बस्न थालेका अघोरीबाबाले आफ्नो सम्प्रदायको धर्म-साधना मात्र गरेका नभई देवघाटको विकास निर्माणमा पनि योगदान दिए । सर्वप्रथम उनी जिमीनदारका छोरा भएकाले उनीसित आफ्नो गाउँमा धेरै जग्गा-जमीन रहेको र त्यसको आम्दानी देवघाटको विकासमा खर्चिएको उल्लेख पाइन्छ ।[१३] उनले देवघाटधाममा वि.सं. २०२०-२०४५ (कालीगण्डकीको तटभन्दा माथितिर पाखोमा) डेढ बिगाहाजति जमीनको बगैंचा बनाइ सबै जातका फलफूलका विरुवाहरू लगाएका र कृष्ण, शिव, शेषनाग आदिका राम्रा-राम्रा मूर्तिहरू स्थापना गरेका थिए ।[१४]

भनिन्छ उनी तत्कालीन राजदरबारसँग पनि नजीक थिए । त्यसो हुँदा यिनको उपचारको निमित्त राजदरबाट खटिएका डाक्टर हेलिकप्टरमा देवघाटमा आउने गर्दथे ।[१५] अघोरीबाबा यस क्षेत्रमा आएर बस्न थालेपछि देवघाटको चर्चापरिचर्चाले बाह्य जगत्सँग पनि महत्व पाएको कुरा स्पष्ट हुन आउँदछ ।[१६] यसका साथै तात्कालीन शाह राजाहरूले पनि देवघाटको महत्त्वलाई बुझी देवघाट आउनेजाने गरेको र सप्तगण्डकीमा डुँगाको मञ्च बनाइ कविगोष्ठी गरेको कुराले पनि यसको महत्त्वलाई प्रष्ट पार्दछ । देवघाटलाई बाह्य जगत्सँग परिचित गराई देवघाटको विकासमा ठोस योगदान पुऱ्याउने अघोरीबाबाको निधन वि.सं. २०४७ पौष ७ गतेका दिन भएको थियो ।

---

१२ *ऐजन*।

१३ *ऐजन*।

१४ शोधकर्ताले २०६८ भाद्रमा गरेको देवघाटको स्थलगत अध्ययनबाट प्राप्त जानकारीको आधारमा

१५ नारायणगढ निवासी समाजसेवी महेश्वरलाल श्रेष्ठसँग २०६५/५ मा शोधकर्ताले लिएको अन्तर्वाताबाट ।

१६ सुश्री मैयादेवीका धर्मपुत्र टंक पौडेलबाट प्राप्त जानकारी ।

### ४.१.३ लक्ष्मीप्रसाद सरस्वती (दण्डीस्वामी आशुतोषानन्द )

यिनलाई दण्डी आशुतोषानन्द सरस्वती पनि भन्ने गरेको पाइन्छ । वि.सं. १९६९ असारमा गण्डकी अञ्चल स्याङ्जा जिल्लाअन्तर्गत पातिखोलामा भएको हो । यिनको वास्तविक नाम लक्ष्मीप्रसाद थियो । वैवाहिक जीवनमा समेत बाँधिएका लक्ष्मीप्रसाद घरवार त्याग गरी पर्वत जिल्लाअन्तर्गत 'सिर्पु' भन्ने ठाउँमा लामो समयसम्म तपस्या गरेको र म्याग्दी गलेश्वरबाबामा बसेका गलेश्वरबाबासँग ब्रह्मचारी दीक्षा लिएको भन्ने कुरा अवगत हुन आउँदछ ।[१७] वि.सं २०३२ साल जेठ २७ गते देवघाटमा गलेश्वरबाबा ब्रह्मलीन भएपछि उनी सोही सालको जेठ २८ गते स्याङ्जास्थित हम्पालबाट देवघाट आई गलेश्वरबाबाको उत्तराधिकारीको रूपमा गलेश्वरबाबा आश्रमको पीठाधीश पद ग्रहण गरेको कुरा थाहा हुन आउँदछ । ।[१८] पीठाधीश पद ग्रहण गरेपछि लक्ष्मीनन्दनले गलेश्वरबाबा आश्रमको विकासको निमित्त सोह्रसय घरधुरी चितवन भ्रमण गरी भिक्षाटन गरेको र चितवनकै ब्रह्मपुरीमा दानबहादुर श्रेष्ठको साथमा रहेको रकमबाट गलेश्वरबाबाको ब्रह्मलीन हुनुपूर्व नै दुइ विगाहा जग्गा समेत किनेको कुरा ज्ञात हुन आउँदछ ।[१९] जसको आयस्ताबाट गलेश्वरबाबा आश्रमले अन्नभण्डार सञ्चालन गरी आगन्तुक तीर्थयात्रीहरूलाई भोजनको प्रबन्ध गराई देवघाटको धार्मिक महत्त्वलाई अभिवृद्धि गर्नमा योगदान पुऱ्याएको देख्न सकिन्छ । यसरी गलेश्वरबाबा आश्रमको विकासले गर्दा देवघाटको आधुनिकीकरणमा पनि योगदान पुगेको थाहा हुन आउँदछ ।

### ४.१.४ योगी नरहरिनाथ

योगी नरहरिनाथ नेपालमा सबैले सुनेकै नाम हो । उनी ठूला विद्वान् पनि हुन् । उनले धेरै अन्वेषणात्मक पुस्तकहरू लेखेका छन् । "इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह" जस्ता विख्यात ग्रन्थको सम्पादन पनि गरेका छन् । उनको जन्म १९७१ साल फागुन १७ गते कर्णाली अञ्चल, कालीकोट जिल्ला, लालु गाउँमा भएको थियो ।[२०] उनको जन्मको नाम

---

१७ नारायणप्रसाद तिम्सिना, *देवघाटक्षेत्रको सांस्कृतिक अध्ययन,* (काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., २०६४), पृ. १९२ ।

१८ गलेश्वरबाबा आश्रम ट्रष्टबाट प्राप्त जानकारी का आधारमा ।

१९ गलेश्वरबाबा आश्रमका वर्तमान पीठाधीश स्वामी आत्मानन्द गिरिवाट गरिएको भेटवार्ताबाट प्राप्त जानकारी ।

२० युवराज काफ्ले र मदन ढकाल (सम्पा.), *योगी नरहरिनाथ : जीवन एक कर्म,* (झापा : गोविन्द काफ्ले, २०५२), पृ. ग ।

बलवीरसिंह थापा हो । तर योगी नरहरिनाथको नामले उनी प्रसिद्ध भए (फोटो नं ३०) । यो नाम वि.सं. १९८१ मा उनी गोरखनाथ सम्प्रदायमा दीक्षित भएपछि राखिएको थियो ।[21] बाबा ललितसिंह थापा र आमा गौरीदेवीको १२ औँ सन्तानको रूपमा जन्मिएका योगी नरहरिनाथ आवाल ब्रह्मचारी हुन् ।[22] नेपाललगायत भारतका विभिन्न स्थलहरूमा अध्ययन कार्य पूरा गरेका योग साधनामा तल्लीन रहेका नरहरिनाथ देवघाटधाममा बेला-बेलामा आउने गर्थे । खासगरी गलेश्वरबाबा देवघाटधाममा रहँदा योगीको देवघाट आउनेजाने क्रम बढेको थियो । यसैगरी देवघाटधामको चितवनतर्फ पर्ने वागिश्वरी स्थलमा आई तपस्या गर्दा अपार आनन्द आउने र देवघाटमा भग्नावशेषको रूपमा रहेको गुफामा गोरखनाथ तपस्यारत भएको हुन सक्ने भएकाले यस क्षेत्रलाई नैमिषारण्य क्षेत्र बनाउँछु भन्ने इच्छा राखेका थिए ।[23] योगी नरहरिनाथ वि.सं २०२३ साल माघे सङ्क्रान्तिको अवसरमा देवघाटधाममा भएको 'वृहत् आध्यात्मिक धार्मिक सम्मेलन' मा प्रमुख अतिथिको रूपमा रहेका थिए ।[24] देवघाटधामलाई महान तीर्थस्थल बनाउनका लागि उनले यहाँ वि.सं २०४५ सालमा कुम्भमेलाको आयोजना गरे ।[25] वि.सं २०४९ चैत्र १७ देखि वि.सं २०५० वैशाख २४ सम्म कोटीहोम पनि लगाए ।[26] यस्तै गरी देवघाटक्षेत्रअन्तर्गत रहेको वागीश्वरीमा योगीजीले वि.सं २०५० साल फागुन २६ गते महाशिवरात्री पर्वका अवसरमा प्रथम विश्वयोग आयुर्वेद सम्मेलन गराए ।[27] यसै स्थलमा आध्यात्मिक परिषद् र योगी नरहरिनाथ आश्रमद्वारा वि.सं २०५३ साल फाल्गुण १ गते श्रीपञ्चमीदेखि ५ गतेसम्म विश्व वृहत् बौद्धिक सन्त सम्मेलन पनि गराए ।[28]

---

[21] तिम्सिना, पादटिप्पणी सङ्ख्या १६, पृ. ७ ।

[22] गुरुप्रसाद सुवेदी, (सम्पा.), *देवघाट दर्पण,* वर्ष २३, अङ्क २, ( तनहुँ : देवघाट क्षेत्र विकास समिति, २०६४), पृ. १०२ ।

[23] सीतादेवी गर्ग, "देवघाटधाम र योगी नरहरिनाथको अन्तर्सम्बन्ध," *देववाणी- देवघाटधाम विशेषाङ्क,* अङ्क ५, ६ (संयुक्ताङ्क), वर्ष ६, (काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०६०), पृ. १५४ ।

[24] तिम्सिना, पादटिप्पणी सङ्ख्या १६, पृ. २१८ ।

[25] *ऐजन,* पृ. २३० ।

[26] योगी नरहरिनाथ आश्रमका वर्तमान अध्यक्ष, शान्तप्रसाद पोखरेलबाट प्राप्त जानकारी ।

[27] शोधकर्ताले २०६८ असोजमा गरेको देवघाटको स्थलगत अध्ययनबाट प्राप्त जानकारी ।

[28] *ऐजन* ।

वि.सं २०४५ सालमा उनले यस क्षेत्रमा जुन कुम्भमेलाको आयोजना गरेका थिए यसलाई निरन्तरता दिन वि.सं २०५७ सालमा पनि कुम्भ मेलाको आयोजना गरे ।[२९] योगी नरहरिनाथले देवघाटधामलाई पुऱ्याएको योगदानहरू मूल रूपमा आध्यात्मिक योगदान रहेका छन् । यसबाहेक मठ-मन्दिर, पुल-पुलेसा आदिको निर्माण गरी भौतिक योगदान पनि पुऱ्याएका थिए । देवघाटमा रही विभिन्न धार्मिक कार्य गरेका योगी नरहरिनाथको (ब्रह्मलीन (निधन) वि.सं २०५९ साल फाल्गुण १३ गते भएको थियो । यसरी देवघाटक्षेत्रको आधुनिकीकरणमा योगी नरहरिनाथले आध्यात्मिक र भौतिक दुवै क्षेत्रबाट महत्त्वपूर्ण योगदानहरू पुऱ्याएको देखिन्छ ।

### ४.१.५ डिल्लीरामबाबा

गण्डकी अञ्चल गोरखा जिल्ला कुसुण्डे गाउँमा वि.सं. १९७३ मा पिता श्री भानुभक्त र माता कौशिल्या देवीको कोखबाट डिल्लीराम बाबा जन्म भएको थियो । (फोटो नं: ३१) श्रीरामतारकमन्त्र दीक्षा ग्रहण गरेका[३०] बाबा वि.सं. २०१७ सालमा पहिलोपटक देवघाटधाममा आएका थिए ।[३१] यस पावन क्षेत्रको प्राकृतिक सौन्दर्यता र यहाँ बग्ने सप्तगण्डकीको प्रवाहले बाबालाई निकै आकर्षित गरेकोले यसै क्षेत्रमा बस्न थालेको कुरा ज्ञात हुन आउँदछ । उनी यस क्षेत्रमा आएपछि केवल साधनामा मात्र नलागी आध्यात्मिक चिन्तन र भौतिक संरचनाको निर्माणमा पनि लागेको थाहा हुन्छ ।[३२]

बाबाले आफ्नै प्रयासबाट मन्दिर, धर्मशालाहरू निर्माण गर्नुका साथै वि.सं २०२३ सालबाट वैदिक शिक्षाको माध्यमबाट मानिसलाई शिक्षित बनाउने हेतुले आफ्नै धर्मशाला भवनमा विद्यार्थीहरूलाई पढाउने कार्य पनि सुरु गरेका थिए ।[३३] यसैगरी सोही वर्ष त्यही स्थलमा सम्पन्न भएको वृहत् आध्यात्मिक सम्मेलनमा योगी नरहरिनाथको सल्लाह तथा गलेश्वरबाबाको इच्छाबमोजिम स्थापना गरिएको वेदवेदाङ्ग विद्यालय तथा नजिकै पर्ने वज्रयोगिनी प्रा.वि. को स्थापनामा पनि बाबाको सक्रिय योगदान रहेको कुरा ज्ञात हुन

---

[२९] तिम्सिना, पादटिप्पणी सङ्ख्या १६, पृ. २३० ।

[३०] डिल्लीरामबाबाका भतिजा गोपाल सापकोटाबाट प्राप्त जानकारी ।

[३१] २०६७ साल ५ गते शोधकर्ताले गरेको स्थलगत अध्ययनबाट ।

[३२] *ऐजन* ।

[३३] श्री माधव चापागाईंसित २०६७ भाद्र ५ मा गरिएको अन्तर्वार्ताका आधारमा ।

आउँदछ ।[३४] आफूले निर्माण गरेको धर्मशालामा केही विद्यार्थीहरूलाई राखी वेद, रुद्री, चण्डी आदि कर्मकाण्ड पढाउँदै आइरहेका बाबाले चितवनतर्फ पनि एउटा संस्कृत विद्यालय खोल्नु पर्दछ भन्ने विचारले त्यसको निमित्त धेरै बाधा र अड्चनहरूलाई पार गरी शिक्षा मन्त्रालयमा सिफारिसपत्र पेश गरे । वि.सं. २०३५ मा सीताराम संस्कृत पाठशाला स्थापना गर्न सफल भएको थिए ।[३५] आफ्नो धर्मशालामा संस्कृत पढ्ने विद्यार्थीहरूको सङ्ख्या बढ्दै जाँदा शिक्षक राख्न र तलब दिन साह्रै गाह्रो परेको हुँदा राज्य स्तरबाटै विद्यालय सञ्चालन गर्नको निमित्त बाबा स्वयम् काठमाडौँ गई सिंहदरबारमा एक हप्ता धर्ना बसी तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाबाट मा.वि. तह स्वीकृत गराउन सफल भएका थिए । त्यसपछि क्रमशः नि.मा.वि. र प्रा.वि. को दरबन्दी ल्याइएको थियो । त्यसप्रकार विद्यालयको स्थापनामा डिल्लीरामबाबाको निकै ठूलो परिश्रम र योगदान रहेको देखिन्छ ।[३६]

यति मात्र नभई त्यसबेला चितवन र तनहुँ जोड्ने झोलुङ्गे पुलको अभावमा मानिसहरू डुँगाबाट नै आवतजावत गर्ने गर्दथे । डुँगा यात्रा त्यति सहज थिएन । त्यस्तो यात्रामा स्वयम् बाबाकै भानिजले ज्यान गुमाएको हुँदा पुल निर्माणको निमित्त उनीबाट अत्यन्तै ठूलो पहल भएको थियो, जसको फलस्वरूप वि.सं. २०३६ सालमा देवघाटधामको चितवन-तनहुँ भएर जोड्ने झोलुङ्गे पुलको निर्माण भयो ।[३७] देवघाटधाममा विविध गतिविधिसँगै नेपालका विभिन्न भागहरूबाट वृद्धवृद्धाहरू त्यहाँ आएर बस्ने क्रममा वृद्धि भयो । साथै विभिन्न प्रयोजनका लागि अन्य मानिसहरू पनि त्यहाँ आई बस्न थाल्दा वस्तीको विकास हुन थाल्यो । त्यसपछि डिल्लीरामबाबाले देवघाटवासी तथा कल्पवासीहरूको स्वास्थ्य सेवाको निमित्त पुलको नजीकै आयुर्वेद औषधालयको स्थापनाको लागिस्वास्थ मन्त्रालयअन्तर्गत रहेको आयुर्वेद विभागमा गरिएको पहलबाट २०३९ भदौ ९ गते देवघाटमा आयुर्वेद औषधालयको स्थापना भएको थियो ।[३८] वर्तमान समयमा

---

[३४] परिपूर्ति उद्देश्यले जि.वि. अन्तर्गत राष्ट्रिय विकास सेवा निर्देशनालयमा प्रस्तुत (भिलेज प्रोफाइल ) पृ ९८ ।

[३५] सीताराम संस्कृत मा.वि. का प्रधानाध्यापक श्री हरिप्रसाद आचार्यसँग २०६६ भाद्रमा लिएको अन्तर्वार्ताबाट ।

[३६] श्री सीताराम माध्यमिक विद्यालयको कार्यालय देवघाटबाट प्राप्त जानकारी अनुसार ।

[३७] देवघाट निवासी लक्ष्मण सुवेदीसँग मिति २०६६ वैशाखमा लिएको अन्तर्वार्ताबाट ।

[३८] आयुर्वेद औषधालयमा स्थापनाकालदेखि हालसम्म कार्यरत कर्मचारी राजकुमार अधिकारीबाट प्राप्त जानकारी ।

चितवनमा ६ वटा आयुर्वेद औषधालयहरू छन्, जसमध्ये यो एउटा हो । १ विगाहा जग्गामा फैलिएको यस आयुर्वेद औषधालयमा वरिपरि विभिन्न जडीबुटीहरू लगाइएको छ ।[३९]

सीताराम संस्कृत पाठशालाको निर्माणपश्चात् पुनः डिल्लीरामबाबाले आफ्नो मन्दिरकै प्राङ्गणमा श्रीरामानन्द वेद विद्यालय सञ्चालन गरेको थाहा हुन्छ ।

यी माथि उल्लेखित कार्य बाहेक बाबाले देवघाटमा अनेकौं सामाजिक कार्यहरू गरेको देखिन्छ । देवघाटधाममा सडक, बिजुली र टेलिफोन विस्तारमा पनि उनको निकै योगदान रहेको देखिन्छ ।[४०] यसरी डिल्लीरामबाबाले विद्यालयहरूको निर्माणदेखि पुल, पुलेसा, धारा, पानी, शव लानको निम्ति चन्द्रलोक प्रवेशद्वारलगायत विभिन्न खालका भौतिक निर्माण कार्यहरू गरी देवघाटधामलाई आजको अवस्थामा पुऱ्याउन योगदान पुऱ्याएको पाइन्छ ।

झोलुङ्गे पुल निर्माण भएपछि पनि देवघाट आवतजावत गर्ने बाटोको असुविधा भएको हुँदा भरतपुर नगरपालिका, जिल्ला विकास कार्यालयमा बाबाले बाटो निर्माणको निमित्त पहल गरेपछि सो बाटो निर्माण कार्य पनि सम्पन्न भयो । त्यसपछि यातायातको धेरै सुविधा हुन थाल्यो । पुल र सडक निर्माणले देवघाटको विकासमा ठूलो योगदान पुग्न गयो । यसपछि वि.सं. २०४५ सालमा योगी नरहरिनाथले पूर्ण कुम्भ मेलाको आयोजना गरेका र उक्त मेलाको निमित्त डिल्लीरामबाबाकै सक्रिय प्रयासमा अस्थायी रूपमा भए पनि विद्युत, खानेपानी र टेलिफोन आदि जस्ता भौतिक सुविधाहरू पहिलोपटक देवघाटमा भित्र्याउने काम पनि उहाँबाटै भएको थियो ।[४१] मेलाभरको निम्ति मात्र ल्याइएको उक्त सुविधाहरूले पछि स्थायित्व पाएका थिए । यसैगरी १२ वर्ष पुगेको अवसरमा वि.सं २०५७ सालमा पनि कुम्भमेलाको आयोजना माघ महिनामा गरिएको थियो । डिल्लीरामबाबाकै समयबाट सरकारी निकायका सङ्घ-संस्था, खानेपानी, विद्युत, नगरपालिकाजस्ता निकायहरूले पनि देवघाटको विकासको निमित्त योगदान पुऱ्याएको थाहा हुन हाउँदछ ।

---

३९ शोत्रकर्ता २०६८ असारमा गरेको देवभाटको चितवन स्थलगत अध्ययन ।

४० सीताराम मा.वि. का स्थापनाकालका प्राचार्य लक्ष्मीकान्त शर्मा (लकाश) बाट प्राप्त जानकारी ।

४१ महेशसन्यास आश्रम गुरुकुलका प्राचार्य गुरुप्रसाद सुवेदीबाट प्राप्त जानकारीका आधारमा ।

यति ठूलो योगदान गरेको कारणले नै २०६४/१२/२३ गते अमावस्याको दिन उनको वैकुण्ठवास (निधन) हुँदा चितवनमा सरकारी कार्यालयहरू र देवघाटका विद्यालयहरू सम्पूर्ण बन्द गरेर दिवंगत बाबाप्रति अगाध श्रद्धा जनाएका थिए ।[४२]

### ४.१.६ तुलसीशरण देव

तुलसीशरण देवको जन्मको नाम तुलसीराम हो । उनको जन्म वि.सं. १९७४ मा भएको थियो भने देवघाट आगमन वि.सं. २०३८ मा भएको थियो ।[४३] उनीबाट प्रभावित भई त्यहाँका चेतबहादुर थापाले उनलाई एक विगाहा जमीन प्रदान गरे । यसमा उनले आफ्नै हातले राधाकृष्ण मन्दिरको शिलान्यास गरे ।[४४] वि.सं. २०४० मा यस मन्दिरको प्राणप्रतिष्ठा पनि गरे । यसरी तुलसीशरण देवले देवघाटको विकासमा सानो भए पनि योगदान पुर्‍याएको देखिन्छ ।

### ४.१.७ केशवानन्द ढकाल (काठेबाबा)

काठेबाबाको जन्म वि.सं. १९७५ मा गण्डकी अञ्चल, स्याङ्जा जिल्ला, सातौं गाउँमा भएको हो ।[४५] उनको जन्मको नाम केशवानन्द ढकाल हो । उनका गुरुले कपडा नलगाई काठको लंगौटीजस्तो बनाइ लाउने हुनाले उनले पनि त्यसै गरेकाले उनलाई काठेबाबाको नामले चिनिएको हो । वेनी जाने बाटोको दायाँतर्फ हाल पनि उनको कुटी रहेको छ । यस्ता बाबाहरू दुर्लभै पाइने भएको हुँदा देवघाटमा आएर लामो समयसम्म तपस्या गरेर बस्नु पनि देवघाटको निमित्त एउटा महत्त्वपूर्ण देन मान्न सकिन्छ ।

### ४.१.८ श्री ५ महेन्द्र वीरविक्रम शाहदेव

देवघाटधाममा तपोमूर्ति गलेश्वरबाबा, डिल्लीरामबाबा, अघोरीबाबा जस्ता सन्तमहन्तहरू आएर बस्न थालेपछि तत्कालीन राजा श्री ५ महेन्द्रको ध्यान पनि देवघाटतर्फ आकर्षित भएको कुरा थाहा हुन आउँदछ (फोटो नं ३२) । देवघाट सप्तगण्डकीले व्यष्टित भएको र प्रशस्त मठमन्दिरहरू रहेको हुँदा यस क्षेत्रमा छरिएर रहेका मठमन्दिर एवम् भग्नावेशेषहरूको संरक्षण, सम्वर्द्धन र विकास गर्नको निमित्त देवघाटक्षेत्रको विकासका

---

[४२] शोधकर्ताले २०६४ चैत्रमा शवयात्रामा गरिएको सहभागिताबाट प्राप्त जानकारीका आधारमा ।

[४३] *ऐजन*, पृ. २२२ ।

[४४] *ऐजन* ।

[४५] तिम्सिना, पादटिप्पणी सङ्ख्या १६, पृ. २०३ ।

लागि रू. १०,०००/- रकम प्रदान भएको थियो ।[४६] सरकारका तर्फबाट पनि देवघाटक्षेत्रको आधुनिकीकरणको प्रयास थालनी भएपछि यो क्षेत्र परिचित हुन पुग्यो । उनकै पहलकदमीमा यस क्षेत्रको निम्ति जग्गा छुट्याउने कामहरू भएकाले सरकारी निकायले पनि ध्यान दिन थाले । यसै क्रममा देवघाटमा रहेका विभिन्न मठमन्दिर, मूर्ति तथा देवघाटको संरक्षण-सम्वर्द्धनको निम्ति सर्वसाधारणबाट पनि चासो बढ्न थाल्यो ।

यसैगरी वि.सं. २०२० सालमा देवघाटक्षेत्रको विकास गर्ने हेतुले तत्कालीन नारायणी अञ्चलाधीश चन्द्रमान थकालीको अध्यक्षतामा देवघाटक्षेत्रका विभिन्न व्यक्तिहरूलाई समावेश गरी विकास समिति पनि गठन भएको थियो । त्यसको केही वर्षपछि वि.सं २०२२ साल फाल्गुण २८ गते रात्रिको समयमा तत्कालीन यातायात मन्त्री तथा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उप-कुलपति केदारमान व्यथितको सभापतित्वमा राजा महेन्द्रको संरक्षकत्वमा चौध अञ्चलका कविहरूलाई निमन्त्रणा गरी तत्कालीन नारायणी अञ्चलाधीश रामनारायण श्रेष्ठले त्रिवेणीबाट तीनवटा डुँगा ल्याई त्यस डुँगालाई एकापसमा जोडी आमन्त्रित कविहरूलाई उक्त डुँगारूपी मञ्चको बीचमा राजा महेन्द्र र वरिपरि कविहरूलाई राखी अभूतपूर्व कविता वाचन गराइएको थियो । यो कविगोष्ठीले तत्कालीन अवस्थामा जे-जस्तो भए तापनि धार्मिकक्षेत्रमा साहित्यिक गतिविधि हुनु एक प्रकारले महत्त्व बुझेर भएको हुन सक्छ । त्यतिबेला नै महाशिवरात्रीका समयमा कविशिरोमणि लेखनाथ पौड्यालले पनि देवघाट धाममा आफ्नो अन्तिम जीवन उत्सर्ग गरेका थिए । यसले पनि देवघाटधामको आधुनिकीकरणमा ठूलो योगदान पुऱ्याएको बुझ्न सकिन्छ ।

### ४.१.९ रुक्मिणी शरणदेव

रुक्मिणी शरणदेवको जन्मको नाम रमाकान्त सिग्देल हो । उनको जन्म गण्डकी अञ्चल स्याङ्जा जिल्ला, मैयूँ चिसापानी गा.वि.स., आठवीसे गाउँमा वि.सं. १९८२ मा भएको थियो र उनको देवघाट आगमन वि.सं २०३९ फाल्गुनमा भएको थियो ।[४७] उनले वृन्दावनमा शिक्षार्जन गरेका हुन् । देवघाट आएपछि उनले सर्वेश्वर राधाकृष्ण मन्दिर भजनाश्रम, यज्ञकुण्ड, धर्मशाला आदि निर्माण गरे ।[४८] यसवाहेक कथा प्रवचन, सत्संग आदि पनि गर्दै आए ।

[४६] मदनमोहन जोशी, "देवघाटधाम एक ऐतिहासिक स्थल," *देववाणी,* अङ्क ३, वर्ष ३, (काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०५७), पृ. २२ ।

[४७] रुक्मिणी शरणदेवबाट शोत्रकर्ता प्राप्त गरेको जानकारीबाट ।

[४८] शोधकर्ताले २०६८ श्रावणमा गरेको स्थलगत अध्ययनका आधारमा ।

यसरी रुक्मिणीले देवघाटको आधुनिकीकरणमा योगदान पुऱ्याएको देखिन्छ । किन्तु रुक्मिणिशरण देवघाटमा मात्र आएर बसेका होइनन् उनले माथिका धार्मिक संरचना निर्माण गर्नुका साथै देवघाटमा धार्मिक जागरणको विकासमा समेत योगदान पुऱ्याएको कुरा अध्ययनका क्रममा थाहा हुन आउँछ । यस कार्यले पनि देवघाटको आधुनिकीकरणमा केही सहयोग पुगेको देख्न सकिन्छ ।

### ४.१.१० जनार्दनाचार्य

जनार्दनाचार्यको जन्म कोशी अञ्चल, भोजपुर जिल्ला पौवा वास्तिम गा.वि.स., वार्ड नं. ४ मा बाबा देवीचरण घिमिरे र माता छत्रकुमारी देवी घिमिरेको कोखबाट १९८४ पौष २२ गते भएको थियो (फोटो नं. ३३) । उनले भोजपुरकै आवाल ब्रह्मचारी षडानन्द गुरुद्वारा स्थापित दिङ्ला पाठशालामा शिक्षार्जन गरे ।[४९] वि.सं. २०१९ सालमा उनी देवघाटमा आई बस्न थाले ।[५०] वि.सं. २०१९ सालमा चितवनको देवघाटमा आएका जनार्दनाचार्यले त्यसबेला त्यहाँको घना जङ्गल र वयेंर घारी पन्छाइ एउटा सानो कुटी (स्याउलाले बारी खरले छाएको) बनाइ स्थायी रूपमा नै बसोवास गर्न थालेको कुरा उनकै सुपुत्रबाट थाहा हुन आउँदछ ।[५१]

प्रयाग वृन्दावन र दिङ्ला विद्यालयमा व्याकरण, वेद, न्यायदर्शन पुराणादि शास्त्रमा अध्ययन गरेका वैष्णव सम्प्रदायका जनार्दनाचार्य दक्षिण भारत (आन्ध्रप्रदेश) का रामानुज वैष्णव सम्प्रदायका स्वामीहरूको प्रत्यक्ष सम्पर्कमा रहेको हुँदा आफू यस स्थलमा आएर बसिसकेपछि त्यहाँकै वडे स्वामी चिन्नजीयरद्वारा यस स्थलमा वि.सं. २०२२ सालमा रामक्रतुस्तम्भ निर्माण गरेको कुरा सुपुत्र श्रीधराचार्यबाट तथा अध्ययनका क्रमबाट पनि पुष्टि हुन आउँदछ ।[५२] यही अवसरमा जनार्दनाचार्यले लक्ष्मीनारायणको मन्दिर स्थापना गर्नको निमित्त उनै वडेस्वामी चिन्नजीयरबाट शिलान्यास गराएका थिए । यसका साथै लक्ष्मीनारायण मन्दिर, लक्ष्मीनारायण आश्रम, धर्म आश्रम, दुईवटा यज्ञ मण्डप समेत निर्माण गरेका

---

४९ एम.ए. को शोधपत्र तयार गर्ने सिलसिलामा २०५६ सालमा स्वामी जनार्दनाचार्यसँग शोधकर्ताले लिएको अन्तर्वार्ता ।

५० लक्ष्मी पोखरेल, *धार्मिक स्थल देवघाटधामको एक ऐतिहासिक अध्ययन,* (त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, २०५६), पृ. ६८।

५१ लक्ष्मीनारायण मन्दिर, देवघाटका वर्तमान पीठाधीश श्रीधराचार्य सित मिति २०६५ माघमा शोधार्थीद्वारा गरिएको घेटवार्ताका आधारमा ।

५२ शोधकर्ताले २०६८ कार्तिकमा त्रिधरबाट प्राप्त जानकारीका आधारमा ।

जनार्दनाचार्य वि.सं २०५७ मंसीर १० गतेका दिन वैकुण्ठवास (निधन) भए । यसरी घना जङ्गल भएको देवघाटमा वस्ती बसाली विभिन्न मन्दिर, शिलास्तम्भ, आश्रम आदि निर्माण गरी देवघाटको आधुनिकीकरणमा ठूलो योगदान पुऱ्याएको देखिन आउँदछ ।

### ४.१.११ रामानन्द सरस्वती

कोशी अञ्चलअन्तर्गत तेह्रथुम जिल्लाको सदरमुकाममा वि.सं. १९८५ मा पिता कर्णजंग र माता मंगलामायाको पुत्रको रूपमा रामानन्द सरस्वतीको जन्म भएको थियो । यिनको वास्तविक नाम वासुदेव संग्रौला थियो ।[५३] सन्यासग्रहणपश्चात् उनको नाम दण्डीस्वामी श्रीरामानन्द सरस्वती रहन गयो । गुरुकुल रीतिअनुसार ब्रह्मचारी भई यिनी हरिद्वारलगायत विभिन्न धार्मिक स्थलहरूको भ्रमण गर्दै देवघाटधाम आए । यद्यपि त्यतिबेला उनी लामो समयसम्म देवघाट नबसी पुनः वि.सं. २०३४ सालमा प्रयागमा गई कुम्भमेला चलिरहेको अवसर पारी जगद्गुरु शंकराचार्य स्वामी शान्तानन्द सरस्वतीबाट त्रिदण्डी सन्यास लिनु भयो । त्रिदण्डी सन्यास लिई पुनः वि.सं २०३४ सालको अन्तिमतिर देवघाट आएको कुरा थाहा हुन्छ ।[५४] देवघाट आइसकेपछि केही समयसम्म गलेश्वरबाबा आश्रमका पीठाधीश भएका दण्डी रामानन्द सरस्वती अन्त्यमा देवघाटको चितवनतर्फ श्री राममन्दिरदेखि उत्तरतर्फ जगद्गुरु शङ्कराचार्यको मन्दिर निर्माण गरी त्यहाँ नै सानो आश्रम समेत निर्माण गरेको थाहा हुन आउँदछ ।[५५] देवघाटमा पहिलोपटक आद्य जगद्गुरु शङ्कराचार्यको मूर्तिसहितको आकर्षक शैलीमा मन्दिर निर्माण गरी आश्रम समेत बनाएको स्वामीको यो कार्यले देवघाटको मठ-मन्दिर विकास र आधुनिकीकरणमा योगदान पुऱ्याएको देखिन्छ ।

### ४.१.१२ समाजसेवी सुश्री मैयादेवी श्रेष्ठ

मैयादेवीको जन्म १९८५ साल कार्तिक ५ गते फूलपातीमा बाबा नरबहादुर श्रेष्ठ र आमा गणेशकुमारी श्रेष्ठको कोखमा चन्देनीटोल, बन्दीपुर बजार, तनहुँमा भएको हो । उनको न्वारनको नाम भोजकुमारी थियो । बन्दीपुरबाट व्यापार व्यवसायका निम्ति त्यहाँका साहुजीहरू ठोरी, नारायणगढ एवम् देवघाट झर्ने गरेको र सोही क्रममा मैयादेवी

---

[५३] तिम्सिना, पादटिप्पणी संख्या १६ ।

[५४] गलेश्वरबाबा आश्रम ट्रष्टबाट प्राप्त जानकारीका आधारमा ।

[५५] शोधकर्ताले २०५८ कार्तिकमा शङ्कराचार्य मन्दिरका पुजारी उपेन्द्र कोइरालाबाट प्राप्त जानकारीका आधारमा ।

पनि आफ्नो बुवाहरू सँगै देवघाट घुम्न सानैदेखि आउने गरेको उल्लेख पाइन्छ ।[५६] यसरी आउने क्रममा नै उनी २०१७ सालदेखि देवघाटमा बस्न थालेकी थिइन् भन्ने कुरा भेटवार्ताबाट थाहा हुन आउँदछ ।[५७]

यथेष्ट पैतृक सम्पत्ति भएकी मैयादेवीले देवघाटधाममा वेदवेदाङ्ग विद्यालयको निर्माणमा सहयोग, कालीगण्डकी र त्रिशूलीको सङ्गम नजीकै पशुपतिनाथ मन्दिरको निर्माण, देवघाट-२ मा खानेपानी ट्याङ्की निर्माणलगायत देवघाटकै हरिहर सन्यास आश्रम, वृद्धाश्रमका वृद्धवृद्धाहरूलाई सामान सहयोग, गलेश्वरबाबा आश्रम महेशसन्यास आश्रम आदिलाई आर्थिक सहयोग गरेको कुरा अध्ययनका क्रममा ज्ञात हुन आउँदछ ।

मैयादेवी र उनका दाइ डिट्ठा कमलप्रसाद श्रेष्ठले भएर म्याग्दी जिल्लाको गलेश्वरस्थानकबाट गलेश्वरबाबा (ईश्वरानन्द ब्रह्मचारी) लाई वि.सं २०१२ सालमा देवघाटमा ल्याई आश्रम बनाएर राखेको उल्लेख पाइन्छ ।[५८] वि.सं. २०१७ सालपूर्व देवघाटमा नै रहेर पनि अनभिज्ञ रहेका वसिष्टगुफा, दुर्गागुफा (नारायणी मन्दिर) सीतागुफा (जुन अघोरीबाबा आश्रमदेखि उत्तर खोंचमा) रहेका गुफाहरूलाई खोजीनीति सरसफाई गरी वि.सं. २०३६ सालमा आएर ती गुफाहरूमा वसिष्ट ऋर्षिको मूर्ति, दुर्गाका आकर्षक मूर्ति राख्नुका साथै सीतागुफालाई सुरक्षित राख्नको निमित्त ढोकाको समेत व्यवस्था गरेको पाइन्छ ।[५९]

यसै गरी गलेश्वरबाबा आश्रम नजिकै उत्तरतिर तीनतले पक्की भवन निर्माण गरी आफू त्यसैमा बस्दै आएको र उक्त भवनलाई ॐशान्ति मैयादेवी ट्रष्ट भनी दर्ता समेत गरिएको छ । १० रोपनी जग्गामा फैलिएको यो आश्रममा यहाँ आउने तीर्थयात्रीहरूलाई आश्रय दिइन्छ । आफू यसै आश्रममा बसी संसारमा कतैपनि नपाइने शालग्राम (शालिग्राम) को जल पिएर- यही

---

[५६] प्रेमकुमार श्रेष्ठ, *सुश्री मैयादेवी श्रेष्ठः व्यक्ति एक व्यक्तित्व अनेक,* भाग-१, (चितवन : समाजसेवी सुश्री मैयादेवी श्रेष्ठ, ग्रन्थ प्रकाशन समिति, २०६५), पृ. क ।

[५७] २०६८ जेष्ठमा शोधकर्ताले सुश्री मैयादेवी श्रेष्ठसँग देवघाटमा लिएको अन्तर्वार्ता ।

[५८] तिम्सिना पादटिप्पणी संख्या १, पृ. ३६

[५९] शोधकर्ताले २०६८ साल कार्तिकमा ॐशान्ति मैयादेवी ट्रष्टबाट प्राप्त जानकारीका आधारमा ।

गण्डकीमा स्नान गरी देवघाटकै विकासमा समर्पित भई बाँकी जीवन देवघाटमा नै बिताउने विचार व्यक्त गरेको कुरा अन्तर्वार्ताबाट थाहा हुन आउँदछ ।[६०]

यसरी देवघाटधाममा मठ-मन्दिर, खानेपानीट्याङ्की र अन्य सङ्घ-संस्थालाई आर्थिक सहयोग गरेर, गलेश्वरबाबालाई देवघाटमा ल्याएर र विभिन्न धार्मिक कार्यहरूमा सहयोग पुऱ्याएर परम्परागत रूपमै रहेको देवघाटलाई आधुनिकीकरणतर्फ उन्मुख गराउन योगदान पुऱ्याउँदै आएकी मैयादेवीको हालको बसाइ देवघाटमा नै रहेको पाइन्छ ।

### ४.१.१३ नारायणाचारी

नारायणाचारीको वि.सं. १९८६ मा सल्यानमा जन्मिएका थिए । यिनी भारतका विभिन्न तीर्थस्थलहरूको भ्रमंण गर्दै वि.सं. २०३६ मा देवघाट आए ।[६१] उनले गैंडाकोट-१ मा केही जग्गा खरिद गरे र श्रीरामानुज वेदविद्याश्रमको नामबाट संस्था दर्ता गरी सञ्चालन गर्न लागे । यस आश्रममा आगन्तुक साधुसन्तहरू र वटुक-ब्राह्मणहरूको बस्ने-खाने व्यवस्थाका निम्ति उनले पूर्वी चितवन, इमिली पानीमा १ बिगाहा जग्गा किनी त्यसको आम्दानीको उपयोग गरेको उल्लेख पाइन्छ ।[६२] यसका साथै विभिन्न समाजसेवी भक्तजनहरूबाट दान सङ्कलन गरी आश्रम सञ्चालन गरेको पाइन्छ ।[६३] यसरी नारायणाचारीले देवघाटको आधुनिकीकरणमा खासगरी शैक्षिक क्षेत्रको निम्ति भौतिक संरचनाको निर्माणमा सानै भए पनि योगदान पुऱ्याएको देखिन्छ ।

### ४.१.१४ हरिशरण उपाध्याय

वि.सं. १९८८ मा स्याङ्जा जिल्लाअन्तर्गत पर्ने कुलुङखोलामा हरिशरणदेवको जन्म भएको थियो ।[६४] नवलपरासीस्थित गैंडाकोट-१, देवघाटक्षेत्रमा आएका हरिशरणदेवले आफ्ना दाज्यू तुलसीशरणदेवले बनाएको मन्दिरमा बसी निर्माण कार्य गरेको बताइन्छ । यसै क्रममा

---

[६०] शोधकर्ताले २०६८ कार्तिकमा मैयादेवीसँग गरेको सोधपुछ आधारमा ।

[६१] शोधकर्ताले २०६८ कार्तिकमा स्वामी नारायणाचारीका पुत्र श्याम कृष्णाचार्यबाट प्राप्त जानकारी ।

[६२] *ऐजन* ।

[६३] *ऐजन* ।

[६४] शोधकर्ताले २०६८ कार्तिकमा आचार्य खेमराज केशवशरणसँग गरेको अन्तर्वार्ताको आधारमा ।

राधाकृष्ण मन्दिरको विशेष प्रगति गर्ने इच्छाअनुरूप वि.सं २०५० माघ महिनामा "निम्बार्क दर्शन केन्द्र प्रतीक वृन्दावन गैंडाकोट-१" नामक संस्था रजिष्टर्ड गरी यसको प्रगतिमा लागेको अवगत हुन्छ । वि.सं २०५७ सालदेखि पुरानो जीर्णशीर्ण भएको मन्दिर पुनः निर्माण गरी वि.सं २०५९ सालमा मन्दिर सम्पन्न भएपछि मन्दिरभित्र राधाकृष्ण भगवान्, गौरीशंकर भगवान् र कंस, सनकादिक नारद, निम्बार्क भगवानका विग्रह राखी फागुन २६ गतेका दिन प्राणप्रतिष्ठा गरिएको थियो ।[६५] यसरी उनले देवघाटक्षेत्रको भौतिक र आध्यात्मिक चिन्तनका साथै वौद्धिक विकासमा पनि योगदान पुऱ्याएको देखिन्छ । अतः उनको यो कार्यले गर्दा देवघाटक्षेत्रको आधुनिकीकरणमा समेत सहयोग पुगेको देख्न सकिन्छ ।

### ४.१.१५ लक्ष्मीशरणदेव

वि.सं. १९९० वैशाखमा पिता लीलाधर उपाध्याय पौडेल र माता भगवद्दासीको कोखबाट लक्ष्मीशरणदेव उपाध्यायको धवलागिरि अञ्चल वेहोदी गा.वि.स. मा जन्म भएको थियो । नरहरिशरण देवाचार्यबाट वैष्णवदीक्षा निम्बार्कसम्प्रदाय ग्रहण गरेपछि पहिलोपटक वि.सं २०१९ मा केही समयसम्म देवघाट बसी पुनः दोस्रो पटक वि.सं. २०२९ सालबाट भने नियमित रूपबाट देवघाट बसेका लक्ष्मीशरण सुरुमा डिल्लीरामबाबाको आश्रम राममन्दिरमा कथा प्रवचन गरी ५ वर्षसम्म बसेका थिए ।[६६] वि.सं. २०३३ सालबाट भने देवघाटमा लक्ष्मीनारायण मन्दिरदेखि दक्षिणतर्फ छुट्टै राधाकृष्ण मन्दिर एवम् आश्रम समेत बनाइ बस्न थालेको कुरा थाहा हुन्छ ।[६७]

यस राधाकृष्ण मन्दिरमा राधाकृष्णको मूर्तिलाई वि.सं २०५३ मंसीर १५ गतेका दिन स्थापना गरी प्राणप्रतिष्ठा गरेको थाहा हुन आउँदछ ।[६८] पौराणिक ग्रन्थहरूको गहन अध्ययन चिन्तक र लेखक समेत भएका र कुशल प्रवचनकर्ता पनि भएकाले उनले देवघाटको आधुनिकीकरणमा भौतिक निर्माणको क्षेत्रबाट भन्दा पनि आत्मिक, सांस्कृतिक, बौद्धिक क्षेत्रबाट

---

[६५] *ऐजन*।

[६६] *ऐजन*।

[६७] शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत अध्ययनको आधारमा।

[६८] *ऐजन* ।

देवघाटको सांस्कृतिक, साहित्यिक, बौद्धिक वातावरणलाई सुदृढ गर्न सघाए । यसरी देवघाटधामलाई आधुनिकतातर्फ बढ्न स्वामी लक्ष्मीशरणदेवले योगदान पुऱ्याएको देखिन्छ ।

### ४.१.१६ नारायणाचारी

वि.सं. १९९३ असार द्वादशी तिथिका दिनमा जनकपुर अञ्चल, सिन्धुली जिल्ला, 'रामचे' गाउँमा उनको जन्म भयो ।[६९] वि.सं. २०४० साल जेठ महिनामा काठमाडौँको बत्तीसपुतलीमा भएको श्री वैष्णव परिषद्को सन्त सम्मेलनपश्चात् सन्त नारायणाचारी देवघाटक्षेत्रभित्र पर्ने गैंडाकोटको वडा नं. १ नारायणी नदीको किनारमा वि.सं २०३९ सालमा आफूले किनेको जग्गामा श्री रामानुज नटवरनारायण मन्दिर भजनाश्रम बनाउने क्रममा लागेअनुसार भक्तजनहरूको सहयोग लिई श्री रामानुज नटवरनारायणका ठाउँमा श्री लक्ष्मीनृसिंह दिव्यधामको नामकरण गरिएको पाइन्छ । एक विगाहा जग्गामा फैलिएको यो मन्दिर हाताभित्र विभिन्न संरचनाहरू हुनुका साथसाथै बगैंचाहरू पनि रहेका छन् । देवघाटको नवलपरासी गैंडाकोटतर्फ रहेको यो विशाल भव्य संरचनाले देवघाटको विकासमा योगदान पुऱ्याएको देखिन आउँदछ ।

### ४.१.१७ फलाहारी  नारायणाचारी

नारायणचारीको जन्म बाबा मित्रलाल ढुङ्गाना र आमा नन्दकलादेवीको कोखबाट वि.सं १९९३ साल श्रावण १५ गते गण्डकी अञ्चल, कास्कीजिल्ला, धिताल गा.वि.स., ओखरी गाउँमा भएको हो ।[७०] वि.सं. २०२१ सालमा देवघाटधाम आएका नारायणाचारीले देवघाटस्थित त्रिशूली गण्डकीमाथि हरिहर आश्रम नजिकै श्री सत्यनारायणको मन्दिर स्थापना गर्नुका साथै देउपुरस्थित पश्चिम कालीगण्डकी तटमाथि श्रीभूवराह (बराहलक्ष्मी) मन्दिर पनि बनाएका छन्[७१] भने वडा नं. ४ मा शय्या विष्णु मन्दिर बनाएको कुरा थाहा हुन आउँदछ । यसरी उनको यो सानो कार्यले पनि देवघाटक्षेत्रको विकासमा केही योगदान पुगेको देख्न सकिन्छ ।

---

[६९] शोधकर्ताले २०६८ कार्तिकमा श्रीमती पद्मावती घिमिरेसँग गरेको भेटवार्ताका आधारमा ।

[७०] शोधकर्ताले २०६८ कार्तिकमा स्वयं फलाहारी नारायणाचारीबाट लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[७१] *ऐजन* ।

### ४.१.१८ सन्तशिरोमणि स्वामी श्री परमानन्द सरस्वती

वि.सं. १९९४ आश्विन १८ गते धवलागिरि अञ्चल बाग्लुङ जिल्ला विहुँ गाउँ विकास समिति, ३ नं. वडामा पिता टीकाराम र माता खगेश्वरी कँडेलको कोखबाट परमानन्दको जन्म भएको हो ।[७२] योगी नरहरिनाथको निमन्त्रणामा पहिलोपटक वि.सं. २०३८ साल पौष महिनामा उनी देवघाट आएका थिए ।[७३] यद्यपि उनको सनातन वैदिक धर्मप्रतिको लगावबाट प्रभावित भएका देवघाटका भक्तजनहरूले उनलाई देवघाटमा नै बस्ने आग्रह गरेको हुँदा सोहीअनुसार देवघाटक्षेत्र विकास समितिको कार्यालय अगाडिपट्टि रातोपौवाको निर्माण गरे, जुन अद्यावधि देख्न सकिन्छ ।[७४] वि.सं २०३९/०४० सालदेखि देवघाटमा समय-समयमा आई बस्न थालेका परमानन्दले वि.सं २०४० सालमा आएर देवघाटवासीको परामर्शलाई स्वीकार्दै हाल हरिहर मन्दिर भएको ठाउँमा २ रोपनी ८ आना जमीन किने ।[७५]

यसरी देवघाटमा जग्गा किनिसकेपछि परमानन्द वि.सं २०४४ सालबाट भने यसै स्थलमा स्थायी रूपबाट बसोवास गरेको कुरा अवगत हुन आउँदछ । यही वसाइको क्रममा एकरात सपनामा मन्दिर बनाऊ भन्ने कुनै साधुको वाणी भएको हुँदा त्यसै वाणीलाई पूर्णगर्ने उद्देश्य अनुरूप वि.सं. २०४५ साल वैशाख अक्षयतृतीयाका दिन हरिद्वारका सत्यप्रकाशानन्द सरस्वतीबाट हरिहर मन्दिरको शिलान्यास गराएको कुरा उहाँका उत्तराधिकारी ज्ञानानन्द सरस्वतीसँगको अन्तर्वार्ताबाट ज्ञात हुन्छ ।[७६] स्वामी परमानन्दको यस कार्यले देवघाटको आधुनिकीकरणमा थप योगदान पुगेको देखिन आउँदछ (फोटो नं ३३) । परमानन्दसँग देवघाटका कल्पवासी तथा भक्तजनहरू अत्यन्तै प्रभावित भई स्वयं गलेश्वरबाबा आश्रमका पीठाधीश दण्डीस्वामी आशुतोषानन्दको आह्वानमा वि.सं. २०४६ कार्तिक २३ गते गलेश्वरबाबा आश्रमको पीठाधीशमा हजारौं भक्तहरूको उपस्थितिमा अभिभारा लिएको ज्ञात हुन आउँदछ ।

---

[७२] तिम्सिना, पादटिप्पणी सङ्ख्या १६, पृ. १९३ ।

[७३] जगन्नाथ शर्मा कण्डेल, “श्री १००८ स्वामी परमानन्द गुरु महाराजको जीवन चरित्र,” *स्वामी परमानन्द गुरु स्मृति ग्रन्थ,* (तनहुँ : हरिहरसन्यास आश्रम, देवघाटधाम, २०५६), पृ. ८४ ।

[७४] शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत अध्ययनका आधारमा ।

[७५] *ऐजन* ।

[७६] शोधकर्ताले २०६८ कार्तिकमा हरिहरसन्यास आश्रमका पीठाधीश स्वामी ज्ञानानन्द सरस्वतीसँग लिएको अन्तर्वार्ताबाट

गलेश्वरबाबा आश्रमको पीठाधीश पदमा नियुक्ति भएपश्चात् परमानन्दले देवघाट ( गलेश्वरबाबा आश्रम) को विकासमा थप कदम चालेको पाइन्छ । जसअनुसार गलेश्वरबाबा आश्रमको पुरानो सानो काठको संरचनामा केही सुधार ल्याउनुका साथै सन्तनिवास, अतिथि निवास, धर्मशाला, भोजनालयलगायत केही मन्दिरहरूको स्थापना, बाहिरी परिसरको निर्माण र हवनकुण्ड (यज्ञशाला) निर्माण गरे ।[७७] देवघाटधाममा परमानन्दले वि.सं. २०४८ जेष्ठ २९ गतेका दिन आफ्ना गुरु स्वामी सत्यप्रकाशानन्द सरस्वतीबाट विधिवत् सन्यास ग्रहण गर्नु भयो ।[७८] सन्यास ग्रहणपश्चात् परमानन्दले वि.सं २०४५ सालमा नै आफूले पहिले नै किनेको जग्गामा शिलान्यास गरिएको हरिहर मन्दिरको निर्माण कार्य वि.सं २०४९ सालमा प्रारम्भ गरी वि.सं २०५१ साल आश्विन २५ गतेका दिन कार्य सम्पन्न गरी शिव परिवार र विष्णु परिवारका मूर्तिहरूको प्राणप्रतिष्ठा समेत आफ्ना गुरु सत्यप्रकाशानन्द सरस्वतीबाट गरेको कुरा ज्ञात हुन आउँदछ ।[७९]

देवघाटधाममा स्वामीले स्थापना गरेको हरिहर मन्दिरले आज हरिहर सन्यास आश्रमको रूप लिएको छ । उनकै नाममा स्थापना गरेको परमानन्द संस्कृत गुरुकुलम् लगायत गलेश्वरबाबा आश्रममा उनले स्थापना गरेका स-साना मठ-मन्दिर यज्ञशालाले आज ठूलो रूप लिएको छ । देवघाटक्षेत्र विकास समितिको सदस्य पदमा समेत रही कार्य गरेका परमानन्दको ब्रह्मलीन (निधन) वि.सं. २०५३ माघ १८ गते भएको थियो । अतः उनका यी विविध कार्यहरूले देवघाटधामको वर्तमान स्वरूप दिने आधुनिकीकरणमा योगदान पुगेको स्पष्ट हुन्छ ।[८०]

### ४.१.१९ अर्जुन सिटौला

वि.सं. १९९५ आश्विन २६ गते कोशी अञ्चलको तेह्रथुम जिल्लामा पिता महेश्वर र माता भागीरथाको पुत्रको रूपमा यिनको जन्म भएको थियो ।[८१] स्नातकसम्मको अध्ययन गरेका सिटौलाले भारतको आदि बद्रीनारायण मन्दिरको दर्शन गर्ने इच्छा भएर पनि

---

[७७] *ऐजन* ।

[७८] रामचन्द्र कण्डेल, "वेदवेदाङ्ग र ब्रह्मलीन स्वामी श्री १००८ परमानन्द सरस्वती," *विहुँकोट दर्पण,* वर्ष १, अङ्क १, ( वाग्लुङ : विहुँकोट, २०५६), पृ. २०-२३ ।

[७९] देवघाट स्थित हरिहर मन्दिरमा रहेको शिलापत्रबाट प्राप्त जानकारी ।

[८०] शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत अवलोकनको आधारमा ।

[८१] शोधकर्ताले २०६८ कार्तिकमा अर्जुन सिटौलाकी धर्मपत्नी सुशीला सिटौलाबाट प्राप्त जानकारीका आधारमा ।

असमर्थ हुनेहरूलाई वदरीनारायण मन्दिरको दर्शन सहज होस् भन्ने उद्देश्यले वि.सं २०६४ साल वैशाखमा तनहुँ जिल्लाको वडा नं. २ मा वेनीदेखि डेढ किलोमिटर पूर्व त्रिशूली गण्डकी तटमा बद्रीनारायण मन्दिरको स्थापना गरेका छन् । यसअघि केवल भक्ति क्षेत्र वरिपरि मात्र संरचना बन्ने क्रम भइरहेकोमा अर्जुन सिटौलाको यो कार्यले गर्दा देवघाटधामका मठ-मन्दिरका सीमा अझै विस्तृत भयो, जसले गर्दा देवघाटको विकास र आधुनिकीकरणमा थप योगदान पुगेको प्रस्ट हुन आउँदछ ।

### ४.१.२० स्थानेश्वर महाप्रभु

वि.सं. १९९७ साल फाल्गुन शिवरात्रिका दिन पाल्पा देउले अर्चले गाउँमा पिता भवीश्वर र माता रुन्धतादेवी पन्तको पुत्रको रूपमा स्थानेश्वरको जन्म भएको थियो । सानै उमेरमा मातापितालाई गुमाउनु परेको स्थानेश्वर धार्मिक प्रवृत्तिको भएको हुँदा ठाउँ-ठाउँमा विभिन्न मूर्तिहरूको स्थापना गर्दै वि.सं २०४५ सालमा देवघाट आइपुगेको कुरा थाहा हुन्छ ।[८२] सोही समयमा नै हालको हरिहर सन्यास आश्रमको पूर्वपट्टि केही जग्गा किनी चार-पाँच वर्षभित्रै भवन (कुटी) बनाए । यद्यपि उनी यस स्थलमा नित्य नबसे तापनि भक्तजनहरू भने बेला-बेलामा त्यस स्थानेश्वर आश्रममा आई बस्ने गरेको पाइन्छ ।[८३] नित्यजसो काठमाडौँ (कोटेश्वर) मा बस्ने स्थानेश्वर प्रभुले देवघाटधामको महत्त्व र महिमालाई बुझेर नै जग्गा किनी दुईतले पक्की भवन निर्माण गरी स्थानेश्वर आश्रमको निर्माण गरिदिएको हुँदा विभिन्न ठाउँबाट आएका मानिसहरूलाई बस्नको निम्ति सहज मात्र होइन कि यो कार्यले गर्दा देवघाटको विस्तारमा योगदान पुगेको भन्न सकिन्छ ।

### ४.१.२१ भगवती उपाध्याय

वि.सं. २००१ सालमा वागमती अञ्चल, धादिङ् जिल्ला गैरी गाउँमा भगवती ढुङ्गानाको जन्म भएको थियो । आई.ए. सम्मको अध्ययन गरेकी भगवती ढुङ्गाना उपाध्याय वि.सं २०५३ सालमा देवघाट पुगी डिल्लीरामबाबाको धर्मशालामा आफ्नै खर्चले १२ जना वटुकहरूलाई राखी अध्यापन कार्य प्रारम्भ गरेकोमा विद्यालय भवनको आवश्यकतालाई महशुस गरी डिल्लीरामबाबाको श्रीराम मन्दिरको पश्चिमतर्फ नारायणी नदीको किनारमा विद्यालय

---

[८२] तिम्सिना, पादटिप्पणी सङ्ख्या १६, पृ. २०७ ।

[८३] शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत अध्ययनबाट प्राप्त जानकारीको आधारमा ।

निर्माणको निमित्त जग्गा किनी विद्यालय भवन निर्माण कार्य सुरु गरिन् । वि.सं २०५३ सालमा शिलान्यास भएको उक्त विद्यालय भवन वि.सं २०५८ सालमा आएर सम्पन्न भयो ।[८४] पाँचकट्ठा जमीनमा रहेको यो विद्यालय ठूलो भवन दुइतले ठूलो लाम्चो आकारमा रहेको छ । छात्रावास समेत रहेको यस विद्यालयमा केही वटुक र गुरुहरू बस्ने गर्दछन् । रामजानकी वेद विद्याश्रमको नामले परिचित भएको यो विद्यालय ललितपुर कलेजद्वारा सञ्चालित छ भनि बाहिरि वार्डमा लेखिएको भएतापनि विद्यालय संचालनमा भने नआएको देखिन्छ ।[८५] भगवती उपाध्याय (माता) ले देवघाट क्षेत्रको शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउनको निमित्त यो कार्य गरेको देखिएतापनि भव्य संरचना रहेको उक्त विद्यालयमा अध्ययन-अध्यापन कार्य हुन नसके पनि देवघाटको विकासमा भने यस संरचनाले योगदान नै पुऱ्याएको देखिन्छ । विद्यालयको निमित्त स्थापना गराइएको यस आवास गृहमा पढ्ने विद्यार्थीहरूको अभावमा हाल उक्त भवनलाई जानकी अनाथ बालबालिका आश्रमको रूपमा परिणत गराइएको छ । हाल यसको जिम्मा लोकसेवा प्रतिष्ठानले लिएको कुरा अवगत हुन आउँदछ ।[८६]

### ४.१.२२ कृष्णानन्द सरस्वती

वि.सं. २००४ पौषमा लमजुङ जिल्लाको चिसंखु कर्पुटार गाउँमा पिता रामचन्द्र र माता अन्नपूर्णा सोतीको पुत्रका रूपमा कृष्णप्रसाद सोतीको जन्म भएको थियो । सानैदेखि घरबाट निस्केका कृष्णप्रसादले सन् १९८५ मा उत्तर काशीमा पुगी अभयानन्द सरस्वतीका शिष्य रामानन्द सरस्वतीसित सन्यासग्रहण गरेपश्चात् नेपाल फर्की दमौलीस्थित मादीगण्डकी पारी सानो आश्रम बनाई बसेका थिए । त्यसपछि वि.सं. २०५८ सालतिर यिनी देवघाटधामतिर प्रवेश गरी हाल हरिहर सन्यास आश्रमको उत्तरतर्फ अभयवेदान्तसाधना कुटी (आश्रम) स्थापना गरेको पाइन्छ । प्रवचन हल बनाइ प्रवचनको माध्यमबाट स्वामी कृष्णानन्द सरस्वतीले देवघाटमा आध्यात्मिक चिन्तनको जागरण गराई देवघाटको धार्मिक महत्त्व र विकासमा योगदान पुऱ्याएको देखिन्छ ।

---

[८४] भगवती उपाध्याय (माता) सँग शोधर्ताले लिएको २०६७ भदौमा लिएको अन्तर्वार्ताका आधारमा ।

[८५] शोधकर्ताले २०६८ कार्तिकमा गरेको देवघाटको स्थलगत अध्ययन-भ्रमणबाट प्राप्त जानकारीको आधारमा ।

[८६] शोधकर्ताले २०६९ साल कार्तिकमा लोकसेवा प्रतिष्ठानकी अध्यक्ष सावित्री टण्डनसँग गरेको भेटवार्ताअनुसार ।

### ४.१.२३ रामानन्द गिरि

वागमती अञ्चल धादिङ जिल्लाअन्तर्गत केवलपुर गा.वि.स. लामीडाँडा गाउँमा पिता पूर्णप्रसाद सुवेदीका पुत्रको रूपमा वि.सं २००५ साल जेठ १० गतेका का दिन रामानन्द गिरिको जन्म भएको थियो ।[८७] यिनको वास्तविक नाम रामप्रसाद सुवेदी हो ।[८८] वि.सं. २०४८ फाल्गुण शिवरात्रीका दिन वाराणसीस्थित दक्षिणामूर्ति आश्रमका महेशानन्द गिरिवाट सन्यास ग्रहण गरेपछि यिनको नाम रामानन्द गिरि भएको हो ।[८९] सन्यास ग्रहणपश्चात् देवघाटधाम आएका रामानन्द गिरिले वैदिक सनातन संस्कृत शिक्षाको प्रारम्भको निमित्त २१ रोपनी जग्गा किनी अन्य विभिन्न संरचनाहरूको पनि निर्माण गर्न लागेको कुरा थाहा हुन आउँदछ ।[९०] वि.सं. २०५० सालमा वृद्धवृद्धा, भक्तबाबा र भक्तिमती माताहरूका साथै विभिन्न सन्तमहन्तहरूका लागि सुहाउँदो रूपमा वासस्थानहरू (कुटी- भवनहरू) निर्माण गर्नुका साथै आफ्ना गुरु महेशानन्द गिरिको नामबाट महेशसन्यास आश्रम, महेशसंस्कृत गुरुकुल र महेश संस्कृत विद्यापीठ निर्माण गरेको कुरा थाहा हुन्छ ।[९१] उनले त्रि.वि. बाट "राजश्री जनकका विदेह सिद्धान्तहरूको समीक्षात्मक अध्ययन" नामक शीर्षकमा विद्यावारिधि ( पीएच.डी.) समेत गरेका रामानन्दले आफ्नो आश्रम परिसरमा सुन्दर कलात्मक भव्य मन्दिर समेत निर्माण गरी देवघाटधामको विकासमा योगदान पुऱ्याएका छन् ।

### ४.१.२४ श्री ईश्वरानन्द सरस्वती

वि.सं. २००६ साल असार ९ गते धवलागिरि अञ्चल, बाग्लुङ जिल्लामा पिता जयलाल र माता बसुन्धरा देवी कँडेलबाट इन्दिराको जन्म भएको थियो । गृहस्थ जस्वन त्याग गरी इश्वरीय चिन्तनमा लागेकी इन्दिरा २०५३ सालबाट देवघाटधाम आई त्यहीँ नै आश्रम बनाइ बस्न थालेको अवगत हुन्छ ।[९२] वि.सं. २०५५ साल श्रावणी पूर्णिमाका दिन सत्यप्रकाशानन्द सरस्वतीबाट हरिद्वारमा सन्यास ग्रहण गरेकी इन्दिरा देवघाटको विकासमा पनि केही योगदान पुऱ्याएकी छन् । यसपछि ईश्वरानन्द सरस्वतीको नामले

---

८७ स्वामी रामानन्द गिरि (अनु.), *श्रीमद्‌भागवत् महापुराण* (पहिलो खण्ड), (तनहुँ : महेश संस्कृत गुरुकुल, देवघाटधाम, २०६५), आवरण पृ.

८८ *ऐजन* ।

८९ शोधकर्ताले २०६९ साल कार्तिकमा स्वामी रामानन्द गिरिवाट प्राप्त जानकारीका आधारमा ।

९० महेशसन्यास आश्रमका प्राचार्य गुरुप्रसाद सुवेदीबाट प्राप्त जानकारीका आधारमा ।

९१ शोधकर्ता २०६९ सा कार्तिकमा गरेको देवघाटको स्थलगत अध्ययन-भ्रमणबाट प्राप्त जानकारी ।

९२ *ऐजन* ।

परिचित माताले आफ्नो आश्रमको नाम इन्दिरा सन्यास आश्रम राखेकी कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

### ४.१.२५ आत्मानन्द गिरि

वि.सं. २०१० चैत्रमा पिता बालगिरि र माता शान्ति गिरिका पुत्रका रूपमा कास्की जिल्ला लेखनाथ नगरपालिका, वार्ड नं. १ भण्डारढिक गाउँमा आत्मानन्दको जन्म भएको थियो ।[९३] सामान्य शिक्षा गाउँमा नै पाएका आत्मानन्दले ११ वर्षको उमेरबाट हरिद्वार गई त्यहाँका गुरुमहाराजहरूको सेवा र स्वाध्यायन गर्न थाले । अध्ययनको क्रममा वाराणसीबाट शाङ्करवेदान्तमा आचार्य र दर्शन विषयमा एम्.ए. सम्मको अध्ययन गरेका आत्मानन्दले वि.सं २०५२ साल महाशिवरात्रिको दिन वाराणसीको दक्षिणामूर्ति आश्रममा महेशानन्द गिरिवाट सन्यासग्रहण गरेको थाहा हुन्छ ।[९४]

भारतको विभिन्न ठाउँमा प्रवचन गर्दै पछि देवघाटधाम आइपुगेका आत्मानन्दलाई स्वामी परमानन्दले वि.सं २०५३ वैशाख १० गते जगद्गुरु शङ्कराचार्य जयन्तीको अवसरमा गलेश्वरबाबा आश्रमको चौथो पीठाधीश पदका रूपमा नियुक्ति गरेको कुरा स्थानीय भक्तजनहरूबाट थाहा हुन आउँदछ ।[९५] उनी यस पदमा आइसकेपछि गलेश्वरबाबाको समयमा काठ र टिनबाट निर्मित पुरानो प्रवचन हल भत्काई पक्की २ तले प्रवचन हलको निर्माण गरे ।[९६] प्रवचन हलभित्रै गलेश्वरबाबाको शालिक (मूर्ति) राख्नुका साथै २ वटा भोजनालय, सन्तनिवास, अतिथिनिवास, १० कोठे साधकभवन (यसमा निश्चित रकम तिरी तीर्थयात्री एवम् भक्तजनहरूले बस्न पाउने व्यवस्था मिलाइएको छ), गौशाला पुस्तकालय, वि.सं २०२३ सालमा स्थापित वेदवेदाङ्ग विद्यालयमा टायलको छाना लगाइएको दोस्रो तला माटोले छापिएको भुईंतलामा भने सिमेण्ट लगाइएको र वरिपरि ईंटा र सिमेन्टको जडान गरिएको उक्त विद्यालयको स्वरूपलाई आत्मानन्दले ढलाई गरी पक्की भवनको स्वरूप दिए ।[९७] यसैगरी

---

[९३] देवघाट स्थित गलेश्वरबाबा आश्रमका व्यवस्थापक सदस्य भोजराज भण्डारीद्वारा प्राप्त जानकारी ।

[९४] शोधकर्ताले २०६८ कार्तिकमा गलेश्वरबाबा आश्रमका पीठाधीश आत्मानन्द गिरिसँग गरेको भेटवार्ताका आधारमा ।

[९५] *ऐजन* ।

[९६] विद्यालयमा अध्ययन गरेका भूतपूर्व विद्यार्थी नारायणप्रसाद शर्मा तिम्सिनाबाट प्राप्त जानकारी ।

[९७] २०६८ कार्तिकमा शोधकर्ताले गरेको देवघाटको स्थलगत अध्ययनका आधारमा ।

आत्मानन्दले धर्मार्थ औषधालय भवन (१७ शय्याको) (देवघाटक्षेत्र विकास समितिको अगाडि) स्थापना गर्नुका साथै स्थायी रूपमा अन्य क्षेत्रको व्यवस्था गरी त्यसमार्फत् दिनहुँजसो सन्यासी, वृद्ध, सन्त, गुरुवर्ग, वटुक र आगन्तुक तीर्थयात्री झण्डै २०० जतिले निःशुल्क भोजन गरिरहेको कुरा स्थलगत अवलोकनबाट थाहा हुन आउँदछ ।[९८] आत्मानन्द गिरिले देवघाटधाममा आउने तीर्थयात्री, त्यहाँ बसेका कल्पवासी, सन्तमहन्त र वटुकहरूको निमित्त विभिन्न ठाउँबाट सहयोग जुटाई साथै पितृहरूको उद्धारका निमित्त कोष खडा गरी त्यहीँ बस्ने कल्पवासीहरूसँग समेत स्वेच्छाले रकम जुटाई अन्नक्षेत्र खुलाएको पुष्टि हुन आउँदछ ।[९९] गलेश्वरबाबाको समाधिस्थलमा मन्दिर समेतनिर्माण गरी गलेश्वरबाबाको मूर्ति स्थापना गरिनुका साथै देवघाट वाहेक अन्य क्षेत्रहरूमा पनि आफ्नो नाममा आश्रमहरू स्थापना गरेका आत्मानन्दले देवघाटको विकास र प्रचार-प्रसारमा समेत ठूलो योगदान पुऱ्याएको देखिन आउँदछ ।[१००] आत्मानन्दले गरेका यी कार्यहरूले गर्दा देवघाटको आधुनिकीकरण र विस्तारमा ठूलो योगदान पुगेको देख्न सकिन्छ ।

### ४.१.२६ ज्ञानानन्द सरस्वती

वि.सं. २०१९ सालमा बाग्लुङ् जिल्लाको विहुँकोट पञ्चायतअन्तर्गत कर्लिम भन्ने गाउँमा ज्ञानानन्दको जन्म भएको थियो । उनको पिताको नाम गौरीश्वर र माताको नाम गोमादेवी थियो । वैदिक गुरुकुलशिक्षा प्राप्त गरेपछि भारतका विभिन्न तीर्थस्थलहरूको भ्रमण गर्दै वि.सं. २०४६ सालमा देवघाटधाम आएका थिए ।[१०१] प्रारम्भमा केही समयसम्म गलेश्वरबाबा आश्रममा बसेका ज्ञानानन्दले गलेश्वरबाबा आश्रमको रेखदेखमा समेत सहयोग पुऱ्याएका थिए । उक्त समयमा गलेश्वरबाबा आश्रमका पीठाधीश परमानन्द भएको र ज्ञानानन्द उनको अत्यन्त प्रिय शिष्य भएको हुँदा वि.सं २०५३ सालमा स्वामी परमानन्द ब्रह्मलीनपश्चात् उनले नै निर्माण गराएको हरिहर मन्दिरको संरक्षकत्व भई उक्त मन्दिरमा बस्न थाले ।

---

[९८] २०६७ सालमा शोधकर्ताले गरेको देवघाटको स्थलगत अवलोकनका आधारमा ।

[९९] गलेश्वरबाबा आश्रम ट्रष्टका सचिव महेन्द्रबाट २०६८ कार्तिकमा प्राप्त जानकारीका आधारमा ।

[१००] *ऐजन* ।

[१०१] शोधकर्ताले २०६८ कार्तिकमा ज्ञानानन्द सरस्वतीसँग लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

हरिहर मन्दिरको पीठाधीश पद ग्रहण गरेपश्चात् उनी त्यहँको भौतिक संरचनाको निर्माणमा लागेको देखिन्छ । यसै क्रममा हरिहर मन्दिरकै नामबाट हरिहर सन्यास आश्रमको निर्माण गरे । आफ्ना गुरु परमानन्दको नामबाट गुरुकुल संस्कृत विद्यालय स्थापना गरे । ज्ञानानन्द सरस्वतीबाट हरिहर मन्दिरको पूर्ण निर्माण भइसकेपछि त्यहाँ विभिन्न मूर्तिहरू राख्ने काम गर्नुका साथै सन्तनिवास, अतिथि भक्तनिवास, हवनकुण्ड आदि निर्माण गरेको कुरा ज्ञात हुन आउँदछ ।[१०२] हरिहर मन्दिरकै वगलमा ध्रुव नेपाली परिवारद्वारा निर्माण गराइएको “हरिकीर्तन समाज” नामक संस्थाबाट ध्रुवनारायण मन्दिर, ब्रह्मलीन परमानन्देश्वर समाधि मन्दिर पनि यसै परिसरभित्र रहेका छन् ।[१०३] हरिहर सन्यास आश्रमको विकासका निम्ति नेपालका विभिन्न स्थलमा गई सप्ताह महायज्ञबाट प्राप्त रकमले देवघाटमा रहेको यस आश्रमको विकासमा उनले ठूलो योगदान पुऱ्याएको कुरा ज्ञात हुन आउँदछ ।[१०४]

माथि उल्लेख गरिएका विभिन्न व्यक्तिहरू बाहेक देवघाटको आधुनिकीकरणमा योगदान पुऱ्याउने अन्य केही व्यक्तिहरू पनि रहेका छन्, जसको यहाँ सामान्य चर्चा मात्र गरिएको छ ।

### ४.१.२७ उद्योगपति विश्वनाथ शाह

वीरगञ्ज निवासी उद्योगपति विश्वनाथ शाहले चितवनस्थित भ.न.पा. १ देवघाटधाममा वि.सं. २०५९ सालमा मारवाडी सेवासदन निर्माण गरी स्थापना गराएका छन् । सात कट्ठा जमिनमा फैलिएको यस दुईतले भवनले तीर्थयात्रीहरू र मलामीहरू बस्नको निमित्त सुविधा पुऱ्याएको छ । मलामीहरूका लागि कुनै शुल्क नलिने यस मारवाडी सेवासदनमा तीर्थयात्रीहरूले स्वेच्छाले दिएको रकमका साथै यस भवनभित्र विभिन्न धार्मिक कार्यहरू- पूजा, व्रतवन्ध, सप्ताह, एकाह आदि लगाउने गरेको उनीहरूबाट नै स्वेच्छाले प्राप्त रकमबाट सेवासदन चलिरहेको कुरा अध्ययनका क्रममा थाहा हुन

---

[१०२] शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[१०३] *ऐजन* ।

[१०४] शोधकर्ताले २०६८ कार्तिकमा स्वामी खिलानन्दजीबाट प्राप्त जानकारीका आधारमा ।

आउँदछ । यस सेवासदनका निर्माता विश्वनाथ शाहले पनि देवघाटको आधुनिकीकरणको विकासमा योगदान पुऱ्याएको देखिन आउँदछ ।

### ४.१.२८ नन्दु बोटे (तनहुँतर्फ)

नन्दु बोटेले देवघाटधाममा वस्ती बसाल्न ठूलो योगदान पुऱ्याएका थिए । त्यतिबेला विकट अवस्थामा रहेको देवघाटस्थित सप्तगण्डकीमा डुँगा चलाई जीविकोपार्जन गर्ने आफ्नो पुर्ख्यौली पेशा अनुरूप देवघाटधाममा आई वस्ती बसाली सामाजिक उत्थान गरेकोले यसबाट पनि आधुनिकीकरणको सुरुआत भएको देखिन्छ । वस्ती विस्तार हुन पुगेको देखिन्छ, जसको कारण आधुनिकीकरणको सुरुवात भएको देखिन्छ ।

### ४.१.२९ नायव प्रहरी महानिरीक्षक ज्ञानेन्द्रविक्रम महत

वि.सं. २०१० सालमा जन्मेका ज्ञानेन्द्रविक्रम महतले पदमा हुँदा उनले देवघाटक्षेत्र गैडाकोट नवलपरासीस्थित मौलाकालिका मन्दिरमा रहेका विभिन्न संरचनाहरूको निर्माणमा ठूलो योगदान पुऱ्याएको देखिन्छ । यसबाट सामाजिक, धार्मिक तथा पर्यटकीय महत्त्वलाई उजागर गरी विशेष भूमिका निर्वाह गरेकोले उनले पनि देवघाटको आधुनिकीकरणमा योगदान पुऱ्याएको देखिन्छ ।

माथि उल्लेखित यी सबै सन्तमहन्त, व्यक्ति-व्यक्तित्व, प्रतिष्ठित समाजसेवी, उद्योगपतिहरूले आ-आफ्नो इच्छा, चाहाना तथा उद्देश्यअनुसार देवघाटमा आई बसेको देखिन्छ । यद्यपि यी सबैले देवघाटको विकासमा योगदान पुऱ्याएका छन् भन्न नसकिए तापनि आफ्नो निमित्त साधनाकुटी बनाई बस्नुबाट देवघाटको आधुनिकीकरणको सुभारम्भ भएको मान्न सकिन्छ । यसरी समग्र रूपमा हेर्दा देवघाटको आधुनिकीकरणको विकासमा धेरै-थोरै (ज्ञात-अज्ञात) सबैले आ-आफ्नो तर्फबाट केही न केही योगदान पुऱ्याएको कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ ।

यस वाहेक सन्तमहन्त, प्रतिष्ठित समाजसेवी व्यक्तित्वहरू बाहेक अन्य व्यक्तिहरूले पनि देवघाटको आधुनिकीकरणमा योगदान पुऱ्याएको कुरा अध्ययनको क्रममा थाहा हुन आउँदछ । सुब्बा गजेन्द्रराज देवकोटा, सुब्बा विष्णुलाल श्रेष्ठ प्रधान, पण्डित पद्मलाल उपाध्याय सुवेदी, पण्डित गुणराज उपाध्याय खनाल, महेश्वरलाल श्रेष्ठ, दानबहादुर श्रेष्ठ,

क्षितीषचन्द्र चक्रवर्ती, सत्यप्रकाशानन्द सरस्वती, कर्मज्ञानसागर लामा, सेते बलरामदास वैष्णव, खेमराज केशवशरण, ईश्वरानन्द सरस्वती (इन्दिरा माता), सरस्वती भक्तिनी माई, वृन्दावन दास, रञ्जनराज आचार्य, भागवत प्रवक्ता तारा घिमिरे, गुणचन्द्र विष्ट, उमानाथ शर्मा कँडेल, अखण्ड हरिकीर्तन बाबा उमाकान्त लम्साल, टंकनाथ पौडेल लगायत अन्य त्यसै क्षेत्रको विषयमा निरन्तर धेरै वर्षदेखि लागिरहेका मानिसहरूले चिन्न नसकेका व्यक्तिहरूले पनि देवघाटधामको आधुनिकीकरणको विकासमा योगदान पुऱ्याएको कुरा अध्ययनका क्रममा अवगत हुन आउँदछ ।

अझ खासगरी वि.सं. २०३८ सालमा त्रिशूली-गण्डकी-चितवन-तनहुँ जोड्ने झोलुङ्गे पुलको निर्माणपश्चात् पुलकै मुखदेखि बेनीसम्म भएको व्यापारको विस्तार र ग्रामीण भेगका मानिसहरूको चहलपहलको कारण देवघाटको वस्ती विस्तार हुन गई देवघाटकै आधुनिकीकरणमा ठूलो योगदान पुग्न गएको कुरा ज्ञात हुन आउँदछ ।

## ४.२ विभिन्न सामाजिक सङ्घ-संस्थाहरूले देवघाटधामको आधुनिकीकरणमा पुऱ्याएको योगदान

देवघाटको विकास र आधुनिकीकरणको निमित्त विभिन्न साधु, सन्त र अन्य प्रतिष्ठित व्यक्तिहरूले पुऱ्याएको योगदानको चर्चा माथि भैसकेको छ । त्यसवाहेक देवघाटधामको विकासका लागि विभिन्न सङ्घ-संस्थाहरूले समेत योगदान पुऱ्याएको पाइन्छ । देवघाटधामको विकासका लागि योगदान पुऱ्याएका सङ्घ-संस्थाको चर्चा गर्नु आवश्यक छ, जो निम्नानुसार छ :

### ४.२.१ रापती उपत्यका

रापती उपत्यका विकास परियोजना प्रमुख व्यवस्थापक कृष्णबम मल्लको चितवन तथा देवघाटको विकासमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । वि.सं. २०११ सालको श्रावण-भाद्रमा देशमा ठूलो बाढी आयो, जसको कारण धादिङ, गोरखा, लमजुङ र मकवानपुरमा ठूलो क्षति पुऱ्यायो । अतः यिनीहरूको साथै अन्य गरीव किसान वर्गहरूलाई पूर्नवास गराउनका निमित्त १६ हजार इलाका चितवन उत्तर बेलोई प्रगन्ना भरतपुर मौजास्थित प्रादेशिक विकास योजनाअन्तर्गत रापतीदून विकास विभाग

कार्यालय स्थापना वि.सं २०१३ सालमा भयो ।[१०५] सोही साल राजा महेन्द्रले भरतपुरदेखि २ माइल पश्चिम कचपचेमा आफैले ट्र्याक्टर चलाई रापतीदून विकास परियोजनाको समुद्घाटन गरे ।[१०६] यसको कार्यपश्चात् वस्ती विकासको निमित्त किसानलाई सरकारतर्फबाट गोरु किन्न ऋण भा.रु. ३००/- र खान ३ मन गहुँ ट्र्याक्टरद्वारा जग्गाहरू फडानी गरी खेतीयोग्य जमीन बनाइ कृषि विकासको लक्ष्य निर्धारित गरी कार्यान्वयन गऱ्यो ।[१०७] यसै समयमा भरतपुरस्थित विभिन्न कार्यालय स्थापित हुन गयो, जस्तै ग्राम विकास विभाग, सुपरभाइजर शिक्षा कार्यालय स्थापित र कृषि सहकारी ऋण विभाग सेनिटेशन विभाग, कृषि फारम यज्ञपुरी, डिस्पेन्सरी, स्वास्थ्य, माटो विशेषज्ञ विभाग, हुलाक अफिस, अस्पताल, ट्र्याक्टर सेन्टर, रामपुर कृषि फाराम, भरतपुर एयरपोर्ट (एरोड्रम), शेरबास माल अड्डा स्थानान्तरण भएर भरतपुरमा रह्यो ।[१०८] यसरी विभिन्न कार्यालयहरूको स्थापनापश्चात् भरतपुर नारायणघाटमा स-साना झुप्रा घरहरू बन्न थाले र मानिसहरूको चहलपहल पनि बढ्न थाल्यो । रापतीदून परियोजनापश्चात् भएको भरतपुरको विकास र वस्ती विस्तारले गर्दा यसको नजिकै पर्ने देवघाटमा पनि चहलपहल बढ्न थाल्यो । यस परियोजनाको कारण देवघाटको विकासमा समेत प्रत्यक्ष प्रभाव पर्न गई देवघाटको आधुनिकीकरणको विकासमा योगदान पुग्न गयो ।

### ४.२.२ एन.आर.एन. (N.R.N.) वृद्धाश्रम

एन.आर.एन. (N.R.N.) परम्परागत रूपमा चल्दै आएको सामूहिक पारिवारिक जीवनमा आधुनिक अवस्थामा आएको सामाजिक परिवर्तन र व्यस्तताले हलचल पैदा गरी श्रीमान श्रीमती केन्द्रित परिवार देखा पर्दै आउँदा वृद्ध वा आमाहरूको छोरा-बुहारी, नाति-नातिनासित सामूहिक रूपमा बस्न नसक्ने स्थिति पैदा भएकाले वृद्धवृद्धाहरूको बाँकी जीवन बिताउन मुस्किल पर्न थालेको देखिन्छ । यो सामाजिक प्रवृत्ति नेपालमा पनि देखा परिरहेको परिस्थितिमा वृद्धवृद्धाहरूको बाँकी जीवन सम्मानित र सुव्यवस्थित ढङ्गले बितोस् भन्ने उद्देश्यका साथ वृद्धाश्रमको अवधारणा आएको देखिन्छ । जसअनुरूप देवघाटक्षेत्र,

---

[१०५] जनकलाल शर्मा र कृष्णबम मल्ल, *रापती उपत्यका,* दोस्रो संस्करण, (चितवन : चितवन अध्ययन केन्द्र, भरतपुर १, २०६०), पृ. ग ।

[१०६] भुवनराज तुलाधर, *नोट्स अन रापती भ्याली डेभलपमेन्ट प्रोजेक्ट,* (काठमाडौं : फुट एण्ड एग्रिकल्चर डिभिजन, यु.एस., सन् १९७२), पृ ५ ।

[१०७] *ऐजन* ।

[१०८] *ऐजन,* पृ. घ ।

भ.न.पा. १, सीताराम संस्कृत मा.वि. को समीपमा एन.आर.एन. वृद्धाश्रम रहेको छ (फोटो नं ३४) ।

एन.आर.एन. (N.R.N.) को विस्तृत रूप Non Residential Nepalese Association अर्थात् नेपालीमा गैर आवासीय नेपाली सङ्घ हो । लामो समयदेखि विदेशमा बसेका नेपालीहरूका सङ्घले आफ्नो मातृभूमिको विकासका निमित्त यसका सदस्यले विदेशमा आर्जन गरेको आफ्नो कमाईको केही भाग धनराशि सञ्चय गरी मातृभूमिमा लगानी गर्ने उद्देश्यले एन्.आर.एन. ले सबैलाई पायक पर्ने मध्यमाञ्चलको देवघाटमा वृद्धाश्रमको अवधारणा ल्याई एन.आर.एन. वृद्धाश्रमको स्थापना गरेको छ । वृद्धाश्रमका लागि साढे एक विगाहा जग्गा चितवनतर्फ पर्ने देवघाटको विश्वशान्ति महायज्ञशाला गूठीको स्वामित्वमा रहेको र तत्कालीन समयमा देवघाटक्षेत्र विकास समितिले भोगाधिकार पाएको जमीनमा नै एन.आर.एन. वृद्धाश्रम निर्माण गरिएको छ ।[१०९]

सन् २००३ मा भएको पहिलो गैर आवासीय नेपालीहरूको विश्व सम्मेलनका वखत देवघाटधामका वृद्धवृद्धाहरूको सम्मानको निमित्त एक सुविधा सम्पन्न वृद्धाश्रम निर्माण गर्ने कुरा तय भएको ज्ञात हुन्छ । त्यसको तर्जुमा गैर आवासीय उद्योगपति डा. उपेन्द्र महतो, जनक वस्नेतलगायत गैर आवासीय नेपालीहरूको सक्रिय सहभागितामा भएको थियो । देवघाटधामको चितवनतर्फको माथि उल्लेखित भागमा उनीहरूकै सहयोगमा विश्वशान्ति महायज्ञले उपलब्ध गराएको ३० कट्ठा जमीनमा[११०] गलेश्वरबाबा आश्रमका पीठाधीश आत्मानन्द गिरिको अध्यक्षतामा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्षलगायत गण्यमान्य व्यक्तिहरूको सहभागितामा वि.सं. २०६३ मङ्सीर १८ गते (सन् २००६ डिसेम्बर) धान्यपूर्णिमाका दिन धार्मिक तथा सांस्कृतिक विधिपूर्वक एन.आर.एन. वृद्धाश्रमको शिलान्यास भएको थियो ।[१११]

यो आश्रमको मुख्य उद्देश्य जीवनको उत्तरार्द्ध सहज रूपमा बिताउन चाहने वृद्धवृद्धाहरूलाई आश्रम स्थलका रूपमा विकास गर्न तथा उनीहरूलाई आवश्यक सेवा सुविधाहरू उपलब्ध गराउनुका साथै उनीहरूलाई जीवनयापनका लागि अनुकूल वातावरण बनाउनु हो ।

---

१०९ शोधकर्ताले २०६८ कार्तिकमा विश्वशान्ति महायज्ञशालाका संरक्षक गोकर्ण सुवेदीबाट प्राप्त जानकारीका आधारमा ।

११० शोधकर्ता २०६८ कार्तिकमा जग्गा धनी लक्ष्मण सुवेदीका बुवा गोकर्ण सुवेदीबाट प्राप्त जानकारी ।

१११ शोधकर्ताले २०६८ कार्तिकमा गरेको देवघाटको स्थलगत अध्ययनबाट प्राप्त जानकारी ।

दैनिक रूपमा आध्यात्मिक प्रवचन, भजन-कीर्तनलगायतका कार्यक्रमहरू सञ्चालन गरी वृद्धवृद्धाहरूको बसाइलाई खुसी र सन्तुष्टि तुल्याउनु हो ।

गैर आवासीय नेपाली सङ्घको योजना र लगानीमा बनेको यो वृद्धाश्रम नेपाल उद्योग वाणिज्य महासङ्घ काठमाडौँ, गलेश्वरबाबा आश्रम ट्रष्ट, देवघाट तनहुँ, नारायणगढ, रत्ननगर उद्योग वाणिज्य सङ्घ टाँडी, विश्वशान्ति यज्ञशाला गूठी, देवघाट चितवनसमेत गरी सातवटा संस्थाका प्रतिनिधिहरूको सहभागितामा वृद्धाश्रमको शिलान्यास भएको थियो ।[११२] वि.सं. २०६५ सालमा यस वृद्धाश्रमको निर्माण कार्य सम्पन्न भएको थियो ।[११३] हाल यो वृद्धाश्रम गलेश्वरबाबा आश्रम ट्रष्टअन्तर्गत गठित कार्य समितिको कार्यनिर्देशिका बमोजिम सञ्चालित भइरहेको छ ।

एन.आर.एन. को आर्थिक सहयोगमा निर्मित यस भवनको २३ कोठामध्ये ५८ वटा शय्या सुविधा सम्पन्न रहेका छन् । यस आश्रममा पाकशाला, सामूहिक भजन हल, स्वच्छ खानेपानी तथा सत्सङ्ग, कार्यक्रम भवन, भजन-कीर्तनका लागि छुट्टाछुट्टै कोठा भएको भवन निर्माण गरिएको छ । यस आश्रम कम्पाउण्ड घेरिएको (पर्खाल) सुरक्षित प्रकारको छ ।[११४]

यस आश्रममा बस्नका लागि विशेष र साधारण गरी २ प्रकारका कोटा निर्धारित गरिएको छ । यस आश्रममा विशेष कोठामा बस्न चाहनेलाई १ वर्षका लागि एकमुष्ट रकम रु. १८,०००/ (अठार हजार) पाँच वर्षका लागि रु. ९०,०००/- (नब्बेहजार), १० वर्षका लागि १,५०,०००/- (एकलाख पचासहजार) र आजीवनका लागि रु. २,००,०००/- (दुइलाख) शुल्क निर्धारण गरिएको छ । यस कोटाअन्तर्गत एउटा कोठामा २ शय्यासहित एक दम्पत्ति (वृद्धवृद्धा) बस्न पाउने व्यवस्था मिलाइएको छ । त्यसै गरी साधारण कोटातर्फ भने १ वर्षको लागि रु. १४,०००/- (चौधहजार चारसय), ५ वर्षको लागि रु. ६०,०००/-, १० वर्षका लागि रु. १,००,०००/- र आजीवन बस्न चाहेमा रु. १,५०,०००/- (एकलाख पचासहजार) शुल्क निर्धारण गरिएको छ । यसअन्तर्गत एउटा कोठामा चार शय्यासहित भएकाले अलग-अलग मानिसहरू बस्ने गरेको देखिन्छ ।[११५] समय तालिकाबमोजिम यस आश्रममा दैनिक

---

[११२] शोधकर्ताले २०६३ मंसीर १८ गते वृद्धाश्रमको शिलान्यासमास्वयं उपस्थित भई लिएको जानकारीका आधारमा ।

[११३] एन.आर.एन. का तत्कालीन कार्यकारीनिर्देशक डा. हेमन्त दवाडीबाट २०६५ मा प्राप्त जानकारीको आधारमा ।

[११४] शोधकर्ताले २०६६/६ मा गरेको देवघाटको स्थलगत अवलोकनका आधारमा ।

[११५] शोधकर्ताले २०६८ कार्तिकमा गरेको देवघाटको स्थलगत अध्ययन र अवलोकनका आधारमा ।

बिहानको समयमा चिया, दूध, ९ बजेदेखि १० बजेभित्रमा खाना, २ बजेदेखि ३ बजेभित्र खाजा र साँझमा ६-७ बजेभित्रमा बेलुकाको भोजन दिने व्यवस्था मिलाइएको छ ।

आश्रममा बस्दै आएका वृद्धवृद्धाहरू चाहेका वखत घर जान पाउने व्यवस्था पनि मिलाइएको छ । तर उनीहरूले बुझाएको रकम भने फिर्ता हुने व्यवस्था नभएको हुँदा वृद्धवृद्धाहरूले दुःखेसो गरेको कुरा अध्ययनको क्रममा ज्ञात हुन आउँदछ । ५५ वर्षदेखि ९२ वर्षसम्मका वृद्धवृद्धाहरू बस्दै आएको यस आश्रमका वृद्धवृद्धाहरू एन.आर.एन. द्वारा निर्मित भवनप्रति सन्तुष्ट भए तापनि व्यवस्थापनमा भने निकै कमजोरी भएको दुःखेसो व्यक्त गर्नुका साथै एन.आर.एन. (गैर आवासीय नेपाली) ले विदेशमा आफूले दुःख गरेको रकमबाट भवन बनाइ दिए पनि भवन निर्माणपश्चात् आश्रमको व्यवस्थापनमा खासै रुचि नदेखाएको र फर्किएर नआएको गुनासो सुनिन्छ ।[११६]

खासगरी यस आश्रममा पारिवारिक लोभ र मोहबाट टाढा रहने एवम् झंझट वा विविध समस्याहरूबाट मुक्त रहन चाहने सम्पन्न वर्गका वृद्धवृद्धाहरू बस्दै आएको कुरा स्थलगत अध्ययनबाट बुझ्न सकिन्छ । जसमा विदेशिएका वा आफ्ना वृद्ध बुवा-आमालाई समय दिन नसकेका घरका सदस्यहरूले आफ्ना वा आमालाई यस आश्रममा राख्ने गरेको देखिन्छ भने अर्कोतिर विधुर वा विधवा भएका वा आफ्नो एक्लोपनबाट मुक्त हुन आफ्नै इच्छाले पुण्यभूमिमा बसी धर्मकर्म गर्ने आशयले पनि यस आश्रममा आएर बसेको देखिन्छ । यस्तै गरी पारिवारिक दुःखकष्टले विरक्तिएको मनलाई मानसिक शान्ति दिने उद्देश्यले पनि यस आश्रममा आइ बसेको देखिन्छ । साथै अत्यन्त रोगी वयस्कहरू पनि यहाँको शान्तिपूर्ण वातावरण, स्वच्छ हावापानी, वनजङ्गल एवम् अनुकूल पर्यावरणको कारणले आफू स्वस्थ भएको महशुस गरी यस आश्रममा बसिरहेको कुरा अध्ययनका क्रममा थाहा हुन्छ ।[११७]

### ४.२.३ रोटरी करुणालय वृद्धाश्रम

देवघाटको चितवनतर्फ पर्ने बेनीतर्फ जाने बाटोमा चितवन रोटरीक्लब, चितवन रोट्रयाक्ट क्लब, काठमाडौं र मिडटाउन रोटरीक्लबको संयुक्त सहभागितामा २४ जनवरी १९९९ मा पूर्व डिष्ट्रिक्ट गभर्नर रामेश्वर मेहताद्वारा शिलान्यास भएको र भरतपुर

---

११६ *ऐजन* ।

११७ शोधार्थीले २०६७ वैशाखमा गरेको देवघाटको स्थलगत अध्ययनबाट प्राप्त जानकारीको आधारमा ।

नगरपालिका एवम् देवघाटक्षेत्र विकास समितिबाट प्राप्त १५ कट्ठा क्षेत्रफलमा स्थापना गरिएको यस आश्रमको उद्घाटन वि.सं. २०५९/०९/०५ मा भएको थियो । वृद्ध र वृद्धाको निमित्त अलग-अलग बस्ने भवनको व्यवस्था मिलाइएको यस आश्रममा वृद्धको भवनमा १४ शय्या र वृद्धाको भवनमा १८ वटा शय्याको व्यवस्था मिलाइएको देख्न सकिन्छ भने भजनकीर्तनको निमित्त पनि अलग्गै भवनको व्यवस्था मिलाइएको यस आश्रममा एक्लै पकाएर खान चाहनेहरूको लागि पनि साना-साना कुटीको व्यवस्था मिलाइएको छ ।[११८]

रोटरी करुणालय वृद्धाश्रम निर्माणको पृष्ठभूमिका सन्दर्भमा के थाहा हुन्छ भने वि.सं. २०१७ सालतिर देवघाट चितवनमा आएका श्री डिल्लीरामबाबाले ओगटेर राख्नु भएको जमीनमध्ये बेनीतर्फ ओरालोमा पर्ने जग्गा, जहाँ वयेंर घारी र ढुङ्गा-बालुवाहरू मात्र रहेको थियो, त्यस स्थानमा रोटरीक्लब चितवनले वयेंरघारी ढुङ्गा-बालुवा पन्छाई माटो ल्याएर पुरी वृद्धाश्रमको लागि विभिन्न भवन निर्माण गरेको हो । वृद्धाश्रमको स्थापनाकालमा वृद्धवृद्धाहरूको संख्या कम थियो । आश्रमले नै खान-बस्नको राम्रो प्रबन्ध गरेको थियो भने पछि वृद्धवृद्धाहरूको संख्या बढ्दै गएपछि आश्रममा पहिलेको व्यवस्थाले धान्न छाडेपछि उद्योगव्यवसायी गुणचन्द्र विष्टले अन्नक्षेत्र (सदावर्त) खोली सबैका लागि खानाको व्यवस्था विगत तीन वर्षदेखि (२०६६ वैशाख २२ गतेदेखि) गरेका छन् ।[११९] यसपछि वृद्धाश्रममा वृद्धवृद्धाहरूलाई भोजनको समस्या छैन ।

पारिवारिक माया-ममताबाट टाढा हुनुका साथै आफ्नो व्यावहारिक जीवनलाई परित्याग गरी शेष जीवन देवघाटजस्तो पुण्यभूमिमा व्यतित गर्न चाहने वृद्धवृद्धा र विभिन्न स्थानबाट आएका कल्पवासीहरू र उनीहरूको जीवनको भरणपोषणको निमित्त रोटरीक्लबले सामाजिक सेवा भावले यो आश्रम स्थापना गरेको बुझिन्छ । खाएको भार नलागोस् भन्ने नेपाली सामाजिक मान्यताअनुरूप न्यूनतम शुल्क दिनको रु. १० (मासिक रू. ३००/-) आश्रमलाई बुझाउँदै आएका वृद्धवृद्धाहरूले समयतालिकाअनुसार भोजन गर्ने र समयतालिका अनुसार यस आश्रममा दैनिक बिहानको समयमा चिया, दूध ९ बजेदेखि १० बजेभित्रमा खाना, २ बजेदेखि ३ बजेभित्र खाजा र साँझमा ६ देखि ७ बजेभित्रमा बेलुकीको भोजन दिने व्यवस्था मिलाइएको छ । आध्यात्मिक चिन्तनका लागि

---

११८ शोधकर्ताले २०६८ कार्तिकमा गरेको स्थलगत अवलोकन र अध्ययनका आधारमा ।

११९ रोटरी करुणालय बृद्धाश्रमका व्यवस्थापक जगन्नाथ पोखरेलसँग शोधकर्ताले २०६९/२/२३ मा प्राप्त जानकारीको आधरामा ।

भजनकीर्तन गर्दै आएको कुरा स्थलगत अध्ययन र अवलोकनबाट थाहा हुन्छ ।[१२०] मोक्ष प्राप्तिको आशा लिएका यी वृद्धवृद्धाहरू तीर्थस्थलमा स्नान गरी विभिन्न मन्दिरको दर्शन गर्दै भजनकीर्तनमा दिन व्यतित गर्न पाउँदा अत्यन्तै खुसी भई क्लबप्रति कृतज्ञता व्यक्त गर्दछन् । वृद्ध १२ र वृद्धा २० जना रहेको यस आश्रममा प्रत्येक १५/१५ दिनमा निःशुल्क स्वास्थ्यपरीक्षण तथा औषधि वितरणको व्यवस्था समेत हुँदै आएको कुरा थाहा हुन्छ ।[१२१]

वृद्धवृद्धाहरूको आश्रमको निमित्त जनस्तरबाट स्वसञ्चालन भएको वृद्धाश्रममध्ये देवघाटमा स्थापना गरिएको दुइवटा वृद्धाश्रम पनि हुन् । यी दुई वृद्धाश्रमहरू दुई भिन्न-भिन्न संस्थाहरू एन.आर.एन. र रोटरीक्लब एवम् त्यसमा समाहित अन्य सङ्घ-संस्थाहरूद्वारा सञ्चालित वृद्धाश्रमहरू हुन् । सामाजिक तहबाट यी दुई संस्थाहरूले वृद्धवृद्धाहरूलाई जुन आश्रय दिएका छन् त्यो उल्लेख्य रहेको छ । एन.आर.एन. वृद्धाश्रममा उसले तोकेको शुल्क तिरेर र रोटरी करुणालय वृद्धाश्रममा खानाको भारा नलागोस् भनी अत्यन्त न्यून रकम दैनिक रु. १०/- तिरेर वृद्धवृद्धाहरू आश्रममा रहेका छन् । उनीहरू न्यूनतम शुल्कमा खान-बस्न पाएकोमा खुसी देखिन्छन् ।

रोटरीकरुणालय वृद्धाश्रमको वार्षिक खर्च १८,००,०००/- हुने गर्दछ । यो खर्चलाई धान्नको निमित्त विभिन्न महानुभावहरूबाट अक्षयकोष खडा गरिएको छ । उक्त अक्षयकोषमा ६७,००,०००/- जम्मा भएको छ । यसको अलावा वृद्धाश्रममा बस्ने वृद्धवृद्धाहरूबाट वार्षिक रु. ३,६००/- प्राप्त हुने गर्दछ भने उक्त आश्रमकै निमित्त दैनिक रु. १००/- देखि ५००/- सम्म रकम दिने महानुभावहरू पनि छन् ।

यस वृद्धाश्रमको निमित्त हाल दैनिक रु. २,१००/- खर्च लाग्ने गरेको पाइन्छ । विभिन्न मानिसहरूले यहाँका वृद्धवृद्धाहरूलाई खुवाउन चाहेको स्थितिमा उनीहरूबाट रु. ५,१००/- लिइ त्यसैबाट भोजन गराउने व्यवस्था भएको भान्छाका प्रबन्धकबाट थाहा हुन आउँदछ ।[१२२] यस आश्रममा केवल आश्रमभित्र बस्ने वृद्धवृद्धाहरूको

---

१२० *ऐजन* ।

१२१ रोटरीक्लबका व्यवस्थापक सचिवबाट प्राप्त जानकारीको आधरामा ।

१२२ शोधकर्ताले रोटरीक्लबका अध्यक्ष उपेन्द्र रिजालसँग वि.सं. २०६८/८/२९ गते गरेको भेटवार्ता ।

लागि मात्र खानाको व्यवस्था नभई विभिन्न दुःखी गरीव र असहायहरूले पनि खानाको समयमा जोसुकै आएमा खाना खान पाउने व्यवस्था छ ।[१२३]

यसरी यस संस्थाले गरीव जेष्ठनागरिक र वृद्धवृद्धाहरूलाई आश्रय दिएर देवघाटधाममा यसले महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । देवघाटधाममा वृद्धवृद्धाहरूको वासस्थानको निमित्त सङ्घ-संस्थाहरूले वृद्धाश्रमको स्थापना गरेको देखिन्छ । धनाढ्यवर्ग र निम्न वर्गलाई ध्यानमा राखी निर्माण गरिएका यस्ता आश्रमहरूले पनि देवघाटको आधुनिकीकरणमा योगदान पुऱ्याएको देखिन्छ । गैर आवासीय नेपालीहरूद्वारा स्थापना गरेको वृद्धाश्रमको व्यवस्थापनमा केही कमी-कमजोरीहरू भइरहने हुँदा त्यहाँका वृद्धवृद्धाहरूमा असन्तोषको भावना देखिन्छ भने रोटरीकरुणालय वृद्धाश्रमका वृद्धवृद्धाहरू भने आश्रय पाएकोमा आश्रमप्रति सन्तुष्ट रहेको कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ ।

### ४.२.४ देवघाटको आधुनिकीकरणमा सरकारी स्तरबाट भएका योगदानहरू

देवघाटको आधुनिकीकरणमा व्यक्ति, सामाजिक सङ्घ-संस्थाले जस्तै गरी सरकारी क्षेत्रबाट पनि भूमिका निर्वाह गर्दै आएको देखिन्छ । वि.सं. १९९७/९८ साल पूर्व घना जङ्गल भएको देवघाट नजिकै चितवन जिल्लामा समय-समयमा देशी-विदेशी शासकहरू सिकार खेल्न आउने गर्थे ।[१२४] औलोको प्रकोप भएको यस क्षेत्रमा अत्यन्त न्यून संख्यामा थारु वस्तीमात्र थियो । अहिलेको नारायणघाट बजार भएको स्थानमा त्यसबेला हिउँदको समयमा व्यापारिक प्रयोजनका लागि बनाइएका स्याउलाले बारिएका अस्थायी दुई-चारवटा झुप्राहरू मात्र हुन्थे । तर त्यसबेलामा पनि देवघाटमा माघेसङ्क्रान्ति मेला लाग्ने गर्दथ्यो ।

वि.सं. २०११ सालतिर पहाडतर्फका केही मानिसले रामनगरमा एक-दुईबवटा झुप्रा बनाई स्थायी रूपमा बस्न थालेका थिए । यिनीहरू बेला-बेलामा देवघाटमा पूजाआजा गर्न जाने गर्दथे ।[१२५] त्यसभन्दा पहिलेदेखि नै देवघाटमा डुङ्गा खियाउने प्रयोजनका लागि माझी समुदायका मानिस बस्दै आएका थिए ।

---

[१२३] शोधकर्ताले रोटरीक्लबका भान्छा प्रबन्धक अरविनकुमार सापकोटासँग २०६८ कार्तिकमा गरेको स्थलगत अध्ययन र अवलोकनको आधारमा ।

[१२४] देवीप्रसाद कँडेल, *चितवनको इतिहास,* प्रथम भाग, (चितवन : लक्ष्मी कँडेल, २०६५), पृ. ४२ ।

[१२५] *ऐजन* ।

यसै समयमा नै अर्थात् वि.सं २०११ सालमा लम्जुङ, तनहुँ, धादिङ र मकवानपुरमा ठूलो बाढी आयो । बाढी पीडितहरूलाई बसोवास गराउन चितवन सारियो । चितवनमा औलोको प्रकोप भएकाले औलो उन्मूलन कार्यक्रमहरू लागू भयो । रापतीदून विकासयोजना (वि.सं. २०११-२०१४) लागूभयो र चितवनमा बसोवास गराउन जग्गा वितरण गर्ने, हेटौंडाबाट त्यहाँ पुग्ने बाटो खोल्नेजस्ता कार्यहरू रापतीदून परियोजनाले गऱ्यो ।[१२६] यसै क्रममा वि.सं २०१४ सालतिर कल्पवासीहरूलाई राख्नका निम्ति देवघाटक्षेत्र उपयुक्त भएको र त्यहाँ कल्पवास स्थान बनाइएको उल्लेख पाइन्छ । त्यसपछि उपर्दाङ्गढी (भुवानीमा) भएको चितवनको सदरमुकाम भरतपुरमा सऱ्यो । वि.सं २०१४ देखि पटक-पटक गरी वि.सं २०१८ सालसम्म क्रमशः त्यहाँ सरकारी कार्यालयहरू स्थापना हुन थाले । मानिसहरूको आवतजावत बढ्दै गयो । बाटाघाटा खुल्न थाले र पूर्व-पश्चिम राजमार्गको शिलान्यास पनि गैंडाकोटमा भयो । त्यसअघि नै वि.सं २०१३ सालमा भरतपुर विमानस्थल पनि निर्माण भइसकेको थियो ।

यसरी चितवनको सदरमुकाम देवघाट नजीकै भरतपुरमा सरेको र माथि उल्लेखित अन्य विकासका कारणले मानिसहरूको आवतजावत बढ्यो । यसको प्रभाव देवघाटमा पनि पऱ्यो । यही सिलसिलामा वि.सं २०२० सालसम्म आइपुग्दा देवघाटधामको विकासमा आधुनिकीकरणको जग बसेको देखिन्छ । यसै अनुरूप देवघाटसम्बन्धी एक विकास समितिको समेत निर्माण गरियो । वि.सं. २०२० साल चैत्र ७ गते शुक्रबार नारायणी अञ्चलका तत्कालीन अञ्चलाधीश चन्द्रमान थकालीको अध्यक्षतामा उहाँकै निवासमा एक बैठक बसी १४ सदस्यीय देवघाट विकास समितिको गठन भएको थियो ।[१२७] यसरी वि.सं. २०२० सालमा देवघाट विकास समितिको स्थापना भएपछि यस कार्यले देवघाटको भावी विकासको निमित्त मार्गनिर्देशन गर्नुका साथै वेवारिसेजस्तो अवस्थामा रहेका त्यहाँका पुराना मठ-मन्दिर र भग्नावशेषहरूको संरक्षण भएको थियो । यसै क्रममा वि.सं. २०२२ सालमा स्व. श्री ५ महेन्द्रबाट देवघाटक्षेत्रको देवदेवीस्थलको लागि १००० रोपनी जग्गा छुट्याई दिन हुकुम प्रमाङ्गी भयो । सोहीअनुसार तनहुँ जिल्लाको देवघाट गा.वि.स.

---

[१२६] जनकलाल शर्मा, पादटिप्पणी सं. १०३ पृ. २० ।

[१२७] मदनमोहन जोशी, "देवघाटधाम एक ऐतिहासिक स्थल," *देववाणी,* अङ्क ३, वर्ष ३, (काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०५७), पृ. २२-२३ ।
विस्तृत जानकारीको लागि परिशिष्ट नं १० हेर्नुहोस्

वडा नं. को ९२, ९३, ९४, ९५, ९६, ९७, ९८, ९९ र १०० कित्ताहरू विभिन्न देवीदेवता, कल्पवासी क्षेत्र र छात्रावासको नाममा दर्ता भएको देखिन आउँदछ ।[१२८]

त्यसप्रकार तत्कालीन देवघाट विकास समितिको गठनको कारणले देवघाटको विकासमा केही टेवा पुगेको भए तापनि देवघाटधामको योजनाबद्ध विकासको सुरुवात भने स्व. श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहको संरक्षकत्वमा वि.सं. २०३६ सालमा पुनः गठित "देवघाट विकास समिति" बाट भएको हो । उक्त समयमा तत्कालीन तनहुँ, जि.वि. सभापति कृष्णप्रसाद अधिकारीको अध्यक्षतामा बसेको २०३६/११/१० मा देवघाट विकास समितिको बैठकले चारकिल्ला तोकी सोही अनुरूप देवघाटक्षेत्र मापाङ्कन गर्न आदेश दिएको पाइन्छ ।[१२९] पुनः उनैको संरक्षकत्वमा वि.सं. २०३७/४/६ मा ताहाचलस्थित रेडक्रस भवनमा बैठक बस्यो[१३०] । सोही अनुसार गुठी संस्थानका तत्कालीन अध्यक्ष वद्रीविक्रम थापाको संयोजकत्वमा एउटा शाखा कार्यालय देवघाटमा बस्यो ।[१३१] सो कार्यालयले तनहुँ, चितवन र नवलपरासीक्षेत्रबाट देवघाटक्षेत्रको सीमा निर्धारण गऱ्यो ।

त्यसै बेला देवघाटलाई धार्मिक तीर्थस्थलको रूपमा मात्र नभई स्वदेशी एवं विदेशी पर्यटकहरूका लागि थप आकर्षक क्षेत्रको रूपमा कसरी विकास गर्न सकिन्छ भन्नेतर्फ विचार, विमर्श एवं अध्ययनको प्रारम्भ गर्नुका साथै तत्कालीन श्री ५ बाट देवघाटका मठ-मन्दिरका लागि प्रदान गरेको एकहजार रोपनी जग्गालाई विधिवत् हस्तान्तरण गर्ने तथा ती जग्गा जथाभावी रूपमा अतिक्रमण हुनबाट रोक्ने र विभिन्न मन्त्रालय, विभाग एवम् कार्यालयहरूबाट देवघाटमा तत्कालीन गर्नुपर्ने देखिएका आवश्यक केही कार्यहरू गर्न गराउन उत्प्रेरित गरेको बुझिन्छ ।[१३२]

वि.सं. २०३९ जेष्ठ ८ गते भएको प्रिन्सेस शाहको निधनपश्चात् निस्क्रिय अवस्थामा रहेको देवघाट विकास समिति पुनः वि.सं. २०४२ सालमा आएर चर्चामा आयो । पश्चिमाञ्चल क्षेत्रको अनौपचारिक भ्रमणको सिलसिलामा देवघाट आएका तत्कालिन राजा वीरेन्द्रबाट देवघाटलाई "धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्ने निर्देशन बक्स भएबमोजिम तत्कालीन गुठी संस्थानका अध्यक्ष वद्रीविक्रम थापाको संयोजकत्वमा एक

---

१२८ *देवघाटक्षेत्रको भौतिक विकास योजनाको प्रतिवेदन,* (काठमाडौं : देवघाटक्षेत्र विकास समिति, २०५२/५३), पृ. १२ ।

१२९ *ऐजन,*

१३० सूब सेन, "देवघाटधाम : रमणीय वृन्दावन," *देववाणी,* संयुक्ताङ्क (काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०६४), पृ. १७७ ।

१३१ शोधकर्ताले २०६८ कार्तिकमा रामनाथ मिश्रसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१३२ गोविन्द टण्डन, "देवघाट क्षेत्रको विकास कार्य एक सर्वेक्षण," *देववाणी,* संयुक्ताङ्क (काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०६४), पृ. १६-१७ ।

कार्यदल गठन गरियो । त्यस कार्यदलले यस स्थलको अध्ययन गरी वि.सं. २०४४ जेष्ठ १४ गते एक प्रतिवेदन तयार पाऱ्यो, जसमा निम्नलिखित सुझावहरू उल्लेख गरिएको थियो :

(१) देवघाटक्षेत्रको सरकारी जग्गाको अतिक्रमणलाई रोक्ने,

(२) यस क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्रको रूपमा विकास गर्न छुट्टै योजना बनाउने ।

(३) उक्त क्षेत्रको चारकिल्ला छुट्याई नापनक्सा गराउने,

(४) जग्गा अधिग्रहण गर्न पर्ने नपर्ने खुलाउने,

(५) यस क्षेत्रको नजिक (जुगेडीमा) भएको मदभट्टी कति टाढा छ बुझ्ने,

(६) यस्ता उद्योगबाट धार्मिकक्षेत्रमा असर नपर्ने गरी तोकी स्वीकृति दिने,

(७) यस क्षेत्रमा काम गर्दा नारायणी, लुम्बिनी र गण्डकी अञ्चललाई जानकारी दिनुपर्ने आदि ।[१३३]

सरकारीस्तरबाट देवघाटधामको धार्मिक तथा ऐतिहासिक महत्त्वलाई बुझेर यसलाई अझ बढी प्रकाशमा ल्याउनको निमित्त हुलाक टिकट पनि प्रकाशमा ल्याएको छ ।[१३४] देवघाटक्षेत्रको संरक्षण र सम्वर्द्धनको निमित्त जनस्तरबाट देवघाट विकासको गठन गरिएको भए तापनि यसले निरन्तरता पाउन नसकेपछि यसलाई विघटन गरी औपचारिक रूपबाटै सरकारी स्तरबाट वि.सं. २०५० सालमा देवघाटक्षेत्र विकास समितिको गठन भयो । वि.सं २०५२ सालमा उक्त समितिले देवघाटको योजनाबद्ध विकास गर्ने गुरु योजना निर्माण गऱ्यो । देवघाटक्षेत्रको सीमा निर्धारण गऱ्यो । तनहुँ, चितवन र नवलपरासीको निश्चित भू-भाग समेटेर ५४३४ हेक्टर क्षेत्रफललाई देवघाटक्षेत्र मान्यो । देवघाटक्षेत्रलाई पवित्र धार्मिकस्थल, एवम् पर्यटकीयस्थल बनाउनको लागि आवश्यक पर्ने पूर्वाधार गुरु योजनाको रूपमा तयार गर्नु, व्यवस्थित बसोवास गराउनु, प्रदूषण रोक्नु आध्यात्मिक केन्द्रतर्फ धार्मिक अनुसन्धानका रूपमा विकास गर्नुपर्ने आवश्यकता भएकाले गुरुयोजना निर्माण हुन गएको ज्ञात हुन आउँछ ।[१३५]

---

[१३३] लक्ष्मीकान्त शर्मा "देवघाटक्षेत्र विकासको अवधारणा र पृष्ठभूमि," *देवघाट दर्पण,* (तनहुँ : देवघाटक्षेत्र विकास समिति, २०६३), पृ. ११७ ।

[१३४] हुलाक टिकटको नमुना परिशिष्ट ११ मा हेर्नुहोस्

[१३५] टण्डन, पादटिप्पणी सङ्ख्या, १३३, पृ. १७ ।

वि.सं. २०५१/५२ बाट देवघाटधामको विकास के कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा समय-समयमा गण्डकी अञ्चलाधीशको कार्यालय गुठीसंस्थान, नेपाल रेडक्रस केन्द्रिय कार्यालय तत्कालिन को सरकार मुख्य सचिवको कार्यालयमा भएको छलफल, एवम् निर्णयले देवघाटमा मकरसङ्क्रान्तिमा लाग्ने मेलालाई कसरी व्यवस्थापन गर्ने, देवघाटमा देखापरेका समस्याहरूको समाधान गर्नको निमित्त, देवघाटक्षेत्रको विकास गर्नको निमित्त समितिको गठन भयो ।

**(क) देवघाट क्षेत्र विकास समितिको गठन**

वि.सं. २०१३ सालको विकास समिति ऐन अन्तर्गत "नेपाल राजपत्र," भाग ३, खण्ड ४३, अतिरिक्ताङ्क वि.सं. २०५० चैत्र ४ गतेका दिन विधिवत् देवघाटक्षेत्र विकास समिति गठन भयो । देवघाटक्षेत्र विकास समितिले देवघाटको विकासको निमित्त देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रमको स्थापना वि.सं. २०५२ सालमा गऱ्यो । ६० जना वृद्धवृद्धाहरूलाई आवास र भोजनको व्यवस्था गर्नुका साथै देवघाटक्षेत्रको धार्मिक एवम् पर्यटकीय विकासका लागि भौतिक विकासको योजना (गुरुयोजना) को निम्ति वि.सं २०५२ सालमा प्रथम गुरुयोजनाको प्रतिवेदन तयार पारी भदौ २८ गते संसद सचिवालयको सभाकक्षमा सम्बन्धित विभागीय मन्त्रीहरू, सचिवहरू, विभागीय प्रमुखहरू र योजनासँग सम्बन्धित अन्य निकायका प्रतिनिधिहरू समेत भएको बैठकमा उक्त योजनालाई सार्वजनिक गरियो । यसमा आएका सल्लाह र सुझावहरूलाई समेत समावेश गरी गुरुयोजना स्वीकृतिका लागि मन्त्रीपरिषद्मा पेश गर्ने निर्णय गरियो ।[१३६]

यसरी सरकारी स्तरबाट वि.सं २०५० चैत्र ४ मा स्थापना गरी आद्यावधिसम्म देवघाटको निमित्त कार्यान्वयन गरिरहेको क्षेत्र विकास समितिले देवघाटको विकासको निमित्त गुरु योजनाको निर्माण, वृद्धाश्रमको स्थापनालगायत मठ-मन्दिरहरूको मर्मत-सम्भार गर्नुका साथै बाटो सिँढीका दायाँबायाँ रेलिङ्ग, पुलपुलेसाको निर्माणमा योगदान पुऱ्याएको छ ।[१३७] यसैगरी क्षेत्र विकासमार्फत् समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको वृद्धाश्रमको सुरुवात डिल्लीरामबाबाद्वारा ग्राभेल विछ्याएर बनाएको बाटोलाई पिच

---

[१३६] देवघाटक्षेत्र विकास समितिका प्रथम कार्यकारीनिर्देशक लक्ष्मीकान्त शर्मासँग शोधकर्ताले २०६७/१/८ मा लिएको अन्तर्वार्ता ।

[१३७] शोधकर्ताले २०६८ कार्तिकमा गरेको देवघाटको स्थलगत अध्ययन र अवलोकनका आधारमा ।

बनाउनुका साथै मौलाकालिकाको सिँढी शिलान्यास, हर्दी (हरिपुर), केलादी देवघाट जोड्ने मार्गका निर्माणका अलावा अन्य महत्त्वपूर्ण कार्यहरू गरेको देखिन्छ ।[१३८] देवघाटक्षेत्र विकास समितिको स्थापना कालमा कार्यालय भवन भाडामा थियो, जसलाई पछि वि.सं २०५६/५७ सालमा चितवनस्थित देवघाटधाममा आफ्नो कार्यालय निर्माण गर्नुका साथै प्रवचन हलको समेत निर्माण गराइएको देखिन्छ । देवघाटक्षेत्रको विकासमा देवघाट विकास समितिले वृद्धाश्रमको स्थापना गरी महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । ।[१३९]

पहिलोपटक विधिवत् रूपमा स्थापना गरिसकेको देवघाटक्षेत्र विकास समितिमा लक्ष्मीकान्त शर्मा पौडेललाई तत्कालीन युवाखेलकुद, संस्कृति, शिक्षा तथा समाजकल्याण मन्त्री मोदनाथ प्रश्रितद्वारा कार्यकारीनिर्देशकका रूपमा सीताराम संस्कृत माध्यमिक विद्यालयका प्राचार्य लक्ष्मीकान्त शर्मा पौडेल (लकाश) लाई वि.सं २०५२ सालको फागुनमा काजमा पठाइएको भए तापनि उनको कार्यकाल पूरा हुन नपाउँदै पुनः उक्त पदमा दोस्रो व्यक्ति भरत दवाडीलाई वि.सं २०५३ सालमा नियुक्त गरिएको थियो । उनको आफ्नो चार वर्षको कार्यकालमा अध्यक्षमा रामचन्द्र शर्मा पौडेल र विष्णुप्रसाद धितालको समयमा देवघाटमा केही विकास भएको कुरा अन्तर्वार्ताको क्रममा ज्ञात हुन आउँदछ ।[१४०] खासगरी लक्ष्मीकान्त शर्माको समयमा बनेको गुरुयोजनाको खाकालाई विस्तृत रूपमा ल्याउने काम भरत दवाडीबाट भएको हो । यसैगरी देवघाटक्षेत्र विकास समितिको पहलमा समाज कल्याण मन्त्रालय अन्तर्गत रहेको वृद्धाश्रमको सुरुवात, डिल्लीरामबाबाद्वारा ग्रावेल बिछ्याएर बनाएको बाटोलाई पीच बनाउन मौलाकालिकाको सिंढी शिलान्यास नवलपरासी हर्दी (हरिपुर) केलादी (देवघाट जोड्ने) मार्ग निर्माणका साथै वि.सं २०५५ साल फागुन ९ गतेका दिन देवघाटक्षेत्र विकास समितिका अध्यक्ष विष्णुप्रसाद धितालको अध्यक्षतामा पृथ्वी राजमार्गस्थित दियालो बङ्गलाको नजिकमा रहेको देवघाटधामको प्रवेशद्वारको तत्कालीन श्री ५ युवराज दीपेन्द्र सरकारबाट उद्घाटन भएको थियो (परिशिष्ट २३) ।

वि.सं. २०५२/१२/३० देखि २०५६ सम्म भरत दवाडीको कार्यकालपश्चात् तेस्रो कार्यकारीनिर्देशकका रूपमा वि.सं.२०५७/३/२८ बाट ब्रह्मदत्त तिमिल्सिना नियुक्त भए ।

---

१३८ ऐजन

१३९ देवघाटक्षेत्र विकास समितिका दोस्रो कार्यकारीनिर्देशक भरत दवाडीसँग शोधकर्ताले २०६७ वैशाखमा लिएको अन्तर्वार्ताको आधारमा ।

१४० महेशसन्यास आश्रमका प्राचार्य श्री गुरुप्रसाद सुवेदीसँग गरेको भेटवार्ताका आधारमा ।

उनको कार्यकालमा देवघाटक्षेत्र विकास समितिको आफ्नो छुट्टै कार्यालय नभएको हुँदा यसको व्यवस्थित कार्यालय बनाउनको निमित्त चितवनतर्फ कार्यालय र प्रवचन हलको शिलान्यासका साथै निर्माण कार्य सम्पन्न भएको थियो ।[१४१]

यसपछि चौथो कार्यकारीनिर्देशकका रूपमा वि.सं. २०६१/९/२३ मा अन्जन न्यौपानेलाई सरकारी तहबाट काजमा पठाइएको थियो । उनको कार्यकाल अत्यन्त छोटो भएकाले खासै कुनै काम पनि हुन सकेन । यसपछि वि.सं. २०६१/९/२३ मा पाचौँ कार्यकारीनिर्देशकका रूपमा श्रीधर शर्मा नियुक्त भए । यिनले पनि पूर्ण कार्यकाल सञ्चालन गर्न भने सकेनन् । यद्यपि यिनको समयमा देवघाटको प्रचार-प्रसारको निमित्त 'वृत्तचित्र' को तयारी, मणिमुकुन्द सेन उद्यान पार्कको प्राङ्गणमा जाने सिंढी मार्ग, हरिहर सन्यास आश्रमतर्फको सिंढीमार्ग, झोलुङ्गेपुलतर्फको सिंढीमार्ग जस्ता बाटाहरूलाई फराकिलो बनाउने काम भएको थियो ।[१४२]

वि.सं २०६३ साल असारमा श्रीधर शर्माको कार्यकाल समाप्त भएपछि छैटौँ कार्यकारीनिर्देशकका रूपमा शिवदत्त ढकाल र अध्यक्षमा गुरुप्रसाद सुवेदीको नियुक्ति भएको थियो । उनीहरूको कार्यकालमा देवघाटको तनहुँतर्फ कार्यालय भवनको स्थापना, देवघाटको महत्त्व दर्शाउने खालको 'देवघाट दर्पण' वार्षिक पत्रिकाको शुभारम्भ, वि.सं २०५२/०५३ मा तयार गरिएको गुरुयोजनालाई पुनर्संशोधन जस्ता केही काम भएको थियो ।[१४३] वि.सं २०६३ सालदेखि वि.सं २०६५ माघसम्म दुईवर्षको पूर्ण कार्यकालपश्चात् अध्यक्षको पदमा श्री बाबुराम घिमिरे नियुक्त भएका थिए भने वि.सं २०६५ फागुनको अन्तिमबाट सातौँ कार्यकारी निर्देशकका रूपमा लोकप्रसाद भूर्तेलको नियुक्ति भएको थियो । यिनीहरूको कार्यकाल अत्यन्त छोटो भएको हुँदा यिनीहरूबाट देवघाटको निमित्त खासै केही काम हुन सकेन । यसपछि वि.सं २०६६ साल साउनबाट अध्यक्षको पदमा तिलक सापकोटा र आठौँ कार्यकारीनिर्देशकका रूपमा चन्द्रदेव तिवारीको नियुक्ति भयो । यिनको छोटो कार्यकालमा तनहुँको देवपुर र नवलपरासीतर्फको हर्दी (हरिपुर) मा झोलुङ्गेपुल जोड्ने कार्यको शिलान्यासका साथै निर्माण कार्य सुरु भएको अवगत हुन्छ ।[१४४]

---

[१४१] देवघाट, चितवन निवासी लक्ष्मण सुवेदीबाट प्राप्त जानकारी ।

[१४२] देवघाट क्षेत्रको अनुसन्धान गर्ने व्यक्ति नारायणप्रसाद शर्मा तिम्सिनाबाट प्राप्त जानकारी ।

[१४३] तत्कालीन कार्यकारीनिर्देशक शिवदत्त ढकालबाट प्राप्त जानकारी ।

[१४४] शोधकर्ता २०६८ भाद्रमा गरेको देवघाटको

वि.सं २०६७ साउन २३ गतेबाट नवौं कार्यकारीनिर्देशक बलराम पौडेलको नियुक्ति भयो । यिनैको कार्यकालमा देवपुर र हर्दी जोड्ने कालीगण्डकीमाथिको झोलुङ्गे पुलको निर्माण कार्य पूरा भयो ।[१४५] यसका साथै शिवदत्त ढकालको समयमा शिलान्यास भई निर्माण कार्य प्रारम्भ भएको कार्यालय भवनको वि.सं २०६७ फागुन २६ गतेका दिन राष्ट्रपति रामवरण यादवबाट यस भवनको समुद्घाटन भएको थियो ।[१४६]

यिनको एकवर्षको कार्यकालपश्चात् वि.सं २०६८ साउनदेखि दशौँ कार्यकारीनिर्देशकको रूपमा दोश्रो पटक लोकप्रसाद भुर्तेलको पुनः नियुक्ति भयो भने अध्यक्षका रूपमा वि.सं २०६८ असोजबाट खिमलाल भण्डारी नियुक्ति भए । यिनीहरूको कार्यकालमा चितवन र तनहुँ जोड्ने झोलुङ्गेपुलको मर्मत, वसपार्कसँगै १६ वटा सटर ( कवल) हरूको निर्माण, झोलुङ्गेपुलपारी तनहुँतर्फ रहेको सिंढी मार्गमा रेलिङ्गको व्यवस्था, रोटरीक्लब (रोट्रयाक्ट) उद्योग वाणिज्य संघ नारायणगढ भरतपुर नगरपालिकासँग सामञ्जस्य गरी निर्माणाधीन स्मशानघाट (मसानघाट) कार्यान्वयन जस्ता केही कार्यहरू भएको देखिन्छ ।[१४७] वि.सं २०६९ फागुनको अन्तिममा लोकप्रसाद भूर्तेलको कार्यकाल समाप्त भई वि.सं २०६९ चैत्र १ मा एघारौं कार्यकारीनिर्देशकमा जयकृष्ण शर्मा सुवेदी नियुक्त भएका छन् भने हाल अध्यक्षका रुपमा शैलेन्द्र पिया नियुक्त भएका छन् ।

यस सरकारी संस्थाले विभिन्न कार्यकारीनिर्देशकहरूको समयमा जेजति कार्यहरू गरे तापनि ती सबै कार्य व्यक्तिले नभई संस्थाले गरेको हो । अतः यो संस्थाको सबैभन्दा महत्वपूर्ण कार्यका रूपमा मणिमुकुन्द सेन उद्यान पार्कभित्र सिंगमर्मर पत्थरमाथि उभिएको शिवजी, पार्वती, बसाहा, सिंह, गंगा र जलधाराको मूर्ति राखिएको छ भने पूर्वतर्फ सिमेण्टले बनाइएको स्तम्भमाथि वसिष्ठ ऋषि पद्मासनमा पश्चिम कालीगण्डकीतर्फ फर्केर बसेको अवस्थामा रहेको छ । साथै तलतिर सानो पोखरीको निर्माण भएको छ । उक्त उद्यान पार्कभित्र श्रीखण्ड, रुद्राक्ष, कपूर जस्ता महत्त्वपूर्ण वृक्ष र धूपी र फूलहरूले भएको यो उद्यान अत्यन्त आकर्षक देखिन्छ । यस कार्यलाई देवघाटको विकासका रूपमा लिन सकिन्छ ।

वि.सं २०५१ सालमा स्थापना भएको देवघाटक्षेत्र विकास समितिलाई विभिन्न व्यवधानहरूको सामना गर्नुपरिरहेको देखिन्छ । खासगरी यहाँका वासिन्दा

---

१४५ स्थलगत अवलोकनका आधारमा ।

१४६ २०६७/११/२६ गतेका दिन स्वयं शोधकर्ताले गरेको दृश्यावलोकनका आधारमा ।

१४७ देवघाट क्षेत्र विकास समितिका अध्यक्ष खिमलाल भण्डारीसँग शोधकर्ताले २०६८ श्रवणमा गरेको भेटवार्ताका आधारमा ।

भक्तजनहरूले स्वयम् आश्रमहरूका पीठाधीशहरूले क्षेत्र विकाससँग समन्जस्य नगरेको कुरा वर्तमान सदस्य बताउँदछन् ।[१४८] खासगरी विभिन्न गोत्रका मानिसहरूले आफ्नो कुलायन स्थापनाका निमित्त धेरैभन्दा धेरै जग्गा ओगटेर राखेको देखिन्छ । यसको निम्ति उनीहरूले कसैसँग सोधखोज नगरी बिघौंविगाहा जग्गा बारबेर गरी सानो कुलायनको मन्दिर बनाइराखेको कुरा स्थलगत अवलोकनबाट थाहा हुन आउँदछ । यसैगरी यहाँ विभिन्न संस्थाहरू स्थापना गर्ने नाममा धार्मिकक्षेत्रका महत्त्वपूर्ण जग्गाहरू ओगटेर राखेको देखिन्छ । सबैभन्दा अचम्मको कुरा त के छ भने देवघाट आउनेजाने बाटो समेत अतिक्रमण गरी स-साना टहरा-झुपडी बनाएको देखिन्छ । सीताराम विद्यालयदेखि पुलसम्म व्यावसायिक प्रयोजनका निमित्त बनेका झुप्रा टहराहरूले ११ मिटरको बाटोलाई च्यापी ६ मिटरमा सीमित गराइएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । यसैगरी खोल्साखोल्सी, चौतारा, पुलपुलेसा र सिंढी मार्गलाई समेत च्यापेर अगाडिपछाडि पाली उभ्याई स-साना घरहरू पनि बनाइरहेको कुरा स्थलगत अवलोकनबाट थाहा हुन आउँदछ । आफ्नो मनखुसी काम गरिरहेका यहाँका मानिसहरूले न त देवघाटक्षेत्र विकाससँग कुनै सोधपुछ राख्दछन् न त कुनै सम्बन्धित निकायबाट इजाजत नै लिएका हुन्छन् ।[१४९] देवघाटक्षेत्र विकास समितिको आफ्नो कुनै ऐननियम नभएका कारणले यहाँ भएका विकृतिहरूलाई पनि टुलुटुलु हेर्नु सिवाय अरू विकल्प नभएको कुरा वर्तमान अध्यक्ष बताउँदछन् ।[१५०] स्थानीय वासिन्दाहरूद्वारा नै सप्तगण्डकीको गिटी-बालुवा र ढुङ्गा निकासीको बढ्दो क्रम भएको देखिन्छ, जसले गर्दा देवघाटको प्राकृतिक पर्यावरणलाई नै खतरा पुगिरहेको देख्न सकिन्छ ।

देवघाटमा केही वेवारिसे ठूला भवनहरू देख्न सकिन्छ । विद्यालयको नाममा स्थापना गरिएका यी भवनहरूमा विद्यार्थीहरू, पठनपाठन नभएको र स्वयम् व्यवस्थापक एवम् संस्थापकको पनि पत्ता लाग्न नसकेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । वर्षेनी देवघाटक्षेत्र विकास समितिको घट्दो बजेट र आफ्नो कुनै ऐनकानुन नभएको कारण देवघाटक्षेत्र विकास समितिले चाहेको जस्तो विकासका कार्य गर्न नसकेको कुरा वर्तमान कार्यकारीनिर्देशक बताउँदछन् ।[१५१] स्थलगत अध्ययन अवलोकन र अन्तवार्ताका आधारमा

---

[१४८] देवघाटक्षेत्र विकास समितिका वर्तमान सदस्य इन्द्र रेग्मीसँग शोधकर्ताले २०६९ वैशाखमा लिएको अन्तर्वार्ता ।

[१४९] *ऐजन* ।

[१५०] देवघाटक्षेत्र समितिका वर्तमान अध्यक्ष खेमराज भण्डारीसँग शोधकर्ताले २०६९ वैशाखमा लिएको अन्तर्वार्ता ।

[१५१] देवघाटक्षेत्र विकास समितिका कार्यकारीनिर्देशक लोकप्रसाद भुर्तेलसँग शोधकर्ताले २०६९ वैशाखमा लिएको अन्तर्वार्ता ।

उल्लेख गरिएअनुसार देवघाटक्षेत्र विकास समितिका थुप्रै व्यवधानहरू भएको र उक्त व्यवधानहरूलाई पार गर्न सक्ने ऐन कानुन नभएको कारण सरकारीस्तरबाट स्थापित देवघाटक्षेत्र विकास समितिले देवघाटको आधुनिकीकरणमा खासै उल्लेखनीय योगदान पुऱ्याउन नसकेको देखिन आउँदछ ।

**(ख) देवघाटक्षेत्रको गुरुयोजना निर्माण**

देवघाटक्षेत्रको आधुनिकीकरणमा सरकारी क्षेत्रबाट पुगेका योगदानहरूमा देवघाटक्षेत्र विकास समितिको गठन र त्यस समितिले निर्माण गर्दै ल्याएको गुरुयोजनाको पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ ।

देवघाटक्षेत्रको योजनाबद्ध विकासका निम्ति देवघाटक्षेत्र विकास समितिले वि.सं २०५२ सालदेखि नै गुरुयोजना निर्माण गर्ने लक्ष्य लिएर अघि बढेको देखिन्छ । सर्वप्रथम यस समितिले वि.सं २०५२ सालमा यस क्षेत्रको भौतिक विकासको योजना तयार गऱ्यो । यसमा यस क्षेत्रलाई दुइभागमा बाँडेर भित्री क्षेत्र र बाहिरीक्षेत्रको अवधारणा ल्यायो । यो सँगै नक्साङ्कन पनि गरिएको पाइन्छ ।[१५२] यसलाई वि.सं २०५६ मा चरणबद्ध विकास योजना गर्ने अवधारणालाई भित्री धार्मिकक्षेत्रको विस्तृत गुरुयोजना निर्माण गर्ने काम सुरु गरिएको, नक्सा तयार गरिएको र पुरातात्विक अध्ययन समेत गर्ने गराउने लक्ष्य राखिएको पाइन्छ । यसरी वि.सं २०५२ सालमा उठान गरिएको गुरुयोजनालाई वि.सं २०५६ सालमा विस्तृतीकरण गर्ने काम भएको देखिन्छ (परिशिष्ट २५) ।[१५३] यसपछि वि.सं २०५६ सालको गुरु योजनालाई पनि समयानुकूल बनाउन र आवश्यक परिमार्जनका लागि वि.सं २०६३ सालमा पुनः यसको छलफल भएको पाइन्छ । यसरी निर्माण हुँदै आएको गुरुयोजना वि.सं २०६४ सालमा आइपुगेपछि धेरै परिमार्जन गरी, नक्साङ्कनहरू पनि तयार गरी नेपाल सरकार संस्कृति मन्त्रालयमा पेस भई त्यस मन्त्रालयले स्वीकृत गरेको पाइन्छ ।[१५४] यो गुरुयोजना तयारी भएको छ । यद्यपि लागू हुन सकेको भने देखिँदैन । यसमा अनेक भौतिक संभावनाहरूको सोच प्रस्तुत गरिएको छ । अध्याय एकमा देवघाटधामको परिचय (विस्तृत रूपमा) दिइएको छ । यसै गरी अध्याय दुइमा यस क्षेत्रको विकासका प्रयासहरूको

---

[१५२] सुवेदी, *पूर्ववत्,* पादटिप्पणी सं. २१, पृ. २३ ।

[१५३] *देवघाटक्षेत्रको गुरुयोजना,* (तनहुँ : देवघाटक्षेत्र विकास समिति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०६४/६५), पृ. १ ।

[१५४] *ऐजन* ।

उल्लेख गरिएको छ । भौतिक पूर्वाधारसम्बन्धी योजनाहरू अध्याय तीनमा गरिएको छ । यसमा सडक निर्माण, पुलपुलेसा निर्माण, तटबन्ध, विद्युत व्यवस्था, सार्वजनिक शौचालय र धाराहरू, खानेपानीको पाइपलाइन, ढल निर्माण आदि कुराहरू समावेश गरिएको देखिन्छ । यसै गरी अध्याय चारमा विभिन्न योजनाका लागि छुट्याइएका क्षेत्रहरूको उल्लेख गरिएको छ । यसमा कल्पवासक्षेत्र, प्रवचनस्थल, उद्यानक्षेत्र, धमार्थअस्पताल, नयाँ मन्दिरका लागि क्षेत्र, आवासीयक्षेत्र, बजारक्षेत्र, कार्यालयक्षेत्र, पार्क एवं बगैंचाक्षेत्र, जङ्गलक्षेत्र, विद्यालयक्षेत्र, जडिबूटी उत्पादनक्षेत्र, आयुर्वेद औषधालयक्षेत्र, पुस्तकालय एवं सूचनाकेन्द्र, खुल्ला मैदान, बसपार्क, बनभोज स्थल र बसोवासक्षेत्र, समाधिस्थलक्षेत्र, खेल मैदानक्षेत्र, नदीबगर क्षेत्र, मौलाकालिकाक्षेत्र, ग्रामीण क्षेत्र आदि क्षेत्रहरूको व्यवस्था गरेको देखिन्छ ।[१५५]

यसैगरी अध्याय पाँचमा भित्री धार्मिकक्षेत्रको व्यवस्थाको उल्लेख गरिएको छ । तनहुँ, चितवन र नवलपरासी तीनै जिल्लातर्फ क्रमशः के-के भौतिक निर्माणका योजनाहरू तर्जुमा गरिएका छन् भन्ने उल्लेख छ । यिनमा वेणीकुण्ड, मसानघाट, व्यवस्थित स्मसानघाटको निर्माण, मणिमुकुन्देश्वर धार्मिक उद्यान पार्क, पोखरी, देवघाटक्षेत्र विकास समितिको भवन, वृद्धाश्रम (असक्त) र (सशक्त) धर्मशाला, भजनकीर्तन भवन, पाटी, सूचना केन्द्र, सङ्ग्राहालय, गुरुकुल वेदवेदाङ्ग विद्यालयका छात्रावास, कन्या गुरुकुल, योग-प्राकृतिक चिकित्सा तथा ध्यान केन्द्र, कर्मकाण्ड सेवा केन्द्र, घाटेघर, होटल, धर्मशाला, यज्ञमण्डप (हवनमण्डप), पार्क तथा गार्डेन, (बगैया) बृहद् धार्मिक प्रवचन मञ्च, लेखनाथ पार्क, डिल्लीराज बाबा स्मारक पार्क, गुरुवास भवन, प्रशासनिक भवन, पुस्तकालय वाचनालय, कर्मचारी आवास, निःशुल्क धर्मशाला, गौशाला, चौतारी डबली, पार्क, वगैंचा, धार्मिक आध्यात्मिक चोक, सामुदायिक भवन, गुरु भोजनालय, छात्र भोजनालय, ध्यान केन्द्र, दृश्यावलोकन, मिनार, हेलिप्याड, विवाहमण्डप, शाकाहारी भोजनालय इत्यादिको व्यवस्थाको योजना गरिएको पाइन्छ ।

यसैगरी अध्याय छ मा सहायक धार्मिकक्षेत्रको उल्लेख छ । जसमा पुरातात्विक क्षेत्रहरू, सहायक धार्मिकक्षेत्रहरू, चक्रेश्वर महादेव मन्दिर परिसर, वागीश्वरीक्षेत्र, गणेशस्थानक्षेत्र, मौलाकालिकाक्षेत्र, आदिको योजना तर्जुमा गरिएको पाइन्छ ।

यसरी नै अध्याय सातमा बाहिरीक्षेत्रको विस्तृत विवरण पाइन्छ । जसमा आवासीयक्षेत्र, पर्यटकीयक्षेत्र, सामुदायिक सेवा, सुविधाक्षेत्र, यातायात सुविधा, पुल, सवारीसाधन, प्रहरीचौकी,

---

[१५५] *ऐजन* ।

विद्यालय र खेलमैदान, सत्तल, पाटीपौवा, खानेपानी, सरसफाई, फोहरमैला व्यवस्थापन, खेती, फलफूल, पशुपालन, सिंचाइ, वजारव्यवसाय, पर्यटनक्षेत्र, वनक्षेत्र, धार्मिक वन, सामुदायिक वन, संरक्षित वन, वनबाटिका, वनस्पति उद्यान, नदीक्षेत्र, पार्क र वनभोजक्षेत्र, मशानघाटक्षेत्र, जग्गा संरक्षण, जग्गाको हकभोग संरक्षण, अतिक्रमित जग्गा संरक्षण, नदी वगरको संरक्षण, दियालो वङ्गलाक्षेत्र, भूक्षय नियन्त्रण, वातावरणीय असर र यसमा निराकरणका उपायहरू, स्थानीय सहभागिता र जनचेतनामूलक कार्यक्रम आदि देवघाटक्षेत्र गुरु योजनाको बाहिरी क्षेत्रको विस्तृत विवरणमा उल्लेख गरिएको छ । साथै यस गुरुयोजनामा बाइसवटा गुरुयोजनाका नक्साहरू पनि समावेश गरिएको छ ।

यो वृद्धाश्रमको स्थापना देवघाटक्षेत्र विकास समितिले सरकारसित स्वीकृति लिई वि.सं २०५२ सालमा गठन गरेको हो ।[१५६] समाजका दीनदुःखी तथा जेष्ठ नागरिकहरूको जीवनयापन सहज बनोस् र उनीहरूको आत्मसम्मान बढोस् भन्ने उद्देश्यका साथ सेवाको भावनाद्वारा स्थापना भएको यो वृद्धाश्रम देवघाटक्षेत्र विकास समितिको महत्त्वपूर्ण कार्य हो । यो कार्य पनि गुरुयोजनाअनुसार नै यस क्षेत्रमा स्थापना भएको देखिन्छ । यस वृद्धाश्रमका बारेमा विस्तृत चर्चा अध्याय छ मा धार्मिक गतिविधि अन्तर्गतको सामाजिक गतिविधि उपशीर्षकमा राखिएकोले यहाँ यो संक्षिप्त जानकारी मात्र राखिएको छ ।

आजसम्म आइपुग्दा देवघाटक्षेत्र विकास समितिमा थुप्रै कार्यकारीनिर्देशक र अध्यक्षहरू परिवर्तन हुँदै आएको पाइन्छ (परिशिष्ट २६) । खास गरी यो परिवर्तन नेपालको राजनीतिसँग जोडिएको हुँदा यो नितान्त धार्मिकक्षेत्रले धार्मिक मूल्य र मान्यता अनुरूप विकासका कार्यलाई अगाडि बढाउन नसकेको स्पष्ट हुने देखिन्छ । खासगरी देवघाटक्षेत्र विकास समितिका पदाधिकारीहरूले आफ्नो सुविधाको निमित्त कहिले चितवनतर्फ कहिले तनहुँतर्फ (हाल तनहुँतर्फ कार्यालय भवन रहेको छ) बनाउने, देवघाटसँग सम्बन्धित पत्रिका (देवघाट दर्पण) प्रकाशनमा ल्याउने केवल छलफल र बैठकमा मात्र ध्यान केन्द्रित हुने हुँदा देवघाटको विकासको निमित्त ठोस कार्यहरू हुन नसकेको देखिन्छ । देवघाटको विकासमा ठोस कार्यान्वयन नहुनुको पछाडि पनि विभिन्न विघ्नबाधाहरू रहेको कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ ।[१५७] देवघाटका आश्रमका पीठाधीश एवम् भक्तजन कल्पवासीहरूले

---

[१५६] एकराज कोइराला "देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम) : एक परिचय," *देवघाट दर्पण,* वर्ष १, (तनहुँ : देवघाटक्षेत्र विकास समिति, २०६३), पृ. ८५-८७ ।

[१५७] देवघाटक्षेत्र विकास समितिका सदस्य इन्द्र रेग्मीसँग शोधकर्ताले २०६९ वैशाखमा लिएको अन्तर्वार्ताका आधारमा ।

देवघाट समितिसँग कुनै समन्वय नराखी आफूखुसीसँग काम गर्नु, विभिन्न क्षेत्रका मानिसहरूले आफ्नो कुलायन पूजा सञ्चालनार्थ विगौविगाहा जग्गा घेरेर राख्नुका साथै विभिन्न संस्थाहरू स्थापना गर्ने नाममा धार्मिकक्षेत्रका महत्त्वपूर्ण जग्गाहरू ओगटेर राख्नु, खोल्साखोल्सी, पुलपुलेसा र सिँढीमार्ग बाटो मार्गलाई समेत च्यापेर अगाडीपछाडि पाली उभ्याई स-साना घरहरू बनाउनुजस्ता कार्यले गर्दा देवघाट विकास समिति मौन भएर बसेको र विकासका कार्यलाई अगाडि पनि बढाउन नसकेको कुरा थाहा हुन आउँदछ । यसो हुनुमा देवघाटक्षेत्र विकास समितिको आफ्नो कुनै ऐन नियम नभएका कारणले यहाँ भएका विकृतिहरूलाई पनि टुलु-टुलु हेर्नु सिवाय अरू विकल्प नभएको कुरा वर्तमान अध्यक्ष बताउँदछन् ।[१५८]

देवघाटक्षेत्र विकास समितिले देवघाटको विकासको निमित्त अघि सारेको गुरु योजना (Master Plan) लाई महत्त्वपूर्ण योजनाको रूपमा लिन सकिन्छ । गुरु योजना ल्याएर भौतिक विकासका पूर्वाधारहरू तयार पारिएको देखिन्छ । यद्यपि भौतिक विकासका पूर्वाधारहरू तयार पारिनु मात्र विकास होइन आधुनिकीकरण र विकाससँग सम्बन्धित महत्त्वपूर्ण योगदानहरू देवघाटले हासिल गर्न भने सकेको देखिँदैन । यसो भन्दैमा विकासका कुनै पनि कार्यहरू नभएका भने होइनन् सुस्त र मन्दगतिमा थोरै-थोरै केही न केही भैरहेको कुरा भने अध्ययनका क्रममा ज्ञात हुन आउँदछ ।

यसप्रकार देवघाटक्षेत्रको आधुनिकीकरणका निम्ति सरकारी स्तरबाट भएको कार्यहरू मुख्यतः देवघाटक्षेत्र विकास समितिमार्फत् भएको थाहा हुन्छ । यसबाट पनि केही खास कामहरू भए तापनि यसको काम मुख्यतः योजना बनाउनुमा नै सीमित भएको थाहा हुन्छ ।

---

[१५८] देवघाटक्षेत्र विकास समितिका वर्तमान अध्यक्ष खेमराज भण्डारीसँग शोधकर्ताले २०६९ वैशाखमा लिएको अन्तर्वार्ताका आधारमा ।

## ४.२.५ देवघाटधामको आधुनिकीकरणमा गैरसरकारी संस्थाहरूले पुऱ्याएको योगदान

### (क) सत्यसाईं केन्द्र सङ्गठन नेपाल

देवघाट क्षेत्र, भ.न.पा. १, नारायणी किनारमा वि.सं २०३९ सालमा स्थापित यस सत्यसाईं केन्द्रले देवघाटको विकासको निमित्त काम गरेको पाइन्छ । सङ्गमतर्फ जाने ओरालो भाग सिङ्गमेश्वर पशुपतिनाथ मन्दिरकै समीपमा तीर्थालु, कल्पवासी एवं आगन्तुक पर्यटकहरूको निमित्त सार्वजनिक स्थलमा शौचालय र स्नानघर निर्माण भएको छ ।[१५९] तीन कोठामा निर्मित पक्की शौचालय र स्नानघरले देवघाटको आधुनिकीकरणको विकासमा केही योगदान पुऱ्याएको देखिन्छ ।

### (ख) नेपाल सन्त समाज

देवघाटको तनहुँतर्फ गलेश्वरबाबा आश्रम परिसरमा वि.सं २०४७ सालमा नेपाल सन्त समाजको स्थापना भएको थियो । स्थापनाकालमा स्वामी परमानन्द सरस्वती अध्यक्ष थिए[१६०] भने हाल स्वामी आत्मानन्द गिरि यसका अध्यक्षमा रहेका छन् । यद्यपि यो संस्थाले देवघाटको आधुनिकीकरणको विकासमा कुनै योगदान पुऱ्याउन सकेको देखिँदैन ।

### (ग) देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्

वि.सं २०५३ साल फागुन ३० गते जि.प्र.का., काठमाडौँमा दर्ता भएको यस परिषद्ले वि.सं २०५५ सालदेखि देवघाटधामसँग सम्बन्धित अनुसन्धानमूलक पुस्तक, पत्रिका एवं वृत्तचित्र र लेखहरू प्रकाशित गर्दै आएको छ[१६१] भने अर्कोतिर वि.सं २०६४ सालमा आएर यस परिषद्ले विकासको कार्य शुभारम्भ गरेको देखिन्छ, जसअनुसार वि.सं २०६५/०६६ देखि अघोरीबाबा आश्रमको संरक्षण गर्दै आएको बोटे परिवार (हीरा बोटे) को निम्ति ब्लक घरको व्यवस्था, आगन्तुक तीर्थयात्रिहरूको निमित्त जमीनमाथि निर्माण गरी

---

[१५९] शोधकर्ताले २०६८ असारमा गरेको स्थलगत अवलोकनको आधारमा ।

[१६०] शोधकर्ताले २०६८ कार्तिकमा स्वामी ज्ञानानन्द सरस्वतीसँग लिइएको अन्तर्वार्ताका आधारमा ।

[१६१] देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्का प्रमुख संस्थापक आचार्य नारायणप्रसाद तिम्सिना ।

काठले बारिएको चारवटा कुटीको निर्माण भइरहेको छ ।[१६२] अतः परिषद्द्वारा गरिएको यस कार्यले देवघाटको प्रचार-प्रसार एवं निर्माण कार्यमा लागिपरेका यस संस्थाका संस्थापक आचार्य नारायणप्रसाद शर्मा (तिम्सिना) हुन् । यस संस्थाले पनि देवघाटको आधुनिकीकरणमा योगदान पुऱ्याएको देखिन्छ ।

**(घ) नारायणी वातावरण संरक्षण तथा स्थानीय स्रोत व्यवस्थापन केन्द्र**

वि.सं २०५४ सालमा स्थापना भएको यस संस्थाले सप्तगण्डकी (नारायणी) को किनारको वातावरण प्रदूषण हटाउने खालका जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ ।[१६३] यदि यस संस्थाले राम्रो सफलता हासिल गर्ने हो भने सप्तगण्डकी एवं नारायणी नदी किनारमा वातावरण प्रदूषण मुक्त भई पर्यावरण स्वच्छ हराभरा हुन पुग्छ, जसले गर्दा देवघाटको आधुनिकीकरणमा पनि राम्रो प्रभाव पर्न जान्छ । तसर्थ यस्था संस्थाहरू हुनु देवघाटक्षेत्रको लागि अति उपयोगी हो । त्यसैले कार्यरूपतामा एकता हुनु जरुरी छ ।

**(ङ) देवघाट तीर्थस्नान स्थल निर्माण विकास समिति**

उमाकान्त लम्सालद्वारा वि.सं २०६२ सालमा स्थापना गरिएको देवघाट तीर्थस्नान स्थल निर्माण विकास समितिद्वारा देवघाटक्षेत्र चितवन र तनहुँको सङ्गम अघोरीबाबा आश्रम परिसरदेखि तलतिरको भागमा जाली र ढुङ्गाको प्रयोग गरी बाँध बाँध्ने काम भइरहेको कुरा स्थलगत अवलोकनबाट थाहा हुन आउँदछ । अतः यस्ता समिति र लागिपर्ने उमाकान्त लम्सालद्वारा यस क्षेत्रको महत्वमा श्रीवृद्धि हुनाले आधुनिकीकरणमा टेवा पुगेको देखिन्छ ।

**(च) देवघाट सप्तगण्डकी विकास तथा वातावरण संरक्षण समिति**

यो समितिको कार्यालय तनहुँ, वडा नं. २ देवघाटधाम ॐशान्ति मैयादेवी ट्रष्टसँगै रहेको छ । यस संस्थालाई वि.सं २०६८ फागुनमा चितवन, तनहुँ, नवलपरासी तीनै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको अवगत हुन्छ । यसको प्रमुख उद्देश्यमा देवघाटस्थित सप्तगण्डकी (नारायणी) त्यस वरपर रहेका नदीकिनार वन-जङ्गलको संरक्षण,

---

[१६२] २०६९ चैत्रमा शोधकर्ताले गरेको देवघाटको स्थलगत अवलोकनको आधारमा ।

[१६३] शोधकर्ताले २०६८ असारमा व्यवस्थापन केन्द्रका तत्कालीन अध्यक्ष डिकबहादुर गुरुङसँग गरेको भेटवार्ताका आधारमा ।

विकास तथा प्रमुख त्यस वरिपरिको वातावरणलाई शुद्धीकरण गरी हराभरा पर्यावरणलाई सुरक्षित राख्नु यसको उद्देश्य रहेको छ ।

सम्भावित जलमार्गको खोजी गर्नु यसको निमित्त यस संस्थाले देवघाटदेखि त्रिवेणीसम्मको राफ्टिङ यात्रामा विकास समितिका पदाधिकारीहरू लगायत पर्यटन राज्यमन्त्रीको उपस्थितिमा यो कार्यक्रम भएको थियो ।

### (छ) ॐहरिकीर्तन वैदिक धर्मशाला

चितवनस्थित संगमेश्वर पशुपतिनाथ मन्दिरको समीपमा ॐहरिकीर्तन वैदिक धर्मशाला रहेको छ । वि.सं २०६८ साल असारमा चितवन जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको यस संस्थाका संस्थापकका रूपमा उमानाथ कँडेल (अखण्ड हरिकीर्तनबाबा) रहेका छन् ।[१६४] देवघाटको निम्ति कार्य गर्ने उद्देश्यले स्थापित यस संस्थाले अतिथि-तीर्थयात्री पाहुनाहरूको निमित्त बस्ने उचित व्यवस्था देवघाटमा नभएको हुँदा यस अभावलाई पूरा गर्न एउटा ठूलो धर्मशाला स्थापना गराएको र उक्त धर्मशाला तीन तलाको हुनुका साथै यसभित्र ५२ कोठाहरू रहेका छन् । छड-सिमेन्टको प्रयोग गरी पक्की स्वरूप दिइएको यस धर्मशालाको अन्य निर्माण कार्य भइरहेको कुरा स्थलगत अवलोकनबाट थाहा हुन आउँदछ ।[१६५] यस कार्यले पनि देवघाटको आधुनिकीकरणमा थप योगदान पुऱ्याएको देखिन आउँदछ ।

### (ज) देवघाट विकास केन्द्र नेपाल

वि.सं. २०६९ भाद्र महिनामा देवघाट विकास केन्द्र नेपाल संस्थाको चितवन जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ ।[१६६] यस संस्थाले देवघाटको धार्मिक महत्त्व र महिमालाई श्रीवृद्धि गर्ने उद्देश्यले कुम्भमेलाको आयोजना गरेको छ, जसको कारण नेपाल लगायत भारतका सन्तमहन्तहरूको पनि कुम्भमेलाको अवसरमा देवघाटधाममा उपस्थिति हुने गरेको पाइन्छ । यसबाट पनि देवघाटको प्रचार-प्रसार एवं धार्मिक महत्त्वको इतिहासमा योगदान पुगेको देख्न सकिन्छ । यस संस्थाले प्रत्येक १२ वर्षमा एकपटक कुम्भमेला र ६

---

[१६४] धर्मशालाका सचिव फूलनाथ निउरेबाट २०६८ चैत्रमा शोकर्ताले गरेको भेटवार्ताका आधारमा ।

[१६५] शोधकर्ताले ॐ हरिकिर्तन वैदिक धर्मशालाका संस्थापक उमानाथ कँडेलसंग लिएको प्राप्त जानकारीको आधारमा ।

[१६६] शोधकर्ताले २०७० साल भाद्रमा देवघाट विकास केन्द्रका अध्यक्ष नारायणप्रसाद शर्माबाट प्राप्त जानकारीको आधारमा ।

वर्षमा अर्द्धकुम्भमेला गर्ने उद्देश्य राखेको छ । यसैगरी कुम्भकलश २ वटा निर्माण गरिएको थियो । कलशको उचाई ४४ इञ्च, गोलाई ९१ इञ्च भएको शालग्राम भगवान र धन्वन्तरी भगवानको मूर्ति स्थापित गरिएको थियो । कुम्भकलश एउटा देवघाटधाममा नै राखी एउटा कलशमा बेनी (सप्तगण्डकी)को जल राखी प्रयागराजतीर्थमा पुऱ्याई गण्डकीको जल गङ्गाजीमा प्रवाह गरी त्यहाँको गङ्गाजीको जल ल्याएर नारायणी (सप्तगण्डकी) मा प्रवाह गर्ने काम वि.सं २०६९ फागुन माघेपूर्णिमाका दिन भएको थियो । साथै गङ्गा र गण्डकीको जलले श्रद्धालु भक्तजन, स्थानीयवासी, विद्वान्-विदुषी र सन्तमहन्तहरूले अभिषेकस्नान लिने काम भएको थियो । त्यसैगरी यस संस्थाले कुम्भसम्बन्धी पुस्तक प्रकाशन गर्ने काम पनि गरेको छ, जसमा हालसालै वि.सं २०६९ फागुनमा देवघाट विकास केन्द्र नेपालका संस्थापक अध्यक्ष नारायणप्रसाद शर्माको पहलमा "आदिप्रयाग : एक अध्ययन" नामक पुस्तक प्रकाशमा ल्याइएको छ ।[१६७]

माथि उल्लेख गरिएका यी गैरसरकारी संस्थाहरू वाहेक देवघाटको आधुनिकीकरणमा सहयोग गर्ने अन्य संस्थाहरू पनि रहेका छन्, जसको यहाँ चर्चा नगरी केवल नाममात्र उल्लेख गरिएको छ । यस्ता नामहरूमा नारायणी रामभजन समिति, श्री नारायणी नवदुर्गाभवानी सेवा समिति, राधादामोदर सेवा समिति, मुकुन्देश्वर चक्रवर्ती आश्रम भजनकीर्तन स्थल, गलेश्वरबाबा आश्रम कल्पवास भजनकीर्तन मण्डल (शुक्लाकृष्णा गण्डकी हरिनामसंकीर्तन समिति), नारायणी हरिनामसंकीर्तन आदि रहेका छन् ।

[१६७] *ऐजन*।

## ४.३ निष्कर्ष

देवघाटको आधुनिकीकरण प्रक्रिया चितवनमा नयाँ बसोवास कार्यक्रम सुरु भएपछि भएको हो । चितवन र नवलपरासीमा नेपालको मध्य पहाडी भागबाट वसाइसराई गर्ने क्रम बढेपछि नयाँ सोचविचार लिएर देवघाटमा सन्तमहन्त, जोगी, सन्यासी आउने क्रम बढ्यो । सन्तमहन्त, स्थानीय संघ-संस्था, क्लबहरू, सरकारी निकाय, समाजसेवीहरू, गैरसरकारी संस्थाहरू, एन.आर.एन. आदिले देवघाटको आधुनिकीकरणमा दिएको योगदान महत्त्वपूर्ण छ तर योजनाबद्ध किसिमका कार्यक्रमहरू नभएका कारण बसाइ व्यवस्थित भएका छैनन् । देवघाटको आधुनिकीकरणमा गलेश्वरबाबा, अघोरीबाबा, योगी नरहरिनाथ, डिल्लीरामबाबा, मैयादेवी श्रेष्ठ, परमानन्द सरस्वती, रामानन्द गिरि, आत्मानन्द, स्वामीनन्द सरस्वति गिरि, राजा महेन्द्र, राजा वीरेन्द्र, विदेशमा बस्ने नेपालीहरूको समूह आदिले ठूलो भूमिका खेलेका छन् । सरकारले देवघाटको विकासमा खासै चासो देखाएको छैन । यहाँ भएका कामहरूमध्ये वहुसङ्ख्यक व्यक्तिगत र केही संस्थागत रूपमा भएका छन् । यसको विकास र आधुनिकीकरणमा गुरुयोजना बने तापनि आवश्यक स्रोत एवं स्थानीयवासीको तीव्र मनोकाङ्क्षा पनि नभएका कारण देवघाटको विकासले गति लिन सकेको छैन ।

**अध्याय पाँच**

# देवघाट धाममा लाग्ने मेला, पर्व र सन्यास सस्कार

## ५.१ परिचय

नेपालको विविध स्थानमा विभिन्न मेला लाग्ने र विभिन्न पर्व मनाउने प्रचलन छ । तिनको आ-आफ्नै महत्त्व छ । यही परिप्रेक्ष्यअनुसार देवघाटमा पनि विभिन्न मेला लाग्दछन् र विविध पर्व मनाइन्छ । देवघाट विशेषतः धार्मिक क्षेत्र भएकोले यहाँ मुख्यतः धार्मिकमेला र पर्वहरू लाग्ने गर्दछ । ऐतिहासिक हिसाबले हेर्ने हो भने देवघाटमा धेरै पहिलेदेखि नै लाग्दै आएको मेला माघेसङ्क्रान्ति मेला हो तर हाल आएर यहाँ अन्य विविध पर्वहरू मनाइन्छ । तर यी पर्वहरु कुन समयदेखि बनाउन थालियो भन्ने एकिन गर्ने स्रोत भने छैन ।

पर्व भन्नाले धर्मकर्म गर्न तोकिएको तिथि वा बेला, अवसर वा मौकालाई पर्व मानिन्छ ।[१] मेला भन्नाले निश्चित स्थानमा तीर्थस्थल आदिमा हुने मानिसहरूको जमघट,[२] अर्थात् उत्सव, तमाशा वा धार्मिकपर्व मनाउन धेरै मानिसको एकै ठाउँमा हुने जुटान नै मेला हो ।[३] संस्कार भन्नाले अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम, सुधार, शुद्धता, पवित्र पार्ने काम, वैदिक विधिअनुसार गरिने विधि नै संस्कार हुन् ।[४]

हाम्रा पुर्खाहरूले आ-आफ्ना सांस्कृतिक जनजीवनलाई सरस, सुन्दर र रमाइलो बनाउन विविध समयमा प्रमुख तिथिमितिहरूसँग समन्वय कायम राखी जुन चाडबाड, व्रतपर्व, उत्सव, जात्रा, मेलाका परम्पराहरू सिर्जना गरे । तीसँग सम्बन्धित धर्म, कर्म, आचार, विचार, भोजन, मनोरञ्जन आदिका प्रक्रियाहरू चलाएर गए । तीमध्ये केही देवघाटधाममा पनि मनाइन्छ । साथै सोह्रसंस्कारअन्तर्गत पर्ने उपनयन (व्रतवन्ध), चूडाकर्म, विद्यारम्भ, केशान्त, विवाह र अन्त्येष्टि तथा दाहसंस्कार गर्नुका साथै पर्वकालअन्तर्गत पर्ने चतुर्दशी, अष्टमी, औंसी, पूर्णिमा र

---

१ फणिन्द्रप्रसाद पाण्डेय, *संस्कृत नेपाली बृहत् शब्दकोश,* (दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, २०५७), पृ. ७४० ।

२ चिरञ्जीवी शर्मा, *कर्तव्य प्रकाश,* (काठमाडौं : रत्न पुस्तक अण्डार, २०२९), पृ. १०९७ ।

३ पाण्डेय, पादटिप्पणी सङ्ख्या १, पृ. १०२६ ।

४ *ऐजन* ।

सङ्क्रान्तिजस्ता संस्कार, पर्व र सन्यासविधि संस्कारहरू पनि यस स्थलमा मनाइने गरिन्छ, जसको छोटो व्याख्या विक्रमसम्वत प्रारम्भलाई आधार मानेर तल उल्लेख गरिएको छ ।

## ५.२ नववर्ष वा वैशाखसङ्क्रान्ति

वैशाखसङ्क्रान्ति भन्नाले विक्रम सम्वतको पहिलो महिनाको पहिलो दिन हो । सूर्य मेषराशिमा छँदा पर्ने महिना नै वैशाखेसङ्क्रान्ति हो ।[५] नेपालमा प्रत्येक वर्ष यस दिन विक्रम संवत् वैशाख १ गतेको दिन नववर्षको शुभारम्भ हुन्छ । नेपालीहरू नववर्षको दिनलाई परम पवित्र मान्दछन् । यस दिन नेपालमा सार्वजनिक बिदा हुनुका साथै एक-अर्कामा शुभकामना आदानप्रदान गर्ने गरिन्छ ।

नेपालमा लिच्छविकालमा संवत् मात्र लेख्ने परम्परा थियो, मल्ल कालमा आएर नेपाल संवत् प्रचलनमा आयो भने आधुनिक कालमा विक्रम संवत् नै प्रचलनमा रह्यो र वर्तमान समयमा यो संवत् राष्ट्रियसंवत् भएको छ । नेपालमा मनाइने प्रायःजसो चाडवाड, व्रत, पर्व, उत्सव, जात्रा, मेलाहरू यसै चान्द्र तिथिअनुसार पर्न आउँछन् । तर यो नववर्षको (विक्रम संवत्) महोत्सव, चाड र जात्राचाहिँ सौर्य पात्रोअनुसार वैशाख १ गते मनाइने परम्परा छ । नेपाली सौर्य पात्रोअनुसार १२ राशि हुन्छन् । मानिसहरूका जन्मकुण्डलीमा पनि यिनै १२ राशिहरूमा जन्म मितिमा ग्रहहरू ठाउँ-ठाउँमा परेका हुन्छन् र यसैका आधारमा मानिसमा विशेष स्वभाव, गुण, लाभ, हानि इत्यादि देखा परिरहन्छन् भन्ने मान्यता पाइन्छ । यसैको निम्ति आफ्नो राशिमा विखु परेको हेर्ने र हानी-नोक्सानी वा लाभ जे परे पनि नदीहरूमा गई स्नान गर्ने र मठ-मन्दिर गई पूजा गरी दानदक्षिणा गर्ने प्रचलन छ । अतः यस दिन खासगरी देवघाटधाममा (काली र त्रिशूलीको संगमस्थल वेनीमा गई स्नान गर्ने) दान-दक्षिणा गर्ने र त्यहाँको मठ-मन्दिरको दर्शन गर्ने चलन छ । यस तीर्थस्थलमा गुरु-पुरोहितहरूले नववर्षको फल सुनाउने गर्दछन् । खासगरी यो दिनमा मानिसहरू देवघाट तीर्थस्थलमा बसेका कानचिरेका जोगीहरू (नाथसंप्रदाय) लाई टीका लगाई दान-दक्षिणा दिने र उनीहरूबाट पनि टीका थापी आशिर्वाद लिने गर्दछन् ।[६]

---

५ सत्यमोहन जोशी, *नेपाली चाडपर्व,* (ललितपुर : साझा प्रकाशन, २०६७), पृ. ७४ ।

६ शोधकर्ताले २०६८ वैशाख १ गते को देवघाटको भेलाको स्थलगत अध्ययनका आधारमा ।

देवघाट एउटा महत्त्वपूर्ण धार्मिक तथा तीर्थस्थल भएकोले विक्रमसम्वतको पहिलो दिनमा यहाँ मानिसहरू आउँछन् र जसले गर्दा यहाँ मानिसहरूको ठूलो भीड लाग्दछ ।

## ५.३ अक्षयतृतीया

हिन्दुसनातन धर्मअनुसार फाल्गुन महिनादेखि वैशाख महिनासम्म खडेरी पर्ने, पानीका मुहान सुक्ने र ज्यादै गर्मी पनि हुने भएकोले धर्मपानीका रूपमा घैंटोमा पानी राखी बटुवाहरूलाई खुवाउने गरिन्छ । अन्तिम वैशाख शुक्लपक्षको तेस्रो तिथिका दिनमा यस कार्यलाई समापन गरिन्छ । अर्थात् जति खर्च गरे पनि नसकिने तिथिका रूपमा यसलाई लिने गरिन्छ ।[७]

यो तृतीया तिथि त्रेतायुगादि हो र यस दिन त्रेतायुग लागेको थियो । यो दिन गङ्गास्नान गऱ्यो भने मनुष्य पापदेखि मुक्त हुन्छ । यस दिन छाता, जुत्ता, सातु र सर्वतले भरिएको घडा आदि दान गरिन्छ र आफूले पनि खाइन्छ । तसर्थ यी चीजमा मधुसूदन भगवानलाई संझी पूजा गरी धूप, दीप, नैवेद्य, भेटी चढाउने र सङ्कल्प गरी दान गर्ने गरेको पाइन्छ । अक्षयतृतीयाको दिनमा सर्वत जल, वस्त्र, छाता, जुत्ता दान गर्दा बाबु, बाजे र बराज्यू ज्यादै खुशी हुन्छन् भन्ने भनाइ पाइन्छ ।[८]

वैशाखमासे या पुण्या तृतीया शुक्लपक्षजा ।
अनन्तफलदा दातुः स्नानदानादि कर्मसु ॥[९]

अर्थात् वैशाख महिना शुक्ल तृतीया पुण्यदायक हुन् । त्यस दिन दान, स्नान र कर्म गऱ्यो भने अनन्त पुण्य मिल्दछ ।

यि मान्यताका आधारमा देवघाटको सप्तगण्डकी वेनीमा यस दिन स्नान गरी दान दक्षिणा गर्नेहरूको ठूलो भीड लाग्ने गर्दछ । यस दिन गरिएको दान अक्षय कोषको रूपमा कहिल्यै नसकिने गरी स्वर्गलोकमा जम्मा भइरहन्छ भन्ने धार्मिक मान्यता रहि आएको छ । उक्त दिन गण्डकीमा स्नान गरी फूल अक्षता लिई प्रार्थना गर्ने श्लोक यसप्रकार रहेको छ :

यत्किञ्चिद् दीयते दानं स्वल्पं वा यदि वा बहु ।
तत्सर्वमक्षयं यस्मात्तेनेयमक्षया स्मृता ।

---

७ शर्मा, पादटिप्पणी सङ्ख्या २, पृ. ६ ।

८ मधुसूदन सुवेदी, *सनातन वैदिक पूजाविधि तथा वार्षिक पर्व निर्देशिका,* (ललितपुर : सुवेदी प्रकाशन माला, सानुमैया सुवेदी, २०६५), पृ. ८४ ।

९ शर्मा, पादटिप्पणी सङ्ख्या २, पृ. ३२ ।

एष धर्मघटो दत्तो ब्रह्मविष्णुशिवात्मकः
अस्य प्रदानात्तृप्यन्तु पितरोऽपि पितामहाः ।
गन्धोदकतिलैर्मिश्रं सान्नंकुम्भफलान्वितम्
पितृभ्यः संप्रदास्यामि अक्षय्यमुपतिष्ठतु ।[१०]

अर्थात् जुन कुनै दान दिइन्छ, थोरै वा धेरै दिएको दान सबै अक्षयको रूपमा जम्मा हुन्छ, त्यसलाई अक्षयको रूपमा संभिmइरहन्छन् । ब्रह्मा, विष्णु र शिवजीलाई सम्झेर सर्वतले भरिएको घडा दान गर्नाले बाबु, बाजे, बराज्यूहरू तृप्ति हुन्छन् । चन्दन, जल, तिल, फल भरिएको अन्न दान गर्नाले पितृहरू अक्षय भएर बस्दछन् ।

यस दिनलाई भगवान् शिवपार्वतीको विवाह भएको सम्झी उक्त दिन विवाह गर्दा, शुभकार्य गर्दा वा भवन, मठ, मन्दिरको शिलान्यास गर्दा साइत हेरिरहनु पर्दैन भन्ने मान्यता रहि आएको छ । यस दिन विशेष गरी जौको सातु र गुड मिसाइएको सर्वत खाने र खुवाउने प्रचलन रहेकोले हिन्दुधर्मावलम्बीहरू देवघाटधाम गई स्नान गर्ने र उक्त सामग्री त्यहाँ रहेका कल्पवासी भक्त-भक्तिनी, साधुसन्त, विद्यार्थी, वटुक आदिलाई खुवाउने तथा दान-दक्षिणा गर्ने गर्दछन् ।

## ५.४ चण्डीपूर्णिमा (बुद्धजयन्ती)

चण्डीपूर्णिमालाई बुद्ध पूर्णिमा पनि भनिन्छ । यसलाई बुद्धजयन्तीका रूपमा पनि मनाइन्छ । आकाशदर्शन पञ्चाङ्गअनुसार यस दिनलाई आलमदेवी पूजा, चण्डीपूर्णिमा, पूर्णिमाव्रत, वैशाखस्नान समाप्ति, गौतमबुद्धजयन्ती भनी चिनिएको छ ।[११] वैशाख महिना स्नानको निमित्त उत्तम हुने र यो दिनदेखि वैशाख स्नानको फलप्राप्ति समाप्ति हुने भन्ने कुरा प्रचलनमा रहेको छ । यसै दिन लुम्बिनीमा मायादेवीको गर्भबाट जन्मेका शाक्यवंशज बौद्धधर्मका प्रवर्तक एक महापुरुष जन्मिएको दिनलाई नै बुद्धजयन्ती भनिएको हो । उक्त दिन पूर्णिमा परेको हुँदा यसलाई बुद्धपूर्णिमा पनि भन्ने गरिएको छ ।

---

[१०] सुवेदी, पादटिप्पणी सङ्ख्या ११, पृ. ८४ ।

[११] लोकराज पौडेल, *आकाश दर्शन पञ्चाङ्ग,* वर्ष ११, (काठमाडौँ : लोकराज पौडेल, पूर्वीय दर्शन विद्यापीठ, २०६८), पृ. १७ ।

यसै दिन प्रातस्नान गरेर चण्डेश्वर महादेवको दर्शन गर्नाले पञ्च महापातक नाश भै कैलाशपद प्राप्त हुन्छ भनी हिमवत्खण्डमा उल्लेख गरेको छ । यो दिन स्नान गरी लक्षवर्ती (लाखवत्ती) बालेर निराजन गरेमा पुनर्जन्म हुँदैन भन्ने फल लेखेको छ ।[१२]

चण्डीपूर्णिमाका दिन देवघाटमा स्नान गरी बत्ती बाल्नेहरूको भीड लाग्दछ भने अर्कोतिर देवघाटधामको उत्तरी भागमा बसेका गुरुङ, मगरहरू यस दिनमा देवघाट धाममा आई तीन दिनसम्म नाचगान गर्ने गर्दछन् । उनीहरूले दिउँसो घाँटुनाच र बेलुकीपख चुड्कानाच प्रदर्शन गर्दछन् । यसका साथै चितवनतर्फ पर्ने देवघाटधामको अग्लो थुम्कोमा विश्वशान्ति महाअष्टचैत्य वज्रकुटी बौद्धगुम्बा भएको हुँदा उक्त दिन देवघाटमा बौद्धमार्गीहरूको पनि भीड लाग्ने गर्दछ । साथै यहाँ आ-आफ्ना वंश परम्पराका कुलदेवताहरूको पनि स्थापना गरिएको हुँदा उक्त दिन देवघाटधाममा कुलदेवताको पूजा गर्नेहरूको पनि ओइरो लाग्दछ ।[१३]

अतः यस दिन देवघाटमा बौद्ध, शैव र वैष्णव सम्प्रदाय एवं अरू सबै समुदायका मानिस देवघाटधाममा आई स्नान, पूजाआजा, नाचगान र उत्सव मनाउने गर्दछन् ।

## ५.५ गङ्गादशहरा

पापमोचनका निम्ति ज्येष्ठशुक्ल प्रतिपदादेखि आरम्भ भई नियमित रूपमा स्नान गरी दशमीका दिन स्नान समापन समारोहलाई[१४] नै गङ्गादशहरा भनिएको छ । यो दिन ज्येष्ठशुक्ल दशमी तिथि हो । दशहराको अर्थ यो हो कि दशयोग परेको परेवादेखि दशमीसम्म स्नान गर्नु भन्ने हुन्छ । यीमध्ये १ दिन मात्र भए पनि पाएसम्म गङ्गामा स्नान गर्नु र नपाए अन्यत्रै भए पनि स्नान गर्नाले दश प्रकारको पाप नाश हुने भएकोले नै यसलाई दशहरा भनिएको हो ।[१५]

नामकै आधारबाट पनि गङ्गामा गई स्नान गर्ने भनी बुझिएकोले यस गङ्गादशहराको दिन देवघाटको वेनीमा स्नान गर्ने भक्त-भक्तिनीहरूको ठूलो भीड लाग्ने गर्दछ भने वेनीकै

---

[१२] सुवेदी, पादटिप्पणी सङ्ख्या १०, पृ. ८५ ।

[१३] शोधकर्ताले २०६९ वैशाख २४ गते चण्डिपूर्णिमाका दिन गरेको देवघाटको स्थलगत अध्ययनका आधारमा ।

[१४] शर्मा पादटिप्पणी सङ्ख्या २, पृ. ३१७ ।

[१५] *ऐजन,* पृ. ४७ ।

माथिल्लो तटमा गङ्गामाताको मन्दिर समेत भएको हुँदा यसदिन पापनाशको आशा लिई धेरै सङ्ख्यामा मानिसहरू स्नान र पूजा गर्न देवघाटमा जम्मा हुने गर्दछन् ।

## ५.६ व्यास गुरुपूर्णिमा

वेदका मन्त्रहरूको संग्रह गर्ने र तिनलाई तीन भागमा विभक्त गर्ने पुराणप्रसिद्ध एक ऋषि नै वेदव्यास हुन् ।[१६] विष्णु भगवान्को सत्रौं अवतारका रूपमा जन्म लिएका वेदव्यासबाट पुराण, उपपुराण, महाभारत आदि ग्रन्थको रचना गरे ।[१७] यिनैको जन्मदिनलाई नै सारा सनातन वैदिक धर्मावलम्बीहरूले गुरु मानी यस दिनलाई व्यास गुरु पूर्णिमाको रूपमा पूज्दै आइरहेका छन् ।

'आचार्यदेवो भव,' गुरुलाई देवता मान्ने होऊ, हिन्दुमात्रका लागि अति महत्त्वपूर्ण मानिएको चान्द्र गुरुपूर्णिमा व्यास पूर्णिमाको नामले पनि प्रसिद्ध छ । आषाढ पूर्णिमाको पवित्र तिथिमा मनाइने गुरुपूर्णिमाको शुभ दिनमा प्रत्येक हिन्दुले गुरुको पूजा गरी गुरुलाई श्रद्धापूर्वक केही दक्षिणा वा भेटी अर्पण गर्दछन् । हाम्रा शास्त्रहरूले 'आचार्यदेवो भव' भन्दै गुरुलाई देवताको रूपमा मानेका छन् । अतः देवतास्वरूप गुरुको पूजा गरी गुरुबाट आशीर्वाद र प्रेरणा लिने पवित्र तिथि हो गुरुपूर्णिमा ।[१८]

देवघाटधाममा गुरुकुल विद्यालय स्थापना हुनुका साथसाथै आश्रम सञ्चालन गर्ने पीठाधीशहरू भएको हुँदा उक्त दिन गुरुकुलका वटुकहरूले आफ्ना गुरुहरूलाई मान-सम्मान गरी उपहार टक्र्याउँछन् भने आश्रममा रहेका स्वामी महाराजहरूलाई पनि गुरुको रूपमा श्रद्धा भक्ति प्रकट गर्दछन् । यसका साथै सन्यास दीक्षा ग्रहण गर्नेहरूले पनि आफ्ना गुरुहरूलाई श्रद्धा भक्तिका साथ मान-सम्मान गर्ने गर्दछन् । उक्त दिन बाहिरबाट आएका धार्मिक प्रवृत्तिका व्यक्तिहरूले पनि आश्रमका पीठाधीशहरूलाई गुरुको रूपमा पूज्ने र उपहार दिने गर्दछन् । यसैले गर्दा यो दिन शिष्य र गुरुको बीच राम्रो सम्बन्ध कायम हुनुका साथै धूमधामसँग गुरुहरू प्रति भक्तिभाव देखाउने हुँदा यो दिन देवघाटमा ठूलो उत्सव लाग्ने र मानिसहरूको भीड जम्मा हुने गर्दछ ।

---

[१६] *ऐजन,* पृ. १२४९ ।

[१७] *ऐजन* ।

[१८] सुवेदी, पादटिप्पणी सङ्ख्या १०, पृ. ८७ ।

## ५.७ आषाढशुक्ल हरिशयनी एकादशी

चातुर्मास व्रतको आरम्भमा भगवान हरिले शयन गर्ने भनी मानिएको दिन आषाढशुक्ल एकादशी हो ।[१९] यही दिनमा श्री भगवान् विष्णु यी क्षीरसमुद्रमा शयन गर्नुहुन्छ । यसैले यो एकादशीको नाम हरिशयनी एकादशी भएको हो । यस दिन शयन गरी कार्तिक शुक्ल एकादशीका दिन जागा हुनुहुन्छ ।[२०] हरिशयनी एकादशीको दिनदेखि चौमास सुरु हुन्छ । यो चौमासभरि नै पर्ने प्रत्येक एकादशीका दिन स्नान, पूजा-आजा, व्रत गर्नाले ब्रह्महत्यादि पाप पनि नष्ट हुन्छन् भन्ने भनाइ प्रचलनमा रहेको छ ।

यस दिन विष्णुको प्रतीकको रूपमा मानिएको शालग्राम र तुलसीको पूजा गरिन्छ । घर-घरमा तुलसीको मठ बनाई मठ सिंगार्ने र रातपरेपछि तुलसीको पूजा गरी आकाशे वैकुण्ठ दीप प्रज्वलन गर्ने गरिन्छ ।

पवित्र तीर्थस्थल मानिएको देवघाटमा यस दिन स्नान गर्न आउने भक्त-भक्तिनीहरूको ठूलो भीड लाग्ने गर्दछ । हरिहर क्षेत्रको रूपमा मानिएको यस तीर्थमा शैव तथा वैष्णव दुवै सम्प्रदायका मानिसहरूले वडो उत्साहका साथ स्नान गर्ने र शालग्राम भगवान् विष्णुको पूजा गर्ने गर्दछन् । यस दिन टाढा-टाढाका मानिसहरू पनि देवघाटधाम आई स्नान गर्ने र हरिहर क्षेत्रको रूपमा रहेको शालग्रामलाई गण्डकी नदीमा खोजी गरी घर लैजाने गर्दछन् । यस दिन त्यहाँ रहेका आश्रम तथा मन्दिरहरूमा एकादशी माहात्म्यको प्रवचन गर्ने र श्रवण गर्ने गरिन्छ । यसले गर्दा पनि हरिशयनी एकादशीको दिन देवघाटमा स्नान गर्ने र एकादशी माहात्म्य श्रवण गर्नेको भीड लाग्ने गर्दछ ।[२१]

## ५.८ श्रावणसङ्क्रान्ति र साउने सोमबार मेला

साउने सङ्क्रान्ति (श्रावण सङ्क्रान्ति) लाई कर्कट सङ्क्रान्ति पनि भन्ने गरिन्छ । नेपाली समाजमा यस दिनलाई एउटा चाडको रूपमा मनाउने गरिन्छ । सङ्क्रान्तिको दिन बिहानै उठी स्नान गरी पाठपूजा गर्ने, कुलदेवता, इष्टदेवता र अन्य प्रमुख

---

१९ शर्मा पादटिप्पणी सङ्ख्या २, पृ. १४०६ ।

२० *ऐजन,* पृ. ५२-५५ ।

२१ शोधकर्ताले २०६८ आषाढमा हरिहर सन्यास आश्रमका पीठाधीश स्वामी ज्ञानानन्दसरस्वतीबाट प्राप्त जानकारीका आधारमा ।

देवदेवीहरूका स्थानमा गई पूजाआजा गर्न जाने चलन पनि छ । ठाउँ-ठाउँका तीर्थस्थल र देवस्थलहरूमा मेलाहरू पनि लाग्छन् ।[२२] यसै क्रममा देवघाट धामको तीर्थस्थलमा पनि स्नान, पूजाआजा गर्नको निमित्त मानिसहरूको ठूलो भीड लाग्दछ । यसै दिन सबै रोगहरू हटून् भनी हरेक परिवारलै आ-आफ्नो घरको झ्यालढोकाबाट लूतो फाल्ने प्रचलन पनि छ ।

खासगरी साउनको महिनामा देवघाटधाममा ठूलो मेला लाग्ने गर्दछ । शिवजीलाई मन पर्ने साउनको महिना र सोमबारको दिन भनी साउने सोमबारका दिन शिव भक्तहरू सप्तगण्डकीमा स्नान गरी त्यहाँको जल विभिन्न शिव मन्दिरहरूमा चढाउनको निमित्त साथै देवघाटमा रहेका विभिन्न शिवालयहरुमा ठूलो भीड लाग्ने गर्दछ । त्रिशूली र कालीगण्डकीको संगमस्थल भएको यस स्थानमा स्वयं भगवान् शङ्कर पनि आई स्नान गर्ने भनी मान्यता रहेको हुँदा उक्त दिन धेरै टाढा-टाढाबाट शिवका भक्तजनहरू यहाँ आई स्नान गर्ने गर्दछन् ।[२३]

केही समय यता आएर साउने सोमबारका दिन 'बोलवम' को मेला लाग्ने गरेको पाइन्छ । शिवजीको बीज मन्त्र 'बम' भन्दै पहेंलो वस्त्र लगाई काँधमा लट्ठी तेर्साइ एक टुप्पामा जलको भाँडो झुण्ड्याई अर्को टुप्पामा प्रसादी पोको पारेर खाली खुट्टाले शिवजीलाई मन पर्ने ॐ बम वीज मन्त्र उच्चारण गर्दै भक्तजनहरू टाढा-टाढाबाट देवघाटमा आई स्नान गरी विभिन्न शिवालयहरूमा जल चढाउने गरेको पाइन्छ । यसले गर्दा साउनका सबै सोमबार नेपालका विभिन्न ठाउँहरूबाट देवघाटधाममा स्नान गर्न आउने भएकोले उक्त समयमा देवघाटधाममा ठूलो चहलपहल र मेला लाग्ने गर्दछ ।

## ५.९ रक्षाबन्धन (जनै) पूर्णिमा

श्रावणशुक्ल पूर्णिमाको दिन सप्तर्षिको पूजा गरेर नाडीमा बाँधिने सूत्र, ऋषिडोरो, यज्ञ देवार्चन आदि कार्य गरेपछि प्रसादस्वरूप नाडीमा बाँधिने डोरो, रक्षासूत्र बाँध्ने दिनलाई नै ऋषितर्पणी वा जनै पूर्णिमा भन्ने गरिन्छ ।[२४]

भनिन्छ महर्षिहरू श्रावण पूर्णिमाको दिन विद्यार्थीहरूलाई उपाकर्म गराएर मात्र पठनपाठनको काम प्रारम्भ गर्दथे । त्यसबेला नयाँ यज्ञोपवीत (जनै) धारण गर्नुपर्ने नियम

---

[२२] जोशी, पादटिप्पणी सङ्ख्या ५, पृ. ५३ ।

[२३] शोधकर्ताले २०६८ श्रावणमा गरेको देवघाटको स्थलगत अध्ययनका आधारमा ।

[२४] शर्मा पादटिप्पणी सङ्ख्या २, पृ. १११६ ।

थियो । यसैले यो श्रावण पूर्णिमालाई ‘जनै पूर्णिमा’ पनि भन्ने गरिन्छ । यस दिनमा तागाधारीहरू पुरानो जनै फालेर नयाँ जनै ग्रहण गर्दछन् । त्यसपछि श्रावण नक्षत्रको प्रधानता हुने भएकाले पनि यस दिनको पूर्णिमालाई श्रावणीपूर्णिमा भन्ने नाम रहेको जानकारी हुन्छ ।[२५]

यस दिन देवघाटको पवित्र स्थलमा विशेष गरी ब्राह्मणलगायत अन्य जातिहरू पनि यहाँ आई माटो, तेल, गोबर, कुश, दूध, जौ, तिल, विभूति (भष्म) अपामार्ग (दतिवन) आदि प्रयोग गरी स्नान गर्ने र मन्दिरमा गई अरुन्धतीसहित सप्तर्षिको पूजा गरी जनै मन्त्र्याउने गर्दछन् । यसैगरी देवघाटमा विभिन्न गुरुकुल र आश्रमहरू भएको हुँदा त्यहाँ रहेका ब्राह्मण वटुक र अन्यले पनि गुरुजनहरूबाट जनै फेर्ने, रक्षासूत्र बाँध्ने गर्दछन् । अतः यस दिन देवघाटमा एकातिर स्नान गर्नेहरूको ठूलो भीड लाग्दछ भने अर्कोतिर जनै फेर्ने र रक्षासूत्र बाँध्नेको पनि ठूलो भीड लाग्दछ । यहाँबस्ने सन्यासी-स्वामीहरूले जनै नफेरे तापनि आ-आफ्नो गुरुसमक्ष गई रक्षासूत्र बाँध्ने काम गर्दछन् ।

## ५.१० श्रीकृष्ण जन्माष्टमी

भगवान्कृष्णको जन्म भाद्र महिना कृष्णपक्षको अष्टमीका दिन मध्यरात १२ बजेतिर रात्रि आधारातमा भएको थियो । श्रीकृष्णको जन्म देवकीको कोखबाट कारागारमा भएको थियो । श्रीकृष्णको लीला एवं चरित्रहरू ब्रह्मवैवर्त पुराणमा श्रीमद्भागवतमहापुराणमा कृष्णजन्मसम्बन्धी लामो प्रसङ्ग, गर्गसंहिता, कृष्णोपनिषद्, हरिवंशको विष्णुपर्व, महाभारत आदिमा चर्चा भएको छ ।[२६]

श्रीकृष्णको जन्म दिनलाई कृष्णाष्टमी र उनी जन्मेको बेलालाई मोहरात्रि भनी उल्लेख गरिएको पाइन्छ । यस दिन भगवान् श्रीकृष्णको पूजाआजा गरी व्रत बस्ने र रातभरि, नाचगान गरी जाग्राम बसी भोलिपल्ट बिहान श्रीकृष्णको मूर्तिलाई रथमा राखी रथयात्रा गर्ने प्रचलन छ ।

यसै दिन धार्मिक प्रवृत्तिका मानिसहरू देवघाटधाम गई स्नान गरी श्रीकृष्णको आराधना र पूजा गर्ने गर्दछन् । मूलतः देवघाटधाममा शैव र वैष्णव सम्प्रदायको बढी प्रभाव

---

[२५] जोशी, पादटिप्पणी सङ्ख्या ५, पृ. ९७ ।

[२६] शर्मा, पादटिप्पणी सङ्ख्या २, पृ. ८५ ।

भएको हुँदा विशेष गरी वैष्णव सम्प्रदायका मानिसहरूले यो पर्वलाई महत्त्वपूर्ण चाडका रूपमा मनाउने गर्दछन् । यसैगरी कृष्णाष्टमीको लगत्तै पर्ने राधाष्टमी र कार्तिकशुक्ल पक्षमा पर्ने गोपाष्टमीका दिन ठूलो उत्सव मनाइनुका साथै श्रीकृष्णको मूर्तिलाई रथमा राखी गण्डकीसम्म पुऱ्याई आफ्नै स्थानमा ल्याउने गर्दछन् ।[२७] यस दिनमा देवघाटधाममा वैष्णव सम्प्रदायलगायत अन्य सम्प्रदायका मानिसहरू पनि आउने गर्दछन् ।

## ५.११ हरितालिका व्रत (तीज) तथा ऋषिपञ्चमी

भाद्रशुक्ल तृतीयाका दिन तीज पर्व पर्दछ । विष्णुसँग पार्वतीले विवाह गर्न नपरोस् भनी उनका संगिनीद्वारा जंगलमा पुऱ्याएकी पार्वतीले महादेव पति पाउनका निम्ति गरेको व्रतलाई नै तीज भनी मानिदै आएको छ । प्रायः नेपाली सधवा नारीहरूले सौभाग्यको स्थिरताका लागि निराहार बसेर गरिने शिवको पूजा नै हरितालिका व्रत अर्थात् तीज हो । यस दिन हिन्दु नारीहरू देवघाटधामको पवित्र तीर्थस्थलमा गई स्नान गर्ने र शिवजीका मन्दिरहरूमा पूजा एवं नाचगान गरी रमाइलो गर्दछन् भने देवघाटमै बसिरहेका कल्पवासी माई आमाहरू पनि वेनीमा स्नान गरी शिवजीको पूजा गर्दै नाचगान गरी रमाइलो गर्दछन् ।[२८]

यसैगरी तीजको पर्सिपल्ट ऋषिपञ्चमीका दिन हिन्दु नारीहरू सप्तगण्डकीको दोभानमा गई विधिपूर्वक स्नान गरी ३६५ वटा अपामार्ग (दतिवन) को प्रयोग गर्दै गण्डकीमा बगाउँदछन् । यस दिन धेरैजसो हिन्दुनारीहरू आई स्नान गर्ने र अरून्धतीसहित सप्तर्षिको पूजा गर्ने गर्दछन् । त्यसैले उक्त दिनहरूमा देवघाटधाममा महिलाहरूको जमघट हुने गर्दछ ।

## ५.१२ अनन्त चतुर्दशी

अनन्त भन्नाले भगवान् विष्णुको शेष अवतार हो भन्ने मानिन्छ । भाद्रशुक्ल चतुर्दशीका दिन अनन्त भगवान्को पूजा गरी प्रसादका रूपमा पाखुरामा धारण गरिने चौध गाँठो पारिएको डोरो[२९] बाँध्ने दिनलाई नै अनन्त चतुर्दशी भनिन्छ । यस दिन देवघाट

---

[२७] शोधकर्ताले २०६८ भाद्र महिनामा राधामाधव मन्दिरका पीठाधीश आचार्य खेमराजकेशवशरणज्यूसँग गरिएको कुराकानीका आधारमा ।

[२८] शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अवलोकनका आधारमा ।

[२९] *ऐजन* ।

धाममा सन्त-महन्त, कल्पवासी, पीठाधीशहरू, ब्राह्मण वटुक, गुरुजन आदि सबैले देब्रे पाखुरामा यस प्रकारको १४ ग्रन्थीको डोरो बाँध्ने र अनन्तको दीक्षा मन्त्र लिने गर्दछन् । यसो गरिनुको मुख्य उद्देश्य वन-जंगल, नदीनाला कही कतै पनि सन्त-महन्त, साधु एवं अन्य कसैलाई पनि भूत-प्रेत, पिशाचले कसैलाई पनि नछोओस् भन्नका निमित्त यसो गरिएको हो भन्ने कुरा अध्ययनका क्रममा ज्ञात हुन आउँदछ ।

## ५.१३ सोह्रश्राद्ध (पितृश्राद्ध)

आश्विन कृष्णपक्षको प्रतिपदादेखि अमावस्यासम्मका पन्ध्रवटा र आश्विनशुक्ल प्रतिपदाका दिन गरिने मातामही श्राद्धसमेतलाई नै "सोह्रश्राद्धको" नामले चिनिने गरिन्छ ।[३०] हिन्दु समाजमा गृहस्थाश्रमीले आश्विनकृष्ण प्रतिपदादेखि आश्विनशुक्ल प्रतिपदासम्मको १६ तिथिमा गरिने श्राद्ध तिथिलाई "सोह्रश्राद्ध" भन्ने चलन छ । गृहस्थीले यो श्राद्ध न गरी हुँदैन भन्ने भनाइ पाइन्छ ।

> सूर्ये कन्यां गते श्राद्धं यो न कुर्याद् गृहाश्रमी ।
> धनपुत्राः कुतः तस्य पितृनिःश्वासपीडनात् ।[३१]

अर्थात् सूर्यनारायण कन्या राशिमा भएको बेला जुन गृहस्थीले श्राद्ध गर्दैन, त्यसलाई पितृको आशा भङ्ग गरेकोले धन पुत्रादिबाट सुख मिल्दैन भनी उल्लेख गरिएको पाइन्छ ।[३२]

यसै कारणले गर्दा देवघाटधामस्थित कालगण्डकी र त्रिशूलीको सङ्गमस्थलमा गई सम्पन्न गर्ने र माता-पिताको नाममा तर्पण-पिण्ड पानी दिने गर्दछन् । यो कार्य सोह्र दिनसम्म भइरहने हुँदा नेपालका टाढा-टाढाका स्थलहरूबाट पनि देवघाटको वेनीमा श्राद्ध गरे पितृहरूको उत्तम गति (मोक्ष) प्राप्त हुने अभिलाषाले यहाँ श्राद्ध गर्ने मानिसहरूको ठूलो भीड लागिरहने गर्दछन् । पितृकार्यको निमित्त देवघाटधाम निकै उत्तम भएको मानी यी दिनहरूमा मानिसहरूको आवतजावत भइरहने गर्दछ । साथै यहाँ गुरुकुल परम्पराअनुसारका विद्यार्थीहरू भइरहने हुँदा श्राद्ध कार्यका पण्डित कमी नहुने भएकोले पनि यहाँ श्राद्धकार्य बढी

---

३० *ऐजन* ।

३१ सुवेदी, पादटिप्पणी सङ्ख्या १०, पृ. १४९ ।

३२ *ऐजन* ।

हुन्छ । एकातिर पवित्र नदीको संगमस्थल र अर्कोतिर उत्तम विद्वान् गुरु पण्डितहरूको सहजै प्राप्तिले गर्दा पनि यस स्थलमा सोह्र दिनसम्म नै पितृकार्य भइरहन्छ ।[३३]

## ५.१४ ठूली एकादशी (हरिबोधिनी)

चातुर्मास व्रत समाप्त भएर देवोत्थान हुने एकादशी नै कार्तिकशुक्लपक्षको हरिबोधिनी एकादशी हो । "आषाढशुक्ल एकादशीको दिन श्रीभगवान विष्णुले शङ्खासुरलाई मारेर चीरसमुद्रमा सुकला हुनुभयो भन्ने भनाइ छ । ४ महिनापछि यही कार्तिकशुक्ल एकादशीका दिन जागा हुनुभयो । यसकारण यो एकादशीको नाम हरिबोधिनी भएको हो" भन्ने मान्यता छ । यस दिन सुकला भएका श्रीविष्णुलाई बोधन (जागा) गराउनु पर्दछ भनी यस दिन विशेष पूजा गर्ने गरिन्छ । सर्वतोभद्रमा धान राखी धानमाथि कलश राखेर थालीमा विष्णुको प्रतिमा राखेर विशेषपूजा विशेष विधिले गर्नु पर्दछ । रातभर जाग्राम गरी द्वादशीको दिन होम गरी समाप्ति गर्नु पर्दछ ।[३४]

यस दिन देवघाटधाममा असंख्य हिन्दु धर्मावलम्बीहरू आई स्नान पूजाआजा र व्रत गर्ने गर्दछन् । यस दिनको अर्को रोचक प्रसङ्ग यो छ कि यस दिन प्रायः गरेर मन्दिर वा घरबाट राम्रो फूलका डोलाहरू सजाई धर्मपरायण मानिसहरू नाचगान र भजन गर्दै उक्त डोलालाई पवित्र संगमस्थल वेनीमा बगाउने गर्दछन् । फूलका डोली र बलेको दीप नदीमाथि तैरिँदै बगिरहँदा भगवान् हरि र भक्तहरू बीच एक-आपसमा मिलन भएको आभाष हुन्छ । साथै उक्त दृश्य हेरिरहँदा साह्रै मनमोहक देखिन्छ । वैष्णव सम्प्रदायका मानिसहरूले द्वादशीको दिनमा भगवान लक्ष्मीनारायणको परिवार श्रीदेवी, भूदेवी, पार्षदहरू सहित रथयात्रा गर्ने प्रचलन रहिआएको छ । शैवसम्प्रदायले एकादशीको दिन वैष्णवसम्प्रदायले द्वादशीको दिन यो हरिबोधिनीलाई देवघाटधाममा ठूलो चाडपर्वको रूपमा मनाउने गरेको ज्ञात हुन आउँदछ ।

## ५.१५ बालाचतुर्दशी (शतबीजारोपण)

प्रत्येक वर्ष मार्गकृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्दछ । यो दिन शतबीजारोपण कर्म हुन्छ ।[३५] यसैलाई शतवीज छर्ने पनि भनिन्छ । यस दिन देवघाट धाममा सद्मी (शतवीज) छर्नको निम्ति मानिसहरूको ठूलो भीड लाग्ने गर्दछ । हिन्दु

---

[३३] शोधकर्ताले २०६८ असोजमा महेश सन्यास आश्रमका प्राचार्य गुरुप्रसाद सुवेदीबाट प्राप्त जानकारी ।

[३४] *ऐजन,* पृ. १५०-५१ ।

[३५] *ऐजन,* पृ. १५४ ।

धर्मावलम्बीहरूले आ-आफ्ना कुलपरम्परा अनुसार चलिआएको धर्मकर्म, रीतिथिति मान्ने भए तापनि आफ्ना आमा-बाबु स्वर्ग भएको वर्ष बालाचतुर्दशीको दिनमा चाहिँ आ-आफ्ना घरपरिवारका मृतजनहरूलाई तार्नका लागि र उनीहरूको दिवङ्गत आत्मालाई शान्ति दिलाउनका लागि देवघाटधाममा भेला भई सद्मी (शतवीज) छर्ने गर्दछन् । पाएसम्म शयथरीका अन्न मिसाएर वेनीमा स्नान गरिसकेपछि वेनीसँग जोडिएका तीनवटै क्षेत्र वगर, मठ-मन्दिरको प्राङ्गणमा सद्मी (शतवीज) छर्दै हिँड्नेहरूको घुइँचो नै लाग्ने गर्दछ । यस कार्यको लागि कतिपय मानिसहरू अघिल्लो दिन नै कुनै एउटा स्थानमा आसन बनाई महाद्वीप देहवत्ती (जीवबत्ती), दियो आदि बत्तीहरू बाली रातभर जाग्राम बस्ने र भोलिपल्ट बिहान गण्डकीमा स्नान गरी सद्मी (शतबीज) छरी घर फर्कने प्रचलन रहिआएको छ । यसप्रकार यस दिन पनि देवघाटधाममा पनि ठूलो मेला नै लाग्ने गर्दछ ।

## ५.१६ मकरसंक्रान्ति (माघेसङ्क्रान्ति)

सूर्य मकरराशिमा प्रवेश गर्ने दिनलाई नै मकरसङ्कक्रान्ति भनिन्छ । यसै दिनबाट सूर्य उत्तरायणतर्फ प्रवेश गर्दछन् भन्ने शास्त्रीय धारणा छ । शास्त्रमा उत्तरायणको अवधिलाई देवताहरूको रात मानेको छ ।[३६] त्यसैले मकरसङ्क्रान्ति देवताहरूको प्रभातकाल (बिहानी) हो भनिन्छ । यो दिन स्नान, दान जप, तप श्राद्ध तथा अनुष्ठान आदिको अत्यधिक महत्त्व छ भन्ने प्रचलन छ । यो दिन गरिएको दान सयौँ गुना फल दिन्छ ।

प्रायः माघेसङ्क्रान्ति र साउने सङ्क्रान्तिचाहिँ सौर्यमासअन्तर्गत निर्धारण गरिएको तिथि हो ।[३७] यस अवसरमा मानिसहरू विभिन्न तीर्थस्थलहरूमा गई स्नान गर्ने र मेला भर्ने परम्परा रही आएको पाइन्छ । खासगरी यो माघेसङ्क्रान्तिमा मेची,महाकाली, सप्तकोशी, सप्तगण्डकीका किनार र सङ्गमस्थल या त्रिवेणीहरूमा साना-ठूला मेलाहरू लाग्दछन् । यसै अवसरमा धर्मनिष्ठ श्रद्धालु भक्तजनहरू मेला भर्न तथा स्नान गर्न रिडी, त्रिवेणी, वराहक्षेत्र, काशी, प्रयाग, देवघाट एवं गंगासागरसम्म पनि पुग्ने गर्दछन् ।[३८]

---

[३६] महेश सन्यास आश्रमका प्राचार्य गुरुप्रसाद सुवेदीबाट प्राप्त जानकारी ।

[३७] सत्यमोहन जोशी, "माघेसङ्क्रान्ति र साउने सङ्क्रान्ति," *नेपाली चाडपर्व,* दोस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०६७, पृ. ५१ ।

[३८] *ऐजन,* पृ. ५२ ।

देवघाटको निमित्त माघेसङ्क्रान्ति एउटा महत्त्वपूर्ण पर्व हो । हिन्दु धर्मअनुसार देवघाट र माघेसङ्क्रान्ति पर्वबीच अन्यान्योश्रित सम्बन्ध रहेको छ । अतः यहाँ देवघाटमा मनाइने माघेसङ्क्रान्ति पर्वका विषयमा केही उल्लेख गर्नु आवश्यक देखिन्छ । वशिष्ठ जन्मजयन्तीको अवसर पारेर सारा देवी-देवता, ऋषिमुनि र संसारका राजा-महाराजाहरू देवघाटमा भेला भएर महिना दिनसम्म मेला सञ्चालन गर्थे । त्यतिबेलादेखि नै देवघाटमा मकरसङ्क्रान्तिको मेला लाग्न सुरु भएको उल्लेख पाइन्छ ।[३९] माघेसङ्क्रान्तिमा देवघाटधाममा स्नान गर्दा ठूलो पूण्य मिल्छ । यसै सन्दर्भमा एउटा भनाइ छ- "माघमासे पुनःस्नात्वा प्रयाग स्नानजं फलम् ।"[४०] अर्थात्, माघ महिनाको मकरसङ्क्रान्तिमा यहाँ स्नान गर्नाले तीर्थराज प्रयागको त्रिवेणीमा स्नान गरेको फल प्राप्त हुन्छ ।

यसैगरी हिमवत्खण्डमा पनि माघेसङ्क्रान्तिको प्रसङ्गलाई उल्लेख गरिएको पाइन्छ । यता राजाबाट त्यागिएकी रानीले आफू सुन्दरता र पतिप्रतिको कामना गर्दै यसै दिन देवघाटमा स्नान गर्नाले आफ्नो सम्पूर्ण इच्छा पूरा भएको कुरा उल्लेख गरिएको पाइन्छ ।

> मकरस्थे रवौ सस्नौ तीर्थे देवसमूहके ।
> लोकैः सह विरुपाऽसौ सुन्दरास्यं प्ररोचती ॥११७॥[४१]

अर्थात् मकरसङ्क्रान्तिका दिन देवघट्ट तीर्थमा सबैसरह स्नान गरी विरुपा काम प्रभाले सुन्दर मुख होस् भनी इच्छा गरिन् ।

यसबाट यो पुष्टि हुन्छ कि माघेसङ्क्रान्तिको अवसरमा देवघाटस्नानको महत्त्व परम्परादेखि नै चलिआएको र आजसम्म पनि देवघाटस्नान महत्त्वले उत्तिकै निरन्तरता पाइरहेको छ ।

यसैगरी ह्यामिल्टनले पनि आफ्नो पुस्तकमा 'खिचरी' शब्दको उल्लेख गरेका छन् ।[४२] देवघाटको प्रसङ्ग उल्लेख गर्दै त्यहाँ भएको शिव मन्दिरमा मानिसहरूको भीड लाग्ने गर्दछ । साथै थारु समुदायले यसलाई माघी पर्वका रूपमा खिचडी खाएर मनाउने गर्दछन् ।

---

[३९] रामबहादुर कुवर र अरु देवघाटस्थित मणिमुकुन्देश्वर महादेव मन्दिर परिसरको अध्ययन प्रतिवेदन"-२०६७) काठमाण्डौं, पुरातत्व वि.पृ.७

[४०] ऋषिकेश शास्त्री, *वराहपुराणम्,* (द्वितीय संस्करण), (वाराणसी : चौखम्बा अमरभारती प्रकाशन, सन् (१९८२), पृ. ३६९-३७१ ।

[४१] योगी नरहरिनाथ (सम्पा.), *हिमवत्खण्ड,* (काशी : योग प्रचारिणी सभा गोरक्षटिल्ला, २०१३० पृ. ९९ ।

[४२] एफ.वि. ह्यामिल्टन, *एन एकाउन्ट अफ द किंगडम अफ नेपाल,* (न्यू देल्ली : मन्जुश्री पब्लिसिङ्ग हाउस, इ. १९८६), पृ. ८१-८५ ।

माघेसङ्क्रान्तिका दिन विशेषगरी खिचडी खाइने हुँदा उक्त खिचडी शब्दले माघेसङ्क्रान्तिलाई नै सङ्केत गरेको मान्न सकिन्छ । अतः ह्यामिल्टनले आफ्नो खिचरी पुस्तकमा सङ्क्रान्तिको दिन शिव मन्दिरमा ठूलो भीड लाग्ने गर्दथ्यो भनी उल्लेख गरिएबाट जनकलाल शर्माले आफ्नो पुस्तकमा तत्कालीन चितवनका सात प्रगन्नाका थारूहरू माघेसङ्क्रान्ति पर्वमा देवघाट आई स्नान गर्ने र मेला भर्ने प्रचलन थियो भनी उल्लेख गरेका छन् ।

विशेषतः देवघाटमा माघेसङ्क्रान्तिको दिनमा मेला लाग्ने प्रचलन पौराणिककालदेखि नै रहेको पाइन्छ । पछिल्लो समय जब यो स्थलमा गलेश्वरबाबा (इश्वरानन्द ब्रह्मचारी) आई यहाँको धार्मिक महत्त्वलाई फैलाउने काम गरे । त्यसपछि नै देवघाटधामले बाहिरी जगत्सँग परिचित हुने मौका पायो । त्यसैगरी ब्रह्मलीन योगी नरहरिनाथ, डिल्लीरामबाबा, स्वामी जनार्दनाचार्यजस्ता व्यक्तित्त्वहरूले विस्तारै यस क्षेत्रमा वस्ती बसाउन थालेपछि माघेसङ्क्रान्ति मेलाले अझ बढी व्यापकता पायो । सुरु-सुरुमा देवघाटको बगरमा झण्डै १५ दिन मेला लाग्ने गर्दथ्यो । जसलाई देवघाट बजार पनि भन्ने गरिन्थ्यो । उक्त अवसरमा वन्दीपुरका व्यापारीहरू व्यापार गर्न आउने गर्दथे । उक्त पर्वमा विभिन्न मालसामान, लत्ताकपडा, नूनतेल आदिको खरिद-बिक्री हुने गर्दथ्यो । मानिसहरू स्नान गर्न र आफूलाई चाहिएका वस्तुहरू खरिद गर्न देवघाट आउने गर्दथे । यसैगरी स्थानीय बासिन्दा नन्दु बोटे र नारायणगढ निवासी ८१ वर्षीय दानबहादुर श्रेष्ठले पनि माघेसङ्क्रान्तिको अवसरमा देवघाटमा ठूलो मेला लाग्दथ्यो भनी बताउँदछन् ।[४३] वि.सं. २०४५ सलमा ब्रह्मलीन (निधन) लक्ष्मण गिरि लगायत सन्तमहन्तहरूको समुपस्थितिमा आदिप्रयाग (पहिलोप्रयाग) का रूपमा स्थापित देवघाटधाममा प्रथम कुम्भमेलाको विजारोपण भएको थियो । यसैगरी बाह्रवर्ष पुगेको अवसरमा दोश्रो कुम्भमेला वि.सं २०५७ सालमा माघ महिनाभर भएको थियोभने वि.सं २०६९ सालमा पनि कुम्भ मेलाको आयोजना गरेको अवगत हुन आउँछ । अतः माघेसङकातिको अर्को महत्वपूर्ण विशेषताको रुपमा देवघाटमा प्रत्येक १२ वर्षमा कुम्भमेला पनि कुने गर्दछ ।

वर्तमान समयमा माघेसङ्क्रान्तिमा लाग्ने देवघाटको परम्परागत मेलामा परिवर्तन आएको देखिन्छ । सुरुका दिनहरूमा बगरमा झण्डै १५ दिनसम्म लाग्दथ्यो ।

---

[४३] देवघाटका स्थानीय वासिन्दा नन्दु बोटे र वन्दीपुरबाट आएका हाल नारायणगढ निवासी ८१ वर्षीय दानबहादुर श्रेष्ठसँग शोधकर्ताले २०६५/४/१० मा लिएको अन्तर्वार्ताका आधारमा ।

मानिसहरू स्नान गरी आफूलाई चाहिने सामान किनी घर फर्कन्थे भने अहिले आएर व्यापारको समयअवधि २ रात ३ दिनमा सीमित भएको छ । अहिले व्यापार बगरमा नभइकन देवघाटको प्रवेश द्वार (झोलुङ्गे पुलनजिक जङ्गलतर्फ) साना-साना टहरा (स्टल) बनाई व्यापार गर्ने गर्दछन् । यस अवसरमा देवघाटमा धर्मपरायण व्यक्ति, व्यापारी र मनोरञ्जन गर्ने तीन किसिमका व्यक्तिहरू उपस्थित हुने गर्दछन् । यसप्रकार देवघाटधाममा माघेसङ्क्रान्तिमा मेला लाग्ने प्रंचलन पहिलेदेखि नै रहेको र पछिल्लो समयमा आएर उक्त दिन व्यापारिक गतिविधि पनि बढ्दै गएको अध्ययनले स्पष्ट हुन्छ ।

## ५.१७ वसन्तपञ्चमी (श्रीपञ्चमी)

माघशुक्ल पञ्चमीलाई वसन्त पञ्चमी भनिन्छ । यसलाई श्रीपञ्चमी पनि भन्ने गरिन्छ । छ ऋतुमा वसन्त ऋतुलाई ऋतुराज मानिएको छ । यसै दिनदेखि वसन्त ऋतुको प्रारम्भ हुन्छ । यो दिनलाई विद्याकी देवी सरस्वतीको जन्मजयन्तीको रूपमा पनि लिइन्छ । यस दिन सरस्वतीको जन्म भएकोले यस उत्तम दिनमा 'सरस्वतीको अनुग्रह होस्' भनेर बालबालिकाहरूलाई अक्षरारम्भ गराइन्छ ।

यस दिन देवघाटक्षेत्रमा यो पर्वलाई विशेष महोत्सव गरी मनाइने गरिन्छ । यहाँ गुरुकुलीय शिक्षण संस्था (महेशसंस्कृत गुरुकुलम, परमानन्दसंस्कृत गुरुकुलम, वेदवेदाङ्ग विद्यालय) का छात्रहरूले विशेष उत्सवका साथ सरस्वती माताको पूजा गर्नुका साथै आफ्ना गुरुवर्गबाट मन्त्र सुन्ने गर्दछन् भने यहाँ बसिरहेका सन्त-महन्तहरूले मठका पीठाधीशहरूबाट सन्यास ग्रहणको दीक्षा लिने गर्दछन् ।

## ५.१८ महाशिवरात्रि पर्व

यो पर्व फाल्गुनकृष्ण चतुर्दशी तिथिका दिन पर्दछ । भगवान शङ्करलाई माता, पिता, बन्धु, नाम, गोत्र र जन्ममरण कुनै नभएका मानिन्छन् तापनि यस दिन उनको तिथि शिवरात्रिको नामले मानि आएको छ । कारण यसो भनिन्छ- यस दिन यौटा भक्त व्याधाले बेलको रूखमा बसी बेलको पत्र खसाल्दा शिवलिङ्गमा परेकोले आधारातमा शिवजीको दर्शन पाएको हुनाले यस रातलाई महाशिवरात्रिको नामले चिनिएको मान्यता रहिआएको छ । यसैअनुसार यस दिन शिवरात्रिको व्रत बस्दै आइरहेको हो ।

देवघाटक्षेत्र वैष्णव र शैव दुवै सम्प्रदायका मानिस बस्ने क्षेत्र भएकाले यहाँ शिवका मन्दिरहरू पनि धेरै छन् । यस दिन विशेष गरेर गुरु र छात्रहरू भएर भगवान् शङ्करको आराधना गर्दछन् । शिवजीलाई षोडशोपचारविधिले पूजा गर्दा आवाहन, आसन, पाद्य, अर्घ्य आचमन, स्नान, वस्त्र, उपवीत, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, ताम्बुल, दक्षिणा, आरती, प्रदक्षिणा आदि विधिद्वारा पूजा सम्पन्न गरिन्छ । खासगरी देवघाट धाममा शैव सम्प्रदायको बाहुल्यता, त्रिशूलीलाई शिवजीको स्वरूप मानिने र अर्कोतिर प्राचीन शिवालयहरू पनि यहाँ भएको हुँदा यस दिन टाढा-टाढाबाट भक्तजनहरू यहाँ आई गण्डकीमा स्नान गरी त्यहीँकै जल ल्याई शिवालयमा जलधारा गराउने, रुद्रीपाठ गराउने व्यक्तिहरूको ठूलो भीड लाग्दछ भने यो पर्व विशेषतः रातमा मनाइने हुँदा शिवालयको प्राङ्गणमा रातभरी दीप बालेर जाग्राम बस्ने भक्तहरूको पनि ठूलो भीड लाग्ने गर्दछ ।[४४]

यसप्रकार यसदिन देवघाटमा श्रद्धालु भक्तजनहरूले स्नान, पूजाआजा र शिवजीलाई खुशी पार्न रातभरी जाग्राम बस्ने, श्रद्धालु भक्तजनहरूको भीड लाग्ने र बोलबमहरूको पनि उक्त दिन यहाँ ठूलो सङ्ख्यामा आगमन हुने हुँदा यस दिनलाई देवघाटमा विशेष पर्वका रूपमा लिइन्छ ।

## ५.१९ फागुपूर्णिमा (होली)

यस पर्वलाई राष्ट्रियपर्व फागुपूर्णिमा (होलिका) को रूपमा मानिएको छ । आसुरी प्रवृत्तिलाई हटाएर दैवी प्रवृत्तिलाई उजागर गर्ने दिन भएकाले हिरण्यकशिपु र भक्त प्रल्हादका बीच भएको द्वन्द्वमा बहिनी होलिकालाई उभ्याएर प्रह्लाद (दैवी) प्रवृत्तिलाई समाप्त पार्न खोज्दा स्वयं भस्म हुनजानु र प्रह्लाद बच्नु यो आसुरी नाश र देवी सम्पद्को उदय हुनु हो । यस दिन विशेष रूपमा रंग-विरंगका अवीर छर्की संस्कृत विद्यालयहरूमा अध्ययनरत छात्र, अध्यापक, स्वामी, गुरुजन र भक्तजनहरू मिली यस पर्वलाई मनाउने गर्दछन् ।

## ५.२० श्रीरामनवमी

चैत्रशुक्ल नवमीको दिन श्रीरामनवमी पर्दछ । यस दिनमा पुनर्वसु नक्षत्र समेत पऱ्यो भने विशेष उत्तम मानिन्छ । भनिन्छ यसै दिन मध्यान्हकालमा श्रीरामको जन्म

---

[४४] शोधकर्ताले २०६८ फागुनमा गरेको शोधकर्ताले गरेको स्थलगत अध्ययनका आधारमा ।

भएको थियो । त्यसैलै यस दिन देवघाटक्षेत्रमा भएका वैष्णव सम्प्रदायका भक्तालुहरूले यस दिन श्रीरामको पूजाआजा गरी उपासना गर्ने गर्दछन् । यस दिन देवघाटको लक्ष्मीनारायण मन्दिरको प्राङ्गणमा रहेको रामक्रतुस्तम्भमा रामनाम लेखी खसाल्ने भक्तजनहरूको ठूलो भीड लाग्ने गर्दछ ।[४५]

यसैगरी देवघाटमा रहेका रामका अन्य मन्दिरहरूमा पनि ठूलो सङ्ख्यामा भीड लाग्ने गर्दछ । यस दिन देवघाटमा गई स्नान गर्ने र त्यहाँस्थित रामको मन्दिरहरूमा पूजाआजा गर्ने चलन भएको हुँदा यस दिनलाई एउटा ठूलो पर्वको रूप लिने गरिन्छ ।

## ५.२१ संन्याससंस्कार ग्रहण (दीक्षा)

देवघाटमा विभिन्न गुरुकुलीय संस्कृत विद्यालयहरू हुनुका साथै सन्तमहन्त तथा स्वामीहरू समेत हुने भएकाले सन्यास दीक्षा लिन चाहनेहरूले विभिन्न तिथिहरूमा देवघाटमा सन्यासग्रहण दीक्षा लिने गर्दछन् । सन्यासग्रहण गर्दा विशेष अवसर पारेर गर्ने गरिन्छ, जस्तो कि कुम्भमेला, चैते पूर्णिमा, माघेसङ्क्रान्ति र अन्य पर्वहरूमा सन्यास ग्रहण गर्ने प्रचलन रहेको पाइन्छ । देवघाटधाममा पनि यस्तै अवसर पारी सन्यासदीक्षा ग्रहण गर्ने गरेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

"प्राचीन ऋषिहरूले शतायुर्वै पुरुषः" मानिसको सम्पूर्ण आयुलाई १०० वर्षको मानी ४ वटा आश्रममा विभाजन गरेका थिए । जसमा व्रतवन्ध विधिपश्चात् २५ वर्षसम्म ब्रह्मचर्याश्रम र २५-५० वर्षको बीचमा विवाह विधिपश्चात् गृहस्थाश्रम, ५०-७५ बीचमा तीर्थनिवासविधि, वानप्रस्थाश्रम र अन्त्यमा ७५-१०० वर्ष बीचमा सन्यासविधि भनी यसलाई सन्यासाश्रम भनिएको छ । उक्त समयमा आश्रमको विभाजन गर्दा व्यावहारिक पक्षलाई बढी ध्यान दिएका थिए । यद्यपि वर्तमान समयमा आइपुग्दा भने मानिसहरू आवेगको भरमा नै आश्रममा प्रवेश गर्दछन् । वास्तवमा मनदेखि वैराग्य जुन समयमा आयो त्यही समयमा नै सन्यास प्रवेश गरिन्छ । यसको निमित्त कुनै समय, मिति र तिथि हुँदैन । 'मनमा जुन दिनदेखि विरक्त आयो त्यही दिनदेखि घरपरिवार छोडदे भयो ।' [४६]

---

[४५] शोधकर्ताले २०६८ चैत्रमा श्री लक्ष्मीनारायण मन्दिरका सञ्चालक श्रीधराचार्यज्यूसँग लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा ।

[४६] २०६८ चैत्रमा देवघाटधाममा आचार्य श्री खेमराज केशवशरणसँग गरेको भेटवार्ताका आधारमा ।

माथि उल्लेख गरेअनुसार यो संन्यासाश्रम पनि मानिसले गरिने १६ विधिमध्ये एक विधि हो, जस्तै- जन्म, न्वारान, र भातख्वाई, व्रतवन्ध, विवाह, अन्त्येष्टी आदि । देवघाटमा शैव र वैष्णव दुवै सम्प्रदायका मानिसहरू भएको हुँदा यी दुवै सम्प्रदायका सन्यासीहरू देवघाटमा प्रशस्त रहेका छन् ।

खासगरी देवघाटमा सरस्वती र गिरि सन्यासीहरू भएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । कतिपय सन्यासीहरू आश्रममा नै बसेर आफ्नो जीविका सञ्चालन गरिरहेका छन् भने कतिपयले आफ्नो छुट्टै कुटी बनाई सन्यासधर्मको पालना गरिरहेका छन् । यसरी यिनीहरू आफ्नै आश्रममा आफ्नो मयार्दाअनुसार बसेका छन् ।

## ५.२२ निष्कर्ष

देवघाटधाम महत्त्वपूर्ण तीर्थस्थल भएको हुँदा त्यहाँ सन्तमहन्त, कल्पवासी एवं व्यापार, व्यवसाय सञ्चालन गर्ने पेशाकर्मीहरूको समेत बसोवास रहेको छ । वास्तवमा देवघाट धर्मभीरुहरूको आश्रयस्थल हो । यहाँ सालभरका अनेकन चाडपर्वहरूमा धर्मात्मा, माहात्मा र तीर्थालुहरूको ठूलो भीड लाग्ने गर्छ । प्रायः सबैजसो चाडपर्वहरूमा पुण्य प्राप्त गर्ने क्रियाकलापहरू हुने गर्छन् । युवायुवतीहरूको उपस्थिति मनोरञ्जन र सांस्कृतिक कार्यसँग पनि सम्बन्धित हुन्छ । देवघाटमा लाग्ने चाडपर्व तथा मेलाहरू त्यति व्यवस्थित र योजनाबद्ध हुँदैनन् । सबैका गतिविधिहरू आफूखुसी हुन्छन् । तीर्थाटन के उद्देश्यका लागि गरिँदै छ भन्ने कुरा समेत बहुसङ्ख्यकलाई जानकारी हुँदैन । प्रायः सबैजसो लहैलहैमा लागेर उपस्थिति भएका हुन्छन् । यस्ता मेला पर्वहरू सांस्कृतिक अध्ययनका लागि पनि महत्त्वपूर्ण हुन्छन् तर यसमा पनि चासो ज्यादै कम रहेको देखिन्छ । जे भए तापनि प्रत्येक मेला पर्व कुनै न कुनै देवगण, देवकार्य, पितृकार्य, सुखप्राप्ति, मोक्षप्राप्ति आदिसँग सम्बन्धित देखिन्छन् । देवघाटमा हुने मेलापर्वहरू आन्तरिक पर्यटन विकासका लागि महत्त्वपूर्ण सावित हुने प्रवल संभावना छ । यहाँ सम्पन्न गरिने सन्यास संस्कार विधिले पनि नेपालको मौलिक धर्म र संस्कृतिको जगेर्ना गरेको छ ।

यहाँ मनाइने विविध चाडपर्वहरू सँगै विकृतिहरू पनि देखा परेका छन् तापनि देवघाटधाममा सम्पन्न गरिने यस्ता चाडपर्वहरू नेपालको नितान्त धर्म र संस्कृतिसँग सम्बन्धित छ । अतः यो क्षेत्र एउटा महत्त्वपूर्ण धर्म र संस्कारको केन्द्रविन्दुका रूपमा रहेको छ ।

अध्याय छ

# देवघाटको वर्तमान अवस्था

## ६.१ वर्तमान समय निर्धारण

देवघाटको वर्तमान अवस्था भन्नाले कुन समयदेखि कुन समयसम्मको कालखण्ड हो भन्ने प्रश्न उठ्छ । साधारणतः वर्तमान भन्नाले हालसालैको भन्ने बुझिन्छ । तर यसमा पनि प्रश्न उठ्न सक्छ, हालसालै भन्दा पनि अहिलेसम्मको भन्ने प्रश्न उठ्छ । किनकि शोधकर्ताले शोधकार्यको लागि एउटा निश्चित समयसम्मको मात्र शोधसामग्री सङ्कलन गरेको आफ्नो हुन्छ । त्यसभन्दा पछि आएको परिवर्तन र गतिविधिलाई उसले समेट्न सकेको हुँदैन । त्यसैले हालैको समयलाई पनि एउटा सालद्वारा निर्धारण गर्नुपर्ने हुन्छ । त्यसैले यस अध्यायमा देवघाटको वर्तमान अवस्था भन्नाले यहाँ वि.सं २०७० चैत्र सम्मको अवधिलाई लिइएको छ । त्यस वर्षसम्मको त्यहाँको अवस्थाका बारेमा अध्ययन सामग्री सङ्कलन गरिएको हो र सोही आधारमा देवघाटको वर्तमान अवस्थाको चित्रण यहाँ गरिएको छ ।

## ६.२ धार्मिक गतिविधि र महत्त्व

देवघाटस्थित काली (वैष्णवी), त्रिशूली (शाम्भवी), शुक्ला (सेती-सरस्वती), बूढीगण्डकी, मर्स्याङ्दी, मादी, दरौंदी गरी सप्तगण्डकीको संगमस्थल देवघाटधाममा मुख्यतः हिन्दु धर्मावलम्बीहरूले विभिन्न पर्वहरूमा विविध धार्मिक गतिविधिहरू सञ्चालन गर्दै आएका छन् भन्ने कुरा माथि नै चर्चा भइसकेको छ ।

वेदलाई नै मूल आधार मानेका हिन्दुधर्मावलम्बीहरूले नदीको संगमस्थललाई पवित्र मानी उक्त नदीका किनारहरूमा धार्मिक पूजाआजा, कर्मकाण्डीय र पितृकार्यहरू सम्पन्न गर्ने परम्परा रहँदै आएको छ । देवघाट नेपालकै मध्यभागमा रहेको र वर्तमानमा राजधानी काठमाडौंबाट समेत नजिक र आवागमनमा सुगमता भएकोले यहाँको गतिविधिमा वृद्धि भएको अवस्था छ । यसको धार्मिक महत्त्वका सन्दर्भमा हिमवतखण्ड गण्डकीमहात्म्यमा यसो भनेको पाइन्छ :

त्रैलोक्ये यानि तीर्थानि यानि तीर्थानि भारते ।

आत्मनः शुद्धिमिच्छन्ति सदागच्छन्ति पर्वसु ।[१]

तीनै लोकमा जति तीर्थ छन् भारतमा जति तीर्थ छन् (ती सबै) आफ्नो आत्मशुद्धिको निम्ति चाहन्छन् र सबै पर्वहरूमा सँधै देवघाटमा तीर्थमा जान्छन्[२] भनी उल्लेख भएको पाइन्छ ।

विभिन्न धार्मिक ग्रन्थहरूमा यस स्थलमा देवतीर्थ मानी स्वयम् देवताहरूले समेत विभिन्न धार्मिक क्रियाकलापहरू गर्दै आइरहेको उल्लेख पाइन्छ ।[३] मानिसहरूको आवागमन र चहलपहल सँगसँगै यस स्थलमा धार्मिक गतिविधिले गति लिन थालेको पाइन्छ । अझ यसमा पनि संस्कृत गुरुकुलम्हरूको सुरुवातले गर्दा कर्मकाण्ड विषयहरूको पठनपाठन सँगसँगै धार्मिक गतिविधिहरूले पनि अझ राम्रोसँग स्थान लिएको कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ ।[४] पवित्र तीर्थस्थलका साथै पण्डितहरूको प्राप्तिको कारण यस स्थलमा श्रीमद्भागवतमहापुराण, ग्रहशान्ति, सत्यनारायण, एकाहा, विवाह, रुद्री र अन्य कर्मकाण्ड, कालसर्पयोग, दुडाकर्म (उपनयन) व्रतबन्ध, श्राद्ध, दाहसंस्कारजस्ता धार्मिक कृत्यहरू गराएको कुरा अध्ययनका क्रमबाट थाहा हुन आउँदछ । यस स्थलमा मृत शरीर जलाउँदा मृतकको आत्मा परमधाममा पुग्ने विश्वास गरिने भएको हुँदा नेपालका विभिन्न स्थान- चितवन, नवलपरासी, मकवानपुर, तनहुँ, धादिङ, रुपन्देही, गोरखालगायत काठमाडौँबाट समेत शवदाह संस्कारको निम्ति मानिसहरू आउने गरेको कुरा स्थलगत अध्ययनको क्रममा थाहा हुन आउँदछ ।

नेपाल एउटा धार्मिक समन्वयवाद सहिष्णुता भएको देश हो । नेपालका राजा-महाराजाहरूले इतिहासको प्रारम्भदेखि नै धार्मिक समन्वयवाद र सहिष्णुतालाई कायम राख्नको निमित्त शैव, वैष्णव, वौद्धका मठ-मन्दिर विहार तथा गुम्बाहरू निर्माण गर्दै आएको देखिन्छ । अतः यसै परिप्रेक्ष्यमा देवघाटमा पनि धार्मिक समन्वयवाद र सहिष्णुताले स्थान पाएको देखिन्छ । अर्थात् देवघाटमा रहेका शैव, वैष्णवका मठ-मन्दिर र बौद्ध गुम्बाबाट यो कुरालाई प्रष्ट्याउँदछ ।[५] देवघाट एउटा महत्त्वपूर्ण धार्मिकस्थल भएको हुँदा विभिन्न धार्मिक सम्प्रदायका

---

१ योगी नरहरिनाथ (सम्पा.), *हिमवत्खण्ड* (परिशिष्टभाग) गण्डकीमाहात्म्यम्, अध्याय ७, श्लोक सङ्ख्या १६, (काशी : योगप्रचारिणी सभा, गोरक्ष टिल्ला, २०१३), पृ. ९८ ।

२ टीकाराम अधिकारी, *गण्डकीमाहात्म्यम्,* (दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी, २०५५), पृ. १४५ ।

३ *ऐजन,* पृ. ९९ ।

४ गलेश्वरबाबाद्वारा २०३१ सालमा भारतको देहरादूनबाट ल्याइएका वेदवेदाङ्ग विद्यालयका शिक्षक चन्द्रमणि शास्त्री रेग्मीद्वारा २०६८ भाद्रमा शोधकर्ताले प्राप्त गरेको जानकारीका आधारमा ।

५ शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा ।

मानिसहरू यहाँ बस्दै आइरहेको र आ-आफ्नो धार्मिक गतिविधिहरू गरिरहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

देवताका पनि देवता स्वयं (महादेव शङ्करजी पनि) आफ्ना गणहरूसहित यस तीर्थस्थलमा बस्नु हुन्छ । त्यसैले सम्पूर्ण फल प्रदान गर्ने भएकाले देवताहरूको तीर्थ 'देवतीर्थ' भनिएको हो ।

देवदेवः स्वयं तत्र तिष्ठति प्रमथैः सह ।
देवतीर्थमिति प्रोक्तं तस्मात् सर्वफलप्रदम् ।[६]

यसरी विभिन्न पुराणहरूमा उल्लेख भएको यस्तो पवित्र तीर्थस्थलमा आई पितृकार्य र देवकार्य गर्दा पुण्य आर्जन हुन्छ भन्ने विश्वासले मानिसहरू दिनहुँजसो विभिन्न धार्मिक कार्यहरू गरिरहेको स्थलगत अवलोकनबाट पुष्टि हुन आउँदछ ।[७] कर्मकाण्डको सन्दर्भमा कुरा गर्नुपर्दा देवघाटधाममा पौराणिक कालदेखि नै देवताहरू आई बस्ने अटन (भ्रमण) स्नान, पूजा आदि कार्यसँगै स्वयम् देवताहरूबाट नै उक्त स्थानमा कर्मकाण्डको सुरुवात भएको उल्लेख गर्न सकिन्छ । यद्यपि विधिवत् रूपमा भने देवघाटधाममा गुरुकुल विद्यालयहरूको स्थापना भएपश्चात् उक्त विद्यालयमा पठनपाठन हुने विषयहरू अध्यापन गराउनको निम्ति भारतको उत्तर प्रदेश प्रान्तको देहरादून जिल्ला अन्तर्गत ऋषिकेश वेद महाविद्यालयमा अध्ययनरत चन्द्रमणि शास्त्री रेग्मीलाई गलेश्वर बाबाले २०३१ सालमा देवघाट भिकाइ वेद-कर्मकाण्ड पढाउनको निमित्त तत्कालीन प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालद्वारा नियुक्तिपत्र दिलाएपश्चात् देवघाटधाममा कर्मकाण्डको पठनपाठन सुरु भएको हो । त्यसै समयदेखिनै देवघाटधाममा कर्मकाण्ड विषय प्रारम्भ भएको थियो ।[८]

यसप्रकार यहाँ विभिन्न गुरुकुलहरूमा कर्मकाण्डको गहिरो अध्ययन-अध्यापन गराउँदै आइरहेको हुँदा कर्मकाण्डमा यस स्थलले निरन्तरता पाइरहेको कुरा स्थलगत अध्ययनबाट ज्ञात हुन आउँदछ । यस धार्मिक स्थलमा बाहिरबाट आउने भक्तजनहरूले आचार्य पण्डित गुरुहरूद्वारा श्रीमद्भागवत्महापुराण, ग्रहशान्ति, सत्यनारायण, न्वारन, विवाह र अन्य कर्मकाण्ड, चूडा उपनयन (व्रतवन्ध), श्राद्ध आदि धार्मिक कृत्यहरू गराउँदछन् । यी कामहरूमा कर्ता तथा

---

६ योगी नरहरिनाथ, पादटिप्पणी सङ्ख्या १, पृ. ९९ ।

७ शोधकर्ताले २०६७ वैशाखमा गरेको स्थलगत अवलोकनका आधारमा ।

८ चन्द्रमणि शास्त्री रेग्मी, "गलेश्वर बाबाको देवघाट धाम : मेरो स्मृतिमा," *देववाणी,* अङ्क ३, वर्ष ३, (काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्,) पृ. ४४-४८ ।

भक्तजनहरूले आफ्नो क्षमताअनुसार मन्दिर तथा आश्रम सञ्चालनको निमित्त खडा गरिएको कोषमा रकम जम्मा गर्ने गरेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

देवघाटधाममा कर्मकाण्डको प्रचलन कहिलेदेखि सुरु भयो भन्ने प्रसङ्गमा एकीनका साथ भन्न नसकिए तापनि देवघाटधाममा खोलिएका विभिन्न गुरुकुलहरू कर्मकाण्डको गहिरो अध्ययन-अध्यापन गराउँदै आएको हुँदा यहाँबाट उत्पादित विद्यार्थीहरूको निम्ति यो स्थल प्रयोगशाला जस्तो भएको हुँदा उनीहरूले आफ्नो अध्ययनलाई व्यवसायका रूपमा परिणत गर्नका निम्ति कर्मकाण्डको थालनी भएको कुरा मान्न सकिन्छ ।

देवघाट पौराणिककालदेखि नै महत्त्वपूर्ण पवित्र तीर्थस्थलको रूपमा चिनिदै आएको हुँदा वर्तमान समयसम्म आइपुग्दा पनि पर्व-पर्वमा यस स्थलमा पूजाआजा, स्नान, कर्मकाण्डलगायत विविध धार्मिक गतिविधि हुनुका साथै यो स्थलले महत्त्वपूर्ण दाहसंस्कारको रूपमा पनि प्रसिद्धि पाएको छ । पूजाआजा, स्नान गर्ने र दाहसंस्कार गर्ने ठाउँ छुट्टाछुट्टै बनाइएको छ ।

देवघाटधामको धार्मिक गतिविधिको सन्दर्भमा कुरा गर्नु पर्दा देवघाटमा रहेका धार्मिक सम्प्रदायको विषयमा चर्चा गर्नु आवश्यक हुन्छ । तीनवटै जिल्लाले छोएको यो स्थलमा विभिन्न धार्मिक सम्प्रदायका मानिसहरूले आ-आफ्नो निष्ठाअनुसार धार्मिक गतिविधि सञ्चालन गरिरहेका छन् । यी अलग-अलग सम्प्रदायको विषयमा उल्लेख गरिनु वाञ्छनीय हुन आउँदछ ।

### ६.२.१ धार्मिक सम्प्रदायहरू

देवघाटधाममा शैव सम्प्रदाय, वैष्णव सम्प्रदाय र शाक्त सम्प्रदायका र केही मात्रामा बौद्ध धर्मका मानिसहरू रहेका छन् । यसमा पनि चितवन र नवलपरासीतर्फका भागमा वैष्णव सम्प्रदायको बाहुल्यता भएको र तनहुँतर्फ शैव सम्प्रदायको बढी प्रभाव रहेको पाइन्छ ।[९]

शैवधर्म भन्नु नै भगवान् शिवलाई मुख्य देवताको रूपमा लिनु हो भन्ने बुझिन्छ । यो हिन्दुधर्मको एउटा सम्प्रदाय हो । यस सम्प्रदायमा शिवलाई अङ्गीकार गर्ने भक्तजनहरूको समूह हुन्छन् । नेपालमा शैवधर्म र शैव सम्प्रदायको थालनी कहिलेबाट भयो भन्ने विषय जान्न हिमवत्खण्ड, नेपालमहात्म्य भाषावंशावलीहरू, स्वयम्भुपुराण र आख्यानहरूको भनाइलाई ध्यान दिनु पर्दछ ।[१०] नेपालमा ईश्वीको दोस्रो शताब्दीदेखिको भने अभिलेखहरू प्राप्त गर्न सकिन्छ ।

---

[९] शोधकर्ताले २०६९ वैशाखमा गरेको देवघाटको स्थलगत अध्ययनका आधारमा ।

[१०] जगदीशचन्द्र रेग्मी, *प्राचीन नेपाली संस्कृति,* (काठमाडौं: साझा प्रकाशन, २०४०), पृ. १०४ ।

त्यस्ता अभिलेखमा धार्मिक गतिविधिहरूको सन्दर्भमा उल्लेख गरिएको पाइन्छ । यसको आधारबाट नेपालमा इशाको पाँचौं शताब्दीदेखि नै शैव, वैष्णव, बौद्ध, शाक्त आदि सम्प्रदायहरू लोकप्रिय भैसकेको र तिनको कर्मकाण्डको समेत विकास भैसकेको थाहा हुन्छ ।[११] हाल देवघाटमा रहेका सम्प्रदायहरूको विषयमा यहाँ उल्लेख गरिएको छ ।

### (क) शैव सम्प्रदाय

माथि भनेझैं हिन्दुधर्ममा प्रचलित धार्मिक सम्प्रदायमा शैव सम्प्रदायको इतिहास धेरै पुरानो छ । ऋग्वेदमा थोरै मात्रामा भए पनि रुद्रको नाम उल्लेख गरिएको पाइन्छ । 'रुद्र' नै शिवको अर्को नाम हो । नेपालको ऐतिहासिक सन्दर्भमा कुरा गर्ने हो भने इ. ४६६ देखि ७७० सम्म फेला परेको ५० जति अभिलेखहरूको आधारमा लिच्छविकालदेखि नै शैव धर्मले महत्त्वपूर्ण स्थान ओगटेको थियो भन्ने कुरा जगदीशचन्द्र रेग्मीले उल्लेख गरेको पाइन्छ ।[१२] लिच्छविकालीन राजाहरू मानदेव, अंशुवर्मा, नरेन्द्रदेव, शिवदेव, जयदेव आदि शासकहरूको समयमा शैव धर्मले राजकीय धर्मको रूप ग्रहण गरेको थाहा हुन्छ । मध्यकालमा पनि शैवधर्मको अवस्थामा कमी आएन । मध्यकालीन जनताद्वारा निर्माण गरिएका शिलालेखहरूले पनि शिवको लोकप्रियताको परिचय दिएका छन् ।[१३] यसैगरी आधुनिककालदेखि वर्तमान समयसम्म आइपुग्दा पनि शिव धर्म र शिव सम्प्रदायमा कमी नआएको कुरा देवघाटस्थित धार्मिक क्षेत्रबाट पुष्टि हुन आउँदछ । देवघाटमा के कति शैवधर्म सम्प्रदाय र यसको पूजा विधि के-कस्तो छ भन्ने सन्दर्भमा तल चर्चा गरिने छ ।

यस्ता मन्दिरहरूमा शैव विधिअनुसार पूजा गरिएको पाइन्छ । मन्दिरभित्र राखिएको शिवलिङ्गलाई षोडशोपचार विधिले पूजा गरिन्छ ।[१४] षोडशोपचार विधि भन्नाले जल, अर्घ्य, दूध, दही, घिउ, मह, चिनी, वेलपत्र, यज्ञोपवीत, गन्ध (चन्दन), दूवो, धूप, दीप, नैवेद्य, ताम्बूल (पान), पूगीफल (सुपारी) आदि जस्ता पूजा सामग्री राखी पूजा गर्ने भन्ने बुझिन्छ । यसैगरी षडङ्ग रुद्रीपाठ, वेदपाठ र हवन गर्ने गर्दछन् । देवघाटधाममा भएका शैव मन्दिरहरूमा बिहान-बेलुका

---

[११] *ऐजन,* पृ. १४५ ।

[१२] रेग्मी, पादटिप्पणी सङ्ख्या १०, पृ. ११३ ।

[१३] खत्री, पादटिप्पणी सङ्ख्या १२, पृ. ३३ ।

[१४] शास्त्री, पादटिप्पणी सङ्ख्या ७, पृ. ११७-१२३ ।

नित्य छात्रहरूद्वारा षोडशोपचार विधिअनुसार शिव महिमा स्तोत्र पाठद्वारा पूजा विधि सम्पन्न गर्दछन् भन्ने कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

देवघाटको तनहुँतर्फ शैव सम्प्रदायका व्यक्तिहरू अन्य दुई जिल्लाको तुलनामा बहुसंख्यक रहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । तीन आश्रम (गुरुकुल) र कल्पवास भक्तिक्षेत्र, वृद्धाश्रममा रहेका शैव सम्प्रदायहरूको विवरण यसै अध्यायको "देवघाटक्षेत्रका कल्पवासीहरू" शीर्षक अन्तर्गत राखिएको छ ।

**(ख) वैष्णव सम्प्रदाय**

माथि नै भनिसकियो कि शैवधर्म पूर्ववैदिक कालदेखि नै उदाएको थियो । यद्यपि यो धर्ममा यज्ञ र बलिदान दुवै भएको हुँदा ढोङ्गी, यज्ञ र बलिदान विरोधी जैन र बौद्ध मार्गीहरूको उत्थानका कारण परम्परादेखि चलिआएको शैवधर्ममा तुषारापात नपरोस् भन्ने उद्देश्यले जैन र बौद्ध धर्मजस्तै वैष्णवधर्मको विकास भएको हुन सक्छ । शैवधर्मको तुलनामा यसको प्रभाव नेपालमा कम परेको देखिन्छ, तैपनि सांस्कृतिक इतिहासमा यस सम्प्रदायको दीगो प्रभाव परेको देखिन्छ ।

भगवान् विष्णु यस धर्मका एकमात्र सर्वोच्च आराध्य देवता हुन्, जसको उपासना र आराधनाबाट मोक्ष सम्भव छ भन्ने यस मतका अनुयायीहरूको विश्वास छ । उपासनाको मुख्य मार्ग भक्तिलाई मानिन्छ । यो भक्ति नै ईश्वर प्रेमको पराकाष्ठा हो । प्रत्येक भक्तले आराध्यदेवता विष्णुलाई असीम भक्ति समर्पित गर्नु आफ्नो कर्तव्य ठान्दछन् । लिच्छविहरू नेपालमा प्रवेश गर्नुपूर्व शासन गरेका गोपाल र आभीरहरू श्रीकृष्णका उपासक भएको र श्रीकृष्ण वैष्णव सम्प्रदायका भएको हुँदा यस भेगमा वैष्णव सम्प्रदायले नै शासकहरू माथि प्रभाव पारेको कुरा स्पष्ट हुन आउँदछ ।

इश्वीको पाँचौं शताब्दीतिरबाट भारतको वैशाली भन्ने ठाउँबाट नेपाल प्रवेश गरेका लिच्छविहरू भारतको उत्तर-पश्चिममा लोकप्रिय भैसकेको वैष्णवधर्मबाट प्रभावित भएको र लिच्छवि राजा मानदेवको चाँगुनारायण गरुडस्तम्भ अभिलेख वैष्णव सम्प्रदायसँग सम्बन्धित अभिलेख हो । यो अभिलेखमा 'दोलाद्रिक हरि' को स्तुति गरिएको छ ।[१५] यसबाट लिच्छविकालदेखि नै वैष्णवधर्मले प्रस्ट छाप पारेको बुझ्न सकिन्छ । यसपछि क्रमशः

[१५] जगदीशचन्द्र रेग्मी, *लिच्छवि संस्कृति,* (काठमाडौँः रत्नपुस्तक भण्डार २०२६) पृ.२९३ ।

मध्यकालमा पनि वैष्णवधर्म लोकप्रिय रहेको हामी पाउँदछौँ । आधुनिक र वर्तमान समयसम्म आइपुग्दा पनि वैष्णव सम्प्रदायको उत्तिकै स्थान पाएको कुरा बुझ्न सकिन्छ । हिन्दुधर्मअन्तर्गत पर्ने यो वैष्णवधर्मभित्र पनि अन्य थुप्रै शाखाहरू रहेको पाइन्छ । आधीकारिक रूपमा शास्त्रले बताएअनुसार वैष्णवहरू ४ सम्प्रदायमा विभक्त छन् । जुन निम्नानुसार छन्-[१६]

(अ) **श्रीसम्प्रदायमूल** : यसका प्रधानसंस्थापक रामानुज रामानुजाचार्यको जन्म इश्वी सन् १०१७ मा[१७] भारतको मद्रासमा भएको थियो । उनले प्रचार-प्रसार गरेपछि उनैको नामबाट रामानन्द सम्प्रदाय भयो र उनका अनुयायीलाई रामानन्दी भनियो । यसको दार्शनिक मत विशिष्टाद्वैतको नामबाट प्रसिद्ध छ । यिनीहरूको इष्टदेवता लक्ष्मीनारायण (रामानुज), सीताराम (रामानन्दी) हुन् । विशिष्ट द्वैतअन्तर्गत रामानुज र रामानन्दी सम्प्रदाय पर्दछन् । यसअन्तर्गत रामानुजले लक्ष्मीनारायण (विष्णु) इष्टदेवताका रूपमा पूज्ने गर्दछन् भने रामानन्दीले सीतारामलाई आफ्नो इष्टदेवताका रूपमा पूज्ने गर्दछन् ।

(आ) **निम्वार्क** (**हंससम्प्रदाय**) : यसका प्रवर्तक सनकादि र प्रधान संस्थापक निम्वाकाचार्यको समय १२ औँ शताब्दी हो ।[१८] त्यसैले यसलाई निम्वार्क सम्प्रदाय भनिएको हुनसक्छ । यसको दार्शनिक मत द्वैताद्वैत या भेदाभेद हो । यिनीहरूले आफ्नो इष्टदेवताका रूपमा 'राधाकृष्ण' लाई पूज्ने गर्दछन् ।

(इ) **मध्व** (**ब्रह्मसंप्रदाय**) : यसका प्रधान प्रवर्तक संस्थापक मध्वाचार्य ब्रह्मा र संस्थापकको जन्म इ. १११९ मा कन्नड प्रदेशमा भएको थियो ।[१९] पछि गौडिया स्वामीले यसको विशेष प्रचार गरेका हुनाले यिनलाई गौडिया सम्प्रदाय पनि भन्ने गरिन्छ । यिनको दार्शनिक सिद्धान्त द्वैतवाद हो । गुरु र राधाकृष्णलाई यिनीहरूले आफ्नो इष्टदेवताका रूपमा 'मध्वाचार्य' जसलाई (वायुदेवताको अवतार भनिन्छ) पूज्ने गर्दछन् । गौडिया सम्प्रदायले इष्टदेवताका रूपमा चैतन्य महाप्रभु (जसलाई विष्णुको प्रेमावतार मानिन्छ) लाई पूज्ने गर्दछन् ।

---

[१६] उमेश मिश्र, *भारतीय दर्शन,* (पञ्चम संस्करण), (लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान, सन् २००३), पृ. ४०६ ।

[१७] *ऐजन,* पृ. ४०६ ।

[१८] *ऐजन,* पृ. ४२० ।

[१९] *ऐजन,* पृ. ४२६ ।

(ई) **रुद्रसम्प्रदाय** : रुद्र यसका प्रधान प्रवर्तक विष्णुस्वामी प्रधान संस्थापक भए । यसपछि इश्वी सन् १४७९ मा जन्मेका बल्लभाचार्यले यसको विशेष प्रचार गरेका हुनाले यसलाई वल्लभ सम्प्रदाय पनि भनिएको हो । यिनको दार्शनिक मत शुद्धाद्वैत हो ।[२०] यिनीहरूले आफ्नो इष्टदेवताका रूपमा विष्णुस्वामी वल्लभाचार्य र बालकृष्णलाई पूज्ने गर्दछन् ।

देवघाटक्षेत्रमा माथि उल्लेख गरिएका सम्प्रदायहरूमध्ये रामानुज, रामानन्दी, निम्वार्क सम्प्रदायका भक्तजनहरू रहेका छन् । उदाहरणार्थः लक्ष्मीनारायण (रामानुज) राममन्दिर (रामानन्दी) राधाकृष्ण मन्दिर (निम्वार्क) आदि रहेका छन् । यिनीहरूले वैष्णवाचार पद्धति नारद पाञ्चरात्र आगमअनुसार पूजा गर्ने गर्दछन् । इष्ट देवताका रूपमा बालकृष्णलाई लिने गरिन्छ । यसका भक्तजनहरूले 'बालकृष्ण लालकी जय' भनी उच्चारण गर्दछन् । माध्व अन्तर्गत अचिन्त्य भेदाभेद यिनीहरूको इष्टदेवताका रूपमा राधाकृष्णलाई लिने गरिन्छ । यसका भक्तजनहरूले 'राधे-राधे' भनी उच्चारण गर्दछन् ।

रामानुज अन्तर्गत विशिष्टाद्वैतहरूको इष्टदेवताका रूपमा लक्ष्मीनारायणलाई लिने गरिन्छ । यसका भक्तजनहरूले 'जयश्रीमन्नारायण' भनी उच्चारण गर्दछन् ।[२१] वैष्णव सम्प्रदायमा मानिसहरूले विशेष अवसरको रूपमा भाद्र महिनाको कृष्ण पक्षमा पर्ने कृष्ण जन्माष्टमी, भाद्रशुक्ल अष्टमीमा पर्ने राधा अष्टमी गोपाष्टमी र कार्तिक शुक्लमा पर्ने गोपाष्टमी यी तीन अवसरलाई विशेष चाडको रूपमा लिने गर्दछन् ।[२२] निष्काम भावना र आराधना बाहेक केही अपेक्षा नराख्ने वैष्णव सम्प्रदायको पूजा विधि यसप्रकारको छ । राधाकृष्णको मूर्ति स्थापना गरिन्छ तर मूर्ति पूजा होइन कि अनिवार्य रूपमा शालग्राम (शालिग्राम)) को पूजा हुन्छ । तामा वा चाँदीको वर्तनमा शालिग्रामलाई राखी भगवान्लाई जगाउने, गाइको दूधले स्नान गराउने, शालिग्राम सँगै तुलसीको पात राख्ने र मंगल आरती गरी भोग लगाउने गर्दछन् । भोगको निमित्त शुद्ध भोजन, जसमा सागपात लसुन नमिसाइएको भोजन तयार गरी भगवान्लाई भोग लगाउनुका साथै नारदपाञ्चरात्र आगम विधिअनुसार फलफूलहरू चढाए तापनि अनिवार्य रूपमा अन्न भोग लगाउनु पर्ने, अन्न भोगपश्चात् आफूले भोजन ग्रहण गर्ने, यहाँसम्म कि अन्न भोजन नगरिने एकादशीको दिनमा पनि भगवान्लाई अन्न भोजनकै भोग लगाउनु पर्ने

---

[२०] राजबली पाण्डेय, *हिन्दू धर्मकोश,* (तृतीय सं.), (लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान, सन् २००३), पृ. ५७८ ।

[२१] *ऐजन* ।

[२२] *ऐजन* ।

र उक्त दिनको भोग प्रसादको रूपमा गाईलाई दिइने गरेको कुरा अध्ययनको क्रममा थाहा हुन आउँदछ ।

शैवधर्मको तुलनामा यो वैष्णवधर्म निकै कठोर हुने कुरा वैष्णव सम्प्रदायका अनुयायीहरू बताउने गर्दछन् । वैष्णव सम्प्रदायभित्र अनेकौं शाखाहरू हुने कुरा माथि नै बताइएको छ । यद्यपि यी शाखाहरूको उठान कहिलेदेखि भयो भन्ने सन्दर्भमा एकीनका साथ भन्न नसकिए तापनि इ. ५७३ को शङ्खमूल सिवही अभिलेख र शिवदेव प्रथमको लेले अभिलेखमा पहिलोमा परमभागवत र दोस्रो अभिलेखमा वासुदेव सम्प्रदाय मान्ने बाहुनहरूको समितिको उल्लेख गरिएको छ ।[२३] यसबाट पहिलेदेखि नै वैष्णव सम्प्रदायमा केवल भागवत् र वासुदेव शाखालाई मात्र लिइएको र पछि त्यसमा वृद्धि हुँदै आएको बुझ्न सकिन्छ । वैष्णव धर्मावलम्बीहरू पनि खास उद्देश्य र मोक्ष प्राप्तिको आशयले वैष्णवहरूले वैष्णवाचार पद्धतिद्वारा यज्ञयज्ञादी गर्ने गरेको पाइन्छ । देवघाटमा के कति वैष्णव सम्प्रदायहरू छन् भन्ने कुरा यसै अध्यायको पछाडि राखिएको छ ।

**(ग) शाक्त सम्प्रदाय**

शाक्त भन्नाले शक्ति स्वरूपिणी भगवतीका अनेक रूप भन्ने बुझिन्छ । महाविद्या, सिद्धविद्या वा कुनै देवीलाई इष्टदेव मान्ने पुरुष, जसले वामाचार, दक्षिणाचार वा कुलाचारद्वारा शक्तिदेवीको उपासना गर्छन् । सामान्यतया वेदमाता गायत्री आदि शक्तिको उपासकलाई शाक्त भनिन्छ तर गायत्री नजान्ने शैव, वैष्णव आदि शाक्त होइनन् ।[२४] शाक्त सम्प्रदायमा बलिप्रथाले ठूलो स्थान पाएको छ । देवीका मन्दिरहरूमा चाडपर्वहरूमा- राँगा, बोका, हाँस, कुखुरा, परेवा आदिको वली चढाउने प्रथा रहेको पाइन्छ । नेपालमा शाक्त धर्मको प्रभाव प्राचीनकालदेखि आजसम्म उत्तिकै रहेको पाइन्छ ।

देवघाटधाममा अनेकौं शाक्त मन्दिरहरू हुनुका साथै शाक्त सम्प्रदायका भक्तजनहरू भएको कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ । खासगरी देवघाटक्षेत्रमा रहेको मौलाकालिका, वागीश्वरी, दुर्गा भगवती मन्दिर आदि महत्त्वपूर्ण शाक्त मन्दिरहरू हुन् ।

---

२३ रेग्मी, पादटिप्पणी सङ्ख्या १०, पृ. १३९ ।

२४ फणिन्द्रप्रसाद पाण्डेय, *संस्कृत-नेपाली बृहत् शब्दकोश,* (दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, २०५७), पृ. १२६८ ।

नेपालमा लिच्छविकालदेखि नै अस्तित्वमा रहेका शैव, वैष्णव र बौद्ध शाक्त धर्मले आजसम्म हिन्दु समाजमा ठूलो छाप पारेको प्रस्ट देखिन्छ । माथि उल्लेख गरेअनुसार शासक वर्गहरूको हिन्दुधर्मका विभिन्न अलग-अलग सम्प्रदायहरूलाई अँगालेको हुँदा प्रजाहरूले पनि आफ्नो इच्छाअनुसार विभिन्न सम्प्रदायहरू अवलम्बन गरेको देखिन्छ । नेपाल राज्यभरि नै यस्ता विभिन्न धार्मिक सम्प्रदायका मानिसहरू भेटिनुलाई स्वाभाविक मान्न सकिन्छ ।

खास गरेर नेपालका विभिन्न धार्मिक स्थलहरूमा विभिन्न धार्मिक सम्प्रदायका मानिसहरूले आ-आफ्नो इष्ट देवताका आधारमा धार्मिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको हामी पाउँदछौँ । नेपालकै मध्य भागमा पर्ने महत्त्वपूर्ण नदीहरूको संगमस्थल भएको देवघाटधाममा पनि हिन्दु धर्मावलम्बीहरूले हिन्दुधर्मका विभिन्न मतहरूलाई अवलम्बन गरी आफ्नो धार्मिक गतिविधिहरू सञ्चालन गरिरहेको कुरा अध्ययनको क्रममा थाहा हुन आउँदछ ।

### (घ) बौद्ध सम्प्रदाय

नेपालमा बौद्ध धर्मको उल्लेख प्राचीनकालदेखि नै हुँदै आएको देखिन्छ । लिच्छविकालबाट प्राप्त अभिलेखहरूमा बौद्धधर्मसँग सम्बन्धित, बौद्धस्तूप, गुम्बा र विहारहरूबाट नेपालमा लिच्छविकालमा बौद्ध धर्म र यसका सम्प्रदायहरू प्रशस्त भएको कुरा स्पष्ट हुन आउँदछ । यसैगरी मध्यकालमा पनि बौद्धस्तुप, गुम्बाहरू प्रशस्त निर्माण भएको पाइन्छ भने आधुनिककाल र वर्तमान समयसम्म आइपुग्दा पनि बौद्ध गुम्बाहरूको निर्माण र बौद्ध धर्मका गतिविधिले उत्तिकै स्थान पाएको कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ । देवघाटमा अहिंसावादी महायान सम्प्रदायको महाअष्टचैत्य वज्रकुटी बौद्ध गुम्बा लगायत अन्य गुम्बा विहारहरू पनि रहेका छन् । यिनीहरूको आफ्नै बौद्ध परम्पराअनुसार पूजाआजा हुने गर्दछ र यहाँ भिक्षु-भिक्षुणीहरूद्वारा नै पूजा गरिने कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

यहाँ वैशाख पूर्णिमा (पूर्णिमा) को दिन विशेष धार्मिक गतिविधि एवम् उत्सव मनाउने गरिन्छ भने अन्य पूर्णिमा र विशेष तिथिहरूमा पनि धार्मिक गतिविधि हुने कुरा गुम्बाका संस्थापक बताउँछन् ।[२५] शैव र वैष्णव सम्प्रदायको तुलनामा देवघाटमा बौद्ध सम्प्रदायका व्यक्तिहरू कम देखिन्छन् । यद्यपि देवघाटमा रहेको यस बौद्धगुम्बाले परम्परादेखि चल्दै आएको धार्मिक सहिष्णुताको प्रतिनिधित्व गरेको पाइन्छ ।

---

[२५] शोधकर्ताले २०६९ वैशाखमा देवघाटको गुम्बाका संरक्षक ज्ञानसागर लामासँग गरेको भेटवार्ता अनुसार ।

## ६.३ सामाजिक गतिविधिहरू

प्राचीन समयदेखि धार्मिक तीर्थस्थलको रूपमा मात्र चिनिदै आएको देवघाटधाममा वर्तमान समयमा सामाजिक गतिविधिहरू पनि हुँदै आएका छन्, तर यहाँका सामाजिक कार्यहरू विशुद्ध सामाजिक भने छैनन् । यी कार्यमा पनि धार्मिक आस्थाले काम गरेको छ । जीवनको पछिल्लो चरणमा पुगेका असहाय, अपाङ्ग, दुःखी, गरीब, काम गरी खान नसक्ने, कतिपय जटाधारी र गेरु वस्त्रधारी जोगी सन्यासी तथा सामाजिक र कल्पवासीहरूको बसोवास यो स्थलमा भएको छ । यसवाहेक पुस्तैनी रूपबाट डुङ्गा खियाउने र माछा मार्ने पेशामा रहेका माझी, मगर, चुरेटालगायतको वस्ती पनि पहिलेदेखि नै रहँदै आएको छ । त्यसवाहेक हाल आएर व्यापारिक मानिसहरूको जमातको उपस्थितिले गर्दा पनि यो क्षेत्र सामाजिक विविधतायुक्त हुनपुगेको छ । तर यहाँको धार्मिक-सामाजिक गतिविधिमा यी सबैलाई समेटिएको छैन । ती व्यक्तिहरू जो  यहाँका पुराना वासिन्दाका रूपमा रहेका छन् र व्यापारिक गतिविधिमा संलग्न छन् । तिनीहरूवाहे जो असक्तता आदि कारणले देवघाटमा शरण लिएका छन्, तिनीहरूसँग सम्बन्धित गतिविधि मात्र यहाँ समावेश गरिएको छ ।

### (क) देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रम

यहाँ वृद्धाश्रम भन्नाले निःसहाय वृद्धहरू बस्ने आश्रमलाई लिइएको छ । वृद्धाश्रम वृद्ध र 'आश्रम' दुई शब्द मिलेर बनेको छ । वृद्ध भन्नाले धेरै उमेर भएको बूढापाका मानिस भन्ने बुझिन्छ । हाल नेपाल सरकारले नेपाली नागरिकलाई ७० वर्ष पुगेपछि 'जेष्ठनागरिक' अर्थात् वृद्ध मानेको छ र सोहीअनुसार मासिक हिसाबले 'वृद्धभत्ता' पनि दिँदै आएको छ । यस आधारमा हेर्दा ७० वर्षभन्दा माथि उमेर पुगेकाहरूलाई वृद्ध भन्नु पर्दछ ।

जहाँसम्म 'आश्रम' को प्रश्न छ- आश्रम भन्नाले आश्रयस्थल वा आवास भन्ने बुझिन्छ । भनिन्छ प्राचीन ऋषिमुनिहरूले बस्न र तपस्या गर्नका निमित्त बनाएको कुटीलाई पनि आश्रम नै भन्ने गरिन्थ्यो । यस्तो आश्रम जङ्गलमा बनाइन्थ्यो ।

नेपाल सरकारबाट नेपालभरिका असहाय वृद्धवृद्धाहरूलाई सम्मानजनक रूपबाट आश्रय दिनका निमित्त वृद्धाश्रमको स्थापना गरिएको पाइन्छ । जसको पहिलो रूप काठमाडौँस्थित पशुपतिनाथमा रहेको वृद्धाश्रम हो । यसपछि नेपालको चौध अञ्चल पचहत्तर जिल्लामा नै एक-एकवटा वृद्धाश्रम स्थापना गर्ने निर्णय भएअनुसार नेपालको मध्य

भागमा पर्ने धार्मिकस्थल तनहुँ जिल्लाअन्तर्गत पर्ने देवघाट गा.वि.स. को वडा नं. २ मा वृद्धाश्रमको स्थापना भएको छ। यस वृद्धाश्रमका लक्ष्यहरू यसप्रकार रहेका छन् :

समाजमा अपहेलित जेष्ठ नागरिकहरूलाई आश्रय दिनु, वृद्धाश्रममा बस्ने वृद्धावृद्धाहरूलाई खाने र बस्ने प्रबन्ध गर्नु, वृद्धवृद्धाहरूलाई आवासको व्यवस्था समूहमा बस्ने गरी गर्ने छ। वृद्धवृद्धाहरूलाई आवास छुट्टाछुट्टै हुनेछ। १ कोठामा १ भन्दा बढी सङ्ख्यामा बस्नु पर्ने छ। आश्रममा बस्ने वृद्धवृद्धाहरूले उनीहरूको सीपको आधारमा केही काम गरी आयआर्जन गर्न चाहेमा उत्पादनको आधा केन्द्रलाई बुझाउने गरी कच्चा पदार्थ उपलब्ध गराउन प्रयत्न गर्नेछ। यस केन्द्रले असहाय वृद्धवृद्धा बाहेक आश्रम वासको इच्छा राख्ने वृद्धवृद्धाहरूलाई समेत देहायको अवस्थामा आश्रममा बस्ने व्यवस्था गर्ने। यस आश्रममा बस्नको निमित्त नेपाली नागरिक हुनुपर्ने, ६० वर्ष उमेर पुगेको हुनुपर्ने, हेरचाह गर्ने आफन्त तथा जीवनगुजारा गर्ने, सम्पत्ति तथा आयस्ता नभई असहाय भएको हुनुपर्ने, साथै संस्थागत जीवनवृत्ति वा महारोग नभएको हुनुपर्ने तथा देवघाट समाज कल्याण केन्द्रले तयार पारेको नियम र आचारसंहिता पालना गर्ने मानिसहरू मात्र यस आश्रममा बस्न पाउने व्यवस्था रहेको छ।[२६]

वि.सं २०५० चैत्र ४ मा देवघाट क्षेत्र विकास समितिको गठनपश्चात् उसैको सक्रियतामा एक वृद्धाश्रमको स्थापना भएको थियो। विकास समितिको पहलमा महिला तथा समाजकल्याण मन्त्रालयको मातहतमा स्थापना गरिएको वृद्धाश्रममा ६० जना वृद्धवृद्धाहरूको निमित्त खाने-बस्न मिल्ने व्यवस्था मिलाएको छ।[२७]

नेपालका विभिन्न भागबाट आएका गरीब, असहाय र उपेक्षित वृद्धवृद्धाहरूको निमित्त सुरुको दिनमा मुकुन्द सेन चक्रेश्वर महादेव मन्दिर जाने बाटोको दाहिनेतर्फ रहेको गा.वि.स. भवनमा नै एउटा अव्यवस्थित किसिमबाट बृद्धबृद्धाहरूलाई राखिएकोमा पछि वि.सं. २०५८ मा आएर देवघाटक्षेत्र विकास समिति आफैले भोग चलन गरिरहेको जग्गामा १४ कोठाको पक्की भवन बनाएको छ।[२८] त्यसबेला शिक्षा तथा संस्कृति मन्त्रालयअन्तर्गत देवघाट क्षेत्र विकास समिति थियो, हाल महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत रहेको छ र

---

२६ *देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रम सञ्चालन कार्यनिर्देशिका-२०५२।*

२७ लक्ष्मीकान्त शर्मा पौडेलसँग शोधकर्ताले २०६८ भाद्र महिनामा गरेको अन्तर्वार्ता।।

२८ शोधकर्ताले २०६८ भाद्रमा गरेको स्थलगत अध्ययनका आधारमा।

यो आश्रम सञ्चालनको निमित्त रकम निकासा पनि यसै मन्त्रालयले देवघाटक्षेत्र विकास समितिमार्फत गर्दछ ।

६० वर्ष उमेर पुगेका ५० जना वृद्धवृद्धाहरूलाई राख्न सकिने यस आश्रममा आर्थिक स्रोतको अभावले गर्दा जम्मा ३० जनासम्मको लागि मात्र भरणपोषण हुन सक्ने कुरा ज्ञात हुन आउँदछ ।[२९] १२ जना वृद्धवृद्धाहरूबाट सुरु भएको यो आश्रममा हाल जम्मा ३१ जना मात्र वृद्धवृद्धाहरूले आश्रय पाइरहेका छन् । जसमा महिला २३ जना र पुरुष ८ जना आश्रित छन् ।[३०] यस आश्रममा बस्न चाहने वृद्धवृद्धाहरू आश्रममा बस्नको निमित्त आइरहने कुरा वृद्धाश्रमका व्यवस्थापक बताउँदछन् ।[३१] यस आश्रमको आचारसंहिता निम्नानुसारको छ :

नित्य प्रातःकालमा उठी तोकिएको समयभित्र स्नान, संध्यावन्दन र व्यायाम गर्नुपर्ने, बिहान र अपरान्ह चिया खाएपछि केहीवेर सत्संग वा स्वाध्याय गर्नुपर्ने, तोकिएको स्थानमा बस्नु पर्ने एवम् तोकिएको समयमा खाना खानुपर्ने छ, निषेधित र अखाद्य वस्तु प्रयोग गर्न नपाइने, आश्रममा बस्ने सबैसँग मित्रवत् व्यवहार गर्नुपर्ने छ एवम् आश्रमको सामान-सम्पत्तिको सुरक्षा आफ्नो संझेर गर्नुपर्ने, ब्रह्मचर्यको पालन गर्नुपर्ने, अनुमति नलिइकन आश्रमबाट बाहिर जान नपाइने, आफ्नो साथमा नातेदार वा अन्य कोही पनि राख्न नपाइने, भेट गर्न आउनेलाई तोकिएको स्थानमा भेट गर्नुपर्ने, आश्रमको नियम र अनुशासन पालन गर्नुपर्ने, आचारसंहिता पालन नगर्ने वा विरुद्ध चल्नेलाई आश्रमबाट निष्कासन गर्न सकिने ।[३२] वृद्धाश्रमले निम्नानुसारको पुऱ्याएको सेवा पुऱ्याएको छ :

वृद्धाश्रममा बस्ने वृद्धवृद्धाहरूको निमित्त खान बस्न के कति रकम लाग्दछ भन्ने कुराको प्रबन्ध विकास समितिले गर्ने र विकास समितिकै पहलमा समाजकल्याण मन्त्रालयमार्फत् रकमको निकासा गर्ने गर्दछ र रकम निकासामा ढिलासुस्ती भइरहने हुँदा विकास समितिले नै बृद्धाश्रमको निमित्त पछि लिने गरी रकम दिने कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ ।[३३] आश्रमबाट वृद्धवृद्धाहरूलाई मासिक वा पाक्षिक रूपमा तोकिएको सुविधा उपलब्ध हुनेछ, जसमा

---

[२९] शोधकर्ताले २०६८ भाद्रमा वृद्धाश्रमका व्यवस्थापक ढकराज कोइरालाबाट प्राप्त जानकारीका आधारमा ।

[३०] शोधकर्ताले २०६८ भाद्रमा गरेको बृद्धाश्रम रहेको क्षेत्रमा स्थलगत अध्ययनका आधारमा ।

[३१] शोधकर्ताले २०६८ भाद्रमा वृद्धाश्रमका व्यवस्थापक ढकराज कोइरालाबाट प्राप्त जानकारीका आधारमा ।

[३२] ढकराज कोइराला,. "देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम) : एक परिचय." *देवघाट दर्पण.* वर्ष १, अङ्क १, (तनहुँ : देवघाटक्षेत्र विकास समिति, २०६३), पृ. १ ।

[३३] शोधकर्ताले २०६८ भाद्रमा देवघाटक्षेत्र विकास समितिका तत्कालीन अध्यक्ष श्री तिलक सापकोटासँग गरिएको भेटवार्ता ।

वृद्धवृद्धाहरूलाई सुरुमा वृद्धाश्रममा भर्ना हुँदा तथा वर्षमा २ पटक बडादशैं तथा चैतेदशैंमा वृद्धहरूलाई दौरा, सुरुवाल, टोपी, गम्छा, चप्पल, जुत्ता, गन्जी, कट्टु (लँगोटी) र वृद्धाहरूलाई चोलो, साडी, पेटिकोट, चप्पल, ब्लाउज, मजेत्रो, खाने थाल, कचौरा र गिलास उपलब्ध हुने छ । ठूलो सङ्ख्यामा वृद्धवृद्धा भई एकैपटक खाना पकाएर खुवाउन सम्भव नभएमा समूहमा छुटाई, समूह-समूहमा पकाएर खुवाउने व्यवस्था मिलाएको देखिन्छ । असक्त र बिरामी वृद्धवृद्धाहरूको सेवा सुविधा केन्द्रको रेखदेखमा खटिएका कर्मचारी हुने गरेको देखिन्छ ।[३४]

स्थापनाकालमा नारायणगढ निवासी मैयाँदेवी श्रेष्ठले यस आश्रममा आश्रित वृद्धवृद्धाहरूलाई खाना खाने थाल, कचौरा, डन्लप र गिलास दिएर सञ्चालन गरिएको यो आश्रम आजसम्म पनि अन्य यस्तै व्यक्तिहरूको थप सहयोगबाट सञ्चालन भइरहेको देखिन्छ ।[३५]

वृद्धाश्रममा अनाथ वृद्धवृद्धाहरूको जीवनशैलीलाई सञ्चालन गर्नको निम्ति साह्रै कठिन भएको कुरा आश्रममा खाना पकाउने र अन्य कार्य सम्पादन गर्ने कर्मचारीहरूको भनाईबाट थाहा हुन आउँदछ । यसका अतिरिक्त अनाथ यी वृद्धवृद्धाको मृत्यु भएमा थप भार यहींको कर्मचारीलाई थपिने कुरा आश्रमका सचिव बताउँदछन् । यी वृद्धवृद्धाको मृत्युपश्चात् यिनीहरूको आफन्तलाई जानकारी दिने र उनीहरू नआएमा उनीहरूको शव त्यहीको कर्मचारीद्वारा वेनीमा खाडल खनी गाडिँदै आएको कुरा थाहा हुन आउँदछ । यसो हुनुको मुख्य कारण मन्त्रालयले दाहसंस्कारको निमित्त कुनै रकम नछुट्याएको हुँदा मृतकको आ-आफ्नो संस्कार अनुसार शवलाई जलाउनु पर्ने परम्परा भए तापनि जलाउने कार्यको निम्ति महँगो पर्ने भएकोले हिन्दुधर्मलाई नै ठेस पुग्ने गरी गाडिएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।[३६]

यसरी अनाथ जीवन बिताइरहेका जेष्ठ नागरिकहरूलाई राज्यले जीवन पर्यन्त दिनुपर्ने सुख, सुविधा तथा समाजबाट वञ्चित गराइनुका साथै मृत्युपर्यन्त पनि खासै कुनै सम्मान

---

[३४] कोइराला, पादटिप्पणी सङ्ख्या ३३, पृ. १ ।

[३५] *देवघाट दर्पण,* देवघाट क्षेत्र विकास समिति देवघाट समाजकल्याण केन्द्र वृद्धाश्रमको विवरण, पृ. १३६ ।

[३६] देवघाटको समाज कल्याण केन्द्र बृद्धाश्रमका सचिव ढकराज कोइरालाद्वारा २०६८ चैत्रमा प्राप्त जानकारीको आधारमा ।

नगरेको कुरा सम्बन्धित व्यक्तिहरूबाट जानकारी प्राप्त हुन्छ । यस वृद्धाश्रममा स्थापनाकालदेखि हालसम्म आश्रित वृद्धवृद्धाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका १ :** वृद्धाश्रममा स्थापनाकालदेखि हालसम्म आश्रित वृद्धवृद्धाको विवरण

| आर्थिक वर्ष | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| २०५२/५३ | २१ | १५ | ३६ |
| २०५३/५४ | २२ | १५ | ३७ |
| २०५४/५५ | २३ | १४ | ३७ |
| २०५५/५६ | ३५ | १५ | ५० |
| २०५६/५७ | ३५ | १५ | ५० |
| २०५७/५८ | ३१ | १५ | ४७ |
| २०५८/५९ | २९ | १२ | ४१ |
| २०५९/६० | २० | ११ | ३१ |
| २०६०/६१ | २६ | ७ | ३३ |
| २०६१/६२ | २८ | ११ | २९ |
| २०६३/६३ | ३० | १० | ४० |
| २०६३/६४ | २९ | १० | ३९ |
| २०६४/६५ | २६ | ९ | ३५ |
| २०६६/६७ | ११ | २७ | ३८ |
| २०६८/२०६९ | ९ | २३ | ३२ |
| २०७० | ७ | २० | २७ |

***स्रोत :*** समाज कल्याण केन्द्र वृद्धाश्रम, तनहुँ ।

## ६.४ देवघाटक्षेत्रमा रहने कल्पवासी र अन्य जातिहरू

देवघाटधाम तीन जिल्लाको परिधिमा वेष्टित छ । त्यसलाई वि.सं. २०५० चैत्र-४ मा गठित देवघाट क्षेत्र विकास समितिको सीमाङ्कनभित्र ईश्वरमा आराधना गरी बस्ने कल्पवासीहरू रहेका छन् । ती श्रद्धालु भक्त वा भक्तिनी माइहरू वैष्णव, शैव, बौद्ध ती सबै धर्म मान्नेहरु क्षेत्रमा नै बसी ईश्वरको आराधना गर्ने गर्दछन् । यसमा ब्राह्मण, क्षेत्री, र वैश्यहरुमा, सन्यासीहरूको पुरुष र महिलाको सङ्ख्या कति कति छन् भनी छुट्याइएको छ । यसमा लिङ्गगत आधारमा तीन जिल्लामध्यमा बस्ने कल्पवासीहरूको सङ्ख्याका साथै तनहूँ देवघाट-२ नं वडामा रहेका तीन आश्रमअन्तर्गतका कल्पवासीजनहरूको लिङ्गगत र जातिगत विवरण तालिकामा प्रस्तुत छ ।

तनहुँतर्फ गलेश्वर बाबा वि.सं. १९९७/९८ सालतिर म्याग्दी गलेश्वर क्षेत्रबाट देवघाट आई बस्न थालेपछि झन्डै १,००० रोपनी जग्गा गलेश्वर क्षेत्रको नाममा कल्पवासीहरूले कल्पवास क्षेत्रको रूपमा उपभोग गर्दै आएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

त्यसैगरी महेश सन्यास आश्रम र हरिहर सन्यास आश्रम क्षेत्रभित्र पनि विभिन्न ठाउँबाट आएका कल्पवासीहरूले कल्पवास क्षेत्रको रूपमा चयन गरी बसिरहेका छन् । यी कल्पवासीहरूको दिनचर्या नित्य स्नान, पूजाआजा, प्रवचन, श्रवण र भजनकीर्तन गरी बित्ने गरेको पाइन्छ । यी कल्पवासीहरू दुई किसिमबाट आश्रमको मातहतमा रहेको कुरा स्थलगत अध्ययनबाट ज्ञात हुन आउँदछ ।

वृद्धाश्रममा बसिरहेका वृद्धवृद्धाहरू बाहेक देवघाटले छोएको तीनवटै जिल्लाहरूमा कैयन मानिसहरू आफ्नो घरबार छोडी स-साना कुटीहरू बनाई बसेको कुरा अध्ययनका क्रममा देख्न सकिन्छ । यिनीहरूमध्ये कतिपय आफ्नै स्वतन्त्र किसिमले बसेका छन् भने कतिपय मठ-मन्दिरमा नै आश्रित भई बसेको देख्न सकिन्छ । खासगरी यस स्थलमा गलेश्वरबाबा, डिल्लीरामबाबा, पद्मलाल उपाध्याय सुवेदी, जनार्दनाचार्यजस्ता सन्तमहन्तहरू आई कुटी बनाई बस्न थालेपछि अन्य मानिसहरू पनि यस स्थलमा आई साधना, पूजाआजा अन्य धार्मिक गतिविधिहरू गर्दै स्वइच्छाले बस्न थालेको ज्ञात हुन आउँदछ ।

यस देवघाटधाममा धार्मिक भावनाले धार्मिक प्रयोजको निमित्त विभिन्न स्थानबाट आई बसिरहेका यस्ता भक्तजनहरू कतिपय त्यहाँ स्थापित आश्रमहरूकै मातहतमा रहेका जमिनमा कुटी बनाई स्वतन्त्र रूपले बसिरहेको देख्न सकिन्छ भने कतिपय आश्रममा नै बसी आश्रमको दैनिक कार्यसञ्चालनमा खाना बनाउने, सरसफाई गर्ने, गाईको संरक्षण गर्ने आदिजस्ता कार्य गरी आश्रममा नै बसेको पाइन्छ ।

**तालिका २** : तनहुँ जिल्लाअन्तर्गत वडा नं. २ को तीन आश्रममा बस्ने कल्पवासीजनहरूको लिङ्गगत र जातिगत विवरण

| शैव ब्राह्मण | | बैष्णव ब्राह्मण | | सन्यासी | | क्षेत्री | | नेवार | | गरुङ | | राई | | थारु | | नाथ सम्प्रदाय | | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पु.** | **म.** | **पु.** | **म.** | **पु.** | **म.** | **पु.** | **म.** | **पु.** | **म.** | **पु.** | **म.** | **पु.** | **म.** | **पु.** | **म.** | **पु.** | **म.** | |
| ३६५ | २४५ | ४६ | ६५ | ५५ | ५२ | ८ | १४ | ५ | ८० | ३ | ६ | २ | | | १ | १ | २ | ८८० |

**स्रोत** : स्थलगत अध्ययन-भ्रमण ।

उपर्युक्त विवरणअनुसार शैव ब्राह्मणको सङ्ख्या अधिक रहेको छ भने वैष्णवहरूको सङ्ख्या कम रहेको छ । यसमा पुरुषको तुलनामा शैवी महिला कम छन् । वैष्णव ब्राह्मण पुरुषमा भन्दा महिला अधिक छन् । सन्यासीहरूमा पुरुष र महिला बराबर जस्तै तिनको अन्तर रहेको छ । क्षेत्री जातिमा पुरुषभन्दा महिला बढी छन् नेवार जातिमा पुरुष भन्दा महिला ज्यादा बढी छन् । देवघाटमा आश्रममा रहने कल्पवासीहरुको संख्या ८८० रहेको छ भने यसमा घरधुरी सङ्ख्या ४,००० रहेको छ । त्यसैगरी नवलपरासी जिल्लाअन्तर्गत भक्ति क्षेत्रमा रहने कल्पवासीहरूको लिङ्गगत जातिगत विवरण यसप्रकार रहेको छ :

**तालिका ३ :** नवलपरासी जिल्लाअन्तर्गत आश्रममा बस्ने कल्पवासीजनहरूको लिङ्गगत र जातिगत विवरण

| **वैष्णव ब्राह्मण** | | **शैव ब्राह्मण** | | **क्षेत्री** | | **नेवार** | | **जम्मा सङ्ख्या** |
|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | |
| १५० | १३७ | १९२ | १५० | १० | ७ | ५ | ८० | ८२९ |

**स्रोत** : शोधकर्ताको २०६८श्रावणमा गरेको देवघाटको स्थलगत अध्ययनबाट

उपर्युक्त विवरणअनुसार शैव ब्राह्मणहरूको सङ्ख्या अधिक रहेको छ भने वैष्णव ब्राह्मणहरूको सङ्ख्या न्यून रहेको छ । यसमा पनि वैष्णवहरूमा पुरुषको तुलनामा महिला अधिक छन् । शैवहरूमा पुरुष अधिक महिला कम, क्षेत्रीमा पुरुष अधिक महिला कम, नेवारमा पुरुष कम महिला अधिक रहेका छन् । यसरी पूरा सङ्ख्या ८२९ रहेको छ । त्यसैगरी चितवन जिल्लाअन्तर्गत भक्तिक्षेत्र कल्पवासीहरूको लिङ्गगत जातिगत विवरण यसप्रकार रहेको छ :

**तालिका ४ :** चितवन जिल्लाअन्तर्गत आश्रममा बस्ने कल्पवासीजनहरूको लिङ्गगत र जातिगत विवरण

| **शैव ब्राह्मण** | | **बैष्णव ब्राह्मण** | | **क्षेत्री** | | **नेवार** | | **बौद्ध भिक्षु** | | **अन्य** | | **जम्मा सङ्ख्या** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | |
| १५० | २०० | ७० | १०० | २० | ३० | १० | १२ | ११ | १९ | २५ | ३८ | ६५२ |

**स्रोत :** शोधकर्ताले २०६८ श्रावणमा गरेको स्थलगत अध्ययन-भ्रमण ।

उपर्युक्त विवरणअनुसार वैष्णवहरूको सङ्ख्यामा महिलाको सङ्ख्या अधिक रहेको छ भने पुरुषको सङ्ख्या कम रहेको छ । त्यसैगरी शैवहरूको सङ्ख्यामा पनि महिलाको सङ्ख्या अधिक रहेको छ । त्यस्तै क्षेत्रीमा पनि महिलाको सङ्ख्या बढी, पुरुषको कम, त्यस्तै नेवारमा महिलाको सङ्ख्या थोरै बढी छ भने पुरुषको केही कम रहेको छ । बौद्ध भिक्षुमा महिलाको सङ्ख्या अधिक, पुरुषको कम भई अन्यमा पनि महिलाकै सङ्ख्या अधिक, पुरुषको सङ्ख्या कम हुन गई सम्पूर्ण सङ्ख्या ६५२ रहेको छ । यसरी हेर्दा भक्तिक्षेत्रमा पनि पुरुषभन्दा महिला नै बढी आश्रमवासी भएको देखिन्छ । चितवन जिल्लामा बस्ने कल्पवासीहरूको घरधुरी सङ्ख्या २,००० रहेको छ । तीन जिल्लामा अवस्थित कल्पवासीजनहरूको सङ्ख्या २,३५२ रहेको छ । तीन जिल्लाको घरधुरी सङ्ख्या ८०० रहेको छ ।

यस स्थलमा एकातिर मुक्तिनाथदेखि बगेर आएकी कृष्णागण्डकी (काली) र अर्कोतिर त्रिशूली (शिव) को सङ्गमस्थल वेनी र उक्त वेनीको उत्तरतर्फ कालाञ्जर (पहाड) वन रहेको हुँदा स्वयम् देवताहरू पनि आई स्नान गर्ने र साथै ऋषि महर्षिहरूले तपस्या गर्ने गुफाहरू र कालाञ्जर वन दुवै यही भएको हुँदा यस्तो पवित्र स्थलमा आई मानिस पनि साधनामा तल्लीन हुँदा मनुष्यले पुनः जन्मन लिनु पर्दैन र मोक्ष प्राप्त हुन्छ भनी कल्पवासको रूपमा बस्दै आएका कल्पवासीहरू बताउँछन् । भारतको हरिद्वार, काशी, वृन्दावन द्वारिका सबै ठाउँ गई ती सबै ठाउँभन्दा उत्तम तीर्थस्थल देवघाट भएको हुँदा विगत ३०/३२ सालदेखि विश्वशान्ति धर्मशालामा आफू आएको कुरा कल्पवासीहरू बताउँदछन् ।[३७]

यो क्षेत्र कल्पवासी तथा धार्मिक कार्यको निम्ति मात्र नभई यो क्षेत्र आध्यात्मिक चिन्तन-मनन गर्ने उपयुक्त थलो भएको हुँदा यस क्षेत्रमा कल्पवासीहरूले आध्यात्मिक ग्रन्थहरू समेत लेखेको कुरा थाहा हुन आउँछ । देवघाटधाममा विगत २५ वर्षदेखि बस्दै आएका काठमाडौँ निवासी कोमलदत्त तिवारी, जसले साहित्य सिर्जनाको निमित्त उपयुक्त वातावरण यहाँ भएको हुँदा आफूले विभिन्न धार्मिक ग्रन्थहरू लेखेको र यसै स्थलमा बसी लेखेको "अद्भूत गीता" नामक ग्रन्थवापत रु. २५,०००/- रकम पुरस्कार स्वरूप पाएको कुरा बताउनु हुन्छ ।[३८]

---

[३७] देवघाटको चितवनतर्फ विश्वशान्ति धर्मशालामा कल्पवासको रूपमा बस्दै आउनु भएकी कल्पवासी डम्बर कुमारी कार्की (क्षेत्री) सँग शोधकर्ताले गरेको अन्तर्वार्ता ।

[३८] शोधकर्ताले २०६८ पौषमा कोमलदत्त तिवारीसँगको भेटवार्ताका आधारमा ।

यसैगरी यहाँ बस्दै आएका अन्य कल्पवासीहरू आफू यस स्थलमा आई स्नान, पूजा, भजन र कीर्तन गर्दा मानसिक शान्ति मिल्ने र सजिलै मोक्ष प्राप्त हुने हुँदा आफू घर छोडी कल्पवासको रूपमा यस स्थलमा आई बसेको कुरा अन्तर्वार्ताको क्रममा बताउनु हुन्छ।[३९]

यद्यपि यिनीहरूले आफ्नो कुटी अन्य व्यक्तिलाई बेचविखन गर्न नपाउने र आफ्नो मृत्युपश्चात् उक्त कुटीहरू आश्रमकै मातहतमा नै हुने कुरा गलेश्वरबाबा आश्रमका पूर्वव्यवस्थापकबाट ज्ञात हुन आउँछ ।[४०] घरमा प्रशस्त सुख, शान्ति र सन्तोष नमिल्ने कारणबाट पनि उनीहरू यस स्थलमा आइ बसेको थाहा हुन आउँदछ।

**(क) बोटे**

टेथिस सागरको उपजको रूपमा मानिने यस गण्डकीक्षेत्रको किनारमा मूल रूपमा माझी अर्थात् बोटे जातिले आफ्नो पेशाका रूपमा गण्डकीको किनारलाई लिएको देखिन्छ । आफ्नो पुर्ख्यौलीथलो बताउन नसक्ने यी बोटेहरूको आगमन कालीगण्डकी र आधी (अन्धावती) गण्डकीको दोभान साझा (गुल्मी) बाट यता सप्तगण्डकीको किनारामा आएको बुझिन्छ । यिनीहरू पनि आफूलाई त्यही क्षेत्रबाट आएको दावी गर्दछन् ।[४१] सप्तगण्डकीमा डुँगा खियाउने र माछा मार्ने काम गर्दै आएका यी बोटेहरूको झोलुङ्गेपुल निर्माणपश्चात् भने डुँगा खियाउने काममा ह्रास आएको बताउने यी बोटेहरू हाल देवघाटक्षेत्र वडा नं. २ बटौले गाउँमा आफ्नो वस्ती रहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ।

देवघाटक्षेत्रको वडा नं. २ मा बोटे जातिको बाक्लो वस्तीको कारण यिनीहरूकै जातबाट बटौले गाउँ बन्न गएको यो गाउँ हाल यी जातिहरू अन्य स्थानतिर लागेको कारण गाउँ पातलिएको देखिन्छ । सुरुमा भूमिपति भएका यी बोटेहरू बिस्तारै आफ्नो गरीवी र पछौटेपनको कारण भूमि बेच्दै जाँदा भूमिहीन हुन गएका यी बोटेहरू आफ्नो पुर्ख्यौली पेशालाई छोडी अन्य पेशा अँगाल्दै अन्यत्र सरेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ।

---

[३९] देवघाटको चितवनतर्फ राम मन्दिर क्षेत्रमा कल्पवासको रूपमा बस्दै आएकालक्ष्मण तीर्थसँग शोधकर्ताले २०६८ श्रावण १ मा लिएको अन्तर्वार्ता।

[४०] गलेश्वर बाबा आश्रमका पूर्वव्यवस्थापक रिसानन्द गिरिसँग शोधकर्ताले २०६८/९/१२ मा गरेको अन्तर्वार्ता।

[४१] शोधकर्ताले २०६९ भाद्रमा देवघाटको वयोवृद्ध नन्दु बोटेसँग गरेको भेटवार्ताबाट प्राप्त जानकारीको आधारमा।

**(ख) चुरेटा**

तनहुँका राजाहरूको (सेनराजा) मुगलसम्राटहरूसँग राम्रो सम्बन्ध थियो भने बेतियासँग त्यति राम्रो थिएन । सेनराजाहरूको बेतियासँगको दवावबाट मुक्त हुनको निमित्त कर तिर्ने गरी एघार दफाको प्रबन्ध गर्ने जमिन्दारी तनहुँका राजाहरूलाई प्राप्त भयो ।[४२] तनहुँको मुसलमानहरूसँग आवतजावत बढ्न गयो । यसपछि तनहुँको पहाडखण्डतर्फ मुशलमानहरुको आवतजावत बढ्न गयो । मुसलमान व्यापारीहरू चम्पारणबाट चितवन निस्केर तनहुँ, गोर्खा, लमजुङ, काश्की, नुवाकोट, धादिङ र उपत्यकासम्म गएर व्यापार गर्ने गर्दथे ।[४३] यसै क्रममा व्यापार विस्तार गर्ने उद्देश्यले तनहुँका राजाले उनीहरूलाई विभिन्न प्रोत्साहन दिए । यिनै मुसलमान व्यापारीहरूका शाखासन्तानहरू अद्यावधि तनहुँमा व्यापार गर्दछन् । अहिले आएर उनीहरुको व्यापार तनहुँको पहाडी खण्डमा भन्दा देवघाटको समथर भूभागमा हुने गरेको पाइन्छ । अहिले आएर उनीहरूको व्यापार आइमाईले लगाउने चुरा, पोते, सिन्दूर, टीका इत्यादिमा सीमित रहन गएकोले उनीहरूलाई 'चुरेटा' भन्न थालियो ।

**(ग) चेपाङ्**

प्रकृति पुत्र चेपाङ् जाति समशीतोष्ण हावापानी रुचाउने, चिसोपानी मनपराउने र भीर-पखेरामा बस्न चाहने यी जातिको लागि देवघाट वरिपरिको वातावरण यिनीहरूको अनुकूल भएको हुँदा धेरै पहिलेदेखि नै यी आफूलाई यस क्षेत्रको आदिवासी पनि भन्दछन् । प्रजा भन्न रुचाउने यी जातिहरू हाल आएर देवघाटक्षेत्रको पहाडी इलाकामा सीमित मात्रामा रहेको देख्न सकिन्छ ।

समथर भू-धरातलको अभावले गर्दा यहाँको उपत्पादकत्वमा न्यूनता आएको देखिन्छ । अतः यहाँका मानिसहरूले आफ्नाो जीविकोपार्जनका निमित्त विभिन्न व्यवसायहरू अपनाएको देखिन्छ । जसमा झोलुङ्गेपुल पार गर्नेबित्तिकै आउने विभिन्न व्यावसायिक पसलहरू रहेका छन्, जसले देवघाट बजारको रूप लिएको छ । यसैगरी चितवन नवलपरासी देवघाट क्षेत्र वरिपरि पनि केही व्यवसायहरू सञ्चालन भएको देखिन्छ ।

---

[४२] सूर्यमणि अधिकारी, *तनहुँ राज्यको इतिहास,* (चितवन : चन्द्रप्रभा प्रकाशन, २०५६), पृ. ३१ ।

[४३] *ऐजन* ।

सुरुदेखि नै मगर, बोटे, चुरेटा, चेपाङ् जातिहरूको बाहुल्यता रहेकोमा हाल आएर भने ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ् आदि अन्य जातिहरूको बाहुल्यता रहेको देखिन्छ ।

## ६.५ शैक्षिक गतिविधिहरू

### ६.५.१ गुरुकुलशिक्षा

देवघाट शैक्षिक केन्द्रको रूपमा विकसित भएको छ । देवघाटमा साधारण शिक्षा र संस्कृतशिक्षासम्बन्धी विविध गतिविधिहरू सञ्चालन भइरहेका छन् । देवघाटका शैक्षिक गतिविधिहरू संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ :

संस्कृतभाषा नेपालको सर्वप्राचीन कार्यालयको भाषा हो । लिच्छवि, मल्ल र शाहकालमा संस्कृतभाषा ज्यादै लोकप्रिय थियो । यो सरकारी कामकाजको भाषा थियो । मल्ल राजाहरूको शासनकाल (सन् ८७९-१७६८) मा पनि नेपालीसमाज संस्कृतसाहित्य र त्यसमा लेखिएका राजनीतिशास्त्र, धर्म, दर्शन, ज्योतिष, पुराण आदिबाटै अनुप्राणित भएको थियो । यसैगरी बाइसी, चौबीसे राज्यका राजारजौटाहरूले पनि संस्कृतभाषामा रामायण, गीता, महाभारत, पुराण, धर्मशास्त्र आदि ग्रन्थहरूका हस्तलिखित ग्रन्थहरु संकलन गरेका थिए जुन नेपालको एकीकरण पछि काठमाण्डौंमा ल्याएर राखियो । ती मध्ये कैयौं अहिले पनि राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । बौद्धग्रन्थको मूल स्रोत पनि संस्कृत नै हो । यसप्रकार नेपालीहरूको हिन्दु र बौद्ध धर्म वा संप्रदायहरूको मूल आधारका रूपमा संस्कृत वाङ्मय रहेका छन् ।[४४]

मूलभागको रूपमा रहेको संस्कृतभाषाले आधुनिककालमा पनि उत्तिकै महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । किन्तु यो भाषा वर्तमान समयमा खास गरी धार्मिक स्थलहरू मात्र प्रचलित छ । परम्परागत रूपमा चलिआएको यो भाषालाई निरन्तरता दिन अध्ययन-अध्यापनमार्फत् विभिन्न गुरुकुलहरू सञ्चालन भइरहेका छन् ।

गुरुकुलशिक्षा भन्नाले गुरुको घरमा गई गुरुको सेवा गर्दै गुरुबाट ज्ञान-सीप हासिल गर्ने पद्धति वा परम्परा भन्ने बुझिन्छ । गुरुले आ-आफ्ना शिष्यलाई भोजन तथा आवासको व्यवस्था गरी गुरुको आश्रममा निःशुल्क शिक्षा दिने गर्दथे । संस्कृतभाषाको माध्यमबाट व्याख्यान, प्रश्नोत्तर र छलफल विधि अपनाएर शिक्षा दिने गरिन्थ्यो । गुरुले दिएको

[४४] जयराज आचार्य, "नेपालमा संस्कृत," *देववाणी,* वर्ष ६, संयुक्ताङ्क ५-६, काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०६०, पृ. १६८-७२ ।

निर्देशनअनुसार शिष्यले अध्ययन पूरा गरेको खण्डमा स्नातकको उपाधि दिन सकिन्थ्यो । २५ वर्षको उमेरसम्म गुरुकहाँ वा मन्दिरमा बसेर शिक्षा ग्रहण गर्नु नै गुरुकुलशिक्षा हो ।

प्राचीन गुरुकुल भन्नाले साङ्ग वेदाध्ययनका निमित्त बाल्यकालमा नै गुरुको आश्रममा जाने र उपनीत भई गुरुको सेवा गर्दै गुरुको उपदेशवाट अनुशासनसँगै वेदवेदाङ्ग आदि विभिन्न शास्त्रीय विषयको शिक्षा प्रदान गर्ने प्रक्रिया नै गुरुकुलशिक्षा हो ।[४५] गुरुकुलको प्रमुख उद्देश्य नै शास्त्रीय ज्ञानको आदानप्रदान गर्नुमात्र नभई वास्तविक जीवनदर्शनको पहिचान गर्नु गुरुकुलशिक्षाको उद्देश्य हो ।

सा विद्या या विमुक्तये
अध्यात्मविद्या विद्यानाम्

जस्ता गुरुकुलका आदर्श वाक्यले यही कुराको सङ्केत गर्दछन् ।[४६]

प्राचीन गुरुकुलको स्वरूपको विषयमा उल्लेख गर्नुपर्दा प्राचीनकालमा गुरुकुलमा बनेको गुरु-शिष्य सम्बन्ध जीवनभरका लागि हुन्थ्यो, जस्तो कि- नारद-सनतकुमार, भृगु-वरुण, श्वेतकेतु-उद्दालक, यम-नचिकेता, राम-वशिष्ठ, कृष्ण-सान्दीपनी, धौम्य-युधिष्ठिर आदि यसका उदाहरण हुन् । कतिपय अवस्थामा गुरु शिष्य परम्परालाई नै वंशको आधार मान्ने प्रचलन पनि भएको पाइन्छ ।

गुरुकुलीय शिक्षा नीतिको पृष्ठभूमिलाई केलाउँदा ऋषि महर्षिहरूद्वारा सञ्चालित वैदिक शिक्षा वेदबाट प्रभावित भएको र त्यसमा लिखित वाङ्मयलाई नेपाली संस्कृतिको आधार मानिएको पाइन्छ । देवकुल भन्नाले पूजाअर्चनाबारे ज्ञान दिने शास्त्र हो भने राजकुल भन्नाले राजकुमारका लागि दिइने नीतिशास्त्र वा शिक्षा हो । त्यसैगरी पितृकुल भन्नाले पूर्वजका बारेमा अध्ययन गर्ने शास्त्रलाई लिइएको छ भने ऋषि कुल भन्नाले ऋषिमहर्षिकहाँ गई लिइने शिक्षालाई लिइएको छ । यस्तो शिक्षा प्रणालीलाई नै वैदिक शिक्षा प्रणाली भनिएको पाइन्छ । यसरी ऋषि कुलबाट प्रारम्भ भएको वैदिक शिक्षाले गुरुकुलशिक्षामा प्रवेश गरेपछि हरिद्वारमा गुरुकुल विश्वविद्यालयको स्थापना भएको थियो । त्यसपछि क्रमशः वृन्दावन, मथुरामा गुरुकुलशिक्षा प्रणालीको स्थापना भयो र नेपालका विभिन्न स्थलहरूमा गुरुकुलशिक्षालयहरू स्थापना भएका थिए ।[४७] देवघाटको आधुनिकीकरणको विकास सँगसँगै

---

[४५] गुरुप्रसाद सुवेदी, *गुरुकुल सन्देश,* (भक्तपुर : शिक्षाविभाग, गुरुकुल आश्रम व्यवस्थापन परिषद्, २०६७), पृ. ... ।

[४६] *ऐजन* ।

[४७] प्रा. हरिशरण उपाध्यायसँग शोधकर्ताले २०६७ भाद्रमा लिएको अन्तर्वार्ता ।

मानववस्तीको विकासलै गर्दा शिक्षित जनशक्तिसँगसँगै संस्कृतशिक्षाको पनि उत्थान निमित्त शैक्षिक संस्थाको आवश्यक महशुस गरी गुरुकुलीय शिक्षा सँगसँगै साधारण शिक्षा पनि सुरुवात भएको देखिन्छ । यसै क्रममा देवघाटमा पनि विभिन्न गुरुकुलीय शिक्षालयहरूको स्थापना भएको कुरा अवगत हुन आउँदछ ।

देवघाटमा रहेका संस्कृत गुरुकुल (पाठशाला) हरू निजी स्रोतबाटै प्रारम्भिक तहदेखि उच्च तहसम्म चलेका पाइन्छन् । प्राचीन गुरुकुलको मर्यादालाई यथासम्भव अक्षुण्ण राखी गुरुकुल पद्धतिलाई जोगाउँदै आएका यी गुरुकुलले देवघाटको लागि मात्र नभइकन देश र को निम्ति धेरै-थोरै टेवा पुऱ्याइरहेको देखिन्छ । अतः यहाँ रहेका गुरुकुल शैक्षिक गतिविधिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ

**(क) वेदवेदाङ्ग संस्कृत गुरुकुल माध्यमिक विद्यालय**

वेदवेदाङ्ग विद्यालयको नामबाट सञ्चालित यो विद्यालय गलेश्वरबाबा आश्रमको परिसरमा रहेको छ । गुरुकुलीय सिद्धान्तअनुसार गुरुकै आश्रममा गई अध्ययन गरिने भए तापनि वर्तमान समयमा आइपुग्दा यो परिपाटीमा परिवर्तन भई केवल विषयवस्तु मात्र संस्कृतमा आधारित भएको हुँदा यहाँ खोलिएका विद्यालयहरूलाई गुरुकुलसँग सम्बन्ध देखाउन मात्र खोजिएको हो । गलेश्वरबाबा यस क्षेत्रमा आएपछि वैदिक सनातन धर्म तथा गुरुकुलशिक्षालाई निरन्तरता दिनको निमित्त उनकै सक्रियतामा डिल्लीरामबाबा तथा योगी नरहरिनाथजीको सल्लाह तथा सक्रिय पहलमा वि.सं. २०२२ सालमा वेदवेदाङ्ग विद्यालयको निमित्त भवन बनाउने कार्य प्रारम्भ भई वि.सं. २०२३ पौष २७ गते उक्त विद्यालय सञ्चालनमा आएको थियो ।[४८]

यसको स्थापनाकालमा केवल १ जना अध्यापक (धनपति ज्ञवाली 'वर्मेली गुरु') ले १२ जना विद्यार्थीहरूलाई ठाँटी पौवामा राखी अध्यापन कार्य सुरु गरिएको थियो । त्यसपछि क्रमशः धनानन्द गुरु, कृष्णप्रसाद काफ्ले, केशवराज शर्मा (आचार्य), चन्द्रमणि शास्त्री रेग्मी, कमलकान्त शर्मा आदि गुरुहरूले गलेश्वरबाबाकै समयमा (२०२१-३२) सम्म अध्यापन कार्य गरेका थिए ।[४९]

---

[४८] वेदवेदाङ्ग संस्कृत विद्यालयका भू.पू. प्राचार्य केशवराज शर्मा आचार्यसँग २०६७ भाद्रमा शोधकर्ताले लिएको अन्तर्वार्ताबाट ।

[४९] *ऐजन* ।

६ देखि १० कक्षासम्म अध्यापन हुने यस विद्यालयमा हाल ५० जना छात्रहरू अध्ययनरत छन् । आवासीय प्रबन्ध समेत मिलाइएको यस विद्यालयमा वैदिकशिक्षा लिन चाहने हिन्दुधर्म र संस्कृतिको मूल्य-मान्यतालाई पालना गर्ने शाकाहारी भोजन ग्रहण गर्ने, उपाध्याय वर्गको उच्चकोटिका ब्राह्मण तथा धार्मिक पृष्ठभूमिबाट आएका छात्रहरूले मात्र पढ्न पाउने व्यवस्था रहेको कुरा विद्यालयका प्राचार्यबाट थाहा हुन आउँदछ ।[५०]

गलेश्वरबाबा आश्रमसँग सम्बन्धित विद्यालयको व्ययभार आश्रमले नै वहन गर्ने कुरा गलेश्वरबाबा आश्रमका सचिवबाट थाहा हुन आउँछ ।

सरकारी अनुमति समेत प्राप्त गरिसकेको यस विद्यालयमा स्थापना कालमा वेदवेदाङ्ग, व्याकरणका साथै कर्मकाण्ड विषयहरू पढाउँदै आएकोमा हाल आएर समयानुकुल विषयहरू अङ्ग्रेजी, कम्प्युटर, नेपाली, गणित, सामाजिकसहित शुक्लायजुर्वेद संस्कृत साहित्य अनिवार्य व्याकरण, कर्मकाण्ड विषयहरूको पनि पढाई हुने गर्दछ ।

आजको यस वैज्ञानिक र प्राविधिक युगमा संस्कृत शिक्षाबाट प्राविधिक ज्ञान त्यति नहुने हुँदा संस्कृतशिक्षाबाट प्रतिफल पाउन लामो समय पर्खिनु पर्ने हुन्छ र व्यावहारिक किसिमबाट जीवनयापन गर्न पनि कठिनाई हुने भएकाले आजको २१ औं शताब्दीको माग अनुरुप ज्ञान आर्जन गरी छिट्टै प्रतिफल हासिल गर्नको निमित्त यस्ता विषयवस्तुहरूले सहज पुऱ्याउने भएको हुँदा प्राचीन समयदेखि चलिआएको सनातन हिन्दुधर्म र संस्कृतिको जगेर्ना गर्दै यस्ता विषयवस्तुहरू समावेश गरेको भन्ने कुरा विद्यालयका प्राचार्यज्यूको भनाइ छ ।

### (ख) श्री महेशसंस्कृत गुरुकुलम्

तनहुँ देवघाट गा.वि.स वडा नं १ मा महेशसंस्कृत गुरुकुलम् पर्दछ । महेशसन्यास आश्रमद्वारा सञ्चालित यो गुरुकुलम् औपचारिक शिक्षा दिने महत्त्वपूर्ण गुरुकुलीय शिक्षालयका रूपमा रहेको छ । वैदिक सनातन धर्मको संरक्षण, सम्बर्द्धन तथा संस्कृत विद्याको प्रचारप्रसार गर्ने मूल उद्देश्यहरूबाट अभिप्रेरित भई डा. स्वामी रामानन्द गिरिद्वारा वि.सं. २०५२ सालमा शैक्षिक संस्थाको रूपमा यस महेश संस्कृत गुरुकुलको स्थापना भएको हो ।

[५०] विद्यालयका प्राचार्य आनन्दनेपालसँग शोधकर्ताले २०६७ फागुनमा लिएको अन्तर्वार्ताको आधारमा ।

यस गुरुकुलमा वि.सं. २०५२ देखि नेपाल सरकारबाट अनुमति प्राप्त गरी माध्यमिक विद्यालय तह सञ्चालन गरिएको छ ।[५१] यस विद्यालयका उद्देश्यहरू यसप्रकार रहेका छन् :

१. शिक्षाको वर्तमान राष्ट्रिय उद्देश्य तथा तहगत उद्देश्यहरू प्राप्त गर्ने, २. सनातन आर्य संस्कृतिको मूल स्रोतका रूपमा रहेको आध्यात्मिक आर्य सम्पदारूप संस्कृत वाङ्मयको प्रचारप्रसार गर्ने, ३. नेपाली राष्ट्रिय भाषा र संस्कृतिको उत्थानका लागि संस्कृत वाङ्मयभित्र रहेका ज्ञानविज्ञानका विभिन्न शाखाहरूको समुचित विकास गर्ने, ४. वेद र वेदाङ्गको आधीकारिक शिक्षाका अतिरिक्त संस्कृत विद्याभित्र रहेका योग, तन्त्र, आयुर्वेद, ज्योतिष आदि व्यवहार उपयोगी विधाहरूसम्बन्धी लेख पुस्तक समेत प्रकाशन गर्ने गराउने, ५. समाजमा प्रचलित तथा अप्रचलित कर्मकाण्ड आदि शास्त्रीय विधानहरूको व्यावहारिक तथा प्रायोगिक पक्षको समेत शिक्षा दिने, ६. शास्त्रीय संस्कार एवम् सदाचार परम्पराको समुचित संरक्षण तथा विकास गरी समाजको चारित्रिक समुन्नतिमा समेत विशेष ध्यान पुऱ्याउने, ७. संस्कृतशास्त्रका मर्मज्ञ, अनुशासित, सच्चरित्र र राष्ट्र सेवामा समर्पित योग्य जनशक्ति तयार गर्ने, ८. प्राचीन गुरुकुल मर्यादाको परिधिभित्र रही वर्तमान आधुनिक शिक्षा परिपाटीअन्तर्गत प्रारम्भिक कक्षादेखि उच्च कक्षासम्मको आधीकारिक शिक्षा प्रदान गर्ने र उपयुक्त उद्देश्य प्राप्तिका लागि आवश्यक शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्ने र उक्त सबै प्रकारका शिक्षाको आधिकारिक प्रमाणपत्र दिने ।[५२]

वि.सं. २०५२ देखि नेपाल सरकारबाट अनुमति प्राप्त यस विद्यालयमा गुरुकुलमा गणित, सामाजिक कर्मकाण्ड, वेद, संस्कृतभाषा, संस्कृत व्याकरण, नेपाली आदि विषयहरू पढाई हुने गर्छ र यस विद्यालयलाई शिक्षा मन्त्रालयद्वारा आर्थिक सहयोग प्राप्त हुने गरेको छ । पाठ्यसामग्रीहरू किन्नको निमित्त विश्वविद्यालय अनुदान आयोगबाट वार्षिक रूपमा केही रकम प्राप्त गर्दै आएको अवगत हुन आउँदछ । यस महेश सन्यास संस्कृत गुरुकुलका प्रमुख संस्थापक सञ्चालक स्वयम् रामानन्द गिरि भएको हुँदा उनको सक्रियतामा यो गुरुकुल यो गुरुकुल उद्देश्यअनुरू नै सञ्चालित भएको अवगत हुन्छ ।

---

[५१] गुरुप्रसाद सुवेदी, "संस्कृतशिक्षासन्दर्भ देवघट्टधाम," *देववाणी* (संयुक्ताङ्क (५, ६) देवघाट धाम विशेषाङ्क), भाग १, ( काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, २०६०), पृ. ३०९-२२ ।

[५२] देवघाटको महेश संस्कृत गुरुकुलको विधान ।

## (ग) महेश संस्कृत गुरुकुल विद्यापीठ

वि.सं. २०५६ सालदेखि नेपाल संस्कृत विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी महेश संस्कृत गुरुकुल विद्यापीठको सञ्चालन गरिएको छ । प्रारम्भिक तह ६ कक्षादेखि आचार्य तहसम्मको पठनपाठन भइरहेको यस विद्यालयमा वेद, वेदान्त, व्याकरण, दर्शन, नीतिशास्त्र विषयहरूको अध्ययन-अध्यापन भइरहेको छ ।

वि.सं. २०५६ सालमा महेश संस्कृत विद्यापीठलाई विश्वविद्यालय अनुदान आयोगबाट पाठ्यपुस्तकको खरिदको निमित्त सहयोग पुऱ्याएको कुरा विद्यालयका प्राचार्य बताउँछन् ।[५३] यस विद्यालयमा केवल उपाध्याय ब्राह्मण समुदायको मात्र बाहुल्यता देखिन्छ । आश्रमको नियमलाई पालना गर्न नसक्ने भएकाले अन्य समुदायका मानिसहरू यहाँ अध्ययन गर्न नआएको भन्ने भनाइ प्राचार्यको छ । यहाँ अध्ययनरत छात्रहरूले निःशुल्क रूपबाट भोजन र आवाससहितको सम्पूर्ण शिक्षा पाइरहेको कुरा ज्ञात हुन्छ । यस विद्यालयको एस.एल.सी. (पूर्वमध्यमा) तथा आचार्य तहको परीक्षाफल अत्यन्तै राम्रो हुने गरेको कुरा विद्यालयका प्राचार्य बताउँदछन् ।[५४]

माछा, मासु, लसुन, प्याज आदिको सेवन गर्न नपाउने र गुरुजनलाई आदर गर्दै गुरुको मर्यादालाई पालना गर्ने अध्ययन-अध्यापनमा लागिरहने यहाँका छात्रहरू निकै अनुशासित देखिने कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँछ ।[५५] देवघाटमा खोलिएको यस महेशसंस्कृत गुरुकुलले पनि देवघाटको आधुनिकीकरणमा संस्कृतभाषा र साहित्यको विकासमा सहयोग पुऱ्याएको देख्न सकिन्छ ।

## (घ) श्री परमानन्द संस्कृत गुरुकुलम् (आ.मा.वि.)

तनहुँ जिल्ला देवघाट गा.वि.स. वडा नं. २ मा यसै आश्रमको परिसरमा वि.सं २०४८ मा श्री परमानन्द संस्कृत गुरुकुलम्को स्थापना गरिएको हो । उक्त विद्यालयको नामकरण यसै आश्रमका प्रथम संस्थापक परमानन्द सरस्वती महाराजको स्मृतिमा गरिएको हो ।[५६] यस

---

[५३] शोधकर्ताले २०६६ मंसीरमा संस्कृत विद्यापीठका प्राचार्य गुरुप्रसाद सुवेदीसँग लिइएको अन्तर्वार्ताबाट ।

[५४] *ऐजन* ।

[५५] शोधकर्ताले २०६६ मंसीरमा महेश संस्कृत गुरुकुल विद्यालयको निरीक्षण गरेको आधारमा ।

[५६] देवघाट स्थित परमानन्द संस्कृत गुरुकुलम राखिएको शिलालेखबाट प्राप्त जानकारी ।

आ.मा.वि. मा खास गरी वैदिक सनातन हिन्दुधर्मका अनुयायी, कर्मकाण्डीहरू, धर्मसंस्कृति र संस्कृतभाषाध्यायी वटुकहरूले मात्र अध्ययन गर्न पाउने प्रावधान रहेको छ । यस आवासीय माध्यमिक विद्यालयको विधान अनुसारका उद्देश्यहरू यसप्रकार रहेको छ :

आश्रम परिसरमा माध्यमिक, उच्च माध्यमिक र उच्चशिक्षा दिन सक्ने उपयुक्त भवन, छात्रावास निर्माण गर्नु, पहिलो शर्तमा स्वामी परमानन्द महाराजद्वारा स्थापित विभिन्न जिल्लाका आश्रम एवम् संस्थाद्वारा पठाइएका विद्यार्थीहरूलाई माध्यमिक शिक्षा प्रदान गर्नु, यस गुरुकुलमा रही (गुरुकुलताको नियमानुसार) संस्कृतशिक्षा लिन चाहने जुनसुकै स्रोत वा क्षेत्रका विद्यार्थीहरूलाई संस्कृतशिक्षा दिनु, आवासीय शिक्षा प्रदान गर्नु, क्रमशः शास्त्रीस्तरको शिक्षा प्रदान गर्नु, देश र समाजमा आइपरेको "कर्मकाण्ड" गर्ने ब्राह्मणको अभाव पूर्ति गर्नु, संस्कार, संस्कृति र धर्मको प्रचारको रूपमा रहेको राष्ट्रिय विभूतिहरूको संरक्षण गर्न दक्ष विद्वान्हरूको महिमा वृद्धि गर्नु, देवघाटधामको महिमा वृद्धि गर्नु, मठ-मन्दिर, धर्मशाला, तीर्थस्थल, धर्म, संस्कार र संस्कृतिको अभिवृद्धि गर्न सक्षम जनशक्ति उत्पादन गर्नु र ह्रासोन्मुख भइरहेको गरिमामय संस्कृत वाङ्मयको राष्ट्र एवम् अन्तर्राष्ट्रमा परिचित गराउनु ।[५७]

हाल यस गुरुकुलमा प्रारम्भिक शिक्षा प्रथमा, पूर्वमध्यमा तथा उत्तरमध्यमासम्मको पठनपाठन भइरहेको छ भने यहाँ पढाइने विषयहरूमा संस्कृतभाषा, साहित्य वेद व्याकरण, कर्मकाण्डका साथै साधारण शिक्षाका विषयहरू पनि समावेश छन् । उत्तर मध्यमाको विषयहरूमा नेपाली, न्यायसिद्धान्त, नव्यव्याकरण, संस्कृतसाहित्य र ऐच्छिक कम्प्युटरको अध्यापन कार्य गरिन्छ भने कक्षा ६-१० पूर्वमध्यमा अन्तर्गत नेपाली, सामाजिक, गणित, अङ्ग्रेजी, जनसङ्ख्या, रुद्री, वेद, व्याकरण, संस्कृतभाषा र ऐच्छिक कम्प्युटरको कक्षा सञ्चालन भइरहेको छ (परिशिष्ट ३०) ।[५८]

हरिहरसन्यास आश्रमका प्रमुख सञ्चालक (पीठाधीश) स्वामी ज्ञानानन्द सरस्वतीद्वारा सञ्चालित यो विद्यालय यसै आश्रमको संरक्षणमा सञ्चालन भैरहेको छ ।

---

[५७] देवघाट स्थित महेश संस्कृत गुरुकुल विद्यालयबाट प्राप्त विद्यालयको विधानअनुसार ।

[५८] शोधकर्ताले २०६८ भाद्रमा संस्कृत गुरुकुल विद्यालयका प्राचार्य टंक भूषालसँग गरेको भेटवार्ताअनुसार ।

बाह्य व्यक्तिहरूबाट प्रदान गरिएका रकम, जिन्सी र स्वयम् स्वामीले विभिन्न ठाउँहरूमा गई गराइरहेको यज्ञयज्ञादि र प्रवचनबाट आएको स्रोत नै विद्यालयको मुख्य आयस्रोत हो ।[५९]

संस्कृतशिक्षा मात्र पढाइनु पर्ने यस्ता गुरुकुलहरूमा समयानुकूल छात्रहरूलाई समायोजन गर्नका निमित्त अङ्ग्रेजी र कम्प्युटर शिक्षा पनि सञ्चालनमा ल्याएको कुरा विगत समयदेखि पढाउँदै आएका शिक्षकसँग गरिएको अन्तर्वार्ताबाट थाहा हुन आउँदछ ।[६०] चितवनतर्फ रहेका संस्कृत गुरुकुलहरू यसप्रकार रहेका छन् :

### (ङ) सीताराम संस्कृत माध्यमिक विद्यालय

देवघाटक्षेत्रको चितवन जिल्लातर्फ सिताराम संस्कृत विद्यालय रहेको छ । स्थानमा देवघाट विकासका प्रेरकमध्येका एक राममन्दिरका संस्थापक तपस्वी श्री डिल्लीरामबाबाको सक्रिय प्रयास र पहलमा वि.सं. २०३० सालमा सिताराम संस्कृत विद्यालयको स्थापना भएको हो (परिशिष्ट ३१) । वि.सं. २०१७ सालमा यस स्थलमा आएका बाबाले देवघाटलाई शिक्षाको ज्योतिले उज्यालो बनाउन वि.सं. २०१८ सालतिर नै आफ्नै राममन्दिरको परिसर भित्रै संस्कृतशिक्षाको पठनपाठन गराउने उद्देश्यले वेद, व्याकरण, कर्मकाण्डजस्ता विषयहरू राखी गुरुकुल संस्कृतशिक्षालाई, अगाडि बढाउने उद्देश्यले केही शिष्यहरू जम्मा गरी आफैंद्वारा अध्यापन गराई यस विद्यालयको प्रारम्भिक पृष्ठभूमि तयार गरेका थिए ।[६१]

सीमित छात्रहरूलाई लिएर अध्ययन-अध्यापन गराउने क्रममा विद्यार्थीहरूको सङ्ख्या बढ्दै गएको कारण चन्दा बटुल्दै आफ्नै श्रमबाट निर्वाहको लागि एउटा सानो भवन बनाएर वि.सं. २०२८ सालमा आफ्नै प्रयास र दाताहरूको सहयोगमा संस्कृत पाठशाला स्थापना गरेर पठनपाठन गराउँदै आएको पाइन्छ ।[६२] यद्यपि २०२८ सालतिर लागू भएको नयाँ शिक्षा नीतिले संस्कृतशिक्षालाई रोके तापनि धर्मशालाभित्रै अनौपचारिक रूपबाट सञ्चालन

---

[५९] हरिहर आश्रमका पीठाधीश स्वामी ज्ञानानन्द सरस्वतीसँग शोधकर्ताले २०६५ माघमा लिएको अन्तर्वार्ताका आधारमा ।

[६०] शोधकर्ताले वि.सं. २०६८ भाद्रमा परमानन्द संस्कृतमा.वि. गुरुकुलम्का शिक्षक आचार्य धनन्जय भण्डारीसँग गरेको भेटवार्ताअनुसार ।

[६१] स्थानीय बौद्धिक वर्गसँग शोधकर्ताले २०६८ असारमा गरेको कुराकानीका आधारमा ।

[६२] केदारनाथ खनाल, "देवघाटक्षेत्रको शैक्षिक झुल्को," *देवघाट दर्पण,* वर्ष १, अङ्क १, देवघाट : देवघाटक्षेत्र विकास समिति, २०६३, पृ. १६१ ।

गर्दै आएको संस्कृतशिक्षामा विद्यार्थीहरूको चाप बढ्दै जाँदा पठनपाठन कार्यमा कठिनाइ पर्न गएकोले सरकारी तवरबाट नै विद्यालय सञ्चालन गर्नको निमित्त डिल्लीराम बाबाको सक्रियताको परिणामस्वरूप २०३० सालमा संस्कृत मा.वि. को स्वीकृत भयो । यद्यपि अर्धसरकारी विद्यालयको रूपमा स्वीकृति गरिदिएको हुँदा विद्यालयलाई बाँकी ५०% भार व्यहोर्न मुस्किल पऱ्यो ।[६३]

सरकारबाट स्वीकृति प्राप्त यस सीताराम संस्कृत मा.वि. मा हाल कक्षा १-१० सम्म पढाइ हुन्छ । यस विद्यालयमा एकातिर नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रमहरू र अर्कोतिर संस्कृत मा.वि. का पाठ्यक्रमअनुसारका विषयहरू पठनपाठन हुँदै आएको छ । ब्राह्मण सहित अन्य वर्गका छात्राहरूलाई पनि संस्कृत पढ्न बन्देज नगरिएको यो विद्यालयमा वि.सं. २०३८ सालमा संस्कृत मा.वि. को रूपमा सरकारबाट स्वीकृति प्राप्त भएको थियो भने २०३९ सालमा पूर्ण सरकारीको रूपमा स्वीकृति भएको थियो ।[६४]

वि.सं. २०४१ साल अघि मन्दिर परिसरभित्र नै अध्ययन-अध्यापन कार्य सञ्चालन हुँदै आएकोमा पक्की भवनको निर्माणपश्चात् २०४१ सालबाट हालको भवनमा कक्षा चलाउन थालियो । यस विद्यालयमा संस्कृत, वेद, कर्मकाण्डजस्ता विषयलाई ऐच्छिक विषयको रूपमा राखिएको छ । हवनकुण्ड र मन्दिरसमेत रहेको यस विद्यालयमा हाल संस्कृत विषय पढ्ने विद्यार्थीको सङ्ख्या ६ देखि १० जनासम्म भएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।[६५]

वि.सं. २०३८/३९ सालबाट पूर्ण सरकारी रुपमा संचालन भएको यस सीताराम संस्कृत माध्यमिक विद्यालयक २०४५/४६ सालसम्म आइपुग्दा संस्कृत पढ्ने विद्यार्थीको सङ्ख्या वृद्धि भएको र बिस्तारै २०५०/५१ मा आइपुग्दा पुन विद्यार्थीको सङ्ख्यामा ह्रास हुँदै गएको कारण संस्कृत विषयको पठनपाठनले मात्र विद्यालय सञ्चालन गर्न गाह्रो पर्ने भएकोले संस्कृतशिक्षाको साथसाथै यस विद्यालयमा ऐच्छिक रुपमाअन्य साधारण विद्यालयमा पढाइने विषयहरू राखी विद्यालय सञ्चालन गर्न थालिएको पाइन्छ ।[६६]

---

[६३] डिल्लीराम बाबाकै समयदेखि सीताराम संस्कृत मा.वि. को लेखाशाखामा कार्यरत लेखा सहायक कृष्ण चापागाईसँग शोधकर्ताले गरेको अन्तर्वार्ता ।

[६४] खनाल, पादटिप्पणी सङ्ख्या, ६१, पृ. १६१ ।

[६५] शोधकर्ताले २०६८ आषाढमा गरिएको स्थलगत अवलोकनका आधारमा ।

[६६] शोधकर्ताले २०६९ आषाढमा सीताराम मा.वि. का प्राचार्य हरिप्रसाद आचार्यसँग गरेको अन्तर्वार्ताबाट ।

### (च) श्री राधामाधव वैदिक संस्कृत गुरुकुलम्

खेमराजकेशवशरणको प्रयासमा देवघाटस्थित शरणागति आश्रममा गुरुकुल परम्परामा आधारित वेदवेदाङ्ग व्याकरण संस्कृतशिक्षाको पठनपाठनको लागि राधामाधव वैदिक संस्कृत गुरुकुलमको स्थापना भएको छ ।[६७]

वि.सं. २०६० सालमा नेपाल सरकारबाट मा.वि. सम्मको लागि स्वीकृति प्राप्त भएको यस गुरुकुलमा शिक्षा मन्त्रालयमार्फत् मर्मतसंहार तथा शैक्षिक सामग्रीको निमित्त आर्थिक सहयोग प्राप्त भएको कुरा ज्ञात हुन आउँदछ ।[६८] संस्कृत वेदान्त व्याकरण पढाइने यस गुरुकुलमा सुरुका दिनहरूमा विद्यार्थीको सङ्ख्या राम्रै भए तापनि २०६८ साल यता आएर भने विद्यार्थीको सङ्ख्यामा शून्य रहेको र विद्यालयपनि संचालन नभएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।

### (छ) श्री रामजानकी वेद विद्याश्रम

रोटरी क्लबद्वारा सञ्चालित रोटरी करुणालय (वृद्धाश्रम) को दक्षिणतर्फ देवघाटको किनारमा रामजानकी वेदविद्याश्रम वि.सं. २०५९ सालदेखि अनौपचारिक रूपमा सञ्चालन हुँदै आएको छ । ललितपुर कलेजको मातहतमा रहेको यो विद्यालय भगवती उपाध्यायको निजी प्रयास र लगानीमा सञ्चालित विद्यालयमा वेदवेदाङ्ग कर्मकाण्डजस्ता संस्कृतका विषयहरू पढाइने भनिएको यो विद्यालय ठूलो परिसरमा फैलिएको देखिन्छ । तीनतले ठूलो भवन भएको यस विद्यालयमा पढ्ने विद्यार्थीहरू कोही नभएको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ । केवल भव्य संरचना मात्र रहेको यस विद्यालयमा विद्यार्थीको सङ्ख्या शून्य रहेको र पठनपाठन समेत नभएको कुरा स्थलगत अध्ययनका क्रममा थाहा हुन आउँदछ । हाल यस भवनलाई लोकसेवा प्रतिष्ठानले लिएको र अनाथ बालबालिकाहरूलाई राख्ने व्यवस्था मिलाइएको अवगत हुन आउँदछ ।[६९]

---

[६७] व्यवस्थापक श्री प्रदीपकुमार दाहाल शोधकर्ताले २०६८ आषाढमा लिएको अन्तर्वार्ताको आधारमा ।

[६८] राधामाधव वैदिक गुरुकुलका संस्थापक खेमराज केशवशरणसँग शोधकर्ताले २०६८ भाद्रमा लिएको अन्तर्वार्ताको आधारमा ।

[६९] लोकसेवा प्रतिष्ठानकी अध्यक्ष सावित्री टण्डनबाट प्राप्त जानकारी ।

**(ज) रङ्गदेशिक गुरुकुल वेद विद्यालय**

लक्ष्मीनारायण मन्दिरका संस्थापक जनार्दनाचार्यले २०२५ सालमा लक्ष्मीनारायण मन्दिर स्थापना गरेपश्चात् त्यसै मन्दिरभित्र वेद, कर्मकाण्ड र व्याकरणको शिक्षा दिने उद्देश्यले अनौपचारिक रूपमा शिक्षणसंस्थाको स्थापना गरेका थिए । उनले आफ्ना गुरु रङ्गदेशिक नामबाट यो परिसरमा "रङ्गदेशिक गुरुकुल वेद विद्यालय" स्थापना गरेको कुरा थाहा हुन आउँदछ ।[७०] स्थापनाकालमा वि.सं. २०२५ सालमा उक्त गुरुकुलमा भूटान, झापा, धनगढी, गोरखा आदि स्थलबाट विद्यार्थीहरू पढ्न आएको कुरा त्यसै गुरुकुलमा पढेका विद्यार्थीबाट अवगत हुन आउँदछ ।[७१]

वि.सं. २०३५/३६ सालतिर अत्यन्तै धेरै विद्यार्थीहरूको चाप भएको यस गुरुकुलमा २०५०/५५ सम्म अनौपचारिक शिक्षा कायम भैरहेकोमा यसपछि भने अन्यत्र ( वेदवेदाङ्ग संस्कृत गुरुकुल, गुरुकुल (मा.वि.) महेश संस्कृत गुरुकुल) जस्ता औपचारिक रूपबाट गुरुकुल विद्यालयको स्थापना हुन थालेपछि भने विद्यार्थीहरूको सङ्ख्यामा कमी आएको कुरा अध्ययनको क्रममा थाहा हुन आउँदछ । वि.सं. २०५७ मा गुरु जनार्दनाचार्यको वैकुण्ठवास (निधन) भएपश्चात् भने यस गुरुकुलमा पढ्ने छात्रहरूको सङ्ख्या निकै कमी आई हाल वर्तमान समयमा भने विद्यार्थीको सङ्ख्या शून्य रहेको कुरा स्थलगत अध्ययनबाट थाहा हुन आउँदछ ।[७२]

**(झ) तिरुपति बालाजी वेङ्कटेश श्री रामानुज वेदविद्याश्रम**

नवलपरासको गैंडाकोट वडा नं. १ देवघाट क्षेत्रभित्र पर्ने नारायणी किनारमा वि.सं. २०३७ साल फाल्गुन महिनामा जग्गा खरिद गरिएको र उक्त जग्गा "तिरुपति बालाजी बेङ्कटेश श्री रामानुज वेदविद्याश्रम" को नामबाट दर्ता भएपछि वि.सं. २०३८ सालदेखि वेदविद्याश्रम सञ्चालन भएको कुरा विद्यालयको शिलालेखबाट थाहा हुन आउँदछ ।[७३]

---

७० स्वामी जनार्दनाचार्यका सुपुत्र श्रीधराचार्यबाट प्राप्त जानकारी ।

७१ शोधकर्ताले २०६७ पौषमा माधव चापागाईँसँग गरेको अन्तर्वार्ताका आधारमा ।

७२ शोधकर्ताले २०६७ पौषमा लक्ष्मीनारायण मन्दिरका वर्तमान सञ्चालक श्रीधराचार्यसँग शोधकर्ताले गरेको भेटवार्ताका आधारमा ।

७३ श्री गैंडा कोट स्थित रामानुज वेद विद्यालयको स्रोत अनुसार ।

तिरुपति बालाजी बेङ्कटेश श्रीरामानुज वेद विद्याश्रम श्रद्धालु भक्तजनहरूको मुठिदान वा सहयोगबाट सञ्चालन गर्नुका साथै नारायणाचारीले बेलावखत भक्तहरूले बोलाएको खण्डमा विभिन्न स्थानहरूमा गई प्रवचन गर्दा प्राप्त भएको आम्दानीबाट नै विद्यालय सञ्चालन भएको कुरा विद्यालय सञ्चालकबाट थाहा हुन आउँदछ ।[७४] यसका साथै पूर्व चितवन इमलीपानी बडरुवामा आश्रमले किनेको १ विगाहा जग्गाको आयस्ताबाट यस आश्रममा बसी अध्ययन गर्ने वटुक-ब्राह्मण अभ्यासरत साधुसन्तलगायत आगन्तुक तीर्थयात्रीहरूको भोजनको व्यवस्था भइरहेको छ ।[७५]

वैष्णव सम्प्रदायका नारायणाचारीबाट स्थापना गरिएको यस आश्रममा भारतीय वैष्णव सम्प्रदायका तीर्थयात्रीहरू आउने गरेको र उनीहरूको निमित्त बस्ने आवासका लागि भवनहरू निर्माण भएको कुरा स्थलगत अध्ययनबाट ज्ञात हुन आउँदछ ।

प्राचीन शास्त्रीय मान्यतालाई हेर्दा गुरुकुलशिक्षाको प्रारम्भ भगवान् शिवबाट भएको पाइन्छ । व्याकरण, तन्त्रविद्या, सङ्गीत विद्यालयहरू धेरैजसो विद्याहरू शिवजीबाट पार्वतीले प्राप्त गर्नुभएको मान्यता छ । प्राचीनकालमा संस्कृतका प्रसिद्ध आदिकवि वाल्मीकि, वेद विभागकर्ता व्यास, नूतन सृष्टिकर्ता, विश्वामित्र, मन्त्रद्रष्टा, वशिष्ट, वैज्ञानिक भारद्वाज, विदेहराज राजर्षि जनक, सतीशिरोमणि सीता, शान्तिका संवाहक गौतमबुद्धजस्ता विशिष्ट व्यक्तित्वको जन्मकर्म, तपोभूमिको रूपमा रहेको नेपालमा अक्षुण्ण रूपमा संस्कृतभाषाको विकास र शिक्षाको निरन्तरता दिनको निमित्त वर्तमान समयसम्म पनि विभिन्न धार्मिक स्थलहरूमा गुरुकुलशिक्षालयहरुको स्थापना भइरहेको छ ।

हाल नेपालमा नेपाल संस्कृत विश्वविद्यालयलगायत झन्डै (संगठित लगभग ७५ गुरुकुल समेत) रहेका छन् । उदाहरणकै रूपमा देवघाटमा यसरी निजी स्रोतबाट चलिरहेका यस्ता गुरुकुल संस्कृत विद्यालयहरूलाई लिन सकिन्छ ।

भौतिक समुन्नतिको चरम प्रतिस्पर्धामा दौडिरहेको यस स्थितिमा शिक्षाको होइन असल शिक्षाको आवश्यकता छ, जसको परिपूर्ति संस्कृतशिक्षाको माध्यमबाट नैतिकवान्, चरित्रवान् बनाएर मात्र सम्भव हुन्छ । जसको पूर्ति गुरुकुलशिक्षाबाट हुन सक्छ । यसो भन्दैमा छ्याप्छ्याप्ती स्थापना भएका गुरुकुलबाट मात्र संभव हुँदैन त्यसमा व्यावहारिकता

---

[७४] शोधकर्ताले वि.सं. २०६६ जेष्ठमा श्यामकृष्णाचार्यसँग गरेको भेटवार्ताका आधारमा ।

[७५] *ऐजन* ।

र समयानुकुल हुनुपर्दछ । अभिभावकको चाहना मात्र होइन कि स्वयम् छात्रहरूमा यसप्रति अभिरुचि हुनु पर्दछ र नेपाल सरकारबाट पनि संस्कृतशिक्षाको विकास र उन्नतिका निमित्त अन्य विद्यालयसरह बजेटको स्थापना गरिदिनु पर्दछ । यसका साथै संस्कृतशिक्षालाई घोकन्ते र अव्यावहारिक नबनाई वैज्ञानिक र व्यावहारिक बनाइ गुरुकुलबाट उत्पादित विद्यार्थीहरूको निमित्त सजिलैसित प्रतिफल प्राप्त गर्ने क्षेत्रहरूको खोजी गरी अनुसन्धानमूलक कार्यमा लगाइनु पर्दछ ।

नेपालका विभिन्न धार्मिक स्थलहरूमा यस्ता संस्कृत गुरुकुलहरू सञ्चालन भइरहेको भए तापनि ती विद्यालयहरूले समाजको माग र आवश्यकताअनुसार स्थापना गरिएका हुन् भनी भन्न सक्ने अवस्था भने देखिँदैन । कारण देवघाटका तीनवटा गुरुकुलहरूमा संस्कृतको पठनपाठन राम्रै भइरहेको देखिए तापनि संस्कृत गुरुकुलका नाममा खोलिएका अन्य विद्यालयहरू भने विद्यार्थीको सङ्ख्या खासै देखिँदैन ती विद्यालयका सञ्चालक संस्थापकहरूले भने विद्यालयका, नाममा दरबन्दी ल्याएको कुरा अध्ययनका क्रममा थाहा हुन आउँदछ ।

माथिका यी संस्कृत विद्यालयहरू बाहेक देवघाटक्षेत्र वरिपरि अन्य साधारण विद्यालयहरू पनि छन् । जसले देवघाटको शैक्षिक गतिविधिमा उल्लेखनीय योगदान पुऱ्याएको छ । यस्ता विद्यालयहरूमा कालिका माध्यमिक विद्यालय, क्यूँदी तनहुँ-४, रामनगर माध्यमिक विद्यालय, रामनगर भ.न.पा. १, राष्ट्रिय निम्न माध्यमकि विद्यालय, सिद्ध महाकाली निम्न माध्यमिक विद्यालय, वराह प्राथमिक विद्यालय, महादेव प्राथमिक विद्यालय, चक्रवर्ती प्राथमिक विद्यालय, कालिका प्राथमिक विद्यालय, मौलादेवी प्राथमिक विद्यालय । यी विद्यालयहरूबाट देवघाटको धार्मिक महत्त्व र महिमामा विशेष उल्लेखनीय भूमिका नभएको हुँदा यिनीहरूको विस्तृत उल्लेख नगरी नाम मात्र राखिएको छ ।

## ६.६ निष्कर्ष

माथिको विवरणबाट स्पष्ट हुन्छ कि देवघाट क्षेत्रमा शैव, वैष्णव, शाक्त, वौद्ध आदि सम्प्रदायका मानिसहरूले आ-आफ्ना धार्मिक कृत्यहरू गरिरहेका छन् । वर्तमान समयमा विशेष गरी २००७ सालपछि देवघाटमा परिवर्तन एवं विकासका सङ्केतहरू देखिन थालेका हुन् । देवघाटमा सन्तमहन्तहरूका अतिरिक्त कल्पवासी, वृद्धवृद्धाहरूका अतिरिक्त माझी, मगर, चेपाङ, चुरेटा आदि जातका मानिसहरूको पनि बसोवास छ । संस्कृतशिक्षा विभिन्न विधाहरूको पठनपाठन कार्यमा देवघाट द्रुतगतिले अघि बढेको छ । त्यहाँ संस्कृत विषयमा उच्चशिक्षा हासिल गराउने संस्थाहरू पनि खडा भएका छन् । हिन्दु धर्म संस्कृतिमा आधारित गुरुकुलशिक्षा प्रभावकारी तरीकाले सञ्चालन भइरहेको छ । महेश संस्कृत गुरुकुल विद्यापीठमा अझैसम्म पनि उपाध्याय वाहेक अरूले अध्ययनको अवसर पाएका छैनन् । देवघाटको गुरुकुलशिक्षा दिने प्रमुख विद्यालयहरू महेश संस्कृत गुरुकुल विद्यापीठ, महेश संस्कृत गुरुकुल, श्रीपरमानन्द संस्कृत गुरुकुल, राधामाधव वैदिक संस्कृत गुरुकुल, श्री रामजानकी वेदविद्याश्रम आदि हुन् ।

**अध्याय सात**

# उपसंहार

देवघाट नेपालको मध्यभाग तनहुँ, चितवन र नवलपरासीको बीचमा पर्ने एउटा महत्त्वपूर्ण तीर्थस्थल हो । पौराणिककालदेखि नै चर्चामा रहेको यस देवघाटधाममा काली (कृष्णा), सेती सरस्वती(शुक्ला), त्रिशूली, बुढीगण्डकी, मर्स्याङ्दी, मादी, दरौदी (सप्तगण्डकी) र अन्य सहायक नदीहरू एक आपसमा मिली यसै स्थलमा आई सङ्गम भएको हुँदा यसलाई सप्तगण्डकीको नामले पनि चिनिएको पाइन्छ । यो तीर्थस्थल सत्य, त्रेता र द्वापर युगदेखि नै देवता एवं ऋषि-महर्षिहरूको साधनास्थल तथा क्रीडास्थलका रूपमा रहिआएको थियो भन्ने कुराको चर्चा अध्याय एकमा नै गरिसकिएको छ । धार्मिक, ऐतिहासिक, पुरातात्विक एवं सांस्कृतिक दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको यो देवघाटधाम वर्तमान समयमा चितवन, तनहुँ र नवलपरासीको सङगमस्थल त्रिकोणको रूपमा रहेको छ । अक्षांश र देशान्तरको हिसाबले क्रमशः ८४$^{\circ}$ २२' ३०" र ८४$^{\circ}$ ३०' ००" देशान्तर तथा उत्तर २७$^{\circ}$४४'३० र २७$^{\circ}$४७'३०" अक्षांशमा रहेको यो क्षेत्र भित्री मधेश र पहाडीक्षेत्र मिलि बनेको छ । मैदानी र पहाडी धरातलबाट निर्माण भएको यो क्षेत्र समुन्द्रसतहदेखि २०० मी. देखि ५७५ मी. उचाइमा रहेको छ ।

यस क्षेत्रको संरक्षण, संवर्द्धन र विकासको निमित्त सरकारी स्तरबाट २०५० सालमा गठन गरिएको देवघाटक्षेत्र विकास समितिको स्थापनापश्चात् गरिएको मापङ्कनअनुसार देवघाटक्षेत्रले ५,४३४ हेक्टर जमीन ओगटेको छ ।

'देव' र 'घाट' शब्द मिलेर देवघाट बनेको चर्चा र देवघाटको नामकरणको सन्दर्भमा अध्याय दुईमा उल्लेख गरिएको छ । नामकै प्रसङ्गमा कुरा गर्नुपर्दा 'देव' शब्द संस्कृत नाम शब्द भएको र 'घाट' शब्द संस्कृत शब्द 'घट्ट' बाट घाट भएको हो र यी दुइ शब्दको मिलनबाट देवताहरूले अटन (भ्रमण), स्नान गर्ने सन्दर्भमा यस स्थललाई देवघाट भनिएको पाइन्छ । प्राकृतिकस्रोत र साधनले भरिपूर्ण भएको यो क्षेत्रको विषयमा अध्याय दुइमा चर्चा गरिएको छ । प्राचीनकालमा महत्त्वपूर्ण बाहिरी आवागमनको (उपत्यका र भारत) मुख्य मार्गका रूपमा रहेको र मध्यकालमा आएर महत्त्वपूर्ण व्यापारिक मार्गका अतिरिक्त प्रशासनिक काम गर्ने शीत कालिन दरवारको रूपमा रहेको कुरा विभिन्न प्रमाणहरूले पुष्टी

गरेको छ- मध्यकालमा पाल्पा र तनहुँका राजाहरूले यस देवघाटलाई शीतकालीन दरवार बनाएका थिए । पाल्पाली प्रतापी राजा मुकुन्द सेन प्रथमले आफ्नो जीवनको अन्तिम चरण तप-ध्यान गरी यसै पवित्र तीर्थस्थलमा रहेर बिताएका थिए । काठमाण्डौं उपत्यका र अन्यत्र राज्यका राजाहरु पनि देवघाटमा तीर्थ गर्न आउने गर्थे । राणाकालमा यो क्षेत्र तप-ध्यान गर्ने स्थलकै रूपमा रह्यो । चितवन र नवलपरासीमा पहाडीयाहरूको वस्ती बढेपछि देवघाटक्षेत्रमा पनि जनसङ्ख्या तीव्र गतिमा बढ्न गयो । साथै विभिन्न पर्वहरूमा भक्तजनहरुको उपस्थिति बाक्लो हुन थाल्यो ।

प्रजातान्त्रिक कालमा आएर देवघाटधामको स्वरूप र महत्त्वमा परिवर्तन आयो । यसको फैलावट चितवन, तनहुँ र नवलपरासीका काली गण्डकी र त्रिशुलीको सङगम निकटका भूभागमा रहेका विभिन्न मठ, मन्दिर, मूर्ति र भग्नावशेषहरूको संरक्षण र संवर्द्धन गर्न सरकारी पक्ष र जनस्तरबाट चासो दिनुको साथसाथै वागीश्वरीक्षेत्र, मौलाकालिका मन्दिर क्षेत्र मणि मुकुन्देश्वर महादेव भएको क्षेत्र (पाल्पाली राजा मणि मुकुन्दसेनको शीतकालीन प्राचीन दरबार क्षेत्र) र राम अश्वमेध यज्ञशाला भएको क्षेत्रलगायत प्याउलीगढी, हर्कनारायण डाँडा, पञ्चभैयास्थल, सतञ्चुली डाँडा, उपर्दाङ्गगढी, कविलासपुरगढी आदि क्षेत्र पुरातात्विक दृष्टिकोणबाट महत्त्वपूर्ण मानिन्छ ।

देवघाट विशुद्ध धार्मिकक्षेत्र भएको हुँदा यहाँ प्राचीन समयका मूर्ति र मध्यकालदेखिका मन्दिर मठहरू रहेको पाइन्छ । आजसम्म पनि बनेका र बनिरहेका विभिन्न शैलीका मन्दिरका संरचनाहरू पाइन्छन् । खासगरी चर्तुवाहु नारायणको मूर्ति, मुकुन्देश्वरी मन्दिर, मौलाकालिका मन्दिर, वागीश्वरी मन्दिर एवं त्यस वरिपरिरहेका विभिन्न मूर्तिहरू, सत्यनारायण मन्दिर, बदरीनारायण मन्दिर, सीताराम मन्दिर, लक्ष्मीनृसिंह दिव्यधाम, निम्वार्कदर्शनकेन्द्र, प्रतीक वृन्दावन (राधाकृष्ण मन्दिर) श्रीलक्ष्मीहरिजस्ता महत्त्वपूर्ण मन्दिरहरू एवं शिला, हनुमानमूर्ति, विष्णुमूर्ति, वागीश्वरीमूर्ति, शिवमूर्तिजस्ता मूर्तिहरू र केही हवनकुण्डहरू पनि रहेका छन् । यी मन्दिरहरू खासगरी शैव र वैष्णव हुनुका साथै गुम्बज आकारको बौद्ध मन्दिर, शिखर, प्यागोडा र त्रिरथ शैलीमा निर्माण भएका मन्दिरहरू छन् । यी मन्दिरहरूमध्ये कतिपय मन्दिरहरूको अवस्था राम्रो देखिन्छ । यिनीहरूको गूठीजग्गा समेत रहेको छ भने कतिपय जस्तो कि सीताराम मन्दिर, लक्ष्मीनृसिंह दिव्यधाम मन्दिरजस्ता केही मन्दिरको भने अवस्था त्यति राम्रो भएको देखिँदैन तथा सञ्चालन गर्न समेत धौ-धौ भएको देखिन्छ । त्यतिमात्र होइन देवघाटमा जे जति मठ-मन्दिर, आश्रम आदि

निर्माण भएका छन् ती निश्चित र परम्परा अनुरूपका विशिष्ठ शैलीका रूपमा बनेका छैनन् । धेरै जसो मन्दिरहरू मिश्रित र अलग प्रकृतिका छन् । योजनावद्ध तरीकाले बनाइएका पनि छैनन् । कतिपय मन्दिर कुन शैलीको हो भन्ने कुरा छुट्याउन समेत कठिन पर्ने देखिन्छ ।

यस देवघाटको विकासको निमित्त यहाँ समय-समयमा विभिन्न सन्तमहन्तहरू आइ भौतिक संरचनाहरूको निर्माण गरेको देखिन्छ, जस्तो कि सर्वप्रथम देवघाट आएका गलेश्वरबाबा जसले वेदवेदाङ्ग संस्कृत विद्यालयको निर्माण गर्नुका साथसाथै मन्दिर निर्माण गरे यसैगरी डिल्लीराम बाबा जसले सीताराम संस्कृत विद्यालयको स्थापनाका साथै सीताराम मन्दिरको निर्माण, बाटोघाटोको निर्माण, आयुर्वेदिक औषधालयको स्थापना, शवमार्ग (चन्द्रलोक प्रवेशद्वार), झोलुङ्गेपुलको निर्माण आदिमा सक्रिय भूमिका खेलेका थिए भने यसैगरी योगी नरहरिनाथ, स्वामी जनार्दनाचार्य, सुश्री मैयादेवी श्रेष्ठ, स्वामी सन्त नारायणाचारी, स्वामी परमानन्द सरस्वती, डा. रामानन्द गिरी, स्वामी ज्ञानानन्द सरस्वती, स्वामी आत्मानन्द गिरीजस्ता थुप्रै सन्तमहन्तहरूले देवघाटको आधुनिकीकरणमा विभिन्न संघ-संस्थाहरू जस्तो कि एन.आर.एन. वृद्धाश्रम (गैर आवासीय नेपाली संघ), रोटरीकरुणालय वृद्धाश्रम आदिले पनि देवघाटको विकास र आधुनिकीकरणमा योगदान पुऱ्याएको देखिन्छ भने सरकारीस्तरबाट २०५० सालमा स्थापना गरिएको देवघाटक्षेत्र विकास समितिले देवघाटको खासगरी बाटो मन्दिरको सिंढी निर्माण मन्दिरको जीर्णोद्धार, पुलपुलेसा आदि कार्यमा योगदान पुऱ्याउनुका साथै यसैको पहलमा समाज कल्याण मन्त्रालयद्वारा स्थापना गराइएको वृद्धाश्रमलाई महत्त्वपूर्ण प्राप्तिको रूपमा लिन सकिन्छ । २०५२/०५३ सालमा भौतिक विकास योजनाको प्रतिवेदन, देवघाटक्षेत्र विकास गुरु योजना २०६५/०६६ मार्फत् देवघाटक्षेत्रको योजना वृद्धि विकासको सुरुवात भएको छ ।

प्राय बाह्रै महिना जस्तो देवघाटधाममा विभिन्न चाडपर्वहरू तथा विशेष तिथि पर्वमा सन्याससंस्कार ग्रहण कार्य पनि हुने गर्दछ । खासगरी यस क्षेत्रमा प्राचीन समयदेखि नै मनाइँदै आएको माघे संक्रान्ति पर्वलाई विशेष महत्त्वका साथ कुम्भ पर्वको रूपमा पनि लिने गरिन्छ भने उक्त अवसरमा देवघाटस्थित सप्तगण्डकीमा स्नान गर्नाले मोक्ष प्राप्त हुन्छ भन्ने धार्मिक मान्यता रहिआएको छ । यसै हुनाले माघेसङ्क्रान्तिको अवसरमा नेपालभरिका तीर्थालु भक्तजनहरु यहाँ स्नान गर्न आउने गर्दछन् भने पहिलेदेखि नै माघेसङ्क्रान्तिको अवसरमा लाग्ने माघीमेला (देवघाट वजार) ले अहिले तीन दिनसम्म मात्र लाग्ने व्यवस्थित वजारको रूप लिएको छ । यसको अलावा अन्य विभिन्न तिथिहरूमा यहाँ स्नान गर्न

आउनेहरूको ठूलो भीड लाग्ने हुँदा यसले एउटा पर्व तथा मेलाको नै रूप लिने गर्दछ । यसैगरी यो क्षेत्र गुरु सन्तमहन्तहरू (कल्पवासीहरू) को वासस्थान भएको हुँदा यहाँ विभिन्न तिथिहरूमा सन्यास लिन चाहनेहरूले सन्यासग्रहण गर्ने गर्दछन् । नेपालमा भएका दशनामी सन्यासीहरूमध्ये खासगरी यहाँ (गिरी, सरस्वती, तीर्थ, पुरी, वन, पर्वत, सागर, आरण्यक, भारती, आश्रम) को संख्या बढी भएको पाइन्छ । यस स्थलमा शैव र वैष्णव दुवै सम्प्रदायका मानिसहरू भएको हुँदा यहाँ शैव सम्प्रदायअन्तर्गत दशनामी सन्यासीहरू र वैष्णव सम्प्रदायअन्तर्गतका त्रिदण्डी सन्यासीहरू छन् ।

वर्तमान अवस्थामा देवघाटधाममा विभिन्न धार्मिक सम्प्रदायका मानिसहरू बसेका छन्, जसमा तनहुँतर्फको देवघाटधाममा शैव धर्मावलम्बीहरूको प्रभाव बढी छ भने चितवन र नवलपरासीतर्फ पर्ने देवघाटमा वैष्णव सम्प्रदायका मानिसहरूको प्रभाव बढी रहेको छ । विभिन्न धार्मिक गतिविधि अनुष्ठान तथा पितृकार्य भइरहने यस देवघाटधाममा प्रवचन, भजनकीर्तन आदि कार्य भइरहन्छ । शैव, वैष्णव, बौद्ध र शाक्तजस्ता विभिन्न धार्मिक सम्प्रदायहरू भएको यस देवघाटधाम धार्मिक सहिष्णुताको उज्ज्वल नमुना हो ।

सरकारी सुविधामा बसिरहेका वृद्धवृद्धाहरू रहेका यस क्षेत्रमा जीवनको उत्तरार्द्धमा घरवार छोडी भक्तिमा तल्लीन हुने अन्य व्यक्तिहरू पनि यस क्षेत्रमा आइबसेका छन् । उनीहरू कतिपय आश्रमकै सेवामा बसी दिन बिताइरहेका छन् भने कतिपयले आफ्नै छुट्टै कुटी बनाई स्वतन्त्रपूर्वक स्नान, पूजाआजा, भजनकीर्तन, प्रवचनमा दिन बिताइरहेका छन् । यस क्षेत्रमा धार्मिक भावनाले धार्मिक प्रयोजनको निमित्त मात्र बसेका भक्तजनहरू बाहेक अन्य जातिहरू माझी, चुरेटा र मगर जातिको पनि बाहुल्यता रहेको पाइन्छ । यहाँ विभिन्न वृद्धाश्रमहरूमा बसिरहेका वृद्धवृद्धाहरू एवं धर्म प्राप्तिको लागि कल्पवासी जीवन बिताइरहेका वृद्धवृद्धाहरू इतिहास र भविष्यको मार्गनिर्देशक हुन् ।

यहाँ खुलेका विभिन्न गुरुकुलीय शैक्षिक संस्थाहरूमा गलेश्वरबाबा आश्रमअन्तर्गतको वेदवेदाङ्ग विद्यालय, महेशसन्यास आश्रम अन्तर्गतको महेश संस्कृत गुरुकुलम तथा विद्यापिठ हरिहर सन्यास आश्रमअन्तर्गतको परमानन्दन गुरुकुलम्हरूले संस्कृत वाङ्मयको संरक्षण, संवर्द्धन र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।  यस अध्ययनबाट विभिन्न उपलब्धी वा नयाँ कुराहरु पत्ता लागेका छन् र पुराना कुराहरु पनि प्रमाणित भएका छन् । यस अध्ययनका उपलब्धीहरुलाई छुट्टै शीर्षक राखेर यहाँ व्याख्या गरिएको छ ।

**अध्ययनका उपलब्धि वा प्राप्तिहरु (Findings)**

१. यस कार्यहुनु भन्दा पूर्व देवघाट क्षेत्रको अनुसन्धान मूलक कार्य हुन नसकेकोमा अहिले आएर यस अध्ययनले देवघाटको ऐतिहासिक र धार्मिक विकासको एकिकृत र प्रमाणिक विवरण तयार गर्ने कार्य गरेको छ ।

२. तिनवटै जिल्ला चितवन तनहुँ, नवलपरासीले घेरिएको देवघाट क्षेत्र एक प्राचिन तीर्थस्थल भएको र यस क्षेत्र वरिपरि पुराना, भग्नावशेष मूर्ति, ऐतिहासिक धार्मिक र सांस्कृतिक संरचनाहरु रहेका छन् । जसको यस अध्ययनले प्रकाश पारेको छ ।

३. २००७ सालको परिवर्तन पश्चात चितवनमा भएको औलो उन्मुलन, राप्तिदुन परियोजना लागूहुनु जस्ता कार्यक्रमले विस्तारै भरतपुर जिल्ला सदरमुकाम बनी सरकारी कार्यलयहरुको स्थापना भएको र मानिसहरुको पनि बसोबास सुरु हुन थालेको बाट यस देवघाटधाममा पनि विस्तारै व्यापक चहलपहल बढ्न गई आधुनिकीकरणको शुभारम्भ भएको प्रमाणित हुन्छ ।

४. खासगरि मध्येकालबाट स्पष्ट महत्व देखिएको देवघाटधाममा पाल्पाका राजा मुकुन्दसेन प्रथम आई विभिन्न धार्मिक कृयाकलाप गरेको र यसै पवित्र स्थलमा आफ्नो देहत्याग समेत गरेको यस अध्ययनले पुष्टि गरेको छ । साथै पूर्व पश्चिमका राजाहरु एवं भक्तजनहरु पनि यहाँ तीर्थ गर्न आउने गर्थे ।

५. मुकुन्दसेन प्रथमको निधन पश्चात भृंगी सेन, त्रिविक्रम द्वितिय , कामरिदत्त सेन, हरकुमार सेन जस्ता राजाहरुले तनहुँमा राज्य संचालन गर्दा वि.सं (१८०० देखि १८१६) समम देवघाट आई शीतकालीन दरवार बनाई यहीबाट प्रसासनीक कागजातहरु पठाउने गरेको पाइन्छ ।

६. देवघाट विकास क्षेत्र भित्र हालसम्म ८२ वटा मठ मन्दिर रहेको छन् जसमध्ये शैव मन्दिर २५ वटा, वैष्णव मन्दिर ३३ वटा शाक्त मन्दिर १७ वटा, गणपत्य(गणेश) मन्दिर ७ रहेका छन् । यसबाहेक देवघाटमा कुलदेवताका मन्दिर ४ वटा र यज्ञमण्डपहरु २१ वटा रहेका छन् । कूल ५४३४ हेक्टर क्षेत्रफलमा फैलिएको देवघाट क्षेत्र अन्तर्गत तनहुँ जिल्लाको २ र ४ का वडा, चितवनतर्फ भरतपुर नगरपालिकाको वडा नं १,२,३ र ११ का क्षेत्रहरु र नवलपरासी जिल्लाको गैंडाकोट गा.वि.स. का १,२, ३, र ४ का क्षेत्रहरु

देवघाट अन्तर्गत पर्दछन् । या क्षेत्रहरुमा अनेकौं मठमन्दिर तथा कल्पवासीहरु रहेका छन् तथावी देवघाट विकास समितिले तनहु र चितवनको सीमित क्षेत्रलाई मात्र देवघाट सम्झी कार्यन्वन गर्ने गर्दछ ।

७. मध्येकाल, शाहकाल र राणकालमा देवघाट एउटा व्यपारिक मार्ग र जगात (कर) उठाउने अड्डाको रुपमा रहेको थियो ।

८. देवघाटको विकासमा विभिन्न व्यक्ति संघ संस्था, सरकारी गैर सरकारी निकायले योगदान पुऱ्याएको देखिन्छ । यस्ता व्यक्ति तथा संस्थाहरुमा ईश्वरानन्द ब्रह्मचारी -गलेश्वरबाबा) , अघोरीबाबा -पगलाबाबा), पुरातत्व अन्वेषक इतिहासविद् योगी नरहरिनाथ, समाजसेवी ब्रह्मचारी श्री डिल्लीराम बाबा, श्री ५ महेन्द्र वीरविक्रम शाहदेव, स्वामी श्री जनार्दनाचार्य, समाजसेवी सुश्री मैयादेवी श्रेष्ठ, डा. स्वामी रामानन्द गिरि, स्वामी श्री आत्मानन्द गिरी, स्वामी परमानन्द सरस्वती स्वामी ज्ञानानन्द सरस्वती नन्दु बोटे, ज्ञानेन्द्रविक्रम महत लगायत व्यक्तिहरुले योगदान पुऱ्याएका छन् । यस बाहेक रोटरी क्लव, एन आर एन, आदि संस्थाहरुले देवघाटको विकासमा सहयोग पुऱ्याएका छन् ।

९. देवघाट क्षेत्रमा विभिन्न संस्कृत गुरुकुलिय शिक्षालयहरु स्थापित भएका छन् जसमा सर्वप्रथम गलेश्वर बाबाद्वारा स्थापित बेदवेदाङ्ग विद्यलाय, डा. रामानन्द गिरीद्वारा स्थापित महेश शन्यास संस्कृति विद्यालय, डा. ज्ञानान्द सरस्वतिद्वारा स्थापित परमानन्द संस्कृत गुरुकुल, डिल्लीराम बाबाको प्रयासमा स्थापित सिताराम संस्कृत मा.वि. लगायत अन्य केही संस्कृत विद्यालयहरु पनि रहेका छन् । यी विद्यालयहरुमा ब्राहमण जाति बाहेक अरु जातिहरुको पहुच रहेको छंन । यसमा पनि महेश संस्कृत विद्यालयमा ब्राहमण जातिमा पनिका उपाध्याय वर्गलाई मात्र समावेश गर्ने गरिएको छ । देवघाटमा खोलीएको कतिपय विद्यालयहरुमा संस्कृत पढ्ने विद्यार्थीको संख्या न्यून रहेको छ । त्यस क्षेत्र वरिपरि अन्य साधरण विद्यालयहरु पनि छन् । वेदवेदाङ्ग, व्याकरण जस्ता थुप्रै संस्कृत विषयवस्तुहरु राखेर पढाइने यस्ता विद्यालयहरुमा दलित समुदायहरु भने उपस्थिति रहेको पाइदैन ।

१०. देवघाटमा सन्त, महन्त, गुरु, सन्यासी, योगी छात्र कल्पवासीहरुको निमित्त विभिन्न आश्रमहरुको व्यवस्था गरिएको छ । यी आश्रमहरुमा विहान बेलुका नित्य भोजनको

व्यवस्था निशुल्क रुपमा गराउने गरेको पाइन्छ । यद्यपी यी आश्रमहरुमा कोषको निर्माण गराइएको र सो कोषमा स्वेच्छाले रकम जम्मा गराइएको र रकम जम्मा गराउन नसक्नेले आश्रममा सेवा गर्नुपर्ने प्रावधान रहेको छ भने रोटरी करुणालय बृद्धाश्रम र एन आर एन बृद्धा आश्रममा भने निश्चित रकम तोकी बृद्ध बृद्धालाई राख्ने व्यवस्था गरिएको छ । तथापी एन.आर.एन बृद्धाश्रमको तुलनामा रोटरी करुणा बृद्धाश्रममा ने अत्यन्तै न्यून रकम लिएको मासिक रु ३०० लिएको पाइन्छ । एन. आर. एनमा भने बृद्धबृद्धाको निमित्त विशेष र साधरण गरी २ कोटा छुट्टाइएको छ र विशेष कोठामा बस्न चाहानेहरुलाई वार्षिक रु १८००० र साधरण कोठामा बस्न चाहानेहरुलाई वार्षिक रु १४००० निर्धारण गरिएको पाइयो ।

११. यस क्षेत्रमा कतिपय बृद्धबृद्धाहरु जीवनको उत्तरार्ध कालमा तिर्थवास गरी भगवानमा तनमन लगाउने उद्देश्यले आइबसेका छन् भने कतिपय बृद्धबृद्धाहरु साहराविहिन भई बाच्ने आधार खोज्दै यस स्थलमा आइ आश्रममा साहारा लिएका छन् । आफ्नो घरमा घर परिवारले व्यवस्ता अपहेलनाको चपेटामा गरी आउनेको संख्या बढी छ ।

१२. पहिलादेखिनै बोटे जातिको बाहुल्यता रहेको यस क्षेत्रमा हाल आएर भने यस जातिहरु त्यहाँबाट विस्थापित भई त्यहाँ अन्य विभिन्न जातिहरुले प्रवेश गरी आफ्नो प्रभाव जमाएका छन् । माछा मार्ने र डुङ्गा खियाउने व्यवसायमा लागेका यी बोटे जातिहरु त्रिसुली नदिमाथी झोले पुलको निर्माण भएपछि समाप्त भएको हुँदा अन्यत्र गई छरिएर बसेका छन् ।

**देवघाटका विधमान समस्याहरु**

देवघाटजस्तो पुण्डयभूमिमा जाँड रक्सी बेच्ने मात्र नभइकन मणि मुकुन्देश्वर मन्दिरदेखि केही पर देउपुर भन्ने गाउँमा मदिरा उत्पादन गर्ने गरिन्छ र उक्त मदिरा त्यहीका स्थानीयहरूले सेवन गर्नुका साथै नारायणघाट वजारसम्म ल्याउने गरिन्छ । साथै स्थानीय बासिन्दा मदिरा सेवन गरी दुर्गन्धित र कोलाहल गराइरहेको देखिन्छ भने काटमार समेत गरिन्छ । अतः यो एउटा हिन्दुसनातन धर्मावलम्बीको आस्थाको केन्द्र भएको हुँदा यहाँ यी वस्तुहरूको बेचविखनमा पूर्ण रूपमा बन्देज गरिनु पर्दछ ।

यस देवघाटक्षेत्र वरिपरि छड, सिमेन्ट र ईंटा प्रयोग गरी ठूला-ठूला पक्की भवनहरू निर्माण गरिएको छ । यस्ता मापदण्ड विपरीत बनाइएका भवनहरूले देवघाटधामको प्राकृतिक सौन्दर्य पर्यावरण पुरातात्विक वस्तुहरू लोप हुन जान्छ । यो एउटा पवित्र तीर्थस्थल भएकोले यसलाई आफ्नै वास्तविक तथा मौलिक रूपमा रहन दिनु पर्दछ ।

देवघाट जस्तो पुण्य भूमिमा भक्तभक्तिनी, वृद्धवृद्धाहरूले साधु सनाहरु बस्न पाउनु पर्दछ । साथै उनीहरूको लागी स्तरीय आश्रयस्थल बनाइनु पर्दछ । जसबाट तीर्थालुलाई वास बस्न सजिलो होस् । धार्मिकक्षेत्र वरिपरि एकै प्रकारका यस्ता कुटी वा भवनहरु बनाइयो भने देवघाटमा सुनमा सुगन्ध हुनेछ । यस धार्मिकक्षेत्रमा प्रवेशद्वार (नारायणहिटी राजदरबार) देखि नै मार्गको दुवैतर्फको किनारमा धार्मिक वृक्षहरू पिपल, कपुर स्वामी, राजबृक्ष, फलफूल आदिका रोपिनु पर्दछ । यसो भएमा धार्मिक स्थल बढी आकर्षक बन्दछ ।

देवघाट रेशमखेतीको निम्ति निकै प्रसिद्ध छ । यहाँ रेशमखेती गरेर राष्ट्रिय आयस्रोत समेत बढाउन साथै स्थानीइ जनताको जनजीवनका माथि उठाउन सक्ने प्रवल सम्भावना छ किन्तु यसको लागि सरकार, स्थानीयवासी एवं सरोकारवाला सबैले एकजुट भएर काम गर्नु पर्ने आवश्यक देखिन्छ ।

देवघाटक्षेत्र विकास समितिलाई जनस्तरबाट त्यति सहयोग पुगिरहेको देखिँदैन भने सरकारीस्तरबाट पनि क्षेत्र विकासलाई बढाउने रकममा वर्षेनी कटौती भइरहेको देखिन्छ । स्थानीय जनसहभागिताको कमी त्यहाँ भएका महत्त्वपूर्ण तीनवटा आश्रम एवं त्यहाँका पीठाधीशहरूको देवघाट विकासमा सहयोगको अभाव देखिन्छ । यति हुँदाहुँदै पनि देवघाट क्षेत्र विकास समितिले ले देवघाटको सडक, वस्ती, टेलिफोन सुविधा, बाटोघाटो निर्माण, मन्दिरको जीर्णोद्धार, पुलपुलेसाको निर्माण, सिंढीमार्गको निर्माण, दियालो वंगला ( राजदरबार) अगाडि रहेको गेट देवघाटधाम (प्रवेशद्वार) निर्माण गरेको देखिन्छ ।

पुण्य प्राप्तिको निमित्त हिन्दुधर्मावलम्बीहरू देवघाटधाममा आउने गर्दछन् । अतः हाम्रो नेपालभित्र रहेको हाम्रो देवघाटको महत्त्वलाई बुझेर सम्बन्धित निकायले अझ यसमा बढी ध्यान दिनुपर्ने आवश्यक देखिन्छ । जसबाट हाम्रो धार्मिक सांस्कृतिक धरोहर देवघाटले अझ बढी फस्टाउने मौका पाउनेछ । यसको निमित्त विशेष ऐनका साथै समिति गठन गरी अविलम्ब कार्यान्वयन हुनु पर्दछ ।

यस क्षेत्रमा विभिन्न सम्प्रदायका साधुसन्त-महन्तहरू बस्ने गर्छन् । अहोरात्र भजनकीर्तनहरू हुने गर्दछ । कल्पवासीहरू बसेका छन् । संस्कृत विद्यापीठ लगायतका एक दर्जन जति विद्यालयहरू छन् । धेरै मठ-मन्दिर, पाटीपौवा र आश्रमहरू छन् । अनेकौं कुटीहरू र आधुनिक घरहरू छन् । महत्त्वपूर्ण मूर्तिहरू, मुकुन्देश्वर चक्रवर्तीशिला, सीतागुफा, राम अश्वमेध यज्ञशाला, वागीश्वरी पुरातात्विक क्षेत्र, मणिमुकुन्देश्वर तिनको प्राचीनदरबार क्षेत्र, स्नानघाटहरू, स्मशान घाट लगायतका स्थानहरू यहाँ रहेका छन् । यी सबैले देवघाटको महत्त्व र महिमालाई आशातीत तुल्याउँदै अगाडि बढाएका छन् । यिनीहरूको यथोचित संरक्षण तथा सम्वर्द्धन हुनका लागि पहिलो सर्त शिक्षा र जनचेतना हो ।

देवघाटक्षेत्रको यति ठूलो महत्त्व र महिमा हुँदाहुँदै पनि यस क्षेत्रको आधुनिक विकास र समृद्धिमा अझै धेरै समस्याहरू चुनौतिको रूपमा खडा भएका देखिन्छन् । यी समस्याहरू प्रायः सबै नै मानवीय समस्याहरू हुन् । कतिपय समस्या सरकारी पक्षबाट उचित ध्यान पुऱ्याउन नसक्दा भएका छन् । जस्तो गुरुयोजना तैयार भएर पनि कार्यान्वयनका लागि र अन्य व्यवस्थापनका निम्ति ऐन कानुनको अभाव रहेको छ । दोस्रो तीन जिल्लाको बीचमा परे पनि जिल्ला विकासहरूले यसप्रति आवश्यक ध्यान पुऱ्याइ बजेट निकासाको उचीत व्यवस्था गर्न सकेका छैनन् । यस क्षेत्रमा अनेक पुरातात्विकस्थलहरू छन् । तिनको पहिचान गरी पुरातात्विक स्रोतहरुको समबर्द्धन गर्ने कार्यमा संस्कृति मन्त्रालय पुरातत्व विभागको ध्यान पुगेको छैन । अर्को पुरातात्विक ऐतिहासिकस्थल वागीश्वरीको जङ्गलभित्र विदेशी मेडिकल कलेजलाई कलेज बनाउन स्वीकृति दिइ सरकारले दूरदर्शिता देखाएको पाइदैन । यस स्थलबाट कलेजलाई हटाउन सर्वोच्चको उत्प्रेषणको आदेश भइसक्दा पनि स्थानीय प्रशासनले त्यसलाई हटाउन सकेको छैन । दुर्लभ पुरातात्विक वस्तुहरू हराउने तथा नष्ट हुने संभावना बढिरहेको छ ।

अर्कोतर्फ यस क्षेत्रमा तीनवटा ठूला आश्रमहरू (गलेश्वरबाबा, महेश र हरिहर सन्यास आश्रम) हरूको बीचमा यस क्षेत्रको संरक्षण र एकीकृत विकासलाई लिएर समन्वय गर्ने काम ओझेलमा पर्दै गएको छ । यस क्षेत्रमा ठूला-ठूला कङ्क्रीटका भवनहरू बन्दैछन्, जव कि यो क्षेत्र धार्मिक, पुरातात्विक, पर्यटकीयक्षेत्र भएकाले स-साना एकैनासका कुटीहरू बनाउँदा नै पुरातात्विक वस्तुहरू नष्ट पनि नहुने र यस क्षेत्रको धार्मिक गौरव पनि बढ्ने एवं पर्यटकीय आकर्षण पनि बढ्ने हुन्छ । तर यसो भएको देखिँदैन । बरु जग्गाहरू

अतिक्रमण गर्ने बाटाघाटाहरू मिच्ने, पाटीपौवा, चौतारा मिच्ने, जङ्गल अतिक्रमण गर्ने र र यस्तो पवित्र क्षेत्रमा होहल्ला गर्ने र दुव्यर्सन फैलाउने जस्ता कार्यहरू भइरहेका छन् । देवघाटक्षेत्रको महत्त्वलाई दर्शाउने खालका जनचेतना फिँजाउने कार्यहरू पनि भएका छैनन् । यहाँसम्म कि कतिपय भवनहरू वेवारिसे रहेका छन् । खोलाबाट गिट्टी बालुवा झिक्ने काम पनि भएकै छन् । देवघाटक्षेत्र विकास समितिले समन्वय गरेर काम गर्ने परम्परा पनि बसालेको देखिदैन। पर्यटकलाई आकर्षण गर्ने कुराहरू ध्यान दिइएको छैन । अहिलेसम्म त्यहाँ एउटा सूचना बोड पनि छैन । समग्रमा भन्नुपर्दा हाम्रो सम्पदा, हाम्रो गौरव, हाम्रो पहिचान हो भन्ने भावनाको समुचित विकास हुन नसक्दा देवघाटको समग्र विकास ओझेलमा परेको छ ।

**सुझावहरु (Recommendations)**

देवघाटक्षेत्रको समुचित विकासका सामु प्रशस्त व्यवधानहरू रहेका छन् । यी व्यवधानहरूलाई हटाउन यी तमाम समस्याहरूको निराकरण गर्नका लागि केही सुझावहरु यहाँ प्रस्तुत गरिएको छ ।

- सरकारी ऐनकानुनको निर्माण,
- पुरातात्विक क्षेत्रको पहिचान र पुरातात्विक वस्तुहरु उत्खनन्
- वागीश्वरी पुरातात्विकक्षेत्रबाट विदेशी मेडिकल कलेजलाई यथाशीघ्र हटाउने पहलकदमी,
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाहरू खोजी, संरक्षण र सम्बर्द्धन गर्नुपर्ने
- चितवन र तनहुँ जोड्ने देवघाट र नवलपरासी जोड्ने पक्कीपुल निर्माण गर्नुपर्ने,
- धार्मिकक्षेत्र र बसोवास क्षेत्र छुट्याउनु पर्ने, गुरुयोजनाको मापदण्ड अनुसार भवन, मन्दिर, सडक, वगैंचा, घाट आदि निर्माण हुनुपर्ने,
- पर्यटकको सुविधाको निम्ति स्तरीय होटल लजको केही टाढा व्यवस्था गर्नुपर्ने,
- देवघाटक्षेत्रलाई मासु, मदिरा र धुम्रपान निषेधित क्षेत्र बनाउनुपर्ने,

- यो क्षेत्र पहिलो आदिप्रयाग भएकोले प्रयागराज तीर्थ जस्तै ६ वर्षमा अर्द्धकुम्भमेला र १२ वर्षमा पूर्णकुम्भमेलाको सुरुवात जुन योगी नरहरिनाथ लगायत सन्तहरूबाट थालनी भयो, त्यसलाई पनि व्यवस्थित रूपबाट अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउनको निम्ति घाट, पुल, सन्तमहन्त, तीर्थयात्रीहरू बस्ने धर्मशाला, अन्नक्षेत्र आदि ठाउँको व्यवस्था गर्नु पर्ने ।

४. सरकार, धार्मिक संस्थाहरू र आश्रमहरू, जिल्ला विकास समितिहरू, कल्पवासीहरू र जनसमुदायबीच सद्भाव र कार्य समन्वयको थालनी गर्ने ।

५. यस क्षेत्रलाई पर्यटकीय क्षेत्र बनाउनु पर्नेमा पहलकदमी गर्नुपर्ने ।

६. व्यवस्थित स्मशानघाट निर्माण गर्ने ।

७. गुरुयोजनाको कार्यान्वयन अन्तर्गत क्षेत्र निर्धारण गरिएको ठाउँलाई सीमाङ्कन गरिनु पर्ने,

८. फूलहरू र अनेक धार्मिक वोटविरुवासमेत लहरा लहरामा बनाई रोपने गरी चिटिक्क परेका सुन्दर, शोभनीय, आकर्षक र लोभलाग्दो देवघाटस्थलको निर्माण गर्ने ।

- व्यवस्थित बसोवास, परम्परागत र संस्कृति झल्काउने घरवास,
- जनचेतना र तालीम, सफासुग्घर, धार्मिक वाटिका विस्तार, आदिवासीको उत्थानसम्बन्धी कार्य, यातायातको सुविधाका साथै नदी किनारलाई सुन्दर पार्कका रूपमा विकास गर्ने ।

देवघाटक्षेत्र र महत्व व्यापक छ र यसको यो महत्ता भविष्यमा पनि रहिरहने छ । यस क्षेत्रको यो गौरवशाली महत्वलाई कायम राख्न अनेक अध्ययन, अनुसन्धान, उत्खनन् एवं शोधखोजको कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने देखिन्छ । मुख्य गरी यस क्षेत्रमा रहेका पुरातात्विक महत्त्वका स्थलहरू (मौलाकालिका, वागीश्वरी र चक्रवर्ती मन्दिर र त्यस वरिपरिको क्षेत्र भग्नावशेष, देवघाटक्षेत्रभित्रका गढी र क्षेत्रदेखि केही परका गढीहरूको अध्ययन अनुसन्धान गरिनु जरुरी छ । यसो गरिएमा यहाँबाट देवघाटको महिमालाई बढाउने महत्त्वपूर्ण ऐतिहासिक पुरातात्विक सामग्रीहरू प्राप्त हुन सक्नेछन् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

# परिशिष्टहरु

# परिशिष्ट - १

## त्रिविक्रमसेनले कविलासमा बसेर इटालियन पादरीलाई लेखेको पत्र

## पत्रको विवरण

श्री : रुपनारायणेन्यादि विविध विरुदावली मनोन्नत श्री श्री श्री महाराजधिराज श्री श्री श्रीमान् त्रीविक्रमसेन देवानाम् सदा समरविजयिनाम्

आजे पुरेकोटमध्ये रामकृष्ण धौलाडिक हौथ षेत वाधा दिहल : षिजधौत टिक षयल षेत सिमल्या १ मुरी माधौ महक षयेक गावल धड्यारि १ तीलसय सतसठ्ठी रुपैया ३६७ मा दिहललगाडिहि आपन वदि अम्बल करहु षाहु लिनादिना महिन्द्रमलि जब रुपैया देव तबतब वाधा छुटै

इति सम्बत १८०० साल वैषा सु १० रोजमा सविलास शुभम्

स्रोत : महेशराज पन्तद्वारा पूर्णिमा, पूर्णाङ्क ५२ को पृष्ठ ४७-४८ मा प्रकाशित

स्रोतः- महेशराज पन्त, पूर्णिमा पूर्णाङ्क ५२ पृ. ४७-४८ ।

# परिशिष्ट - २

## त्रिविक्रमसेनले देवघाटमा बसेर पादरी क्राङकुन्ललाई लेखेको पत्र
## पत्रको विवरण

स्वस्ति श्री श्री श्री वनिदूत वडासाहेव राजगुरु लि ॥

स्वस्ति ॥ श्रीस्चरणस्मरणपूर्वक श्री श्री श्रीमत् त्रिविक्रमसेनदेवानां सदासमर विजययिनां इत सलापूर्वक पत्रमिंदइहा कुलश छौं ताहा कुशल चाहिये इहाको समाचार निकोछ पादरी त्राङ्कुल्लसरदारको हामिसित मुलाकाद भेट भयो हामीले दुई पादरी यहा बस्न कहि विंति गरिञु र यहा यहामी राजा प्रजा सबै षुसि भञु इहा विंति गर्दा पादरि क्रंकुल्ल जिउले इहा त जो आएका छौं सो त ठगना ठगना वस्याका छन् उहाँ वडासाहेव वडागुरुतेउ विंति गरी पठाव भन्या आफुकहि लेख्याको छ जसो गरीकहि सर्वत्र धर्म चलायको छ तसै गरी इहा ( बक्स्या) र षुसिभञु इजासो पठावनुहोलाआवनु सो खुसिमाहां रहनन् जो पादरिजिउ इहा आवजन तनको ज्ञानबुद्धि साच मानौला तिनले भन्याको कुरो मिधया हवैल विशेष अर्थ क्राङ्कुल्ला लिखाले मालुम होला मिति ॥ माघ सुदि १४ रोज मुकाम (देव) घाट ॥ शुभं ॥ (१८१०)

**स्रोतः**- ईश्वर बराल, सयपत्री वर्ष अङ्क २०४६ पृष्ट ३४ ।

# परिशिष्ट – ३

## राजा त्रिविक्रम सेनले पादरी त्राङकुल्ललाई देवघाटमा बसी लेखेको पत्र

स्वस्ति श्री श्री श्री वनिदत्त वडासाहेव राजगुरु लि ॥

स्वस्ति ॥ श्रीस्चरणस्मरणपूर्वक रुपनारायणेत्यादि विविधविरुदावलिविरा-जमानमानोन्नतश्री मन्महाराजाधिराज श्री श्री श्रीमत् त्रिविक्रमसेनदेवानां सदासमर विजययिनां इत सलामपूर्वक पत्रमिंदइहा कुलश छौं ताहा कुशल चाहिये इहाको समाचार निकोछ पादरी त्राङ्कुल्लसरदारको हामिसित मुलाकाद भेट भयो हामीले दुई पादरी यहा वस्न कहि विंति गरीत्रु र यहा यहामी राजा-प्रजा सबै षुसि भत्रु इहा विंति गर्दा पादरि ऋंकुल्ल जिउले इहा त जो आएका छौं सो त ठगना ठगना वस्याका छन् उहाँ वडासाहेव वडागुरुतेउ विंति गरी पठाव भन्या आफुकहि लेख्याको छ जसो गरीकहि सर्वत्र धर्म चलायाको छ तसै गरी इहा (बक्स्या) र षुसिभत्रु इहाजो पठावनुहोला आवनु सो खुसिमाहां रहनन् जो पादरिजिउ इहा आवनन तनको ज्ञानबुद्धि साच मानौला तिनले भन्याको कुरो मिथ्या हवैल विशेष अर्थ क्राङ्कुल्ला पादरिजिउका लिखाले मालुम होला मिति ॥ माघ सुदि १४ रोज मुकाम (देव) घाट ॥ शुभं ॥ (१८१०)

***स्रोतः*** ईश्वर बरालद्वारा सयपत्री २०४६ को पृष्ठ ३३, ३४ मा प्रकाशित ।

# परिशिष्ट - ४

## देवघाटको बाटो सन्दर्भ

मामाज्यू पनि नीलकंण्ठ पशुपतिको दर्शनलाई देउघाटको बाटो गरी जानुभयाको रहेछ, निलंकण्ठ पशुपतिको दर्शन भयापछि श्री गोरषनाथको दर्शनलाई गोर्षामा आउनुभयो र दर्शन भयापछि मसित भेटभयो र मैले भन्या मामाज्यू मकुवानपुर पनि पुगि आत्रा, नेपाल पनि देषि आत्रा, हान्नाको मनुसुवा पनि राषि आत्रा, कति कुराले मेरो काज फत्ये होला, अर्ति बक्सनुभया हुँदो हो भनि मैले भन्दा मलाई पनि पञ्चरात्रीमा द्रिष्टा भयो. हामीले देष्ता पाचपाण्डुवाको अवतारभया जस्तो लाग्दछ । कुरुक्षत्रको मैला नभै नेपाल फुट्नेछैन, लमजुन् भन्याको गरुड हो, गोर्षा भन्याको सरप हो, नेपालभ न्याको भ्यागुतो हो, अघी गरुडको आषा छल्नु तब सर्पले भ्यागुतो षान पाउछ, मेरा साथमा चरा जातका सिपाहि छन्, इन्मा कस्को सवार गऱ्या चाडो काज फत्य होला भनि सोद्धा के के जात छन् भनि सोधनुभयो र बाहुन् षस् मगर ठकुरि इनमा कस्को सवार गऱ्या चाडो काज फत्य होला भनि सोद्धछा बाहुनको सवार भन्याको बयेल हो, पातक लाग्छ, ठकुरिको सवार भन्याको सिंघि हो, पछाडि दगाा हुन्छ, मग्रको सवार भन्याको टागन् घोडा हो. ढिलो हुन्छ, षसको सवार भन्याको टागन् घोडा हो. ढिलो हुन्छ, मग्रको सवार भन्याको टागन् घोडा हो. ढिलो हुन्छ. षसको सवारभ न्याको ताजि तुर्कि घोडा हो. षसको सवार ऱ्या चाडो होला भन्या जस्तो लाग्छ भनि अरु धेरै कुारको अर्ति दि जानुभयोथ्यो, उनै अर्ति लिआ.

***स्रोतः*** प्रा. दिनेशराज पन्त, 'दिव्योपदेश' प्रका. काठमाडौंः सूचना विभाग, प्रथम सं. २०५९, पृष्ठ (१०-१३)

# परिशिष्ट – ५

## पृथ्वीनारायण शाहका समकालीन साहित्यकारबाट देवघाटको सन्दर्भमा लेखिएको कविता

गोरखाका राजा पृथ्वीनारायण शाह देवघाट गएका बखत सुवानन्ददासले यो कविता बनाएमा थिए । विषयः कविता

लेखकः सुवानन्द दास

"देवघाट जाई राजे माघ मंसवार है,
नेपालको सिन्की लुटी, मगरातको धीले भुटी
पालपाको ल्याउ हिङ् जिरो, सिङ्को ल्याउ पीरो
तनहूँको भातसित भीरकोटको दालसित,
कञ्चन कचौरा भरि, सुवर्णका थलिया भरी,
अष्टतल चौकी बसी गंगाजल झारी भरी,
पुख मुहुडा गरी महाराजको न्यूनार बनाव है"

***स्रोत :*** दयाराम श्रेष्ठ 'संभव', *वीरकालीन कविता,* (काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३४) पृ. २७ ।

# परिशिष्ट - ६

## वि.सं. १८५१ सालमा चितवनका त्रिसाला पट्टा

आगे विरुधोज षवासके. तप्पा चितवन. वेलवन. ठमजौट, गैट बाउ चौराहा पश्चिम, डाडीघाटका फेदि सुनासुरी कविलासपु, जोगीमारा, उप्रदांग दाहागौडाको तरहट्टी परेवाकोट कालाजापात स्मेत, गईघाट देउघाटको जगात् कोटाका वितलत्या, ले चितवनको बाटो, गरी अघिदेखि दियाको दिनु. ब्रम्ललोतर फकिराना गाउँ कल्यानधन, सये रुपैयादेखि बढताको अपुताली यती पाच रकमवाहेक यती साँध भित्रको रैकर भित्रको जागीर, मोहरिया छाप वस्ती वयेरनि जो छ अघिको मामुली नौकलम छत्तिस लगान समेत माल सायेर. घाट बयर साल उधाउनी घर हिहिरहि महसूल भूसहट. जलकर, वनकर, दड कुंड मोरो अपुताली र हतावहता. विवाहदानी, सगौडा, सिसारहाट मै दस्तुरात समेत बाग हातीका दातजो निस्क्यो तस्को आधा सम्वर १७५१ साल मिति आषाढ वदि १ देखि लगाइति सम्वत् १९५३ साल जेष्ठ सुदी १५ रोज तक त्रिसाला हजारा चुकाई बक्स्यौ. माल जाहात सायेर जहात, कुलह वुवात् बहमाजेहरा त्रिसाला जम्मा रुपैया १९५०३

**तपसिल**

| असामी | जम्मा रुपैया | मुहडा | मार्ग | माघ | वैशाष |
|---|---|---|---|---|---|
| सम्वत १९५१ साल | ६५०१ | १६२६ | १६२५ | १६२५ | १६२५ |
| सम्वत् १८५२ साल | ६५०१ | १६२६ | १६२५ | १६२५ | १६२५ |
| सम्वत् १८५२ साल | ६५०१ | १६२६ | १६२५ | १६२५ | १६२५ |
| **जम्मा :** | **१९५०३** | **४८७८** | **४८७५** | **४८७५** | **४८७५** |

षातिर्जमासंग सालवसाल किस्ता किस्ता बमोजिम रुपैया तोसा षाना दाषिल गर्न्या, कल्यानधन साये रुपैयादेखि बढताको अपुताली दर्वार ल्याउनु षाग हात्तीका दातजो मुलुकमा निस्वय तस्को आधा साल वसाल दर्वार दाषिल गर्नु साल बसालमामूली बाहिकका दुई सये रुपैयाको तेल काजी षजांची मार्फत् दर्वार दाखिल गर्नु तेलको रुपैया र गैडाका बच्चा पकर्न्यालाई इनाम रुपैया ३१ गैडाका बायालाई पुराक षानगी मोनासिफ औ सुम्मेश्वर कविलासपुर गैह्रकोट कोटको पुजा दसैमा लाग्याक रुपैया ५२/- औ बाघ मार्न्याके इनाम रुपैया ५ दिनु छाला दर्वार दाषिल गर्नु एती कलम इजारामा मोजरा बक्सौता इति सम्वत् १८५१ साल

**स्रोतः डा. देवीप्रसाद शर्मा बाट प्राप्त पत्र**

# परिशिष्ट – ७

## देवघाटमा पुजा आजा पर्व चलाउन राणा शासनकालमा देवघाटको नाथ सम्प्रदायका जोगीलाई प्राप्त भएको रोक्का



**(प्रतिष्ठान=प्यूठान खैरा शिवगोरक्षपूजक खेतनाथयोगीका पासमा निम्नाक्तित २ थान कागत प्राप्त)**
**मकवानी हिन्दुपति मुकुन्दसेनको कीर्ति देवघाटमा मुकुन्देश्वर**

श्री १		श्रीमुकुन्देश्वर १

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का–

आगे. लक्ष्मीनाथ. केसरनाथ जोगिके देउघाटका ········१········ को पर्व पर्वको पुजा चलाउनु. भनी. मनोहरनाथका. नाउमा लाल मोहोर गरि वक्सनु भयाको थियो. मनोहरनाथ जोगि पश्चिम तीर्थ गर्न भनी गयाको. फर्कि न आउदा ········१······ को पर्व पर्वको. पुजा चलन अडक्यो भनी तिमिहरुले श्री प्राइम मिनिष्ठर यान् कम्यांडर इन चिफ जनरल जंगवहादुर कुवर मार्फत वितिपार्दा अव उप्रान्त अघिदेषि चली आया वमोजिम् पर्व पर्वको पुजा चलाउनु भनि अघिको मोहर हानि वक्स्यौं आफ्ना पातिरजामासँग अघिदेषि चलि आया वमोजिम् पर्व पर्वको पुजा चलाई हाम्रो जय मनाई सेष रहयाको ली भोग्य गर. इति संवत् १९०४ साल मिति पौष शुदि १२ रोज २ शुभम् ····मार्फत जंगवहादुरकुवर मार्फत जयवहादुरकुवर

वितिपत्र		श्री मुकुन्देश्वर १

उप्रान्तकरुणानिधान् महाराज अघी ४ सालमा हाम्रा दाज्यू लक्ष्मीनाथ केसरनाथ जोगीका नाउमा देवघाट् का ········१········ का अघिदेषी चली आया वमोजिम् पर्व पर्वका पुजा चलाइ वाकी रहयाको सेष



भोग्य गर्नु भन्यावेहोराको लाल मोहर रुक्का भयाको छ अरु आम्दानी वंधान केही छैन श्रीफ माध्या संक्रांतीका मेलामा दुनीयादारले आफ्ना पुसीराजी सीत पुजा भेटी चढायाका आम्दानीले मात्र पर्वपर्वको पूजा र पर्व मा कुह्री पुजा गर्न्या जोगीलाइ यक छाक सीधा पनि पुग्दैन सर्कारका मेहेर भया ········१········ का वरिपरि का वेनी दोभान्का कठवना पैरवना वाहेक वैर वना ढडी काला वंजार फाडी वस्ती वसाइ फुलवारि वनाउनु सो जगाका आम्दानीले सर्कारको जय मनाइ पर्व पर्वका पूजा चलाउनु वाकी रहयाको सेष भोग्य गर्नु भन्या सनद गरी वक्या घर घरानावाट पर्च चलाइ सो काला वंजार फाडी जगा अवाद गुलजार गरि सो जगाका आम्दानीले ·····१····· का पुजा चलाइ सरकारको जय मनाइ हरिभजन गर्दा हु जो हुकुम्–

सदा भीछुक दिलवरनाथ पंचमनाथ जोगीको शुभासीष जैकार–

इति सम्वत १९३५ साल मीती श्रावण वदी रोज शुभम्–

( उत्तर मुक्तिनाथक्षेत्र, दक्षिण हरिहरक्षेत्र, पूर्व वाराहक्षेत्र, पश्चिम रुरुक्षेत्र, यति चतुस्सीमाभित्र राज्य गर्ने पालपाका मकवानी प्रथम मुकुन्दसेन राजाले योगेनान्ते तनुत्यजां भूभुजां सिद्धान्तले सप्त गण्डकी संगम देवघाटमा योगाभ्यास गरी मुकुन्देश्वर चक्रशीला शालग्रामको स्थापना गरी मन्दिर वनायेर मेला पर्व पूजा आदिको व्यवस्था गरे । तेसैको अनुपालन गोर्खाली राजा काजी जनताले गरी आयेका छन् )

**स्रोत :** योगी नरहरिनाथ (सं.) *इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह,* भाग १, २०२२, पृ. ६९०-६९१ ।

# परिशिष्ट – ८

## रामक्रतुस्तम्भ शिलापत्रको नमुना



# परिशिष्ट – ९

ॐ

**श्री सप्त-गण्डकी सरणम्,**
**देश नरेशको कल्याणकामनार्थ ॥**
**(विश्वशान्ति महायज्ञ) सन्दर्भमा तयार गरिएको पत्र**

आदरणीय सजन-वृन्द,

भारतवर्ष आर्याब्रत क्षेत्र सप्तगण्डकी संगम (देवघाट) को महिमा हिमवत्-खण्ड तथा पद्मपुराण आदिबाट अठार सालमा श्री सु. गजेन्द्रराज देवकोटाजीले आगनको तीर्थ नभुलौ भन्ने गो.प. प्रकाशबाट र श्री सु. विष्णुलाल श्रेष्ठजीबाट गण्डकी-महाम्य पुस्तक प्रकाश गर्नु भएकोले धेरै लेख हरू उक्त समयमा नै तपाईहरू समक्ष प्रस्तुत भएकै बाट विदित हुन गएको छ ।

यस्या भूमौ ऋषिकेशौ नियमेन समन्वित,
वर्ततेद्यापि तत्रैव मया सह नसम्सय ।
तीर्थाणां तीर्थराजोयं ब्रह्मणा भाषितं किल,
ईयवेंणी समापून्या पापीनां तु विशेषत ॥
दुर्लभाः गण्डकी तीर्थ विष्णुक्षेत्रं तु दुर्लभ,
जनना जननं नैव गण्डक्यां ममवेस्मनि ॥
देवघट्टे मृतायच जन्तव कालचोरिता,
चतुर्भूजा स्युकुण्ठे त्ये पीताम्वर धारिणः ॥
दृष्ट्वा जन्म सर्त पापं स्पृष्ट्वा जन्म सतो भवम्
स्नात्वा जन्म सतोत्पापं देवघट्टे विनश्यति ।
अतो हरिहर क्षेत्र स्नातव्य माघमाषके ॥
शालिग्राम शिलात्वयं पार्थीवांशम् नसंशय,

इत्यादि महात्म्यले परिपूर्ण देवघाट यस परंपावन् तीर्थ धाममा माघ-महिनाको महात्म्य अति दुर्लभ छ र चातुर्माष्य स्नानको र महादानको महिमा यज्ञ गरेका वर्दानले पार्कोट राजा मकुन्दसेनले प्राप्त खड्ग ली भारत सम्राट चक्रवर्ति बनी अन्त्यमा स्व खड्गलाई तनहु वन्दिपुरमा खड्गदेवी नामले स्थापित गरी स्वयं राजा देवघाट श्री मुकुन्देश्वर महादेव मन्दिरमा चक्रवर्ति शिला भइरहनुभएको दर्शनीय छ । कृष्णामा अस्ति क्षपण गर्नाले शालिग्राम हुन्छ भन्ने उपरोक्त प्रमाण प्रत्यक्ष छ । कलिको पाँच हजार वर्षवाद् भारतका भागिरथी, यमुना आदि स्वर्गारोहण भई केवल कृष्णामा महात्म्य रहेकोले 'क्षेत्राणां मुक्तिक्षत्रंच नदी सुच गण्डकी' भन्ने वाक्यलाई स्मरण गरी यस देवघाटमा ०१८ साल मागदेखिन् स्थापित भएको यो विश्वशान्ति महायज्ञ शालालाई श्री ५ महाराजाधिराज सरकारबाट नजर गरी बक्सी पक्की यज्ञशाला निर्माण गराई बक्सियो । यज्ञशालाको पूजाखर्च, गौशाला, र वैदिक कर्म गर्ने पण्डितहरूलाई चाहिने आवश्यकीय खर्च सरकारी गुठी छैन, केवल चितवन-निवासी जनता र देवघाट निर्माण समिति नारायणगढ पंचायतबाट येनकेन चलिरहेछ । श्री स्वर्गद्वारी प्रभुको याद यही मात्र वैदिक हवन यज्ञशाला नेपालमा छ । अतः यहाँ काठमाडौं बाट हेटौंडा, रक्सोलबाट उक्त हेटौंडा मोटर सर्भिसले देवघाट आउन सकिन्छ । उक्त महात्म्य परिपूर्ण धाममा पाल्नुभई रुद्रयज्ञ तथा अन्य काम्यक यज्ञहरूका साथै रुद्री, जप, हवनयज्ञ गराई गौशाला, यज्ञशालाको सुरक्षा-निमित्त यथासक्य धन-धान्य दान गर्न हुन सबै आर्यधर्मावलम्बीहरूमा प्रार्थना गर्दछु । आखिर

गतामाता गतापिता गतश्च प्रपितामहः
मातामहो मातुलश्य गमनं श्वँनिरीक्षयत् ।

भन्ने वाक्यलाई स्मर०ण गरी 'दाने विलम्बनोकार्य माकार्पन्यं प्रक्षम्बयत्' भने श्री महाराज राम चन्द्रको उक्तिलाई याद दिलाउँछु । अन्त्यमा काम दिने यस धाममा पाल्न हुन करबद्ध प्रार्थना गर्दछु ।

प्रार्थी :-

पण्डित पद्मलाल उपाध्याय
विश्वशान्ति महायज्ञाचार्य

दिनाङ्क :- २०२५/४/२४/५
ऋषितर्पणी पूर्णिमा, देवघाट
चितवन

*स्रोत : काठमाडौं निवासी भारद्वाज संस्कृति सम्वर्द्धन केन्द्रका अध्यक्ष श्री चैतन्यराज देवकोटाबाट २०६९ फागुनमा प्राप्त*

# परिशिष्ट – १०

## वि.सं. २०२० साल चैत्र ७ गते शुक्रबार नारायणी अञ्चलका तत्कालीन अञ्चलाधीश चन्द्रमान थकालीको अध्यक्षतामा उहाँकै निवासमा एक बैठक बसी १४ सदस्यीय देवघाट विकास समितिको गठन भएको थियो

अध्यक्ष- अञ्चलाधीश, श्री चन्द्रमान थकाली

सचिव- प्रधानपञ्च, श्री मदनमोहन जोशी

सदस्य- रा.प.स., श्री चीजकुमार श्रेष्ठ

सदस्य- दे.घा.पं., श्री अस्लामी मगर

सदस्य- दे.घा.पं., श्री श्यामकृष्ण प्रधान

सदस्य- दे.घा.पं., श्री सूर्यनारायण पिया

सदस्य- दे.घा.पं., श्री चितवन मालको हाकिम

सदस्य- दे.घा.पं., श्री दीनानाथ वैरागी देवघाट

सदस्य- श्री मैयादेवी श्रेष्ठ, नारायणगढ

सदस्य- श्री नरेश्वरानन्द शास्त्री, देवघाट

सदस्य- डिल्लीराम बाबा, देवघाट

सदस्य- श्री भू.पू. ना.सु., विष्णुलाल प्रधान

सदस्य- जिल्ला पंचायत अध्यक्ष श्री लालकुमार श्रेष्ठ, नारायणगढ

सदस्य- कल्याणपुर प्र. पञ्च, श्री चन्द्रध्वज खाँण, कल्याणपुर ।

***स्रोतः*** देववाणी,  वर्ष ३, २०५७

# परिशिष्ट – ११

## देवघाटको दृष्य अंकित हुलाक टिकट

### देवघाट (तनहुँ)



तनहुँ जिल्लाको देवघाट गा.वि.स.मा पर्ने देवघाटमा सप्त-गण्डकीको संगम भएको छ। यसलाई हरिहर क्षेत्र पनि भनिन्छ। देवघाट हिन्दू धर्मावलम्बीहरूको एक पवित्र तीर्थस्थल हो। माघे संक्रान्तिको दिन स्वर्गका देवी देवता आएर स्नान गर्ने घाट भएका कारणले नै यस स्थानको नाम देवघाट भएको भन्ने जनधारणा छ। देवघाटमा प्राणत्याग गरेमा स्वर्ग प्राप्ति हुन्छ र सम्पूर्ण पापनाश हुन्छ भन्ने हिमवत् खण्ड नेपाल माहात्म्यमा उल्लेख गरिएको पाइन्छ।

प्रस्तुत हुलाक टिकटमा देवघाटको दृश्य अंकित छ।

### DEVGHAT (TANAHUN)

Devghat, a holy shrine of Hindus, is a confluence of Sapta Gandaki. Devghat is situated in Devghat village of Tanahun district, Nepal, which is also known as Harihar Kshetra. It is believed that deities come to this place for a holy bath on Maghe Shankranti. Thus, Devghat was named after the bathing place of deities. The Himbatkhanda Nepal Mahatmya says one, who passes away in this pilgrimage, is admitted to the heaven and gets emancipated from all sins.

This postage stamp depicts a scene of Devghat.

***स्रोत :*** देवस्थल टिकटमाला-२०५० ।

# परिशिष्ट – १२

## गुरुयोजनाको नक्शा



# परिशिष्ट – १३

## देवघाटक्षेत्र विकास समितिको गठन

### (स्थापना देखि हालसम्मका अध्यक्ष तथा कार्यकारी निर्देशकहरूको नामानवली)

| क्र.सं. | नाम थर | पद | कार्यावधि |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकान्त शर्मापौडेल (लकाश) | कार्यकारी निर्देशक (सदस्यसचिव) | २०५१-२०५२ |
| २. | श्री रामचन्द्र शर्मा पौडेल | अध्यक्ष | २०५१-०५३ |
| ३. | श्री भरत प्रसाद दवाडी | कार्यकारी निर्देशक ( सदस्यसचिव) | २०५३-२०५६ |
| ४. | स्व. विष्णु प्रसाद धिताल | अध्यक्ष | २०५५-५८-२०५७/५/७ |
| ५. | श्री ब्रह्मदत्त तिमिल्सिना | का.का. निर्देशक, सदस्यसचिव | २०५७ श्रावण २०६० असारसम्म |
| ६. | श्री देवेन्द्र प्रसाद उपाध्याय | अध्यक्ष | २०५७/६/५-२०५९ सम्म |
| ७. | श्री श्रीधर शर्मा ट्टराई | सदस्य सचिव | २०६१/२/२३-२०६३/३/२३ |
| ८. | श्री रामचन्द्र भट्टराई | अध्यक्ष | २०६०/०६/२९-२०६२/६/२८ |
| ९. | श्रीमती मैयादेवी काफ्ले (रिमाल) | अध्यक्ष | २०६२/२५-२०६३/१/२४ |
| १०. | डा. गुरुप्रसाद सुवेदी | अध्यक्ष | २०६३/०३/२३-२०६५/३/२२ |
| ११. | श्री शिवदत्त ढकाल | कार्यकारी निर्देशक | २०६३/३/२३-२०६५/११ |
| १२. | श्री बाबुराम शर्मा घिमिरे | अध्यक्ष | २०६५/१०/७-२०६६/४/२ |
| १३. | श्री लोकप्रसाद भुर्तेल | का.का.निर्देशक, सदस्यसचिव | २०६५/१२ - २०६६/४/ २ |
| १४. | श्री तिलक प्रसाद सापकोटा | अध्यक्ष | २०६६/४/२-२०६८/४/१ |
| १५. | श्री खचन्द्रदेव तिवारी | का.का. निर्देशक, सदस्यसचिव | २०६६/४/२-२०६७/३/३१ |
| १६. | श्री बलराम पौडेल | का.का. निर्देशक, सदस्यसचिव | २०६७/३/३१-२०६७/४/१ |
| १७. | श्री लोकप्रसाद भुर्तेल | का.का. निर्देशक, सदस्यसचिव | २०६८/४/२३-२०६९/११/२९ |
| १८. | श्री खिमलाल भण्डारी | अध्यक्ष | २०६८/६/२३ |
| १९. | श्री जलकृष्ण शर्मा सुवेदी | का.का. निर्देशक | २०६९/११/३० |

***स्रोत :*** देवघाटक्षेत्र विकास समिति, तनहुँ-२, कार्यालय ।

# परिशिष्ट - १४

## देवघाट क्षेत्रमा रहेका मठ-मन्दिरहरूको विवरण

**तनहुँतर्फ**

| क्र.सं. | मठ-मन्दिरहरूको नाम | ठेगाना | स्थापना मिति | संस्थापकको नाम | सञ्चालकको नाम |
|---|---|---|---|---|---|
| १. | श्री मणिमुकुन्देश्वर महादेव मन्दिर चक्रवर्ती आश्रम | देवघाट-२, तनहुँ | मन्दिरको ढोकामा रहेको वि.सं. १५८९ | पाल्पाका राजा मणिमुकुन्द सेन | सञ्चालक समिति |
| २. | श्री गलेश्वरबा आश्रम र ज्योतिर्लिङ्गेश्वर शिवालय (हरिहर) | देवघाट-२, | परापूर्व | गलेश्वरबाबा | गलेश्वर आश्रम ट्रष्ट |
| ३. | श्री पशुपतिनाथ मन्दिर (वेणी) | देवघाट-२, तनहुँ | २०३७ असोज २९ | सुश्री मैयादेवी श्रेष्ठ | सुश्री मैयादेवी श्रेष्ठ |
| ४. | महेशसन्यास आश्रम र विघ्नेश्वर शिवालय मन्दिर | देवघाट-२, तनहुँ | २०५० साल | श्री डा. स्वामी रामानन्द गिरि महाराज | सञ्चालक समिति (ट्रष्ट) |
| ५. | श्री राधाकृष्ण मन्दिर | देवघाट-२, तनहुँ | २०६० साल | पद्मादेवी भुर्तेल | पद्मादेवी भुर्तेल |
| ७. | श्री कालिका मन्दिर | देवघाट-२, तनहुँ, (नयाँवस्ती) | २०४१ | स्थानीयवासीहरूको सत्प्रयास | स्थानीयवासीहरूको सत्प्रयास |
| ६. | श्री हरिहरसन्यास आश्रम र हरिहर मन्दिर | देवघाट-२, तनहुँ | २०४५ साल वैशाख | श्री ब्रह्मलीन भूषाल स्वामी परमानन्द सरस्वती महाराज | विष्णु वल्लभ |
| ८. | श्री दुर्गा पाञ्चायन मन्दिर | देवघाट-२, तनहुँ | २०४३ पौष २८ | श्रीरामराम | समिति |
| ९. | श्री अघोर आश्रम | देवघाट-२, तनहुँ | २००२ साल | पगलाबाबा अघोरी | आश्रम समिति |
| १०. | श्री लक्ष्मीनारायण मन्दिर, डुँडे | देवघाट-२, तनहुँ | २०४२ साल | श्री बलराम वस्नेत | श्री बलराम बस्नेत |
| ११. | श्री बद्रीनारायण मन्दिर | देवघाट-२, तनहुँ | २०६२ वैशाख अ.तृ. | स्व. अर्जुन सिटौला | सुशीला सिटौला |
| १२. | श्री संकटमोचन हनुमान मन्दिर | देवघाट-२, तनहुँ | २०६० साल | श्री भगवद्दासी वैष्णवी | समिति |
| १३. | श्री सीताराम मन्दिर | देवघाट-२, तनहुँ | २०५३ आषाढ ३१ | स्व. बलरामदास (वैष्णव) | समिति |
| १४. | श्री सत्यनारायण मन्दिर | देवघाट-२, तनहुँ | २०६० साल | श्री नारायणचारी फलाहारी बाबा | समिति |
| १५. | श्री सत्यनारायण मन्दिर | देवघाट-२, तनहुँ चक्रवर्तीसँगै | २०४६ साल | सरस्वती अधिकारी (माता) | समिति |
| १६. | श्री केदारनाथ (शिव पाञ्चायत मन्दिर) | देवघाट-२, तनहुँ | २०४६ साल | स्व. लीलाधर ढकाल | श्रीमती ढकाल |
| १७. | श्री गंगा नारायणी मन्दिर | देवघाट-२, तनहुँ | २०५५ साल | तारानाथ ढुङ्गाना (धादिङ) | श्री नारायणाचारी |
| १८. | श्री अभयवेदान्त साधना कुटीर | देवघाट-२, तनहुँ | २०५९ सीता वि.पं. | स्वामी श्री कृष्णानन्द सरस्वती | सञ्चालक समिति |
| १९. | श्री गंगामाता मन्दिर | देवघाट-२, तनहुँ (वेणी) | २०५५ साल | गलेश्वरबाबा आश्रम ट्रष्ट | गलेश्वरबाबा आश्रम ट्रष्ट |
| २०. | श्री इन्दिरा सन्यास आश्रम | देवघाट-२, तनहुँ | २०४७ साल | श्री ईश्वरानन्द सरस्वती माताजी | सञ्चालक समिति |
| २१ | वराहलक्ष्मी (भूवराह) मन्दिर | देवपुर २, तनहुँ | २०४० साल | फलाहारी स्वामी नारायणाचारी | सञ्चालक समिति |
| २२. | सय्या विष्णु मन्दिर, ४ नं. वडा, रातमाटे डाँडा | रातमाटे डाँडा ४ | २०६० | फलाहारी नारायणाचारी | सञ्चालक समिति |

## चितवनतर्फ

| क्र.सं. | मठ–मन्दिरहरूको नाम | ठेगाना | स्थापना मिति | संस्थापकको नाम | वर्तमान सञ्चालक |
|---|---|---|---|---|---|
| १. | श्री वागीश्वरी मन्दिरस्थल (वागीश्वरी सिंहदेवी) | भ.न.पा. १, वागीश्वरी | अन्दाजी १५, १६ औँ शताब्दी | संस्थापक योगी नरहरिनाथ | सञ्चालक समिति |
| २. | योगी नरहरिनाथ आश्रम | भ.न.पा. १, वागेश्वरी | | योगी नरहरिनाथ | ,, |
| ३. | प्राचीन धार्मिकस्थल गणेशस्थान | भ.न.पा. ११, वसेनी | १५, १६ औं शताब्दी | वि.सं. २०१८ | संचालक समिति |
| ४. | श्री राम मन्दिर | देवघाटधाम, चितवन | २०२५ साल | ब्रह्मचारी डिल्लीराम बाबा | समिति |
| ५. | शरणागति आश्रम (श्री राधामाधव मन्दिर) | देवघाटधाम, चितवन | २०४८ साल | आचार्य खेमराज केशवशरण | सञ्चालक समिति |
| ६. | श्री लक्ष्मीनारायण मन्दिर | देवघाटधाम, चितवन | २०२४ साल | श्रीस्वामी जनार्दनाचार्य | समिति |
| ७. | श्रीराधासर्वेश्वरभजनाश्रम (मन्दिर) | देवघाटधाम, चितवन | २०४५ अ.तृ. | आचार्य श्री रुक्मिणी शरणदेव | आचार्य श्री रुक्मिणी शरणदेव |
| ८. | श्री अष्टादश पुराण मन्दिर | देवघाटधाम, चितवन | २०३५ साल | हरिशरण आमा | समिति |
| ९. | श्री राधाकृष्ण मन्दिर | देवघाटधाम, चितवन | २०३५ साल | आचार्य लक्ष्मीशरणदेव | लक्ष्मीशरण उपाध्याय |
| १०. | श्री शंकराचार्य मन्दिर | देवघाटधाम, चितवन | २०३८ साल | श्री स्वामी रामानन्द सरस्वती | स्वामी रामानन्द सरस्वती |
| ११. | श्री विश्वशान्ति महायज्ञशाला | देवघाटधाम, चितवन | २०१८ माघ १ गते | स्व. पं. पद्मलाल उपाध्याय | गोकर्ण सुवेदी |
| १२. | श्री शिव मन्दिर | भ.न.पा. १, देवघाटधाम, चितवन | २०२० साल | शम्भुलाल प्रधान (सुवेदी) | शम्भुलाल प्रधान |
| १३. | श्री संगमेश्वर पशुपति मन्दिर | देवघाटधाम, चितवन | २०५४ अ.तृ. | रञ्जनराज आचार्य | समिति |
| १४. | श्री संकल्पेश्वर हनुमान मन्दिर | देवघाटधाम, चितवन | २०४५ साल | बम बाबा | गलेश्वर आश्रम ट्रष्ट |
| १५. | श्री सप्तकन्या जलदेवी मन्दिर | भ.न.पा. २, तीनखोले | २०१४ | श्रीमती सेती गुरुङ | समिति |
| १६. | श्री गौरेश्वर पशुपतिनाथ मन्दिर | पोखरा बसपार्क, चितवन | २०४५ | सूर्यकुमार चिनीदेवी पिया | भरतलाल प्रधान |
| १७. | श्री दुर्गा भवानी मन्दिर | भ.न.पा. १, नारायणगढ | २०३० | हीरालाल प्रधान | |
| १८. | श्री हरिहर मन्दिर | भ.न.पा. १, नारायणगढ | | हीरालाल प्रधान | महेन्द्रलाल प्रधान |
| १९. | विश्वशान्ति महाअष्ट चैत्य वज्रकुटी गुम्बा | शिलन्यास २०५५, स्थापित २०५० | देवघाटधाम, चितवन १ | कर्म ज्ञानसागर लामा | |
| २०. | महाबौद्ध गुम्बा | भ.न.पा. ११, देवघाटधाम चितवन | २०५१ | सुवेदार टेकबहादुर गुरुङ | |
| २१ | चितवन विहार (बौद्ध गुम्बा) | चितवन, देवघाट ३ | २०२४ | आशारत्न शाक्य | |
| २२. | श्री जलविनायक गणेश स्थान | हात्तीगौंडा, रामनगर १ | २०३४ | श्री रामप्रसाद श्रेष्ठ र ध्रुवलाल श्रेष्ठ | |

**नवलपरासीतर्फ**

| क्र.सं. | मठ–मन्दिरहरूको नाम | ठेगाना | स्थापना मिति | संस्थापकको नाम | सञ्चालकको नाम |
|---|---|---|---|---|---|
| १. | श्री गोपेश्वर महादेव मन्दिर | गैडाकोट २, शिवालय मार्ग | २०२९ साल | श्री हरिप्रसाद सापकोटा | शिवालय सेवा समितिमा आबद्ध व्यक्तिहरू |
| २. | श्री राधा दामोदर सेवा समिति | गैडाकोट २ | २०३० मार्ग | स्व. शिवप्रसाद ढकाल | पशुपति घोरासाइनी |
| ३. | कोटेश्वर शिवालय (शिव मन्दिर) | झवर्दी गा.वि.स. ४ | २०३१ | श्री हरिप्रसाद घिमिरे भागवतानन्द सरस्वती भगतराज थापा | |
| ४. | श्री मौलाकालिका मन्दिर | गैडाकोट १, मौलाडाँडा | प्रारम्भ २०३२ | धार्मिक सेवा समिति | धार्मिक सेवा समिति मौलाकालिका मन्दिर |
| ५. | श्रीमद्रामानुज वेदविद्याश्रम तथा तिरुपतिबालाजी वैंकटेश मन्दिर | गैडाकोट १ | २०४० साल | स्वामी नारायणाचारी (होमनारायण शर्मा) | सञ्चालक समिति |
| ६. | श्री राधाकृष्ण मन्दिर (निम्वार्क दर्शन केन्द्र प्रतीक वृन्दावन) | गैडाकोट १, नवलपरासी | २०४०/११/१२ | स्व. तुलसीशरणदेव डि. कुलप्रसाद | आचार्य हरिशरणदेव |
| ७. | श्री अनुप मुक्तेश्वर महादेव | गैडाकोट १, नारायणी किनार | २०५३/२/२४ | नरेन्द्र रेग्मी र श्रीमती सुनिता रेग्मी | संस्थापक स्वयं |
| ८. | श्री शुकदेव भागवत् आश्रम | गैडाकोट १ | २०५४ | त्रिदण्डी जियर स्वामीजी | टीकाराम कँडेल, आचार्य चक्रपाणि |
| ९. | श्री सिद्धि विनायक गणेश मन्दिर | गैडाकोट १, बाघखोर | २०५५/४/१६ | स्व. नरबहादुर कार्की तथा परिवार | धार्मिक सेवा समिति मौलाकालिका मन्दिर |
| १०. | श्री लक्ष्मीनृसिंह दिव्यधाम | गैडाकोट १ | २०५६ | सन्त नारायणाचारी | सञ्चालक समिति |
| ११. | श्री सीताराम सप्तर्षि कँडेल कुलदेवता मन्दिर | गैडाकोट १, गंगानगर | २०५६/९/१० | टंकनाथ कँडेल | घनश्याम कँडेल |
| १२. | प्र. गीताभवन गण्डकी बहुमुखी विकास परिषद् नेपाल | गैडाकोट १ | २०५८/१०/५ | हरिकृष्ण शास्त्री | हरिकृष्ण शास्त्री |
| १३. | श्री लक्ष्मीनारायण मन्दिर | गैडाकोट १, श्रीनगर | २०६० साल | श्रीनगर सामुदायिक विकास समाज | श्रीनगर सामुदायिक विकास समाज |
| १४. | श्री नारायणी नवदुर्गा भवानी सेवा समिति | गैडाकोट २ पुल्चोक | २०६३/८/१५ | | समिति स्वयं |

***स्रोत*** **:** स्थलगत अध्ययन ।

# परिशिष्ट – १५

## अनुसन्धानको क्रममा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली

अध्ययनका निमित्त सूचना संकलन गर्ने क्रममा अन्तर्वार्ताका लागि सोधिएका व्यक्तिहरूको नामावली ।

| नाम | पद | संस्था |
|---|---|---|
| १. डा. स्वामी रामानन्द गिरि | पीठाधीश | महेश सन्यास आश्रम, देवघाटधाम, तनहुँ |
| २. स्वामी आत्मानन्द गिरि | पीठाधीश | गलेश्वर आश्रम, देवघाटधाम, तनहुँ |
| ३. स्वामी ज्ञानानन्द सरस्वती | पीठाधीश | हरिहर सन्यास आश्रम, देवघाटधाम, तनहुँ |
| ४. ज्ञानेन्द्र विक्रम महत | सल्लाहकार | मौलाकालिका मन्दिर, नवलपरासी |
| ५. जीवा लामिछाने | सल्लाहकार | एन.आर.एन. देवघाट वृद्धाश्रम, चितवन |
| ६. सुश्री मैयादेवी श्रेष्ठ | संरक्षक | ॐ मैयादेवी शान्ति ट्रष्ट, देवघाटधाम, तनहुँ |
| ७. सुश्री तारा घिमिरे | संरक्षक | प्राणनाथ अनाथ सेवा आश्रम, देवघाटधाम, तनहुँ |
| ८. लक्ष्मीकान्त शर्मा | पूर्व कार्यकारी निर्देशक | देवघाट क्षेत्र विकास समिति |
| ९. आचार्य खेमराज केशवशरण | पीठाधीश | राधा-माधव मन्दिर, देवघाटधाम, चितवन |
| १०. भरतप्रसाद दवाडी | पूर्व कार्यकारी निर्देशक | देवघाट क्षेत्र विकास समिति, देवघाटधाम, चितवन |
| ११. रामनाथ मिश्र | पूर्व प्रधानपञ्च | देवघाटधाम, तनहुँ |
| १२. टंकनाथ पौडेल | सल्लाहकार | ॐ मैयादेवी शान्ति ट्रष्ट, देवघाटधाम, तनहुँ |
| १३. गुरुप्रसाद सुवेदी | प्राचार्य | महेश संस्कृत गुरुकुल देवघाटधाम, तनहुँ |
| १४. शान्तप्रसाद पोखरेल | अध्यक्ष | वागीश्वरी आध्यात्मिक परिषद्, योगी नरहरिनाथ आश्रम, चितवन |
| १५. नन्दु बोटे | स्थानीय बासिन्दा | देवघाटधाम, तनहुँ |
| १६. महेश्वरलाल श्रेष्ठ | समाजसेवी | नारायणगढ निवासी |
| १७. दानबहादुर श्रेष्ठ | व्यापारी | नारायणगढ निवासी |
| १८. श्रीधराचार्य | पीठाधीश | लक्ष्मीनारायण मन्दिर, (चितवन) |
| १९. ढकराज कोइराला | सचिव | समाज कल्याण केन्द्र बृद्धाश्रम, तनहुँ, देवघाट |
| २०. खेमराज भण्डारी | अध्यक्ष | दे.क्षे.वि.स., तनहुँ |
| २१. पद्मावती घिमिरे | वर्तमान संरक्षिका | लक्ष्मीनृसिंह दिव्यधाम, नवलपरासी |
| २२. विष्णु प्रसाद घिमिरे | सह-प्राध्यापक | कृष्णपुर चितवन |
| २३.आचार्य हरिशरण उपाध्याय | प्राध्यापक | राधाकृष्ण मन्दिर (निम्वार्क दर्शन केन्द्र प्रतीक, वृन्दावन), नवलपरासी |

# परिशिष्ट – १६

## नमूना प्रश्नावली

**विद्यावारिधि शोध-प्रबन्धको अध्ययनका लागि सूचना संकलनको निमित्त अन्तर्वार्ताका लागि तयार गरिएको नमुना प्रश्नहरूः-**

१) देवघाटधामको ऐतिहासिक धार्मिक महत्व के रहेको छ ?

२) देवघाटमा सन्तमहन्तहरूको आगमन कहिलेबाट हुन थाल्यो ?

३) सबैभन्दा पहिलो देवघाटमा आएर बस्ने सन्त को थिए ?

४) गलेश्वरबाबा, अगोरीबाबा डिल्लीरामबाबा, योगी नरहरिनाथ र स्वामी परमानन्द सरस्वती जस्ता व्यक्तिहरूले देवघाटको विकासमा के-कस्तो योगदान पुऱ्याउनु भएको छ ?

५) देवघाटको सबैभन्दा पुरानो मन्दिर कुन हो ? यो कसले निर्माण गराएको हो ?

६) देवघाटको सबैभन्दा पुराना स्थानीय बासिन्दामा कुन जातिका थिए ?

७) देवघाटको आधुनिकीकरणमा योगदान पुऱ्याउने मुख्य व्यक्तित्व को-को थिए ?

८) देवघाटको ऐतिहासिक पुरातात्विक र सांस्कृतिक स्रोतहरू के-के हुन् ?

९) देवघाटमा कुन-कुन पर्वमा के कस्ता मेला लाग्छन् ?

१०) देवघाटमा माघेसंक्रान्ति पर्वको के महत्व छ ? यसको प्रारम्भ कहिलेदेखि भएको हो ?

११) देवघाटमा मनाइने माघेसंक्रातिको मेलामा व्यापार, स्नानमा पहिले र अहिलेमा के भिन्नता छ ?

१२) देवघाटको विकासमा स्थानीय समुदायको के-कस्तो सहभागिता रहेको छ ?

१३) देवघाटको विकासमा सरकारी, गैरसरकारी निकायहरूको भूमिका के छ ?

१४) देवघाटको प्रमुख धार्मिक, सांस्कृतिक, ऐतिहासिक गतिविधिहरू के-के हुन् ?

१५) देवघाटका विभिन्न सम्प्रदायहरू संरक्षण र सम्वर्द्धन गर्न के कस्ता कदमहरू उठाउनु पर्छ ?

१६) देवघाटको वातावरण संरक्षण र सरसफाइमा देवघाट क्षेत्र विकास समितिले के कस्ता कामहरू गरेको छ ?

१७) देवघाटक्षेत्रले सीमाङ्कन गरेको ५४३४ हेक्टर भूमिभित्र रहेका विभिन्न मठ, मन्दिर, गुफा लगायतका ऐतिहासिक, पुरातात्विक स्थलहरूको संरक्षण र सम्वर्द्धन गर्न देवघाट क्षेत्र विकास समितिले के कस्तो कदम चालेको छ ?

# फोटोसूची

**फोटो नं. १. देवघाटधामको बेनी**



**देवघाट स्थित त्रिशुली र कालीगण्डकीको दोभान, जुन चितवन, नवलपरासी र तनहूंको संगमस्थलमा पर्छ**

**फोटो नं २. वसिष्ठ गुफा**



**तनुहूं अन्तर्गत देवघाटको काली गण्डकीको पूर्वी किनाराको माथिल्लो पहाराको भागमा अवस्थित वसिष्ठ गुफामा रहेको बसिष्ठ ऋषिको मूर्ति र गुफा**

फोटो नं. ३. दुर्गा गुफा



**तनहूं अन्तर्गत देवघाट धाममा कालीगण्डकीको पूर्वी किनाराको पहाराको भागमा अवस्थित बसिष्ट गुफा र सीता गुफाको बीचमा अवस्थित दुर्गा गुफामा बाघमाथि चढेको दुर्गा भवानीको मूर्ती ।**

**फोटो नं. ४. सीता गुफा, देवघाटधाम, तनहुँ**



**तनहूं अन्तर्गत देवघाट धाममा कालीगण्डकीको पूर्वी किनाराको पहरामा अवस्थित ओडारको माथिल्लो दुष्य अवलोकन**

**फोटो नं. ५. देवघाटमा प्राप्त भएका पुराना मुद्रा**





**तनहूं अन्तर्गत देवघाट धामको मुकुन्देश्वर मन्दिर तर्फ जाने सिढिं मार्ग निर्माण काममा २०५३ सल मंसिर ५ गते प्राप्त मुद्राहरु**

**फोटो नं. ६. देवघाटमा प्राप्त भएका मुद्रा राखिएका पुराना करुवाहरु**



तनहूं अन्तर्गत देवघाटधाम मुकुन्देश्वर मन्दिर तर्फ जाने सिंढी मार्ग निर्माणको क्रममा जमिन खन्दा प्राप्त भएका करुवा आकारका भाडामा भेटिएका तामा भााडाहरु

**फोटो नं. ७. मुकुन्देश्वर महादेव मन्दिर**



**देवघाटधाम, तनहूंमा रहेको मध्यकालीन मानीने मुकुन्देश्वर महादेव मन्दिर**

फोटो नं. ८. चक्रशीला



तनहूं देवघाटधाम अन्तर्गत मुकुन्देश्वर महादेव मन्दिरभित्र रहेको पुरानो चक्रशीलता, मध्य कालिन समयदेखि अवस्थित ।

फोटो नं. ९. (मुकुन्द सेन ) प्रथम



**पाल्पाली राजा मणि मुकुन्दसेन प्रथम (१५७५-१६७०)**

फोटो नं. १०. ज्योर्तिलिङ्गेश्वर मन्दिर



**तनहूं देवघाट धामको गलेश्वर आश्रमको प्राङ्गण बेनीतर्फ जाने बाटोमा गलेश्वर आश्रम प्राङ्गण भित्र रहेको**

फोटो नं. ११. श्री हरिहर मन्दिर, देवघाटधाम, तनहुँ



**तनहूं देवघाटधाम अर्न्गात सप्तगण्डकी नदीको झोलुङ्गे पुल पार गरे पछि आउने उकालो सिढि कटेपछि गलेश्वर आश्रम तर्फ जानेबाटोमा पर्ने पहिलो ठूलो श्री हरिहर मन्दिर**

फोटो नं. १२. श्री नर्मदेश्वर विद्येश्वर शिव मन्दिर, देवघाटधाम, तनहुँ



**उकालो सिढी कटेपछि उत्तरतर्फ पर्ने महेश सन्यास आश्रम विद्यापीठ प्राङ्गणमा तनहा देवघाट धाम अन्तर्गत सप्तगण्डकी नदीयार गर्ने झोलुङ्गे पुल पार गरी अवस्थित**

फोटो नं. १३. श्री वदरीनारायण मन्दिर



तनहुं देवघाट धाम अन्तर्गत पूल देखि केहि पर दोभान बेनी देखि पूर्व पर्ने देवघाटधाम श्री बदरीनारायण मन्दिर

फोटो नं. १४. चर्तुबाहु नारायणको मूर्ति



तनहुं देवघाटधाम अन्तर्गत गलेश्वर आश्रमको प्राङ्गणको मा रहेको ज्योतिलिङ्गेश्वर मन्दिर भित्र राखिएको प्राचिन नारायणको मूर्ति

फोटो नं. १५. श्री लक्ष्मीनारायण मन्दिर



चितवन देवघाटधाम अन्तर्गत पर्ने सडक किनारको छेउ नारायणी नदिको तटमा पर्ने लक्ष्मी नारायण मन्दिर

फोटो नं. १६. श्री राम मन्दिर



चितवन देवघाट धाम अन्तर्गत पर्ने नदि तर्फ ओलन बाटोको छेउमा पर्ने श्री राम मन्दिर

फोटो नं. १७. श्री सप्तकन्या जलदेवी मन्दिर



देवघाट चित वनतर्फ पर्ने बसेनिस्थित राजमार्ग किनारादेखि वाराको तल खोज र नारायणी नदि देखि पूर्व किनारमा पर्ने श्री जलदेव मन्दिर

फोटो नं. १८. श्री वागीश्वरी मन्दिर



देवघाट चितवनमा पर्ने देवघाट झलुङ्गे पूल तर्फ तनहुं तल जाने सडक मार्गको दाया मार्गमा रहेको पूराना वागेश्वरी मन्दिर

फोटो नं. १९. श्री गणेशथान मन्दिर



चितवन देवघाटधाम बसेनी स्थित प्राचिन गणेश स्थान गणेश मन्दिर

फोटो नं. २०. बज्रकुटी बौद्धगुम्बा



चितवन देवघाटधाम अन्तर्गत देवघाट तनहुं जाने झलुङ्गे पूलको सडकछेउ अग्लो पडाही डाढामा रहेको गुम्बा

फोटो नं. २१. श्री वृषमूर्ति बसाहा साँढे



चितवन देवघाट स्थित देवघाट जाने सडक मार्गको दाया तर्फको किनारमा पर्ने वागेश्वरी स्थलमा बागेश्वरी मन्दिर बनाउने क्रममा प्राप्त, श्री बृष मूर्ति

फोटो नं. २२. श्री बागीश्वरी मन्दिरको गेटमा भएका सिंहसिहिनी



चितवन देवघाट स्थित देवघाट जाने सड मार्गको दाया तर्फको किनारामा वागेश्वरी स्थलमा वागेश्वरी मन्दिर बनाउने क्रममा उत्खनन् गर्दा प्राप्त मूर्तिहरु

फोटो नं. २३. श्री विश्वशान्ति महायज्ञशाला, देवघाटधाम, चितवन



चितवन देवघाटधाम अन्तर्गत पर्ने लक्ष्मीनारायण मन्दिरको पछाडी पट्टी रहेको पुरानो विश्वशान्ति महायज्ञ

फोटो नं. २४. श्री लक्ष्मीनृसिंह दिव्यधाम



नवलपरासी स्थित देवघाटधाममा पर्ने पूरानो बृटिसक्याम मार्ग दोस्रो बायापट्टि किनारमा र नारायणी नदी देखि दाया तर्फको सडक छेउदेखी किनारमा रहेको लक्ष्मीनसिंह दिव्यधाम

फोटो नं. २५. श्री लक्ष्मीहरि मन्दिर



नवलपरासी स्थीत देवघाटधाम अन्तर्गत ब्रिटिसक्याम जान सडक मार्गको वाया किनार र नारायणी बढिको दाया किनारको सडक छेउमा रहेको लक्ष्मीहरि मन्दिर भित्र राखिएको मूर्ति

फोटो नं. २६. श्री मौलाकालिका, गैंडाकोट, नवलपरासी




नवलपरासी अन्तर्गत देवघाटधाम गैंडाकोट स्थित माथि डाँडामा रहेको मौलाकालिका मन्दिर

फोटो नं. २७. गलेश्वरबाबा (ईश्वरानन्द)



तनहुं स्थित देवघाटधामको बेनिमा बसी ब्रह्मचारी लामो समयसम्म साधना गरेको गलेश्वर अश्रिम प्रथम पिठाधिस् सिद्ध पुरुष गलेश्वर बाबा

फोटो नं. २८. अघोरी पगलाबाबा



**तनहुं स्थित देवघाट धामको बेनि तर्फ ओर्लिने दायां किनारको तथा कालीगण्डकीको पूर्वि तटको पछाडी कन्दारामा आश्रम बनाई साधना गरेका पुरुष अघोरी पगलाबाबा**

फोटो नं. २९. योगी नरहरिनाथ



**चित्रवन स्थित देवघाटधामको बागेश्वरी क्षेत्रमा पिपलको रुखमूनी गोलाकारको पिपल कुटी बनाई साधना गरेको व्यक्ति योगी नरहरिनाथ**

फोटो नं. ३०. डिल्लीराम बाबा



चितवन स्थित देवघाटको सडक छेउ पर्ने सिताराम मन्दिरको प्रथम संस्थापक एवंम नारायणी नदी किनारमा लामो समयसम्म साधना गरी बसेकी पूराना समाज सेवी डिल्ली राम बाबा

मोटो नं. ३१.  महेन्द्र वीर विक्रम शाहदेव



देवघाट धामको विकासमा चासो राख्ने तत्कालिन राजा श्री ५ महेन्द्र

फोटो नं. ३२.  जनार्दनाचार्य



**चितवन स्थित देवघाट धामको त्रिशुली नदी छेउमा बसी लामो समयसम्म साधना गरी बसेको लक्ष्मी नारायण मन्दिरका संस्थापक जनार्दनाचार्य**

फोटो नं. ३३.  परमानन्द सरस्वती



तनहुं स्थित देवघाट धाममा पर्ने हरिहर सन्यास आश्रमका पिठाधिस एवम् लामोसमयदेखि देवघाट स्थित बेनीमा साधना गरी बसेका परमानन्द सरस्वती

फोटो नं. ३४.  एनआरएन वृद्धाश्रम



चितवन स्थित देवघाट धाम सडकछेउ माथिल्लो भागमा पर्ने गैह्र आवासीय नेपालीहरुद्वारा निर्माण गरिएको एन आरएन बृद्धाश्रम

# सन्दर्भ सामग्री


**अप्रकाशित (शोधपत्र तथा अध्ययन प्रतिवेदन)**

तिम्सिना, नारायणप्रसाद, "धार्मिक महत्त्वको स्थल : देवघाटको अध्ययन, (अप्रकाशित भिलेज प्रोफाइल), कीर्तिपुरः राष्ट्रिय विकास सेवा, वि.सं.२०४९ ।

..., *देवघाटक्षेत्रको भौतिक विकास योजनाको प्रतिवेदन,* काठमाडौँ : देवघाटक्षेत्र विकास समिति, वि.सं २०५२/०५३ ।

देवघाट क्षेत्र विकास समिति, "देवघाटक्षेत्रको गुरु योजना" देवघाट क्षेत्र विकास समिति, वि.सं.२०५० चैत्र ।

पुरातत्व विभाग. देवघाटस्थित मणिमुकुन्देश्वर महादेव मन्दिर परिसरको अध्ययन-प्रतिवेदन, वि.सं.२०६७ ।

पोखरेल, लक्ष्मी, "धार्मिकस्थल देवघाटधामको एक ऐतिहासिक अध्ययन", शोधपत्र त्रि.वि. इतिहास विभाग कीर्तिपुर, वि.सं.२०५६ ।

भट्टराई हुमा, "सिचुएसन अफ इल्डर्ली पिपुल इन इल्डर्ली होम, अ केस स्टडी अफ देवघाट", शोधपत्र, त्रि.वि. शिक्षा संकाय, काठमाडौं, २०१२ ई. सन् ।

श्री ५ को सरकार, नेपाल राजपत्र खण्ड ३, काठमाडौँ : श्री ५ को सरकार, वि.सं.२०५० चैत्र ४ ।

सुवेदी, लक्ष्मण, "सोसियो इकोनोमिक कण्डीसन अफ बोटे पिपल" (अ केस स्टडी अफ देवघाट भि.डि.सि टु तनहुँ,) स्तानकोत्तर शोधपत्र, त्रि.वि. मानव तथा समाज शास्त्र विभाग कीर्तिपुर, २००० ई ।

**प्रकाशित पुस्तकहरु**

**नेपाली**

अधिकारी, टीकाराम (सम्पा.), *गण्डकीमाहात्म्यम्,* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं.२०५५ ।

अधिकारी, टीकाराम, *गण्डकीमाहात्म्यम्.* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं.२०५५ ।

अधिकारी, सूर्यमणि. "*पश्चिम नेपालको खस अधिराज्य.* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०५३ ।

..., *तनहुँराज्यको इतिहास,* चितवनः चन्द्रप्रभा प्रकाशन, वि.सं.२०५५ ।

अधिकारी, रेशमराज र घिमिरे, हरिहर. *नेपाली समाज र संस्कृति.* (छैठौँ सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, वि.सं.२०६३ ।

अमात्य, साफल्य, "*नेपालमा पुरातत्व.* ललितपुर : साझा प्रकाशन, वि.सं. २०६६ ।

कँडेल, देवी प्रसाद, *चितवनको इतिहास.* चितवन :श्रीमती लक्ष्मी कँडेल, वि.सं.२०६५ ।

काफ्ले, युवराज र ढकाल, मदन (सम्पा.), *योगी नरहरिनाथ : जीवन एक कर्म.* झापा : गोविन्द काफ्ले, वि.सं.२०५२ ।

खनाल, मोहनप्रसाद, *सेनराज्यको राजनैतिक इतिहास,* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०६१ ।

गिरि, स्वामी रामानन्द (अनु.), *श्रीमद्भागवतमहापुराण,* (पहिलोखण्ड), तनहुँ : महेश संस्कृत गुरुकुल, देवघाटधाम, वि.सं.२०६५ ।

गुरुङ, जगमान, *गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिकसम्पदा,* काठमाडौँः पश्चिमाञ्चल विकास मञ्च, वि.सं.२०६७ ।

..., *नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन.* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०६१ ।

घिमिरे, विष्णुप्रसाद, *पाल्पाराज्यको इतिहास,* भाग-१, चितवन : घिमिरे प्रकाशन, वि.सं.२०४५ ।

..., *पाल्पाराज्यको इतिहास,* भाग २, चितवन : चितवन अध्ययन केन्द्र, वि.सं.२०५६ ।

घिमिरे, सोमनाथ, *शालग्राम मीमांसा,* काठमाडौँः रघुनाथ घिमिरे, टंगाल, वि.सं.२०३४ ।

चालिसे, पुष्पराज, *नेपालको पुरानो इतिहास र सभ्यता,* काठमाडौँ : रत्न पुस्तक भण्डार, वि.सं.२०४८ ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र. *नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण.* काठमाडौँ : एसिया पब्लिकेशन्स, वि.सं. २०५६ ।

जिल्ला वन कार्यालय, *चितवनको गतिविधिः एक परिचय.* चितवन : वन कार्यालय, वि.सं.२०५४/५५ ।

जोशी, सत्यमोहन, *नेपाली चाडपर्व,* (दोस्रो संस्करण), काठमाडौँ : साझा प्रकाशन, वि.सं.२०६७ ।

तिम्सिना, नारायणप्रसाद, *अनन्तश्री ब्रह्मनिष्ठतपोमूर्ति १००८ गलेश्वरबाबा ईश्वरानन्द ब्रह्मचारी योगीन्द्र देवघट्टनिवासीको जीवन इतिवृत्त,* काठमाडौँ : देवघाट, वैदिक आध्यात्मिक सेवा परिषद्, वि.सं.२०५५ ।

..., *देवघाटक्षेत्रको सांस्कृतिक अध्ययन,* कीर्तिपुर : नेपाली र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०६४ ।

थापा, धर्मराज, *चितवन दर्पण,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०४८ ।

थापा, रमेशजंग (सम्पा.), “नेपाल देशको इतिहास.” *प्राचीननेपाल,* सङ्ख्या १४, काठमाडौँ : पुरातत्व विभाग, वि.सं.२०२७ ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद. *पुरातत्वको परिचय.* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स, वि.सं.२०६० ।

देवकोटा, पद्मलाल र श्रेष्ठ नेत्रकुमार, *संस्कृतिका ढाँचाहरू.* कीर्तिपुर : एकेडेमिक वुक सेन्टर, वि.सं.२०६४ ।

नेपाल, नलराज ‘शास्त्री’, *देवघाटतीर्थ माहात्म्य.* तनहुँ : मणि मुकुन्देश्वर चक्रवर्ती आश्रम, वि.सं.२०६५ ।

पण्डित, नारायण (सम्पा.), *हितोपदेश.* (काशी : पण्डित पुस्तकालय, वि.सं.२०२७ ।

पाण्डेय, फणीन्द्रप्रसाद, *संस्कृत नेपाली बृहत् शब्दकोश.* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं.२०५७ ।

पाण्डेय, रामनिवास र दिनेशचन्द्र रेग्मी, *नेपालको पौराणिक इतिहास.* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०५४ ।

पोखरेल, चिरञ्जीवी, *कर्तव्य प्रकाश.* काठमाडौँ : रत्न पुस्तक भण्डार, वि.सं.।

पोखरेल, बालकृष्ण र अरू. *नेपाली बृहत् शब्दकोश.* (दो.सं.), काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान वि.सं.२०५२ ।

..., *नेपाली बृहत् शब्दकोश,* (छैठौँ सं.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०६३ ।

पौडेल, पद्मचन्द्र. *भौतिक भूगोल र व्यावहारिक भूआकृति एवं जलवायु विज्ञान.* काठमाडौँ : रत्न पुस्तक भण्डार, वि.सं.२०६६ ।

पौडेल, लोकराज, *आकाश दर्शन पञ्चाङ्ग.* वर्ष ११, काठमाडौँ : लोकराज पौडेल, पूर्वीय दर्शन विद्यापीठ, वि.सं.२०६८ ।

प्रधान, केदारनाथ, *नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास,* काठमाडौँ : पसिना प्रकाशन, वि.सं.२०५४ ।

भण्डारी, ढुण्डीराज, *नेपाल आलोचनात्मक इतिहास,* वाराणसी : बाबु माधवप्रसाद शर्मा, वि.सं.२०२७ ।

भण्डारी, ढुण्डीराज (सम्पा.), *नेपालको इतिहासका पाँच स्वर्णिम पृष्ठ.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०३९ ।

मिश्र, डिल्लीराम, *नेपाल अधिराज्यमा तनहुँ,* काठमाडौँः श्रीमती शर्मिला देवी, वि.सं. २०४५ ।

..., *नेपाल अधिराज्यमा तनहुँ.* (दो.सं.), काठमाडौँ : शर्मिला मिश्र, वि.सं. २०५७ ।

*मेचीदेखि महाकाली* भाग-३, काठमाडौँ : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१ ।

योगी नरहरि नाथ, *इतिहास प्रकाश.* अङ्क १, काठमाडौँ : इतिहास प्रकाश मण्डल, वि.सं.२०१२ ।

..., *गोरखा वंशावली,* काशी : योग प्रचारिणी सभा, गोरक्षटिल्ला, वि.सं. २०२१ ।

..., *हिमवत् खण्ड* (नेपाली अनुवाद) काशी : योग प्रचारिणी सभा, गोरक्ष टिल्ला, वि.सं. २०१३ ।

..., *हाम्रो देश दर्शन,* काष्ठमाण्डप : संकटा प्रेस, वि.सं. २०३२ ।

..., *आध्यात्मिक नेपाल एवं देवदेशो- हिमालय.* गुजरात : गोरक्ष मुद्रणालय, वि.सं. २०३८ ।

..., *देवभूमिभारत एवं आध्यात्मिक नेपाल,* (पहिलो भाग), काठमाडौँ : गोरक्षपीठ मृगस्थली, वि.सं. २०३८ ।

रेग्मी, जगदीशचन्द, *प्राचीन नेपाली संस्कृति.* ललितपुरः साझा प्रकाशन, वि.सं. २०४० ।

वज्राचार्य, धनवज्र (सम्पा.), *बाबुराम आचार्य र उहाँका कृति.* कीर्तिपुर : नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०२९ ।

शर्मा, जनकलाल र कृष्णवम मल्ल, *राप्ती उपत्यका.* काठमाडौँ : नेपाल-भारत मैत्री संघ, वि.सं. २०१४ ।

शर्मा, डिल्लीराज, *गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा.* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र वि.सं., २०६० ।

शर्मा, बालचन्द्र, *नेपालको ऐतिहासिक रूपरेखा* (द्वितीय संस्करण) वाराणसी : कृष्णकुमारी देवी, वि.सं. २०२३ ।

शास्त्री, हृषीकेश (सम्पा.) *वराहपुराणम्,* वाराणसीः चौखम्बा अमर भारती, सन् १९८२ ।

श्रेष्ठ, प्रेमकुमार (सं.), *सुश्री मैयादेवी श्रेष्ठ : व्यक्ति एक व्यक्तित्व अनेक.* भाग-१, चितवन : समाजसेवी सुश्री मैयादेवी श्रेष्ठ, ग्रन्थ प्रकाशन समिति, वि.सं. २०६५ ।

सुवेदी, मधुसूदन, *सनातन वैदिक पूजाविधि तथा वार्षिक पर्व निर्देशिका.* ललितपुर : सानुमैया सुवेदी, वि.सं. २०६५ ।

**अंग्रेजी**

Adhikari, Suryamani. *The Khash Kingdom of Western Nepal.* New Delhi: Nirala Publication, 1988.

Bernier, M. Ronald. *The Nepalese Pagoga Origins and Style*, New Delhi: S. Chand & Company Ltd. Ram Nagar, First Published A.D.1979.

Colonel, Carkpatrick. *An Account of the Kingdom of Nepal.* (Reprint), New Delhi: Asian Publication, A.D.1993.

Hamilton, Francis Bchanan. *An Account of the Kingdom of Nepal.* (Reprint), New Delhi: Asian Education Services, A.D.1986.

Jha, Makhan. *The Sacred Complese in Janakpur.* Allahabad: United Publishers, A.D.1971.

Michael Jems. The Random house Encycleopedia. New York: Random house Publication, A.D.1993.

Regmi, Delli Raman. Modern Nepal, New Delhi: Rupa & Co., (Reprint), A.D.2007.

Regmi, Mahesh Chandra. *A Study in Nepalese Economic History.* New Delhi: Manjushree Publishing House, A.D.1978.

……., *A Study in Nepal Economic History.* New Delhi: Adroit Publishers, A.D.1999.

Ronald, M. Berier The Nepalese Pyagoda Origins and Style (New Delhi: Ramnagar) S. Chanda and Company Limited, A.D.1979.

Sastri, Shree Niwasachari. *Advanced History of India.* New Delhi: Allies Publishers, A.D.1984.

Sharma, Devi Prasad. Trade and Industry of Nepal during the Rana Period, Kathmandu, Ratna Pustak Bhandar, A.D.2009.

Stiller, F. *Netter from Kathmandu, The Court Massacar.* Kirtipur: Research Centre for Nepal and Asian Studies, A.D.1981.

Tuladhar, Bhuwan Raj. *Notes on Rapati Valley Development Project.* Kathmandu: Food and Agriculture Division, A.D.1972.

**लेखहरू**

**नेपाली**

अधिकारी, सूर्यमणि, "चितवनका चेपाङ् जाति", *विवेक.* अङ्क २, वर्ष ५, भरतपुर : वीरेन्द्र बहुमुखी क्याम्पस, वि.सं २०४६ ।

..., "ऐतिहासिक तीर्थस्थल वागीश्वरी", *देवघाट-वागीश्वरी स्मारिका,* चितवन : नेपाल पर्यावरण संरक्षण तथा सम्बर्द्धन केन्द्रीय समिति, वि.सं २०५३ ।

..., "चितवनमा धार्मिक स्थल", *सृजना.* अङ्क ६, पौष-फाल्गुण, वि.सं २०५४ ।

..., "चितवनको ऐतिहासिक पृष्ठभूमि", *चितवन स्मारिका चितवन महोत्सव.* चितवन : उद्योग वाणिज्य संघ, वि.सं २०५५ ।

..., "ऐतिहासिक तीर्थस्थल वागीश्वरी", *देववाणी.* संयुक्ताङ्क ५-६, वर्ष ६, काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, वि.सं २०६० ।

आचार्य, बाबुराम, "लिच्छवि राजाहरूको कालगणना." *शारदा.* वर्ष ५, अङ्क १ ११, इ. १९९६ ।

..., "प्राचीन नेपाल र त्यसको संस्कृति", *शारदा,* वर्ष २४, अङ्क १, वि.सं २०१६ ।

..., "प्राचीन नेपाल", *नेपाली* (त्रैमासिक), पूर्णाङ्क ४२, वि.सं २०२६ ।

आचार्य, केशवराज, "गलेश्वरबाबाको प्रथम दर्शन", *देववाणी* (देवघाटधाम विशेषाङ्क), संयुक्ताङ्क ५, ६, वर्ष ६, काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, वि.सं २०६० ।

कण्डेल, जगन्नाथ, "श्री १००८ स्वामी परमानन्द गुरुमहाराजको जीवन चरित्र." *स्वामी परमानन्द गुरुस्मृतिग्रन्थ,* तनहुँ : हरिहर सन्यासआश्रम, देवघाटधाम, वि.सं २०५६ ।

कँडेल, रामचन्द, "वेदवेदाङ्ग र ब्रह्मलीन स्वामी श्री १००८ परमानन्द सरस्वती", *विहुँकोट दर्पण.* वर्ष १, अङ्क १, वाग्लुङ : विहुँकोट, वि.सं २०५६ ।

कँडेल, देवीप्रसाद, "चितवनमा कर व्यवस्था", *अभिनव प्रस्तुति,* चितवन : शारदानगर कलेज, वि.सं २०५३ ।

..., "कँडेल वंशका अमूल्य निधि, परमानन्दको वंशवृक्ष र जीवनी", *विहुँकोट दर्पण,* वर्ष १, अङ्क १, बाग्लुङ : विहुँकोट, वि.सं २०५६ ।

कोइराला, एकराज, "देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम) : एक परिचय", *देवघाट दर्पण,* वर्ष १, अङ्क १, तनहुँ : देवघाटक्षेत्र विकास समिति, वि.सं २०६३ ।

गर्ग, सीतादेवी, "देवघाट धाम र योगी नरहरिनाथको अन्तर्सम्बन्ध", *देववाणी- देवघाट धाम विशेषाङ्क,* संयुक्ताङ्क ५, ६, वर्ष ६, काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, वि.सं २०६० ।

घिमिरे, विष्णुप्रसाद, "चितवनका केही प्रमुख धार्मिक ऐतिहासिक स्थल", *स्मारिका चितवन महोत्सव,* चितवन : उद्योग वाणिज्य संघ, नारायणगढ, भ.न.पा., जि.वि.स. २०५३ ।

..., "वागीश्वरी एक चिनारी", *विवेक.* वर्ष ९, अङ्क ३, चितवन : ने.प्रा. संघ, वीरेन्द्र बहुमुखी क्याम्पस एकाइ, वि.सं २०५४/५५ ।

..., "चितवनको ऐतिहासिक एवं पुरातात्विक परिचय" सिर्जनशिल अनुसन्धान केन्द्र, चितवन, वि.सं २०७०

जोशी, मदनमोहन, "देवघाट धाम एक ऐतिहासिक स्थल", *देववाणी,* वर्ष ३, अङ्क ३, काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, वि.सं २०५७ ।

..., "कठोरतम अघोरसम्प्रदाय र अघोरीबाबा", *देववाणी* (देवघाटधाम विशेषाङ्क). संयुक्ताङ्क ५,६, वर्ष ६, काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद् वि.सं २०६० ।

टण्डन, गोविन्द, "देवघाटक्षेत्रको विकास कार्य : एक सर्वेक्षण", *देववाणी.* संयुक्ताङ्क (७, ८, ९, १०), वर्ष १०, काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, वि.सं वि.सं २०६४ ।

ढकाल, शिव. "चितवन महोत्सव-२०५३", *श्री ५ वीरेन्द्र गद्दी आरोहण रजत महोत्सव स्मारिका,* काठमाडौँ : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, वि.सं २०५३ ।

तिम्सिना, नारायणप्रसाद, "देवघाटधाममा प्राप्त प्राचीन मुद्रा र मूर्तिहरू", *मधुपर्क* वर्ष ३४, अङ्क ११, पूर्णाङ्क ३९४, वि.सं २०५८ ।

नेपाल, पशुपति, "देवघाटक्षेत्रका महत्त्वपूर्ण पुरातात्विक वस्तु तथा स्थलहरू", *विवेक.* अङ्क ८, वर्ष २५, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, वि.सं २०६६ ।

पन्त महेशराज, "नेवारराज्यमा ब्राह्मण अर्को एउटा पत्र" *पूर्णिमा* वर्ष ३२, अङ्क ३, पूर्णाङ्क १२७, काठमाण्डौं : संशोधनमण्डल, वि.सं २०६४ ।

पन्त, महेशराज र दिनेशराज पन्त (सम्पा.), "नेपाल खाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला", *पूर्णिमा.* त्रैमासिक पत्रिका, पूर्णाङ्क ४३, वर्ष ११, अङ्क ३, काठमाडौँ : संशोधन मण्डल, वि.सं २०३६ ।

प्रधान, सुदर्शन, (सम्पा.), "धार्मिक दृष्टिले देवघाटको महत्त्व", (अन्तर्वार्ता), *देवघाट-वागीश्वरी स्मारिका,* चितवन : नेपाल पर्यावरण संरक्षण तथा सम्बर्द्धन संघ, वि.सं २०५३ ।

भण्डारी, देवीप्रसाद, "श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू", *पूर्णिमा.* पूर्णाङ्क १०, वर्ष ३, अङ्क २, वि.सं २०२३ ।

महत, ज्ञानेन्द्रविक्रम. "धर्मप्रतिको आस्था र मौलाकालिका." *रजत स्मारिका.* चितवन : मौलाकालिका महोत्सव, वि.सं २०६२ ।

शर्मा, जनकलाल, "चितवनदेखि जनकपुरसम्मका पुरातात्विक स्थल", *प्राचीन नेपाल,* सङ्ख्या २, माघ, कान्तिपुर : शिक्षा मन्त्रालय, पुरातत्व विभाग, वि.सं २०२४ ।

..., "देवघाटधामको प्राचीन अवस्थिति र चितवनको गतिविधि," *देववाणी.* अङ्क २, वर्ष २, काठमाडौँ : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्, वि.सं २०५६ ।

शर्मा, लक्ष्मीकान्त, "देवघाटक्षेत्र विकासको अवधारणा र पृष्ठभूमि", *देवघाट दर्पण,* तनहुँ : देवघाटक्षेत्र विकास समिति, वि.सं २०६३ ।

शर्मा, लालकृष्ण, "चितवन जिल्लाको भौगोलिक परिचय," *विवेक.* अङ्क २, वर्ष ५, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, वि.सं २०४६ ।

शास्त्री, नलराज, "देवह्वदका रूपमा देवघाट सङ्गम", *देवघाट दर्पण,* वर्ष १, अङ्क १, तनहुँ : देवघाटक्षेत्र विकास समिति, वि.सं २०६३ ।

सापकोटा, मानबहादुर, "मौलाकालिका मन्दिर : जनसहभागिताको एक उत्कृष्ट उदाहरण", *मौलाकालिका महोत्सव रजत स्मारिका.* वर्ष १, वि.सं २०६२ ।

सुवेदी, गुरुप्रसाद, "देवघाटक्षेत्र र गुरुयोजना", *देवघाट दर्पण,* वर्ष २, अङ्क २, तनहुं : देवघाटक्षेत्र विकास समिति वि.सं २०६४ ।

सुवेदी, गुरुप्रसाद (सम्पा.), *देवघाट दर्पण.* वर्ष २, अङ्क २, तनहुं : देवघाट क्षेत्र विकास समिति, वि.सं २०६४ ।

सेन, सूब, "देवघाटधाम : रमणीय वृन्दावन", *देववाणी,* संयुक्ताङ्क (७, ८, ९, १०), वर्ष १०, काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्,वि.सं. २०६४ ।

**पत्रिकाहरु**

*अन्नपूर्ण पोष्ट,* २१ साउन, वि.सं २०६८ ।

*चितवन स्मारिका चितवन महोत्सव, २०५५*

*देवघाट दर्पण,* वर्ष १, अङ्क १, २०६३

*देवघाट-वागीश्वरी स्मारिका, २०५३*

*नेपाली* (त्रैमासिक), पूर्णाङ्क ४२, २०२६

*प्राचीन नेपाल,* सङ्ख्या २, २०२४

*पूर्णिमा,* वर्ष ३, अङ्क २, २०२३

*पूर्णिमा,* त्रैमासिक पत्रिका, वर्ष ११, अङ्क ३, २०३६

*मधुपर्क* वर्ष ३४, अङ्क ११, २०५८

*रजत स्मारिका,* चितवन : मौलाकालिका महोत्सव, २०६२

*विवेक,* अङ्क १, वर्ष १, २०४१

*विवेक,* अङ्क २, वर्ष ५, २०४६

*विहुँकोट दर्पण,* वर्ष १, अङ्क १, २०५६

*शारदा,* वर्ष ५, अङ्क ११, सन् १९९६

*शारदा,* वर्ष २४, अङ्क १, २०१६

*सृजना,* अङ्क ६, पौष-फाल्गुण, २०५४